बौ ८-३६५

सम्यक् संस्कार

SUKHI HOTU NEPAL

सुखी होतु नेपाल

बुद्ध विहार-भृकुटीमण्डप

भदन्त सम्यक् सम्बोधि प्राणपुत्र

बौ·द-२६४

29

सम्यक् संस्कार

सुखी होतु नेपाल

बुद्ध विहार-भृकुटीमण्डप

सम्यक् संस्कार

लेखक तथा संकलन

भदन्त सम्यक् सम्बोधि प्राणपुत्र

सम्पादक तथा संयोजन

कोण्डन्य

सम्यक् संस्कार

भावानुवादक तथा संकलक

भदन्त सम्यक् सम्बोधि प्राणपुत्र

सम्पादक तथा संयोजन

कोण्डन्य

नेपालमा वितरण प्रबन्ध

उपासक भाइराजा(द्रब्यमानसिं) तुलाधर
उपासिका बसुन्धरा तुलाधर, लालदरवार

सहयोगीहरू

भिक्षु मंगल, भिक्षु वजिरबुद्धि, भिक्षु निग्रोध, भिक्षु बोधानन्द, फल समान शाक्य, राजु महर्जन, वेलुवन निब्बिदापिता

प्रकाशन प्रबन्ध

बुद्ध विहार भृकुटीमण्डप, काठमाडौं

प्रकाशक
सुखी होतु नेपाल
बुद्ध विहार-भृकुटीमण्डप

गुल्मी, थानपति-२ निवासी वेदराज ज्ञवालीद्वारा
वाल्मीकि विद्यापीठ पुस्तकालयलाई
उपहारस्वरूप प्रदान !

Sukhi Hotu BV Series 011/2547

Published By :

Sukhi Hotu Nepal

Buddha Vihara Bhrikutimandapa

Phone : 4226702, 4482984

E-mail : sukhi@ntc.net.np

© Sukhi Hotu Nepal

Acc. 890/610

Samyaka Sanskara by :
Ven. Samyak Sambodhi Pranputra

Compiled and Management by :
Ven. Kondanya

Support for distribution in Nepal by
Bhairaja Tuladhar & Basundhara Tuladhar, Lal Darwar, KTM

Co-ordination :
Ven. Mangala, Ven. Vazira Buddhi, Ven. Nigrodha, Phals Man Shakya, Raju Maharjan, Veluvan Nibbidapita

Management for publication :
Buddha Vihara Bhrikutimandapa, KTM

Computer Layout :
Vikal Shakya, Modana Vishnu Dhita & Dilliram Gautam"Raju", Dipak Maharjan

Published by :
Sukhi Hotu Nepal

Reprinted for free distribution by :

The Corpotate Body of The Buddha Educational Foundation, Taiwan

Published :B.E. 2547. B.S. 2060
: N.E. 1124. A.D. 2004

Reprinted for free distribution by
The Corporate Body of the Buddha Educational Foundation
11F., 55 Hang how South Road Sec 1, Taipei, Taiwan, R.O.C.
Tel: 886-2-23951198, Fax: 886-2-23913415
Email: overseas@budaedu.org
Website: http: // www.budaedu.org

यो पुस्तक निःशुल्क वितरणको लागि हो, विक्रीको लागि होइन ।
This book is strictly for free distribution, it is not to be sold.

Printed in Taiwan

Sukhi Hotu BV Series 011/2547

प्रकाशक :

सुखी होतु नेपाल
बुद्ध विहार, भृकुटीमण्डप
फोन : ४२२६७०२, ४४[illegible]४
E-mail : sukhi@ntc.net.np

© सुखी होतु नेपाल

मुद्रण : कर्पोरेट बडी अफ द बुद्ध एजुकेशनल फाउण्डेशन, टाइवान

कम्प्यूटर : विकल शाक्य, मोदना विष्णुधीता, डिल्लीराम गौतम 'राजु'

प्रकाशन : बु. सं. २५४७, बि. सं. २०६०
ने. सं. ११२४, ई. सं. २००४

Printed for free distribution by
The Corporate Body of the Buddha Educational Foundation
11F., 55 Hang how South Road Sec 1, Taipei, Taiwan, R.O.C.
Tel: 886-2-23951198, Fax: 886-2-23913415
Email: overseas@budaedu.org
Website: http: // www.budaedu.org

यो पुस्तक निःशुल्क वितरणको लागि हो, विक्रीको लागि होइन ।

This book is strictly for free distribution, it is not to be sold.
Printed in Taiwan

प्रकाशकीय केही शब्द

सम्यक् संस्कार ग्रन्थ बौद्ध जगतमा ज्यादै महत्त्वपूर्ण पठनीय एवं संग्रहनीय ग्रन्थ होला भन्ने भावना हामीलाई लागेको छ । श्रद्धेय भिक्षु सम्यक् सम्बोधि प्राणपुत्रद्वारा रचित एवं संकलित प्रस्तुत पुस्तक कति महत्वपूर्ण छ भन्ने कुरा यसै ग्रन्थका रचनाकारको भनाई तथा सम्पादक कोण्डन्य भन्तेद्वारा लिखित सम्पादकीयबाट स्पष्ट हुन्छ । सुखी होतु नेपालको एघारौं प्रकाशन माला नेपाली बौद्धजन समक्ष टाइवानको The Corporate Body of the Buddha Eduational Foundation बाट निःशुल्क मुद्रण भएर आउँदा सर्व सुलभ तरिकाले जिज्ञासुहरुलाई उपलब्ध गराउन सक्ने विषय निश्चय पनि सबैको लागिनै सुखकर विषय हो ।

प्रस्तुत पुस्तकका रचना एवं संकलन तथा सम्पादन एवं संयोजन गर्नुहुने भदन्त सम्यक् सम्बोधि प्राणपुत्र र कोण्डन्य भन्तेको अथक प्रयासको गुणानुस्मरण गर्दै उहाँहरुमा साधुवाद एवं आभार ब्यक्त गर्दछु । साथै यस पुस्तकलाई टाइवानमा मुद्रण गर्न सहयोग गर्नेहरु भिक्षु मंगल, भिक्षु वजिर बुद्धिप्रति पनि साधुवाद व्यक्त गर्दछु । यसरीनै विशेषतः पुनःर्मुद्रण गर्न उदार दातृ संस्था The Corporate Body of the Buddha Educational Foundation प्रति हार्दिक आभार प्रकट गर्दै उत्तरोत्तर उन्नति एवं प्रगतिको कामना गर्दछु । साथै नेपालमा वितरणार्थ आवश्यक सहयोग गर्ने भाइराजा उपासक तथा बसुन्धरा उपासिकालाई पनि हार्दिक शुभकामना । प्रत्यक्ष-अप्रत्यक्ष सहयोग गर्नेहरु सबैमा साधुवाद ।

अन्तमा सुखी होतु नेपालका सम्पूर्ण शुभ चिन्तकहरुप्रति हार्दिक शुभकामना व्यक्त गर्दछु ।

चिरं तिट्ठतु सद्धम्मो ।

भिक्षु निग्रोध

(सचिव)

सुखी होतु नेपाल, बुद्ध विहार भृकुटी मण्डप, काठमाडौं ।

म्ह पूजा, नेपाल सम्बत् ११२४

मेरो आफ्नो भन्नु ....

बुद्धशिक्षा सागरभन्दा अथाह गम्भीर छ। त्यसको अध्ययन थोरै समयभित्र गर्न सकिंदैन। तर मानिसहरूलाई ती सारा शिक्षा अध्ययन गर्न एकातिर समय छैन भने अर्कोतिर योग्यता हुँदैन। त्यसैले छोटकरीमा बुद्धशिक्षाको सार बुझ्न र मूलभूत बुद्धशिक्षाको अध्ययन गर्न सघाउ पुऱ्याउने उद्देश्यले यो पुस्तक तयार गरिएको हो। पुस्तकमा व्याख्यानको कमी भए तापनि शुद्ध बुद्धवचनबाट वास्तविक ज्ञान, विशेषगरी कर्मकाण्ड वा भक्तिवादले प्रायशः बौद्धहरू ग्रसित भएको सन्दर्भमा, पाठ गर्ने पद्धतिको विकास गर्न खोजिएको हो। किनकि पाठ गर्न श्रद्धाविना सम्भव छैन भने यसै पाठबाट ज्ञान लाभ पनि हुन सक्छ। ज्ञानलाभ हुंदै गएपछि सत्कर्म गर्न उत्साह बढ्नेछ। त्यसैले बौद्धहरूमा बौद्ध संस्कारको नाममा कर्मकाण्ड आदिको विकृतिलाई हटाई बुद्धवचनको अध्ययन र त्यसअनुरूप आचरण गर्नसक्ने संस्कार बसाउन यस पुस्तकको नाम पनि **'सम्यक् संस्कार'** राखिएको हो।

दुइवर्षअघि प्रकाशित सम्यक् संस्कारलाई अझ विस्तृत र सुधार गरी एक ठूलो पुस्तकको रूप दिने कोशिस गरेर यो दोश्रो संस्करण सुधारिएको रूपमा प्रकाशनमा ल्याउन खोजिएको छ। यसै सम्यक् संस्कारमा पनि सुधार गरी सम्पूर्ण धम्मपद गाथाहरू, भिक्षु तथा भिक्षुणी प्रातिमोक्ष र त्यसको कारण, अभिधम्मका केही थप सूत्रहरू समावेश गरिएका छन्।

यस पुस्तकमा अभिधम्मको लागि अभिधम्मत्थ संगहो, धम्मपदको लागि भिक्षु अमृतानन्दद्वारा संग्रहित धम्मपद र प्रातिमोक्षको लागि डा. भार्गव चन्द्र जैनद्वारा लिखित पातिमोक्ख र भिक्षु ज्ञानपूर्णिक महास्थविरद्वारा अनुवादित उभय प्रातिमोक्षबाट उधारो लिएको छु। त्यसैले यस पुस्तकले कसैको भलाइ हुन्छ भने र त्यसबाट प्रसन्नतारूपी पुण्य प्राप्त हुन्छ भने त्यो पुण्यले उहाँहरूलाई पनि उपकार गर्न सकोस् भन्ने कामना गर्दै ऋण तिर्न चाहन्छु।

विशेषगरी धम्मपद र परित्राणको अर्थलाई पद्यांसको रूपमा प्रस्तुत गर्न खोजिएको तात्पर्य आफूलाई कुशल साहित्यकार एवं भाषाशास्त्रीको रूपमा प्रस्तुत गर्नको लागि नएर जुन लयमा पालिहरूको पाठ गरिन्छ त्यसको अर्थ पनि त्यसै मूल पालि शब्दको लयमा पढ्न सजिलो होस् भन्नका लागि सम्यक् पूजा लगायत परित्राण, धम्मपदहरूको पनि अनुवाद गर्न

हिम्मत गरेको हुँ। भाषाको स्तर एवं शुद्धिकरणमा जसरी हुन्छ राम्रो होस् भन्ने अभिप्रायले यस पुस्तकलाई सम्पादन गर्ने अभिभारा बहन गर्ने सहोदर भिक्षु कोण्डन्यलाई पनि धेरै साधुवाद छ जस्ले गर्दा आज यो पुस्तकलाई पूर्णता दिन अहं भूमिका प्रवाहित भएको कुरालाई सहर्ष अनुमोदनकासाथ धर्मप्रीतिको अनुभूति भइरहेको छ। जे होस् यस पुस्तक जन समक्ष आउनाले बुद्धधर्मप्रति श्रद्धा राख्ने साधारण पाठकहरूलाई समेत उपकार नै हुनेछ भन्ने ठूलो अभिलाषा लिएको छु।

यो पुस्तक तयार गरुञ्जेल भोजन आदि दान गरेर मेरो जीवन रक्षागर्ने ज्ञानोदय बुद्ध विहारका उपासिकाहरूप्रति विशेष कृतज्ञता प्रकट गर्दछु। यो पुस्तक तयार गर्ने क्रममा विशेष सहयोग गर्नुहुने भिक्षु बोधानन्द, बागलुंगका विकल शाक्य, मोदना विष्णुधीता, वेलुवन निब्बिदापिताप्रति साधुवाद प्रकट गर्दछु।

अन्तमा पुस्तकको प्रकाशन संयोजन गर्ने बुद्ध विहार भृकुटीमण्डप तथा पुस्तकलाई प्रकाशकको भूमिका निभाई आवश्यक सम्पूर्ण चाँजोपाँजो मिलाउने सुखी होतु नेपाललाई पनि साधुवाद व्यक्तगर्दै सुखी होतुले जनमानसमा बुद्धशासनिक कार्यका लागि निरन्तर रूपमा अगाडि बढ्न कुनै बाधा-व्यवधान नआओस् भन्ने कामना गर्दछु। यसरीनै यस पुस्तकलाई निःशुल्क मुद्रण गर्न सदाशयता प्रकट गर्ने The Corporate Body of Buddha Educational Foundation, Taiwan का सम्पूर्ण परिवारप्रति हार्दिक साधुवाद व्यक्त गर्दछु। पुनः अन्तमा प्रत्यक्ष-अप्रत्यक्ष सहयोग गर्नेहरूप्रति साधुवाद व्यक्त गर्दछु।

होस् सद्धर्म चिरस्थायी लोक होस् सुखी सदा।

१६ औं वर्षावास
बुद्ध जन्म (जयन्ती) वर्ष २६२७
बुद्ध सम्वत २५४७
विक्रम सम्वत् २०६०

भदन्त सम्यक् सम्बोधि प्राणपुत्र
अनआवासीय (घुमन्ते) भिक्षु
ज्ञानोदय बुद्ध विहार
बागलुङ, धवलागिरि

सम्पादकीय

बुद्ध-जन्मभूमि नेपाल अधिराज्यमा बुद्ध, बुद्धधर्म, बौद्ध दर्शन एवं सभ्यतामा जुन तवरको विधि-व्यवहार हुनुपर्ने हो त्यो सम्पूर्ण रूपमा भएकै छ भनी किटानसाथ भन्नु गलत सावित हुनसक्छ। समयको उतार-चढाव एवं इतिहासको फेरिंदो कालखण्डले बुद्धधर्मको विकासक्रम र अवस्था पनि प्रभावित भएको छैन भनी भन्न सकिदैन । तर नेपालको इतिहासलाई अध्ययन गर्दा लामो अन्तरालदेखि अद्यावधि बुद्धधर्मलाई पहिंचान गराउनमा महायान-वज्रयान बुद्धधर्मको योगदालाई पनि कदर गरीनुपर्छ भन्दा अत्युक्ति नहोला । जुनसुकै तरहबाटै किन नहोस् बुद्धधर्मलाई संरक्षण गर्ने आफ्नै तवरका पद्धतिलाई निरन्तरता दिने जुन प्रकृया छ, त्यसलेनै पुनः नेपालमा स्थविरवाद बुद्धधर्मलाई पुनर्जागरण गराउनमा उर्जारूपी बीजको भूमिका निभाएको थियो, परिणामतः छ दशकको दौरानमा पालि साहित्य अन्तरगत त्रिपिटकमा उल्लेख्य बुद्धोपदेशलाई भिक्षु, अनागारिका, उपासकोपासिकाहरूबाट प्रकाशन लगायत विविध तवरले प्रचार- एवं संचारको कार्य जसरी- जुन रूपमा गरिरहेको छ त्यो असन्तोषजनक छ भन्दा न्यायोचित नहोला ।

पालि साहित्यअनुरूप भिक्षु, अनागारिकाहरूबाट जुन रूपमा बुद्ध-शिक्षालाई निरन्तरता दिंदै आएका छन्, यसलाई रचनात्मक एवं सकारात्मक दृष्टिराखी उदार चित्तले विचार गरिदिंदा यसलाई आलोच्य तवरले आयातीत धर्म भन्ने जस्ता नकारात्मक दृष्टिबाट कुण्ठितहरूलाई सकारात्मक राहत मिल्ने देखिन्छ। वास्तवमा कुनैपनि नीति सिद्धान्तलाई व्यावहारिक जीवनमा ढाल्दै जाने प्रयास गरिनु कठीन कुरा हो, यसको प्रभाव जसले बौद्ध संस्कार र संस्कृतिलाई अगाडि बढाउन उर्जाको भूमिका निभाइरहेको हुन्छ। तर कुनैपनि क्षेत्रमा सामाजिक, धार्मिक अझ मानसिक वा हृदय परिवर्तनको कुरा यौटा अवधारणाको रूपमा अघि बढाइएपनि त्यसको व्यावहारिक प्रयोगमा प्रभावित तरङ्गले तरङ्गित पार्न समय लाग्नसक्छ। त्यसैले त्यसको प्राप्तिको लागि निरन्तर अभ्यासको जरूरत, व्यवहार मा पालना गराउने तर्फ सतत् जागरण एवं सामूहिक प्रयास आदिको जरूरत पर्दछ । मानसिक वा हृदय परिवर्तन जसले मानवलाई आध्यात्मिक, नैतिक अधिचित्त शिक्षातिर उन्मुख गर्दछ , त्यसको लागि यौटा पद्धतिको अत्यन्त आवश्यकता पर्नेहुन्छ। निर्देशिकाको रूपमै किन नहोस्, विधि, विधान, नीति-नियम वा विनय, सामाजिक वा व्यावहारिक भाषामा सम्यक् संस्कारको अपरिहार्यता जोकोहीलाई पनि खट्टिरहेको हुन्छ । त्यसलाई

जीवनको जीउने कलाको रूपमा प्रयोग गर्ने प्रयास जसले गर्छ, उसलाई सुख-शान्तिको अनुभूत हुनसक्छ ।

असन्तुलित, अव्यवस्थित, अशान्त छाएको जीवनमा सम्यक् संस्कारले यौटा बौद्धिक खुराक भन्दा पनि जीवन-पद्धतिको रूपमा ठूलो भूमिका निभाउने देखिन्छ । यसै कुरालाई ध्यानमा राखी श्रद्धेय भदन्त सम्यक् सम्बोधि प्राणपुत्रले दुइवर्ष अगाडि **"सम्यक् संस्कार"** नामाकरणगरी संस्कारगत कुराहरूलाई प्रकाश पार्नुभई लेख्नुभएको थियो । सानो रूपमा प्रकाशित सो पुस्तक राम्रो वा सम्यक् संस्कार रुचाउनेहरूका लागि बढि उपयोगी देखियो । हाल त्यसैमा अझबढी संस्कारगत पक्षलाई समेटी आज यो **"सम्यक् संस्कार"** प्रकाशन हुने जमर्को हुनु निश्चय पनि सबैको लागि सुखद् कुरा हो । यस पुस्तकभित्र विविध पक्षलाई समेटी जोकसैलाई पनि संस्कारपक्ष सवल र राम्रो हुनैपर्छ भन्ने सन्देश प्रवाह गर्न खोजिएको अनुभूति प्रत्येक पाठकलाई हुन्छनै भन्ने कुरा सम्पादनको दौरानमा मलाई पनि अनुभूत भएकै हो । पुरानो 'सम्यक-संस्कार' पढ्ने पाठकले विशेषतः यस पुस्तकमा ठूलो अन्तरता पाउने भनेको अभिधम्म, धम्मपद, उभय प्रातिमोक्ष वा भिक्षु-भिक्षुणी प्रतिमोक्ष खण्डनै हुन् ।

अथक मिहेनती, साधक एवं लगनशील व्यक्तित्वका धनी मेरा गुरुभाई (जस्ले पनि मलाई पढाए, सिकाए) भदन्त सम्यक् सम्बोधि प्राणपुत्रले पाण्डुलिपि कम्प्यूटरमा हेर्ने क्रममा थपिनु पर्ने, हटाउनुपर्ने जस्ता कुरालाई पनि सकारात्मक भई तुरुन्तै जसरी हुन्छ लाग्नुहुन्छ, यो उहाँको विशेषता हो । त्यसैले सम्पादनको दौरानमा संगसंगै समन्वयात्मक रूपमा धेरै कुराहरू थपिन सकेका हुन् । विशेषतः भिक्षु-भिक्षुणी प्रतिमोक्ष समावेश गर्न सकिएकोमा मलाई सन्चो अनुभव भएको छ । हुन त श्रद्धेय ज्ञानपूर्णिक महास्थविरले उभय प्रातिमोक्ष नेपालभाषामा अनुवाद गर्नुभई एक दशक अगडिनै आनन्द कुटी विहार गुठीले प्रकाशित गरेको थियो । उहाँले मूलपालि-विनय पिटकको मूलमर्मलाई यताउति कतैबाट खोट नपुग्ने वा मूल भावनालाई समेटी अनुवाद गर्नुभएको सह्राहनीय पक्षनै हो । प्रातिमोक्षको निदान-कारण उल्लेख सहितको अध्ययन मैले धेरैवर्ष अगाडि पूज्यपाद गुरुवर आचार्य अश्वघोष महास्थविरको सान्निध्यमा ध्यानकुटी विहारमा बस्दा सरर पढेको थिएं, मज्जा पनि लागेको थियो भने त्यतिबेला कस्तो कस्तो मानसिक रूपमै डर पनि लागेझै अनुभूत भएको थियो । तर संयोगको कुरा भिक्षु बोधिज्ञानद्वारा सम्पादित "विश्व शान्ति विहारया गतिविधि व संघकर्म विधि" दुतीय संस्करण कथिनोत्सवको दौरानमा प्राप्त भइसके पछि निदान सहितको

प्रातिमोक्ष थप्नैपर्ने जस्तो धारणामा सशक्तता थपियो। उहाँले तुरुन्तै पूज्यपाद गुरुवर श्रद्धेय अश्वघोष महास्थविरबाट हिन्दी प्रातिमोक्ष ल्याउनु भयो । डा. भार्गव चन्द्र जैनले मिहेनतकासाथ लेखन सम्पादन गरेको सो पुस्तकको उपयोगिता धेरैनै रह्यो । यौनजन्य पक्षलाई समेत उजागर गरिएको देख्दा नवक पाठकहरू तीन छक्क नपर्लान् भन्न सकिन्न । शब्दहरूलाई शिष्ट तवरमा प्रस्तुत गरीनु पर्छ, श्लील र अश्लील भन्दा पनि त्यो प्रस्तुतीकरणको शैलीमा निर्भर रहने हुन्छ भन्ने मेरो मान्यता अनुरूप कतिपय शब्द र वाक्य प्रयोगको विषयमा उहाँ भन्तेसँग विवाद नभएको पनि होइन, तर एउटै खुट्टामात्र माथि परेपनि मै जितें भन्ने लिंडे ढिप्पीले पनि कयौं पटक सफलता पायो । यस्तो कुराको प्रकाश गरीनुलाई कसैले छाडावृत्ति वा स्वच्छन्दवादीपन भनी अनुभूत गर्ने पनि होलान् तर त्यस्तो लाग्छ भने विनय पिटकमा प्रवेश गर्नुहोस् अध्ययन गर्ने जमर्को गर्नुहोस् त्यतिबेला यौन जीवन बारे बुद्धको विचार र नीति-नियमका बारे ठोस जानकारी प्राप्त हुनेनै छ ।

संस्कारलाई कर्मकाण्डबाट पीडित तुल्याउनु हुन्न भन्ने सोचले लेखक उहाँ भन्तेले विविध तरहमा आफूलाई उभ्याउन खोजेको देखिन्छ । यस भित्र उहाँका संकलन, अनुवाद र भावानुवाद कर्मकाण्ड भन्दा पनि यथार्थतापरक भई सम्यक् आजीविकालाई बढावादिने तरहकै पाउन सकिन्छ। उहाँ भन्ते स्वयंले रचना गर्नुभएको गीत-कवितालाई हेर्दा उहाँलाई कवि भिक्षुको रूपमा पनि देखिने हुन्छ। उहाँका धेरै गीतहरू संगीतबद्ध लयमा गाउने पनि गरिन्छ । आधुनिक गीतबाट प्रभावित देखिनुहुने उहाँले बुद्ध-शिक्षालाई पनि संगीतको माध्यमले प्रचारप्रसार गरिनेतर्फ ध्यानाकृष्ट गर्नुपर्‍यो भनी बार बार भन्ने गर्नुहुन्छ। त्यसैले उहाँले बुद्धपूजा विधि, परित्राण, धम्मपद आदिलाई छन्द, पद्य-गद्यमा परिणत गर्ने आफ्नै तौरतरिकामा भएपनि जुन वीर्याधिक उद्योग गर्नुभएको छ, त्यो प्रशंनीय रचनात्मक पक्षनै हो भनी भन्दा अत्युक्ति होला र ?

"सम्यक् संस्कार" मा आवश्यक सूचि, नामानुक्रमणी र शब्दानुक्रमणीलाई चटक्कै छोडिएको कसैलाई भान हुन्छ भने त्यसका लागि सम्पादक क्षमाप्रार्थी छु । यसरीनै जहाँसम्म भाषा-शैलीको सवाल छ, यसमा धेरैनै कमी कमजोर नरहलान् भनी म भन्दिन । कतिपय त पेजमेकर प्रोग्राममा अलचेन्ज गर्ने प्रविधिलाई सदुपयोग गरिने क्रममा झन् दुरुपयोग हुनजाँदा गल्ती जानाजानी नसच्याइएका पनि छन्, भाषालाई सक्दो सरल गरि एकै छ, वस्तुतः यसमा जेजति कमीकमजोरी पाइएलान् ती सबै सम्पादन पक्षकै कमजोरी मान्नु होला, यो यथार्थता पनि हो । समयको अभाव अनि परदेशबाट ढुवानी बाहेक निःशुल्क

मुद्रण गर्ने दातृसंस्थाको सामिप्यता पाउने वित्तिकै हतार हतारमा पाण्डुलिपिलाई अन्तिम रूपदिन जुन चर्या गरिए, ती घडी पीडादायी हुँदोरहेछ भन्ने कुरा यस पुस्तकबाट पनि अनुभूति प्राप्त भएको छ । त्यसैले यसमा पनि कतिपय कुराहरू देख्दादेख्दै पनि आ...भयो, किन फेरी खर्च हुनेगरी प्रिन्ट निकाल्ने जस्तो मानसिकता भूत सवारझैं निरन्तर पछिपछि लागीरहन्थ्योनै । नेपाल बौद्ध परियत्तिका केन्द्रीय परीक्षा नियन्त्रक श्रद्धेय भिक्षु बोधिज्ञानले उभय प्रातिमोक्ष पालि भाषाको शुद्धिकरणमा जुन न्यानो सहयोग गर्नुभयो र त्यसलाई पढेर रुजुगर्ने कार्यमा श्रामणेर सुजातले जुन सहयोग गरे, सदाशयताका लागि साधुवाद व्यक्त गर्दछु । अरु ग्रन्थको सम्पादनको दौरानमाझै भाषा-शैलीको सवालमा विद्वत जनलाई देखाउँ कि भन्ने सम्यक् सम्बोधि भन्तेसँग पनि सल्लाह नभएको होइन तर पनि विद्वतापूर्ण ढंगले गरिने त्यो काम एकातिर साह्रै ढिलो हुनसक्ने यथेष्ठ सम्भावना छ भने अर्कोतिर दातृसंस्था हतारिंदै हामीबाट विमुख होला भन्ने अर्को डर, वस्तुतः यसै बाध्यताले गर्दा हामीले आफ्नै तरहले प्रकाशननै ठूलो प्रशन हो भन्ने मान्यता राखी प्रकाशनतर्फ अगाडि सरेका हौं भने प्रत्यक्ष अप्रत्यक्ष सबैको सहयोगबाट आज सम्यक् सम्बोधि भन्तेको हस्तेलाई हैंस्तै गरी यो महत्वपूर्ण **"सम्यक् संस्कार"** ग्रन्थ प्रकाशित भएको छ । यस पुस्तको प्रकाशन व्यवस्थापन गर्ने बुद्ध विहार भृकुटीमण्डप, नेपालमा वितरणार्थ प्रवन्ध सहयोग गर्ने दाता उपासक भाइराजा तुलाधर तथा उपासिका बसुन्धरा तुलाधर, प्रकाशकको भारबोक्ने सुखी होतु नेपाल, निःशुल्क पुनर्मुद्रण गर्ने टाइवानी दातृसंस्था The Corporate Body of The Buddha Educational Faundation, Taiwan, विविध रूपमा सहयोग गर्नेहरू विश्व शान्ति विहार परिवार, श्रद्धेय भिक्षु मंगल, भिक्षु वजिर बुद्धि, भिक्षु निग्रोध, फल समान शाक्य, राजु महर्जन, आँशु चन्द्र विनोदपुत्र, विकल शाक्य, मोदनां विष्णुधिता र डिल्लीराम गौतम "राजु" आदि सबैलाई साधुवाद व्यक्त गर्दै पुनः श्रद्धेय सम्यक् सम्बोधि प्राणपुत्र भन्तेप्रति सविनयपूर्वक कृतज्ञता प्रकट गर्दछु ।

साधुवाद !

कोण्डन्य

बुद्ध विहार भृकुटीमण्डप
दिनाङ्क २०६०/१०/२०

क) ज्ञानोदय बुद्ध विहार

बागलुङ

वि.सं. ९८७ तिर (अहिले जिल्ला प्रशासन कार्यालय रहेको स्थलमा) टकमरी गर्ने टक्सारमा श्री विश्वकर्मा भगवानको स्थापना भएको थियो। पछि टक छाप्ने (पैसा छाप्ने) काम स्थगित भयो। वि.सं. १९९३ जेष्ठ १४ गतेको भूकम्पले नजिकै रहेको भ्यालखान (हाल कालिका मा.वि. रहेको स्थल) भत्की कैदीहरूलाई उक्त टक्सारमा सारेपछि, उक्त विश्वकर्मा भगवानको मूर्तिसहित उत्तर पट्टिको चौतारीमा सारियो। उक्त ठाउँ फोहर र दृष्टि पुऱ्याउन कम र रुखको ओसेपले बनाएको मन्दिर भत्किन गएबाट यही टक्सार को दक्षिण पट्टिको जग्गामा स्थानान्तर गरिएको थियो। त्यसबेला २००७ सालको समय नेपाली काग्रेसको संकट कालिन समयमा पनि श्रद्धेय रामलाल शाक्य, पृथ्वीमान शाक्य, हिराकाजी शाक्य, बुद्धिकुमार शाक्य आदिका अथक प्रयास र अग्रसरतामा उक्त ठाउँलाई आफ्नो बनाइयो।

२००८ साल बैशाखमा श्रद्धालु महानुभावहरूको प्रयासमा मन्दिर निर्माण गर्न चन्दा संकलन सुरुवात भएको देखिन्छ। परम्परादेखि चलिआएको भदौरे सांस्कृतिक, लाखे नाच आदिबाट उठेको रकमलाई व्याजमा संचालन गरी बुद्ध पूर्णिमा मनाउंदै ४० वर्षसम्म रामलाल शाक्यको संरक्षकत्वमा रहेर २०४८ सालमा मंगलप्रसाद शाक्यको अध्यक्षतामा ११ सदस्यीय कार्यकारीबाट संचालन भएको ज्ञानोदय बुद्ध विहार समिति २०५४ सालमा ईश्वर वज्राचार्यको अध्यक्षतामा नयाँ कार्यसमिति गठन भएको थियो।

पहिले शिखर शैलीको मन्दिरलाई २०३१ सालमा चैत्यको आकारमा रामलाल शाक्यले आफ्नैतर्फबाट निर्माण गर्नुभयो। विस्तारै जीर्ण हुंदै गएको यस विहारलाई महिला बौद्ध संघ, युवा बौद्ध संघ, धर्मोदय सभा साथै श्रद्धावान दाताहरूको दान चन्दाबाट आज यस स्वरूपमा ज्ञानोदय बुद्ध विहार तपाईंहरू सामू विद्यमान रहेको छ।

२००८ सालमा बुद्ध पूर्णिमा समारोह मनाएको, २०१०/११ सालतिर श्रीलंकाली भिक्षु

जयेन्द्र सुमन, २०१२ सालतिर भिक्षु अगधम्मबाट बुद्ध शिक्षा, २०३६ सालतिर अनागारिका धम्मदिना रेवती (गुरुमा) आई प्रथम पटक बुद्ध पूजाविधि सिकाउनुभएको थियो। वर्षावास बस्ने विधि पनि उहाँकै पालामा भएको हो। सम्यक् सम्बोधि प्राणपुत्र भन्तेको आगमनपछि बुद्धशिक्षा र संस्कारतर्फ विशेष प्रगति हुनगएको महसूस भएको छ। विहार निर्माण कार्यमा उहाँको देनलाई विहार समितिले संधै स्मरण गरीरहनेनै छ। यसबाहेक यहाँ श्रद्धेय भिक्षु तथा अनागारिकाहरू विशेष पर्व र कार्यक्रममा आउने गर्नुहुन्छ। विहारको सानो परिसर भए तापनि पोखरा, पाल्पा, हेटौंडा, काठमाडौंका धर्म विषयक भ्रमण टोली श्रद्धालु धर्मप्रेमीहरूसंग मैत्री भेटघात हुनृ गर्दछ।

२०४८ सालमा ३७ जना सहयोगी बन्धुहरूको ढिकुडी संचालनबाट उठेको र कमबाट भाडा वर्तन खरीद गरी भाडामा लगाई उठाइएको रकम, लोक संस्कृति भदौरे नाच, लाखे नाच नचाइ उठ्ने गरेको रकम यस्को आर्थिक श्रोत रहे तापनि यस्को सम्पूर्णता हुन अझै सम्पूर्ण श्रद्धालु दाताहरूमा सहयोगको अपेक्षामा छ।

ख) म्याग्दी बौद्ध संघ

नेपाली धरतीका सपूत, एशियाका ज्योति-विश्व ज्योति भगवान् गौतम बुद्धका उपेदश, शिक्षालाई समस्त मानवहरूमा बोध गराउने उद्देश्य लिएर पोखरा, बागलुङ्गका उपासक उपासिकाहरू र श्रद्धेय भिक्षुहरूको उपस्थितिमा २०५३/१२/९ मा बेनी बौद्ध संघको निर्माण भई २०५४ साल आश्विन १ गते विधिवत म्याग्दी बौद्ध संघको नामकरण गरियो।

पवित्र कार्यको पवित्र उद्देश्य लिएर चैत्य र विहार निर्माण गर्नु पुण्य बहादुर शाक्य श्रीमती लक्ष्मी शाक्यबाट दिवंगत पिता र दिवंगत माताको स्मृतिमा १ रोपनी १ आना जग्गा दान गर्नुभएको थियो। उक्त स्थानमा यज्जनलाल शाक्यबाट चैत्य, मैत्री संघ पोखराबाट गजूर, विश्व शाक्य (पोखरा) र प्रभु नारायण चौधरीबाट चैत्यको

डिजाइन, भविलाल सार्की (बागलुङ्ग) बाट तल्लो सिमेन्टेड बाटो, सन्त प्रसाद वज्राचार्यबाट मूल प्रवेशद्वार, रामकृष्ण घिमिरे (धाडिङ्ग) बाट माथिल्लो सिमेन्टेड बाटो, नर बहादुर थापा मगरबाट फलामको गेट साथै अन्य विभिन्न श्रद्धालु दाताहरूको सहयोगबाट निर्माण कार्यहरू सम्पन्न भएका छन्।

भिक्षु अश्वघोष महास्थिविरबाट २०५५/२/३० मा चैत्य शिलान्यास र संघनायक भिक्षु अनिरुद्ध महास्थविरबाट चैत्य उद्घाटन सुसम्पन्न भयो। पहिलो वर्षावास बस्नु हुने भिक्षु सम्यक् सम्बोधि प्राणपुत्रको लागि विहारको अति आवश्यकताको महसूस गरी भिक्षु सम्यक् सम्बोधि प्राणपुत्र, म्याग्दी बौद्ध संघ, युवा बौद्ध संघ, महिला बौद्ध संघ, सुब्बा शाक्य, नरबहादुर थापा तथा अन्य दाताहरूको सहयोगबाट अस्थायी विहार निर्माण भएको छ। यी सम्पूर्ण क्रियाकलापका लागि प्रकाश कुमार श्रेष्ठ, सुदर्शन कुमार श्रेष्ठ, सुभाष श्रेष्ठ, याम बहादुर शाक्य आदिको पनि विशेष योगदान रहेको छ।

(महिला बौद्ध संघ र म्याग्दी बौद्ध संघको संयुक्त प्रकाशनमा बु.सं. २५४५ मा सम्यक् संस्कार नामैबाट सानो पुस्तक प्रकाशित भएको थियो। त्यतिबेला संयुक्त प्रकाशकीयमा महिला बौद्ध संघबाट अध्यक्ष परियत्ति सूर्यधीता र म्याग्दी बौद्ध संघबाट अध्यक्ष यज्जनलाल शाक्यले संयुक्त हस्ताक्षर गर्नुभएको थियो। यसरी नै बाग्लुङ्ग जिल्ला विकास समितिका सभापति लिल बहादुर थापा मगरले शुभ कामना सन्देश प्रवाहित गर्नुभएको थियो। यसरीनै उपरोक्त संक्षिप्त परिचयलाई श्रद्धेय भन्ते सम्यक् सम्बोधि प्राणपुत्रको निर्देशन अनुरूप यथावत पुनः प्रकाशित गरिएको छ। -सं.)

सविनयपूर्ण समर्पण

नेपालको थेरवाद बुद्ध शासनमा विगत छ दशक भन्दा अगाडिदेखि प्रव्रजित जीवन यापन गरेर आज ७७ वर्ष ७ महिना ७ दिन पार गरिसकेका छन्,

उहाँहरू

श्रद्धेय गुरूवर भिक्षु अश्वघोष महास्थविर

तथा

आचार्य भिक्षु कुमार काश्यप महास्थविरको

गुण अनुस्मरण गर्दै

उहाँहरूमा

सश्रद्धा एवं सविनयपूर्ण

सादर समर्पण

विषय सूची

क्र.सं.	विषय	पाना संख्या
क.	प्रकाशकीय	
ख.	सम्पादकको आफ्नो भन्नु	
ग.	मेरो भन्नु	
घ.	संक्षिप्त परिचयः ज्ञानोदय बुद्ध विहार र म्यागदी बौद्ध संघ	
१.	सम्यक् संस्कार	१
२.	बुद्धकालीन संस्कृति	४
३.	बौद्ध संस्कार बौद्ध पर्व र विविध संस्कार	१०
४.	सम्यक् सभ्यता	१९
५.	जीवनके रहस्य	२९
६.	पालि शब्दहरू	३५
७.	पाठ समूह : समूह क सम्यक् पाठ *पञ्च सिद्धान्त, प्रतिज्ञा, त्रिशरण, उपोसथव्रत, कामना-पाठ, आशिर्वाद-शुभकामना*	५१
८.	समूह ख चारआरक्षा भावना *मैत्री, आनिशंस पाठ, मैत्री भावना, अशुभभावना, मरणानुस्मृति*	५९
९.	समूह ग परित्राण सूत्र	७०
	मंगल सुत्त	*७१*
	रतन सुत्त	*७४*
	मेत्त सुत्त	*७७*
	खन्ध सुत्त	*७९*
	मेत्तानिसंस सुत्त	*८०*
	आलवक सुत्त	*८२*
	पराभव सुत्त	*८४*
	वसल सुत्त	*८६*
	जयमंगल गाथा	*९०*
	महाजयमंगल गाथा	*९३*
	पुब्बण्ह सुत्त	*९५*

१०. समूह घ सतिपट्ठान सूत्र ९७
कायानुपस्सना, वेदनानुपस्सना, चित्तानुपस्सना, धम्मानुपस्सना, सतिपट्ठान ध्यान विधि १०६

११. समूह ङ सम्यक् गीत (विभिन्न बौद्ध गीत) ११३
बुद्धगुण, धम्मगुण, संघगुण, बुद्ध जीवनी, भिथ्या संस्कृति, विहार जाऔं, शत्रु, माया, अन्न महिमा, मूर्ख, स्वयम्भू, पूजनीय आमाबाबा, को श्रेष्ठ?, सम्यक् जीवन, बुद्ध, त्रिरत्न शरण, शुभ कामना, सम्यक् चिन्तन, जीवन, सतिपठ्ठान, परिणाम, जीत, कालम सुत्त, पञ्चस्कन्ध, दाइजो, सुख, बोध, बोधिसत्व, जटा विशुद्धिमार्ग, चित्त महिमा, कर्मवाद, विश्लेषणवाद, काँचुली, शुभकामना, आभा, अज्ञानी, विपस्सना, भिक्षु, बिगुल, दान महिमा, पापपुण्य, मिथ्यादृष्टि, परीक्षा, मातृशक्ति, बौद्ध,

१२. पिटक समूह : अभिधम्म १३९
१. चित्त संग्रहः कामावचर, रूपावचर, अरूपावचर, लोकोत्तर १३९
२. चेतसिक संग्रह : सब्बचित्त साधारण, चेतसिक, पकिर्णक, अकुशल, कुशल, विरति, १४५
३. प्रकिर्णक संग्रह : १५५
४. वीथि संग्रह : १५६
५. वीथिमुत्त संग्रह : १५६
६. रूप संग्रह : १५८
७. निब्बाण संग्रह : १६०
८. समुच्चय संग्रह : १६०
९. बोधिपक्खिय संग्रह : १६१
१०. पटिच्चसमुप्पाद संग्रह : १६२
११. समथ कम्मट्ठान संग्रह : १६३
१२. विपस्सना कम्मट्ठान संग्रह : १६४

१३. धम्मपदका विभिन्न वर्गहरू १६६
यमकवग्गो-१६७, अप्पमाद-१७२, चित्त-१७५, पुप्फ-१७७, बाल-१८०, पण्डित-१८३, अरहत-१८६, सहस्स-१८८, पाप-१९१, दण्ड-१९४, जरा-१९७, अत्त-१९९, लोक-२०१, बुद्ध-२०३, सुख-२०६, पिय-२०९, कोध-२११, मल-२१४, धम्मट्ठ-२१८, मग्ग-२२१, पकिण्णक-२२४, निरय-२२७,

नाग-२३०, तण्हा-२३३, भिक्खु-२३८, ब्राह्मण-२४२

१४. भिक्षु प्रातिमोक्ष २४९
निदान २५०
१. पाराजिका २५४
२. संघादिसेस २५७
३. अनियत २६५
४. निस्सग्गिय पाचित्तिय २६७
५. सुद्ध पाचित्तिय २७८
मुसावाद वग्गो-२७८, भूतवग्गो-२८०, भिक्खुनोवाद वगो-२८२, भोजन वग्गो-२८५, अचेलक वग्गो-२८८, सुरापान वग्गो-२९०, सप्पाणक वगो-२९३, सहधम्मिक वग्गो-२९६, रतन वग्गो-३००,
६. पाटिदेसनीय ३०३
७. सेखिय ३०५
८. अधिकरण समथ ३१४
१५. भिक्षुणी प्रातिमोक्ष ३१७
१. पाराजिका ३१९
२. संघादिसेस ३२२
३. निस्सग्गिय पाचित्तिय ३२८
४. सुद्ध पाचित्तिय ३३२
लसुण वग्गो-३३२, रतन्धकार वग्गो-३३४, नग्ग वग्गो-३३७, तुवट्टन वग्गो-३४०, चित्तागारव वग्गो-३४२, आराम वग्गो-३४४, गब्भिनि वग्गो-३४७, कुमारिभूत वग्गो-३४९, छत्तुपाहन वग्गो ३५२
५. पाटिदेसनीय ३५५
६. सेखिय ३५७
७. अधिकरणसमथा धम्मा ३५७
१६. सन्दर्भ ग्रन्थ ३५८

सम्यक् संस्कार
(अप्रमाद जीवन पद्धति)

अविद्याको निरोधले संस्कारको निरोध भनी प्रतीत्य समुत्पादको विवर्तचक्र अर्थात निर्वाणगामी चक्रअनुसार संस्कार नाश गरेपछि मात्र पुनर्जन्म नहुने निर्वाण प्राप्त गर्न सकिन्छ। यही कारणले प्रत्येक बौद्धले यस पुण्यद्वारा होस् क्षय आस्रवको भनी कामना गर्दछ। प्रत्येक पुण्य गरेर गरिने कामना निर्वाणकै भए तापनि निर्वाण प्राप्तिको मार्ग सरल र छोटो छैन। जसरी एक विद्यार्थीले स्नातक हुन अति लामो अध्ययनको दूरी तय गर्नुपर्छ। त्योभन्दा कठिन र लामो दूरी निर्वाण प्राप्तिको लागि तय गर्नुपर्छ। त्यसैले उद्देश्य उत्तम भए तापनि सफलता धैरै कमलाई हात लाग्दछ।

संस्कार क्षय गरेर निर्वाण प्राप्त गर्न नसकिएको अवस्थामा निराश भएर बस्नुभन्दा सक्दो उच्च अवस्था हासिल गर्न प्रयत्नशील भइरहनुपर्छ। तृष्णाक्षय नभएको अपुण्याभिसंस्कार, पुण्याभिसंस्कार र आनेञ्जाभिसंस्कारमध्ये, अपुण्याभिसंस्कारले वर्तमान क्षण मात्र नभएर सम्पूर्ण जीवन दुःखदायी बनाउंछ। अर्को शब्दमा वर्तमान जीवन मात्र होइन निर्वाण प्राप्त नगरेसम्म अनमतग्ग संसारमा प्रत्येक जन्ममा दुःख मात्र पाउनुपर्ने हुनसक्छ। त्यसैले एउटा सानो गल्तीले जन्म जन्मान्तरमा तड्पिनुभन्दा केही मेहनत गरी त्यस्ता दुःखबाट टाढिन सकिन्छ भने त्यस्तो कुशलमार्ग किन नअपनाउनु ? त्यसैले पुण्याभिसंस्कार वा सके आनेञ्जाभिसंस्कार बनाउनु हाम्रो कर्तव्यको साथै बुद्धिमता पनि हुनेछ।

मानव जीवन कति दुःखदायी छ भन्ने कुरा बालक र युवाले नबुझे पनि अधवैंशे भएदेखि बृद्धावस्था पुगेकाहरूलाई अनुभव भएकै हुन्छ। वा बृद्धावस्था हुन थालेपछि दुःख पाउन थालेको आफ्नै आँखाले देखेपछि हामी युवा अवस्थामा किन सतर्क नहुने ? भनिन्छ परेर चेत्नुभन्दा देखेर चेत्नु जाति' त्यसैले आफूले दुःख पाउनुभन्दा अगाडि अरुले पाएको दुःखलाई आत्मसात गरेर त्यस्तो दुःख नआवस् भनी सतर्क हुन सके हामी वास्तवमा शिक्षित, बुद्धिजीवि र बोध भएका बौद्ध हुनसक्छौं।

कर्म भनेको नै आचरण हो। आचरण नगरेसम्म कर्म परिशुद्ध वा शक्तिशाली हुँदैन। त्यसैले जीवन सार्थक गरिनुपर्ने शिक्षालाई किताबीस्तरमा मात्र सीमित राखेर वा वाकशिद्धिको लागि मात्र प्रयोग गरेर, आचरण गरी पाउने शिद्धि वा सुखलाई प्राप्त गर्न सकिन्न। अर्थात

अध्ययन र चिन्तन वा अरुबाट सम्मान पाउन भाषण वा देशना गरेर मात्र हाम्रो कमजोरी सुध्रिँदैन र आचरण शुद्ध हुँदैन । भ्याएसम्म आचरणमा उतारेर परिशुद्ध हुने कोशिस गर्नुपर्छ। अभ्यासले सफलतामा पुऱ्याउंछ भनेझैं कोशिस पनि एकपल्ट होइन बारबार गरिरहनुपर्छ।

यसरी बारबार कोशिस गर्ने क्रममा पहिलो प्रयास अध्ययन हो भने दोश्रो प्रयास त्यसको मनन हो, तेश्रो र अन्तिम प्रयास आचरणमा उतारेर पूर्णता प्राप्त गर्नु हो । यसै प्रयासको सिद्धान्त क्रमअनुसार सम्यक् शिक्षा अध्ययन गरेर त्यसलाई जीवनमा उतार्न सर्वप्रथम अध्ययन गर्न यो सम्यक् संस्कार पुस्तकमा सम्यक् शिक्षाका उपयोगी विभिन्न पाठहरू समावेश गरिएका छन् । यस पुस्तकमा प्रस्तुत गरिएका पाठहरू मात्र पनि अध्ययन गर्न सकेमा निर्वाण मार्गमा हिंड्न चाहनेहरूलाई प्राथमिक खुड्किलो वा मार्ग प्राप्त हुन्छ। विशेषगरी त्रिपिटक अध्ययन गर्न चाहनेले यस पुस्तकलाई आधार पुस्तक बताउन सकेमा त्रिपिटक अध्ययन गर्न धेरै सघाऊ पुऱ्याउँछ। त्यसमध्ये पनि प्रब्रजितहरूले यस पुस्तकको नियमित पाठ मात्र गर्ने गरेमा परियत्ति शिक्षाको न्यूनतम आधार तयार हुनेछ। अझ यसमा प्रेरणा दिइएका शिक्षालाई आचरणमा उतार्ने कोशिस गरेमा आजको भौतिक युगमा एक आध्यात्मिक विचारयुक्त व्यक्ति बन्न गाह्रो पर्ने छैन ।

त्रिपिटकको सारको रूपमा अध्ययन वा त्रिपिटक भित्रैको शब्दहरूलाई अध्ययन गर्न चाहनेहरूलाई निचोडमा पाठ संग्रह गर्न खोजिएको हो । यद्यपि यो पुस्तकले त्रिपिटकको आधिकारिकरूपमा प्रतिनिधित्व गर्दैन । तर पनि त्रिपिटक अध्ययन गर्नुपर्ने आवश्यकता र त्यसको महत्व माथि प्रकाश भने अवश्य पार्दछ ।

एक साधारण सम्यक् शिक्षाका अनुयायीलाई संक्षिप्तमा बुद्धवचनहरू अध्ययन गर्नुपर्दा हालसम्म एक सामूहिक Hand Book जस्तो पुस्तक नहुँदा त्यस्तो प्राथमिक आवश्यकतालाई पूर्ति गराउने उद्देश्यले तयार गरिएको यो पुस्तक सम्यक् शिक्षालाई सम्यक् सम्बुद्ध कै वचनमा अध्ययन गर्न चाहनेलाई लाभदायी वा आधारभूत पुस्तक हुनेछ ।

यसै आधारभूत अध्ययनबाट प्रगति गर्दै आफ्नो जीवनलाई सम्यक् जीवनमा परिवर्तन गर्दै लान प्रेरणा पावस् र आफ्नो अपुण्याभिसंस्कारबाट पुण्याभिसंस्कार र अझ अगाडि बढेर आनेञ्जाभिसंस्कारसम्म प्राप्त गर्न सकोस् भन्ने कामना गरेर यस पुस्तकमा चार आरक्षा भावना, परित्राण सूत्र, धम्मपद गाथा, सतिपट्ठान सूत्र र अभिधम्म, प्रातिमोक्षलाई त्रिपिटक अध्ययन गर्नुपर्ने आवश्यकताको सांकेतिक रूपमा प्रस्तुत गरिएको हो। यी पाठहरूको अध्ययनले श्रुतमय ज्ञान जगाउंछ भन्ने कण्ठस्थ गर्न सक्नाले चिन्तामय ज्ञान वा समथ भावना विकास गर्छ। अझ त्यसमा बोध गर्न सके वा आचरणमा ल्याउन सके भावनामय ज्ञान वा विपस्सना ज्ञान अनुभूति गर्न सकिन्छ।

सम्यक् शिक्षा भित्र

१. बुद्धकालीन संस्कृति

२. बौद्ध संस्कार

३. सम्यक् सभ्यता

४. जीवनको रहस्य

५. पालि शब्दहरू

बुद्धकालीन संस्कृति

त्रिपिटक अध्ययन गर्दा आजकालको जस्तो जुन संस्कृतिको नाममा रीतिरिवाज वा कर्मकाण्ड संस्कारहरू छन् त्यस्तो संस्कृति देखिदैन । सम्यक् सम्बुद्धसंगको सम्पर्कमा आउंदा गरिनुपर्ने व्यवहारहरू मात्र उल्लेख गरिएका छन् । जस्तै-

ख्याति प्रशंसा

सम्यक् सम्बुद्धलाई भेट्न जानुहुन्न' भनी आलोचना गर्नेहरूलाई उहाँको प्रशंसहरूले भेट्न जानुहुन्छ' किनकि उहाँ भगवान् अरहन्त सम्यक् सम्बुद्ध विद्याचरण सम्पन्न, सुगत, लोकविज्ञ, पुरुषदम्य सारथि, देव र मनुष्यका गुरु, बुद्ध, भगवान् हुनुहुन्छ' भनी प्रशंसा गर्थे ।

कसैले अझ थपेर यसरी प्रशंसा गर्थे- उहाँ देव ब्रह्मासहित यस लोकमा, श्रमण ब्राह्मणसहित, देवमनुष्यसहित प्रजाहरूलाई स्वयं जानेर साक्षात्कार गरेर सम्झाउनुहुन्छ । उहाँ आदिकल्याण, मध्यकल्याण, अवसानकल्याण, अर्थसहित, व्यञ्जनसहित, धर्मको उपदेश दिनुहुन्छ । मात्र परिपूर्ण, परिशुद्ध ब्रह्मचर्य प्रकाश गर्नुहुन्छ । यसप्रकारको अरहन्तहरूको दर्शन गर्नु उत्तम छ ।'

भेटघाट

यदि भेट्न जाँदा भगवान् बुद्ध कोठाभित्र हुनुहुन्छ भने विस्तारै गएर खोकेर ढोका अगाडिको सीक्रि झट्कार्द थियो। त्यो सीक्रिको आवाज सुनेर भगवान्ले ढोका खोलिदिनुहुन्थ्यो । नखोलेमा बारबार धेरै पटक खोक्ने सीक्रि झटकार्ने गर्दैन थियो ।

यसप्रकार कुनै पनि अनुरोध गर्दा तीनपटकसम्म अर्थात दुतियम्पि (दोश्रो पल्ट पनि) ततियम्पि (तेश्रोपल्ट पनि) सम्म दोहराउने चलन थियो । तीनपल्ट सम्ममा पनि प्रतिक्रिया नदेखाएमा चुपचाप फर्किन्थ्यो ।

भगवान् बुद्धसंग भेट गर्दा सर्वप्रथम अगाडि बसेर पञ्चाङ्ग (दुई खुट्टा, दुइटा हात (कुहिना देखि औलाको टुप्पासम्म) र निधार (टाएकोले भुई छुने) वन्दना गरेर दाँया वा बायाँ एक छेउ लागेर बस्दथ्यो । कसैले वन्दना गरेर आफ्नो परिचय दिन्थ्यो भने कसैले भलाकुसारी गरेर एक छेउ बस्दथ्यो । त्यसपछि आफूलाई आवश्यक भएको विषयमा छलफल गर्दथ्यो । कोही चुपचाप बसेर अरुसंग भएको छलफललाई सुन्दथ्यो ।

भेटघाट गर्दा यदि भगवान् बुद्ध बस्नुभएको छ भने बसेर नै छलफल हुन्थ्यो ।

उठ्नुभएको बेला उठेर छलफल हुन्थ्यो । बस्नुभएको बेला उठीउठी कुराकानी गरेमा अशिक्षित सम्झिने गरिनथ्यो । जस्तै- अम्बट्ठ माणवकले सुरुमा भगवान् बुद्धलाई **नीच** भन्ने अर्थले भगवान् बुद्ध बस्नुहुँदा उठेर कुरा गरेको थियो । जसको कारणले भगवान्ले के तिमीले यसरी नै आफ्ना सम्मानीयहरूसंग कुराकानी गर्छौ ?' भनी सोध्नुभयो । अर्थात आफूभन्दा सम्माननीय व्यक्ति बसेको छ भने आफू उठेर कुरा गर्नु असभ्यता मानिन्थ्यो ।

वन्दना

कसैले बाटोमा नै उहाँतिर फर्केर दुइहात जोडी अञ्जलिबद्ध भएर नमस्कार उहाँ भगवान् अरहन्त सम्यक् सम्बुद्धलाई' भनी तीनपल्ट वन्दना गर्दथे । प्रायशः उहाँको प्रशंसा सुन्ने बित्तिकै वा प्रशंसा गरेर भगवान्लाई भेट्न जान्थे ।

भेट्न जानअघि पनि समूहमा गएको छ भने भगवान्काहाँ जाँदा शान्त बस्नु भनी पहिले नै सचेत गर्दथे ।

सभा

सभामा बस्नेहरू बुद्ध, धम्म, संघप्रति गौरव राखेर यति शान्त हुन्थ्यो कि एक चित्त भएर धर्मदेशना सुन्थ्यो । त्यहाँ कुनै अन्य आवाजसम्म सुन्न सकिदैन थियो । यही कुरा राजा अजातशत्रुले भगवान् बुद्धलाई भेट्न जाँदा १,२५० भिक्षुहरू छन् भनेको ठाउँमा कुनै पनि आवाज नसुन्दा चोरमन राजाले कतै जीवकले छल गरेर मलाई मार्न ल्याएको त होइन ?' भनेर शंका पनि गऱ्यो । तर पछि थाहा पायो बालिएको दीयोको उज्यालो र भगवान्को धर्मदेशनाको आवाजबाहेक अरु कुनै चालचुल थिएन । कस्तो आश्चर्य ?

राजा प्रसेनजित- क्षेत्रिय राजाभएको नाताले मार्न योग्यलाई मार्छु, देश निकाला गर्न योग्यलाई देश निकाला गर्छु । तर पनि मेरो सभामा मानिसहरू कुराकानी गर्दा बीचबीचमा कुरा काट्छन् । तर यहाँ धर्मदेशना गर्दा खोक्ने आवाज पनि सुनिन्दैन । एकपल्ट धर्मदेशना सुनिरहेको बेला एक श्रावकले खोक्यो । अर्को भिक्षुले घुँडाले छुएर भन्यो- आयुष्मान निशब्द होऊ ! नखोक, शास्ता धर्मदेशना गरिरहनुभएको छ ।' कस्तो अचम्म ! विनादण्ड, विनाशस्त्रको विनययुक्त परिषद ।'

छलफल

प्रश्न गर्न चाहनेले भगवान्संग प्रत्यक्ष वा अनुमति मागेर पनि प्रश्न गर्दथ्यो । तर ठाडो वा असभ्य तरिकाले प्रश्न गरिन्नथ्यो । कसैकसैले प्रश्न गर्दा भगवान्को अपमान हुन्छ भनेर पनि चिन्ता गर्थ्यो । जस्तै-

सिंह सेनापतिले भगवान् बुद्धलाई अक्रियावादी भनेको कुरा सही हो कि होइन' भनी प्रश्न गर्दा त्यसरी प्रश्न गर्दा भगवान्को निन्दा भयो कि ? भनेर चिन्ता लिएको थियो। हामी भगवान्को निन्दा गर्न चाहन्नौ' पनि भनेको थियो। यो आफूभन्दा ठूलासंग छलफल गर्दा प्रकट गर्ने गौरव शिष्टता हो।

छलफलको क्रममा एकपल्टमा एक जनामात्र बोल्ने चलन थियो। ठूलाले बोल्दा बीचमा सानोले बोल्ने चलन पनि थिएन। यदि बोलेमा नबोल्न भनिन्थ्यो। जस्तै-

चंकि ब्राह्मणले भगवान्संग छलफल गर्दा एक तन्देरी कापथिक ब्राह्मण बीचबीचमा बोल्दथ्यो। तब भगवान्ले त्यसरी नबोल्न निषेध गर्नुभएको थियो।

तर भगवान्ले सोधेको प्रश्नको जवाफ भने उत्तर दिनै पर्दथ्यो। घुसेमुण्टो लगाएर बस्नुपाउँदैन थियो। सत्य भए सत्य, असत्य भए असत्य भन्नु नै पर्दथ्यो। जस्तै-

सुरुमा अम्बट्ठ माणवकले अहंकारको कारणले भगवान् र शाक्य जातिलाई होच्याएपछि भगवान्ले शाक्य जाति मालिकपुत्र र अम्बट्ठको पुर्खाहरू दासीपुत्र हुन्' भनी प्रमाण दिनुभएपछि अम्बट्ठ माणवक घुसेमुण्टो लगाएर बसेको थियो। तब भगवान्ले अहिले तिम्रो लागि धर्मसंकटको समय आएको छ। वास्तवमा तिम्रो पुर्खाको हुन् ? जवाफ देऊ। यदि नदिएमा तिम्रो टाउको सातटुक्रा हुनेछ' भन्नुभयो। अन्तमा अम्बट्ठले उसको पुर्खा दासीपुत्र थियो भनी स्वीकार गर्नुपर्‍यो।

तर प्रायशः सुरुमा आफ्नो विचार जेजस्तो भए पनि भगवान् बुद्धको उपदेश सुनेर वा छलफल गरेर ज्ञान लाभ गरेपछि आफ्नो पुरानो विचार, अज्ञानता, अन्धविश्वासलाई स्वीकार गर्ने चलन थियो। आफ्नो गल्ती स्वीकार गर्न लाज मान्दैन थिए। जस्तै-

पोतलिय ब्राह्मणले आफ्नो सारा सम्पत्ति छोराहरूलाई सुम्पिसकेकोले व्यवहार उच्छेद' गरिसकें अर्थात अनाशक्त भएर बसें भन्ने मिथ्यादृष्टि थियो। भगवान् बुद्धसंग भेट हुँदा भगवान्ले गृहपति (गृहस्थ) भनी भन्नुहुँदा गृहस्थ भन्यो भनेर रिसाएको थियो। पछि भगवान्ले अशली त्याग गर्ने व्यवहार उच्छेद कस्तो हुन्छ भनी व्याख्यान गरिसक्नुभएपछि आफू अझै व्यवहार उच्छेद नभएको गल्ती स्वीकार्दै भन्यो- भन्ते ! कहाँ म र कहाँ आर्य विनयको व्यवहार उच्छेद ? पहिले अनुत्तमलाई उत्तम सम्झिन्थ्यौं। उत्तम भिक्षुहरूलाई अनुत्तम सम्झिन्थ्यौं। अब उत्तम भिक्षुहरूलाई उत्तम सम्झिन्छौं र अनुत्तम अन्य मतावलम्बीहरूलाई अनुत्तम नै सम्झिन्छौं।'

सम्यक् सम्बुद्धको धर्मदेशना सुनेर ज्ञानलाभ गरिसकेपछि अनौठो ढंगले खुशी तथा प्रकट गर्दथे। प्रायशः त्यसरी खुशी भएकाहरूले भन्थे- आश्चर्य भो गौतम ! अद्भूत भो गौतम !! जसरी घोप्ट्याएकोलाई सीधा गरिदियोस्, छोपेकोलाई उघारिदियोस्, बिर्सेकोलाई

बाटो देखाइदियोस्, अध्यारोमा बत्ती बालिदियोस्, जसले आँखा हुनेले देख्न सकोस्, त्यसरी नै भगवान्ले धर्मलाई अनेक तरिकाले प्रकाशित गर्नुभयो ।'

धर्मदेशना सुनेर मात्र खुशी प्रकट गर्ने होइन । साथसाथै अञ्जलिबद्ध त्रिरत्न शरणागत उपासकत्व पनि ग्रहण गर्थ्यो । उपासकत्व ग्रहण गरेको उद्गार यसरी प्रकट गर्थ्यो म भगवान्को जीवनपर्यन्त शरण जान्छु, धम्म र संघको पनि । मलाई भगवान्ले अञ्जलिबद्ध शरणागत उपासक धारण गर्नोस् ।

कतिले त यो सीमा नाघेर प्रव्रज्या उपसम्पदाको लागि पनि अनुरोध गर्दथ्यो । चाहे पहिलेदेखि नै भगवान्को प्रशंसक होस् वा विरोधी । सत्यलाई स्वीकर गरेर जतिसुकै धनी, विद्वान, समृद्ध किन नहोस्, भगवान्को शिक्षाविना मोक्ष सम्भव छैन' वा जीवन दुःखदायी छ' भनेर बोध हुनासाथ प्रव्रज्याको प्रार्थना गर्दथ्यो । जस्तै-

अंगुलिमाल डाकुले कुरा बुझ्ने वित्तिक्कै हतियार त्यागेर भिक्षु बन्यो । उरुवेल काश्यप ५०० शिष्यहरूको गुरु, श्रमणगौतम दिव्यशक्ति धारी त हो तर मजस्तो अरहन्त होइन्' भन्ने मिथ्यादृष्टि भए तापनि कुरा बुझ्नासाथ भगवान्को शिष्यता स्वीकार गऱ्यो । ३०० शिष्यहरूको अध्यापक त्रिवेद पारंगत शैल ब्राह्मणले पनि कुरा बुझ्नासाथ तुरुन्त प्रव्रज्या उपसम्पको प्रार्थना गऱ्यो । किसा गौतमी, पटाचाराजस्ता विक्षिप्त मस्तिष्क हुनेहरूले पनि होश आउनासाथ प्रव्रज्याको प्रार्थना गरे ।

भगवान् बुद्धप्रति श्रद्धा राख्नेहरूले उहाँको भनाई सहर्ष स्वीकार गर्थे । यदि शंका भएमा आफै गएर सोध्दथे वा अरुलाई पठाएर सोध्दथे । जस्तै-

राजा प्रसेनजितले यो मल्लिका रानी श्रमण गौतमले जे भने पनि स्वीकार गर्छ' भनेर रिसाउँदा वास्तवमा के रहेछ ?' भनी एकजना दुत पठाएर बुझ्ने कोशिस गरेकी थिइन् । त्यसैगरी सर्वज्ञता बारे शंका भएर राजा प्रसेनजित आफै गएर सोधेको थियो । अर्थात् श्रद्धाको नाममा आँखा चिम्ली विश्वास गर्ने चलन थिएन ।

आफूले बुझेको कुराहरूलाई अन्य मतावलम्बीसंग स्पष्ट र निर्धक्क निडर भएर छलफल गर्थे । नबुझेको कुरामा अहंकार गरेर बोल्दैनथे । भगवान् बुद्धले सारा तप र तपश्वीको आलोचना गर्नुहुन्छ' भनेर अन्य मतावलम्बीहरूले बज्जीयमहित गृहपतिलाई भनेको थियो । सो कुरालाई खण्डन गर्दै भगवान् विभज्जवादी हुनुभएकोले आलोचनायोग्य तप र तपश्वीको आलोचना गर्नुहुन्छ, प्रशंसायोग्य तप र तपश्वीको प्रशंसा गर्नुहुन्छ' भनेर जवाफ दिदां अन्य मतावलम्बीहरू चुप लागिबस्नुपरेको थियो ।

निमन्त्रणा

भगवान्को धर्मदेशना सुनेर बोध हुने, खुशी हुनेहरूले घुँडा टेकेर दुबैहात जोडेर

भन्ते भोलिको भोजन निमन्त्रणा स्वीकार गरिदिनोस्, हाम्रो चिरकालसम्मको हितसुखको लागि' भनी भोलिको लागि भोजन निमन्त्रणा दिन्थे । कसैकसैले हप्ताभरिको लागि वा त्यसभन्दा बढीको लागि पनि निमन्त्रणा दिन्थे । रोजमल्लले त मेरै घरमा मात्र निमन्त्रणा स्वीकार गर्नु, अरुकाँहा जानुपर्दैन' समेत भन्यो । भोजन निमन्त्रणा गर्दा भगवान् बुद्धलाई मात्र नभएर जति छन् सबै भिक्षुहरूसहितको भिक्षुसंघलाई निमन्त्रणा दिन्थे । यसरी निमन्त्रणा गर्दा बुद्धप्रमुख भिक्षुसंघसहित' भनी निमन्त्रणा गर्दथे । त्यसभन्दा अलग आफूलाई मन परेअनुसार संख्या तोकेर निमन्त्रणा गर्दथे । त्यसरी संख्या तोक्दा कसलाई पठाउने ? भनी भत्तुद्देशक (भोजन व्यवस्थापक) भिक्षुले पालो लगाइदिन्थ्यो, जसलाई शलाक' भनिन्थ्यो । गणिका सिरिमाले प्रत्येक दिन आठजनालाई शलाकदान दिने गर्थिन् । भगवान्सहित भोज निमन्त्रणा नहुँदा भिक्षुहरू भिक्षाटन गर्नुहुन्थ्यो ।

उद्घाटन

जब कसैले भवन वा त्यस्तै संस्थागार आदि निर्माण कार्य समाप्त हुँदा सर्वप्रथम भगवान् बुद्धलाई प्रवेश गराउने चलन थियो । भगवान् बुद्धले पहिले गृहप्रवेश गर्नुभएमा चिरकालसम्म हितसुख हुने विश्वास थियो । जस्तै-

बोधिराजकुमारले तयार गरेको कोकनद प्रासाद (महल) को समुद्घाटन वा प्रथम गृहप्रवेश भगवान्द्वारा गराइएको थियो । मूलद्वारमा पर्खेर भगवान् आउनुभएपछि भगवान्लाई स्वागत गर्दै भगवान्लाई अगाडि लगाएर आफू पछिपछि आएर कोकनद प्रसादभित्र बिछ्याइएको आसनमा विराजमान गराएपछि त्यहीं भोजन दान गरेको थियो ।

तर भगवान् बुद्धले सिंढीदेखि भित्र कोठासम्म बिछ्याइएको तुलमा भने टेक्नुभएन र अगाडि रोकिनुभयो । आयुष्मान आनन्दले- भगवान्ले भविष्यको जनताको विचार गर्नुभएर तुलमाथि चढनुहुन्न' भन्नुभएपछि बोधिराजकुमारले तुल हटाउनुभएको थियो ।

दान

भोजन वा अन्य कुनै सामान दान गर्दा वा कुनै सेवा गर्नुपर्दा आफ्नो हित सुखको लागि दान गर्दथे । राजा प्रसेनजितले आयुष्मान आनन्दप्रति प्रसन्न भएर भन्यो स्वीकार गर्ने भए हात्ती, घोडा, दासदासी पनि दिन्थे तर स्वीकार गर्नुहुन्न । त्यसैले यो १६ हात लामो ८ हात चौडा वाहीतिय कपडाको चीवर बनाउनुभएर, अन्य सब्रह्मचारीहरूलाई बाँड्नुहुन्छ, जसले हाम्रो दान भाँडोमा भरिएर पोखिएझैं हुनेछ ।

पौष्कारसाति ब्राह्मणले- जसरी तपाई अन्य कुलमा आउनुहुन्छ त्यसैगरी मेरो कुलमा पनि आउनुहोस् । त्यहाँ युवा ब्राह्मण ब्राह्मणीहरूले तपाईलाई अभिवादन गर्दा

आसन, पानी दिएर, तपाईप्रति चित्त प्रसन्न गर्दा उनीहरूको चिरकालसम्म हितसुख हुनेछ ।'

साधारण दानबाहेक, विहार र विहारका लागि आवश्यक वस्तु दान गर्दथे । दान गर्न नपाएमा दुःखी हुन्थे । महाउपासिका मिगारमाता विशाखाले पूर्वाराम विहार बनाएर संघदान गर्दा एक उपासिकाले हजार मूल्य पर्ने गलैचा ल्याउंदा कतै राख्न योग्य ठाउँ नपाएर रुएकी थिइन् । पछि आयुष्मान आनन्दको सहयोगले खुट्टा पुछ्ने ठाउँमा राख्दा दान गर्न पाएकोमा अति प्रसन्न भएकी थिइन् । मेरो हजारमूल्य पर्ने गलैचा खुट्टा पुछ्नको लागि राख्यो' भनेर मन दुःखाइनन् ।

संघदान दिएर प्रसन्न हुने उपासक उपासिकाहरू प्रशस्त थिए । तर संघदान कुनै एक भिक्षुको लागि मात्र नभएर चारै दिसातिरबाट, वर्तमान र भविष्यमा आउने भिक्षुहरूको लागि' भनेर संघदान गर्दथे ।

बौद्ध संस्कार

बुद्धको मुलभूत सिद्धान्तअनुसार आचरण गर्नुपर्ने कर्महरू आफ्नो क्षमताअनुसार पालन गर्दै लानुपर्छ। अर्थात भएमा सधैं, नभएमा एक दुई दिन पनि पालन गर्नु आफ्नो निजी स्वतन्त्रताको विषय हो। आमाबाबाको मुख हेर्नु वा भाइटिका भनी तिहार पर्व मान्नु तर भोलिपल्ट दिदी भाइमा झगडा गर्नु भाइटिका मनाइएको ठहर्दैन। त्यसैले पर्व वा उत्सवले दिएको खास ज्ञानलाई आचरणमा ल्याउनु नै सम्यक् संस्कृति हो। जस्तै-

दशैं, तिहार, माघेसंक्रान्तिको स्वास्थ्यवर्धक आहार, दशैको नयाँ लुगा तथा ठूलाको आशीवार्दलाई स्वीकार गरी आफ्नो क्षमताअनुसार सधै जीवनमा उतार्नु उचित हुन्छ। तर एकदिन पर्व मानेर त्यसको शिक्षाचाहिं नलिनु भने विवेकको विषय होइन।

समय परिवर्तन हुँदै गएपछि अन्य शिक्षाको प्रभावले र मानिसहरूको बौद्धिक प्रज्ञाको ह्रास भएको कारणले आजकाल संस्कार नाममा जन्मदेखि मरणसम्म गरिने कर्मकाण्डको दास भइरहेका छन्। जुन स्वयम्भूको आँखामा मिथ्याधारणा अज्ञानताबाहेक अरु केही होइन।

बौद्धहरूमा पनि विभिन्न कारणले कर्मकाण्डहरू विकसित भएर आएका छन्। ती कर्मकाण्डको विरोध गरिएको हुनाले थेरवाद बौद्ध पद्दतिमा कर्मकाण्डजस्ता संस्कारको अभाव भएकोले अलमल्ल परिरहेको थेरवादी पद्दतिमा पनि बुद्धशिक्षालाई नै आधारित गरी अध्ययन अभ्यास गर्ने नयाँ बौद्ध संस्कार विकास भएर आएको छ। वास्तवमा यो विकसित संस्कार कुनै कर्मकाण्ड नभएर कलासम्मत जीवनपद्दति हो। यस संस्कार पद्दतिमा बुद्धशिक्षाप्रति गर्व गरेर धर्मश्रवण गर्नु पुण्य नै हो भने त्यसअनुसार आपसमा मेलमिलाप आत्मियता भाइचारको सम्बन्ध बनाउनु परमंगलकामना परप्रगतिमा खुसी हुने पुण्यहरू नै हुन्। अकुशल कर्मबाट बचेर गर्ने प्रत्येक कर्म पुण्य नै हो। त्यसैले यो सम्यक् संस्कार कुनै रुढिवादी कर्मकाण्ड होइन। बरु सम्यक् शिक्षालाई दैनिक जीवनमा उर्तान खोजिएको प्रयास हो।

निम्न यी कुनै पनि बौद्ध संस्कारअनुसार काम गर्दा निजी स्वतन्त्रता र क्षमताअनुसार मात्र गर्नुपर्छ। साथै त्यस कार्यमा पाठ गर्न यस पुस्तकमा भएको समूह क, ख, ग, घ आदि कुनै पनि समूहको पाठ गर्न सकिन्छ। तर पञ्चसिद्धान्तलाई नित्यरूपमा आचरणमा ल्याउने कोशिस गर्नुपर्छ। साथै दश कुशल कर्म, उपोशथ व्रतको पालन र आफन्त वा मित्रलाई आहार दान, धर्म श्रवणका कार्यक्रम राख्न सकिन्छ। यदि भिक्षु वा धर्मगुरुहरू भएमा उहाँहरूबाट धर्मदेशनाको साथै आशीर्वाद लिन सकिन्छ।

बौद्ध पर्व

सम्यक् शिक्षाअनुसार प्रत्येक महिनाको दुईवटा अष्टमी, औंसी र पूर्णिमा गरी चार दिन सम्यक्पूजा गरी दान शील भावना अभ्यासको साथै उपोशथव्रतमा रहने नियम बनाएको छ । तर आजकाल समयअनुकूल बनाउन छुट्टिको दिन पारेर शनिवार सम्यक्पूजा गर्नु प्रभावकारी हुनेछ । यसबाहेक प्रत्येक पूर्णिमामा एउटा एउटा पर्व पर्दछ । जसमध्ये निम्न पाँच ठूला महापर्व हुन् । जस्तै-

वैशाख पूर्णिमा

बुद्धसम्वतभन्दा अस्सी वर्षपूर्व यसै दिन सम्यक् सम्बुद्धको लुम्बिनीमा शालवृक्षमुनि जन्म भएको थियो । ३५ वर्षको उमेरमा अर्थात बुद्धसम्बत् भन्दा ४५ वर्षपूर्व यसै दिन उहाँले बुद्धगयामा बोधिवृक्षमुनि बुद्धत्व प्राप्त गर्नुभएको थियो । ८० वर्षको उमेरमा अर्थात बुद्ध सम्बत् १ वर्ष यसै दिन दुईवटा शालवृक्षमुनि उहाँको महापरिनिर्वाण भएको थियो । अत: यो दिन तीनप्रकारले त्रिसंयोग परेको बौद्धहरूको महानपर्व हो । यस दिनमा सारा विश्वका बौद्धहरू जम्मा भई बुद्ध जयन्ती मनाउँछन् । यस दिन संयुक्त राष्ट्र संघले पनि विश्वभरका आफ्ना कार्यालयहरूका लागि छुट्टि घोषणा गरेको छ ।

बुद्ध जयन्ती र बुद्धसम्बत्

सम्यक् सम्बुद्धको परिनिर्वाण भएपछि उहाँको स्मरणमा प्रत्येक वर्ष एक वर्ष वित्यो, दुई वर्ष वित्यो भन्दै बौद्धहरूले श्रद्धापूर्वक वर्ष गन्ती गर्न थाले । त्यहीं कालगन्ती पछि गएर बुद्ध सम्बत् भनेर स्वीकार गरियो । त्यसैले बुद्ध सम्बत् भनेको बुद्धको महापरि निर्वाण भएको कालगन्ती मात्र हो । त्यसैले यो बुद्ध जयन्ती (बुद्ध जन्म वर्ष) होइन ।

जयन्ती भनेको जन्मदिनमा मनाइने कार्यक्रम हो, जुन जीवित व्यक्तिको भए जन्म उत्सव र मृत्त व्यक्तिको भए जन्मजयन्ती भनिन्छ । त्यसैले बुद्ध जयन्ती मनाउँदा बुद्ध सम्बत्मा उहाँको ८० वर्षको आयु थपेर अर्थात बु.स.२५४८ मा ८० थप्दा २६२८ वर्ष नै बुद्ध जयन्ती हुने हुनाले २६२८ औं बुद्ध जयन्ती भनी मनाउनुपर्दछ । कसैकसैले २५४८ औं बुद्ध पूर्णिमा वा वैशाख पूर्णिमा पनि भन्दछन् । तर यो पनि गलत नै हो । किनकि २५४८ वर्ष परिनिर्वाण (मृत्यु) वर्ष मात्र भएकोले त्यसभन्दा अगाडिको जन्मको हिसावले ८० वटा र ज्ञान प्राप्तको हिसावले ४५ वटा वैशाख पूर्णिमाहरू छुट्दने हुन्छ । त्यसैले २६२८ औं बुद्ध जयन्ती वा बुद्धपूर्णिमा वा वैशाख पूर्णिमा भनी मनाउनुपर्दछ ।

बुद्ध सम्बत् र बुद्ध जयन्तीमा भ्रम परेको मूलकारण त्रिसंयोग हो । किनकि जन्म, बोधिलाभ, परिनिर्वाण भएको तिथि वैशाख पूर्णिमा हो । एउटै तिथि परेकोले मानिसहरू

भ्रममा परेर एकैदिन जन्म, बुद्धत्वलाभ र मृत्यु भएको ठानिरहेका छन्। वैशाख पूर्णिमा तिथि भए तापनि जन्म र मृत्युको बीच ८० वटा वैशाख पूर्णिमा र बोधिलाभ र मृत्युबीच ४५ वटा वैशाख पूर्णिमा फरक पर्दछन्। त्यसैले विहान जन्म, दिउँसो बोधिलाभ र साँझमा मृत्यु भयो भन्ने त्रिसंयोगको अर्थ लाग्ने गरी जन्म पनि २५४८ बोधिलाभ पनि २५४८ र मृत्यु वा बुद्ध सम्बत् पनि २५४८ भनी भ्रममा परेका छन्। अतः यो भ्रमलाई नाश गरेर बुद्ध जयन्ती र बुद्ध सम्बत् एउटै नभएर ८० वर्षको फरक घटना हो भनेर इतिहासलाई स्वीकार गर्नुपर्दछ। सत्यलाई दुईप्रकारको व्यक्तिले स्वीकार गर्दैन।

१. अज्ञानताको कारण मूर्खले सत्यलाई स्वीकार गर्दैन।

२. आफ्नो कमजोरी हटाउन नसकेर बुझ पचाउने कारणले पाखण्डीले सत्यलाई स्वीकार गर्दैन।

त्यसैले इतिहास थाहा नपाएसम्म हामी मूर्खसम्म बनौं तर इतिहास थाहा पाएर पनि परम्परा तोड्न नसक्ने कमजोरीलाई कायम गरेर २५४८ औं बुद्ध जयन्ती मनाएर बुझ पचाउने पाखण्डी नबनौ। अतः इतिहास स्वीकार गरेर एकपल्ट भएको परम्परागत गल्तीलाई सुधार गरौ र २६२८ औं बुद्ध जयन्ती भनी काल गिन्तिअनुसार पनि लुम्बिनीलाई राष्ट्रको गौरव मान्ने र लुम्बिनी दिवसलाई गौरवपूर्वक मान्ने बानी बसालौं। यसरी मान्नु प्रत्येक बौद्धहरूको, विशेषगरी बुद्ध जन्मभूमि नेपालका बौद्धहरूको सम्मान र प्रतिष्ठा न हुनेछ।

आषाढपूर्णिमा

यसै दिन बोधिसत्वले महामाया देवीको कोखमा प्रवेश गर्नुभएको थियो। यसै दिन सिद्धार्थ गौतमले महाभिनिष्क्रमण अर्थात दरवार छोडेर गृहत्याग गर्नुभएको थियो। यसै दिन बुद्धत्व प्राप्त भएपछि सर्वप्रथम वाराणसीनगिचै ऋषिपतन मृगदाव (सारनाथ) मा धर्मचक्र-प्रवर्तन गर्नुभएको थियो अथवा प्रथम उपदेश दिनुभएको थियो। आजैको दिन भिक्षुहरू आ-आफ्नो विहारमा वर्षावासको अधिष्ठान गर्छन् र एकै ठाउँमा तीन महिनासम्म वर्षावास बस्ने व्रत ग्रहण गर्छन्।

सम्यक् सम्बुद्धले आफूले पाएको ज्ञानलाई सर्वप्रथम पाँच जना सन्यासीहरू, जो पछि गएर प्रथम शिष्यहरू वा पञ्चवर्गिय भिक्षुहरू भनी प्रख्यात भए, लाई धर्म उपदेशबाट अमृतपान गराउनुभएको थियो। यसरी धर्मप्रचार भयो वा धर्मको चक्का घुम्न थाल्यो भन्ने अर्थले धर्मचक्रप्रवर्तन दिवस भनियो। त्यसैले यस दिन धर्म वा सम्यक्शिक्षा वा अमृतज्ञानप्रति गौरव गर्दै धर्मदेशना सुन्ने कार्यक्रम राख्दछन्। विशेषगरी भिक्षुहरूको तीन महिनाको लागि एउटै विहारमा बस्ने वर्षावास अधिष्ठान भएकोले उपासक उपासिकाहरूले तीन महिनासम्म अमृतज्ञान सुन्न पाइने र दान, शील भावनाको अभ्यास

गर्न पाइने आशाले खुसी भएर भिक्षुहरूलाई विहारमा बस्न अनुरोध गर्दछन् र भिक्षुहरूले सो अनुरूप अधिष्ठान गरेपछि धर्म देशना कार्यक्रम हुन्छ। धर्मप्रति गौरव राख्दै उपासक उपासिकाहरूले पनि तीन महिनाभरमा आफूले गर्नसक्ने धार्मिक अधिष्ठान गर्दछन्। कसैले नियमित विहार आउने, कसैले नित्य पञ्चशील पालन गर्ने, कसैले सप्ताहिक उपोशथ पालन गर्ने, कसैले नियमित दान, ध्यान आदि गर्ने अधिष्ठान गर्दछन्।

आश्वीन पूर्णिमा

यस दिन भिक्षुहरूको वर्षावास समाप्तिको बेला भिक्षुहरू मिलेर तीन महिना अवधिभरमा आफूले मन वचन शरीरले कुनै गल्ती गरेको भए त्यसमा संयमित हुने क्षमा याचनासमान गरिने कर्म **प्रवारणा** गर्दछन्। प्रवारणापछि आ-आफ्नो विहारमा उपासक उपासिकाहरूले कठिन उत्सव मनाउँछन्।

जुन विहारमा भिक्षुहरूको तीन महिने अधिष्ठान नियमपूर्वक समाप्त हुन्छ, त्यस खुसीयालीमा उपासक उपासिकाको तर्फबाट पुरस्कार स्वरूप एउटा कठिन चीवर दान गर्दछन्। यो दान आश्विन पूर्णिमादेखि कार्तिक पूर्णिमाको एक महिनाभित्र एउटा विहारमा एकपल्ट मात्र मनाउन सकिन्छ। त्यसैले कठिन वा दुर्लभ भएको कारणले कठिन उत्सव भनिन्छ। त्यसदिन उपासक उपासिकाहरू पूजापाठ दान, शील, भावना धर्मश्रवण आदि पुण्य गर्दै भिक्षु, अनागारिका, उपासक, उपासिकाहरूलाई भोजन दान गर्छन्।

माघ पूर्णिमा

यस दिन भगवान् बुद्धले वैशालीको सारन्दर चैत्यमा आयुसंस्कारलाई त्याग गर्नुभई आजको तीन महिनापछि तथागत (बुद्ध) को परिनिर्वाण हुनेछ' भनी घोषणा गर्नुभएको थियो।

उहाँले गृहत्याग गर्नुहुंदा मारले चक्रवर्ती राजाको प्रलोभन देखाएर गृहत्याग नगर्ने अनुरोध गरेको थियो। सिद्धार्थ गौतमले आफ्नो लक्ष्य पुरा गर्ने अठोट लिएर गृहत्याग नै गर्नुभयो। पछि बोधिलाभ भएपछि मार आएर तपाईको लक्ष्य पुरा भयो अब धर्मप्रचार नगरिकन परिनिर्वाण हुनुहोस्' भनी अनुरोध गर्दा जबसम्म मेरो धर्मलाई जान्ने, बुझ्ने, विपक्षीको प्रश्नोत्तर दिन सक्ने सक्षम, धीर, त्यागी भिक्षु, अनागारिका, उपासक, उपासिकाहरू हजारौं संख्यामा हुँदैनन् तबसम्म परिनिर्वाण हुने छैन' भनी उहाँले मारलाई जवाफ दिनुभयो।

त्यस घटनाको ४४ वर्षपछि अर्थात ७९ वर्षको माघ पूर्णिमाको अघिल्लो रात मार आएर तपाईले भनेअनुसार सबै पूर्ण भयो। अब परिनिर्वाण हुनुहोस्' भनी अनुरोध गर्दा सम्यक् सम्बुद्धले चुप लागी स्वीकार गर्नुभयो। यही कुरा भोलिपल्ट भिक्षु आनन्दलाई परिनिर्वाण हुने कुरा घोषणा गर्नुभएको हो।

अहिंसापर्व विजयादशमी

यो पर्व आश्विन शुक्ल दशमीका दिन मनाइन्छ। आफ्ना दाजु भाइलाई मारेर राज्य लिने अति उदण्ड स्वभावको भएकोले चण्ड अशोकले आफ्नो राज्य विस्तार गर्न अर्को ठूलो राज्य कलिंगसंग युद्ध गर्दा दुबैतर्फबाट घाइते र मृत सैनिकहरूको भयावह र दर्दनाक दृश्य देखेर भावविह्वल भएर अबदेखि म शस्त्रद्वारा हिंसात्मक विजयको काम नगरिकन धर्मप्रचारद्वारा अहिंसात्मक विजय गरुँला' भनी प्रतिज्ञा गर्नुभएको थियो। हिंसापूर्ण युद्धद्वार ापीडित जनता महान बौद्ध सम्राटको यस घोषणालाई सुनेर चण्ड अशोकलाई धर्म अशोकको रूपमा स्वीकार गर्दै बडो हर्ष र उल्लासका साथ यस महत्वपूर्ण ऐतिहासिक दिनलाई सदा स्मरण गरिराख्नको लागि यस दिनलाई हिंसा माथि अहिंसाको विजयको स्वरूपमा महान अहिंसापर्व विजया दशमीको रूपमा मनाउन थाले।

यो परम्परा प्रत्येक वर्ष घोडेजात्राको बडाई उत्सवजस्तै मनाउँदै आएका थिए। तर सम्राट अशोकभन्दा सात आठ पुस्तापछाडिको राजा वृहदथ यसै अहिंसा पर्वको बडाई उत्सव हेरिरहेको समयमा सेनापति पुष्यमित्र सुंगले राजा वृहदथको हत्या गरी पुनः ब्राह्मणधर्म सुरुवात गरेको थियो। यसै खुसीयालिमा ब्राह्मणहरूले पुष्यमित्र सुंगको सम्मान र प्रशंसामा रामायण लेखिएको भन्ने विद्वानहरूको भनाई छ। साथै बौद्धहरूको विनाशको खुसीयालिमा ब्राह्मणधर्ममा काटमारको उत्सवको साथै रगतको रूपमा रातो टीका लगाउने प्रचलन चलेको र त्यो अझै पनि बुद्ध जन्मभूमिमा देख्न सकिन्छ। हिंसाको प्रचलन बौद्धहरूमा सुरुआतमा नभए तापनि जयस्थितिमल्लको पालामा बौद्ध भिक्षुहरूलाई गृहस्थ बनाएपछि बौद्धहरूमा धर्म परिवर्तनको दबावको साथै हिंसा प्रवृत्तिमा लगाउन हिंसा गरेर हत्केलाको रगतको डाम वा मारिएको पशुपंक्षीको गर्धनको रौं वा भुत्ला सहितको छालाको टुक्रा मूल ढोकामा टाँस्न लगाइयो। यसरी नगरेमा जांचगर्न आउंदा नपाइएमा सजाय पाउँदथ्यो। यसरी जबरजस्ती लादिएको धर्म परिवर्तन प्रथाले बौद्धहरू बलि चढाउने भए भने काँही काँही शाक्यहरूलाई बलि चढाउने मन्दिरमा पूजारी वा भाग लिन लगाउने बनाए। अतः बौद्धहरू यही परम्पराको शिकार भएर बलि हिंसा गर्ने गर्छन् र रातो टीका लगाउने गर्छन्। त्यसैले हिंसापर्वलाई हिन्दू लगायत बौद्धहरूले त्याग गर्नुपर्छ।

अन्य संस्कारहरू

गर्भमंगल संस्कार

गर्भिणी भएको ५/६ महिनामा गर्भमा भएको बच्चाको इन्द्रिय द्वारहरू पनि विकास हुने हुनाले नै अशल संस्कार बनोस् भन्ने हेतुले गर्भिणी आमालाई त्रिरत्नशरणसंगै

पञ्चसिद्धान्त ग्रहण गर्न लगाउनुपर्छ साथै सम्यक् शिक्षाको पाठ धर्मश्रवण र भिक्षु आदि भएमा भोजन दान आदि पुण्य कर्म गराउन सकिन्छ ।

नामाकरण वा न्वारान

नाम अवश्य ठूलो होइन, कर्म नै ठूलो हो । तर ज्ञानयुक्त अशल नामले अशल काम गर्ने प्रेरणा दिने हुनाले बच्चा जन्मेपछि वा गर्भमा रहंदा नै नामाकरण गर्न सकिन्छ । नामाकरण गर्दा आफ्नो मातृभाषा वा पालिभाषाअनुसार राख्नु उत्तम हुन्छ ।

(पालिभाषामा नाम राख्नको लागि पालि शब्द परिच्छेदमा हेर्नु होला ।)

अन्नप्रासन

बच्चा जन्मेको ५/६ महिनापछि उसको आन्द्रा मोटो भएर आउंछ । त्यसबेला ठोस आहार पनि पचाउन सक्ने क्षमता बढ्न थाल्छ । त्यसैले दूध वा तरल वस्तु मात्र खाइरहेकोलाई अबदेखि ठोस वा तरलठोस मिश्रित आहार खुवाउन सकिन्छ भनी घोषणा गर्न अन्नप्रासन कर्म गरिन्छ । यसको लागि कुनै तिथि हेरिरहनुपर्दैन । परिवार सदस्यको अनुकूलताअनुसार सानो वा ठूलो स्तरमा यो संस्कार गर्न सकिन्छ । आशीर्वादको लागि मान्यजन, धर्मगुरु वा शुभकामना दिन आफन्त इष्टमित्रहरू बोलाउन स्वेच्छाको विषय हो ।

विद्यारम्भ

विद्याआर्जन विवेकशील मानिसको अपरिहार्य कर्म हो । त्यसैले विद्याआरम्भ गर्नु एउटा अति खुसीको कुरा हो । किनकि बच्चा अब ज्ञानमार्गमा प्रवेश गर्दै दोश्रोपल्ट जन्मिदै छ, द्विज हुंदैछ । त्यसबेला पनि उत्सव मनाई बच्चालाई गुरु, मान्यजनद्वारा मुखले त्रिरत्न शरण पाठ गराउनुपर्छ । लेख्न सक्ने अवस्थामा हातमा कलम लिनलगाई जे मन लाग्यो लेख्न वा कोर्न लगाउनुपर्छ । यो संस्कार २/३ वर्षपछि जहिल गरे पनि हुन्छ ।

प्रव्रज्या (श्रामणेर, अनागारिका)

बुद्ध आफै त्यागी, धर्म आफै त्याग र संघ आफै त्यागी र दश पारमितामा नैष्क्रम्य (गृहत्याग) पारमिता पनि एउटा पारमिता भएको र ज्ञानले हेर्दा गृहत्याग नभएसम्म निर्वाण प्राप्त गर्न गाह्रो भएको सन्दर्भमा समय समयमा गृहत्यागको अभ्यास गरिनु बौद्धहरूको परम कर्तव्य हो । त्यसैले ७ वर्षपछि यो कर्म गर्न सकिन्छ । तर यो कम्तिमा ७ दिन गर्न उचित छ । तर यो भिक्षु/अनागारिका बस्नु हुने विहारमा बसी बुद्धशिक्षा अध्ययन गर्नुपर्ने छ । विहार नभएमा घरैमा केशकप्पन संस्कारजस्तै मान्यजनले केश पूर्णरूपले मुण्डन गरेर सम्यक् आस्था पाठसहित सम्यक् शिक्षा ग्रहण गरेर आजदेखि बौद्ध

उपासक वा उपासिका बौद्ध अनुयायी भएको घोषणा गर्नुपर्दछ ।

उपसम्पदा (भिक्षु)

२० वर्ष पुगिसकेको भएमा पूर्ण भिक्षु बन्न सक्दछ । यसलाई उपसम्पदा प्राप्त गर्नु भनिन्छ । यो प्रव्रज्या प्राप्त गर्ने संस्कारजस्तै हुन्छ ।

(प्रव्रज्या र उपसम्पदा बारे विस्तृत जानकारीको लागि सम्यक् शिक्षा हेर्नुहोला ।)

विवाह

गृहस्थ जीवनको मौलिकता झल्किने कर्म नै विवाह हो । विहारमा वा विवाह गर्ने कोठामा दुलाहा दुलहीलाई बसाएर सम्यक् आस्था वा सम्यक्पूजा आदि गरेर विवाह कर्म सुरु गर्नुपर्दछ । सुरुमा दुलहीबाट स्वयंवर गराउनुपर्छ र स्वीकारोक्ति स्वरूप दुलाहाले स्वयंवर गर्नुपर्छ । स्वयंवरमा आ-आफ्नो गच्छेअनुसार औंठी सिक्री फूलमाला प्रयोग गर्न सकिन्छ । स्वयंवरपछि सृष्टीका जगत्जननी र जगतपिता बन्न अनुमति पाएको यस शुभकर्ममा स्वेच्छाले बाचाबन्धनमा बाँधिनुपरेकोले मान्यजनहरूका अगाडि निम्नप्रतिज्ञा गर्नुपर्दछ । तर यो स्वयंवरको काम उपासक वा उपासिकाले पहिले आफूले भनेर र त्यसपछि दुलहा वा दुलहीले सबैले सुन्नेगरी दोहराएर भन्न लगाउनुपर्छ । यसमा मुख्य कुरा के थाहा पाउनुपर्छ भने भिक्षुहरू बोलाउँदा भिक्षु भनेको ब्रह्मचर्य पालन गर्ने र गृहत्यागी भएको नाताले गृहस्थको बन्धनमा बाँधिने यस शुभकार्यमा भिक्षुलाई साक्षी मात्र राख्ने हो, भिक्षुहरूबाट नै विवाह गराउने होइन ।

दुलहाको प्रतिज्ञा

१) **सम्माननाय**- म आफ्नी जहानको सम्मान गर्छु ।

२) **अनवमाननाय**- म आफ्नी जहानको अपमान गर्दिन ।

३) **अनतिचरियाय**- म व्यभिचार गर्दिन ।

४) **इस्सरियवोस्सगेन**- म आफ्नो क्षमताअनुसार सम्पत्ति र वस्त्रले मेरी जहानलाई पोषण गर्छु ।

५) **अलंकारानुप्पदानेन**- म क्षमताअनुसार आभूषण प्रदान गर्ने छु ।

दुलहीको प्रतिज्ञा

१) **सुसंविहित कम्मन्ता**- म मेरो जहानको घरको साराकाज हेर्ने छु ।

२) **संगहित परियोजना**- म घरको सपरिवार नोकरचाकरको हेरचाह गर्ने छु ।

३) **अनतिचारिणी**- म व्यभिचारिणी हुने छैन ।

४) सम्भतं अनुरक्खंन- म मेरा जहानले कमाएर ल्याएको सम्पत्तिको रक्षा गर्ने छु।

५) दक्खा च अनलसा च सब्बकिच्चेसु- घरको सबैकाम दक्ष भएर अल्छी नभई काम गर्ने छु।

त्यसपछि सम्यक्पाठसहित धर्मदेशनाको माध्यमद्वारा आशीर्वाद दिने र अन्य आफन्तहरूले वचनबाट र उपहारद्वारा कार्यक्रम गर्नुपर्दछ। यसभन्दा बाहेक अन्य कुनै पारिवारिक शुभकामना, बधाइदिने, कर्म भएमा त्यो गर्न सकिने छ। त्यसपछि दुलहीलाई विदा दिएर पठाउन सकिनेछ।

दाहसंस्कार

सर्वप्रथम मृत्यु हुने बेलामा चित्त शान्त र शुद्ध गरेमा परलोक गमन सुखदायी हुने हुनाले मृत्यु हुनअघि समयसमयमा वा नियमितरूपले दश कुशल कार्यमध्ये भ्याएसम्मको कर्महरू गर्नुपर्छ। विशेषगरी मरणासन्न अवस्थामा भिक्षु वा कसैले सम्यक्शिक्षा भजन, परित्राण वा धार्मिक विषयहरू सुनाउनुपर्छ। विशेषगरी मनमा कुशल विचार वा शान्त बनाउनको लागि धार्मिक चेतना जगाउने, पहिले गरेका पुण्य कर्महरू स्मरण गराउने, घरबारे चिन्ता लिन नलगाउने, ढुक्क परेर बस्न लगाउने आदि कुराहरू सुनाउनुपर्छ। यदि पूर्ण होश छ भने अन्य कुनै पनि पुण्य कर्म गराउन सकिन्छ, जसले गर्दा उस्को मनमा पुण्यमात्र झलझल्ती याद आइरहोस्। त्यसवेला कोही पनि रुने वा दुःखित हुने गर्नु हुँदैन। विशेषगरी मरणासन्न व्यक्तिको अगाडि।

मृतव्यक्ति घरभित्र मरेमा दुर्गति जान्छ भन्ने प्रचलन भएकोले मरणासन्न अवस्थामा नै जबरजस्ती उठाएर आय्या आत्था भनाउँदै, दुःखितपीडित गराउँदै घरबाहिर आँगन वा घाटमा लाने र पानीमा खुट्टा डुबाएर स्वर्ग पठाउने भन्ने चलन छ। तर यो अति दुःखदायी र मिथ्याधारणा हो। मानिसको सुगति वा दुर्गति जाने भनेको मरणासन्न अवस्थाको कुशल चित्तले सुगति र अकुशल चित्तले दुर्गति लाने भएकोले मरणासन्न अवस्थामा दुःखीतपीडित बनाउने कुनै पनि काम गर्नु हुँदैन। जहाँ मरेपनि सुखपूर्वक मरोस् भन्ने हेतुले ओछ्यान आरामदायी हुनुपर्छ र कोठाभित्र वा जहाँ छ त्यहीं शान्तपूर्वक मर्न दिनुपर्छ। लाशलाई ढोका वा झ्याङबाट ल्याउँदा कुनै अकुशल वा दुर्गति जाने हुँदैन। साथै मर्दैमा रात काट्नु हुँदैन भन्ने धारणा पनि मिथ्या भएकोले लाश जलाउने निर्णय परिवारको अनुकूलताअनुसार एक दुईदिन वा बढी राख्न सकिन्छ।

तर मृत्यु भईसकेमा सम्मानपूर्वक लाशलाई लानुपर्छ। लाश उठाउनुअघि मरणानुस्मृति (समूह ख- ५) पाठ गर्न अनिवार्य छ। सम्भव भएमा अरु पाठ पनि गर्न सकिन्छ।

भिक्षु भएमा वा अन्यमान्यजनलाई क्षमताअनुसार दान प्रदान गरेर र मरणानुस्मृति

पाठसहित गरिसकेको पुण्य सम्भेर **इदं नो ञातिनं होतु सुखिता होन्तु ञातयो** आदि पत्तिदान (समूह क १३) पालि वा नेपालीमा पाठ गर्नुपर्दछ । त्यसपछि भिक्षु वा मान्यजनसहित सबैले मरणानुस्मृति पाठसहित जीवनको अनित्यता र अस्थिरता बारे संवेग ज्ञान बढाउन निम्न गाथा पाठ गर्नुपर्छ ।

अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।

उप्पज्जित्वा निरुज्झन्ति तेसं वूप समो सुखो ।

(सबै संस्कार अनित्य छ, उत्पन्न नष्ट हुने स्वभावको छ । उत्पन्न भएर निरुद्ध हुन्छ, त्यसको उपशमन हुनु सुखकर छ ।)

लाश जलाउने, गाड्ने, पानीमा डुबाउने, गिद्धहरूलाई खुवाउने आदिमध्ये कुनैपनि विधिहरू प्रयोगमा ल्याउन सकिन्छ । लाश जलाउँदा सम्मानपूर्वक लाश जलाउनुपर्दछ तर यसबेलासम्म भरसक कोही पनि रुनु हुँदैन । आफूपनि एकदिन मर्नुपर्छ भन्दै सम्भँदै वैराग उत्पत्ति गर्दै बस्नुपर्छ । तर रुनु हुँदैन भन्नुको अर्थ हाँस्ने वा लापरवाही हुने भनेको होइन ।

लाश जलाइसकेपछि मलामीहरूलाई खानपिनको व्यवस्था आदि भएमा गराउनुपर्छ । त्यसपछि काजक्रिया बस्ने चलन बुद्धशिक्षामा छैन । तर दुःख बार्नुपरेमा दश कुशल कर्म अन्तरगत विशेषगरी दान ध्यान र धर्मश्रवण गर्नुपर्दछ । घर सदा सफा हुनुपर्दछ ।

दान गर्दा मृतकको नाममा भिक्षु वा मान्यजन वा संघसंस्थालाई दान गर्न सकिन्छ । त्यसबेला सम्यक् पाठसहित निम्न वाक्य उच्चारण गर्न सकिन्छ ।

काल कतानं अम्हाकं ञातिनं पुञ्ञत्थाय

इमं भिक्खं (दान) भिक्खु संघस्स देम ।

(दिवंगत हाम्रा आफन्त...को पुण्यको लागि यो भिक्षा भिक्षुसंघ वा फलानालाई दिँदैछौं ।)

त्यसपछि फेरि पुण्य अनुमोदन गर्न पत्तिदान (समूह क-१५) पाठ गर्नुपर्छ ।

बुद्धशिक्षाअनुसार मन प्रमुख हो जसले अशल वा खराव गर्छ त्यसैले मन मात्र शुद्ध वा अशुद्ध हुन्छ शरीर होइन । अतः बुद्धशिक्षामा भोकै काम गर्ने अनिवार्य छैन भने जूठो, नछुने, सुतक बार्ने जस्ता मान्यता छैन । मात्र पापहरूबाट बच्ने अशल काम गर्ने भरसक चित्त शुद्ध गर्नु नै बौद्धको सर्वसाधारण मान्यता हुन्छ ।

उपरोक्त संस्कारसंग चित्त शुद्ध गर्ने वा कुशल कर्म गर्न निहुं बनाउन घर पनिस्था गर्दा, घरसर्दा, दोकान राख्दा, नयाँ मेसिन वा गाडी किन्दा वा कुनै पनि अशल कार्य वा शुभारम्भ गर्दा निजी तवरले उत्सव वा खुसीयाली मनाउन सक्दछ । त्यसबेला पनि सम्यक् पाठअनुसार नै कर्म गर्न सकिन्छ ।

सम्यक् सभ्यता

विहार मन्दिर होइन विद्यालय हो। साधारणतया सुख प्राप्त गर्ने ईश्वरलाई खुशी पार्ने वा आह्वान गर्ने उद्देश्यले फूल अक्षता आदिको माध्यमबाट पूजा पाठ, भक्ति भाव गर्ने स्थानलाई मन्दिर भनिन्छ। जहाँ भक्तिको आधारमा मूर्तिको आराधना, मूर्तिको सजावट हुन्छ। तर सम्यक् सम्बुद्धको अनुभवमा सुख दुःखको मूलकारण ईश्वर नभई मन नै भएकोले यस मनलाई तालिम गरी वशमा लिन सके मन, वचन शरीरले कुशल कर्म गरे स्वतः सुख प्राप्त हुन्छ। अझ त्यसभन्दा माथि उठेर अभ्यास गर्न सके निर्वाण नै लाभ गर्न सकिन्छ। यसको लागि हरेक व्यक्तिले निजीरूपमा आफ्नो स्वभावको अध्ययन गरी, विश्लेषण गरी आत्मपरीक्षा गर्नुपर्दछ। यसका लागि सम्बन्धित पक्षसंग शिक्षा हासिल गर्नुपर्दछ। यस्तो शिक्षा हासिल गर्ने वा तालिम लिने स्थान नै विहार हो। अतः राग, द्वेष, मोहलाई विनष्ट पार्ने शिक्षा हासिल गरेर विद्या उत्पन्न गरी जीवन बिताउने तालिम केन्द्र नै विहार हो। यसै तथ्यलाई हृदयंगम गरी विहारलाई कसरी विद्या र ज्ञान आर्जन गर्ने केन्द्रमा परिणत गर्ने भन्ने प्रश्नको जवाफको लागि हाम्रो सभ्यता वा आचरणमा परिवर्तन आउनुपर्ने आवश्यकता माथि जोड दिंदै बौद्ध आचरण वा सभ्यता निम्न हुनुपर्ने (अनिवार्य होइन) आवश्यकता देखाइएको हो।

विहार प्रवेश सभ्यता

विहार एउटा शान्तिप्रिय स्थल भएकोले यसको वातावरण शान्त राख्न हामी भिक्षु, अनागारिका, उपासक, उपासिकाहरूको परम कर्तव्य हो। विहार प्रवेश गर्दा शान्त भएर प्रवेश गर्नुपर्दछ। हिंड्दा जुत्ता घिसार्ने, आवाज निकाल्ने, ठूलो स्वरले कुरा गर्ने गर्नु हुँदैन। मेरो आचरणले अरुलाई बाधा हुन्छ कि भन्ने होस जगाएर आर्य मौनलाई पालन गर्नुपर्दछ। धर्ममित्रहरू भेटेमा नगिच गएर सानो स्वरमा वन्दना, त्रिरत्न शरण, त्रिशरण आदि भन्ने वा कुराकानी गर्नुपर्दछ।

जुत्ता राख्ने सभ्यता

विहार प्रवेशपछि मूल कोठामा प्रवेश गर्नअधि जुत्ता फुकाली पंक्तिबद्ध राख्नुपर्छ। ढोका अगाडि वा जतातत्तै जुत्ता फुकाल्नु हुँदैन। सम्भव जुत्ता राख्ने तख्ता बनाइदिए हुन्छ। यदि चोरी हुने सम्भावना भए जुत्ता हेरिदिने व्यवस्था गर्नुपर्दछ। यसो नगरी जुत्ता चोरी

होला कि भनी शंका मानिरहनु वा धर्मकोठामा पसेर पनि जुत्ता खुट्टामुनी लुकाएर बस्नु धार्मिक लक्षण होइन ।

वन्दना गर्ने सभ्यता

आफूभन्दा ठूलालाई बाटोमा भेट्दा उभेर पनि वन्दना गर्न सकिन्छ। तर विहारमा वा घरमा बिछ्याइएको ठाउमा बसेर नै वन्दना गर्नुपर्दछ। बसेर वन्दना गर्दा घुँडा टेकी गरिने वन्दनालाई पञ्चाङ्ग वन्दना भनिन्छ । दुईटा खुट्टा, दुईटा हात र टाउकोले भुई छुनुपर्दछ। बस्दा पछाडि खुट्टा सुताउनुपर्दछ, खुट्टामा ठपक्क बस्नुपर्दछ, चाक उठाउनु हुँदैन। ढाडलाई सिधा राखेर दुई हात विन्ती गरेर भन्ते वन्दना' वा वन्दना आर्या' भनी संकेत गरेर (भिक्षु वा अनागारिकालाई वन्दना गर्दा मात्र) विस्तार टाउको निहुराउँदै कुहिनादेखि हत्केलासम्म भुंई छुनेगरी हात जमिनमा छुवाउनुपर्दछ। टाउकोले पनि दुई हातको बीचमा भुंई छुनुपर्दछ । यसरी बस्दा छातीले तिघ्रा वा खुट्टा राम्ररी छोएको हुन्छ र ढाड सिधा तन्केको हुन्छ। यस बेला पनि चाक उठाउनु हुँदैन। मोटो व्यक्तिलाई यो नियम अनिवार्य हुँदैन।

यसरी एकपल्ट वन्दना गरिन्छ । दोश्रोपल्ट वन्दना गर्नुपर्दा फेरि शरीरलाई पहिलेजस्तै सिधा राखेर हात विन्ती गरी पहिलेजस्तै दोहराउनुपर्दछ। तेश्रोपल्ट फेरि शरीर सिधा राखी पहिलेजस्तै दोहऱ्याउनुपर्दछ। शरीर सिधा नराखी बीचमै टाउको झुकाएर वन्दना गर्नु अल्छी चित्तको लक्षण हो, यसो गर्नु हुँदैन ।

हाम्रो शरीर पथवी, आपो, तेजो र वायो चार महाभूतले बनेको हुन्छ। शरीर हलन चलन गर्न वायोको र भारी हल्का बनाउन पथवी महाभूतको आवश्यक पर्दछ । शरीर झुकाउने इच्छा भएपछि पथवीधातु वृद्धि गरेर भारी हुन आउंछ र विस्तार शरीर झुग्दै जान्छ। शरीर माथि उठाउँदा वीर्य चित्तले पथवीधातु अर्थात भारीपनलाई बदल्न वायोधातु प्रवल बनाउछ र कसिने हल्का भएर शरीर माथि उठ्छ। यदि शरीरको भारीपन हटाउने वायोधातु प्रवल वा प्रशस्त भएन भने शरीर आलशी भएर भारी नै भइरहन्छ। त्यसैले शरीर सिधा उठाउन नसकेको आलश्यलाई जित्न वीर्य चित्त प्रवल गरेर पहिलेजस्तै शरीर सिधा गर्नुपर्छ ।

वन्दना गर्दा छिटोछिटो वन्दना गर्नुहुँदैन। यसो गर्दा चित्त चञ्चल भएको हुन्छ। त्यसैले समाधि चित्त उत्पन्न गर्दै शान्तपूर्वक वन्दना गर्नुपर्दछ। वेहोसी हुंदा वन्दना गरेको पनि थाहा हुँदैन। त्यसैले होश राखेर बसेको शरीर याद गरेर टाउको झुकाउँदेखि भुंईमा नछुएसम्म र टाउको उठाउँदेखि शरीर सिधा नभएसम्म थाहा पाउनुपर्दछ।

वन्दना गर्नु भनेको नै आफूभन्दा ठूलाको गुण सम्झेर वा ठूलो मान्नु हो। त्यसैले

वन्दना वा नमस्कार आदि शीर झुकाउने पद्धति अहंकार नाश गर्ने विधि हो। त्यसैले वन्दना गर्दा जसलाई गरिएको हो उसको गुणस्मरण गर्दै वन्दना गरेमा अहंकार नाश भएर श्रद्धा उत्पत्ति हुन्छ। सम्यक्शिक्षामा मूर्तिपूजा नभएकोले मूर्तिलाई वन्दना गर्नु ठीक मानिन्न। तर सम्यक् सम्बुद्ध जीवित नहुनुभएकोले उहाँको गुण स्मरण गर्न मूर्ति विकास गरिएकोले बुद्धमूर्ति देख्दा उहाँको *इति पि सो*...आदि गुण वा उहाँको शिक्षा सम्झेर उहाँप्रति श्रद्धा राखेर ढोग्नुपर्दछ। त्यसैले अगाडि राखेको मूर्ति माध्यममात्र सम्झिनुपर्छ। अर्थात् त्यसै मूर्तिलाई ढोगेको सम्झिनुहुन्न। अतः मूर्ति जहाँ देख्यो त्यहाँ ढोग्ने होइन। आफ्नो घरमा राखिएको नित्यपूजाको मूर्ति वा विहारमा राखिएको मूलमूर्ति जहाँ सम्यक्पूजा गरिन्छ, त्यहाँको मूर्ति अगाडि मात्र बुद्धगुण आदि स्मरण गर्दै ढोग्नुपर्दछ।

यसैगरी चैत्यलाई ढोग्नुको अर्थ जान्नस पर्छ। सम्यक् सम्बुद्ध, चक्रवर्ती राजा अरहन्त आदिको नाममा चैत्य बनाइन्छ। चैत्य चार उद्देश्यले निर्माण गरिन्छ। १) सम्यक् सम्बुद्धले वोधिज्ञान प्राप्त गर्नुहुंदा प्रयोग गर्नुभएको सहयोगी वस्तुहरू जस्तै- वोधिवृक्ष, आसन आदि। २) बुद्धले प्रयोग गर्नुभएको चीवर पात्र आदि वस्तुहरू। ३) सम्बुद्धको शरीरको अंगहरू जस्तै केश। ४) परिनिर्वाण पश्चात सम्बुद्धको लाश जलाइसकेपछि पाइने अस्थिधातु (हड्डी)। यीमध्ये सम्यक् सम्बुद्धले दोश्रो प्रकारको चैत्यको प्रशंसा गर्नुभएको छैन। त्यसैले उहाँको जीवितकालमा अनाथपिण्डिक महाउपासकले सम्यक् सम्बुद्धको अनुपस्थितिमा जेतवन विहारमा उपासक उपासिकाहरूको नियमित उपस्थिति गराउन सम्यक् सम्बुद्धको प्रतिकको रूपमा आयुष्मान मौदगल्यायनबाट बोधगयादेखि बोधिवृक्षको बीज मगाएर आयुष्मान आनन्दको हातबाट रोपाएको थियो। त्यस बीजबाट उम्रेको बोधिवृक्षलाई आनन्द बोधिवृक्ष भनिन्छ, जुन आजसम्म पनि श्रावस्तिमा अझै जीवित देख्न पाइन्छ।

तर आजकाल श्रद्धाको कारणले कुनै पनि चैत्य बनाउने हुनाले उपरोक्त वस्तुहरू चैत्यको गर्भमा राख्न दुर्लभ भएको कारणले सप्तरत्न भनी सुन, चाँदी, पैसा राखी चैत्य बनाउने चलन छ। त्यसैले आजकाल जताततै पाइने चैत्य देख्दैमा ढोग्नु हुँदैन। यी सब सांस्कृतिक पहिचान र श्रद्धाको विषयहरू मात्र हुन। अतः सम्यक् सम्बुद्धको महापरिनिर्वाणपछि द्रोण ब्राह्मणले ८ भाग लगाएको अस्थिधातुबाट बनाएको चैत्यहरू मात्र वन्दनीय छन्। आजकाल तिनै चैत्यहरूबाट निकालिएका अस्थिधातु विभिन्न स्थानमा प्रतिस्थित गरेर नयाँ चैत्यहरू निर्माण गरेका छन्। त्यसको सही जानकारी राखेर मात्र वन्दना गर्नुपर्छ।

कुनै पाठ गरी वन्दना गर्दा पाठ सकिएपछि मात्र वन्दना गर्नुपर्छ। जस्तै-**इमाय**

धम्मानुधम्म पटिपत्तिया बुद्धं पूजेमि अर्थात **यस धर्मानुकूल आचरणले बुद्धलाई पुज्दछु** भन्दा **पूजेमि** वा **पूज्दछु** भनिसकेपछि मात्र टाउको झुकाउनु सुरु गर्नुपर्छ, त्यो भन्दा अगाडि होइन । यसो गर्दा आफूले पढेको पाठको सही अर्थ बुझ्दै होश पुऱ्याएर वन्दना गरेको हुन्छ । अन्यथा **बुद्धं पूजेमि** भन्न पाएको छैन टाउको झुकेर भुंई छुन थाल्यो भने भनेको र गरेकोमा तालमेल नमिलेको बेहोशी भएको हुन्छ । किनकि भिक्षुहरूलाई ढोग्दा पनि **भन्ते वन्दना** भनेपछि मात्र ढोगिन्छ, न कि ढोग्दै भुंई छुने बेलामा **भन्ते वन्दना** भनिन्छ ।

सामूहिक जे काम गर्दा पनि एकरूपमा गर्नुपर्छ । यसो गर्दा आफूमा भएको आलश्य र अहंकार हटेर एकता कायम हुन्छ । वन्दना गर्दा पनि एकसाथ वन्दना गर्नुपर्छ । आँखा खुल्ला राखेर दायाँबायाँ राम्ररी हेरेर दायाँबायाँको र अगाडिको धर्ममित्रले कसरी वन्दना गर्दै छ थाहा पाउँदै संगसंगै शरीर झुकाउने र उठाउने गर्नुपर्छ । सजिलो र एकसाथ वन्दना गर्नको लागि सबैले सुन्ने गरी एकस्वरमा १,२, ३, ४, ५, ६, ७, ८, ९, १० गन्ती गर्दै शरीरलाई संगसंगै झुकाउने उठाउने गर्नुपर्छ । याद केमा गर्नुपर्छ भने ५ मा शरीर आधा झुकाउनुपर्छ र १० भन्दा टाउको भुंईमा छुने वा शरीर सीधा भैसक्नुपर्छ । यसरी एकरूपता आउने गरी वन्दना गर्दा देख्दा पनि अनुशासित र मनलाई आनन्दित गर्ने दृश्य हुनेछ ।

दान दिने सभ्यता

कुनैपनि वस्तु कसैलाई पनि दिंदा लिंदा सक्दो बसेर लिनेदिने गर्नुपर्दछ । लिने व्यक्ति उठेको छ भने उठेर दिए पनि हुन्छ । तर बसेको सम्माननीय व्यक्तिलाई दिनु पर्दा घुंडा टेकी दिनुपर्छ । लिने व्यक्ति ठूलो भए दिनेले वन्दना गर्नुपर्छ । यदि लिने व्यक्ति सानो भए लिनेले वन्दना गर्नुपर्छ । लिंदा दिंदा होश पुऱ्याई शान्तपूर्वक दिनुपर्दछ । साथै नमस्ते गरी लिने र दिएपछि नमस्ते गर्नुपर्दछ अर्थात हात खालि हुँदा नमस्कार गर्नुपर्दछ । यदि कुनै वजन भएको वस्तु भए लिनेले राम्ररी नपक्रेसम्म दिनेले तुरुन्त हात छाड्नु हुँदैन, नभए खस्ने सम्भावना रहन्छ । भिक्षुहरूलाई दिंदा वा तातो बस्तु कसैलाई पनि दिंदा कुनै अर्को बस्तु जस्तै- थाल, रिकापी, कापि आदिमा राखेर दिनु उचित हुन्छ ।

प्रत्येक विहारमा विहार उत्थानको लागि दान पात्र राखिएको हुन्छ । व्यत्तिगत दानभन्दा यो दान पात्रमा दिइने सामूहिक दान बढी पुण्य लाभी हुन्छ । दान दिंदा संस्थागत दान वा विहारलाई दान दिनु उत्तम हुन्छ । संस्थागत व्यवस्थापन सुदृढ भएमा विहारको सुरक्षा गर्न सकिने र सुरक्षित विहारमा धेरै भिक्षुहरू राख्न सकिने हुनाले विहारलाई बढी दान दिनु उचित हुन्छ ।

मूर्ति सजावट

मूर्ति पूज्नु आत्मावादी, ईश्वरवादी शिक्षा हो जुन विहारमा गरिनु हुँदैन। **ये धम्मा हेतुप्पभवा** अनुसार हाम्रो स्वभाव उत्पन्न हुनुलाई बाहिरी आलम्बन आवश्यक पर्दछ। त्रिरत्नप्रति श्रद्धा पनि हामीमा छ भने, सो उत्पन्न गर्न बुद्धप्रतिमा, बुद्धवचन, बौद्धग्रन्थ जस्ता हेतु (आलम्बन) आवश्यक भएकाले बुद्धप्रतिमा आवश्यक पर्दछ। तर ती आलम्बनहरू पूज्न योग्य भनिएको होइन। किनकि श्रद्धा ती हेतुबाट आएको होइन। **तेसं हेतु तथागतो आह** भनेअनुसार हेतुको माध्यम (निहुं) बाट भित्री निजी श्रद्धा उत्पन्न भएको मात्र हो। श्रद्धा नहुने व्यक्तिहरूले ती हेतुहरू ग्रहण गरे पनि श्रद्धा उत्पन्न गर्न सक्दैन। यदि बुद्धप्रतिमा ढोग्न योग्य मान्ने हो भने के हामीले बाटोमा फालिएको बुद्धको फोटो, बुद्ध नाम भएको व्यक्ति जतिलाई पूज्दै हिंड्ने ? यसो गर्नु बुद्धिमत्ता नहुन सक्छ। त्यसैले विहार वा घरमा मूर्तिलाई पूज्ने उद्देश्यले नराखी बुद्धको वा त्रिरत्नको गुण वा शिक्षा स्मरणको माध्यम (हेतु) को रूपमा सजाएर राख्नुपर्छ। अथवा प्राण प्रतिष्ठा गरेको साक्षात भगवान् वा जीवित बुद्ध सम्झिनु हुँदैन।

समाधि शिक्षा (कसिण भावना) अनुसार एउटै आलम्बन ग्रहण गर्नाले प्रवल संस्कार बस्दै जान्छ र त्यो संस्कार स्मरण (निमित्त) भई आउँदा समथ समाधि बृद्धि हुन जान्छ। यस शिक्षाअनुसार विहारको मूर्ति सक्दो ठूलो हुनुपर्दछ र त्यहाँ कुनै अनावश्यक सजावट हुनुहुँदैन। अर्थात फूल अक्षता आदि फोहोर ढंगले राखिएको वा त्यस्ता वस्तुहरूले मूर्ति छोपिएको वा छोप्ने गरी राख्नु हुँदैन। अनावश्यक सजावट भएमा मूर्तिको कसिण (आकार) भावना गर्नमा बाधा पुग्न जान्छ। मूर्ति राख्दा कम्तिमा ३ फिट उचाईमा राख्नुपर्दछ र मूर्ति अगाडि धर्मदेशना गर्ने धर्मकथिक भिक्षु वा अनागारिकाको लागि धर्मआशन राख्नुपर्छ । यसरी धर्मश्रवण गरुञ्जेल धर्म कथिकलाई हेर्दा मूर्तिलाई पनि हेरिने हुनाले त्यसको श्रद्धायुक्त संस्कार बस्दै जान्छ। मूर्ति सदा सफा, सुग्घर र चम्किलो पारी राख्नुपर्दछ।

तर प्रायः गरी हाम्रो समाजमा धूपबत्ती बाल्ने संस्कार भएकाहरू धेरै भएकोले धूपबत्ती बाल्न नदिंदा उहाँहरूको अन्धश्रद्धा बिग्रिने हुनाले उहाँहरूको लागि छुट्टै मूर्ति ढोकानगिच राखिदिनुपर्दछ। यसरी नभएमा मूल मूर्तिमा गएर धूपबत्ती बाल्न गएमा मूर्तिको शोभा नाश हुन्छ भने अर्कोतिर कार्यक्रम गर्दा जहिले पनि अशान्ति हुने गर्दछ।

धूपबत्तीलाई नै धर्म सम्झिनेहरूले धूपबत्ती नपाएसम्म वा फलफूल चामल अक्षेता चढाउन नपाएसम्म दान शील भावना वा अन्य पाठलाई धर्म नसम्झेर धर्म नै गर्न नपाएको मिथ्याधारणा बनाउने हुन्छ। त्यस्ताहरू कार्यक्रम शुरु भएपछि आउने अन्धभक्तिहरूले सभाको मानिसहरूलाई पन्छाउँदै, ढकेल्दै, अरुलाई बाधा दिंदै अगाडि आएर धूपबत्ती बाल्ने

वा फलफूल चढाउने गर्दछन् । यसो गरिन्जेलसम्ममा सभा कहिले पनि शान्त वातावरणको बन्न सक्दैन । धार्मिक कार्यक्रम भनेको नै सुख शान्तिको लागि भएकोले धार्मिक कार्यक्रममा होहल्ला वा अशान्त वातावरण हुनुहुँदैन । यसैले अशान्त वातावरण हटाउन अलग्गै धूपबत्ती बाल्ने मूर्ति वा चैत्य बनाइदिएमा त्यहीं धूपबत्ती बाल्छ भने आएर सभामा चुपचाप बस्दछ । यसले मूल मूर्तिको सजावट शोभामा र शान्त धार्मिक वातावरणमा हानि पुऱ्याउन सक्दैन ।

सभामा बस्ने विधि

कुनै सामूहिक धार्मिक कार्यक्रम छ भने जो पहिले आउँछ उसले चकटी आदि आवाज ननिकाली ओछ्याउने गर्नुपर्दछ । बिछ्याइसकेको आसनहरूमा जो पहिले आयो ऊ अगाडि बस्नुपर्दछ । अगाडि बस्नेहरू हल्ला गर्नुहुँदैन । पछि आउने पछि बस्नुपर्दछ । जबसम्म कार्यक्रम समाप्त हुदैन तबसम्म जति सक्दो स्थिर बस्नुपर्दछ । हलन चलन धेरै गर्नु हुँदैन । भरसक बीचमा उठेर जानु हुँदैन । जानुपरेमा अरुलाई बाधा नदिइकन माफि मागेझैं गरी टाउको झुकाएर नमस्कार गरी उठेर जानुपर्दछ । त्यसैले दिसा, पिसाप, पानी पिउने कामहरू पहिले नै सकेर बस्नुपर्दछ । तर स्वयंसेवक तथा अन्य कार्यकर्ताहरूलाई भने यो नियम पूर्ण लागू नभए तापनि उनीहरूले पनि भरसक बढी हिंडडुल नगर्ने बानी बसाउनुपर्दछ ।

उद्घोषक वा कसैले बोल्नका लागि बोलाएमा अनुशासनपूर्वक उठेर कसैलाई धक्का नदिइकन, आसनहरू नकुल्चिकन हिड्ने बाटोबाट हिडेर आएर प्रवचन गर्ने स्थानमा आउर गम्भीरतापूर्वक आफूले भन्नुपर्ने कर्तव्य पूरा गर्नुपर्दछ । मलाई आउँदैन, म आज भन्दिन आदि भनी जिस्कने, लाज मान्ने, मस्किने जस्ता असभ्य बेहोशी काम गर्नुहुँदैन । अनुरोध वा आदेशलाई गर्वसाथ इमान्दारपूर्वक पालन गर्नुपर्दछ ।

भिक्षुहरू हुँदा आशनमा बसाइने भएकोले बोल्ने उपासक उपासिकाहरूले उठेर बोल्नुहुँदैन, बसेर बोल्नुपर्दछ । यदि उठेर बोल्ने आधुनिक पद्दति भएमा उठेर बोल्दा भिक्षु वा पछाडिको मान्यजन वा बुद्धमूर्तितिर चाक फर्काएर उभिनुहुँदैन । फर्किदाखेरी पनि भिक्षुहरू वा मान्यजनहरूलाई चाक फर्किएर जानुहुँदैन । त्यसैले भिक्षुहरू वा मान्यजनहरू बसेको विपरित दायाँ वा बायाँतिर उठेर बोल्ने स्थानको व्यवस्था गर्नुपर्छ ।

सम्यक्शिक्षामा गृहस्थको तुलनामा गृहत्यागीहरू ठूलो मान्ने चलन छ । साथै गृहत्यागीहरूलाई विशिष्ट रूपमा गृहस्थहरूले सम्मान गौरव गर्नुपर्ने हुनाले गृहत्यागी भिक्षु, अनागारिकाहरूलाई आसन ग्रहण गराएको हाराहारीमा गृहस्थहरूलाई आसन ग्रहण गराउनु हुन्न । आजकालको आधुनिक ढंगमा आसन ग्रहन गराउने चलनजस्तै धार्मिक कार्यक्रममा जहाँ भिक्षु अनागारिकाहरूलाई विशेष सम्मान गरिन्छ त्यहाँ भिक्षु अनागारिका

सरह आसन गराउने गरेमा सम्यक्‌शिक्षा वा सम्यक्‌संस्कृतिबारे ज्ञान नभएको अशिक्षित उपासक उपासिका सम्झिनुपर्छ । अझ कुनै गृहस्थद्वारा उपहार पुरस्कार आदि भिक्षु अनागारिकाहरूलाई दिनुपर्दा गृहस्थ आफै आएर घुँडा टेकेर वा अलि झुकेर बसिरहेको भिक्षु अनागारिकालाई प्रदान गर्नुपर्छ । भिक्षु अनागारिकालाई नै बोलाएर गृहस्थसंग लिन लगाउनु पनि सम्यक्‌संस्कृति नजानेको अशिष्टता ठहर्छ । त्यसैगरी गृहस्थ आसनमा बसेर भिक्षु अनागारिकालाई आफूकहाँ बोलाएर परित्राणसूत्र बाँध्न लगाउनु वा कुनै वस्तु आफूलाई दिन लगाउनु पनि अहंकारी, अशिष्टव्यक्ति ठहर्छ । यो भिक्षु अनागारिकाप्रति गरेको एक शिष्टाचार दोष ठहर्छ । विशेषगरी भोजन वा कुनै पनि कार्यक्रममा भिक्षु अनागारिकाभन्दा गृहस्थहरू माथि बस्नु हुँदैन वा सानो ठान्ने व्यवहार गर्नुहुँदैन ।

सभा विसर्जन हुँदा पनि विदा माग्नुपर्नेसंग विदा मागी, वन्दना गरी शान्तपूर्वक उठेर, हतार नगरी सबैलाई सम्मान गरी बाहिर जानुपर्दछ ।

कुराकानी गर्ने सभ्यता

कुराकानी गर्दा पनि होशपूर्वक गम्भीर भएर गर्नु राम्रो हुनेछ । मस्किने, ख्याल ठट्टा गर्ने, हाँस्ने आदि गर्नु हुँदैन । विशेषगरी ठूला व्यक्ति बसिरहेको छ भने कुनै पनि हालतमा उठी उठी कुरा गर्नुहुँदैन । त्यसो गर्नु ठूलाको अपमान गर्नु र आफ्नो बेहोशी, असभ्यता दर्शाउनु हो ।

दुई व्यक्तिले कुराकानी गर्दा तेश्रो व्यक्तिले बीचबाट हिंड्नु हुँदैन । केही गरी हिंड्नुपरे बाधा दिएकोमा माफि मागेझैं हात विन्ती गर्दै टाउको निहुराउँदै हिंड्नुपर्छ । त्यसैले कुरा गर्नेहरूले पनि नगिच आएर कुरा गर्नुपर्छ, टाढाबाट नै ठूलो स्वर गरी कुरा गर्नुहुँदैन । कुराकानी गर्दा अरुलाई बाधा हुने गरी, *म जान्दछु* भन्ने देखाउन अहंकारले अरुलाई सुनाउने धारणाले कुरा गर्नुहुँदैन । यो विशेषलाई विशेषगरी बाटोमा हिड्दा पालन गर्नुपर्दछ ।

कुराकानी, छलफल, आलोचना, समालोचना तर्क वितर्क गर्दा अरुले बोल्दा बोल्दै आफूले बोल्नु हुँदैन । एक वक्ताको बोल्नेक्रम सकेपछि मात्र अर्कोले बोल्नुपर्छ । विशेषगरी अति पूजनीय व्यक्तिसंग कुरा गर्दा दुबै हात शान्त राख्नुपर्छ ।

प्रत्येक व्यक्तिमा अहंपन हुने र यस अहंपनमा ठेस पुगेमा क्रोध गर्ने र बदलासमेत लिने पशुवृत्ति मानिसमा विद्यमान भएकोले कुराकानी गर्दा विशेषगरी अरुको आलोचना गर्नु पर्दा *सांप पनि मरोस् लट्ठी पनि नभाँचोस्* भनेझै घुमाएर कुटनीतिज्ञचालले आफ्नो भाव व्यक्ति गर्नु राम्रो हुनेछ । आफूले माफि मागेझैं दुःख मनाउ गरेझै नम्र भएर कुराकानी वा आलोचना गर्नुपर्दछ ।

बसेर खाने हो भने एक लाइन बसेर खाना खानुपर्दछ। खाँदा दश दिसातिर हेर्ने वा अरुले के खायो ? कसरी खायो ? भनी खिसी गर्ने उद्देश्यले चारैतिर हेर्नु हुँदैन।

चम्चाको प्रयोग गर्दा ट्वाङट्वाङ आवाज निकाल्नु हुँदैन। विस्तारैआवाज नआउने गरी चलाउनुपर्दछ। खाँदा पिउंदा पनि सुपसुप, च्वाप च्वाप आवाज निकाल्नु हुँदैन। तातो भएमा फूफू गरी फुग्दै पिउनु हुँदैन। नसेलाएसम्म पर्खिनुपर्दछ।

सुंगुरले खाँदा बडो हतारिएर खानेझै एक गाँस मुखमा राखेर चपाएर ननिल्दैमा अर्को गाँस मुखमा राख्ने गर्नुहुँदैन। राम्ररी शान्तपूर्वक चपाई निलेपछि मात्र अर्को गाँस मुखमा राख्नुपर्दछ। कुकुरले हड्डी चपाउँदा सारा दाँतहरू देखाउँदै मुख बिगार्दै खाएझैं खानु हुँदैन। गाँस बनाएर मुखमा राखिसकेपछि मुख बन्द गरी चपाउनुपर्दछ। बाँदरले खाँदा गाला पोकापोका बनाएझै गाला पोको पार्नु हुँदैन। गाँस सानो ठीकको हुनुपर्दछ। गिद्धले लाश लुछेझैं मुखमा राखेको खानालाई दाँतले लुछ्ने र हातले तान्ने गर्नुहुँदैन। गाँस ठीकको बनाइ मुखमा राखिसकेपछि आधा भाग बाहिर निकाल्नु नपर्ने हुनुपर्दछ। यसको लागि यदि सम्भव छ भने गाँसलाई पहिले नै टुक्रा पार्नुपर्दछ। यदि सम्भव नभएमा मात्र दाँतले टोकेर बाँकी भाग हातमा राख्न सकिन्छ। तर यस बेला टोक्दा पनि ठूलो आवाज आउने गरी टुक्रा पार्नु हुँदैन। शान्तपूर्वक दाँतले टुक्रा पार्नुपर्दछ। कुखुराले खाँदा खोस्रेर खाने र भुंईभरि छरेर फोहोर गर्ने गरेझै खाना मुछ्दा थालभरि फोहर देखिने गरी र औंलाहरूको दोश्रो जोर्नीभन्दा माथि लाग्ने वा देख्ने गरी मुछ्नु हुँदैन। मुछ्दा सबै खाना अरुले देख्दा अरुले पनि खान योग्य हुनुपर्दछ। थालभरि छरेको वा मुछेको हुनु हुँदैन।

गोरुले खाँदा मात्र चपाउने तर स्वाद थाहा नपाउनेझै कल्पना गर्दै खानु हुँदैन। खानाको कस्तो स्वाद छ मीठो नमीठो सबै थाहा पाउनुपर्दछ। मुसाले खाँदा दुबै हातले पक्रेर मुखमा जोडेर खाएझैं खानुहुँदैन। टुक्राउनुपर्ने फोड्नुपर्ने छोडाउनुपर्ने पहिले नै गर्नुपर्दछ। माछाले खाँदा ठूलो मुख बनाउनेझै खाँदा हात टाढा हुदैमा मुख बनाउनु हुँदैन। मुखअगाडि हात ल्याएरमात्र मुख बनाउनुपर्छ। गाँस पनि ठीकको बनाउनुपर्छ, ठूलो बनाउनु हुँदैन।

खाना खाँदा खान अयोग्य वस्तुहरू जस्तै ढुंगा, धान, हड्डी आदि आएमा मुखबाट निकालेर जहाँ पायो त्यहाँ राख्नुहुँदैन। सबभन्दा राम्रो खाली भाँडो मागेर त्यसमा राख्नुपर्दछ। सम्भव नभएमा भुईमा एक छेउ नछरीकन राख्नुपर्दछ।

खाना थप्न आउँदा मन नपर्ने भएमा हातले छेक्नुपर्दछ। कति नै खान्छुझैं गरेर लोभले लिएर पछि फ्याक्नु हुँदैन। भरसक खाइसक्दा थालमा खान योग्य केही पनि बाँकी रहनु हुँदैन। खानअगाडि नै मन नपर्ने भएमा पहिले नै खाना बाहिर निकाल्नुपर्दछ।

बाँड्नेहरूले पनि माथि उल्लेखित खाने तरिकालाई ध्यानमा राखेर बाँड्नु पर्दछ।

भुंईमा बसिरहेकोलाई बाँड्दा घुँडा टेकी विस्तार थप्नुपर्दछ। हातले छेकेमा थप्नुहुँदैन। जुन खाना देखिन्छ त्यो भरसक नथपे हुन्छ। थप्नु पर्दा भाडामा विस्तार राख्नुपर्दछ। राख्दा आवाज आउने, छचल्किने, छर्ने आदि हुनुहुँदैन। थप्दा खानेलाई देखाएर मात्र थप्नुपर्दछ। अचानक झ्वाट्ट राखी वा तर्सिने गरी वा जबरजस्ती थप्नुहुँदैन।

खाना खान अयोग्यवस्तु बाहिर राख्नुपर्ने हुनाले खाली भाँडाहरू ठाउँठाउँमा राखिदिनुपर्छ। खाने टुक्राहरू ठूलो भएमा बाँदरको खुवाई हुने, नभएमा दाँतले टोक्दा गिद्धको खुवाई हुने हुनाले खानालाई सानो टुक्रा गरी पकाउने वा पारिदिने, होइन भने चक्कु, छुरीहरू खाने ठाउँमा राखिदिनुपर्दछ। बाँड्दा होहल्ला नगरी आ-आफ्नो जिम्मेवारी अनुसार बाँड्नु पर्दछ र खानेहरूलाई थालमा हेरेर शान्तपूर्वक थप्नुपर्दछ। थप्दा सुरुदेखि क्रमैसित देखाउंदै आउनुपर्छ। लिनेले लिन्छ नलिनेले लिदैन। बसेको मानिसलाई उठीउठी थप्नु असभ्यता हो। यसमा विशेष होश राख्नुपर्दछ। किनकि खाना खुवाउनेहरूमा महिलाहरू धेरै हुन्छन्। महिलाहरूमा पनि चोलीजस्तो आधा छाती खुल्ला भएको लुगा लगाउनेहरू भएमा उठीउठी जीउ निहुरिएर थप्नुपर्दा बसेर खाने व्यक्तिले माथि हेर्दा खुल्ला छातीको अंग दर्शन गर्न पुग्छ, जसले कसैमा गलत प्रभाव पर्न सक्छ। त्यसैले विहारमा आउनेहरूले विशेषगरी त्यस्ता स्वंयसेवा गर्नेहरूले शरीर ढाक्ने लुगा लगाउनु उचित हुनेछ। थप्नेहरूले पनि ठेलमठेल गर्नुहुँदैन, पालै पालो थप्दै जानुपर्दछ।

सामानहरू ओसार पसार गर्ने सभ्यता

वडार कुडार, भाँडाहरू माझ्दा वा कुनै सामान ओसार पसार गर्दा, चकटी राख्दा सामानहरूको सक्दो आवाज निकाल्नु हुँदैन। सामान राख्दा राख्दैछु भनी थाहा पाएर जबसम्म सामानले राम्ररी भुंईको आधार लिंदैन तबसम्म हातले छोड्नु हुँदैन। घिसार्ने, थेचार्ने गर्नुहुंदैन। एक्लै सक्दैन भने साथी खोज्ने गर्नुपर्छ।

विहारमा दिसा पिसाप आदि गर्नुपरेमा गरिसके पछि चर्पि पानीले वा ट्वालेट ब्रसले राम्ररी सफा गरिदिनुपर्छ। कुनै दुर्गन्ध आदि हुनुहुँदैन। खाने पिउने भाडाहरू प्रयोग गरेमा प्रयोग गरिसकेपछि सफा गरी सम्बन्धित स्थानमा राखिदिनुपर्छ।

वास्तवमा विहारमा जाँदा विहारप्रति आफ्नो के जिम्मावारी छ कि ? भनी च्युता लिएर जानुपर्दछ। प्रवेश गरिसके पछि कुनै काम भए गरिदिनुपर्छ। वा सम्बन्धितसंग केही सेवा गरिदिनुपर्छ कि ? भनी इच्छा व्यक्त गर्नुपर्दछ। व्यवस्थापकहरूले पनि सम्बन्धित स्थानमा सम्बन्धित वस्तुहरू राखिदिनुपर्छ।

लोभ आए पछि आफू मात्र खाउँ जानुँ भन्ने भाव आउँछ। यसलाई जित्न अरुले पनि खावस् सिकोस् भनी अलोभ् त्याग दान भावना बढाउनुपर्छ। क्रोध आए भने स्वर ठूलो हुने रिस उठ्ने, अरुको आलोचना गर्ने, होच्याउने हुनाले क्रोध हटाउन अरूप्रति दया, अरुलाई प्रगति गर्ने मौका दिनुपर्छ। नम्र हुनुपर्दछ। मैत्री भावना गर्ने, माफी माग्ने, गल्ती महशुस गर्ने बानी बसाउनुपर्छ। इर्ष्या भएमा अरुको प्रगति हेर्न नसक्ने हुनाले इर्ष्या हटाउन अरुलाई बधाई, साधुवाद दिनुपर्छ। कन्जूसी आएमा अरुले प्रगति गर्ला भन्ने डर रहन्छ। कन्जूसी हटाउन आफूले जानेको अरुलाई पनि सिकाइदिनुपर्छ। अरुको मंगलकामना गर्नुपर्छ। अहंकार आएमा आफ्नो मात्र गुणगान गर्ने हुनाले अहंकार हटाउन अरुको गुण देख्ने, अरुलाई सम्मान गर्ने गर्नुपर्दछ। मिथ्याधारणा भएमा मेरो जाति राम्रो, हामी बौद्ध, त्यो हिन्दू, म स्त्री, त्यो पुरुष भन्ने भावनाले ग्रस्त हुन्छ। यो हटाउन कर्म, चित्तको स्वभाव र आचरणलाई मात्र ध्यान दिनुपर्छ। अल्छी आएमा एउटा न एउटा निहुं बनाइ काम नगर्ने हुन्छ। यसलाई हटाउन तुरुन्त काम गर्ने, ठूल
ाले भनेको मान्ने, समूहको निर्णय सुन्ने र आफ्नो जिम्मेवारी पूरा गर्ने, समयमा काम गर्न सक्नुपर्दछ।

अहिरीक अनोतप्प आए भने आफ्नो कमजोरीको बहाना बनाउने वा अरुको गल्तीलाई आधार गरी खराब काम गर्न लाज नमान्ने, डर नमान्ने हुन्छ। यो हटाउन अरुको गुण, असल आचरण हेर्ने र आफू निराश हुने छाड्नुपर्छ। खराब काम वास्तवमा खराब नै हो, यस्ले दुःखदायी फल भोग्न लगाउँछ भनी कर्मफल सम्झिनुपर्दछ। उद्दच्च आएमा चञ्चल, उताउला, ज्यादा ख्याल ठट्टा गर्ने, हाँस्ने, मस्किने, स्वाँग गर्ने, एक्लै काम गरी देखावटी स्वभाव बनाउँछ। यो हटाउन अरुको सम्मान गर्ने, समान व्यवहार गर्ने अरुले भनेको मान्ने मिलेर काम गर्ने, ठूलाप्रति शील, नियमप्रति गर्व राख्ने गर्नुपर्दछ।

छोटकरीमा हामीमा जेजस्ता खराव स्वभाव भए तापनि उत्साहित लगनशील, लक्ष्य प्राप्त नभएसम्म बारबार गर्ने, नर्झकने, अरुको सम्मान गर्ने, मिलेर बस्ने, जिज्ञासु हुने, सम्यक्‌ पावन्द हुने, अरूप्रति मैत्री, दया राख्ने गरेमा अकुशल स्वभावहरू नष्ट हुँदै जाने छ र कुशल स्वभावहरू बृद्धि भई एक योग्य नागरिक वा सामाजिक प्राणी हुन सकिन्छ। यस्तो प्राणी वा नागरिकले मात्र दान शील भावनालाई व्यवहारिक बनाउन सक्दछ र ऊ नै अष्टाङ्गिक मार्गमा सहजै हिंड्न सक्दछ।

जीवनरहस्य
(विपस्सना ज्ञान)

(यस लेखको विस्तृत सम्यक् शिक्षामा हेर्नुहोला ।)

शरीरबाट हुने कर्महरूलाई निम्नअनुसार विभाजन गर्न सकिन्छ । जस्तै-

इन्द्रिय विषय	इन्द्रिय द्वार	ग्रहण गर्ने चित्त
दृश्य (रूपलाम्बन)	आँखा (चक्खुपसाद)	देख्ने चित्त (चक्खुविञ्ञाण)
शब्द (शब्दालम्बन)	कान (सोतपसाद)	सुन्ने चित्त (सोतविञ्ञाण)
गन्ध (गन्धालम्बन)	नाक (घाणपसाद)	सुँघ्ने चित्त (घाणविञ्ञाण)
रस (रसालम्बन)	जिब्रो (जिह्वापसाद)	स्वाद लिने चित्त (जिह्वाविञ्ञाण)
स्पर्श (फोट्ठब्बालम्बन)	काय (कायपसाद)	छुने चित्त (कायविञ्ञाण)
विचार (धम्मालम्बन)	मन (हदयवत्थु)	विचार गर्ने चित्त (मनोविञ्ञाण)

हिन्दूशिक्षामा आँखा, कान, नाक, जिब्रो र छालालाई ज्ञानेन्द्रिय र अन्यलाई कर्मेन्द्रिय भनिएको छ । तर बुद्धशिक्षामा सबैलाई इन्द्रिय मात्र भनिन्छ । आँखाले देख्दैमा ज्ञान बढ्ने होइन त्यसैले ज्ञानेन्द्रिय होइन र देख्नु पनि एउटा कर्म हो त्यसैले कर्मेन्द्रिय पनि हो । हिन्दूशिक्षामा छालालाई मात्र इन्द्रिय मानिएको छ तर बुद्धशिक्षामा छाला, रगत, मासु, हड्डी, नसा सबैमा स्पर्श गर्ने क्षमता रहेकोले यी सबैलाई काय भनिन्छ ।

दृश्य, शब्द, गन्ध, रस, स्पर्श इन्द्रिय विषयहरू र आँखा, कान, नाक, जिब्रो, काय इन्द्रिय द्वारहरू भौतिक तत्व (रूप) हुन् । ग्रहण गर्ने चित्तहरू, विचार भने चित्त (नाम) हुन् । यी इन्द्रिय विषय, इन्द्रियद्वारहरू ब्रह्म र ईश्वर होइनन् । जस्तै - मूर्ति, फोटो, ओम् आदि आकार (दृश्य) र रंग मात्र हो । ईश्वर शब्द अ आ इ ई आदि आवाज (शब्द) मात्र हो । इन्द्रिय विषयले इन्द्रिय द्वारमा ठक्कर खाएपछि मात्र देख्ने आदि विञ्ञाण चित्त उत्पन्न हुन्छ । आँखा देख्ने माध्यम भएकोले द्वार भनिएको हो । त्यसरी नै अन्य द्वार र बिषयहरू बारे सम्झनुपर्दछ । विञ्ञाण चित्तहरू पनि इन्द्रियातीत ब्रह्म वा परमात्माको अंश, आत्मा, जीब पुद्गल प्राणी होईनन् । किनकि विञ्ञाण चित्त अनित्य हुन्छ । जस्तै बुद्ध शब्द नआउँदा बुद्ध

शब्द सुनिंदैन, पहिले सुनिएको हराएर जान्छ ।

विञ्ञाण चित्त उत्पन्न भएको क्षणमा पूर्ण होश नआएमा सम्बन्धित पूर्वसंस्कार (अनुभव, आदत, बानी, प्रारब्ध) हरू प्रकट भएर आउँछन् । हामीले जति पनि कार्य गर्छौं प्रत्येकमा भौतिक तत्व (रूप) संग मानसिक भाव (नाम) पनि मिश्रित हुन्छ। जुन मानसिक भाव (नाम) ले ग्रहण गरिन्छ त्यसैको संस्कार बन्दछ । र पूर्वसंस्कार उत्पन्न हुदाँ त्यहीं मानसिक भाव (नाम) र आकार र आदि विषय प्रकट भएर आउँछ। जस्तै- बुद्धको फोटो देख्दा आकार र रंगसंग श्रद्धा राख्दा श्रद्धाको र क्रोधको संस्कार बन्दछ। पूर्वसंस्कार प्रकट हुदाँ त्यहीं आकार र रंग संग श्रद्धा वा क्रोध उत्पन्न हुन्छ। यही उत्पन्न पूर्वसस्कारको विषय र मनोभावको आधारमा वर्तमान देखिएको आदि विषयलाई रातो, निलो, लाम्चो, गोलो, पशु, मानिस, तेरो, मेरो, राम्रो, नराम्रो आदि ढंगले संज्ञा चित्तले चिन्दछ। यो चिन्ने काम आत्मा वा व्यक्ति वा बाह्य ईश्वरबाट भएको होइन। जस्तै- साँप कुल्चिएर डराएको व्यक्तिले राति डोरी कुल्चिना साथ साँपको पूर्वसंस्कार प्रकट भएर साँप भनी ठान्दछ। तर साँप नकुल्चिने व्यक्तिले साँच्चै कै साँप कुल्चिए तपनि डोरी भनी सम्झिन्छ । यसरी उत्पन्न पूर्वसंस्कारका आधारमा मात्र संज्ञाले चिन्न सक्ने हुदाँ विषय ग्रहण गर्दा पूर्ण होस् नभएमा अविद्यावश मिथ्याधारणा उत्पन्न भई मिथ्या विचार, वचन र कायिक कर्महरू गर्न पुगिन्छ। जस्तै- राजकुमारीले ईश्वर (सत्य) एउटै छ भन्ने अर्थमा एउटा औला ठ्याएर देखाउँदा कालीदास (संस्कृत कवि) ले एउटा आँखा फोडिदिन्छु' भन्ने अर्थ लगायो र त्यसो भए म तिम्रो दुईटा आँखा फोडिदिन्छु' भनी दुईवटा औंला ठड्यायो ।

अर्को उदाहरण- न्याउरीको मुखमा रगत देख्दा मालिकाले न्याउरीले मेरो बच्चा मारेछ भन्ने मिथ्याधारणा बनायो र क्रोधले न्याउरी मारिदियो । त्यसैले यस क्षणमा होस् ल्याउनु नै सतिपट्ठान विपस्सनाको मुख्य विशेषता हो ।

जबसम्म पूर्वसंस्कारहरू प्रकट भइआउँदैन तबसम्म केहीपनि थाहा नहुने निराकार अवस्थामा रहिरहन्छ, यसलाई कर्मको सुतेको अवस्था वा अनुसयभूमि भनिन्छ। तर यो निराकार ब्रह्म, ईश्वर वा आत्मा होइन । वर्तमानमा ग्रहण गरेको विषयलाई आधार गरी तत्सम्बन्धित संस्कारहरू, ठीक होस् वा बेठीक, सम्झनाको रूपमा साकार भई प्रकट हुन्छन्। यो साकार सम्झना पनि ब्रह्म वा ईश्वरको साक्षात्कार होइन, पूर्वकर्महरूको संस्कारित निमित्त मात्र हो । जप, किर्तन, भजन आराधना, मूर्ति पूजा, ईश्वर चिन्तन, गीत, कविता, पाठ आदि कुनै पनि कर्महरूको लगातार अभ्यासले जुन संस्कार बस्छ त्यहीं मात्र सम्झनाको रूपमा प्रकट हुन्छ। त्यसैले यी पूर्व कर्महरूका निमित्तलाई ईश्वर, आमाबाबा, भूतप्रेत, गीत, पाठ ज्योतिर्लिङ्ग वा आत्मा आदिले दर्शन दियो भन्नु अज्ञानता मात्र हो ।

यदि सम्भना स्पष्ट भएमा उज्यालो भइआउनेछ । किनकि त्यस क्षण मानसिक विकार (पञ्चनीवरण) नहुनाले मन एकाग्र (समाधि) भएको हुन्छ । जुनसुकै विषयको पनि त्यसरी स्पष्ट सम्भना आई समाधि भएमा शान्त सुखदायी अवस्था रहन्छ । यो समाधि सुख वा शान्तिलाई पनि ईश्वरको साक्षात्कार वा बोली सम्भिनु अज्ञानता हो ।

संज्ञाले सकारात्मक ढंगले चिनेमा सुखदायी अनुभूति, नकरात्मक ढंगले चिनेमा दुःखदायी अनुभूति हुन्छ । सुख, शान्ति वा दुःख पीडा अनुभूति गर्ने वेदना (अनुभूति) चित्त मात्र हो कुनै व्यक्ति विशेष वा आत्मा होइन । जस्तै- बुद्धप्रति श्रद्धा गर्नेले बुद्धको फोटो देख्दा सकारात्मक ढंगले श्रद्धाले चिन्दछ र मनमा सुखदायी आनन्द अनुभव गर्दछ । तर क्रोध गर्नेले नकारात्मक ढंग क्रोधले चिनेर दुःख, छटपटी, पीडा अनुभव गर्छन् । पूर्वसंस्कार उत्पन्न हुँदा मनको स्थान मुटु (हृदयवस्तु) बाट शुरु भएर जतिजति संस्कार उत्पन्न हुन्छन् त्यतित्यति बढ्दै शरीरभरि नै फैलिन्छन् । सुखदायी वा दुःखदायी अनुभूतिहरू सबै पूर्वकर्मको फल (मनोमयी) हुन् । जस्तै पुण्य गर्नेले पुण्यको सम्भना गर्दा आनन्द, प्रीति अनुभूति गर्छ भने हिंसादि पाप गर्नेले हिंसादि सम्भना ल्याउँदा दुःख पीडा अनुभूति गर्छ ।

यसरी सुख वा दुःख वा सुख पनि नभएको दुःख पनि नभएको उपेक्षा वेदनाकै आधारमा नयाँ कर्म बन्ने विभिन्न चित्तहरू उत्पन्न हुन्छन् । जीवन प्रवाहलाई फैलाउने वा बढाउने हुनाले यसलाई संस्कार भनिन्छ । सुख वेदना भएमा लोभादि इच्छा हुन्छन् भने दुःख वेदना हुँदा हटाउने क्रोधादि ईच्छा उत्पन्न हुन्छन् ।

यिनै इच्छाहरूले विषयसंग टाँसिने, आहा राम्रो भनी सुन्दरता देख्ने राग (लोभ, आशक्ति, तृष्णा, वासना, रति, प्रेम) चित्त, नराम्रो भनी अवगुण देख्ने, दोष खोज्ने, होच्याउने, व्यंग गर्ने, नाश गर्ने, हटाउने क्रोध (द्वेष, हिंसा, प्रतिघात) चित्त, अरुको प्रगति हेर्न नसकि डाह हुने ईर्ष्या चित्त, आफूसमान अरु नहोस् भनी आफूद्वारा अरुको भलाई गर्न नचाहने कन्जुसी (कृपणता, मात्सर्य) चित्त, मेहनत गर्न मन नपर्ने, तन्द्रा, निद्रा लाग्ने आलश्य चित्त, लक्ष्यमा मन स्थिर नभई के गरुँ के गरुँ हुने चञ्चल चित्त, भएपनि नभएपनि कुनै गुण देख्दै म मेरो भनी फूर्ति लाउने अहंकार चित्त, यथार्थ नजानी दोधारमा पर्ने शंका चित्त, वास्तविकता थाहा पाउन नसक्ने अज्ञानता (मोह) चित्त, अकुशल कर्म गर्न लाज नहुने निर्लज्जता (अहिरीक) चित्त, अकुशल कर्म गर्न डर नलाग्ने निडरता (अनोतप्प) चित्त, आदि अकुशल चित्तहरू । सत्कर्मप्रति विश्वास र प्रसन्नता हुने श्रद्धा चित्त, अकुशल कर्म गर्न लाज (हिरी) चित्त, अकुशल कर्म गर्न डर (ओतप्प) चित्त, दुःखीप्रति दया गर्ने करुणा चित्त, सबैलाई आफूसमान देख्ने मैत्री चित्त, प्रत्येक कर्ममा होस राख्ने स्मृति चित्त, यथार्थ

विश्लेषणात्मक ज्ञान हुने प्रज्ञा चित्त, खराव कामबाट अलग्याउने विरति चित्त, प्रतिक्रिया नगरी मध्यस्थ हुने तत्रमज्भतत्ता चित्त, शरीर मन हलुका बनाउने लहुता चित्त, आदि कुशल चित्तहरू । कुशल चित्तसंग मिले कुशल हुने, अकुशल चित्तसंग मिले अकुशल हुने वीर्य (प्रयत्न), समाधि (लगनशीलता एकाग्रता), चेतना (प्रेरणा दिने), छन्द (इच्छा), अधिष्ठान, वितर्क (लक्ष्य बनाउने), विचार (लक्ष्यमा राख्ने), प्रीति (रोमाञ्च) आदि प्रकिर्णक चित्तहरू उत्पन्न गरी विभिन्न तर्कना, योजना, कल्पना बन्दछन् ।

सम्भना आउँदा देखि कल्पना योजना बन्ने सम्पूर्ण नयाँ संस्कारहरू मानसिक हुन् । यसलाई कर्मको ब्युँझेको अवस्था वा परयुट्ठानभूमि भन्दछ ।

सुखदुःख अनुभूति गरिलिने वा हटाउने तृष्णा, योजना प्रबल भएमा जुन अंगबाट कर्म गरिनुपर्ने हो त्यसै अंगमा भौतिक तत्व (रूप) उत्पन्न भएर त्यस अंगमा हलनचलन हुन्छ । जस्तै- हेर्ने इच्छा भएमा हात अगाडि सार्ने, हिंड्ने इच्छा भएमा खुट्टा सार्ने, सुत्ने इच्छा भएमा पल्टिने आदि हुन्छन् । यी सबै वाचिक, कायिक कर्महरू गर्न भारी, हल्का (पृथ्वी): तातो चिसो (अग्नि): बहने, ढिको पर्ने, टाँसिने (जल): हल्लिने, कस्सिने, दरो हुने, चल्ने (वायु) महाभूतहरू र देख्ने सुन्नेमा पसादधातुहरू पूर्वसंस्कारअनुरूप उत्पन्न हुन्छन् । शरीरमा पाइने २८ प्रकारका भौतिक तत्व (रूप) हरूमध्ये चार महाभूत मात्र सजिलै थाहा पाउन सकिन्छ। श्वास प्रश्वास वायु महाभूत मात्र हो, कुनै प्राण आदि होइन । यी वाचिक, कायिक कर्महरूलाई कर्मको पार तरेको अवस्था वा वितिक्कमभूमि भनिन्छ ।

तर सुखदुःख अनुभव हुँदा नै पूर्ण होश राखी इच्छा वृद्धि नगरेमा नयाँ चिन्तन, वचन वा कायिक कर्महरू गर्नुपर्ने छैन । त्यसैले जीवन प्रवाह लम्ब्याउन नचाहनेले तृष्णा वृद्धि गर्न हुँदैन । जबसम्म तृष्णा उत्पन्न हुन्छ तबसम्म नयाँ जीवन सुखदुःख अनुभव गरी जुन अन्तिम चित्त स्वभाव हुन्छ त्यसै चित्तस्वरूप नयाँ जन्मगति निर्धारण भई जन्म हुन्छ। मृत्यु अवस्थामा गरिने कर्म, पहिले गरिएको कर्मको उत्पन्न संस्कार कर्मनिमित्त र नयाँ जन्म हुनसक्ने गति बारे संकेत गतिनिमित्तअनुसार अन्तिम चित्त अवस्था बन्दछ । यदि कुशल भएमा सुगति (मानिस, देवता ब्रह्मा) गति र यदि अकुशल भएमा दुर्गति (पशुपंक्षी, असुर, प्रेत, नरक) गति प्राप्त हुन्छ । मानिसको हकमा वीर्य र रज संयोग परेको क्षणमा तृष्णाले उत्पन्न नयाँ जन्म गराउने विञ्ञाण चित्त प्रवेश गर्दछ, जसलाई गर्भधारण वा भव भनिन्छ । यो विञ्ञाण चित्त नित्य आत्मा होइन । तृष्णाको कारण (कार्य कारण) ले उत्पन्न पूर्वसंस्कारमा आधारित चित्त मात्र हो । जसरी रोपिएको वीजले मलजल आदि प्राप्त गरी नयाँ बोट बन्दछ र पुरानो वीज नष्ट हुन्छ त्यसै गरी गर्भधारण भएदेखि पूर्वसंस्कारलाई ग्रहण गर्दै नयाँनयाँ विञ्ञाण चित्त बन्दै परिवर्तन हुदै जान्छ । जीवन प्रवाह हुने सुगति दुर्गति वा मोक्ष

सबै आफ्नै होश बेहोश, ज्ञान अज्ञान चित्तकै विषय भएकोले जन्ममरणको चक्र चलाउने वा मोक्ष गरिदिने ईश्वर वा बाह्य शक्ति होइन त्यसैले आफ्नो बारेमा उत्पन्न हुने सम्पूर्ण स्वभाव वा जीवन रहस्यको जिम्मेवारी आफैमा हुन्छ अन्य कसैलाई दोषारोपण गर्ने वा आधार मान्ने अवसर छैन। किनकि जीवनको गाडी (कर्म) चलिरहेछ तर चालक (कर्ता) छैन्।

यसरी कुनै पनि कर्म गर्न त्यसबारे पूर्वसंस्कार हुनुपरेकाले कहिले पनि नदेखेको, नसुनेको, नसुघेको, स्वाद नलिएको, नछुएको, विचार नगरेको विषयमा कल्पनासम्म पनि गर्न सकिदैन। गरिएको कर्म पनि बराबर अभ्यास गर्नाले कर्म संस्कार-कर्म चक्र प्रबल बनाई इच्छानुसार भौतिक तत्व (रूप) हरू उत्पन्न भएर मात्र इच्छा प्रदर्शन गर्न सकिन्छ।

आफ्नै कर्म-संस्कार-कर्म चक्रको कारणले लम्बिने जीवन प्रवाह दुखदायी हो जुन तृष्णाद्वारा बन्दछ। अविरल र द्रुतगतिले विनाश हुने नामरूपको स्वभावहरू अनित्य, क्षणिक, परिवर्तनशील छन् ती सब दुखदायी छन्। जुन दुःखदायी छन् ती हाम्रो अधिनमा छैनन् त्यसैले अनात्म छन्। आहा राम्रो भनी प्रशंसायोग्य नभएको अशुभ छन् भनी यथार्थ ज्ञान जगाई देख्ने आदि क्षणमानै पूर्वसंस्कार उत्पन्न नहुने गरी पूर्ण होस् राखी देखेको आदि मात्र गरी म, मेरो, जीव, आत्मा, स्त्री, पुरुष हिन्दू, बौद्ध, काँग्रेस, कम्युनिष्ट नै हुँ भन्ने आत्मभाव (आत्मावादी, साम्प्रदायिक, दलगत भावना) लाई त्यागी शरीरप्रति अनाशक्त भई तृष्णाहरूलाई अशेषरूपमा त्यागनसके निवार्ण प्राप्त हुन्छ। यही निवार्ण प्राप्ति र यथार्थ सम्यक् जीवन यापनको लागि अष्टांगिक मार्ग अपनाउनु एक मात्र उपाय हो। जस्तै- वितिक्कमभूमिलाई सुधार गर्न सम्यक् वचन, सम्यक् कर्मान्त र सम्यक् आजीविका, परयुट्ठानभूमिलाई सुधार गर्न सम्यक् व्यायाम (वीर्यचित्त) सम्यक् स्मृति, सम्यक् समाधि र अनुसयभूमिलाई सुधार्न सम्यक् दृष्टि (प्रज्ञा चित्त) सम्यक् संकल्प (वितर्क चित्त) मार्गहरू अपनाउनुपर्दछ।

कर्म-संस्कार-कर्म चक्रले नै सुखदुःख ल्याउने भएकोले अकुशल कर्म छोडी (सब्ब पापस्स अकरणं) वारित्र शिक्षापद पालन गर्नु, कुशल सञ्चय गर्ने (कुसलस्स उपसम्पदा) चारित्र शिक्षापद पालन गर्नु र सतिपट्ठान अभ्यास गरी विपस्सना ज्ञान जगाई आफ्नो मनोवृत्तिहरूलाई चिनी शनै, शनै सुधार गरिलग्नु (सचित्त परियोदपनं) नै यथार्थवादी वुद्धिजीवीहरूको सही शिक्षा (एत्त बुद्धानंसासनं) हो। मानवता विकासको लागि आवश्यक कुशल कर्महरू चारित्र शिक्षापद समावेश भइसकेको र आवश्यक भएमा अरु पनि समावेश गर्न सकिने भएकोले चारित्र शिक्षापद पालन गर्न छोडी परम्परागत पर्व, कर्मकाण्ड संस्कृति संस्कारहरू मानी साम्प्रदायिक बन्नु उचित हुँदैन। जे गर्दा पनि स्वतन्त्र चिन्तनको प्रयोग गर्न सकिने, आफ्नो क्षमताअनुसार गर्न सकिने, अनुसन्धान गरी कार्य कारण बुझ्न

सकिने प्रचलन नै यथार्थवादीहरूको संस्कृति परम्परा हुनुपर्दछ । विरालो बाँध्ने संस्कृति परम्परा होइन । जीवन रहस्य बुझी सम्यक् दृष्टि भएका यथार्थवादी बुद्धिजीवी (बौद्ध) हरूले आफ्नो गुनगान गर्नमा मात्र लिप्त, मुग्ध हुने आत्म प्रशंसा, आत्मवादी साम्प्रदायिक, दलगत, काम सुखभोग (कामेसु कामसुखल्लिकानुयोगो) विचारहरू र अरुलाई देख्न, सुन्न पनि मन नपराई आलोचना मात्र गर्ने शुष्क आलोचक, विद्रोही, षडयन्त्रकारी, उदण्ड, शोषक (अत्तकिलमथानुयोगा) विचारहरू जस्ता पराकाष्ठाहरूलाई त्याग्दछ । उनीहरूले चित्तहरूबाट उत्पन्न मनोमानी कर्महरूलाई विश्लेषणात्मक ढंगले छानविन, अनुसन्धान, खोजिगरी विवेकपूर्ण मध्यममार्गीय उपाय अपनाउने छ । अर्थात् दोकानमा पाइने बस्तुहरू नै महत्वपूर्ण हुन्छन्, साईनबोर्ड खास महत्व् नभएझैं नाम, जात, सम्प्रदाय, दल, परम्परा, संस्कृति, व्यक्तिगत सम्बन्ध, ग्रन्थ, अनुहार, ख्यातिप्रति आशक्त नभई सत्य असत्य गुण अवगुण आदि कर्म आचरण व्यवहारलाई महत्व दिने गर्दछ । अन्य अनुसन्धानरहित मिथ्याधारणायुक्त मानव स्वतन्त्रता, स्वतन्त्र चिन्तन, बौद्धिक तथा भौतिक विकास विरोधी विषयहरूमा विश्वास गर्दैन ।

पालि शब्दहरू

हामीहरू आफूलाई बौद्ध भने तापनि हिन्दूसंस्कारकै दाश भइराखेका छौ प्रायशः त्यसैले अन्य कर्म संस्कारलाई बौद्ध पद्धति अनुसार गर्दै लानुपर्ने आवश्यकताको साथै मातृभाषामा वा पालिभाषामा नामाकरण गर्न सके आफ्नोपन आउन सक्छ। त्यसैले बच्चाहरूको नामाकरण गर्न वा ठूलाहरूले पनि नाम बदल्न चाहेमा वा बौद्ध संघ संस्थाको सदस्य भएको नाताले पालिमा नाम राख्नु बौद्ध संस्कारप्रति गर्व गर्नु हो। उदाहरणको लागि बागलुङ र वेनीका उपासक उपासिकाहरूले यसप्रकार नाम राखेका छन्। जस्तै- परियत्ति, वेलवन, देसनापिता, सन्दिट्ठिका, ओपनयिका, कथावत्थु, पटिवेध, सावत्थिपिता, मोदना, विष्णुधीता, ऐसना समाधिधीता, जेतवनसतिपुत्र आदि ।

सुनिएको छ भियतनाममा उपासक उपासिकाहरूले विहारमा आउँदा छुट्टै नाम राख्दछन्। बुद्धकालीन अवस्थामा यसप्रकार पनि नाम राखिन्थ्यो जस्तै- राहुलमाता-राहुलको आमा, नन्दपिता-नन्दको बाबा, सारीपुत्र- रूपासारीको छोरा ।

नाम राख्दा एक वा दुई शव्द जोडेर पनि राख्न सकिन्छ। जस्तै-सम्यक् सम्बोधि, धर्म + देशना = धर्मदेशना । त्यसैगरी शब्दलाई परिवर्तन पनि गर्न सकिन्छ। जस्तै- कसिण=कसिणा, अभिधम्म=अभिधम्मा, पणीत=पणीता ।

अ

अकाच=निर्दोष । अकुप्प=अचञ्चल । अक्क=अर्क, सूर्य । अक्ख=अक्षय, क्षय नहुने । अक्खात=व्याख्या गरिएको । अक्खातार=मार्ग दर्शक । अग्धिक=फूलमाला, अङ्कुर । अंगुत्तर =एकपछि अर्को अंग । अचल=निश्चल अचिर=विजुली । अच्युत=निर्वाण । अजेय्य=जित्न नसकिने अक्खि=अक्षि, आँखा । अक्खरमाला=अक्षरमाला । अंगना=महिला । अच्चना=अर्चना । अच्चि=अर्ची, ज्वाला । अञ्जना=सुरमा । अत्तकामा=हित चिन्तक । अत्थकथा=भाष्य । अत्थदस्सी=हित चिन्तक । अत्थञ्ञू=अर्थज्ञ, हितकारी । अतिदेव=श्रेष्ठत्तम देवता । अतिवत्त=विजित । अत्तगुत्ति=आत्मसंयम । अत्तदत्थ=आत्महित । अत्तदन्त=आत्मदान । अत्तभाव=आत्मभाव । अत्तहित =आत्महित । अत्तम=अत्रज, आत्मज, छोरा । अत्तदीप=आत्मद्वीप ।

अत्तमन=प्रसन्नता । अत्थकर=हितकारी । अत्थकाम=हित चिन्तक । अञ्जलि= विन्ती गर्नु । अदिन्ना=नदिएको । अदुभक=अविश्वासघाती । अदुसक=निर्दोष । अद्धा=निश्चय, मार्ग । अद्धिक=यात्री । अधिगम=प्राप्ति ज्ञान । अधिचित्त । अधिप=स्वामी । अधिपञ्ञा=अधिप्रज्ञा । अधिमन, अधिमुत्ति=संकल्प । अधिमोक्ख=अधिमोक्ष अधिवासक=सहनशील । अधिवासना=सहनशीलता । अधिशील=सन्तहरूको सदाचार । अनंगण=निर्दोष अनत्त=अनात्म । अनधिवर=तथागत बुद्ध । अनल=अग्नि । अनवरत=निरन्तर । अनवय=सम्पूर्ण । अनवसेस= निरवशेष, सम्पूर्ण । अनालय=आशक्तिरहित । अनिघ=दुःखरहित । अनिच्च=अनित्य अनिच्छा=अरुचि । अनिञ्जन=स्थिरता । अनिमित्त=झिमिक्क नपारी । अनिस्सर=अनीश्वर । अनुकम्प=दया । अनुञ्ञा=अनुज्ञा, अनुमति अनुत्तर=अद्धितीय । अनुद्दया=ज्ञानी । अनुबल=सहायता गर्नु । अनुभाव=प्रताप अनुयोग=साधना । अनुदिसा=दुबै दिसा । अनुनय=मैत्रीभाव । अनुबुद्ध=ज्ञानी अनुरक्खा=अनुरक्षा । अनुरुद्ध=भिक्षुको नाम । अनुलोम=घडीको क्रमले अनुसय=चित्त प्रवृत्ति । अनुन=सम्पूर्ण । अनुपम=उपमार हित । नेज=तृष्णारहित । अनोजा=श्रेष्ठ । अन्तरा=बीच । अन्नद=भोजनदाता । अप्पणा=अर्पणा, समाधि । अप्पमत्त=अप्रमादी, सजग । अप्पमाण=अप्रमाण अप्पमञ्ञा=असीम भावना । अप्पमाद=अप्रमादी अभिधा । अभिधान=संज्ञा अभय=निर्भय । अभिञ्ञा=अभिज्ञा । अभिधम्म=बौद्धग्रन्थ । अभिनय=नाटक । अभिनव= नयाँ । अभिभु=विजेता । अभिराम=अनुकूल । अभिरुचि=इच्छा । अभिरूप=सुन्दर । अभिलासा=अभिलाषा । अभिसेक=अभिषेक । अभिसर =अनुयायी । अभिहार=उपहार । अभित=निर्भय । अभूत=यथार्थ । अभेज्ज=चिर्न नसकिने । अमत=अमृत । अमित=असीम । अमिताभ=अत्यन्त ज्योति । अमोघ=विकाररहित । अमोह=प्रज्ञा । अम्बिल=अमिलो । अम्बु=पानी अयन=मार्ग । अम्बुधर=बादल । अयोज्झा=अयोद्धा । अर ज=मैलरहित । अरण=शान्त चित्त । अरह=योग्य । अरिदम=विजेता । अरिय=आर्य, श्रेष्ठ । अरिय धन=आर्य धन । अरिय धम्म=आर्य धर्म । अरिय मग्ग=आर्य मार्ग । अरिय सच्च=आर्य सत्य । अरुण=सूर्योदय, किरण । अरूप=आकाररहित । अलंकत=अलंकृत । अलंकार=गहना । अलीन=अप्रमादी । अलोभ= लोभरहित, दान । अवज्ज=अवद्या, दोषरहित । अवनि=पृथ्वी । अनवोध=ज्ञान अवभास=प्रकाश । अवंति=एकराज्य । अवेर=मैत्री । असंखत=असंस्कृत, निर्वाण । असंग=अनासक्ति । असत्त=अनासक्त । असदिस=अनुपम । असनि=बज्र । असति=भोजन, कालो । असेरव=अरहन्त । असोक= शोकरहित । अस्मा=पत्थर । अस्सव=स्वामीभक्त । अस्साद=आश्वाद । अंसुमाली=सूर्य । अंसु=किरण । अग्गञ्ञ=अंग्रज्ञ, श्रेष्ठतम । अग्गता=अग्रता, श्रेष्ठता । अग्घिय=आतिथ्य । अच्छि=अक्षि, आँखा । अञ्जली=हात जोड्नु अनुप्पिय =अनुप्रिय ।

आ

आकंखा=आकांक्षा । आकर=सुन चाँदीको खानी । आकास=आकाश । आख्या=संज्ञा । आगद=भाषण । आणा=आज्ञा । आतप=घाम । आतापी=प्रयत्नशील । आतुमा=एकनजर । आनक=भेरी । आनव्य=ऋणमुक्ति आनन=अनुहार । आनेञ्ज=अचञ्चल । आपगा=नदी । आभा, आभास्वर=प्रकाश । आभाकर=सूर्य । आभास=प्रकाश । आमोद=प्रमुदित हुनु । आयुक=आयुवाला । आरका=दुरी । आरक्खा=आरक्षा । आरति=त्याग्नु । आली=साथी । आवलि=कतार । आवेला=फूलहरूको झुप्पा । आसी=आशिर्वाद ।

इ

इंग=इशारा । इच्छुक=इच्छा गर्नेवाला । इज्झन=सफलता । इद्धि=ऋद्धि । इन्दखील=बलियो खम्बा । इन्दधनु=इन्द्रधनु । इन्द्रेणी=इन्द्रावुध, इन्द्रको वज्र । इन्दीवर =नीलकमल । इन्दु=चन्द्रमा । इब्भ=धनी । इभ=हाथी इरिया=चालढाल । इरु=ऋग्वेद । इस=सिंहको जात । इसि=ऋषि । इसिगिलि=एकपहाड । इसिपतन=ऋषिपतन । इस्सत्थ=धनुर्धारी स्वामी । इस्सरिय=ऐश्वर्य । इस्साय=धनुधारी ।

उ

उजुता=सीधापन । उज्जल=उज्वल । उज्जोत=प्रकाश । उण्णा=बुद्धको भृकुटीमा उम्रेको केश । उत्तम=उत्तम । उत्तमंग, उत्तमा=श्रेष्ठ । उत्तमत्थ =परमार्थ । उत्तरण=उत्तीर्ण हुनु । उत्तरा=उत्तर दिसा । उदण्ह=सूर्योदय । उदधि=समुद्र । उदय=उन्नति । उदयन्त=वृद्धि भएको । उदयन=माथि उठ्नु । उपक=नजिक जानु । उपदा=उपहार । उपधि=पुनर्जन्मको कारण । उपमा=समानता । उपल=ढुंगा । उपादा=सकारण । उपादि=जीवन शक्ति । उपाधि=गद्दी । उपालि=एक भिक्षु । उपेक्खा = उपेक्षा । उप्पल, उत्पल=नीलकमल । उप्पलवर्णा=एक भिक्षुणी । उम्मदन्ती=अती सुन्दरी । उम्मि=उर्मि, लहर । उरुवेल=एक स्थान । उसभ=श्रेष्ठ पुरुष । उसु=तीर । उस्मा, उष्मा=गर्मी । उस्सद=विपुल । उस्सव=उत्सव । ऊहा=चिन्तन मनन ।

ए

एकक, एकिका=एक्लो । एकग्ग=एकाग्र । एजा=तृष्णा । एण=एक हरिण जात । एतिहा=इतिवृत । एरावण=इन्द्रको हाथी । एरावत=सुन्तला एसना=खोज । एसन्त=खोज्दै । एसी, एसिनी=खोजने वाला ।

ओ

ओज, ओजा =जीवशक्ति । ओदात=सेतो । ओधि = सीमा । ओभास = प्रकास । ओरस=औरस, आफ्नो छोरा ।

क

कंकण=गहना । कज्जल=काजल । कञ्चन=स्वर्ण । कणेरु=हाथी, हाथिनी । कण्णिका=शिखर, कुण्डल । कतञ्जु=कृतज्ञ । कतपुञ्ञ=गरिएको पुण्य । कतवेदी=कृतज्ञ । कथुद्दिका=कस्तुरी । कथा=कहानि । कदम्ब=एकरुख कनक=सुन । कनय=एक हतियार । कन्ता=पत्नी । कन्ति, कान्ति, शोभा । कन्थक=सिद्धार्थ चढेको घोडा । कन्दर, कन्दरा=गुफा । कपिल=एकऋषि । कपिला=एक रुख । कप्पना=व्यवस्थित गर्नु । कमलिनी=कमल पोखरी । कम्बु=सुन । कम्मक्खय=कर्मक्षय । कम्मज=कर्मबाट । कम्मफल=कर्मफल । कम्मबन्धु=कर्मबन्धु । कम्मबल=कर्मबल । कम्मसक=कर्म नै सम्पत्ति । कम्मसामी=कर्मस्वामी । कम्मञ्ञ=कर्मज्ञ । कम्यता=इच्छा । कयिक=खरिदार । करुणा=दया । कलभ=हाथिको बच्चा । कलाप=कण । कलिका=फूल । कलिल=गहन । कलीर=रुखको भित्री भाग । कल्याण=शुभ । कल्याणी=सुन्दरी । कवि=विद्वान । कविता= कविता । कसा=चाबुक । कसिण=एकसमाधि विधि । कानन=जंगल । कामता=इच्छा । कायसक्खी=कायसाक्षी । कालाम=एक प्रसिद्ध सुत्र । कुंकुम=केसर । कुञ्ज=जंगल । कुणाल=कोइली । कुण्डल=गहना । कुन्तल=केश राशी । कुमुद=सेतो कमल । कुसग्ग=कुशाग्र । कुशल= अशल । कुसलता=कुशलता । कुसीनारा=बुद्धको मृत्यु स्थान । कुसुम= फूल । कुसुमित=पुष्पित । कुसुल=धान्यागार । कुजन=चराको आवाज । केका=मयुरको आवाज । केणि=नाएको पताका । केवलि=अरहन्त । केसधातु=बुद्धको पवित्र केश । केसर=रेणु, सिंहको रौं । कोकनद=रातो कमल । कोकिद=कोइलि । कोण्डञ्य=बुद्धको प्रथम शिष्य । कोमल=नरम । कोमुखी=चाँदनी । कोलित=मौदगल्यायन स्थविरको गृहस्थी नाम । कोलिय=एक जात । कोविद=पण्डित । कोसल=एक राज्य । कोसी=म्यान । कथावत्थु=बौद्धग्रन्थ ।

ख

खग=चरा । खग्गधर=खड्ग धारी । खन्ति=क्षान्ति । खन्तिबल=क्षान्तिबल खम=क्षमाशिल । खेपक=धनुर्धारी । खेम=क्षेम, क्षान्ति । खेमी=सुखपूर्वक रहनेवाला ।

ग

गगन=आकाश । गग्गरा=एक झील । गन्धार=एक राज्य ।गान्धारी= गन्धारको । गभीर=गम्भीर । गमिक=जाने वाला । गया=बोधगया गवेसक=खोज्नेवाला । गाथा=सुत्र । गामीणी=गाउँको मुखिया । गिनि=आयो गिरा=वाणी । गुत्ति=संरक्षक । गुहा=गुफा । गोतम=एक ऋषि (गोतमी) गोमिक=गामी=पशुहरूको मालिक ।

घ

घोस=शब्द । घोसक=घोषणा गर्ने वाला ।

च

चक्क रतन=चक्ररत्न ।चक्कवत्ती=चक्रवर्ती । चक्कवाला=ब्रह्माण्ड चक्खुक=आँखावाला । चजन=त्याग । चन्द=चन्द्र चन्दनिका, चन्दप्पमा=चन्द्रप्रभा । चन्दभागा=एक नदी। चन्दिका=चाँदनी चन्दिमा=चन्द्रमा चमर=चौंरी। चम्पक=चम्पा। चरिया=एक पिटक ग्रन्थ । चाग=त्याग । चाप=धनुष । चारु=सुदर । चुन्द=एक उपासक । चुलामणि=चुडामणि । चुलिका=चुल्ठो । चेतना=इरादा । चेतिय=चैत्य ।

छ

छत्त पाणि=छाता बोक्नेवाला । छमा=पृथ्वी । छाया=छायाँ ।

ज

जगती=जगत । जंगम=चल सम्पत्ति । जञ्जू=पवित्र । जनाधिप=राजा जनिका=आमा । जम्बु=जामुन । जम्बीर=नीबु । जय सुमन=विजय सुमन । जया=पत्नी । जलग=कमल । जलद=वादल । जलधि=समुद्र । जलनिधि=समुद्र । जबन=दौड । जब=गति । जागर=जाग्नेवाला । जानन=ज्ञान जानि=पत्नी । जाला=ज्बाला । जालिणी=तृष्णा । जालिका=कवच । जितत्त=आत्मजित । जिति=जय । जिन=विजेता, बुद्ध । जिनचक्क=जिनचक्र जिनपुत्त=जिनपुत्र । जिन सासन=जिन शिक्षा । जिया=धनुषको डोरी । जीव=जीवन, प्राणी । जीवदन्त=जिवित हाथीको दाँत । जिबक=एक उपासक (बैद्य) । जिविका=जीवन साधन । जीवी=बाँच्नेवाला । जुण्ह=चमकदार, शुक्ल । जुण्हा=चाँदनी । जुति=चमक । जुतिका=चमकदार । जुतिधर =प्रकाशमान । जुहन=यज्ञ । जेतब्ब=जित्नयोग्य । जेतवन=एक प्रशिद्ध विहार । जोतक=द्योतक । जोतन=चमक । जोति=ज्योति ।

झ

झसा=नागवाला । झान=ध्यान । झनिक=ध्यान प्राप्त व्यक्ति । झायक =ध्यानी । झायी=ध्यान गर्ने व्यक्ति ।

ञ

ञाण=ज्ञान । ञाणचक्खु=ज्ञानचक्षु । ञाति= आफन्त । ञप्ति=ज्ञप्ति, घोषणा । ञात=प्रशिद्ध । ञाण=ज्ञान । ञाय=व्यवस्था ।

ट

टण्क - ढुंगा काट्ने छिनो । टीका - व्याख्या ।

त

तक्कसिला-तक्षशिला । तगर-एक फुल । तज्जना-तर्जना (तज्जनी) । तण्हा-तृष्णा । तथता-सत्यता । तथाकारी-त्यस्तै गर्नेवाला तप-तपश्या । तपोधन-तपश्या धन । तपोवन-

तपश्या वान। तपन-चमक। तपस्सी-तपश्यी। तपस्सु-एक प्रशिद्ध व्यापारी। तपोखा-एक पोखरी। तप्पण-तर्पण-सन्तोष। तमोनुद-अन्धकार नाशक। तम्ब केस-तामाको रंगको केश। तम्बनेत्त-ताम्रनेत्र। तराणी तरी-नाउ। तरुण-तन्देरी। तसिना-तृष्णा। ताण-ऋण, शरण। तापस -तपस्वी। तापसी-तपस्विनी। तायन-संरक्षण। तारका-तारा। तारापति- चन्द्रमा। तारापथ -आकाश। तियामा- राती। तिदिंव-दिव्य लोक। तिपिटक- त्रिपिटक। तिलोक-तीन लोक तिविज्जा-त्रिविद्या। तिकिच्छ्य-चिकित्सा। तिखिण- तीक्ष्ण। तिण्ह-तेज। तित्ति-तृप्ति। तिथि -तिथि। तिदस-देवता। तुमुल-विशाल। तुस्सना-संतोष। तुसित-एक देवलोक। तुलिका -चित्रकारको तुलिका। तेज-प्रकाश। तेजन-तेजित, प्रकाशित। तोय-जल। तोरण-तोराण द्वार। तोसना-संतोष।

थ

थलज-भूमिबाट उत्पन्न। थंव-प्रशंसा। थविका-थैली। थाम-सामर्थ्य। थावर- थिर। थिरता-दृढतर। थुति-स्तुति। थुप-स्तुप थुपिका-शिखर। थोमन-स्तुति।

द

दक्ख-दक्ष। दक्खता-दक्षता। दक्खिणा-दक्षिणा। दक्खी, दक्षी-अनुभवी। दत्त-दिइएको। दन्तता-संयमिता। दप्पण- दर्पण। दब्ब-दर्ब-बुद्धिमान। दमन-संयम। दमक-संयमी। दया -करुणा दयित-दयापात्र। दयिता-स्त्री महिला। दस बल- बुद्ध। दान-त्याग। दानपति। दानफल। दानमय। दिगुण-द्विगुण। दित्त-दिप्त। दित्ति-दिप्ति। दिनकर-सूर्य। दिनच्चय-संध्या। दिनपत्ति - सूर्य। दिप्पन-चम्किनु। दिब्ब-दिब्य। दिब्बचक्खु-दिव्यचक्षु। दिबलोक-दिव्यलोक। दिवस-दिवा, दिन दिवाकार-सूर्य। दिसमपत्ति-नरेश। दीधिति-प्रकाश। दपिंकर-बुद्ध। दीपसिखा-वत्तीको उज्यालो दिपालोक-प्रकाश। दीपना-व्याख्या। दीपनी-टीप्पणी। दीपवंस-एक ग्रन्थ। दीपिका-मशाल। दुमिन्द-बोधि वृक्ष। दुल्लभ-दुर्लभ। देवकाया-देवगण। देवकुसुम-दिव्यफूल। देवदुत-देवता। देवधम्म-दिव्य गुण। देवधीतु (धिता)-देवपुत्री, अप्सरा। देवपुत्त-देवपुत्र। देवरूप-दिव्य रूप। देविसि-दिव्य ऋषि। देसक-देशना गर्ने वाला। देसना-देशना। द्रोण, द्रोणी, दोणिका-द्रोणी, नाउ। दोसिना-चाँदनी द्विरद-हाथी।

ध

धज-ध्वजा। धनग्ग-श्रेष्ठधन। धनवन्तु-धनवान। धनसा-धनको आशा। धनञ्जय-एक नाम। धनिक-धन दाता। धनिता-ध्वनित धमक-बजाउने वाला। धम्म-धर्म। धम्मकाय - धर्मशरीर। धम्मकाम-धर्मप्रिय। धम्मगरु-धर्मगौरव। धम्मगुत्त-धर्मद्वारा रक्षित। धम्मघोस - धर्मघोष। धम्मघोसक-धर्मघोषक। धम्मचक्क-धर्मचक्र। धम्मचक्खु-धर्मचक्षु। धम्मचारी-धर्मचारी। धम्मजीवि-धर्मजीवि। धम्मञ्ञू-धर्मज्ञ। धम्मट्ठ-धर्म स्थित। धम्मता-स्वाभाविक

नियम। धम्मदान - धर्मदान। धम्मदीप - धर्मदीप। धम्मधज - धर्मध्वंज। धम्मधर - धर्मधर। धम्मपद - एक ग्रन्थ। धम्मभेरि - धर्मभेरि। धम्मरक्खित - धर्मरक्षित। धम्मरत - धर्मरत। धम्मराजा - धर्मराजा। धम्मवर - धर्मश्रेष्ठ। धम्मविचय - धर्मको चयन। धम्म विदु - धर्मविज्ञ। धम्मामत - धर्मअमृत। धम्मिक - धार्मिक धर - धरण, धारण गर्ने वाला। धरणी - धरती। धरा - पृथ्वी। धवल - जलधारा। धारी - धारण गर्ने वाला। धिति - धैर्य। धीतलिका - पुतलि। धीतु, धीता - छोरी। धीर - बुद्धिमान। धुतधर - धुताङ्गधारी। धुरंधुर -पदाधिकारी। धेनु - गाई। धोन - बुद्धिमान।

न

नकुल - एक उपासक। नक्ख - नक्षत्र। नक्खत्त राज - चन्द्रमा नग - पर्वत। नत - नम्रता। नन्द - बुद्धको भाइ। नन्दन - प्रशन्नता। नभ - आकाश। नयन - आँखा। नर - मानिस। नरदेव - राजा। नरवीर - बुद्ध। नरसिंह - नरसिंह। नरासभ - बुद्ध। नरुत्तम - बुद्ध। नलिनी - पोखरी। नाग - सर्प, हात्ती, श्रेष्ठ पुरुष। नागबला - एक लहरा। नागराज। नागसेन - एक प्रसिद्ध भिक्षु। नागर - शहरी। नाथ - बुद्ध। नाद - आवाज। नानता - विविधता। नायक - नेता। नायिका - नेतृ। नारंग - एक फल। नालंदा - बौद्ध विश्वविद्यालय। निक्खम - नैष्क्रम्य, बाहिर निस्कनु। निखिल - समस्त। निग्रोध - बररुख। निज्भान - निध्यान, अन्तर दृष्टि। निट्ठा - निष्ठा। निदान - कारण। निदुक्ख - दुःखरहित। निधान - गाडधन। निधि-सम्पत्ति। निपक - दक्ष। निब्बान - निर्वाण। निब्बिदा - निर्विदा। निब्बुति - शान्ति। निब्भय - निर्भय। निभ - समान। निभा - प्रकाश। निमि - एक त्यागी राजा। निमेस, निमिस - आँखा भप्काउनु। निम्मल - निर्मल निम्मान - निर्मान, मानरहित। नियति - भाग्य। नियत - स्थिर। नियाम - नियम। निरत्ति - निरुक्ति, शास्त्र। निरुदक - जलरहित। निरुद्ध -निरोध प्राप्त। निरूपाधि - रागरहित। निरपम - उपमारहित। निरोध - उत्पत्ति रोकिनु। निसभ - बृषभ। निसा - निशा, रात्री। निसाकर - चन्द्रमा। निसाण - एक ढुंगा। निसामक - दर्शक। निसित - तेज। निसीय - मध्य रात्रि। निसेध - रोकथाम। निस्संग - परित्याग। निस्सद्द - निःशब्द, शान्त। निस्सन्द - परिणाम। निस्सय - निश्रय, आश्रय। नीति - कानुन। नीप - कदम्ब रुख। नीर - जल। नील - नीलो। नीलगीव - मुजुर। नीलमणि - नीलम। नीलवण्ण - नीलवर्ण। नुद - हटाउने वाला। नुतन - नया। नुपुर - एक गहना। नेत्र - नेत्र। नेत्ततारा - नेत्रतारा, मायालु। नेत्ति - तृष्णा। नेरञ्जरा - एक प्रशिद्ध नदी। नेरु - अग्लो हिमाल।

प

पकति - प्रकृति। पकास - प्रकाश। पगुण - ज्ञानले पूर्ण। पंकज - कमल। पच्चुस - प्रत्युष, मिरमिरे। पच्चेक - प्रत्येक। पजा - प्रजा, सन्तान, प्राणी। पज्जोत - प्रद्योत, प्रकाश।

पञ्चबल। पञ्चसील-पञ्चशील। पञ्चाल - एक राज्य। पञ्चालिका - पुतली। पञ्ञ,पञ्ञा- - प्रज्ञ, प्रज्ञा । पञ्ञता - प्रज्ञता। पञ्ञाचक्खु - प्रज्ञाचक्षु। पञ्ञाधन - प्रज्ञाधन। पञ्ञाबल - प्रज्ञाबल। पञ्ञाण - निशान। पटल - आवरण। पटलिका - दुशाला। पटिघोस - गुंज। पटिञ्ञा - प्रतिज्ञा। पटिदान - पुरस्कार। पटिनिधि - प्रतिनिधि, प्रतिमूर्ति। पटिपदा - पटिपत्ति - आचरण। पटिवल - सामर्थ्य। पटिबिम्ब - प्रतिबिम्ब। पटिबुद्ध - ज्ञानी। पटिमा - प्रतिमा। पटिख - प्रतिख, गुंज। पटिराज - प्रतिराज। पटिलाभ - प्रतिलाभ। पटिभाण - हाजिर जवाबि। पटिरूप, पटिरूपा - प्रतिरूप (रूपा)। पटिवेध - प्रतिवेध, भित्र पस्नु। पटिसंखा - विचार। पटिसंधि - प्रतिसन्धि, पुनर्जन्म। पठवी - पृथ्वी। पणालि - प्रणालि। पणिधि - आकांक्षा। पणीत -प्रणीत, श्रेष्ठ। पताप - प्रताप। पतिट्ठा - प्रतिष्ठा। पत्तिदान - पुण्य बाँड्नु। पत्थना - प्रार्थना। पत्थिव - पार्थिव, राजा। पथिक - यात्री। पदक्खिणा - प्रदक्षिणा। पदीप - प्रदीप। पदुम - पद्म। पदुमिनी - पद्मिनि। पधान - प्रधान। पन्थ - मार्ग। पन्थक - यात्री। पबुद्ध - प्रबुद्ध। पब्बज्जा - प्रबज्या। पभंकर - सूर्य। पभव - मुल स्रोत। पभस्सर - प्रभाश्वर। पभा - प्रभा। पभात - प्रभात। पभास - प्रभास, चमक। पमदा - महिला। पमा, पमाण - प्रमाण। पमुत्ति - प्रर्मक्ति। पमोक्ख - प्रमोक्ष। पमोद - प्रमोद। पयोधर - वादल। परक्कम - पराक्रम। परम -श्रेष्ठतम। परमता - श्रेष्ठता। परमार्थ - यथार्थ। पराग - पुष्परेणु। परिकथा - व्याख्या। परिक्खा - परीक्षा। परिञ्ञा - परिज्ञा, ज्ञान। परित्त - परित्राण, रक्षा। परिधि - सूर्यमण्डल। परिसा - परिषद्। परिहार - संरक्षण। पवर - श्रेष्ठ पवारणा - सन्तोष। पवाल - मुंगा। पवीण - प्रवीण। पवेणि - उत्तराधिकार। पसंसा - प्रशंसा। पसद - एक मृग जात। पसन्न - प्रशन्न। पसाद - श्रद्धा। पसाधन - गहना। पसीदन - श्रद्धा। पस्सद्ध - पस्सद्धि - शान्ति। पस्सम्भना - प्रशंभना, शान्ति। पहास - अत्यन्त प्रीति। पाटल - गुलाफ, गुलाबी। पाटली - एक रुख। पाटिका - अर्धगोलाकार चन्द्र। पाण - प्राण। पाणद - प्राण रक्षक। पाणि - हाथ। पाणिका - तौलिया। पाती - प्रातःकाल। पामोक्ख - पामोक्ष। पामोज्य - पामोद्य, प्रशन्नता। पारगामी - पार जाने वाला। पारद - पारा। पारमी, पारमिता - सम्पूर्णता। पाल, पालक - रक्षक। पालना - आरक्षा। पालि - भाषा। पावक - अग्नि। पावचन - बुद्धोपदेश। पावा - मल्ल नगर। पिंगल - ताम्रवर्ण। पिण्डक - भिक्षा। पिण्डि - गुच्छा। पिपासा - प्यास। पिय, पिया - प्रिय, प्रिया। पियता - प्रियता। पीति - प्रीति। पुंगव - श्रेष्ठ पुरुष। पुञ्ञ - पुण्य। पुण्डरीक - सेतो कमल। पुण्ण - पूर्ण। पुण्णिमा - पूर्णिमा। पुम - पुरुष। पुरिन्दन - इन्द्र। पुरिम, पुरिमा - पहिलेको। पुरिस - पुरुष। पूजा - सत्कार। पञ्ञत्ति - प्रज्ञप्ति

फ

फन्दना - स्पन्दन। पुस्स - पौष, नक्षत्र, शुभ, मुहुर्त। फुस्सरथ - राज्यरथ। फुस्सराग - पुष्पराग।

ब

बलाका - सारस । बहुलता - विपुलता । बाहुसच्च - बुहश्रुत । विन्दुसार - अशोक पिता । बिम्ब, बिम्बा - छायाँ, यशोधार । बिम्बिका - लहरा । बिम्बिसार - मगध राजा । बुद्ध, बुद्धक्खेत - बुद्धक्षेत्र । बुद्धकाल - बुद्ध उत्पत्ति काल । बुद्धगुण - बुद्धअंकुर । बुद्धचक्खु । बुद्धञ्ञाण (ज्ञान) बुद्धन्तर -दुई बुद्धको बीच समय । बुद्धपुत्त (पुत्र) । बुद्धबल । बुद्धभाव - बुद्धभूमि बुद्धरस्मि - बुद्धलीला । बुद्धरत्न । बुद्धघोस । बुद्धत्त - बुद्धत्व । बुद्धवंस - बुद्धि । बुध - बुद्धिमान । बोज्झंग - बोध्यंग, बोधिअंग । बोध - ज्ञान । बोधि - श्रेष्ठतम ज्ञान । बोधिसत्त (सत्व) । बोधिपूजा । बोधिपाद । बोधिमण्ड । बोधिमूल । ब्रह्म पत्त - बह्म प्राप्त । ब्रह्म बन्धु । ब्रह्मभूत - सर्वश्रेष्ठ । ब्रह्म विहार - मैत्री ध्यान । ब्रह्म दत्त । बोधिरत्न ।

भ

भद्दमुख - भद्रमुख । भद्दयुग - श्रेष्ठ, जोडा । भद्दसाल - एक रुख । भद्दा, भद्दिका - भद्रा भद्रिका । भद्दिय - भद्रिय । भवंग - अचेतन मन । भवचक्क - भवचक्र । भवतण्हा - भवतृष्णा । भस्सर - प्रकाशमान, चमक । भाग्य - सौभाग्य । भानु - सूर्य । भावना - योगाभ्यास । भासा - भाषा । भुवन - संसार । भुरिदत्त - एक नागराज । भोग - धन ।

म

मकरन्द - पुष्परेणु । मकुल - फूल । मगध - एक राज्य । मग्गञाण - मार्ग ज्ञान । मग्गञ्ञू, मग्गविद - मार्गज्ञ । मग्गना - खोजी । मग्गिक - मार्गिक । मघवा - इन्द्र । मघा - माघ, नक्षत्र । मंगल - शुभ । मच्चुराज - मृत्युराज । मञ्जरी - थुंगा । मञ्जु - आकर्षक । मञ्ञना - कल्पना । मणि - रत्न । मति - विचार । मतञ्ञू - मात्रज्ञ । मधू - मह । मधुकर - मौरी । मधुगन्ध - महगन्ध । मधुप - भ्रमरा । मधुका - एक औषधी । मधुर - मीठो । मधुरा - एक राजधानी । मन - चित्त । मनता - मनोभाव । मनाप - आकर्षक । मनुज - मनुष्य । मनुजिन्द - राजा । मनुञ्ञ - मनोज्ञ । मनेसिका - अरुको मनको ज्ञान । मनोरथ - इच्छा । मनोरमा - आनन्द दायक । मनोहर - सुन्दर । मनोज - एक नाम । मनोलिसा - संखिया । मन्तन, मन्तना - मन्त्रण, मन्त्राणा । मनता - प्रज्ञा मन्दाकिनी - एक झील । मन्दार - एक पर्वत । मरियादा - मर्यादा, सीमा । मरीचिका - मृगतृष्णा । मलयज्ञ - चन्दन । मल्लिका - चमेलि । मह - महान, धार्मिक उत्सव । महिन्द्र - अशोक पुत्र । मागधी - पालि भाषा । मातली - इन्द्र, सारथी । माला - मालिनी, माला धारिणी । मालुवा - आकाश वेल । मिगदाय - मृग उद्यान । मिगमद - कस्तुरी । मिगिन्द - सिंह । मित्त - मित्र । मिथिला - एक राजधानी । मिलिन्द - एक प्रख्यात राजा । मुचलिन्द - एक रुख । मुत्ता - मोती । मुत्तावलि, मुत्ताहार - मोतिमाला । मुत्ति - मुक्ति । मुदा - मुदिता । मुदित - मृदुभाव । मुदुभूत - कोमल । मुदुलक्खणा । मृदु लक्षणा - एक रानी । मुनिन्द्र - बुद्ध । मेघ - बादल ।

मेत्ता - मैत्री। मेत्तायना - मैत्री भाव मेत्तेय्य - मैत्रेय। भावी बुद्ध। मेदिनी - पृथ्वी। मेघा - प्रज्ञा। मेधावी - प्रज्ञावान। मोक्ख - मोक्ष। मोग्गल्लान, मोग्गल्लायन - बुद्धको देब्रे हातसमान भिक्षु। मोगल्लि - मोग्गल्लायनको आमा। मोग्गलिपुत्त - मोगल्लिपुत्र। मोदना - प्रमुदित हुनु। मोलि - टाउको उच्चतम भाग। मिगदाव - सारनाथ।

य

यजन - यज्ञ गर्नु। यजु - यजुर्वेद। यञ्ञसामी - यज्ञस्वामी। यतन - यत्न। यम - यमराज। यमक - जोडी, बौद्धग्रन्थ। यस - यश। यसदायक - ऐश्वर्यदाता। यसलाभ - यशलाभ। यसोधरा, यसोधर - प्रशिद्धि। यामा - रात्रीको प्रहर। युग - जमाना। युगन्त - युगको अन्त युगन्धर - हिमाल पर्वत। युगल, युगलक - जोडा। युञ्जन - जोडिनु। युक्ति - न्याय। युद्ध - संग्राम। युब - तरुण। योगक्खेम - योगक्षेम - आशक्तिबाट मुक्ति। योजना - निर्माण। योध - योधा, योद्धा। योनक - एक प्रख्यात भिक्षु। योना - ग्रीसवासी। यवन - ग्रीस। योब्बन - यौवन।

र

रक्खा - रक्षा। रक्खक - रक्षक। रक्खित - रक्षित, एक प्रख्यात भिक्षु। रकु - मुगा। रचना - व्यवस्था, इच्छा। रथिया - बजार। रजत - चाँदी। रजनी - रात्री। रज्जसिरि - राज्यश्री। रज्जन - रंजन। रज्जु - डोरी। रत - अनुरक्त। रतन - रत्न। रतनत्रय - त्रिरत्न। रतनवर - श्रेष्ठरत्न। रतनाकर - समुद्र। रति - प्रेम। रत्त - रातो। रत्तचन्दन - रक्तचन्दन। रत्तपला - रातो फलवाला लहरा। रत्तपदुम - रक्तपद्म। रत्तमणि - रक्तमणि। रत्ति - रात्री। रमन - रमण, आनन्द लिनु। रमनी - रमणी, महिला। रम्म - रम्य, सुन्दर। रम्मक - चैत्रमहिना। रय - वेग। रव - आवाज। रविहंस - एकचरा। रस - स्वाद। रसना - रसयुक्त। रसाल - उखु। रसित - मेघध्वनि। रस्मि - रश्मि। रहद - पोखरी। रांज - राजा। राजकथा। राजगह - राजगृह, राजा बिम्बिसारको राजधानी। राजहंस। राजाणा - राजआज्ञा। रामगाम - रामग्राम, कोलियहरूको नगर। रामञ्ञ - रामज्ञ, बर्माको पालि नाम। राहुल - सिद्धार्थ गौतमको छोरा। रुचि - इच्छा। रच्चन - आनन्द। रुजा, रुजन - पीडा। रुधिर - रगत। रुरु - एक मृग जात। रुह - वृद्धि प्राप्ति हुनेवाला। रुहक - एक नाम। रूप - दृश्य। रूपक - उपमा। रूपसिरि - रूपश्री। रेणु - किरण। रेणुक - एक सुगन्धित द्रव्य। रोहना - उठ्नु। रोहिणी - एक नक्षत्र। रोहित - रातो एक माच्छा, एक मृग जात।

ल

लक्ख - लक्ष्य, निशान, लाख। लज्जन - लाज। लता - लहरा। लद्धा - प्राप्त भएको। ललित - सुन्दर। लव - थोपा। लवन - काट्नु। लसिका - हड्डीभित्रको तरल वस्तु। लाखा - खोटो। लाज - खील। लाभ - फाइदा। लालसा - प्रवल इच्छा। लासन - नृत्य। लीन, लीनता

- लज्जा । लीला - हाउभाउ । लुम्बिनी - सिद्धार्थ जन्म स्थल । लेखा - रेखा, लेखनकला, पत्र । लोक - संसार । लोकग्य - लोकग्र बुद्ध । लोकनायक - बुद्ध । लोकपाल - लोकको रक्षक । लोचन - आँखा ।

व

वदन - अनुहार । वद्दलिका - घना वादल । वनथ - तृष्णा । वनिता - नारी । वन्दन - वन्दना - नमस्कार । वर - श्रेष्ठ वरदान । वरद - वर दिने वाला । वरपञ्ञू - वर प्रज्ञा । वरक - श्रेष्ठ दायक । वरारोहा - सुन्दर महिला । वालहक - बादल । वल्लकी - सारथी, वीणा । वल्लभ - प्रिय । वल्लभत - प्रिय हुनु । वल्लरी - थुंगा । वस - अधिकार । वसन्त - एक ऋतु । वसिता - दक्षता । वसी - वशवाला । वसु - धन । वसुधा, वसुधरा । वसुमति - पृथ्वी । वस्सिकी - जुहि । वाचा - शब्द वाणी । वापी - पोखरी । वायाम - प्रयत्न । वारण - हाथी । वारि - जल । वासना - पूर्वसंस्कार । वासव - इन्द्र । विकास - फैलाव । विकुल - ढलान । विक्कम - विक्रम । विगत - रहित । विगाम - तृष्णारहित । विगासव - विवेचन । विचित - चुनिएको । विजन - सबै शून्यस्थान । विजय - जित । विजाता - जननी । विजित - जितिएको । विज्जा - विद्या । विज्जाचरण -विद्याचरण । विज्जाधर - विद्याधर । विज्जु, विज्जुता - विजुली । विज्भन - निशान लगाउनु । विञ्ञत - विज्ञप्त, सुचित गरिएको । विञ्ञति - विज्ञप्ति, सूचना । विञ्ञाण - विज्ञान, मन चेतना । विञ्ञात - विज्ञात, जानिएको । विञ्ञ - विज्ञ, ज्ञाता । वित्त - सम्पत्ति । विदित - ज्ञात । विदिसा - अशोक पत्नी । विदुग्ग - विदुर्ग । विदु - विज्ञ, विद्वान । विदुर - अति टाढा । विदेह - मिथिला राजा । विधातु - विधाता । विधा - प्रकार । विधान - व्यवस्था । विधायक - व्यवस्था गर्ने वाला । विधिना - विधिपूर्वक । विधुर - एक विद्वान । विधुम - रागरहित । विनय - नियम । विनयधर - विनय विशेषज्ञ । विनिबन्ध - आशक्ति । विनिब्भोग - विनिर्भोग, पृथक्करण । विनिम्मुत - विनिमुक्त, विमुक्त । विन्दक - अनुभवी । विपस्सना - विपश्यना, अन्तरदृष्टि । विपस्सी - विपश्यी, एक बुद्ध । विपिन - जंगल । विपुल - विशाल । विभव - ऐश्वर्य । विभात - चम्कियो । विभावना - भाग्य । विभावी - प्रज्ञावान । विभु - सर्वव्यापक । विभूत - स्पष्ट । विमुति - प्रताप । विमुत्त - विमुक्ति । विमोक्ख - विमोक्ष । विमोचक - मुक्ति गर्ने वाला । विमोचन - मुक्ति । विरज - निर्मल । विरत, विरति - आशक्त नभएको । विरमन - अलग्गिनु । विरमति - अलग्ग रहन्छ । विराव, विरावन, विरव - चिच्याउनु । विराग - वैराग्य । विरागी - वैरागी । विरिय - वीर्य, शक्ति । विलोचन - आँखा । विवेक - एकान्त । विसद - स्पष्ट । विसल्ल - शोकमुक्त । विशाखा - एक नक्षत्र, महाउपासिका । विसारद - दक्ष । विसाल - विशाल । विसिखा - सडक । विसुद्ध - विशुद्ध । विसुद्धि - पवित्रता । वीतगेध - लोभरहित । वीततण्हा - वीततृष्णा, तृष्णारहित । वीतमल - मैलरहित । वीतमोह - मोहहित । वीतराग - रागरहित । वीतदोस - दोषरहित । वीथि - बाटो । वीमंसक

- परीक्षक । वीमंसा - परीक्षण । वीरु - लहरा । वेजयन्त - इन्द्रमहल । वेणी - केशलटा । वेलु - वेणु, बाँस । वेलुवन - बाँसघारी, प्रथम विहार । वेदगु - ज्ञानी । वेदजात - आनन्दित । वेदक - अनुभवी । वेदना - अनुभूति । विदिका - मञ्च । वेरोचन - सूर्य । वेल्लित - घुंघुरिएको केश । वेसाली - वैशाली राज्य । वेस्सन्तर - एक बोधिसत्व । वोदन - शुद्धि । विभंग - बौद्धग्रन्थ

स

सकमन - आनन्दित । सकबल - स्वबल । सकम्म - स्वकर्म । सकल - सम्पूर्ण । सकुन्त - पंक्षी । सक्खि - आँखा अगाडि । सक्कपुत्त - शाक्यपुत्र । सक्कमुनि - शाक्यमुनि । सक्कसीह - शाक्यसिंह । सख, सखा - मित्र । सखिल - मधुर भाषी । सगावर - सगौरव । संकास - समान । संकासना - व्याख्या । संकिच्च - एक प्रख्यात श्रामणेर । संखत - संस्कृत,कारणसहित । संखधम्म - एक नाम । संखपाल - एक नाम । संखला - हाथीको खुट्टाको श्रृंखला । संखलिका - बन्धन । संखा - संख्या । संखार - संस्कार । संखेप - संक्षेप । संखोप - हलचल । संगम - मेल । संगीति - संगायन, महा अधिवेशन । संघ - परिषद । संघमित्रा - अशोक पुत्री । सच्च - सत्य । सजन - स्वकीय । सज्झु - चाँदी । सञ्चय - एकत्रित । सञ्चेतना - इच्छा । सञ्जय - एक नाम । सञ्जात - उत्पन्न भएको । सञ्जीवन - पुनर्जीवन । संझा - सन्ध्या । सञ्ञ - संयत, सुचित । सञ्ञा - संज्ञा, जान्नु । सञ्ञाण - संज्ञान, इशारा । सति - स्मृति । सत्तरतन - सप्तरत्न । सत्तरत्त - सप्तरात्री । सत्तरस - सप्तरस । सत्तला - नवमल्लिका । सत्ता - अस्तित्व । सत्ति - शक्ति । सत्थ - शास्त्र, शस्त्र, सार्थ । सद्धहन, सद्धहना - विश्वास गर्नु । सद्धल - सिंह । सद्धम्म - सद्धर्म । सद्धा - श्रद्धा । सनंतन - सनातन । सन्त - शान्त, सत्पुरुष । सन्तक - स्वकीय । सन्ति - शान्ति । सन्तिक, सन्तिका - नगिच, छिमेकी । सन्तुट्ठी - संतुष्ठी । सन्तोस - सन्तोष । संयव - गहिरो मित्रता । सन्देस - समाचार । सन्धान - मेल । सन्धि - सम्झौता । सन्नाह - कवच । सन्निधि - एकत्र गर्नु। सन्निभ - मेल खाएको। सप्पञ्ञ - सप्रज्ञ, बुद्धिमान । सप्पाय - सप्राय, लाभप्रद । सफल - सफल । सवल - सक्षम । सब्बञ्ञू - सर्वज्ञ । सब्बदा - सर्वदा । सब्बधि - सर्वत्र । सब्भ - सर्भ, गुणवाला । सभा - परिषद । सम - समान शान्ति, निश्चल । समंगिता, समंगी - युक्त । समञ्ञा - समज्ञा, पद, नाम । समण - श्रमण, सन्यासी । समता - सन्तुलन । समत्थ - सामर्थ्य। समथ - चित्त, शान्ति, समाधि । समनुञ्ञ - समनुज्ञ, स्वीकृति । समन्त - सारा । समन्तभद्द - समन्तभद्र । समर - युद्ध । समा - वर्ष । समाधि - ध्यान । समित - निरन्तर । समिर - सुगन्धित वायु । समीरण - हावा । सम्पजञ्ञ - सम्प्रजन्य विवेक । सम्प्रदा - सम्पत्ति । सम्बुद्ध - सम्बुद्ध । सम्बोधि - पूर्ण ज्ञान । सम्भत - भित्र । सम्भार - सामग्री । सम्युत - उत्पन्न भएको । सयम्भु - स्वयम्भू । सरण - संरक्षण । सरद - शरद । सरभ - एकमृग जाति । सरस - स्वादिष्ट । सरसी - झील । सरासन - धनुष । सरिता - नदी । सरूप - त्यस रूपको । सरोज, सरोरुह - कमल । सलाका

- चीरफाडको समान, काठको टुक्रा । सलाभ - स्वलाभ । सलिल - पानी । सवन्ती - नदी । ससंक - ससी - चन्द्रमा । सह - साथ , सहनशील । सहजात - मिल्ने जात । सहज - एक साथ उत्पन्न । सहभु - सहव्य, भित्र । संवर - संयम । संवरी - रात्री । संहिता - मेल । साकच्छा - परामर्श । शाकल्य - सकल भाव । साकेत - विशाखाको माइति । साखा - शाखा । साखी - रुख । सागर - समुद्र । सागल - राजा मिलिन्दको राजधानी । साम - श्याम, शान्ति । सामल - श्यामल । सामा - श्यामा । सालिका - सारिका, मैना । सावक, साविका - शिष्य, शिष्या । सिक्खा - शिक्षा । सिखर - शिखर । सिखा - शिखा । सिन्दी - खजुर । सिप्पिका - सीपी । सिप्पी - शिल्पी । सिम्बली - शिमलको रुख । सिरि - श्री ऐश्वर्य, भाग्य । सिरिधर - शानदार । सिरीस-सिरिसको रुख । सिला - शिला । सिलाधा - प्रशंसा । सिविका - पालकी । सिसिर - शीत ऋतु सीतल, चिसो । सीमा - रेखा । सील - शील - सदाचार । सीलगन्ध - सत्कर्मको गन्ध । सुजा - शुक्र पत्नी । सुजात - सुजन्म । सुजाता - एक प्रशिद्ध उपासिका । सुञ्ञता - शून्यता । सुणिसा - बुहारी । सुती - श्रुति । सुदन्त - सुशिक्षित । सुदस्स - सजिलै देखिएको । सुदस्सन, सुदस्सना - सुदर्शन । सुदिन्न - राम्ररी दिएको । सुद्धोदन - गौतम बुद्ध पिता । सुधम्म - अशल धर्म । सुधा - अमृत । सुधाकर - चन्द्रमा । सुधी - बुद्धिमान । सुन्दर - आकर्षक । सुन्दरिका - एक नदी । सुपित - स्वप्न । सुप्रबुद्ध - गौतम बुद्धको ससुरा । सुबहु - अत्यन्त । सुब्बत, सुव्रत - अशल आचरण । सुब्बच, सुवच - आज्ञाकारी, विनम्र । सुभ - शुभ । सुभग - सोभागय । सुभद्द - सुभद्र, बुद्धको अन्तिम शिष्य । सुभर - पाल्न सजिलो व्यक्ति । सुमंगल - अशल मंगल । सुमति - विद्वान । सुमन, सुमना - प्रयत्न, चमेली । सुमुक्त - सुमुक्त । सुमेघ - बुद्धिमान । सुमेरु - हिमाल । सुर - देवता । सुरनाथ - देवता । सुरत -भक्त । सुरसेन - एक महाजनपद । सुरभि - सुगन्धित । सुरत - सूर्य । सुरंगा - जेल । सुरूप, सुरूपी - सुन्दर । सुलभ - सहज प्राप्त सुवण्ण - सूवर्ण । सुवीर - पुत्र । सुसीम - एक नाम । सुर - शुर, बहादुर । सुरत - करुणा गर्ने वाला । सेवना - सेवन । संगति - सेवा । सोभण - शोभण । सोभा - शोभा । सोभित - शोभित । सोम - चन्द्रमा । सोमदत्त - एक नाम सोमनस्स - प्रशन्नता । सोम्य - शौम्य, अनुकूल । सोरच्च - विनम्रता । स्नेह - माया । स्वाकार - अनुकूल, प्रकृति वाला । सारनाथ - धर्मचक्र प्रवर्तन स्थान । सिवली - एक नाम । सिंसपा - फूल, सिसौ ।

ह

हलिदा - हरिद्रा - हल्दी । हिंरी - लाज (नराम्रो गर्नमा) हदय - हृदय । हंस - हंस । हिम - हिउँ । हुर - अर्कोलोक । हेमन्त - एक ऋतु । हेम - सुन । हेमवण्ण - हेमवर्ण ।

पाठ समूह

१. समूह क - सम्यक् पाठ

२. समूह ख - चार आरक्षा भावना

३. समूह ग - परित्राण सूत्र

४. समूह घ - सतिपट्ठान सूत्र

५. समूह ङ - सम्यक् गीत

समूह क
सम्यक् पाठ

सम्यक् पाठ गर्दा नाइकेले **अब हामी ......पाठ गरौं** भनी अनुरोधगर्नुपर्दछ । त्यसपछि त्यही अनुरोधअनुसार अरुले पाठ शुरु गर्नुपर्छ ।

क. १ अब हामी सम्यक् आस्था पाठ गरौं-

साधु साधु साधु

(तीनपल्ट वन्दना गर्ने)

सब्ब पापस्स अकरणं कुसलस्स उपसम्पदा ।
सचित्त परियोदपनं एत्तं बुद्धानंसासनं ॥

नगर्नु सबै पापहरू गर्नु कुशल सञ्चय ।
चित्त शुद्ध गर्दै लानु यही बुद्ध (हरूका) शिक्षा ।

पञ्चसिद्धान्त

सम्यक् सम्बुद्धले गर्नुभएको सामाजिक क्रान्ति
(नित्य छोड्नुपर्ने वारित्र र ग्रहण गर्नुपर्ने चारित्र सिद्धान्त)

नगरौं सेवन मादकपदार्थ, स्मृति स्वास्थ्य विरोधी ।
राख्न नबिर्सौं सदा होश, जगाई विवेक बढाऔं ॥
त्यागौं हिंसा बलि प्रथा, दया न्याय विरोधी ।
लाज नमानौं स्वीकार्न गल्ती, सुधार्न अल्छी नमानौं ॥
तोडौं जात लिंग भेद, प्रजातन्त्र विरोधी ।
घृणा नगरौं गुण मानवता, अधिकार कसैको नछिनौं ॥
नगरौं मूर्ति आमिष पूजा, परिश्रम विकास विरोधी ।
ढीलो नगरौं हुन स्वावलम्बी, भई पुरुषार्थ नछाडौं ॥
नराखौं ईश्वर आस्था, ज्ञान विज्ञान विरोधी ।
पछि नपरौं गर्न अनुभव, उतार्न जीवनमा नभुलौं ॥

प्रतिज्ञा

पुनश्चः- एक श्रद्धावान बौद्धले निम्न प्रतिज्ञा गर्न आवश्यक छ । यसप्रकार प्रतिज्ञा नगरुन्जेलसम्म भित्र हृदयमा बुद्ध, धम्म र संघप्रति श्रद्धा नभएको भनी बुझ्नुपर्दछ । यस बारे विस्तृत जानकारीको लागि सम्यक् शिक्षा हेर्नु होला ।

क. २ अब हामी प्रतिज्ञा पाठ गरौं -

बुद्धं सरणं गच्छामि

म सत्य अनुभूति गर्न परम्परावादी नभएर कार्यकारण बुझ्ने विज्ञानसम्मत शिक्षाको शरण जान्छु ।

धम्मं सरणं गच्छामि

म सत्य आचरण गर्न प्रत्येक दिन (क.१) पञ्च सिद्धान्त,
(क.७) दश कुशल र सप्ताहको एक दिन (क.८) उपोशथ व्रत धारण
गर्दै कलासम्मत शिक्षाको शरण जान्छु ।

संघं सरणं गच्छामि

म सत्यमा प्रतिष्ठित हुन कम्तिमा जीवनमा एकपल्ट भिक्षु/प्रव्रजित
भएर दर्शनसम्मत शिक्षाको शरण जान्छु ।

क. ३ अब हामी क्षमा याचना पाठ गरौं -

ओकास काय वाक मनोद्वार तयेन, ।
कत्तं सब्बं अपराधं खमथ मे भन्ते ॥

अवकाश भन्ते मैले काय वाक चित्तले ।
गरेको सबै अपराध क्षमा गरिदिनुहोस् ॥

क. ४ भिक्षु (भएमा) ले करुणापूर्वक भन्नुहुन्छ -

अत्त दीप भवेथ अत्त सरणा
धम्मं सरणा अञ्ञाञ्ञ सरणा

बन्नुहोस् आफ्नो द्वीप, जानुहोस् आफ्नो शरण
जानुहोस् शरण धम्मको भई शरण अन्यान्य

उपासक उपासिकाहरुले गौरवपूर्वक स्वीकार गर्ने -

आम भन्ते

हवस् भन्ते

क. ५ अब हामी त्रिरत्न शरण पाठ गरौं -

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

नमस्कार उहाँ भगवान् अरहन्त सम्यक् सम्बुद्धलाई

यो वदतं पवरो मनुजेसु, सक्यमुनि भगवा कतकिच्चो
पार गतो बल वीरिय समंगि तं सुगतं सरणत्थमूपेमि

जसले बतायो प्रवर लोकमा, शाक्यमुनि भगवान् कृतकृत्य
पार गयो बल वीर्य देखायो, बुद्धं सरणं गच्छामि

राग विरागमनेजमसोकं, धम्ममसंखतमप्पटिकूलं
मधुरमिमं पगुणं सुविभत्तं, धम्ममिमं सरणत्थमूपेमि

राग तृष्णा शोकरहित, धम्म असंस्कृत अप्रतिकूल
मधुर प्रगुण सुविभक्त, धम्मं सरणं गच्छामि

यत्थ च दिन्नं महप्फलमाहु, चतुसु सुचीसु पुरिस युगेसु
अट्ठ च पुग्गल धम्म दसा ते, संघमिमं सरणत्थमूपेमि

जसलाई दिनाले महाफलदायी, चार जोडी शुची पुरुषहरू
अष्टपुद्गल धम्म प्राप्त, संघं सरणं गच्छामि

चलनचल्तीमा पाठ गरिने पञ्चशील

बुद्धं सरणं गच्छामि
धम्मं सरणं गच्छामि
संघं सरणं गच्छामि
दुतियम्पि बुद्धं सरणं गच्छामि
दुतियम्पि धम्मं सरणं गच्छामि
दुतियम्पि संघं सरणं गच्छामि
ततियम्पि बुद्धं सरणं गच्छामि
ततियम्पि धम्मं सरणं गच्छामि
ततियम्पि संघं सरणं गच्छामि
पाणातिपाता वेरमणि सिक्खापदं समादियामि
अदिन्नादाना वेरमणि सिक्खापदं समादियामि
कामेसु मिच्छाचारा वेरमणि सिक्खापदं समादियामि
मुसावादा वेरमणि सिक्खापदं समादियामि
सुरा मेरय मज्ज पमादट्ठाना वेरमणि सिक्खापदं समादियामि

क. ६ अब हामी दश अकुशल (पाप) पाठ गरौं -

१) अभिज्झा २) व्यापाद ३) मिच्छादिट्ठी ४) मुसावादा
५) पिसुनवाचा ६) फरुसवाचा ७) सम्फप्पलापवाचा
८) पाणातिपाता ९) अदिन्नादाना १०) कामेसु मिच्छाचारा
वेरमणि सिक्खापदं समादियामि

१) परसम्पत्ति लोभ २) परहानि क्रोध
३) मिथ्याधारणाहरू मनले गर्ने पाप
वचनले गर्ने पाप बोल्नु ४) झुठोवचन
५) चुक्लिवचन ६) कटुवचन ७) अनर्थकवचन
८) हिंसा ९) चोरी १०) व्यभिचार शरीरले गर्ने पाप
मादकपदार्थ पनि छाड्छु म आज

क. ७ अब हामी थप उपोशथव्रत पाठ गरौं -

आऔं आऔं पालन गरौं पवित्र उपोशथ
मन वचन शरीरलाई संयमित गर्ने व्रत
छन् विश्वमा जति रत्न छन् जति मूल्यवान
उपोशथको मूल्य हुन्छ सोह्र गुणा बढी
जो हप्ताको एक दिन व्रत पालन गर्छ
शीलवान नरनारी पुण्य सुगति पाउँछ

१) अब्रह्मचरिय २) विकालाभोजना ३) नच्च ४) गीत ५) वादित
६) विस्सुकदस्सना ७) माला ८) गन्ध ९) विलेपन १०) धारण
११) मण्डन १२) विभूसनट्ठाना १३) उच्चसयना १४) महासयना
वेरमणि सिक्खापदं समादियामि

१) अब्रह्मचर्य २) विकाल भोजन ३) नृत्य ४) गीत
५) वाद्यवादन ६) तमासा ७) माला ८) सुगन्धित वस्तु
९) लेपनवस्तु १०) सजावट ११) मल्नेवस्तु १२) गहना
१३) अग्लो ओछ्यान १४) विलासी ओछ्यान छाड्छु म आज

क. ८ अब हामी दश कुशल पाठ गरौं -

१) दान २) सील ३) भावना ४) अपचायन ५) वेय्यावच्च ६) पत्तिदान ७) पत्तानुमोदन
८) धम्मस्सवण ९) धम्मदेसना १०) दिट्ठिउजुकम्म कुसलस्स उपसम्पदा

१) दान २) शील ३) भावना ४) परसेवा सत्कार
५) कर्तव्य पालन गर्नु ६) परमंगल कामना
७) परप्रगतिमा खुसी हुनु ८) धम्मश्रवण गर्नु
९) धम्मदेशना १०) शुद्धधारणा कुशल कर्म गरौं

क. ९ अब हामी ९ बुद्ध गुण पाठ गरौं -

इति पि सो भगवा १) अरहं २) सम्मासम्बुद्धो
३) विज्जाचरणसम्पन्नो ४) सुगतो ५) लोकविदू
६) अनुत्तरो पुरिसदम्म सारथी ७) सत्था
देव मनुस्सानं ८) बुद्धो ९) भगवा' ति

उहाँ भगवान् १) अरहन्त २) सम्यक् सम्बुद्ध
३) विद्याचरणसम्पन्न ४) सुगत ५) लोकविज्ञ
६) अद्वितीय पुरुषदम्य सारथी ७) देव
मनुष्यका शास्ता ८) बुद्ध ९) भगवान् पनि हुनुहुन्छ ।

क. १० अब हामी ६ धम्मगुण पाठ गरौं -

१) स्वाक्खातो भगवता धम्मो २) सन्दिट्ठिको ३) अकालिको
४) एहिपस्सिको ५) ओपनय्यिको ६) पच्चत्तं वेदितब्बो विञ्ञूही' ति

१) सुआख्यात भगवान्को धम्म २) सान्दृष्टिक ३) कालरहित
४) परीक्षणयोग्य ५) निर्वाण पुऱ्याइदिने ६) स्वानुभवले विज्ञद्वारा विदितयोग्य ।

क. ११ अब हामी ९ संघगुण पाठ गरौं -

१) सुपटिपन्नो भगवतो सावकसंघो
२) उजुपटिपन्नो भगवतो सावकसंघो
३) ञायपटिपन्नो भगवतो सावकसंघो
४) सामीचिपटिपन्नो भगवतो सावकसंघो
यदिदं चत्तारि पुरिस युगानि अट्ठ पुरिस पुग्गला,

एस भगवतो सावकसंघो ५) आहुनेय्यो ६) पाहुणेय्यो
७) दक्खिणेय्यो ८) अञ्जलि करणीयो
९) अनुत्तरं पुञ्ञक्खेतं लोकस्सा ति ।

१) सुप्रतिष्ठित भगवान्‌को श्रावकसंघ,
२) उजुप्रतिष्ठित भगवान्‌को श्रावकसंघ,
३) ञायप्रतिष्ठित भगवान्‌को श्रावकसंघ,
४) सामीचिप्रतिष्ठित भगवान्‌को श्रावकसंघ,
यी जुन चारजोडी पुरुष अष्टपुरुष पुद्‌गलहरू,
हुन् भगवान्‌का श्रावकसंघ
५) आह्वानयोग्य ६) पाहुनायोग्य ७) दक्षिणायोग्य ८) वन्दनायोग्य
९) लोकको अद्वितीय पुण्यक्षेत्र हुनुहुन्छ ।

क. १२ अब हामी कामना पाठ गरौं -
इमाय बुद्ध पूजाय कताय सुद्ध चेतसा
चिरं तिट्‌ठतु सद्धम्मो लोको होतु सुखी सदा

यस बुद्धपूजाद्वारा गरिएको चित्त शुद्धले
होस् सद्धर्म चिरस्थायी लोक होस् सुखी सदा

इमाय बुद्ध पूजाय यं पुञ्ञं पसुतं मया
सब्बं तं अनुमोदित्वा सब्बेपि तुट्‌ठ मानसा

यस बुद्धपूजाद्वारा लाभ भएको पुण्य जति
गरुन् सबैले अनुमोदन भइकन सबै सन्तुष्टि

पुरेत्वा दानसीलादि सब्बापि दसपारमी
पत्वा यथिच्छितं बोधिं फुसन्तु अमतं पदं

पूर्ण गरी दानशीलादि सबै भएका दशपारमी
प्राप्त गरी जुनेच्छित बोधि प्राप्त होस् अमृत पद

इमाय धम्मानुधम्म पटिपत्तिया बुद्धं पूजेमि
इमाय धम्मानुधम्म पटिपत्तिया धम्मं पूजेमि

यस धर्मानुकूल आचरणले बुद्धलाई पूज्दछु
यस धर्मानुकूल आचरणले धम्मलाई पूज्दछु

इमाय धम्मानुधम्म पटिपत्तिया संघं पूजेमि
अद्धा इमाय पटिपत्तिया जातिजराव्याधि मरणम्हा परिमुच्चिस्सामि

यस धर्मानुकूल आचरणले संघलाई पूज्दछु
निश्चय नै यस आचरणले जन्मजराव्याधि मरणदेखि मुक्ति पाउने छु।

पुनश्च : भोजन आदि दान पुण्य गरेर कामना वा पुण्य अनुमोदन गर्दा घुंडा टेकेर दुबै हातले नमस्कार गरेर पालि वा नेपालीमा वा दुबैमा यो पाठ गर्नुहोला।

इमिना पुञ्ञ कम्मेन मा मे बाल समागमो
सतं समागमो होतु याव निब्बान पत्तिया

यस पुण्यको प्रभावले संगत नहोस् मूर्खको
सन्त समागम होस् नभएसम्म निर्वाण प्राप्त

इदं नो पुञ्ञं आसवक्खया वहं होतु
इदं नो पुञ्ञं निब्बानस्स पच्चयो होतु

यो हाम्रो पुण्यद्वारा होस् क्षय आस्रवको
यो हाम्रो पुण्यद्वारा बनोस् हेतु निर्वाणको

क. १३ अब हामी पत्तिदान (परमंगल कामना) पाठ गरौं-

इदं नो पुञ्ञं ञातिनं होतु सुखिता होन्तु ञातयो
इदं नो पुञ्ञं निरयवासिनं होतु सुखिता होन्तु १) निरयवासयो

यो हाम्रो पुण्य पाउन् पितृकुलहरूले सुखी रहुन् पितृकुलहरू
यो हाम्रो पुण्य पाउन् नरकवासीहरूले सुखी रहुन् १) नरकवासीहरू

इदं नो पुञ्ञं पेतानं असुरानं होतु सुखिता होन्तु २) पेता ३) असुरा
इदं नो पुञ्ञं तिरियकानं होतु सुखिता होन्तु ४) तिरियका

यो हाम्रो पुण्य पाउन् प्रेत असुरहरूले सुखी रहुन् २) प्रेत ३) असुरहरू
यो हाम्रो पुण्य पाउन् पशुपंक्षीहरूले सुखी रहुन् ४) पशुपंक्षीहरू

एत्तावत्ता च अम्हेहि सम्भतं पुञ्ञ सम्पदं
सब्बे ५) मनुस्सा अनुमोदन्तु सब्ब सम्पत्ति सिद्धिया

अहिलेसम्म जति हामीले पाएको छौं पुण्य सम्पत्ति
गरुन् अनुमोदन ५) मनुष्यहरूले होस् सिद्ध सबै सम्पत्ति

सब्बे ६) देवा अनुमोदन्तु सब्ब सम्पत्ति सिद्धिया
सब्बे ७) ब्रह्मा अनुमोदन्तु सब्ब सम्पत्ति सिद्धिया

गरुन् अनुमोदन ६)देवताहरूले होस् सिद्ध सबै सम्पत्ति
गरुन् अनुमोदन ७)ब्रह्माहरूले होस् सिद्ध सबै सम्पत्ति

क. १४ आशीर्वाद शुभकामना (पत्तानुमोदन)

पुनश्च : भिक्षुले आशीर्वाद दिंदा हात विन्ती गरी घुंडा टेकेर श्रद्धापूर्वक सुन्नुपर्दछ र समाप्त भएपछि साधुकार तीनपल्ट दिएर तीनपल्ट वन्दना गर्नुपर्छ पाठ गर्दा उद्देश्य अनुसार *तपाईको सट्टा *उहाँको वा *सबैको भनी पाठ गर्न सकिन्छ। उपासक उपासिकाहरूले पनि कसैलाई आशीर्वाद वा शुभकामना दिनुपरेमा यो गाथा पुरा वा छोटकरीमा पाठ गर्न सक्दछ।

सब्ब किलेसा विनिमुत्तो सब्ब सन्ताप वज्जितो
सब्ब वेरमतिक्कन्तो निब्बुतो च तुय्हं भव

होस् विमुक्त सबै क्लेश सबै सन्ताप वर्जित होस्
होस् अतिक्रमण सबै शत्रु निर्वाण *तपाईहरूलाई प्राप्त होस्

सब्बितियो विवज्जन्तु सोको रोगो विनस्सतु
मा ते भवन्तु अन्तरायो सुखी दीघायुको भव

होस् शान्त सबै उपद्रव शोक रोग विनाशियोस्
नहोस् *तपाईहरूलाई अन्तराय सुखी तथा दीर्घायु होस्

भवतु सब्ब मंगलं रक्खन्तु सब्ब देवता
सब्ब बुद्धानुभावेन सदा सोत्थि भवन्तु ते

होस् सबै मंगलहरू गरुन् रक्षा सबै देवताले
सबै बुद्धको प्रभावले होस् कल्याण सदा *तपाईहरूको

सब्ब धम्मानुभावेन सदा सोत्थि भवन्तु ते
सब्ब संघानुभावेन सदा सोत्थि भवन्तु ते

सबै धम्मको प्रभावले होस् कल्याण सदा *तपाईहरूको
सबै संघको प्रभावले होस् कल्याण सदा *तपाईहरूको

साधु साधु साधु

समूह ख
चार आरक्षा भावना

मानव जीवनकालमा, विशेषगरी ध्यान अभ्यास समयमा, अनेक प्रकारका मानसिक समस्या आइपर्दछन् । त्यसमध्ये डरत्रास, यौनइच्छा, क्रोध र अहंकारले प्रायसः दुःखै दिइरहन्छ । यिनै समस्याबाट आरक्षा गर्नको लागि चार आरक्षा भावना पद्धति विकास भएको हो । जसअनुसार डरत्रास हटाउन बुद्धगुण स्मरण, क्रोध हटाउन मैत्री भावना, यौनइच्छा हटाउन अशुभ भावना र अहंकार हटाउन मरणानुस्मृतिको अभ्यास गनुपर्दछ । बुद्धगुण बुद्धपूजा (समूह क ९) अन्तरगत राखिएको र बुद्धत्व प्राप्त गर्न गर्नुभएको बोधिज्ञान नै चार आर्यसत्य भएकोले यहाँ बुद्धगुणको विकल्पमा चार आर्यसत्य पाठ राखिएको छ । त्यसैले प्रत्येक बौद्धले चार आर्यसत्यलाई कण्ठस्थ गन सक्नुपर्दछ । ख.२ मैत्री आनिसंस चार आरक्षा भावना अन्तरगत पर्दैन । तर मैत्री भावनाको फल जानिराख्नु राम्रो भएकोले यहाँ समावेश गरिएको हो । साधारणतया चार आरक्षा भावनाको छोटकरी सार भने संधै स्मरण गरिराख्नाले विशेष लाभ हुनेछ ।

ख १. अब हामी चार आर्यसत्य बोधि पाठ गरौं -

सो भगवा इमेसु चतुसु अरियसच्चेसु यथाभूतं ञाणदस्सनं सुविसुद्धं अहोसि । द्वे मे अन्ता न सेवितब्बा । यो चायं कामेसु कामसुखल्लिाकानुयोगो हीनो गम्मो पोथुज्जनिको अनरियो अनत्थसंहितो ॥ यो चायं अत्तकिलमथानुयोगो दुक्खो अनरियो अनत्थसंहितो ।

उहाँ भगवान् चार आर्यसत्यहरूमा, यथार्थ ज्ञानदर्शन गरी सुविशुद्ध हुनुभयो । यी दुई अन्तहरू सेवनयोग्य छैनन्, इन्द्रिय विषय नै सुखको कारण भनी/इन्द्रिय विषयमा लिप्त हुने स्वभाव, हीन गाउँले पृथक्जन अनार्य अनर्थकारी/इन्द्रिय विषय नै दुःखको कारण भनी, इन्द्रिय विषयबाट टाढिने तर्सिने भाग्ने/आत्मकष्ट आत्महत्या गर्ने जुन अभ्यास, त्यो दुःखदायी अनार्य अनर्थकारी ।

इदं दुक्खं अरिय सच्चं । १) जाति पि दुक्खा, २) जरा पि दुक्खा, ३) व्याधि पि दुक्खो, ४) मरणम्पिं दुक्खं । ५) अप्पियेहि सम्पयोगो दुक्खो, ६) पियेहि विप्पयोगो दुक्खो । ७) यं इच्छितं न लभति तम्पि दुक्खं । ८) सक्खित्तेन पञ्चुपादनक्खन्धा दुक्खा । सेय्यथिदं रूपुपादानक्खन्धा, वेदनुपादानक्खन्धा, सञ्ञुपादानक्खन्धा, संखारूपादानक्खन्धा, विञ्ञाणुपादानक्खन्धा ।

यी ८ दुःख, दुःख आर्यसत्य हुन् १) जन्म पनि दुःख २) जरा पनि दुःख ३) व्याधि पनि दुःख ४) मरण पनि दुःख ५) अप्रियसंग मिलन हुनु दुःख ६) प्रियहरूसंग विछोड हुनु दुःख ७) जुन इच्छित त्यो नपाउनु पनि दुःख ८) संक्षिप्तमा पञ्च उपादनस्कन्ध, नै दुःख। जस्तै- रूपस्कन्ध, वेदनास्कन्ध, संज्ञास्कन्ध, संस्कारस्कन्ध, विज्ञानस्कन्ध।

इदं दुक्ख समुदयं अरियसच्चं। यायं तण्हा पोनोब्भविका नन्दिराग सहगता तत्रातत्राभिनन्दिनि। सेय्यथिदं १) कामतण्हा २) भवतण्हा ३) विभवतण्हा।

तृष्णा नै दुःख समुदय आर्यसत्य, जुन तृष्णाहरूले पुनर्भव गराउँछ। आशक्ति रागयुक्त जहींतहीं आशक्त, जस्तै- सुखभोगमा भुल्ने इच्छा १) कामतृष्णा/पुनर्भवमा रमाउने शाश्वतदृष्टि, संयुक्त भएको इच्छा २) भवतृष्णा/पुनर्भव नमान्ने उच्छेददृष्टि, संयुक्त भएको इच्छा ३) विभवतृष्णा।

अविज्जा पच्चया संखारा, संखारा पच्चया विञ्ञाणं, विञ्ञाण पंच्चया नामरूपं, नामरूप पच्चया सलायतनं, सलायतन पच्चया फस्सो, फस्स पच्चया वेदना, वेदना पच्चया तण्हा, तण्हा पच्चया उपादानं, उपादान पच्चया भवो, भव पच्चया जाति, जाति पच्चया जरा मरण सोक परिदेव, दुक्ख दोमनस्स उपायास सम्भवन्ति। एवमेतस्स केवलस्स दुक्खक्खन्धस्स समुदयो होती ति।

अविद्या (चार आर्यसत्य नजान्नु) को कारणले संस्कार हुन्छ, संस्कारको कारणले विज्ञान (प्रथम पुनर्जन्म चित्त) हुन्छ। विज्ञानको कारणले नामरूप (मन र शरीर) हुन्छ, नामरूपको कारणले ६ आयतन (इन्द्रियद्वार) हुन्छ। ६ आयतनको कारणले स्पर्श (इन्द्रिय विषयसंग सम्पर्क) हुन्छ। स्पर्शको कारणले वेदना (सुख,दुःख,उपेक्षा अनुभूति) हुन्छ। वेदनाको कारणले तृष्णा हुन्छ, तृष्णाको कारणले उपादान (निर्णायात्मक तृष्णा) हुन्छ। उपादानको कारणले भव (कर्मको तयारी) हुन्छ, भवको कारणले जन्म (कर्मको पूर्णता) हुन्छ। जन्मको कारणले जरा मरण शोक, विलाप दुःख दौर्मनश्य (मानसिक दुःख) डाह उत्पत्ति हुन्छन्।यसरी नै समस्त दुक्खस्कन्धको उत्पत्ति हुन्छ।

इदं दुक्खनिरोधं अरियसच्चं। यो तस्सायेव तण्हाय/असेस विराग निरोधो चागो, पटिनिस्सगो मुत्ति अनालयो।

निर्वाण नै दुःख निरोध आर्यसत्य, जुन काम भव विभव तृष्णाका/ अशेष वैराग निरोध त्याग, प्रतिनिशर्ग मुक्ति अनाशक्त हुन्छन्।

अविज्जायत्वेव असेस विराग निरोधा संखारानिरोधो, संखारा निरोधा विञ्ञाणं निरोधो, विञ्ञाण निरोधा नामरूपं निरोधो, नामरूप निरोधा सलायतनं निरोधो, सलायतन निरोधा फस्सो निरोधो, फस्स निरोधा वेदना निरोधो, वेदना निरोधा तण्हा

निरोधो, तण्हा निरोधा उपादानं निरोधो, उपादान निरोधा भवो निरोधो, भव निरोधा जाति निरोधो, जाति निरोधा जरा मरण सोक परिदेव दुक्ख दोमनस्सुपायास निरुज्झन्ति। एवमेतस्स केवलस्स दुक्खक्खन्धस्स निरोधो होती ति।

अविद्याको निरोधले संस्कार निरोध, संस्कारको निरोधले विज्ञान निरोध, विज्ञानको निरोधले नामरूप निरोध, नामरूपको निरोधले ६ आयतन निरोध। ६ आयतनको निरोधले स्पर्श निरोध, स्पर्शको निरोधले वेदना निरोध। वेदनाको निरोधले तृष्णा निरोध, तृष्णाको निरोधले उपादान निरोध। उपादानको निरोधले भव निरोध, भवको निरोधले जन्म निरोध। जन्मको निरोधले जरा मरण शोक, विलाप दुःख दौर्मनश्य डाह निरोध हुन्छन्। यसरी नै समस्त दुक्खस्कन्धको निरोध हुन्छ।

इदं दुक्ख निरोधगामिनी पटिपदा अरियसच्चं। अयमेव अरियं अट्ठंगिकं मग्गं।

दुःख निरोधगामी मार्ग आर्यसत्य, यही नै आर्य अष्टांगिक मार्ग।

सेय्यथिदं कम्मस्सकोम्हि कम्मदायोदो कम्मयोनि कम्मबन्धु कम्मपटिसरणो। यं कम्मं करिस्सामि कल्याणं वा पापकं वा तस्स दायादो भविस्सामि, अयं वुच्चति १) सम्मा दिट्ठि।

जस्तै- कर्मसम्पत्ति कर्मअंशियार, कर्मयोनि, कर्मबन्धु, कर्मप्रतिशरण/जुन कर्म गरिन्छ पुण्य वा पापको, अंशियार हुन् यसैलाई नै १) सम्यक् दृष्टि भनिन्छ।

नेक्खम्म संकप्पो अब्यापाद संकप्पो अविहिंसा संकप्पो, अयं वुच्चति २) सम्मा संकप्पो।

नैष्क्रम्य संकल्प, अक्रोध संकल्प, अहिंसा संकल्पलाई २) सम्यक् संकल्प भनिन्छ।

मुसावादा पिसुनवाचा फरुसवाचा सम्फप्पलापवाचा, वेरमणि अयं वुच्चति ३) सम्मा वाचा।

झुठो चुक्ली कटु अनर्थक वचन, वाचिक पाप त्याग्नुलाई ३) सम्यक् वचन भनिन्छ।

पाणातिपाता अदिन्नादाना कामेसुमिच्छाचारा, वेरमणिअयं वुच्चति ४) सम्मा कम्मन्तो।

हिंसा चोरी व्यभिचार कायिक पाप, छाड्नुलाई ४) सम्यक् कर्मान्त भनिन्छ।

सत्थ सत्त मंस मज्ज विस वाणिजा, वेरमणिअयं वुच्चति ५) सम्मा आजीवो।

शस्त्र प्राणी मंस मादकपदार्थ, विष व्यापार नगर्नुलाई ५) सम्यक् जीविका भनिन्छ।

क) अनुप्पन्नानं पापकानं अनुप्पादाय, ख) उप्पन्नानं पापकानं पहाणाय ग) अनुप्पन्नानं कुसलानं उप्पादाय, घ) उप्पन्नानं कुसलानं ठितिया असम्मोसाय भिय्योभावाय वेप्पुल्लाय, भावनाय पारिपुरियाय-छन्दं जनेति वीरियं आरभति चित्तं पग्गण्हाति, पदहति, अयं वुच्चति ६) सम्मावायामो।

क) अनुत्पन्न पापहरू उत्पन्न नगर्न ख) उत्पन्न पापहरू प्रहाण गर्न ग) अनुत्पन्न कुशलहरू उत्पन्न गर्न घ) उत्पन्न कुशलहरू चिरस्थायी गर्न/नहराउन वढाउन विपुल गर्न, भावना पूर्ण गर्न इच्छा उत्पन्न गर्नु/उद्योग गर्नु वीर्यारम्भ चित्त उत्साहित गर्नु, प्रयत्न गर्नुलाई ६) सम्यक् व्यायाम भनिन्छ।

कायें क) कायानुपस्सी विहरति, वेदानासु ख) वेदनानुपस्सी विहरति, चित्ते ग) चित्तानुपस्सी विहरति, धम्मेसु घ) धम्मानुपस्सी विहरति- आतापी सम्पजानो सतिमा विनेय्य लोके, अभिज्झा दोमनस्सं, अयं वुच्चति ७) सम्मासति ।

कायमा क) काय अनुपस्सी भएर, वेदनामा ख) वेदना अनुपस्सी भएर/चित्तमा ग) चित्त अनुपस्सी भएर, धम्ममा घ) धम्म अनुपस्सी भएर/स्कन्धमा आतप्त सम्प्रज्ञा स्मृतिवान, लोभ क्रोध हटाउनुलाई ७) सम्यक् स्मृति भनिन्छ।

वितक्क विचार पीति सुख एकग्गतासहित पठमज्झान, विचार पीति सुख एकग्गतासहितं दुतियज्झानं, पीति सुख एकग्गतासहितं ततीयज्झानं, सुख एकग्गतासहितं चतुत्थज्झानं, उपेक्खा एकग्गतासहितं पञ्चमज्झानं, अयं वुच्चति ८) सम्मासमाधि ।

वितर्क विचार प्रीति सुख, एकाग्रतायुक्त प्रथमध्यान/विचार प्रीति सुख तथा, एकाग्रतायुक्त द्वितीयध्यान/प्रीति सुख एकाग्रतायुक्त तृतीय ध्यान, सुख एकाग्रतायुक्त चतुर्थध्यान/उपेक्षा एकाग्रतायुक्त पञ्चमध्यानहरूलाई ८) सम्यक्समाधि भनिन्छ।

अथ सो भगवा सदेवके लोके, समारके, सबह्मके सस्समण ब्राह्मणिया पजाय/सदेव मनुस्साय अनुत्तरं, सम्मासम्बोधिं अभिसम्बुद्धाति ।

अतः उहाँ भगवान्ले सदेव लोकमा, मार ब्रह्महरूमा श्रमण ब्राह्मण प्रजामा/देव मनुष्यहरूमा अनुत्तर सम्यक्, सम्बोधि प्राप्त गरिलिनुभयो।

ख २. अब हामी मैत्री आनिशंस (फल) पाठ गरौं -

मेत्ताय भिक्खवे चेतो विमुत्तिया, आसेविताय भाविताय बहुलीकताय, यानीकताय वत्थुकताय अनुट्ठिताय परिचिताय सुसमारद्धाय, एकादसानिसंसा पाटिकंखा। कत मे एकादस ?

भिक्षुहरू, मैत्री भावना गरेमा चित्त विमुक्तिको लागि आसेवन गरेमा, भावना गरेमा, विपुलता प्राप्त गरेमा, अभ्यस्त भएमा, आधारकृत गरेमा, अनुष्ठान गरेमा, परि चित भएमा, राम्ररी आरम्भ गरेमा एघारवटा फल पाइन्छन्। ती के के हुन् एघारवटा ?

१) सुखं सुपति, २) सुखं पटिबुज्झति, ३) न पापकं सुपिनं पस्सति, ४) मनुस्सानं पियो होति, ५) अमनुस्सानं पियो होति, ६) देवता रक्खन्ति, ७) नास्स अग्गि वा

विसं वा सत्थं वा खमति, ८) तुवटं चित्तं समाधियति, ९) मुखवण्णो विप्पसीदति, १०) असम्मूल्हो कालं करोति, ११) उत्तरिं अप्पटिविज्भन्तो ब्रह्मलोकूपगो होति ।

१) सुखपूर्वक सुत्दछ २) सुखपूर्वक ब्युंभिन्छ ३) पापयुक्त सपना देख्दैन ४) मनुष्यको प्रिय हुन्छ ५) अमनुष्यको प्रिय हुन्छ ६) देवताले रक्षा गर्दछ ७) आगो, विषय, शस्त्रले अशर गर्दैन ८) चित्त एकाग्र हुन्छ ९) वर्ण प्रशन्न हुन्छ १०) स्मृतिपूर्वक मृत्यु हुन्छ ११) अर्हत नभएमा ब्रह्मलोकगामी हुन्छ ।

ख ३. अब हामी मैत्रीभावना पाठ गरौं -

दुक्खं इच्छं न होति केसं
सब्बे सुख मत्तं इच्छं करोन्ति

दुःखी हुने इच्छा हुँदैन कसैको
सुखी हुने मात्र चाहना गर्दछ

यथाहं सब्बे सुखं इच्छन्ति
तस्मा सब्बेसु मेत्तं करोथ

आफूजस्तै सुखी हुने इच्छा सबैको
त्यसैले सबैप्रति मैत्री भाव राखौं

अहं अवेरो होमि अब्यापज्जो होमि
अनीघो होमि सुखी अत्तानं परिहरामि

म वैररहित होउँ क्रोधरहित होउँ
बाधारहित होउँ सुखी निरोगी होउँ

अहं विय मयूहं माता पिता आचरिया
हितसत्ता मज्भत्तिक सत्ता वेरीसत्ता

मजस्तै मेरा आमा बाबा गुरु
हितैषी परिचित उपेक्षित शत्रु

अवेरा होन्तु अब्यापज्जा होन्तु
अनीघा होन्तु सुखी अत्तानं परिहरन्तु

वैररहित होउन् क्रोधरहित होउन्
बाधारहित होउन् सुखी निरोगी होउन्

दुक्खा मुच्चन्तु यथा लद्ध सम्पत्तितो
मा विगच्छन्तु कम्मस्सका

दुःख मुक्त होउन् कर्म कै फल हुन्
भोग सम्पत्तिबाट बञ्चित नहोउन्

आवासे नगरे जनपदे देसे जम्बुदीपे
पठवियं चक्कवालेसु वसन्ता सब्बे सत्ता

आवाश शहर जिल्ला राज्य महादेश
पृथ्वी बह्माण्डका सारा प्राणीहरू

अवेरा होन्तु अब्यापज्जा होन्तु
अनीघा होन्तु सुखी अत्तानं परिहरन्तु

वैररहित होउन् क्रोधरहित होउन्
बाधारहित होउन् सुखी निरोगी होउन्

दुक्खा मुच्चन्तु यथा लद्ध सम्पत्तितो
मा विगच्छन्तु कम्मस्सका

दुःख मुक्त होउन् कर्म कै फल हुन्
भोग सम्पत्तिबाट बञ्चित नहोउन्

दस दिसायं ब्रह्मा देवा मनुस्सा
तिरियका असुरा पेता निरयवासयो

दशौ दिसाहरूका ब्रह्मा देव मनुष्य
पशुपंक्षी असुर प्रेत नरकवासी

अवेरा होन्तु अब्यापज्जा होन्तु
अनीघा होन्तु सुखी अत्तानं परिहरन्तु
दुक्खा मुच्चन्तु यथा लद्ध सम्पत्तितो
मा विगच्छन्तु कम्मस्सका

दुःख मुक्त होउन् कर्म कै फल हुन्
भोग सम्पत्तिबाट बञ्चित नहोउन्

ख ४. अब हामी अशुभभावना पाठ गरौं -
अनन्तादीनवो कायो विसरुक्खसमुपमो
सुभतो नं मञ्ञति बालो अविज्जाय पुरक्खतो

अनन्त दोषयुक्त शरीर विषरुखसमान
शुभ देख्छ मूर्खले अविद्याले ढाकेर

दुगन्धो असुची कायो कुणपो उक्करूपमो
निन्दितो चक्खुभूतेहि कायो बालाभिनन्दितो

दुर्गन्ध असुची शरीर लाश चर्पीसमान
निन्दित ज्ञानीद्वारा मूर्खद्वारा प्रशंसित

१) केसा २) लोमा ३) नखा ४) दन्ता ५) तचो
६) मंसं ७) न्हारु ८) अट्ठि ९) अट्ठिमिञ्जं १०) वक्कं

१) केश २) रौं ३) नङ ४)दाँत ५) छाला
६) मासु ७) नसा ८) हड्डी ९) मासी १०) मृगौला

११) हदयं १२) यकनं १३) किलोमकं १४) पिहकं १५) पप्फासं
१६) अन्तं १७) अन्तगुणं १८) उदरियं १९) करिसं २०) मत्थलुंगं

११) मुटु १२) कजेलो १३) झिल्ली १४) फियो १५) फोक्सो
१६) ठूलोआन्द्रा १७) सानोआन्द्रा १८) लादी १९) मल २०) गिदी

सचे इमस्स कायस्स अन्तो बाहिरतो सिया
दण्डं नुन गहेत्वान काके सोणे च वारये

यदि यस शरीरको भित्री भाग बाहिरिएमा
निश्चय डण्डा लिएर काग कुकुर धपाउँछ

१) पित्तं २) सेम्हं ३) पुब्बो ४) लोहितं ५) सेदो ६) मेदो
७) अस्सु ८) वसा ९) खेलो १०) सिंघानिका ११) लसिका १२) मुत्तं

१) पित्त २) खकार ३) पिप ४) रगत ५) पसिना ६) मेद
७) आँसु ८) बोसो ९) थूक १०) सिंघान ११) तेल १२) पिसाप

अथ नवेहि सोतेहि असुची सवत्ति सब्बदा
कण्णगुथको अक्खिगुथको मुखेन वमति एकदा

यसरी नौ श्रेतद्वारा अशूची बग्दछ सर्वदा
कानेगुजी चिप्रा साथै वान्ता हुन्छ एकदा

तेजो १) जीर्ण २) सन्तपन ३) परिडहन ४) परिपाचक
फेणपिण्डूपमं रूपं वेदना पुप्फलूपमा

अग्नि १) जीर्ण २) सन्ताप ३) परिडाह ४) पाचक
फिंजपिण्डजस्तै रूप वेदना पानीफोका

मरीचिकूपमा सञ्ञा संखारा कदलूपमा
मायूपमञ्च विञ्ञाणं देसितादिच्च बन्धुना

मृगतृष्णासमान संज्ञा संस्कार केराथामजस्तै
मायाजालजस्तै विज्ञान आदित्यबन्धु देशित

वायो १) उद्धंगमं २) अधोगमं ३) कुच्छिस ४) कोट्ठास
५) अंगमंगानुसारी च ६) अस्सास पस्सास

वायु १) उदान २) अपान ३) पेटको तथा ४) आन्द्राको
५) अंगप्रत्यंग चलाउने ६) आश्वास प्रश्वास पनि

खख. अब हामी मरणानुस्मृति पाठ गरौं -

यस पाठको पालि अनुवाद श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यूबाट
गरिदिनुभएकोमा उहाँप्रति कृतज्ञता प्रकट गर्दछु- प्राणपुत्र

यथा वातेन दीपं झापेय्य
आयुकम्मादि खयेन होति मरणं

हावा आउँदाखेरि दीयो निभेझैं
आयुकर्म सकेर मृत्यु प्राप्त हुन्छ

यथेव हि मरन्ति अञ्ञपाणिनो
तथेव धुवं मरणं ममस्स

अन्य प्राणीहरू मरिगएझैं
म पनि अवश्य मरिजानुपर्छ

यथा विज्जु पज्जलति उट्ठहति च बुब्बलो
मुञ्जस्मिं जलति उस्सावो विनस्सन्तो पटिक्खणं

विजुली चम्केझैं पानीफोकाजस्तै
दूबोमा टल्किने शीतथोपाजस्तै

सुरियो अनिवत्तन्तो अत्थंगमति सब्बदा
एवं पि जातपाणो च होति मच्चुपरायणा

एकै छिन नरोकी सूर्य अस्ताएझैं
जन्मेपछि प्राणी मृत्युतिर दौडिन्छ

चिन्तनस्मिं युञ्जनस्मिं आपन्नं तं पमादतं
उपद्दवं च रोगञ्च पभवं कत्वान हेतुकं

कल्पना योजनाहरूमा भुल्दाभुल्दै
दुर्घटना रोग आदि निहुँ पारी

यथा एसति ओकासं मिगं व मिगलुद्दको
कदा कस्मिं खणे तत्थ मरणं आगमिस्सति

शिकारीले शिकारको मौका ताकिरहेझैं
कति बेला कुन क्षण मृत्यु आइलाग्छ

विञ्ञाणको वाणिजो व वेदको चेव नायको
समिद्धो पुञ्ञवा चेव योगी अरहतो तथा

वैज्ञानिक व्यापारी दार्शनिक नेता
समृद्ध पुण्यवान् योगी अरहन्त

सचे पत्तो मच्चुवसं सम्बुद्धो पि महिद्धिको
अथ केन नु वण्णेन अहं हेस्सं विमुच्चको

ऋद्धिवान् सम्बुद्ध पनि मृत्यु हुन्छ भने
मजस्ताको त नमर्ने कुरा के गर्नु ?

अप्पायुकं तिरच्छानं दीघायुकञ्च ब्रह्मकं
दुक्खिं दलिद्दं पेतञ्च भोगिं यक्खं सुरम्पि च

अल्पायु पशुपंक्षी दीर्घायु ब्रह्मा
दुःखी दरिद्र प्रेत भोगी यक्ष देव

इत्थिं पुरिसं बालकञ्च युवकञ्च महल्लकं
मच्चु विनास्सन्ति तेसं बिना भेदेन केनचि

स्त्री पुरुष बालक युवा बृद्धालाई
मृत्युले नष्ट गर्छ भेदभाव नगरी

साधु साधु साधु

संक्षिप्त चार आरक्षा भावना

क) चार आर्यसत्य

इदं दुक्खं अरिय सच्चं। १)जाति पि दुक्खा, २)जरा पि दुक्खा, ३)व्याधि पि दुक्खो, ४)मरणम्पिं दुक्खं। ५)अप्पियेहि सम्पयोगो दुक्खो, ६)पियेहि विप्पयोगो दुक्खो। ७)यं इच्छितं न लभति तम्पि दुक्खं। ८)सक्खित्तेन पञ्चुपादनक्खन्धा दुक्खा। सेय्यथिदं रूपुपादानक्खन्धा, वेदनुपादानक्खन्धा, सञ्ञुपादानक्खन्धा, संखारूपादानक्खन्धा, विञ्ञाणुपादानक्खन्धा।

यी ८ दुःख, दुःख आर्यसत्य हुन् १)जन्म पनि दुःख २)जरा पनि दुःख ३)व्याधि पनि दुःख ४)मरण पनि दुःख ५)अप्रियसंग मिलन हुनु दुःख ६)प्रियहरूसंग बिछोड हुनु दुःख ७)जुन इच्छित पाईदैन त्यो पनि दुःख ८)संक्षिप्तमा पञ्च उपादानस्कन्ध, नै दुःख जस्तै- रूपस्कन्ध/वेदनास्कन्ध संज्ञास्कन्ध, संस्कारस्कन्ध विज्ञानस्कन्ध/

इदं दुक्खसमुदयं अरियसच्चं। यायं तण्हा पोनोब्भविका नन्दिराग सहगता तत्रातत्राभिनन्दिनि। सेय्यथिदं १) कामतण्हा २) भवतण्हा ३) विभवतण्हा।

तृष्णा नै दुःख समुदय आर्यसत्य, जुन तृष्णाहरूले पुनर्भव गराउँछ।आशक्ति रागयुक्त जहींतहीं आशक्त, जस्तै- १)कामतृष्णा २)भवतृष्णा ३)विभवतृष्णा

इदं दुक्खनिरोधं अरियसच्चं। यो तस्सायेव तण्हाय/असेस विराग निरोधो चागो, पटिनिस्सगो मुत्ति अनालयो।

निर्वाण नै दुःख निरोध आर्यसत्य, जुन काम भव विभव तृष्णाका/ अशेष वैराग निरोध त्याग, प्रतिनिशर्ग मुक्ति अनाशक्त हुन्छन्।

इदं दुक्खनिरोधगामिनी पटिपदा अरियसच्चं। अयमेव अरियं अट्ठंगिकं मग्गं। सेय्यथिदं- १) सम्मादिट्ठि २) सम्मासंकप्पो ३) सम्मावाचा ४) सम्माकम्मन्तो ५)सम्माआजीवो ६) सम्मावायामो ७) सम्मासति ८) सम्मासमाधि।

दुःख निरोधगामी मार्ग आर्यसत्य, यही नै आर्य अष्टांगिक मार्ग। जस्तै- १) सम्यक् दृष्टि २) सम्यक् संकल्प ३) सम्यक् वचन ४) सम्यक् कर्मान्त ५) सम्यक् जीविका ६) सम्यक् व्यायाम ७) सम्यक् स्मृति ८) सम्यक् समाधि।

ख) मैत्रीभावना

अहं अवेरो होमि अब्यापज्जो होमि
अनीघो होमि सुखी अत्तानं परिहरामि

मै वैररहित होउँ क्रोधरहित होउँ
बाधारहित होउँ सुखी निरोगी होउँ

अहं विय सब्बे सत्ता
अवेरा होन्तु अब्यापज्जा होन्तु
अनीघा होन्तु सुखी अत्तानं परिहरन्तु

मजस्तै सारा प्राणीहरू
वैररहित होउन् क्रोधरहित होउन्
बाधारहित होउन् सुखी निरोगी होउन्

दुक्खा मुच्चन्तु यथा लद्ध सम्पत्तितो
मा विगच्छन्तु कम्मस्सका

दुःख मुक्त होउन् कर्म कै फल हुन्
भोग सम्पत्तिबाट बञ्चित नहोउन्

ग) असुभभावना
अनन्तादीनवो कायों विसरुक्खसमुपमो
सुभतो नं मञ्ञति बालो अविज्जाय पुरक्खतो

अनन्त दोषयुक्त शरीर विषरुखसमान
शुभ देख्छ मूर्खले अविद्याले ढाकेर

दुगन्धो असुची कायो कुणपो एककरूपमो
निन्दितो चक्खुभूतेहि कायो बालाभिनन्दितो

दुर्गन्ध अशुची शरीर लाश चर्पीसमान
निन्दित ज्ञानीद्वारा मूर्खद्वारा प्रशंसित

घ) मरणानुस्मृति
यथा वातेन दीपं झापेय्य
आयुकम्मादि खयेन होति मरणं

हावा आउँदाखेरि दीयो निभेजस्तै
आयुकर्म सकेर मृत्यु प्राप्त हुन्छ

यथेव हि मरन्ति अञ्ञपाणिनो
तथेव धुवं मरणं ममस्स

अन्य प्राणीहरू मरिगएकझैं
म पनि अवश्य मरिजानुपर्छ

साधु साधु साधु

समूह ग
परित्राण सुत्त

परिको अर्थ चारैतिर र त्राणको अर्थ रक्षा गर्नु हो। अर्थात् मानव जीवनमा चारैतिर बाट आउने भय अन्तरायबाट रक्षा गर्नु यसको तात्पर्य हो। बुद्धशिक्षाअनुसार आफ्नो शत्रु बाहिर नभएर अकुशल चित्तहरू नै शत्रु हुन्। वास्तवमा हामीलाई विगार गर्ने वाहिर नभएर भित्रै भएको सन्दर्भमा जसको मनभित्र कमजोर हुन्छ भाई फुटे गंवार लुटे भनेझैं उसलाई मात्र बाहिरी भयत्रास बाधाहरू आइपर्छन्। त्यसैले बाह्य भयत्रास वाधाहरूबाट रक्षा गर्न पहिला आफै मानसिक स्तरबाट सक्षम र सुरक्षित हुनुपर्ने हुनाले आफ्नो रक्षाको लागि उपदेश दिनुभएको बुद्धवचनहरू नै पाठ गर्नुको साथै आचरण गर्नु हाम्रो कर्तव्य हो। त्यसैले अरुलाई दुष्मन देख्नुभन्दा आफ्नो कमजोरी हेरेर सुधार्नु नै वास्तविक बौद्धरक्षा पद्धति हो। यही रक्षा पद्धतिको ज्ञान हासिल गर्न नै परित्राण पाठ गरिन्छ। विशेषगरी बुद्धवचन भएको नाताले बुद्ध, धम्म संघको प्रभावले बाह्य भौतिक लाभ भएकोले पनि परित्राण नियमितरूपमा सबैले पाठ गर्नु लाभप्रद नै हुनेछ। त्यसमा पनि ज्ञान हासिल गरेर आचरणमा ल्याउन सक्नेको जीवनमा भयत्राश बाधाहरू स्वत: हटेर जानेछ, यसवाट मानसिक रूपमा शक्तिको अनुभूति हुनेछ।

बौद्ध समाजमा जुनसुकै शुभ वा अशुभ कार्य गर्दा परित्राण पाठ गरेर संस्कार कर्म समाप्त गर्ने प्रचलन छ। तर आजकाल परित्राण पाठ कुरा नबुझी पाठ गर्दा र एउटै व्यक्ति वा समूहमा भरपर्दा पुरोहित्यांई वा कर्मकाण्डको स्वरूप धारण गर्दै गइरहेको छ। यस दुर्गुणताबाट बच्न यहाँ पालि भाषाको नेपालीमा अनुवाद गरिएको छ भने अर्कोतिर उपासक, उपासिकाहरूले पनि पाठ गर्नुपर्ने प्रेरणा दिइएको छ। परित्राण पाठ गर्दा एउटा गिलास वा आँखोरा वा त्यस्तै कुनै भाँडामा पानी राख्नुपर्छ। तीनसुते धागोले पानीको भाँडो बेरेर, पछि परित्राण सुन्ने मानिसहरूले छेउछेउबाट पक्रिएर बीचका मानिसहरूलाई घेरेर राख्नुपर्दछ। पाठ समाप्त भएपछि तीनसुते धागोलाई रक्षाबन्धनको रूपमा दाहिने हातमा वा गलामा मालाजस्तै बाँध्नुपर्छ र जललाई पिउनुपर्छ।

विशेषगरी बुद्धवचन भएको नाताले परित्राण पाठलाई भौतिक लाभमा मात्र सीमित नराखी मानसिक (आध्यात्मिक) लाभ र ज्ञान लाभको लागि प्रयोग गर्नु श्रेयष्कर हुनेन्छ।

प्रायश: परित्राण सुत्तको अगाडि किन, कसरी, कस्को लागि सुरु भएको हो

त्यसको छोटकरी कारण बताइएको हुन्छ। त्यसलाई निदान (कारण) भनिन्छ। यो निदान पाठ गर्ने प्रमुख व्यक्तिले अनुरोधको रूपमा पाठ गर्नुपर्छ र त्यस अनुरोधअनुसार मूल सुत्त सबैले एकसाथ एकस्वरमा पाठ गर्नुपर्छ। प्रत्येक परित्राणसुत्त पाठपछि निम्न सुत्तको पाठ पनि भन्ने चलन छ। त्यसैले प्रत्येक सुत्तको अन्तमा त्यसरी पाठ गर्दा सुन्ने श्रोताहरूले साधु साधु साधु भनी तीनपल्ट भन्नुपर्दछ र त्यसपछि मात्र अर्को सुत्तपाठ सुरु गर्नुपर्दछ। तर अन्तिम सुत्त (ग.१० महाजयमंगल गाथा वा ग.११ पुब्बण्ह सुत्त) को पछाडि भने उपरोक्त पाठ गर्नुपर्दैन।

एतेन सच्चवज्जेन सोत्थि ते होतु सब्बदा।
एतेन सच्चवज्जेन सब्ब रोगो विनस्सतु।
एतेन सच्चवज्जेन होतु ते जयमंगलं॥

यस सत्य वचनले स्वस्ति होस् तपाईहरूको सर्वदा।
यस सत्य वचनले सबै रोग विनाशियोस्।
यस सत्य वचनले होस् तपाईहरूको जयमंगल॥

ग१. मंगल सुत्त

निदान

यं मंगलं द्वादसहि चिन्तयिंसु सदेवका।
सोत्थानं नाधिगच्छन्ति अट्ठतिंसञ्च मंगलं॥

जुन मंगल बाह्र वर्ष चिन्तन गरे सदेवताले।
कल्याण गर्न नजानिएका अड्तीस मंगलहरू॥

देसितं देवदेवेन सब्ब पाप विनासनं।
सब्ब लोक हितत्थाय मंगलं तं भणाम हे॥

देशित देवाधिदेवले सबै पाप विनाशी।
सबै लोक हितर्थाय मंगल ती पाठ गरौं॥

मूल सुत्त

एवं मे सुतं एकं समयं भगवा सावत्थियं,
विहरति जेतवने अनाथपिण्डिकस्स आरामे।

यस्तो मैले सुनें- एक समय भगवान् श्रावस्तीमा,
अनाथपिण्डिकको जेतवन विहारमा विहार गर्नुहुन्थ्यो।

अथ खो अञ्ञतरा देवता अभिक्कन्ताय रत्तिया,
अभिक्कन्तवण्णा केवलकप्पं जेतवनं ओभासेत्वा

तब कुनै देवता रात्रिको पछिल्लो प्रहरमा,
आफ्नो प्रकाशले जेतवन विहारलाई प्रकाशित गर्दै,

येन भगवा तेनुपसंकमि उपसंकमित्वा,
भगवन्तं अभिवादेत्वा एकमन्तं अट्ठासि

जहाँ भगवान् बस्नुभएको थियो त्यहाँ बसेर,
भगवान्लाई अभिवादन गरेर एकछेउ उभियो ।

एकमन्तं ठिता खो सा देवता,
भगवन्तं गाथाय अज्झभासि ।

एकछेउ उभिएको त्यस देवताले,
भगवान्संग गाथामा विन्ति गऱ्यो ।

बहु देवा मनुस्सा च मंगलानि अचिन्तयुं ।
आकंखमाना सोत्थानं ब्रूहि मंगलमुत्तमं ॥

धेरै देवमनुष्यले मंगल गरे चिन्तन ।
आकांक्षा गरी कल्याणको बताउनुहोस् उत्तममंगल ॥

(भगवान्ले जवाफ दिनुभयो)

असेवना च बालानं पण्डितानञ्च सेवना ।
पूजा च पूजनेय्यानं एतं मंगलमुत्तमं ॥

नगर्नु संगत मूर्खको गर्नु संगत पण्डितको ।
पूजा गर्नु पूजनीयको यही उत्तममंगल ॥

पतिरूप देसवासो च पूब्बे च कतपुञ्ञता ।
अत्त सम्मापणिधि च एतं मंगलमुत्तमं ॥

अनुकूल स्थानको वास पूर्वकृत पुण्यहरू ।
आत्मसम्यक् आचरण यही उत्तममंगल ॥

बाहुसच्चञ्च सिप्पञ्च विनयो च सुसिक्खितो ।
सुभासिता च या वाचा एत्तं मंगलमुत्तमं ॥

बहुश्रुत शिल्प बिद्या विनयमा सुशिक्षित ।
सुभाषित छ जुन वचन यही उत्तममंगल ॥

मातापितु उपट्ठानं पुत्तदारस्स संगहो ।
अनाकुला च कम्मन्ता एतं मंगलमुत्तमं ॥

आमाबाबाको सेवा पुत्रपत्निको उपकार।
गर्नु अनाकुल कर्महरू यही उत्तममंगल॥

दानञ्च धम्मचरिया च ञातकानञ्च संगहो।
अनवज्जानि कम्मानि एतं मंगलमुत्तमं॥

दान गर्नु धर्माचरण आफन्तहरूको उपकार।
गर्नु निर्दोष कर्महरू यही उत्तममंगल॥

आरति विरती पापा मज्जपाना च संयमो।
अप्पमादो च धम्मेसु एतं मंगलमुत्तमं॥

टाढिनु सबै पापबाट मद्यपानमा संयमित।
अप्रमादी हुनु धर्ममा यही उत्तममंगल॥

गारवो च निवातो च सन्तुट्ठि च कतञ्ञुता।
कालेन धम्मस्सवणं एतं मंगलमुत्तमं॥

गौरव राख्नु विनम्रता सन्तुष्टि कृतज्ञता।
समय समयमा धर्मश्रवण यही उत्तममंगल॥

खन्ती च सोवचस्सता समणानञ्च दस्सनं।
कालेन धम्मस्साकच्छा एतं मंगलमुत्तमं॥

सहनशीलता आज्ञाकारीता श्रमणहरूको दर्शन।
समयसमयमा धर्म छलफल यही उत्तममंगल॥

तपो च ब्रह्मचरियञ्च अरियसच्चान दस्सनं।
निब्बान सच्छिकिरिया च एतं मंगलमुत्तमं॥

तपस्या बह्मचर्य आर्यसत्यहरूको दर्शन।
निर्वाणको साक्षात्कार यही उत्तममंगल॥

फुट्ठस्स लोक धम्मेहि चित्तं यस्स न कम्पति।
असोकं विरजं खेमं एतं मंगलमुत्तमं॥

अष्टलोक धम्महरूमा चित्त जसको अकम्पित।
अशोक विरज क्षेम प्राप्त यही उत्तममंगल॥

एतादिसानि कत्वान सब्बत्थमपराजिता।
सब्बत्थ सोत्थिं गच्छन्ति तं तेसं मंगलमुत्तमं ति॥

यस्ता मंगलहरू गरेर हुन्छ सर्वत्र अपराजित।
सर्वत्र कल्याण हुनु नै सबैमा उत्तममंगल॥

ग२. रतन सुत्त

निदान

कोटिसतसहस्सेसु चक्कवालेसु देवता ।
यस्साणं पटिगण्हन्ति येञ्च वेसालिया पुरे ॥

एकलाख करोड चक्रवालका देवताले ।
जुन आज्ञा ग्रहण गर्छन् जुन वैशालि नगरमा ॥

रोगामनुस्सदुब्भिक्खं संभूतं तिविधं भयं ।
खिप्पमन्तरधापेसिं परित्तं तं भणाम हे ॥

रोग अमनुष्य दुर्भिक्ष उत्पन्न त्रिविध भय ।
तुरुन्त नाश भयो परित्राण त्यो पाठ गरौं ॥

मूल सुत्त

यानीध भूतानि समागतानि, भूम्मानि वा यानि व अन्तलिक्खे ।
सब्बेव भूता सुमना भवन्तु, अथोपि सक्कच्च सुणन्तु भासितं ॥

जुन यहाँ सत्वहरू उपस्थित, भूमिमा वा जुन अन्तरिक्षमा ।
सबै सत्वहरू प्रसन्न रहुन्, अनि सत्कारले सुनुन् देशना ॥

तस्माहि भूता निसामेथ सब्बे, मेत्तं करोथ मानुसिया पजाय ।
दिवा च रत्तो च हरन्ति ये बलिं, तस्माहि ने रक्खथ अप्पमत्ता ॥

त्यसैले सत्वहरू सुन सबै, राख मैत्री मानिस प्रजामा ।
दिनरात पाउँछौं जुन पूजा, त्यसैले रक्षा गर भई अप्रमादि ॥

यं किञ्चि वित्तं इध वा हुरं वा, सग्गेसु वा यं रतनं पणीतं ।
न नो समं अत्थि तथागतेन, इदम्पि बुद्धे रतनं पणीतं,
एतेन सच्चेन सुवत्थि होतु ॥

जति पनि सम्पत्ति यहाँ वा त्यहाँ, स्वर्गमा छन् जुन रत्न प्रणीत ।
रतिभर छैन तथागतसमान, यो पनि बुद्धमा रत्न प्रणीत,
यस सत्यद्वारा स्वस्ति होस् ॥

खयं विरागं अमतं पणीतं, यदज्झगा सक्यमुनि समाहितो ।
न तेन धम्मेन समत्थि किञ्चि, इदम्पि धम्मे रतनं पणीतं,
एतेन सच्चेन सुवत्थि होतु ॥

क्षय वैराग अमृत प्रणीत जुन, प्राप्त शाक्यमुनिले भै समाहित ।
छैन त्यस धर्मसमान रति, यो पनि धम्ममा रत्न प्रणीत,
यस सत्यद्वारा स्वस्ति होस् ॥

यं बुद्धसेट्ठो परिवण्णयी सुचिं, समाधिमानन्तरिकञ्ञमाहु ।
समाधिना तेन समो न विज्जति, इदम्पि धम्मे रतनं पणीतं,
एतेन सच्चेन सुवत्थि होतु ॥

जुन बुद्धश्रेष्ठ प्रशंसित शुद्ध, समाधि आनन्तरिकन्य भनिन्छ ।
त्यस समाधिसमान छैन, यो पनि धम्ममा रत्न प्रणीत,
यस सत्यद्वारा स्वस्ति होस् ॥

ये पुग्गला अट्ठ सतंपसत्था, चत्तारि एतानि युगानि होन्ति ।
ते दक्खिणेय्या सुगतस्स सावका, एतेसु दिन्नानि महप्फलानि,
इदम्पि संघे रतनं पणीतं, एतेन सच्चेन सुवत्थि होतु ॥

जुन अष्टपुद्गल सन्त प्रशंसित, चार यिनका जोडी हुन्छन् ।
ती दक्षिणीय सुगतका श्रावक, उनीलाई दिएका महाफलदायी,
यो पनि संघमा रत्न प्रणीत, यस सत्यद्वारा स्वस्ति होस् ॥

ये सुप्पयुत्ता मनसा दल्हेन, निक्कामिनो गोतम सासनम्हि ।
ते पत्तिपत्ता अमत्तं विगय्ह, लध्दामुधा निब्बुतिं भुञ्जमाना,
इदम्पि संघे रतनं पणीतं, एतेन सच्चेन सुवत्थि होतु ॥

जुन उद्योगी दृढ मनले, निष्कामी गौतमको शासनमा ।
ती प्रातब्य अमृतमा प्रविष्ट, प्राप्त शीर्ष विमुक्ति भोगगरी ,
यो पनि संघमा रत्न प्रणीत, यस सत्यद्वारा स्वस्ति होस् ॥

यथिन्दखीलो पठविं सितोसिया, चतुब्भि वातेहि असम्पकम्पियो ।
तथूपमं सप्पुरिसं वदामि, यो अरियसच्चानि अवेच्च पस्सति,
इदम्पि संघे रतनं पणीतं, एतेन सच्चेन सुवत्थि होतु ॥

जसरी इन्द्रकील पृथ्वीमा धसेको, चार हावाद्वारा अकम्पित ।
त्यसरी नै सत्पुरुष भन्दछु, जो आर्यसत्य जानेर देख्दछ,
यो पनि संघमा रत्न प्रणीत, यस सत्यद्वारा स्वस्ति होस् ॥

ये अरियसच्चानि विभावयन्ति, गम्भीर पञ्ञेन सुदेसितानि ।
किञ्चापि ते होन्ति भुसप्पमत्ता, न ते भवं अट्ठमादियन्ति,
इदम्पि संघे रतनं पणीतं, एतेन सच्चेन सुवत्थि होतु ॥

जुन आर्यसत्यहरू प्राप्त गर्छन्, गम्भीर प्रज्ञाद्वारा सुदेशित।
कोही ती भए पनि प्रमादी, गर्दैन ग्रहण ती आठ जन्म,
यो पनि संघमा रत्न प्रणीत, यस सत्यद्वारा स्वस्ति होस्॥

सहावस्स दस्सन सम्पदाय, तयस्सु धम्मा जहिता भवन्ति।
सक्कायदिट्ठि विचिकिच्छितञ्च, सीलब्बतं वापि यदत्थि किञ्चि॥

हुनासाथ उनको दर्शन पूर्ण, तीन धम्महरू छाड्ने हुन्छन्।
सत्कायदृष्टि विचिकित्सा र शीलव्रत जुन छन् रति॥

चतुहपायेहि च विप्पमुत्तो, छच्चाभिठानानि अभब्बकातुं।
इदम्पि संघे रतनं पणीतं, एतेन सच्चेन सुवत्थि होतु॥

चार अपायबाट विमुक्त, ६ महापाप गर्न अयोग्य।
यो पनि संघमा रत्न प्रणीत, यस सत्यद्वारा स्वस्ति होस्॥

किञ्चा पि सो कम्मं करोति पापकं, कायेन वाचा उद चेतसा वा।
अभब्बो सो तस्स पटिच्छादाय, अभब्बता दिट्ठपदस्स वुत्ता,
इदम्पि संघे रतनं पणीतं, एतेन सच्चेन सुवत्थि होतु॥

जति पनि ऊ कर्म गर्छ पाप, काय वचन वा मनद्वारा।
अयोग्य उसको ती छोप्नलाई, अयोग्यता दृष्टपदको भनियो,
यो पनि संघमा रत्न प्रणीत, यस सत्यद्वारा स्वस्ति होस्॥

वनप्पगुम्बे यथा फुस्सितग्गे, गिम्हान मासे पठमस्मिं गिम्हे।
तथूपमं धम्मवरं अदेसयि, निब्बानगामिं परमं हिताय,
इदम्पि बुद्धे रतनं पणीतं, एतेन सच्चेन सुवत्थि होतु।

वनमा जसरी टुसाउँछ पालुवा, बसन्तऋतुको प्रथमयाममा।
त्यसरी नै उत्तमधर्म बताइयो, निर्वाणगामि परमहिताय,
यो पनि बुद्धमा रत्न प्रणीत, यस सत्यद्वारा स्वस्ति होस्॥

वरो वरञ्ञू वरदो वराहरो, अनुत्तरो धम्मवरं अदेसयि।
इदम्पि बुद्धे रतनं पणीतं, एतेन सच्चेन सुवत्थि होतु॥

वर वरज्ञा वरदायी वरधारी, अद्वितीय उत्तमधर्म बताइयो।
यो पनि बुद्धमा रत्न प्रणीत, यस सत्यद्वारा स्वस्ति होस्॥

खीणं पुराणं नवं नत्थि सम्भवं, विरत्त चित्ता आयतिके भवस्मिं।
ते खीणवीजा अविरुल्हिच्छन्दा, निब्बन्ति धीरा यथायम्पदीपो।
इदम्पि संघे रतनं पणीतं, एतेन सच्चेन सुवत्थि होतु॥

क्षय पुरानो नयाँ छैन सम्भव, विरत्तचित्त पुनर्जन्ममा ।
ती क्षीणबीज चुँडिएको तृष्णा, हुन्छन् मुक्त धीर जसरी प्रदीप,
यो पनि संघमा रत्न प्रणीत, यस सत्यद्वारा स्वस्ति होस् ॥

यानीध भूतानि समागतानि, भूम्मानि वा यानि व अन्तलिक्खे ।
तथागतं देवमनुस्स पूजितं, बुद्धं नमस्साम सुवत्थि होतु ॥

जुन यहाँ सत्वहरू उपस्थित, भूमिमा वा जुन अन्तरिक्षमा ।
तथागत देवमनुष्यद्वारा पूजित, बुद्धलाई नमस्कार गर्छौं स्वस्ति होस् ।

यानीध भूतानि समागतानि, भूम्मानि वा यानि व अन्तलिक्खे ।
तथागतं देवमनुस्स पूजितं, धम्मं नमस्साम सुवत्थि होतु ॥

जुन यहाँ सत्वहरू उपस्थित, भूमिमा वा जुन अन्तरिक्षमा ।
तथागत देवमनुष्यद्वारा पूजित, धम्मलाई नमस्कार गर्छौं स्वस्ति होस्।

यानीध भूतानि समागतानि, भूम्मानि वा यानि व अन्तलिक्खे ।
तथागतं देवमनुस्स पूजितं, संघं नमस्साम सुवत्थि होतु ॥

जुन यहाँ सत्वहरू उपस्थित, भूमिमा वा जुन अन्तरिक्षमा ।
तथागत देवमनुष्यद्वारा पूजित, संघलाई नमस्कार गर्छौं स्वस्ति होस्।

ग३. मेत्त सुत्तं

निदान

यस्सानुभावतो यक्खा नेवदस्सेन्ति भिसनं ।
यम्हि चेवानुयुञ्जन्तो रतिन्दिवमतन्दितो ॥

जसको आनुभावले यक्षहरू देखाउँदैनन् भयानक ।
जसमा निरालसि भई रातदिन लागिरहनाले ॥

सुखं सुपति सुत्तो च पापं किञ्चि न पस्सति ।
एवमादि गुणुपेतं परित्तं तं भणाम हे ॥

सुखकर निद्रा लाग्दछ पाप एकरति देखिँदैन ।
यस्ता अनेक गुणयुक्त परित्राण त्यो पाठ गरौं ॥

मूल सुत्त

करणीयमत्थ कुसलेन यन्तं सन्तं पदं अभिसमेच्च ।
सक्को उजु च सुहजू च सुवचो चस्स मुदु अनतिमानि ॥

करणीय यी कुशलद्वारा जसलाई चाहिन्छ शान्तिपद ।
सामर्थ्य सोझो सरलचित्त सुवचन मृदु अनभिमानी ॥

सन्तुस्सको च सुभरो च अप्पकिच्चो च सल्लहुक वुत्ति ।
सन्तिन्द्रियो च निपको च अप्पगब्भो कुलेसु अननुगिद्धो ॥

सन्तोषी तथा पाल्न सजिलो अल्पकृत्य सरलवृत्ति ।
शान्त इन्द्रिय पाको बुद्धि लज्जालु कुलमा अनाशक्त ॥

नच खुद्दं समाचरे किञ्चि येन विञ्ञू परे उपवदेय्युं ।
सुखिनो वा खेमिनो होन्तु सब्बे सत्ता भवन्तु सुखीतत्ता ॥

नगर्नु साना कुरा पनि जसको विद्वानद्वारा अपवाद ।
सुखी होस् भयरहित होस् सबै सत्व होस् सुखी सदा ॥

ये केचि पाण भूतत्थि तसा वा थावरा वा अनवसेसा ।
दीघा वा येव महन्ता वा मज्झिमा रस्सका अणुकथुला ॥

जुनसुकै पनि प्राणी उत्पन्न चञ्चल स्थिर वा अनवशेष ।
लामा वा जुन ठूला मध्यम छोटो वा शूक्ष्म अतिशूक्ष्म ॥

दिट्ठा वा येव अदिट्ठा ये च दूरे वसन्ति अविदूरे ।
भूता वा सम्भवेसी वा सब्बे सत्ता भवन्तु सुखीतत्ता ॥

दृश्य वा जुन अदृश्य जुन बस्छन् नगिच वा टाढा ॥
जन्मेका वा सम्भावित सबै सत्व होस् सुखी सदा ॥

न परो परं निकुब्बेथ नातिमञ्ञेथ कत्थचि नं कञ्चि ।
व्यारोसना पटिघसञ्ञा नाञ्ञमञ्ञस्स दुक्खमिच्छेय्य ॥

नहुनु क्रुद्ध अरु प्राणीप्रति नगर्नु अपमान कसैको पनि ।
वैमनस्य प्रतिघात चित्त दुःखको इच्छा एक आपसमा ॥

माता यथा नियं पुत्तं आयुसा एक पुत्तं अनुरक्खे ।
एवम्पि सब्ब भूतेसु मानसं भावये अपरिमाणं ॥

जसरी आमाले जीवनभर एक्लो छोरालाई रक्षा गर्छिन् ।
त्यसरी नै सबै प्राणीप्रति राख्नु असिम मनमा धारणा ॥

मेतञ्च सब्ब लोकस्मिं मानसं भावये अपरिमाणं ।
उद्धं अधो च तिरियञ्च असम्बाधं अवेरं असपत्तं ॥

राख्नु मैत्री सबै लोकमा राख्नु असिम मनमा धारणा ।
माथि तल जताततै गर्नु असम्बाध अवेर अभेदभाव ॥

तिट्ठं चरं निसिन्नो वा सयानो वा याव तस्स विगतमिद्धो ।
एतं सतिं अधिटठेय्य ब्रह्ममेतं विहारं इधमाहू ॥

उठ्दा हिंड्दा बस्दा सुत्दा वा जबसम्म ब्युंझिरहँदा ।
बस्नु यसरी स्मृतिपूर्वक जसलाई भनिन्छ ब्रह्मविहार ॥

दिट्ठिञ्च अनुपगम्म सीलवा दस्सनेन सम्पन्नो ।
कामेसु विनय्यगेधं न हि जातु गब्भसेय्यं पुनरेती ति ॥

मिथ्यादृष्टिरहित शीलवान ज्ञानदर्शनद्वारा सम्पन्न ।
विनाश गरी कामतृष्णाको हुँदैन पुनर्जन्म फेरिफेरि ॥

ग४. खन्ध परित्त

निदान

सब्बासिवीसजातीनं दिब्बमन्तं गदं विय ।
यं नासेति विसं घोरं सेसं चापि परिस्सयं ॥

सबै सर्पविष जातिमा दिव्यमन्त्र औषधीजस्तै ।
जसले नास्दछ घोर विष शेष भएको पनि खतरा ॥

आणाखेत्तम्हि सब्बत्थ सब्बदा सब्बपाणिनं ।
सब्बसोपि विनाशेति परित्तं तं भणामहे ॥

आज्ञाक्षेत्रमा सर्वत्र सर्वदा सबै प्राणीका ।
सबै प्रकारले विनाश गर्दछ परित्राण त्यो पाठ गरौं ॥

मूल सुत्त

विरूपक्खेहि मे मेत्तं मेत्तं एरापथेहि मे ।
छब्यापुत्तेहि मे मेत्तं मेत्तं कण्हागोतमकेहि च ॥

विरूपाक्षसंग छ मेरो मैत्री, मैत्री छ एरापथसंग मेरो ।
छब्यापुत्रसंग छ मेरो मैत्री, मैत्री छ कृष्णगोतमसंग मेरो ॥

अपादकेहि मे मेत्तं मेत्तं द्विपादकेहि मे ।
चतुप्पदेहि मे मेत्तं मेत्तं बहुप्पदेहि मे ॥

खुट्टारहितसंग छ मेरो मैत्री, मैत्री छ दुईखुट्टेसंग मेरो ।
चारखुट्टेसंग छ मेरो मैत्री, मैत्री छ बहुखुट्टेसंग मेरो ।

मा मं अपादको हिंसि मा मं हिंसि द्विपादको ।
मा मं चतुप्पदो हिंसि मा मं हिंसि बहुप्पदो ॥

नगरोस् मेरो खुट्टारहितले हिंसा, नगरोस् मेरो हिंसा दुईखुट्टेले ।
नगरोस् मेरो चारखुट्टेले हिंसा, नगरोस् मेरो हिंसा बहुखुट्टेले ॥

सब्बे सत्ता सब्बे पाणा सब्बे भूता च केवला ।
सब्बे भद्रानि पस्सन्तु मा कञ्चि पापमागमा ॥

सबै सत्व सबै प्राणी सबै जन्मिएका समस्त ।
सबै भद्र देखिउन् नजाउन् कोही पापमार्गमा ॥

अप्पमाणो बुद्धो, अप्पमाणो धम्मो,
अम्ममाणो संघो, पमाणवन्तानि सिरिंसपानि,

अप्रमाण बुद्ध अप्रमाण धम्म
अप्रमाण संघ प्रमाणयुक्त घिस्रिने प्राणी,

अहि विच्छिका सतपदी,उण्णनाभि सरबू मूसिका,
कता मे रक्खा, कता मे परित्ता,पटिक्कमन्तु भूतानि,

सर्प, विच्छी, खजुरो,
माकुरा, माउसुली, मुसाहरूबाट,
मैले रक्षा गरिसकें, मैले परित्राण गरिसकें,
हटेर जाउन ती प्राणीहरू,

सोहं नमो भगवतो,नमो सत्तन्नं सम्मासम्बुद्धानन्ति ।

उहाँ भगवान्लाई मेरो नमस्कार, नमस्कार सातै सम्बुद्धहरूलाई

ग५. मेत्तानिसंस सुत्त

निदान

पूरेन्तो बोधिसम्भारे, नाथो तेमिय जातियं ।
मेत्तानिसंसं यं आह, सुनन्दं नाम सारथिं ।
सब्बलोक हितत्थाय, परित्तं तं भणाम हे ॥

पूर्ण गर्नुहुँदै बोधिसम्भार नाथले तेमिय जातकमा ।
मैत्री आनिशंस जुन भन्नुभयो सुनन्द नामको सारथीलाई ।
सवै लोक हितर्थाय परित्राण त्यो पाठ गरौं ॥

मूल सुत्त

पहूतभक्खो भवति, विप्पवुत्थो सका घरा।
बहु नं उपजीवन्ति, यो मित्तानं न दूभति॥

प्रशस्त खाद्यवस्तु हुन्छ प्रवासमा वा निजीघरमा।
सबैलाई आश्रय दिन्छ जो मित्रद्रोह गर्दैन॥

यं यं जनपदं याति, निगमे राजधानियो।
सब्बत्थ पूजितो होति, यो मित्तानं न दूभति॥

जुनजुन जनपदमा जान्छ नगर वा राजधानीमा।
सर्वत्र पूजित हुन्छ जो मित्रद्रोह गर्दैन॥

नास्स चोरा पसहन्ति, नातिमञ्ञेति खत्तियो।
सब्बे अमित्ते तरति, यो मित्तानं नं दूभति॥

न उसलाई चोरले सताउँछ न गर्दछ अपमान राजाले।
सबै शत्रुहरूमा तर्दछ जो मित्रद्रोह गर्दैन॥

अक्कुद्धो सघरं एति, सभाय पटिनन्दितो।
ञातीनं उत्तमो होति, यो मित्तानं नं दूभति॥

प्रशन्न भई घरमा आउँदछ सभामा हुन्छ प्रतिनन्दित।
आफन्तहरूको उत्तम हुन्छ जो मित्रद्रोह गर्दैन।

सक्कत्वा सक्कतो होति, गरु होति सगारवो।
वण्णकित्ति भतो होति, यो मित्तानं न दूभति॥

सत्कार गर्दै सत्कारित हुन्छ गौरव गर्दै गौरवान्वित।
वर्णकीर्ति उसको वशमा हुन्छ जो मित्रद्रोह गर्दैन॥

पूजको लभते पूजं, वन्दको पटिवन्दनं।
यसो कित्तिञ्च पप्पोति, यो मित्तानं न दूभति॥

पूजक पाउँछ पूजा गर्दै वन्दक गर्दै प्रतिवन्दना।
यश कीर्ति पनि पाउँछ जो मित्रद्रोह गर्दैन।

अग्गि यथा पज्जलति, देवताव विरोचति।
सिरिया अजहितो होति, यो मित्तानं न दूभति॥

हुन्छ अग्निजस्तै प्रज्ज्वलित देवताजस्तै प्रकाशमान।
श्री ऐश्वर्य नत्यागिने हुन्छ जो मित्रद्रोह गर्दैन॥

गावो तस्स पजायन्ति खेत्ते वुत्तं विरुहति।
पुत्तानं फलमस्नाति, यो मित्तानं न दूभति॥

गाई उस्को व्याउँछ खेतमा बालि लाग्दछ ।
छोराहरूले फल खान्छन् जो मित्रद्रोह गर्दैन ॥

दरितो पब्बतातो वा, रुक्खातो पतितो नरो ।
चुतो पतिट्ठं लभति यो मित्तानं न दूभति ॥

भीरबाट वा पर्वतबाट रुखबाट खसेको मानिसले ।
खस्दाखेरि सहायता पाउँछ जो मित्रद्रोह गर्दैन ॥

विरुल्ह मूलसन्तानं, निग्रोधमिव मालुतो ।
अमित्ता नप्पसहन्ति, यो मित्तानं न दूभति ॥

निग्रोध जरालाई हावाले बिगार्न नसकेझैं ।
शत्रुहरूले सताउँदैनन् जो मित्रद्रोह गर्दैन ॥

ग. ६. आलवक सुत्त

आलवक यक्षको प्रश्न र भगवान्को जवाफ

अब हामी आलवक सुत्त पाठ गरौं ।

किंसूध वित्तं पुरिसस्स सेट्ठं, किंसु सुचिण्णो सुखमावहाति ।
किंसु हवे सादुतरं रसानं, कथं जीविं जीवितमाहु सेट्ठन्ति ॥

कुन सम्पत्ति पुरुषको श्रेष्ठ ? कुन अभ्यासले सुख ल्याउँछ ?
कुन वास्तवमा हुन्छ अत्युत्तम रस ? कसरी जीएमा श्रेष्ठजीवन भनिन्छ ?

सद्धीध वित्तं पुरिसस्स सेट्ठं, धम्मो सुचिण्णो सुखमावहाति ।
सच्चं हवे सादुतरं रसानं, पञ्ञाजीविं जीवितमाहु सेट्ठन्ति ॥

श्रद्धा सम्पत्ति नै पुरुषको श्रेष्ठ, धार्मिक अभ्यासले सुख ल्याउँछ ।
सत्य वास्तवमा अतिउत्तम रसमा, प्रज्ञाजीवन श्रेष्ठजीवन भनिन्छ ॥

कथं सु तरती ओघं, कथं सु तरती अण्णवं ।
कथं सु दुक्खं अच्चेति, कथं सु परिसुज्झति ॥

कसरी राम्ररी तर्दछ क्लेशबाढी ? कसरी राम्ररी तर्दछ भवसागर ?
कसरी राम्ररी दुःख टाढिन्छ ? कसरी राम्ररी परिशुद्ध हुन्छ ?

सद्धाय तरती ओघं, अप्पमादेन अण्णवं ।
विरियेन दुक्खं अच्चेति, पञ्ञाय परिसुज्झति ॥

श्रद्धाले तर्दछ क्लेशबाढी, अप्रमादले तर्दछ भवसागर ।
वीर्यले दुःख टाढिन्छ, प्रज्ञाले परिशुद्ध हुन्छ ॥

कथं सु लभते पञ्ञा, कथं सु विन्दते धनं ।
कथं सु कित्तिं पप्पोति, कथं मित्तानि गन्थति ।
अस्मा लोका परं लोकं, कथं पेच्च न सोचति ॥

कसरी राम्ररी पाउँछ प्रज्ञा ? कसरी राम्ररी कमाउँछ धन ?
कसरी राम्ररी कीर्ति प्राप्ति ? कसरी राम्ररी मित्रलाभ गर्छ ?
यस लोकबाट जाने बेलामा, कसरी परलोकमा गर्दैन शोक ?

सद्दहानो अरहतं, धम्मं निब्बानपत्तिया ।
सुस्सूसा लभते पञ्ञा, अप्पमत्तो विचक्खणो ॥

श्रद्धा राख्दै अरहन्तमा, धम्म निर्वाणप्राप्तिलाई ।
शुश्रुषाले पाउँछ प्रज्ञा, भई अप्रमादि विचक्षण ॥

पतिरूपकारी धुरवा, उट्ठाता विन्दते धनं ।
सच्चेन कित्तिं पप्पोति, ददं मित्तानि गन्थति ॥

प्रतिरूपकारी परिश्रमी, उत्साहीले कमाउँछ धन ।
सत्यले कीर्ति प्राप्ति, दिएर मित्रलाभ गर्दछ ॥

यस्सेते चतुरा धम्मा, सद्धस्स घरमेसिनो ।
सच्चं धम्मो धिति चागो, स वे पेच्च न सोचति ।
अस्मा लोका परं लोकं, स वे पेच्च न सोचति ॥

जोसंग छन् यी चार धम्म, श्रद्धालु घरवासीको ।
सत्य धर्म धैर्य त्याग, ऊ नै परलोकमा गर्दैन शोक ।
यसलोकबाट जाने बेलामा, ऊ नै परलोकमा गर्दैन शोक ॥

इध अञ्ञेपि पुच्छस्सु, पुथू समणब्राह्मणे ।
यदि सच्चा दमा चागा, खन्त्या भिय्यो न विज्जति ॥

हेर अरुलाई पनि सोधेर, पृथकजन श्रमण ब्राह्मणसंग ।
यदि सत्य दम त्याग, क्षान्तिभन्दा छ कि बढी उत्तम ॥

कथन्नुदानि पुच्छेय्यं, पुथू समणब्राह्मणे ।
सोहं अज्ज पजानामि, यो चत्थो सम्परायिको ॥

किन यहाँ सोध्नुपर्छ, पुथकजन श्रमण ब्राह्मणसंग ।
त्यो मैले आज जानिसकें, जुनचाँहि छ परमार्थको ॥

अत्थाय वत मे बुद्धो, वासायालविं आगमि ।
सोहं अज्ज पजानामि, यत्थ दिन्नं महप्फलं ॥

मेरो कल्याणको लागि बुद्ध, आलविमा वासार्थ आउनुभयो ।
त्यो मैले आज जानें, जहाँ दिनाले हुन्छ महाफल ॥

सो अहं विचरिस्सामि, गामा गामं पुरा पुरं ।
नमस्समानो सम्बुद्धं, धम्मस्स च सुधम्मतन्ति ॥

अतः म विचरण गर्नेछु, गाउँगाउँ नगरनगरमा ।
नमस्कार गर्दै सम्बुद्धलाई, धम्मलाई र संघलाई ॥

ग७. पराभव सुत्त

(देवताको प्रश्न र भगवान्को जवाफ- सुत्त लामो हुने हुनाले देवताले गरेको प्रश्नको केही सुत्तलाई छोट्याइएको छ। विस्तृतको लागि मूल सुत्त हेर्नुहोला।)

अब हामी पराभव सुत्त पाठ गरौं ।
पराभवन्तं पुरिसं, मयं पुच्छाम गोतमं ।
भगवन्तं पुट्ठुमागम्म, किं पराभवतो मुखं ॥

पतन्नोमुख पुरुष बारे, हामी सोध्दछौं गौतम ।
भगवान्संग सोध्न आयौं, पतनको के कारण ?

सुविजानो* भवं होति, सुविजानो पराभवो ।
धम्मकामो भवं होति, धम्मदस्सी पराभवो ॥

सुजानकारको उन्नति हुन्छ, हुन्छ सुजानकारको पतन ।
धम्मकामी उन्नति हुन्छ, हुन्छ धम्मदर्शी पतन ॥

असन्तस्स पिया होन्ति, सन्ते न कुरुते पियं ।
असतं धम्मं रोचेति, तं पराभवतो मुखं ॥

असन्तहरू प्रिय हुन्छन्, सन्तहरू हुँदैन प्रिय ।
असत्धम्म रुचाउँछ, त्यो पतनको कारण ॥

* यस गाथा बारे मतभेद छ। कसैले भन्छ- सुविजानो- अर्थात राम्ररी जानिन्छ। यस अर्थलाई स्वीकार गर्ने हो भने **धम्मकामो भवं होति**को अर्थ उन्नतिको राम्ररी धम्मइच्छा हुन्छ हुनजान्छ, जुन गलत अर्थ हो । यस सुत्तको सम्पूर्ण गाथा कर्ता विभक्तिमा छन्, जस्तै-धम्मकामो, निद्दासीली, इत्थिधुत्तो असन्तुट्ठो। त्यसैले सुविजानोको अर्थ राम्ररी जानिन्छ नभइकन सुजानकार वा विद्वान नै हुन्छ। आयुष्मान् अश्वघोष महास्थविरको पनि यही अर्थ-राय रहेको छ ।

निद्दासीली सभासीली, अनुट्ठाता च यो नरो ।
अलसो कोधपञ्ञाणो, तं पराभवतो मुखं ॥

निंद्रालु सभाप्रेमी, उद्योगहीन छ जो नर ।
आलसी, क्रोधबुद्धि, त्यो पतनको कारण ॥

यो मातरं वा पितरं वा, जिण्णकं गतयोब्बनं ।
पहुसन्तो न भरति, तं पराभवतो मुखं ॥

जो आमालाई वा बाबालाई, वा दुर्बल वयोबृद्धलाई ।
सामर्थ्य भई गर्दैन पोषण, त्यो पतनको कारण ॥

यो ब्राह्मणं वा समणं वा, अञ्ञं वा पि वनिब्बकं ।
मुसावादेन वञ्चेति, तं पराभवतो मुखं ॥

जो ब्राह्मण श्रमण वा, अरु कोही पनि याचकलाई ।
झूठो वचनले ठग्दछ, त्यो पतनको कारण ॥

पहूतवित्तो पुरिसो, सहिरञ्ञो सभोजनो
एको भुञ्जति सादुनि, तं पराभवतो मुखं ॥

सम्पत्तिसम्पन्न पुरुष, साथै हिरण्य सुभोजन ।
मीठो खान्छ एक्लै मात्र, त्यो पतनको कारण ॥

जातित्थद्धो धनत्थद्धो, गोत्तत्थद्धो च यो नरो ।
सञ्ञातिं अतिमञ्ञेति, तं पराभवतो मुखं ॥

जन्माभिमानी धनाभिमानी, गोत्राभिमानी छ जो नर ।
गर्दछ अपमान नातेदारको, त्यो पतनको कारण ॥

इत्थिधुत्तो सुराधुत्तो, अक्खधुत्तो च यो नरो ।
लद्धं लद्धं विनासेति, तं पराभवतो मुखं ॥

स्त्रीधूर्त, सुराधूर्त, जुवाधूर्त छ जो नर ।
पाए जति विनाश गर्छ, त्यो पतनको कारण ॥

सेहि दारेहि असन्तुट्ठो, वेसियासु पदिस्सति ।
दिस्सति परदारेसु, तं पराभवतो मुखं ॥

स्वपत्निसंग असन्तुष्ट, वेश्यासंग पल्किन्छ ।
आँखा लाउँछ परस्त्रीमा, त्यो पतनको कारण ॥

अतीत योब्बनो पोसो, आनेति तिम्बरुत्थनिं ।
तस्सा इस्सा न सुपति, तं पराभवतो मुखं ॥

यौवन बितेर पालिनुपर्नेले, ल्याउँछ पुष्टस्तन भएकी ।
उस्को इर्ष्याले सुत्दैन, त्यो पतनको कारण ॥

इत्थि सोण्डिं विकिरणिं, पुरिसं वापि तादिसं ।
इस्सरियस्मिं ठपापेति, तं पराभवतो मुखं ॥

रक्सिया नाशक स्त्री, पुरुष वा त्यस्तै समानलाई ।
ऐश्वर्यमा नियुक्त गरेमा, त्यो पतनको कारण ॥

अप्पभोगो महातण्हो, खत्तिये जायते कुले ।
सो च रज्जं पट्ठयति, तं पराभवतो मुखं ॥

अल्पभोगी महातृष्णावान् क्षत्रिय कुलमा जन्मेको ।
उस्ले राज्यको इच्छा गर्छ त्यो पतनको कारण ॥

एते पराभवे लोके, पण्डितो समवेक्खिया ।
अरियो दस्सनसम्पन्नो, स लोकं भजते सिवन्ति ॥

लोकमा यिनै पतनहरू पण्डितले राम्ररी जान्दछ ।
आर्यदर्शनसम्पन्न ऊ लोकमा भोग्दछ कल्याण ॥

ग८. वसल सुत्त

अब हामी वसल सुत्त पाठ गरौं ।

कोधनो उपनाही च, पापमक्खी च यो नरो ।
विपन्नदिट्ठि मायावी, तं जञ्ञा वसलो इति ॥

क्रोधी वैरी स्वभावको, कञ्जुस छ जो नर ।
मिथ्यादृष्टिक मायावी, ऊ जानिन्छ शूद्र भनी ॥

एकजं वा द्विजं वा पि, योध पाणानि हिंसति ।
यस्स पाणे दया नत्थि, तं जञ्ञा वसलो इति ॥

योनिज वा अण्डजलाई, जसले प्राणीहिंसा गर्दछ ।
जसको प्राणीप्रति दया छैन, ऊ जानिन्छ शूद्र भनी ॥

यो हन्ति परिरुन्धति, गामानि निगमानि च ।
निग्गाहको समञ्ञातो, तं जञ्ञा वसलो इति ॥

जो मार्दछ बारबार दुःख दिन्छ, गाउँ वा शहरहरूमा ।
आततायी भनी चिनिने, ऊ जानिन्छ शूद्र भनी ॥

गामे वा यदि वा रञ्ञे, यं परेसं ममायितं।
थेय्या अदिन्नं आदियति, तं जञ्ञा वसलो इति॥

गाउँमा होस् वा जंगलमा, जुन अरुको ममत्व भएको।
चोरी परसम्पत्ति हरण गर्छ, ऊ जानिन्छ शूद्र भनी॥

यो हवे इणमादाय, चुज्जमानो पलायति।
न हि ते इणमत्थीति, तं जञ्ञा वसलो इति॥

जो वास्तवमा ऋण लिएर, मागन आउंदा भाग्दछ।
छैन तिम्रो ऋण भनी, ऊ जानिन्छ शूद्र भनी॥

यो वे किञ्चिक्खकम्यता, पन्थस्मिं वजन्तं जनं।
हन्त्वा किञ्चिक्खमादेति, तं जञ्ञा वसलो इति॥

जो कुनै वस्तुको इच्छाले बाटोमा हिंड्ने बटुवालाई।
मारेर कुनै वस्तु लिन्छ ऊ जानिन्छ शूद्र भनी॥

यो अत्तहेतु परहेतु, धनहेतु च यो नरो।
सक्खिपुट्ठो मुसा ब्रूति, तं जञ्ञा वसलो इति॥

जो आफ्नो लागि अरुको लागि, धनको लागि जो नर।
साक्षी बस्दा भूठो बोल्छ, ऊ जानिन्छ शूद्र भनी॥

यो ञातीनं सखीनं वा, दारेसु पटिदिस्सति।
सहसा सम्पियेन वा, तं जञ्ञा वसलो इति॥

जो आफन्तको वा साथीको, पत्निमा आँखा लाउँछ।
जबर्जस्ती वा प्रेमले बिगार्छ, ऊ जानिन्छ शूद्र भनी॥

यो मातरं वा पितरं वा, जिण्णकं गतयोब्बनं।
पहुसन्तो न भरति तं जञ्ञा वसलो इति॥

जो आमालाई वा बाबालाई, वा दुर्बल वयोबृद्धलाई।
सामर्थ्य भई गर्दैन पोषण, ऊ जानिन्छ शूद्र भनी॥

यो मातरं वा पितरं वा, भातरं भगिनिं ससुं।
हन्ति रोसेति वाचाय, तं जञ्ञा वसलो इति॥

जो आमाबाबा दाजुभाई वा, दिदीबहिनी सासुलाई।
पिट्दछ गाली गर्दछ, ऊ जानिन्छ शूद्र भनी॥

यो अत्थं पुच्छितो सन्तो, अनत्थमनुसासति।
पटिच्छन्नेन मन्तेति, तं जञ्ञा वसलो इति॥

ठीक अर्थ सोध्दा, जो अनर्थ बताउंदछ।
बुझ्न पचाएर ढांट्दछ, ऊ जानिन्छ शूद्र भनी ॥

योो कत्वा पापकं कम्मं, मा मं जञ्ञाति इच्छति।
यो पटिच्छन्नकम्मन्तो, तं जञ्ञा वसलो इति ॥

जो गरेर पापकर्म मेरो, नजानोस् भनी इच्छा गर्दछ।
जो ढाकछोप काम गर्दछ, ऊ जानिन्छ शूद्र भनी ॥

यो वे परकुलं गन्त्वा, भुत्वान सुचिभोजनं।
आगतं न पटिपूजेति, तं जञ्ञा वसलो इति ॥

जो वास्तवमा परकुलमा गएर, खान्छ स्वादिष्ट भोजन।
आफूकहाँ आउंदा सत्कार गर्दैन, ऊ जानिन्छ शूद्र भनी ॥

यो ब्राह्मणं वा समणं वा, अञ्ञं वापि वणीब्बकं।
मुसावादेन वञ्चेति, तं जञ्ञा वसलो इति ॥

जो ब्राह्मण श्रमणलाई वा, अरु कोही याचकलाई।
झूठो बोलेर ठग्दछ, ऊ जानिन्छ शूद्र भनी ॥

यो ब्राह्मणं वा समणं वा, भत्तकाले उपट्ठिते।
रोसेति वाचा न च देति, तं जञ्ञा वसलो इति ॥

यो ब्राह्मणं वा श्रमण, भोजनकालमा उपस्थित।
गाली गरेर भिक्षा दिदैन, ऊ जानिन्छ शूद्र भनी ॥

असतं योध पब्रूति, मोहेन पलिगुण्ठितो।
किञ्चिक्खं निजिगिसानो, तं जञ्ञा वसलो इति ॥

असत्य जसले बोल्छ, अज्ञानले मोहित भई।
तुच्छ लोभले ढोंग गर्दछ, ऊ जानिन्छ शूद्र भनी ॥

यो चत्तानं समुक्कंसे, परञ्च मवजानति।
निहीनो सेन मानेन, तं जञ्ञा वसलो इति ॥

जो आफूलाई ठूलो ठानेर, अरुलाई होच्याउँछ।
हीनकर्म गर्छ अहंकारले, ऊ जानिन्छ शूद्र भनी ॥

रोसको कदरियो च, पापिच्छो मच्छरी सठो।
अहिरीको अनोत्तप्पी, तं जञ्ञा वसलो इति ॥

रिसाहा लोभी पापेच्छुक, कञ्जुस र छली।
निर्लज्ज निडर पाप गर्नुमा, ऊ जानिन्छ शूद्र भनी ॥

यो बुद्धं परिभासति, अथवा तस्स सावकं ।
परिब्बाजं गहट्ठं वा, तं जञ्ञा वसलो इति ॥

जसले बुद्धलाई निन्दा गर्छ, वा उहाँको श्रावकलाई ।
सन्यासी वा गृहस्थीलाई, ऊ जानिन्छ शूद्र भनी ॥

यो वे अनरहं सन्तो, अरहं पटिजानाति ।
चोरो सब्रह्मके लोके, एस खो वसलाधमो ॥

जो वास्तवमा अरहन्त नभएर, अरहन्त भएँ भन्दछ ।
चोर हो बह्मसहितको लोकमा, ऊ हो शूद्र अधम ॥

एते खो वसला वुत्ता, मया वो ये पकासिता ।
न जच्चा वसलो होति, न जच्चा होति ब्राह्मणो ।
कम्मना वसलो होति, कम्मना होति ब्राह्मणो ॥

यसरी जुन शूद्र बारे, मैले तिमीलाई बताइदिएं ।
न जातले शूद्र हुन्छ, न जातले हुन्छ ब्राह्मण ।
कर्मले नै शूद्र हुन्छ, कर्मले नै हुन्छ ब्राह्मण ॥

तदमिना पि जानाथ, यथामेदं निदस्सनं ।
चण्डालपुत्तो सोपाको, मातंगो इति विस्सुतो ॥

यसरी पनि जानिन्छ, जसरी यो निर्देशनले ।
चण्डालपुत्र सोपाक भए, मातंग ऋषि भनी विख्यात ॥

सो यसं परमं पत्तो, मातंगो यं सुदुल्लभं ।
आगञ्छुं तस्सुपट्ठानं, खत्तिया ब्राह्मणा बहू ॥

जो यश परमपद प्राप्त, मातंगले जुन सुदुर्लभ ।
आउँथे उसको सेवा गर्न, क्षत्रिय ब्राह्मण धेरै ॥

देवयानं अभिरुय्ह विरजं सो महापथं ।
कामरागं विराजेत्वा, ब्रह्मलोकूपगो अहु ।
न तं जाति निवारेसि, ब्रह्मलोकूपपत्तिया ॥

देवयानमा आरोहण गरी, विरज ऊ महापथमा ।
कामरागलाई नष्ट गरी, ब्रह्मलोकमा पुगे ।
सकेन उसको जातले रोक्न, ब्रह्मलोकमा उत्पन्न हुन ॥

अज्झायका कुले जाता, ब्राह्मणा मन्तबन्धुनो ।
ते च पापेसु कम्मेसु, अभिण्हमुपदिस्सरे ॥

अध्यापक कुलमा जन्मेका, ब्राह्मण मन्त्र बान्धवहरू ।
तिनीहरू पनि पापकर्ममा, रत भईरहेका देखिन्छन् ॥

दिट्ठेय धम्मे गारय्हा, सम्पराये च दुग्गतिं ।
न ते जाति निवारेति, दुग्गच्चा गरहाय वा ॥

यसै जन्ममा निन्दनीय, साथै परलोकमा दुर्गति ।
सकेन उनीहरूको जातले रोक्न, दुर्गति र निन्दाबाट ॥

न जच्चा वसलो होति, न जच्चा होति ब्राह्मणो ।
कम्मना वसलो होति, कम्मना होति ब्राह्मणोति ॥

न जातले शूद्र हुन्छ, न जातले हुन्छ ब्राह्मण ।
कर्मले नै शूद्र हुन्छ, कर्मले नै हुन्छ ब्राह्मण ॥

ग. ९. जयमंगल गाथा

सम्यक् सम्बुद्ध अद्वितीय पुरुषदम्य सारथी हुनुभएकोले उदण्ड, विद्रोहीहरूलाई ज्ञानले दमन गरी उपकार गर्नु भएको छोटकरी संकलन सुत्त हो ।

अब हामी जयमंगल गाथा पाठ गरौं ।

बाहुं सहस्समभिनिम्मितसायुधन्तं,
गिरीमेखलं उदितघोरससेनमारं ।
दानादि धम्मविधिना जितवा मुनिन्दो,
तं तेजसा भवतु ते जयमंगलानि ॥

बाहुसहश्र अभिनिर्मित आयुधयुक्त,
गिरीमेखल चढेको उदण्ड ससैन्यमारलाई ।
दानादिधम्म विधिले जित्नुभयो मुनिन्द्रले,
त्यसको तेजले होस् तपाईको जयमंगल ॥

मारातिरेकमभियुज्झित सब्बरत्तिं,
घोरं पनालवकमक्खमथद्धयक्खं ।
खन्ति सुदन्तविधिना जितवा मुनिन्दो,
तं तेजसा भवतु ते जयमंगलानि ॥

मार अतिरिक्त युद्ध गर्ने सारारात,
जण्डजित्नगाह्रो निर्दयी आवलक यक्षलाई।
क्षान्ति संयम विधिले जित्नुभयो मुनिन्द्रले,
त्यसको तेजले होस् तपाईको जयमंगल॥

नालागिरीं गजवरं अतिमत्तभूतं,
दावग्गिचक्कमसनीव सुदारुणन्तं।
मेत्तम्बुसेकविधिना जितवा मुनिन्दो,
तं तेजसा भवतु ते जयमंगलानि॥

दावाग्निचक्र विद्युतजस्तै सुदारुण भएर,
अतिमत्त भएको गजश्रेष्ठ नालागिरीलाई।
मैत्रीजल छर्किने विधिले जित्नुभयो मुनिन्द्रले,
त्यसको तेजले होस् तपाईको जयमंगल॥

उक्खित्तखग्गमतिहत्थ सुदारुणन्तं,
धावंतियोजनपथंगुलिमालवन्तं।
इद्धिभिसंखतमनो जितवा मुनिन्दो,
तं तेजसा भवतु ते जयमंगलानि॥

उठाएर खड्ग हातमा सुदारुण भएर,
कोषभर बाटोमा दौडिने अंगुलिमाललाई।
ऋद्धियुक्त मनले जित्नुभयो मुनिन्द्रले,
त्यसको तेजले होस् तपाईको जयमंगल॥

कत्वान कट्ठमुदरं इव गब्भिनीया,
चिञ्चाय दुट्ठवचनं जनकायमज्झे
सन्तेन सोमविधिना जितवा मुनिन्दो,
तं तेजसा भवतु ते जयमंगलानि॥

काठेमुंग्रा राखेर गर्भिणीजस्तै भएकी,
चिञ्चाको दुष्टवचनलाई जनकायमाझमा।
शान्ति सौम्य विधिले जित्नुभयो मुनिन्द्रले,
त्यसको तेजले होस् तपाईको जयमंगल॥

सच्चं विहाय मतिसच्चक वादकेतुं,
वादाभिरोपितमनं अतिअन्धभूतं।

पञ्ञापदीपजलितो जितवा मुनिन्दो,
तं तेजसा भवतु ते जयमंगलानि ॥

वाद अभिरोपित मनले अति अन्धभएर,
सत्य छाडेर वाद गर्ने सच्चकलाई ।
प्रज्ञाप्रदिप बाली जित्नुभयो मुनिन्द्रले,
त्यसको तेजले होस् तपाईको जयमंगल ॥

नन्दोपनन्दभुजगं विवुधं महिद्धिं,
पुत्तेन थेरभुजगेन दमापयन्तो ।
इद्धुपदेसविधिना जितवा मुनिन्दो,
तं तेजसा भवतु ते जयमंगलानि ॥

विविध महिर्द्धि भएको नन्दोपनन्द नागलाई,
पुत्र स्थविर नागद्वारा दमन गराउनुभएर ।
ऋद्धि उपदेश विधिले जित्नुभयो मुनिन्द्रले,
त्यसको तेजले होस् तपाईको जयमंगल ॥

दुग्गाहदिट्ठिभुजगेन सुदट्ठहत्थं,
ब्रह्मं विसुद्धि जुतिमिद्धि बकाभिधानं ।
ञाणागदेन विधिना जितवा मुनिन्दो,
तं तेजसा भवतु ते जयमंगलानि ॥

मिथ्यादृष्टिनागले हातमा डसाइएको,
विशुद्धज्योति ऋद्धियुक्त बकब्रह्मालाई ।
ज्ञानोषधी विधिले जित्नुभयो मुनिन्द्रले,
त्यसको तेजले होस् तपाईको जयमंगल ॥

एथापि बुद्धजयमंगल अट्ठ गाथा,
यो वाचको दिनदिने सरते मतन्दी ।
हित्वाननेकविविधानि चुपद्दवानि,
मोक्खं सुखं अधिगमेय्य नरो सपञ्ञो ॥

यो जुन बुद्ध जयमंगल आठगाथा,
जो पाठ गर्दछ दिनदिनै अल्छी नभई ।
हित गर्दछ अनेक विधिले उपद्रव हटाउँछ,
मोक्ष सुख प्राप्त हुन्छ नर सप्रज्ञालाई ॥

ग १०. महाजयमंगल गाथा

यो गाथा आशीष गाथा हो ।

अब हामी महाजयमंगल गाथा पाठ गरौं ।

महाकारुणिको नाथो हिताय सब्बपाणिनं ।
पूरेत्वा पारमी सब्बा पत्तो सम्बोधिमुत्तमं ।
एतेन सच्चवज्जेन होतु ते जयमंगलं ॥

सबै प्राणीहरूको हिताय, महाकारुणिक नाथले ।
पूर्ण गर्नुभई पारमी सबै, प्राप्त सम्बोधि उत्तम ।
यस सत्यवचनले, होस् तपाईको जयमंगल ॥

जयन्तो बोधिया मूले सक्यानं नन्दिवड्ढनो ।
एवं तुह्यं जयो होतु जयस्सु जयमंगले ॥

शाक्यसिंहले बढेको रागलाई, बोधिमूलमा विजय गरेझैं ।
त्यसरी नै तपाईको जीत होस्, जय होस् जय मंगल ॥

सक्कत्वा बुद्धरतनं ओसधं उत्तमं वरं ।
हितं देवमनुस्सानं बुद्धतेजेन सोत्थिना ।
नस्सन्तुपद्दवा सब्बे दुक्खा वूपसमेन्तु ते ॥

सत्कार गरी बुद्धरत्नको, औषधी उत्तम श्रेष्ठ ।
हितकारी देवमनुष्यको, होस् स्वस्ति बुद्धतेजले ।
नाशियोस् उपद्रव सबै, दुःख उपशमन होस् तपाईको ॥

सक्कत्वा धम्मरतनं ओसधं उत्तमं वरं ।
परिलाहूपसमनं धम्मतेजेन सोत्थिना ।
नस्सन्तुपद्दवा सब्बे रोगा वूपसमेन्तु ते ॥

सत्कार गरी धम्मरत्नको, औषधी उत्तम श्रेष्ठ ।
पीडा डाह उपशमन हुने, होस् स्वस्ति धम्मतेजले ।
नाशियोस् उपद्रव सबै, भय उपशमन होस् तपाईको ।

सक्कत्वा संघरतनं ओसधं उत्तमं वरं ।
आहुनेय्यं पाहुनेय्यं संघतेजेन सोत्थिना ।
नस्सन्तुपद्दवा सब्बे रोगा वूपसमेन्तु ते ॥

सत्कार गरी संघरत्नको, औषधी उत्तम श्रेष्ठ ।
आह्वानयोग्य पाहुनायोग्य, होस् स्वस्ति संघतेजले ।

नाशियोस् उपद्रव सबै, रोग उपशमन होस् तपाईको ॥

यं किञ्चि रतनं लोके विज्जति विविधा पुथु ।
रतनं बुद्ध समं नत्थि तस्मा सोत्थि भवन्तु ते ॥

जति पनि रत्न लोकमा, छन् विविध प्रकारका ।
बुद्धरत्न समान छैन, त्यसैले मंगल होस् तपाईको ॥

यं किञ्चि रतनं लोके विज्जति विविधा पुथु ।
रतनं धम्म समं नत्थि तस्मा सोत्थि भवन्तु ते ॥

जति पनि रत्न लोकमा, छन् विविध प्रकारका ।
धम्मरत्न समान छैन, त्यसैले मंगल होस् तपाईको ॥

यं किञ्चि रतनं लोके विज्जति विविधा पुथु ।
रतनं सघं समं नत्थि तम्मा सोत्थि भवन्तु ते ॥

जति पनि रत्न लोकमा, छन् विविध प्रकारका ।
संघरत्न समान छैन, त्यसैले मंगल होस् तपाईको ॥

नत्थि मे सरणं अञ्ञं बुद्धो मे सरणं वरं ।
एतेन सच्च वज्जेन होतु ते जय मंगल ॥

छैन यन्यत्र शरण मेरो, बुद्ध नै शरण मेरो ।
यस सत्य वचनले, होस् तपाईको जयमंगल ॥

नत्थि मे सरणं अञ्ञं धम्मो मे सरणं वरं ।
एतेन सच्च वज्जेन होतु ते जय मंगल ॥

छैन अन्यत्र शरण मेरो, धर्म नै शरण मेरो ॥
यस सत्य वचनले, होस् तपाईको जयमंगल ॥

नत्थि मे सरणं अञ्ञं संघो मे सरणं वरं ।
एतेन सच्च वज्जेन होतु ते जय मंगलं ॥

छैन अन्यत्र शरण मेरो, संघ नै शरण मेरो ।
यस सत्य वचनले, होस् तपाईको जयमंगल ॥

अभिवादन सीलिस्स निच्चं वुड्ढा अपचायिनो ।
चत्तारो धम्मा वड्ढन्ति आयु वण्णो सुखं बलं ॥

गर्नाले नित्य अभिवादन, वृद्ध परसेवा सत्कार ।
चार धम्म बढ्ने छ, आयु वर्ण सुख बल ॥

ग.११ पुब्बण्ह सुत्त

यो पनि आशीष गाथा हो ।

अब हामी पुब्बण्ह सुत्त पाठ गरौं ।

यं दुन्निमित्तं अवमंगलञ्च यो चामनापो सकुणस्स सद्दो ।
पापग्गहो दुस्सुपिनं अकन्तं बुद्धानुभावेन विनासमेन्तु ॥

जुन दुर्निमित्त अमंगलहरू, जो अप्रिय चराको शब्द ।
पापग्रह दुःस्वप्न भएको, बुद्धको प्रभावले विनाशियोस् ॥

यं दुन्निमित्तं अवमंगलञ्च यो चामनापो सकुणस्स सद्दो ।
पापग्गहो दुस्सुपिनं अकन्तं धम्मानुभावेन विनासमेन्तु

जुन दुर्निमित्त अमंगलहरू, जो अप्रिय चराको शब्द ।
पापग्रह दुःस्वप्न भएको, धम्मको प्रभावले विनाशियोस्

यं दुन्निमित्तं अवमंगलञ्च यो चामनापो सकुणस्स सद्दो ।
पापग्गहो दुस्सुपिनं अकन्तं संघानुभावेन विनासमेन्तु ।

जुन दुर्निमित्त अमंगलहरू, जो अप्रिय चराको शब्द ।
पापग्रह दुःस्वप्न भएको, संघको प्रभावले विनाशियोस् ।

दुक्खप्पत्ता च निदुक्खा भयप्पत्ता च निब्भया ।
सोकप्पत्ता च निस्सोका होन्तु सब्बेपि पाणिनो ॥

दुःखी भएका निःदुखी, भयभीतहरू भयरहित ।
सोकाकुलहरू शोकरहित, होस् सबै प्राणीहरू ॥

एत्तावता च अम्हेहि सम्भतं पुञ्ञ सम्पदं ।
सब्बे देवा अनुमोदन्तु सब्ब सम्पत्ति सिद्धिया ॥

अहिलेसम्म जति हामीले, पाएका छौं पुण्य सम्पत्ति ।
गरुन् अनुमोदन देवताहरूले, होस् सिद्ध सबै सम्पत्ति ॥

दानं ददन्तु सद्धाय सीलं रक्खन्तु सब्बदा ।
भावनाभिरता होन्तु गच्छन्तु देवता गता ॥

दान दिउन् श्रद्धाले, शील रक्षा गरुन् सर्वदा ।
भावनामा लागि रहुन्, जाउन् गएझैं देवता ॥

सब्बे बुद्धा बलप्पत्ता पच्चेकानञ्च यं बलं ।
अरहन्तानञ्च तेजेन रक्खं बन्धामि सब्बसो ॥

सबै बलप्राप्त बुद्धहरू, प्रत्येकबुद्धको जुन बल ।
अरहन्तहरूको तेजले, आरक्षा बाँध्दछु सबैतिर ॥

नक्खत्तयक्खभूतानं पापग्गह निवारणा ।
परित्तस्सानुभावेन हन्तु तेसं उपद्दवे ॥

नक्षत्र, यक्ष, भूतहरू, पापग्रह निवारण गर्न ।
परित्राणको आनुभावले, नाशियोस् त्यसका उपद्रवहरू ॥

देवो वस्सतु कालेन सस्ससम्पत्ति हेतु च ।
फीतो भवतु लोको च राजा भवतु धम्मिको ॥

देवता (वर्षा) वर्षिउन् समयमा, धनसम्पत्तिको हेतु पनि ।
सद्गति होस् लोकमा, राजा होस् धार्मिक ॥

आकासट्ठा च भूमट्ठा देवा नागा महिद्धिका ।
पुञ्ञं तं अनुमोदित्वा चिरं रक्खन्तु सासनं ॥

आकासमा र भूमिमा रहेका, महिर्द्धि देवता नागहरू ।
पुण्य यो अनुमोदन गरी, चिररक्षा गरुन् शासनको ॥

आकासट्ठा च भूमट्ठा देवा नागा महिद्धिका ।
पुञ्ञं तं अनुमोदित्वा चिरं रक्खन्तु देसनं ॥

आकासमा र भूमिमा रहेका, महिर्द्धि देवता नागहरू ।
पुण्य यो अनुमोदन गरी, चिररक्षा गरुन् देशनाको ॥

आकासट्ठा च भूमट्ठा देवा नागा महिद्धिका ।
पुञ्ञं तं अनुमोदित्वा चिरं रक्खन्तु त्वं सदाति ॥

आकासमा र भूमिमा रहेका, महिर्द्धि देवता नागहरू ।
पुण्य यो अनुमोदन गरी, चिररक्षा गरुन् तपाईको सदा ॥

साधु साधु साधु

समूह घ
सतिपट्ठान सुत्त

नियमित होस् राखी ध्यानाभ्यास गर्ने विधिलाई सतिपट्ठान ध्यान भनिन्छ। यसमा स्मृति (सति) समाधि र प्रज्ञाको विकास गरिन्छ। स्मृतिको अर्थ देखेर, सुनेर, सुँघेर, स्वाद लिएर, छुएर, विचार गरेर मनमा कस्तो प्रभाव पर्छ त्यसलाई तुरुन्त जान्नु हो। समाधिको अर्थ मनमा उत्पन्न हुने विकृतिलाई समाधानगरी एकाग्रता वा लगनशीलता बढाउनु हो। प्रज्ञाको अर्थ मन र शरीरको आपसी सम्बन्ध विषयमा के ? कसरी ? कहाँ ? आदिको जवाफ खोज्नु, विश्लेषण गर्नु हो। त्यसैले जबसम्म के ? किन ? कसरी ? भनी ज्ञान जाग्दैन तबसम्म ध्यान अभ्यासका विधिहरू होश राख्ने विधि मात्र हुन् र चित्त एकाग्र र शान्त भएसम्म समाधि मात्र हुन्। जब त्यसबाट मन र शरीरको के, किन आदिको जवाफ पाईने ज्ञान जाग्दछ तब मात्र प्रज्ञा जाग्दछ। यसैलाई विपस्सना ज्ञान वा यथार्थ दर्शन पनि भनिन्छ।

अब हामी सतिपट्ठान सुत्त पाठ गरौं।

> ध्यान अभ्यासको लागि छोटकरीमात्र यो सुत्त प्रस्तुत गरिएको छ। विस्तृत जानकारीको लागि मूल सुत्त हेर्नुहोला।)

एवं मे सुतं एकं समय भगवा कुरुसु विहरति कम्मासदम्मं नाम कुरुनं निगमो। तत्र खो भगवा भिक्खु आमन्तेसि भिक्खवो ति। भदन्ते ति ते भिक्खू भगवतो पच्चस्सोसुं। भगवा एतदवोच।

यस्तो मैले सुनें एक समय भगवान् कम्मासदम्म, नामक कुरुहरूको निगममा विहार गर्नुहुन्थ्यो। त्यहाँ भगवान्ले भिक्षुहरूलाई, 'भिक्षुहरू' भनी आमन्त्रण गर्नुभयो। 'भदन्त' भनी ती भिक्षुहरूले, भगवान्लाई जवाफ दिए। भगवान्ले यसो भन्नुभयो।

एकायनो अयं भिक्खवे मग्गो- सत्तानं विसुद्धिया, सोकपरिदेवानं समतिक्कमाय, दुक्ख दोमनस्सानं अत्थंगमाय, ञायस्स अधिगमाय, निब्बानस्स सच्छिकिरियाय-यदिदं चत्तारो सतिपट्ठाना।

भिक्षुहरू यो एउटा मात्र हो, सत्वहरूका विशुद्धिको लागि, शोक परिदेव समतिक्रमणको लागि, दुःख दौर्मनश्य शान्त गर्नको लागि, आर्यमार्ग प्राप्त गर्नको लागि, निर्वाण साक्षात्कार गर्नको लागि, जुन यी चार सतिपट्ठानहरू।

कतमे चत्तारो ?

कुनकुन हुन् चारवटा ?

इध भिक्खवे भिक्खु काये कायानुपस्सी विहरति, वेदनासु वेदनानुपस्सी विहरति, चित्ते चित्तानुपस्सी विहरति, धम्मेसु धम्मानुपस्सी विहरति-आतापी सम्पजानो सतिमा विनय्य लोके अभिज्झा दोमनस्सं ।

भिक्षुहरू यहाँ भिक्षुले-कायमा कायानुपश्यी भएर, वेदनामा वेदनानुपश्यी भएर, चित्तमा चित्तानुपश्यी भएर, धम्ममा धम्मानुपश्यी भएर, स्कन्धमा आतप्त सम्प्रज्ञा स्मृतिवान् भएर, लोभ क्रोध हटाई बस्दछ ।

घ. १ कायानुपस्सना

कथञ्च पन भिक्खवे, भिक्खु काये कायानुपस्सी विहरति ?

भिक्षु, कसरी भिक्षुले कायमा कायानुपश्यी भएर विहार गर्दछ ।

घ. १.१ आनापान

इध भिक्खवे भिक्खु अरञ्ञगतो वा रुक्खमूलगतो वा सुञ्ञागार गतो वा निसीदति पल्लंकं आभुजित्वा, उजुकायं पणिधाय, परिमुखं सतिं उपट्ठपेत्वा । सो सतोव अस्ससति सतोव पस्ससति । दीघं वा अस्ससन्तो दीघं अस्ससामीति पजानाति । दीघं वा पस्ससन्तो दीघं पस्ससामीति पजानाति । रस्सं वा अस्ससन्तो रस्सं अस्ससामीति पजानाति । रस्सं वा पस्ससन्तो रस्सं पस्ससामीति पजानाति । सब्बकाय पटिसंवेदी अस्ससिस्सामीति सिक्खति । सब्बकाय पटिसंवेदी पस्ससिस्सामीति सिक्खति । पस्सम्भयं कायसंखारं अस्ससिस्सामीति सिक्खति । पस्सम्भयं कायसंखारं पस्ससिस्सामीति सिक्खति ।

भिक्षुहरू, यहाँ भिक्षु जंगलमा गएर वा रुखमुनि गएर वा शून्यागार (गुफा) मा गएर/पलेटि कसेर शरीर सिधा राखेर, स्मृति सम्मुख उपस्थित गर्दछ। स्मृतिपूर्वक आश्वास गर्दछ, स्मृतिपूर्वक प्रश्वास गर्दछ। दीर्घ आश्वास गर्दा दीर्घ आश्वास गर्देछु भनी जान्दछ। दीर्घ प्रश्वास गर्दा दीर्घ प्रश्वास गर्देछु भनी जान्दछ। छोटो आश्वास गर्दा छोटो आश्वास गर्देछु भनी जान्दछ। छोटो प्रश्वास गर्दा छोटो प्रश्वास गर्देछु भनी जान्दछ। सबै काय प्रतिसंवेदित भएर आश्वास गरुँला भनी सिक्दछ। सबै काय प्रतिसंवेदित भएर प्रश्वास गरुँला भनी सिक्दछ । कायसंस्कार शान्त पार्दै आश्वास गरुँला भनी सिक्दछ । कायसंस्कार शान्त पार्दै, प्रश्वास गरुँला भनी सिक्दछ ।

घ. १.२ इरियापथ

पुनञ्च परं भिक्खवे भिक्खु गच्छन्तो वा गच्छामीति पजानाति, ठितो वा ठितोम्हीति पजानाति, निसिन्नो वा निसिन्नोम्हीति पजानाति, सयानो वा सयानोम्हीति

पजानाति । यथा यथा वा पनस्स कायो पणिहितो होति तथा तथा नं पजानाति ।

भिक्षुहरू फेरि भिक्षुले हिंड्दा हिंड्दैछु भनी जान्दछ, उठ्दा उठ्दैछु भनी जान्दछ। बस्दा बस्दैछु भनी जान्दछ, पल्टिंदा पल्टिदैछु भनी जान्दछ ।जस्तोजस्तो शरीर रहन्छ त्यसैत्यसै गरी जान्दछ ।

घ. १.३ सम्पजञ्ञ

पुनञ्च परं भिक्खवे भिक्खु अभिक्कन्ते, पटिक्कन्ते, सम्पजानकारी होति । आलोकिते, विलोकिते सम्पजानकारी होति । समिञ्जिते, पसारिते सम्पजानकारी होति । संघाटी, पत्त, चीवर धारणे सम्पजानकारी होति । असिते, पिते, खायिते, सयिते, सम्पजानकारी होति । उच्चार, पस्साव कम्मे सम्पजानकारी होति । गते, ठिते, निसिन्ने, सुत्त जागरीते, भासिते, तुण्हीभावे सम्पजानकारी होति ।

भिक्षुहरू फेरि भिक्षुले अगाडि हिंड्दा, पछाडि सर्दा सम्प्रजानकार हुन्छ। सिधा हेर्दा छड्के हेर्दा सम्प्रजानकार हुन्छ। संघाटी पात्र चीवर धारण गर्दा सम्प्रजानकार हुन्छ। खाँदा पिउँदा चपाउँदा चाट्दा सम्प्रजानकार हुन्छ। दिसा पिसाप कर्ममा सम्प्रजानकार हुन्छ। हिंड्दा उभिंदा बस्दा सुत्दा जागृत रहँदा, बोल्दा चुपलागदा सम्प्रजानकार हुन्छ।

घ. १.४ पटिकूल मनसिकार

पुनञ्च परं भिक्खवे भिक्खु इममेव कायं उद्धं पादतला अधो केसमत्थका तच परियन्तं पुरं नानप्पकारस्स असुचिनो पच्चवेक्खति ।

भिक्षुहरू फेरि भिक्षुले यस शरीरलाई तल पाइतालादेखि माथि केशसम्म छाला पर्यन्त नानाप्रकारले असुचिले प्रत्यवेक्षण गर्दछ।

अत्थि इमस्मिं काये केसा, लोमा, नखा, दन्ता, तचो, मंसं, न्हारु, अट्ठि, अट्ठिमिञ्जं, वक्कं, हदयं, यकनं, किलोमकं, पिहकं, पप्फासं, अन्तं, अन्तगुणं, उदरियं, करिसं, मत्थलुंगं, पित्तं, सेम्हं, पुब्बो, लोहितं, सेदो, मेदो, अस्सु, वसा, खेलो, सिंघानिका, लसिका, मुत्तन्ति ।

छन् यस शरीरमा केश रौं नङ दाँत छाला, मासु नसा हड्डी मासी मृगौला, मुटु कलेजो झिल्ली फियो फोक्सो, ठूलोआन्द्रा सानोआन्द्रा लादी मल गिदि, पित्त खकार पिप रगत पसिना मेद, आँशु बोसो थूक सिंघान तेल पिसाप ।

घ. १.५ धातु मनसिकार

पुनञ्च परं भिक्खवे भिक्खु इममेव कायं यथाठितं यथा पणिहितं धातुसो पच्चवेक्खति । अत्थि इमस्मिं काये पठविधातु, आपोधातु, तेजोधातु, वायोधातु ति ।

भिक्षुहरू, फेरि भिक्षुले यस शरीरलाई यथास्थित, यथाप्रणिहित धातुद्वारा प्रत्यवेक्षण गर्दछ। छन् यस शरीरमा पृथ्वीधातु, जलधातु, अग्निधातु, वायुधातु।

घ. १.६ सिवथिक

पुनञ्च परं भिक्खवे भिक्खु सेय्यथापि पस्सेय्य सरीरं सिवथिकाय छड्ढितं एकाहमतं वा द्वीहमतं वा तीहमतं वा उद्धमातकं, विनीलकं, विपुब्बजातकं

भिक्षुहरू, फेरि भिक्षुले यसरी हेर्दछ, शरीरलाई श्मशानमा फ्यालिराखेको एक दिने लाश, दुई दिने लाश, तीन दिने लाश, फुलेको लाश, निलो भएको लाश, पिप बहेको लाश।

काकेहि वा खज्जमानं कुललेहि वा खज्जमानं, गिज्झेहि वा खज्जमानं, कंकेहि वा खज्जमानं, सुनकेहि वा खज्जमानं, व्यग्घेहि वा खज्जमानं, दीपिहि वा खज्जमानं, सिंगालेहि वा खज्जमानं विविधेहि वा पाणकजातेहि खज्जमानं।

कागहरूले खाएको चिलहरूले खाएको, गिद्धहरूले खाएको बाजहरूले खाएको, कुकुरहरूले खाएको बाघहरूले खाएको, चितुवाहरूले खाएको श्यालहरूले खाएको, विविध प्राणीजातिहरूले खाएको।

अट्ठिक संखलिकं समंलोहितं न्हारु सम्बन्धं। अट्ठिक संखलिकं निम्मंस लोहितमक्खितं न्हारु सम्बन्धं। अट्ठिक संखलिकं अपगतमंसलोहितं न्हारु सम्बन्धं।

शंखजस्तै अस्थिपञ्जर रगतमासुसहितको नसाहरूले बाँधिएको। शंखजस्तै अस्थिपञ्जर मासुरहित रगत नसाहरूले बाँधिएको। शंखजस्तै अस्थिपञ्जर रगत मासुर हित नसाहरूल बाँधिएको।

अट्ठिकानि अपगत सम्बन्धानि दिसा विदिसा विक्खित्तानि अञ्ञेन हत्थट्ठिकं, अञ्ञेन पादट्ठिकं, अञ्ञेन गोप्फकट्ठिकं, अञ्ञेन जंघट्ठिकं, अञ्ञेन उरुट्ठिकं, अञ्ञेन कटिट्ठिकं, अञ्ञेन फासुकट्ठिकं, अञ्ञेन पिट्ठिट्ठिकं, अञ्ञेन खन्धट्ठिकं, अञ्ञेन गीवट्ठिकं, अञ्ञेन हनुकट्ठिकं, अञ्ञेन दन्तट्ठिकं, अञ्ञेन सीसकटाहं।

हड्डीहरू नजोडिएर दिसा विदिशा छरिएको, एकातिरको हातको हड्डी एकातिरको खुट्टाको हड्डी, एकातिरको कुर्कुच्चाको हड्डी एकातिरको खुट्टाको हड्डी, एकातिरको तिघ्राको हड्डी एकातिरको चाकको हड्डी, एकातिरको करङको हड्डी एकातिरको ढाडको हड्डी, एकातिरको कुमको हड्डी एकातिरको घाँटिको हड्डी, एकातिरको चिउँडोको हड्डी एकातिरको दाँतको हड्डी, एकातिरको टाउकोको हड्डी।

अट्ठिकानि सेतानि संखवण्ण पटिभागानि। अट्ठिकानि पुञ्जकितानि तेरो वस्सिकानि, अट्ठिकानि पूतीनि चुण्णकजातानि।

शंखजस्तै सेतो भएका हड्डीहरू। एक वर्ष नाघेको पुरानो/ समूहसमूह भएका हड्डीहरू, कुहिएर धूलो भएका हड्डीहरू।

सो इममेव कायं उपसंहरति अयम्पि खो कायो एवं धम्मो एवं भावी एवं अनतितो ति।

ऊ यस शरीरलाई तुलना, गर्दछ- यो शरीर पनि/यस्तै धर्मको यस्तै हुने यसलाई काट्न नसकिने रहेछ।

इति अज्झत्तं वा बहिद्धा वा अज्झत्तं बहिद्धा वा काये कायानुपस्सी विहरति। समुदय धम्मानुपस्सी वा वय धम्मानुपस्सी वा समुदय वय धम्मानुपस्सी वा कायस्मिं विहरति।

यसरी भित्री वा बाहिरी वा भित्री बाहिरी कायमा कायानुपश्यी भई विहार गर्दछ। उत्पत्ति धम्मानुपश्यी भएर वा विनाश धम्मानुपश्यी भएर/वा उत्पत्ति विनाश धम्मानुपश्यी भएर कायमा विहार गर्दछ।

अत्थि कायोति वा पनस्स सतिपच्चुपट्ठिता होति। यावदेव ञाणमत्ताय पटिस्सतिमत्ताय अनिस्सितो च विहरति। न च किञ्चि लोके उपादियति।

काय मात्र छ भनी उसको स्मृति प्रत्युपस्थित हुन्छ। मात्र ज्ञान वृद्धिको लागि प्रतिस्मृतिको लागि अनिश्रित भएर विहार गर्दछ। न कुनै लोकमा उपादानयुक्त हुन्छ।

घ. २ वेदनानुपस्सना

कथञ्च पन भिक्खवे भिक्खु वेदनासु वेदनानुपस्सी विहरति।

भिक्षुहरू कसरी भिक्षुले वेदनामा वेदनानुपश्यी भई विहार गर्दछ ।

इध भिक्खवे भिक्खु सुखं वा वेदनं वेदयमानो सुखं वेदनं वेदयामीति पजानाति। दुक्खं वा वेदनं वेदयमानो दुक्खं वेदनं वेदयामीति पजानाति। अदुक्खमसुखं वेदनं वेदयमानो अदुक्खमसुखं वेदनं वेदयामीति पजानाति।

भिक्षुहरू यहाँ भिक्षुले सुखवेदना अनुभूति गर्दै सुखवेदना अनुभूति गर्दैछु भनी जान्दछ। दु:खवेदना अनुभूति गर्दै दु:खवेदना अनुभूति गर्दैछु भनी जान्दछ। उपेक्षा (अदुक्खमसुख) वेदना अनुभूति गर्दै उपेक्षावेदना अनुभूति गर्दैछु भनी जान्दछ।

सामिसं वा सुखं वेदनं वेदयमानो सामिसं सुखं वेदनं वेदयामीति पजानाति। निरामिसं वा सुखं वेदनं वेदयमानो निरामिसं सुखं वेदनं वेदयामीति पजानाति।

सामिष (भौतिक कारणबाट उत्पन्न) सुखवेदना अनुभूति गर्दै सामिष सुखवेदना अनुभूति गर्दैछु भनी जान्दछ । निरामिष (मानसिक कारणले उत्पन्न) सुखवेदना अनुभूति गर्दै निरामिष सुखवेदना अनुभूति गर्दैछु भनी जान्दछ।

सामिसं वा दुक्खं वेदनं वेदयमानो सामिसं दुक्खं वेदनं वेदयामीति पजानाति।

६०६८९०

निरामिसं वा दुक्खं वेदनं वेदयमानो निरामिसं दुक्खं वेदनं वेदयामीति पजानाति ।

सामिष दुःखवेदना अनुभूति गर्दै सामिष दुःखवेदना अनुभूति गर्दैछु भनी जान्दछ। निरामिष दुःखवेदना अनुभूति गर्दै निरामिष दुःखवेदना अनुभूति गर्दैछु भनी जान्दछ।

सामिसं वा अदुक्खमसुखं वेदनं वेदयमानो सामिसं अदुक्खमसुखं वेदनं वेदयामीति पजानाति । निरामिसं वा अदुक्खमसुखं वेदनं वेदयमानो निरामिसं अदुक्खमसुखं वेदनं वेदयामीति पजानाति ।

सामिष उपेक्षावेदना अनुभूति गर्दै सामिष उपेक्षावेदना अनुभूति गर्दैछु भनी जान्दछ। निरामिष उपेक्षावेदना अनुभूति गर्दै निरामिष उपेक्षावेदना अनुभूति गर्दैछु भनी जान्दछ।

इति अज्झत्तं वा बहिद्धा वा अज्झत्तं बहिद्धा वा वेदनासु वेदनानुपस्सी विहरति । समुदय धम्मानुपस्सी वा वय धम्मानुपस्सी वा समुदय वय धम्मानुपस्सी वा वेदनासु विहरति ।

यसरी भित्री वा बाहिरी वा भित्री बाहिरी वेदनाहरूमा वेदनानुपश्यी भएर विहार गर्दछ। उत्पन्न धम्मानुपश्यी भएर वा विनाश धम्मानुपश्यी भएर वा उत्पन्न विनाश धम्मानुपश्यी भएर वेदनाहरूमा विहार गर्दछ।

अत्थि वेदनाति वा पनस्स सति पच्चुपट्ठिता होति । यावदेव ञाणमत्ताय पटिस्सतिमत्ताय अनिस्सितो च विहरति । न च किञ्चि लोके उपादियति ।

वेदनाहरू मात्र छन् भनी उसको स्मृति प्रत्युपस्थित हुन्छ। मात्र ज्ञान वृद्धिको लागि प्रतिस्मृतिको लागि अनिश्रित भएर विहार गर्दछ। न कुनै लोकमा उपादानयुक्त हुन्छ।

घ. ३ चित्तानुपस्सना

कथञ्च पन भिक्खवे भिक्खु चित्ते चित्तानुपस्सी विहरति ।

भिक्षुहरू, कसरी भिक्षुले चित्तमा चित्तानुपश्यी भई विहार गर्दछ ?

इध भिक्खवे भिक्खु सरागं वा चित्तं सरागं चित्तन्ति पजानाति, वीतरागं वा चित्तं वीतरागं चित्तन्ति पजानाति। सदोसं वा चित्तं सदोसं चित्तन्ति पजानाति, वीतदोसं वा चित्तं वितदोसं चित्तन्ति पजानाति । समोहं वा चित्तं समोहं चित्तन्ति पजानाति, वीतमोहं वा चित्तं वीतमोहं चित्तन्ति पजानाति । संखित्तं वा चित्तं संखित्तं चित्तन्ति पजानाति, विक्खित्तं वा चित्तं विक्खित्तं चित्तन्ति पजानाति। महग्गतं वा चित्तं महग्गतं चित्तन्ति पजानाति, अमहग्गतं वा चित्तं अमहग्गतं चित्तन्ति पजानाति। सउत्तरं वा चित्तं सउत्तरं चित्तन्ति पजानाति, अनुत्तरं वा चित्तं अनुत्तर चित्तन्ति पजानाति। समाहितं वा चित्तं समाहितं चित्तन्ति पजानाति, असमाहितं वा चित्तं असमाहितं चित्तन्ति पजानाति विमुत्तं वा चित्तं विमुत्तं चित्तन्ति पजानाति, अविमुत्तं वा चित्तं अविमुत्तं चित्तन्ति

पजानाति ।

भिक्षुहरू, यहाँ भिक्षुले सराग चित्तलाई सराग चित्त भनी जान्दछ। वीतराग चित्तलाई वीतराग चित्त भनी जान्दछ। सद्वेष चित्तलाई सद्वेष चित्त भनी जान्दछ। वीतद्वेष चित्तलाई वीतद्वेष चित्त भनी जान्दछ । समोह चित्तलाई समोह चित्त भनी जान्दछ । वीतमोह चित्तलाई वीतमोह चित्त भनी जान्दछ। संक्षिप्त (निरुत्साहित) चित्तलाई संक्षिप्त चित्त भनी जान्दछ। विक्षिप्त चित्तलाई विक्षिप्त चित्त भनी जान्दछ। महग्गत (ध्यान) चित्तलाई महग्गत चित्त भनी जान्दछ। अमहग्गत चित्तलाई अमहग्गत चित्त भनी जान्दछ । सउत्तर (कामचित्त) चित्तलाई सउत्तर चित्त भनी जान्दछ। अनुत्तर चित्तलाई अनुत्तर चित्त भनी जान्दछ । समाहित (समाधि) चित्तलाई समाहित चित्त भनी जान्दछ । असमाहित चित्तलाई असमाहित चित्त भनी जान्दछ। विमुक्त चित्तलाई विमुक्त चित्त भनी जान्दछ। अविमुक्त चित्तलाई अविमुक्त चित्त भनी जान्दछ ।

इति अज्झत्तं वा बहिद्धा वा अज्झत्तं बहिद्धा वा चित्ते चित्तानुपस्सी विहरति । समुदय धम्मानुपस्सी वा वय धम्मानुपस्सी वा समुदय वय धम्मानुपस्सी वा चित्तस्मिं विहरति ।

यसरी भित्री वा बाहिरी वा भित्री बाहिरी चित्तमा चित्तानुपश्यी भई विहार गर्दछ। उत्पन्न धम्मानुपश्यी भएर वा विनाश धम्मानुपश्यी भएर वा उत्पन्न विनाश धम्मानुपश्यी भएर चित्तमा विहार गर्दछ।

अत्थि चित्तन्ति वा पनस्स सति पच्चुपट्ठिता होति । यावदेव ञाणमत्ताय पटिस्सतिमत्ताय अनिस्सितो च विहरति । न च किञ्चि लोके उपादियति ।

चित्तहरू मात्र छन् भनी उसको स्मृति प्रत्युपस्थित हुन्छ। मात्र ज्ञान वृद्धिको लागि प्रतिस्मृतिको लागि अनिश्रित भएर विहार गर्दछ। न कुनै लोकमा उपादानयुक्त हुन्छ।

घ ४ धम्मानुपस्सना

कथञ्च पन भिक्खवे भिक्खु धम्मेसु धम्मानुपस्सी विहरति ।

भिक्षुहरू, कसरी भिक्षुले धम्महरूमा धम्मानुपश्यी भई विहार गर्दछ ?

घ ४.१ नीवरण

इध भिक्खवे भिक्खु सन्तं वा अज्झत्तं निवरणं (कामच्छन्द, व्यापाद, थिनमिद्ध, उद्दच्चकुक्कुच्च, विचिकिच्छा) **अत्थि मे अज्झत्तं नीवरणन्ति पजानाति । असन्तं वा अज्झत्तं नीवरण नत्थि मे अज्झत्तं नीवरणन्ति पजानाति। यथा च अनुप्पन्नस्स नीवरणस्स उप्पादो होति तञ्च पजानति । यथा च उप्पन्नस्स नीवरणस्स पहानं होति तञ्च पजानाति ।**

यथा च पहीनस्स नीवरणस्स आयतिं अनुप्पादो होति तञ्च पजानाति ।

भिक्षुहरू यहाँ भिक्षुले भएको भित्री नीवरण (**कामराग, द्वेष, आलश्य, चञ्चलपन, पश्चाताप, शंका**) लाई ममा भित्री नीवरण छ भनी जान्दछ। नभएको भित्री नीवरणलाई ममा भित्री नीवरण छैन भनी जान्दछ। जब अनुत्पन्न नीवरण उत्पन्न हुन्छ त्यसलाई पनि जान्दछ। जब उत्पन्न नीवरण प्रहाण हुन्छ, त्यसलाई पनि जान्दछ। जब प्रहाण भएको नीवरण भविष्यमा उत्पन्न हुँदैन त्यसलाई पनि जान्दछ।

घ ४.२ खन्ध

इति खन्धं (रूप, वेदना, सञ्ञा, संखारा, विञ्ञाण) **इति खन्धस्स समुदयो, इति खन्धस्स अत्थंगमो ।**

यी स्कन्ध (**रूप, वेदना, संज्ञा, संस्कार, विज्ञान**) हुन्। यी स्कन्धका कारण हुन्। यी स्कन्धका शान्त अवस्था हुन्।

घ ४.३ आयतन

अज्झतिक आयतनञ्च (चक्खु, सोत, घान, जिह्वा, काय) **पजानाति, बाहिरेसु आयतनेसु** (रूप, सद्द, घान, रस, फोट्ठब्ब) **च पजानाति । यञ्च तदुभयं पटिच्च उप्पज्जति संयोजनं** (काम, भव, प्रतिघ, मान, दिट्ठि, विचिकिच्छा, सीलब्बत, इस्सा, मच्छरिय, अविज्जा) **तञ्च पजानाति। यथा च अनुप्पनस्स संयोजन उप्पादो होति तञ्च पजानाति । यथा च उप्पन्नस्स संयोजनस्स पहानं होति तञ्च पजानाति । यथा च पहीनस्स संयोजनस्स आयतिं अनुप्पादो होति तञ्च पजानाति ।**

भित्री आयतन (**आँखा, कान, नाक, जिब्रो, शरीर**) लाई जान्दछ। बाहिरी आयतन (**रूप, शब्द, गन्ध, रस, स्पर्श**) हरूमा जान्दछ। जब ती दुबैको संयोगले संयोजन, (**कामराग, भव, प्रतिघात, अहंकार, मिथ्यादृष्टि, शंका, कर्मकाण्ड ब्रताचार, ईर्ष्या, कञ्जुसी, अविद्या**) उत्पन्न हुन्छ त्यसलाई पनि जान्दछ। जब अनुत्पन्न संयोजन उत्पन्न हुन्छ त्यसलाई पनि जान्दछ। जब उत्पन्न संयोजन प्रहाण हुन्छ, त्यसलाई पनि जान्दछ। जब प्रहाण भएको संयोजन फेरि उत्पन्न हुँदैन त्यसलाई पनि जान्दछ।

घ ४.४ बोज्झंग

सन्तं वा अज्झत्तं सम्बोज्झंगो (सति, धम्मविचय, वीरिय, पीति, पस्सद्धि, समाधि, उपेक्खा) **अत्थि मे अज्झत्तं सम्बोज्झंगोति पजानाति । असन्तं वा अज्झत्तं सम्बोज्झंगं नत्थि मे अज्झत्तं सम्बोज्झंगोति पजानाति यथा च अनुप्पन्नस्स सम्बोज्झंगस्स उप्पादो होति तञ्च पजानाति । यथा च उप्पन्नस्स सम्बोज्झंगस्स भावनाय पारिपूरी**

होति तञ्च पजानाति ।

भएको भित्री सम्बोध्यंग (**स्मृति, धर्मविचय, वीर्य, प्रीति, प्रश्रब्धि, समाधि, उपेक्षा**) लाई ममा भित्री सम्बोध्यंग छ भनी जान्दछ। नभएको भित्री सम्बोध्यंगलाई ममा भित्री सम्बोध्यंग छैन भनी जान्दछ। जब अनुत्पन्न सम्बोध्यंग उत्पन्न हुन्छ त्यसलाई पनि जान्दछ। जब उत्पन्न सम्बोध्यंगको भावना परिपूर्ण हुन्छ त्यसलाई पनि जान्दछ।

घ ४.५ सच्च

इदं दुक्खन्ति यथाभूतं पजानाति। अयं दुक्खसमुदयोति यथाभूतं पजानाति। अयं दुक्खनिरोधोति यथाभूतं पजानाति । अयं दुक्ख निरोधगामिनी पटिपदाति यथाभूतं पजानाति ।

यो दुःख हो भनी यथाभूत जान्दछ। यो दुःखसमुदय हो भनी यथाभूत जान्दछ। यो दुःखनिरोध हो भनी यथाभूत जान्दछ। यो दुःखनिरोधगामिनी मार्ग हो भनी यथाभूत जान्दछ।

इति अज्झत्तं वा बहिद्धा वा अज्झत्तं बहिद्धा वा धम्मेसु धम्मानुपस्सी विहरति। समुदय धम्मानुपस्सी वा वय धम्मानुपस्सी वा समुदय वय धम्मानुपस्सी वा धम्मेसु विहरति।

यसरी भित्री वा बाहिरी वा भित्री बाहिरी धम्महरूमा धम्मानुपश्यी भई विहार गर्दछ। उत्पन्न धम्मानुपश्यी भएर वा विनाश धम्मानुपश्यी भएर वा उत्पन्न विनाश धम्मानुपश्यी, भएर धम्महरूमा विहार गर्दछ।

अत्थि धम्माति वा पनस्स सति पच्चुपट्ठिता होति । यावदेव ञाणमत्ताय पटिसतिमत्ताय अनिस्सितो च विहरति। न च किञ्चि लोके उपादियति।

धम्महरू मात्र छन् भनी उसको स्मृति प्रत्युपस्थित हुन्छ। मात्र ज्ञान वृद्धिको लागि प्रतिस्मृतिको लागि, अनिश्रित भएर विहार गर्दछ। न कुनै लोकमा उपादानयुक्त हुन्छ।

साधु साधु साधु

सतिपट्ठान ध्यान विधि

नेपालमा अनेक प्रकारका बौद्ध ध्यान विधि प्रचलनमा आएका छन् । यहाँ सतिपट्ठान सुत्तको अभ्यासमा सजिलो होस् भन्नको लागि सरल उपाय बताइएको छ ।

स्मृति- सर्वप्रथम स्मृतिको लागि आफ्नो अनुहारमा मन केन्द्रित गर्नुपर्छ । सजिलोको लागि केश, निधार, आँखा, नाक, मुख, चिउँडो र फेरि चिउँडो, मुख, नाक, आँखा, निधार, केश भनेर भनेअनुसार थाहा पाउनुपर्छ। तर अनुहार शान्त राख्नुपर्छ। अनुहार विग्रिने बित्तिक्कै अनुहार विग्रियो भनी थाहा पाउनुपर्दछ ।

यसरी लगातार गल्ती गरी सुधार्ने स्मृतिको अभ्यास गर्न जानेपछि क, ख, ग, घ, ङ र ङ, घ, ग, ख, क गरी सुल्टाउल्टा सम्झिएर अभ्यास गर्नुपर्छ । त्यसैगरी क देखि ञ, ञ देखि क सम्म, फेरि क देखि ण, ण देखि क सम्म, फेरि क देखि न, न देखि क सम्म, फेरि क देखि म, म देखि क सम्म, फेरि क देखि ज्ञ सम्म, ज्ञ देखि क सम्म सुल्टाउल्टा सम्झिने गर्नुपर्छ । केही गरी कहीं गल्ती भएमा सुल्टाबाट सम्झिएर सच्याउने र फेरि सम्झिन सुरु गर्नुपर्छ । यस बेलामा पनि अनुहार विग्रिएमा तुरुन्त शान्त राख्नुपर्छ ।

यसैलाई अर्को तरिकाबाट क ख, ख क, क ख ग, ग ख क, क ख ग घ, घ ग ख क, क ख ग घ ङ, ङ घ ग ख क गरी अभ्यास पनि गर्न सकिन्छ । यसैलाई १ २ ३ ४ मा वा कुनै शब्दको हिज्जे पनि अभ्यास गर्न सकिन्छ । जस्तै नेपाल, लपाने, काठमाण्डौ, डौण्माठका, लुम्बिनी, नीबिम्लु आदि फेरी अंग्रेजीमा NEPAL, LAPEN, KATHMANDU, UDNAMHTAK। यस पद्धतिले स्मरणशक्ति प्रवल हुन्छ भने आलश्य कम भएर जान्छ। विशेषगरी विद्यार्थीहरूलाई यो विधि अभ्यास गर्दा बढी फलदायी हुन्छ।

श्रद्धालु उपासक उपासिकाहरूले बुद्ध, धम्म, संघ गुणहरू वा मैत्री भावना वा अशुभभावना, भजन आदि जनुसुकैमा पनि प्रत्येक शब्दको सुल्टा उल्टा कर्मले सम्झिने गर्नुपर्दछ । जस्तै-

इति पि सो भगवा लाई भगवा सो, पि इति वा इति पि, पि इति, इति पि सो, सो पि इति, इति, पि सो भगवा, भगवा सो पि इति । वा केसा, लोमा नखा दन्ता तचो, तचो दन्ता नखा लोमा केसा वा केसा लोमा, लोमा केसा, केसा लोमा नखा, नखा लोमा केसा आदि आदि । यस अभ्यासमा जुन गल्ती हुने स्वभाव छ त्यो कम गर्दै लाने र गल्ती हुन खोज्दा तुरुन्त होश ल्याउनसक्नु प्रगतिको लक्षणहरू हुन् ।

यस अभ्यासको विशेषता उल्टा पढ्दा गल्ती हुन्छ र गल्ती हुंदा गल्ती भयो भन्ने

जानकारी आउँछ। साथै तुरुन्त त्यसलाई सुधार्ने कोशिस गरिन्छ। अतः यस विधिले होश आउने, हराउने र त्यसलाई सुधार्ने विधि आफैले थाहा पाउन सकिन्छ।

दृश्य ध्यान- यस विधिमा आकार र रंगमा मात्र मन केन्द्रित गरिनुपर्छ। आँखा खोली अभ्यास गर्दा जुन वस्तुमा आँखा लाग्छ त्यसवस्तुको मनमनै वरिपरि (चित्रकोरेझैं) आकार बनाउनुपर्छ। त्यसले त्यस वस्तुको आकार याद हुन्छ र मनलाई त्यस आकार भित्रको रंगमा केन्द्रित गर्नुपर्छ। जस्तै-

पत्रिकामा आँखा पुग्नासाथ पत्रिकाको बाहिरी आकार (दायाँबाट वा बायाँबाट) कोर्नु थाल्नुपर्छ। त्यो आकारलाई केही क्षण मनमनै कोर्दै घुमाउदै बस्नुपर्छ। यसरी अभ्यास गर्दा देखिरहेछु, देखिरहेछु भन्दै देखिएको वस्तुमा मन एकाग्र गर्नुपर्छ। यसरी जहाँजहाँ मन जान्छ तुरुन्त मनले आकार कोरिहाल्नुपर्छ र त्यसआकारभित्र मनलाई केन्द्रित गर्ने कोशिस गर्नुपर्छ।

यो क्रम एउटै वस्तुमा लगातार गर्न पनि सकिन्छ वा अर्को वस्तुको आकार र रंगमा पनि अभ्यास गर्न सकिन्छ। यस वस्तुभित्र अन्य सानो आकार भए सानो आकार रंगमा, अझ त्यसभन्दा पनि सानो भए त्यसै सानो आकारमा मन केन्द्रित गर्नुपर्छ। अर्थात ठूलोबाट सानो, सानोबाट अझ सानोमा मनले आकार कोर्दै रंगमा एकाग्र गर्ने अभ्यास गर्नुपर्छ।

आँखा बन्द गर्दा आफ्नै शरीरको दायाँ वा बायाँबाट मनमनै आकार लिंदै पुरा शरीरको आकार याद गर्नुपर्छ। यसबेला बस्दा बस्दैछु, उभिंदा उभिंदैछु, पल्टिंदा पल्टिंदैछु भनी आकार याद गर्दै बस्नुपर्छ। यसबाट पनि सानो क्षेत्रमा जानको लागि टाउको, हात, छात्ती, पेट, खुट्टाको एउटा एउटाको बाहिरी आकार कोर्दै अभ्यास गर्नुपर्छ। अझ सानो क्षेत्रमा जान केश, निधार, आँखा, नाक, मुख, चिउँडो गर्दै पाखुरा, नाडी, हत्केला गर्दै आकार लिन सकिन्छ। टाउकोदेखि खुट्टासम्म मन पुऱ्याउंदा कपडा गहना आदिमा शरीरमा प्रयोग गरिएका प्रत्येक वस्तुको पनि आकार रंग याद गर्नुपर्छ। सकेमा जति सूक्ष्म वा सानो आकार रंगमा अभ्यास गर्न सकिन्छ, त्यति सूक्ष्म अभ्यास गरे हुन्छ। जस्तै- प्रत्येक दाँत, नङ, औंलाको जोर्नी, शरीरमा भएको दाग आदि।

शब्द ध्यान- आँखा बन्द गर्दा वा खोल्दा सुनिएको शब्दको क ख ग घ आदि अक्षरमा अर्थात आवाजमा मन केन्द्रित गर्नुपर्छ। जस्तै- नमस्कार सुन्दा नमस्कार अक्षरहरू अलग गरी सुन्नुपर्छ। त्यसरी नै टङटङ आदि जेसुकै आवाज आएपनि आवाज संगसंगै मनमनै आफूले पनि भन्नुपर्छ। जस्तै- टङटङ आए टङटङ, ढ्वाङ ढ्वाङ आए ढ्वाङ ढ्वाङ। यस अभ्यासले सुनेपिच्छेको आवाजलाई सुनिरहेको छु सुनिरहेको छु भनी थाहा पाउन सकिन्छ।

स्पर्श ध्यान- रगत, मासु, हड्डी, छाला आदि सबै स्थानमा स्पर्शको अनुभव हुन्छ। त्यसबेला शरीरको अनुभव हुँदा वा शरीरको कुनै पनि अंगले कतै छुँदा छुएको क्षेत्रमा मनमनै कोर्दै आकार थाहा पाउने कोशिस गर्नुपर्छ। जस्तै- खुट्टा उठाउंदा खुट्टा उदाउँदैछु भनी थाहा पाएर भारी भएको अनुभव गर्नुपर्छ। यसलाई भारी भयो भारी भयो भनेर भारीपनमा मात्र मन एकाग्र गर्नुपर्छ। अझ सम्भव भए उठाएको खुट्टा काहाँ भारी भएको छ त्यस क्षेत्रको बाहिरी आकारमा मनमनै कोर्दै मन एकाग्र गर्ने कोशिस गर्नुपर्छ।

यसरी याद गर्दै जांदा एक ढिको शरीर याद हुँदै आउँछ भने पछिपछि धातु मनसिकारअनुसार पृथ्वी, अग्नि जल, वायु धातुको भारी हल्का, तातो चिसो ढिको पर्ने, बहने, हल्लिने कसिने, फुल्ने, चल्ने, चिलाउने आदि अनुभव हुदै आउँछ। त्यसबेला भारी भयो हल्का भयो, तातो भयो, चिसो भयो भन्दै जसोजसो हुन्छ त्यसलाई हराएर नगएसम्म त्यसैत्यसै गरी थाहा पाउदै बस्नुपर्छ।

अझ स्पर्शको अनुभव स्पष्ट गर्न चाहेमा मनमनै हातले छुएमा छुएको ठाउँमा भारी हल्का, खस्रो, कडा, नरम, तातो, चिसो, कस्तो स्पर्श अनुभव भयो त्यसलाई थाहा पाउन सकिन्छ। जस्तै- केशको वरिपरि मनमनै छुएर आकार बनाएर, त्यसको रंग याद गर्दै मनमनै छुएको ठाउँमा कडा, नरम, खस्रो के अनुभव हुन्छ ? त्यसलाई कडा भयो, नरम भयो भनेर थाहा पाउने गर्नुपर्छ।

यसैमा थप अभ्यास गर्दा- केश टाउकोमा स्थित भएको, दुर्गन्धीत, सुँघ्दा गन्हाएको सम्झनुपर्छ। यसैगरी थाहा पाउने कोशिस गर्नुपर्छ (आँखाको चिप्रा, नाकको सिंघान, कानको कानेगुजी आदि)। जहाँजहाँ मनमनै हातले स्पर्श गर्छ त्यहा त्यहाँको (दुर्गन्धीत असुची विषयहरू) सम्झिने कोशिस गर्नुपर्छ।

सम्झना ध्यान- जबजब मन भाग्छ तुरुन्त होशमा ल्याएर फेरि अभ्यास सुरु गर्नुपर्छ। मन भाग्यो वा सम्झना आउंदा जुनसुकै विषयको सम्झना आए पनि सम्झना आयो सम्झना आयो भन्दै त्यस सम्झनाको आकारलाई मनमनै कोर्दै आकार र रंगमा एकाग्र गर्ने कोशिस गर्नुपर्छ।

अर्को तरिका- विहान उठेदेखि अहिलेसम्म के के भयो ? भइसकेको सम्झिने र फेरी अहिलेदेखि विहान उठेसम्म के के भयो ? उल्टा सम्झिदै जाने। वा आफूले गरेको कुनै कामलाई उल्टासुल्टा सम्झिने। वा आफ्नो कोठा वा घर वा टोल शहरको दृश्य उल्टासुल्टा सम्झिने। यसैगरी टाउकोदेखि खुट्टासम्मको प्रत्येक केश आदि अंग वा लुगा, गहना वा प्रयोग गरिएको वस्तुहरू, त्यसबाट पहिले गरिएको काम सम्झिने गर्नुपर्छ। त्यसरी नै फेरि खुट्टादेखि केशसम्म एउटाएउटालाई सम्झिने गर्नुपर्छ। यदि मन दृढ छ भने विस्तृतमा र

चञ्चल हुन्छ वा सम्झिएको कारणले अझ मन भाग्छ भने साधारणरूपमा सम्झिने गर्नुपर्छ।

तर सम्झना आएको विषय सम्झना आयो वा देखियो भनेर मात्र थाहा पाउनुपर्छ। त्यसप्रति आशक्त भएर भुलेर वा कुरा खेलाएर बस्नुहुँदैन। कुरा खेले कि नयाँ सम्झिने गर्नुपर्छ।

त्यसैगरी सुख आनन्द, मजा वा दुःख, पीडा वा छटपटी आदि वेदनानुपस्सना अनुसार अनुभूति भएर आउँछन्। त्यसलाई पनि भएअनुसार थाहा पाइरहनुपर्छ। त्यसै गरी चित्तमा उत्पन्न भएको राग, द्वेष, ईर्ष्या, अहंकार वा सम्झना चिन्तना, कल्पना, तर्कना, इच्छाहरू जसोजसो उत्पन्न हुन्छ त्यसैत्यसै गरी चित्तानुपस्सनाअनुसार थाहा पाउँदै जानुपर्छ। देख्दा सुन्दा मनमा प्रभाव परेर कसरी नयाँ मनोविकृति बढ्छ, हलन चलन हुन्छ धम्मानुपस्सनाअनुसार थाहा पाउदै जानुपर्छ।

बस्दा मात्र ध्यान अभ्यास हुँदैन। उठ्दा, पल्टिंदा र हिड्दा पनि ध्यान हुन्छ। वा शरीरले गरिने सारा कर्महरूको जानकारी गर्न सकिन्छ। माथि बताएको विधिहरू उठ्दा र पल्टिंदा सहजै गर्न सकिन्छ। तर हिंड्दा उपरोक्त विधिहरूमध्ये मोटामोटी आकारमा ध्यान दिनुपर्छ। स्पर्श ध्यान अनुसार वेदना वा भारी हल्का थाहा पाउने कोशिस गर्नुपर्छ।

बसेर अभ्यास गर्ने समयमा बाहेक घण्टाको एक मिनेट याद गर्न सकेमा र अनुहार लाई शान्त राख्न सकेमा एक वा दुई महिनाभित्र नै सतिपट्ठान सुत्तअनुसार विभिन्न जानकारी तथा ज्ञान लाभ भएर केही न केही लोभ क्रोध हटाएर बस्न सकिनेछ।

शरीरले गर्ने विभिन्न स्वभावहरूमध्ये खाने समयमा विशेष ध्यान दिनुपर्छ। खाँदादेखि देखेको, खाने इच्छा आएको, गाँस तयार गर्न औला चलाएको, गाँस तयार गरेर हात उठाएको, मुख खोलेको, मुखमा राखेको, फेरि हात तल राखेको, चपाएको (चपाएको पनि दाँतको काम, जिब्रोको काम, विभिन्न स्वाद, धूलो हुँदै गएको अवस्था) निलेकोमा एक गाँस खाँदा के के गरिन्छ ? एकपछि अर्को थाहा पाउनुपर्छ। त्यसरी नै प्रत्येक गाँस थाहा पाउनुपर्छ। बीचमा मन कल्पना आदिमा भुलाउन हुँदैन।

समाधि- माथि बताइएअनुसार होश राख्ने काममा दृढता आएमा समाधिको लागि शरीरलाई टाउकोको भाग, बीच शरीरको भाग र कम्मरमुनीको भाग गरी तीन भागमा विभाजन गरेर टाउको, शरीर, खुट्टा र फेरि खुट्टा, शरीर र टाउको भन्दै भनेअनुसार थाहा पाउनुपर्छ। यसरी थाहा पाउँदै जाँदा इरियापथअनुसार बस्दा बसिरहेको शरीरलाई बसिरहेको छु बसिरहेको छु भन्दै याद गर्नुपर्छ।

आँखा खोलिहेर्दा दायाँ बायाँ तलमाथि चारैतिर हेरेर देखिने जति दृश्यलाई एकैचोटी थाहा पाउनुपर्छ। त्यसबेला एकैचोटी सबै आकार र रंगलाई देखिरहेछु देखिरहेछु

भनेर थाहा पाउनुपर्छ । वा एकचोटी एक छेउदेखि अर्को छेउसम्म आकार रंग थाहा पाउनुपर्छ । जस्तै- टाउकोबाट हेर्दै खुट्टासम्म पुग्नुपर्छ । वा कुमदेखि औंलाको टुप्पासम्म वा कलम हेर्दा टुप्पाबाट आकार हेर्दै पुच्छारमा पुऱ्याउनुपर्छ । सुन्दा सुनिएका सारा आवाजलाई एकैचोटी सुन्ने गर्नुपर्छ। यसरी भावना गर्दा ग्रहण गरेको आलम्बन लगातार थाहा पाउंदा दृश्य ध्यानमा आकार र रंग मात्र, शब्द ध्यानमा अक्षर आवाजमात्र, स्पर्शध्यानमा स्पर्श क्षेत्र र वेदना मात्र र सम्झना ध्यानमा आकाररंग मात्र जानकारी हुन्छ।

होश राख्ने काम पूर्ण हुने वित्तिकै स्वतः समाधिको काम सुरु हुन्छ। जस्तै- आकार ध्यानमा जहाँ जे देखे पनि तुरुन्त आकार र रंग (भएमा) या मनले (चुम्बकले समातेझैं) पक्रिहाल्छ। शब्द ध्यानमा- जस्तो आवाज त्यस्तै मनको उच्चारण गर्ने बानी बस्छ। स्पर्श ध्यानमा- तातो चिसो, वा दुखेको क्षेत्रको आकार स्पष्ट थाहा हुन्छ । सम्झना ध्यानमा- सम्झना भए पिच्छै पुरा आकारमा मन केन्द्रित हुन्छ ।

यसप्रकार समाधि अभ्यास गर्दा ग्रहण गरेको आलम्बनमा मन ठपक्क बस्ने हुनाले मन भाग्दैन। फलस्वरूप अनावश्यक इच्छा आएर मन चञ्चल हुँदैन । यसको प्रभाव शरीरमा पनि पर्छ र शरीर पूर्णतया शान्त हुन्छ भने काम गर्दा कम हलनचलन हुन्छ । बस्दा शरीर बढी चल्न थाल्यो भने समाधि बिग्रंदैछ भनेर थाहा पाउन सकिन्छ । त्यसैले बसेर अभ्यास गर्दा साना ठूला वेदनाहरू हराएर नभएसम्म सहने कोशिस गर्नुपर्छ ।

प्रज्ञा- सारा शरीर एकै चोटी एकै ढिको हेर्दा जुन आलम्बन थाहा भएको छ त्यस संगसंगै थाहा पाउने हुन्छ । जब त्यो समाप्त हुन्छ च्वाट्ट काटिएझैं समाप्त भएको थाहा हुन्छ र त्यसमा आसक्त नभएको थाहा हुन्छ । मन एउटै आलम्बनमा सीमित नभएर ज़े जे आलम्बन उत्पन्न हुन्छ त्यसलाई तुरुन्त लगातार थाहा पाएर र अर्को उत्पन्न आलम्बनलाई तुरुन्त थाहा पाउँछ । जस्तै- आवाज आयो थाहा पायो सकियो, चिलायो थाहा पायो सकियो, शरीरको कुनै अंगमा वेदना भयो थाहा पायो सकियो । यसरी नै फेरि आवाज, फेरि वेदना, फेरि आकार रंग आदि आदि ।

यसप्रकार थाहा पाउंदै जांदा थाहा पाएको आलम्बनले मनमा के असर पार्दछ ? र मनको प्रभाव शरीरमा के पर्दैछ ? त्यो थाहा पाउने कोशिस गर्नुपर्छ । यसबाट एउटा आलम्बनले अर्को आलम्बन उत्पन्न गर्ने कार्य कारण थाहा भएर आउँछ। उत्पन्न आलम्बन लगातार थाहा पाउंदा पाउंदै समाप्त हुंदा अनित्य, फेरि अर्को उत्पन्न भएको दुःख, आफ्नो अधिनमा नभएको अनात्म ज्ञानहरू विकास भएर आउँछन् ।

त्यसमा व्यवहारिक परिचय हराएर जान्छ। म, स्त्री, पुरुष वा यो वस्तु त्यो वस्तु भन्ने भावना रहंदैन। त्यसैले जेसुकै थाहा पाएमा मनले मनपऱ्यो, वा परेन भनेर प्रतिक्रिया

गर्दैन । थाहा पाएको थाहा पाउंदा पाउँदै हराएर जान्छ । चित्तको स्वभाव र आकार, रंग, शब्द वेदना आदि मात्र थाहा हुन्छ । त्यसैले मन ढुकढुक हुँदाखेरि पनि आवाज र क्षेत्रको आकारमा मात्र मन पुग्छ । थप डराउने तर्सिने आदि स्वभाव हुँदैन । मुटुमा प्रतिक्रिया हुनासाथ नअत्तालिकन नडराइकन हराएर नगएसम्म शान्त भएर सहनुपर्छ । यो स्वभाव जति शान्त वा सहन गर्न सक्यो त्यति मानसिक पूर्वसंस्कारहरू नाश भएर जान्छ ।

ध्यान अभ्यासबाट नामरूपको भेद र अनित्य दुःख अनात्म ज्ञानमध्ये अनात्म ज्ञान जगाउन चक्रमण पनि गर्नुपर्छ । एक घण्टा बसेर एक घण्टा हिडडूल गरेर ध्यान अभ्यास गर्दा र खाना खांदा प्रत्येक गांसको विस्तृतरूपमा थाहा पाउने अभ्यास गर्दा पञ्चस्कन्धको र कार्य कारण ज्ञान सजिलै विकास गर्न सकिन्छ । चक्रमण गर्दा पनि जति सकिन्छ त्यति विस्तार विस्तार हलन चलन गरेर अभ्यास गर्नुपर्छ । जसरी बकुल्लाले पानीमा विस्तारै खुट्टा चलाउँछ त्यसैगरि स्मृति समाधिको क्षमताअनुसार शरीरको हलन चलन विस्तार गर्नुपर्छ । यो अभ्यास खाना खांदा समय र स्वतन्त्ररूपले एक्लै चक्रमण गर्ने समयमा गर्नुपर्छ । दिसा पिसाप गर्न जांदा वा अगाडि पछाडि योगीहरू हिंडेको समयमा साधारणरूपले हिंडडूल गर्नुपर्छ । किनकि त्यसबेला स्वतन्त्ररूपले हिंडडूल गर्न पाइंदैन ।

त्यसैले चक्रमण अभ्यासमा खुट्टा उठाएको कारणहरू, शरीर घुमेको कारणहरू जान्न प्रत्येक हिंडेको, बसेको, घुमेको घटनाहरूलाई एकपछि अर्को लगातार थाहा पाउने कोशिस गर्नुपर्छ ।

विशेष याद गर्नुपर्ने कुरा के छ भने स्मृति (होश) हुँदा अनुहार बिग्रिदैन । त्यसैले अनुहार बिग्रे कि त्यस क्षण बेहोशी भयो भनेर अनुहार बिग्रियो अनुहार बिग्रियो (अर्थात मुस्काउनु, हास्नु, आँखा, निधार, कस्सिनु, खुम्चिनु आदि) थाहा पाएर तुरुन्त पहिला अनुहार शान्त पार्नुपर्छ । समाधि हुँदा बसेको समय ढाड गर्धन सीधा टमक्क पर्दछ र शरीर शान्त हुन्छ । कतै शरीर हलन चलन भएमा समाधि बिग्रियो भनी थाहा पाएर शरीरलाई शान्त पार्नुपर्छ । प्रज्ञा हुँदा हृदयमा जुनसुकै मानसिक प्रतिक्रिया वा मन ढूकढूक हुँदा पनि मन शान्त नै हुन्छ । त्यसैले जबजब थाहा पाएको विषयको कारणले मन अत्तालिन थाल्यो, डराउन थाल्यो वा थप मानसिक प्रतिक्रिया गर्न थाल्यो भने मोह बढ्यो भनेर थाहा पाएर मन शान्त गर्नुपर्छ । अर्थात मन जतिसुकै ढूकढूक गरोस् वा डरत्राश उत्पत्ति होस् त्यो थाहा पाउँदै धैर्यताका साथ मनलाई शान्त राख्नुपर्छ ।

निष्कर्षमा- मूल्याङ्कन मापदण्डअनुसार स्मृति (होश) को मापदण्ड अनुहार हल्का शान्त हुनु, समाधिको मापदण्ड शरीर हल्का शान्त हुनु र प्रज्ञाको मापदण्ड मन हल्का शान्त हुनु हो । जबजब जुनजुन अंगमा हल्कापन, शान्तपन हराउँछ, त्यसत्यस अवस्थामा स्मृति

वा समाधि वा प्रज्ञा छैन भनी थाहा पाउनुपर्छ ।

माथि बताइएका विधिहरू कायगता सतिको उल्टोसुल्टो पढ्ने तरिका, कसिण भावनाको कसिण मण्डल हेर्ने तरिका पूर्वेनिवास अनुस्मृतिको भइसकेको सम्झिने तरिका, फोहर आदि अशुभ भावना (कायगता र चार धातु व्यवस्थान) को तरिका आदिमा आधारित गरेर एउटा सामूहिक र सरल विधि विकास गरिएको हो । कुनै कहिले नभएको वा सम्यक् शिक्षाबाट अलग्गिएर छुट्टै पत्ता लगाएको विधि होइन ।

यी तरिका फरक पार्नुको अर्थ एउटा विधिले ध्यान नभएमा अर्को विधि अभ्यास गर्न सकिन्छ । आफ्नो संस्कारअनुसार जुन विधि उपयुक्त हुन्छ त्यही अभ्यास गर्नुपर्दछ । यी विधिहरू निजीरूपमा घरमा वा ध्यानकेन्द्रमा पनि अभ्यास गर्न सकिन्छ । ध्यान केन्द्रमा अभ्यास गर्दा त्यहाँको विभिन्न नियमहरूमध्ये आर्यमौन विशेषरूपमा पालन गर्नुपर्छ । जसले आर्यमौन शुद्धरूपमा पालन गर्छ उसको ५० प्रतिशत ध्यान पुरा हुन्छ । त्यसपछि दिइएको निर्देशनअनुसार मेहनत गर्न सकेमा प्रज्ञास्तरमा फाइदा उठाउन सकिन्छ । त्यसैले योगीले अन्य योगीसंग सम्पर्क राख्ने, रुची लिने गर्नु हुँदैन । विशेषगरी ध्यान मेरो फाइदाको लागि हो भनेर सोचेर अभ्यास गर्नुपर्छ । स्वयंसेवक वा ध्यान निर्देशकलाई नै ठग्ने वा अरुलाई देखाउने गरी ध्यान गर्नुहुँदैन । त्यसैले इमान्दारीको ठूलो महत्व हुन्छ । नबुझेमा दिएको समयमा सोधपुछ गर्नुपर्छ ।

खाना आफ्नो स्वास्थ्यले भ्याएसम्म कम खानुपर्छ । जब पेट कटकट दुखेर खैरो वा आँउमासी पर्छ, दिसा हुन्छ, त्यसपछि साधारणरूपले खानाखाए हुन्छ । खानामा चिल्लो पिरो, गुलियो आदि बार्नुपर्दैन । प्रत्येक दिन बिहान उठेर एक लिटर पानी पिएर ब्रशगर्दा वाकवाक गर्नुपर्छ । यसले राती खाना नखाएको कारणले बढी हुने पित्त र अम्ल पानीमा मिसिएर बाहिर निस्कन्छ । यसले गर्दा वाकवाक हुने, टाउको दुःख्ने, निद्रा लाग्ने, अल्छी लाग्ने छटपटी हुने आदि विकारहरू भएर ध्यानमा वाधा दिन पाउँदैन ।

दोश्रोपल्ट वा अनित्य, दुःख, अनात्म ज्ञानमा मन दृढ भएपछि भिक्षु/भिक्षुणी भएर ध्यान बस्नुपर्छ । भिक्षु/भिक्षुणी भएर विहारमा बसेर पाकेको भिक्षा माग्दै ध्यानाभ्यास गर्दै आफ्नो मनको विपस्सना ज्ञान अनुसार मन दृढ भयो भएन ? वा आफू कति पानीमा छुं भन्ने परीक्षा गर्नुपर्छ । किनकि भिक्षु/भिक्षुणी नै वास्तवमा ध्यानयोगी हुन् । चीवर नै ध्यानयोगीको पोशाक हो र विहार नै ध्यानकेन्द्र हो ।

समूह ङ

सम्यक् गीत

१. बुद्धगुण

नमस्कार सम्यक् सम्बुद्धलाई
राग द्वेष मोह आदि शत्रुलाई
नाश गरिसक्नुभएको (१) अरहन्त हुनुहुन्छ

सबै धम्मलाई सम्यक्रूपले स्वयं बोध गर्नुभएको
(२) सम्यक् सम्बुद्ध हुनुहुन्छ,
शील समाधि प्रज्ञापूर्ण (३) विद्याचरण सम्पन्न हुनुहुन्छ ....

जन्ममरणको दुःखबाट मुक्त निर्वाणमा पुग्नुभएको
उहाँ (४) सुगत हुनुहुन्छ
सत्व संस्कार ओकासलोक जान्ने उहाँ (५) लोकविज्ञ हुनुहुन्छ ....

बोध गर्न योग्य प्राणीहरूलाई ज्ञानले दमन गर्ने
(६) अद्वितीय सारथी हुनुहुन्छ
अँध्यारोबाट उज्यालोमा लाने (७) देव मनुष्यका गुरु हुनुहुन्छ ...

चारआर्यसत्य विश्लेषण गरी बोध गरिलिनुभएको
उहाँ (८) बुद्ध हुनुहुन्छ
भाग्य गुणहरूले युक्त उहाँ (९) भगवान् हुनुहुन्छ ....

२ धम्मगुण

आदि मध्य अन्तमा कल्याण हुने भगवान् देसित भएको
(१) स्वाक्खातो धम्म भनिन्छ
प्रत्यक्ष हुने गरी फलदिने (२) सन्दिट्ठिको धम्म भनिन्छ
नमस्कार निर्वाणगामि धम्मलाई
फलदिन कालरहित भएको धम्म (३) अकालिको भनिन्छ
आऊ हेर भनी परीक्षण योग्य एहिपस्सिको (४) धम्म भनिन्छ ...
निर्वाणसम्म पुऱ्याइदिने धम्म (५) ओपनयि्यको भनिन्छ
(६) विज्ञहरूद्वारा स्वानुभवले विदितयोग्य धम्म भनिन्छ ....

३. संघगुण

(१) धर्मविनयमा प्रतिष्ठित भगवान्‌को श्रावकसंघ
(२) अष्टांगिकमार्गमा प्रतिष्ठित भगवान्‌को श्रावकसंघ
(३) निर्वाणमार्गमा प्रतिष्ठित भगवान्‌को श्रावकसंघ
(४) सत्कारयोग्य धम्ममा प्रतिष्ठित भगवान्‌को श्रावकसंघ
यिनै श्रोतापन्न सकृदागामि अनागामि अरहन्त
चारजोडी पुरुषहरू
मार्ग र फलाप्राप्त गरेका अष्ट पुरुष पुद्‌गलहरू
हुन् भगवान्‌को श्रावकसंघ
आह्वान गरिनुयोग्य (५) आहुणेय्यो (६) दक्खिणेय्यो दक्षिणायोग्य
(७) पाहुणेय्यो पाहुना योग्य
वन्दना गर्नयोग्य भएको (८) अञ्जलिकरणीयो
भगवान्‌को श्रावकसंघ
निर्वाणसम्म पाउने आशाले पुण्यवीज रोप्न योग्य
(९) अद्वितीय पुण्यखेत हुनुहुन्छ
जसलाई दिनाले महाफलदायी भदन्त भिक्षुहरू हुनुहुन्छ
आर्या भिक्षुणीहरू हुनुहुन्छ

४. बुद्ध जीवनी

(बुटवल ज्ञानमालामा सुधार गरिएको गीत)

लुम्बिनी हो जन्मभूमि भगवान् गौतम बुद्धको
जन्म वैशाख पूर्णिमामा शालवृक्ष मुनि
राजा सुद्धोदन बाबा थिए कपिलवस्तु राज्य
मायादेवी आमा थिइन् मामाली देवदह
प्रजापती गौतमी कान्छी आमा भाई नन्दकुमार
१६ वर्षमा विवाह भयो यशोधरासंग
२८ वर्षमा छोरा जन्मियो राखियो नाम राहुल
आषाढ पूर्णिमामा कन्थक चढी अभिनिष्क्रमण गर्नुभो
६ वर्षसम्म तपश्या गर्दै ज्ञानको खोजी गर्नुभो
३५ वर्षको उमेरमा बोधगयामा पुग्नुभो
वैशाख पूर्णिमामा बोधिवृक्षमुनि बोधिज्ञान पाउनुभो
आषाढ पूर्णिमामा सारनाथमा धर्मचक्रप्रवर्तन गर्नुभो
चार आर्यसत्य बुझाउँदै धेरैलाई प्रभाव पार्नुभो
देव मनुष्य प्राणीहरू त्रिरत्न शरणमा ल्याउनुभो
बुद्धले ४५ वर्षसम्म धर्मप्रचार गर्नुभो
८० वर्षको उमेरमा कुशीनगरमा पुग्नुभो
वैशाख पूर्णिमामा शालवृक्षमुनि परिनिर्वाण हुनुभो

५. मिथ्या संस्कृति

कट्दैन पाप नदीमा नुहाएर
हुँदैन धर्म भाकल गरेर

यदि नुहाउँदैमा शुद्ध हुने भए,
जलचरहरू सबै मुक्त हुने थिए
यदि भाकलले धर्म बढ्ने भए,
अधर्मिहरू सबै सन्त हुने थिए

प्रज्ञाले मात्र पाप काटिन्छ,
स्मृतिले मात्र गल्ती सुधार्छ
कायिक वाचिक मनो कर्महरू,
शुद्ध गर्नुलाई धर्म भनिन्छ।

६. विहार जाऔं

हामी विहार जाऔं असल कुरा सिकौं
दश पाप छाडेर दान ध्यान गरौं
भिक्षुलाई भेटेमा भन्ते वन्दना भनौं
अनागारिका भेटेमा आर्या वन्दना भनौं
घुँडा टेकी टाउको टेकी हामी वन्दना गरौं
भिक्षुसंघ हाम्रो पुण्य गर्ने क्षेत्र
बुद्धशिक्षा हाम्रो निर्वाण पाउने ज्ञान
भिक्षुसंग ज्ञान सिकी सत्य बोध गरौं
विहारमा जाँदा शान्त बस्नुपर्छ
सबै जनालाई सम्मान गर्नुपर्छ
अनुशासित भएर जीवन सफल पारौं

७. शत्रु

(वास्तविक शत्रु आफ्नै कलुषित मन हो भनी बुझाइएको गीत)

ज्ञानरहित अन्धविश्वास, कति भयंकर हुँदोरहेछ
अधर्मलाई धर्म सम्झिंदा, मानव दानव बन्दोरहेछ ।

धिक्कार छ कन्जुसीलाई, आफै मात्र नाम कमाउने
पराय सप्रिने डरले, सुधारिएन कसैलाई पनि
हाय यो आलस्य पनि, मेहनत गर्न नरुचाउने
भोलिभोलि गरुँला भन्दै, गुम्यो कति सुवर्ण अवसर

कस्तो यो अंहकार हो, ढोंगी अस्तित्व बनाउने
गल्ती स्वीकार्न नसक्दा, उजाडियो अमूल्य मित्रता
वेकार झन यो ईर्ष्या, पर प्रगति हेर्न नसक्ने
डाहको आगोमा जल्दै, खरानी भयो सुन्दर जीवन

८. माया

(मायालाई समाधिको अंग बनाइएको गीत)

माया जीवन आशा, मिलन हितैषी अज्ञात
आँखाबाट स्वीकृत, हृदय विनिमय एकाधिकार
मायामा हुँदैन शंका, त्याग विश्वास हुन्छ
सम्झौता गरिन्न यहाँ, समझदारी भए पुग्छ
लिइन्न केही पनि, दिइने मात्र गरिन्छ
विनाअनुरोध सहयोग, मायाको स्वभाव हुन्छ
माया मुटुमा पलाएको, स्वच्छ करुणा पालुवा
अहंकारी चट्टानी छात्तीमा, निस्सासिंदैन यसको जरा
राजनीति होइन माया, न हो व्यापार विज्ञापन
तृष्णा डढेलो निभाउने, आत्मियताको यो मुहान
टाढिँदैमा नहराउने माया, न आवेशिन्छ नजिकिंदैमा
सुखमा बन्छ अमृत, औषधी आलेप दुःखमा
माया योग साधना, उत्साह चिन्तन ध्यान
अन्त्यमा पाइने अनित्य, दुःख, अनात्म ज्ञान

९. अन्न महिमा (स्रोतः संयुक्तनिकाय)

एक अन्न नै यस्तो छ
जस्लाई सबैले चाहन्छ
देवता मनुष्य दुबैले
जसले अन्नलाई दान गर्छ, श्रद्धापूर्वक प्रसन्नचित्तले
उसैलाई त्यो अन्न पाउँछ, इहलोक र परलोकमा
त्यसैले कन्जुसी छाडिदेऊ, पाप हटाउन दान पुण्य गर
परलोकमा पुण्य मात्र, प्राणीहरूको आधार हुन्छ।

१०. मूर्ख

लोभ क्रोध अज्ञानमा, जो सदा फस्दछ
पछुतो हुने काम गर्ने, लाई मुर्ख भन्दछ
मूर्ख आफू पनि जान्दैन, अरुलाई पनि मान्दैन
तर्क शंका उपहास गरी, आफ्नो हात माथि पार्छ
मूर्खको मूर्खता देखेर, विद्वान जब चुप लाग्छ
तब मूर्खले आफूलाई, सफल अनि महान् ठान्छ
आलस्य बेहोशी चञ्चल, हुनलाई मह ठान्दछ
उन्नति अवसर गुमाउँदै, मूर्ख तड्पिएर बस्दछ
अहंकारी कञ्जुसी ईर्ष्यालु, हुँदै विनासिन्छ मूर्ख,
उत्साह धैर्य विवेकरहित, मूर्ख आफ्नै शत्रु बन्छ ।

११. स्वयम्भू

व्युझौं न देसवासी उषाले लाली छायो
एघारौ सताब्दीले संघार टेकिसक्यो
हेरौं न विदेशीका विज्ञान र विकास
चिन्तनकै खेल हो परिश्रम नै प्रधान

कति गाउने भजनभक्ति ?
कति मान्ने रीतिरिवाज ?
कति बन्ने साम्प्रदायिक ?
कति धाउने मन्दिरधाम ?
सोधौं न सन्तलाई धर्मको आधार
सत्यको खोजी मानवताको उद्धार
कति गर्ने जातिय झगडा ?
कति चर्काउने पार्टि विवाद ?
कति जित्ने भोट चुनाव ?
कति गर्ने गोष्ठी सम्मेलन ?
पढौं न शहीदका नारा रगतका
प्रजातन्त्र न्याय तथा चौतर्फी विकास

१२. पूजनीय आमाबाबा

(आमाबाबाको ब्रह्मविहार गुणलाई बुझाइएको गीत)

आमाबाबा महाब्रह्मा पहिलो गुरु हाम्रो ,
हाम्रो पूजनीय देव शुभचिन्तक हाम्रो
प्रत्येक दिन विहान उठी हामी वन्दना गर्छौं,
आशीर्वाद पनि सधैं हामी थाप्ने गर्छौं

गर्भधारण भएदेखि खाना पनि बार्नुभयो,
तागतिलो खाना खाई शक्ति पनि दिनुभयो
अस्पताल पनि गई स्वास्थ्य जाँच गर्नुभयो,
हामीलाई आफूजस्तै मैत्री कामना गर्नुभयो

न्यानो लुगा दिनुभयो जब नांगो जन्म भयो
भोकलागी रुँदा दूध पनि खुवाउनुभयो
दुर्घटना रोग आदिबाट बचाउनुभयो
असहाय निर्धोप्रति दया करुणा राख्नुभयो

हाम्रो तोते बोलीसंगै कुराकानी गर्नुहुन्थ्यो
हामीलाई बुई चढाई घोडा पनि बन्नुहुन्थ्यो
हामी हाँसिदिए भने दुःख पनि भुल्नुहुन्छ
हाम्रो सानो प्रगतिमा प्रमुदित हुनुहुन्छ

दिसा पिसाप फोहर गर्दा झरकिने गर्नुहुन्न
कहिलेकाँही झगडा गर्दा वास्ता पनि गर्नुहुन्न
कुनै काम विगारे पनि नरिसाई बस्नुहुन्छ
जति दुःख दिए पनि उपेक्षा गरी बस्नुहुन्छ ।

१३. को श्रेष्ठ ? (स्रोत : संयुक्तनिकाय)

(कुन विषयमा को वा के उत्तम छ भनी बुझाइएको गीत)

सम्बुद्ध मानिसमा श्रेष्ठ, सत्य स्वादिष्ट रसमा
आफू सबैभन्दा प्यारो, आमा मित्र घरमा

सन्तोष परम धन, भोक परम रोग
लाभहरूमा निरोगिता, विश्वास आफन्तमा
वैराग्य परम धर्म, प्रज्ञा परम रत्न
जन्म गराउनेमा तृष्णा, पुण्य चोरी नहुनेमा

राग परम आगो, द्वेष परम पाप
भलो गराउनेमा विद्या, आर्यसत्य सत्यहरूमा
निर्वाण परम सुख, संस्कार परम दुःख
छोरामा कुरा सुन्ने, पत्नी सेवकहरूमा

१४. सम्यक् जीवन (स्रोत : धम्मपद)

पुण्यहरू झट्टै गर्नुपर्छ, पाप चिताउनु हुँदैन
पुण्य गर्न बेर लायो भने, पापमा मन रमी बस्छ

दण्ड देखेर सबै डराउँछन्, मर्नुपर्दा सबै काँप्छन्
त्यसैले अरुलाई आफूजस्तै सम्झी, हिंसा नगर्नु नगराउनु

मलाई हकाऱ्यो मलाई पिट्यो, मलाई हरायो मेरो हरण गऱ्यो
भनेर जसले सदा विचार गर्छ, उसको मनमा शान्ति हुँदैन

रिसले वैरभाव शान्त हुँदैन, प्रेम भावले रिस शान्त हुन्छ
यही नै पहिलेदेखि भएको, कटु अनुभव सन्तहरूको

मूर्खले मात्र विचार गर्दैन, एकदिन मर्नुपर्छ भनी
मर्नुपर्छ भनेर विचार गर्दा, क्रोध कलह त्यसै शान्त हुन्छ

१५. बुद्ध

(बुद्धलाई अवतार भनी बोलाउनुभन्दा उहाँको गुणलाई आफूमा विकसित गर्नुपर्ने सन्देश गीत)

किन बोलाउँछौ बुद्ध, होइन ऊ अवतार बुझ
तिमी नै हौ बुद्ध, बोधि आफैभित्र खोज
कागको पछि दौडिने, अन्धोभक्त होइनौ तिमी
कार्य कारण अन्वेषक, वैज्ञानिक हौ तिमी
न हौ तिमी पुरोहित, ज्ञान विकास विरोधी
स्वानुभव विश्लेषक, दार्शनिक बुद्ध तिमी
जातभेदी बलिपूजक, अपराधी होइनौ तिमी
कर्मको मर्म बुझ्ने, न्यायाधीश हौ तिमी
न हौ तिमी शूद्र विधवा, असहाय ग्रन्थ शिकार
प्रजातान्त्रिक क्रान्तिकारी, कारुणिक बुद्ध तिमी

१६. त्रिरत्न शरण

(धरान ज्ञानमालामा सुधार गरिएको गीत)

त्रिरत्न शरण सदा जाऔं हामी
बुद्ध धम्म संघको शरण
चार आर्यसत्य बोध गरी,
ज्ञान लिऔं अनमोल

चित्त अरुको हामी नदुःखाउँ, चुक्लि वचन पनि त्यागौं
झूठ कपटलाई हृदयले त्यागी, सुभाषित वचन बोलौं

दयालु भै क्रोधलाई जितौं, जितौं दानी भै लोभ
अष्टांगिक मार्ग अपनाई, जीवन सार्थक बनाऔं

बलिपूजा गर्ने जातभेदीलाई, के धार्मिक न्यायिक भन्नु ?
समृद्धि मोक्ष सबैलाई चाहिन्छ, किन बाधक शोषक बन्नु ?

१७. शुभ कामना

मरणको नेतृत्व गर्ने शुभ जन्मदिनमा
उपहार के दिउँ वस्तु छैन स्थिर स्थायी
त्रिरत्न शरणमा जीवन समर्पित भएर
खुलोस् आँखा स्वयम्भूको आर्यसत्यहरूमा

प्रभाश्वर चित्तलाई पाहुनाले धमिल्याएझैं
हितैषीको रूपमा पनि आइपर्छन् मारहरू
प्रकाशित हुन सकोस् क्लेश संग्राम जितेर
बादल पन्छाएर चम्किएको चन्द्रमाजस्तै

आवेश शान्त नभएसम्म रागको महत्वजस्तै
भोग सम्पत्तिको महत्व हुन्छ मृत्यु नआएसम्म
परिशुद्ध हुन सकोस् सम्यक् ज्ञानले पूर्ण
हिलोको बन्धन तोड्ने कमलजस्तै

१८. सम्यक् चिन्तन

सोची त दिऔं हामी कुन दुनियाँमा छौ
के कति पायौं हाम्रो चिन्तन व्यवहारले ?

क्रोध कलहले कसको भलाई गऱ्यो ?
इख इवी दागा मात्रै बढाउँदै लग्यो
के काम दुर्वचनको ? नम्रता हुँदाहुँदै
किन निम्त्याउँछौ युद्ध ? बुद्ध हुँदाहुँदै

लोभ कन्जुसीले कसलाई सुखी बनायो ?
डाह चिन्ता छटपटी झनझन बढायो
के काम चोरीको ? परिश्रम हुँदाहुँदै
किन जगाउँछौ राग ? त्याग हुँदाहुँदै

१९. जीवन

शान्ति नै जीवनको साध्य,
विवेक प्रयत्न यसको साधन

जीवन न आफ्नो न अरुको, सललल बग्ने अविरल प्रवाह
यहाँ न प्रेम छ न विछोड, तृष्णा अज्ञानताको खेल

जीवन एकतर्फी यात्रा निरन्तर, अतीतसंग सदा वेमेल
वर्तमान शून्य आकाश सागर, भविष्य काल्पनिक अन्धकार

जीवन योगीको कर्मक्षेत्र, भोगीको बन्धन पाशो दलदल
पुरुषार्थीको अमृत मोक्षमार्ग, कायरको विष नरकद्वार

२०. सतिपट्ठान

(सतिपट्ठान ध्यानविधि बताइएको गीत)

होश राखी काम गर खाने गर हिंड्ने गर
होश राखी बोल्ने गर हेर साथी
मन लगाई पढ्ने गर सुन्ने गर लेख्ने गर
मन लगाई पाठ देऊ हेर साथी

रिस उठ्दा रिस उठ्यो जंग चल्यो भ्कोंक चल्यो
रिस नगरी क्रोधलाई थाहा पाऊ साथी
लोभ आउँदा लोभ लाग्यो मन पऱ्यो थुक आयो
लोभी नभई लोभलाई थाहा पाऊ साथी

दुःख लाग्दा पीढा भयो दुख्न थाल्यो दुःख भयो
दुःखी नभई सहने गरे साथी
सुख हुँदा सुख भयो मजा आयो खुसी लाग्यो
उत्ताउलो नभई बसे साथी

२१. परिणाम

हात्तीले फूकेर हिंडेजस्तै, पगपगमा होश राख्नुपर्ने
अन्यथा जीवन दुःखदायी, पाशोमा परेको हरिणजस्तै

एक झिल्को आगोले, जंगल सखाप पारेझैं
एक सानो गल्तीले, सारा जीवन तड्पिनुपर्छ
एक केजी क्षेप्यास्त्रले, शहर विनाश गरेझैं
एक दुष्ट पाखण्डीले, मानव सभ्यता ध्वस्त पार्छ

एक डिग्री कोणले, लक्ष्य दुरी फरक पारेझैं
एक क्षणको आलश्यले, सयौं वर्षपछि पर्छ
एक थोपा विषले, प्राण त्याग गर्नुपरेझैं
एक पलको तृष्णाले, दुराचारी बन्नुपर्छ

२२. जित (स्रोतः धम्मपद)

मैत्रीले जित्नु क्रोधीलाई, जित्नु गुणीले अवगुणीलाई
दानले जित्नु कन्जुसीलाई, जित्नु सत्यले असत्यलाई

जो हजारौं संग्राममा, हजारौंलाई जित्नुभन्दा
जसले जित्दछ आफूलाई, ऊ महान संग्रामजित
जो बाँच्दछ सयौं वर्ष, भई असंयमित दुराचारी
वेश एक दिन बाँच्नु, भई ध्यानी सदाचारी

क्रोधको आवेशलाई, जसले रथजस्तै रोक्छ
उसैलाई सारथि भन्छ, उसैलाई विजयता
पुरानो कुरा नसोच्ने, भविष्यको चिन्ता नलिने
वर्तमानमा सन्तोषी, उसैको मुहार हँसिलो

२३. कालम सुत्त

विश्वास नगर कहिले पनि अन्धश्रद्धाले
विवेकको प्रयोग गरेर विश्वास गर्ने गर
गुरुले भन्यो भन्दैमा विश्वास नगर
ठूलाको कुरा भन्दैमा विश्वास नगर
राम्ररी जाँचेर विश्वास गर्ने गर
कारण बुझेर मात्र विश्वास गर
पढ्दैमा सुन्दैमा विश्वास नगर
धर्म सस्कृति भन्दैमा विश्वास नगर
अनुसन्धान गरेर विश्वास गर्ने गर
वास्तविक बुझेर मात्र विश्वास गर
मन पऱ्यो भन्दैमा विश्वास नगर
आफ्नो मान्छे भन्दैमा विश्वास नगर
युत्तिसंगत भएमा विश्वास गर
ज्ञानी गुणी भए मात्र विश्वास गर

२४. पञ्चस्कन्ध दु:ख

(प्रेम गर्नु पनि दु:ख भनी बुझाइएको गीत)

यो कस्तो आत्मियता, यो कस्तो सम्बन्ध ?
मित्र बनें कि शत्रु, भनी देऊ तिमी आज

हेरी दिउं त आँखामा, लाजले विद्रोही बन्छौं
नहेरी दिउं त मनमा, शंकाले अपराधी हुन्छौं

छुएमा शरीर तिम्रो, बन्छ ज्वालामुखी तातिएर
नछुइदिएमा तिमी, बन्छौ हिमाल चिसिएर

नजिक आउँ त तिमीलाई, शारीरिक यातना हुन्छ
टाढा जाउँ त तिम्रो, मानसिक दु:ख बढ्छ

२५. दाइजो (स्रोत- विशाखा चरित्र)

सुन हे चेली पराई घर जाने, नारीको जीवन खुकुरीको धार
लैजाऊ दाइजो बुद्धको अर्ति, होस् पुऱ्याई जीवन बिताएस्

घरको झगडा बाहिर नसुनाएस्, बाहिरको झगडा भित्र नलैजाएस्
खाने बस्ने सुत्ने कार्य, अरुको चित्त बुझाई गरेस्

दिएस् है ऋण चुकाउनेलाई, नदिएस् फेरि पचाउनेलाई
तर गरीब भिखारीलाई, दया श्रद्धाले सधैं दिने गरेस्

सम्झे है देवता आफ्ना पतिलाई, घरको आगो अन्य सदस्यलाई
पोल्ने आगो सुरक्षित राखी, नित्य पूजा देवताको गरेस्

धनको सुरक्षा पाहुनाको मान, मित्रको अघि पतिको सम्मान
सुख दु:खमा पतिको भर, सदाचारी सहधर्मी बनेस्

२६. सुख (स्रोत-धम्मपद)

सुखकर वुद्धको उत्पत्ति, सुखकर सद्धर्म देशना ।
सुखकर संघको एकता, सुखकर सामूहिक तपश्या ॥

जितले वैरभाव, हारले दु:ख ल्याउँछ
हार जितरहित पुरुष, शान्त सुखी हुन्छ
पुण्यवान् सुखी हुन्छ, यो लोक परलोकमा
सत्कर्म सम्झना गर्दै, पुण्य बढाउँदै लान्छ

त्यागेर थोरै सुख, आएमा धेरै सुख
धेरै सुखको लागि त्याग्नु, वेश थोरै सुख
इन्द्रिय संयम सुख, भोजन मात्राज्ञान सुख
होशपूर्ण जीवन सुख, तृष्णा क्षय परम सुख

२७. बोध

हिमाल चढें सागरमा डुबें, तर कतै भएन बोध
चित्तलाई केलाई हेरें, तब भयो यथार्था बोध

विज्ञान पढें दर्शन छाटें, शास्त्र ग्रन्थहरू जाँचे
भाषण पनि सुन्ने गरें, तर पनि बुझिन सत्य
अज्ञानलाई पन्छाई हेरें, तब भयो सत्य बोध

भिक्षु भेटें योगीलाई ढोगें, पुरोहितको चाकडी गरें
समाज सेवी नेता पूजें, तर पनि पाइन धर्म
मनको मैलो पखाली हेरें, तब भयो धर्म बोध

कर्मचारी भएँ उद्यमी बनें, घरबार सम्हाली बसें
राजनीतिज्ञ पनि बनें, तर पनि सुध्रेन कर्म
अन्ध विश्वास छोडी हेरें, तब भयो कर्म बोध

२८. बोधिसत्व

मरुभूमिमा कुवाँ खन्ने हे कर्मी
तिम्रो साहासविना छैन अन्य सहारा
फुटाऊ मूल समय दुरूपयोग नगरी
पिलाउनु छ पानी अरुलाई पनि

पानीको लागि दिसा विहीन भै,
जीवन लिला कतिले समाप्त गरे
कति शुरुमै डरले मूर्च्छा परे,
अन्तिम चरणमा कति असफल भए
असफलता झन् दु:ख सम्झी,
पूर्णताको लागि कम्मर कस

छन् जतातत्तै छरिएका लाश हड्डीहरू
भोग प्यास असफलताले तडपिएकाहरू
सकिन्छ सकैलाई दया मात्र गर्न
फस्न सकिन्न मोहमा कसैको तर
तृष्णा असफलताको कारण बुझी
अष्टांगिक ज्याभलले निरन्तर खन

२९. जटा विशुद्धिमार्ग (स्रोतः संयुक्तनिकाय)

भित्र जटा बाहिर जटा, जटामा प्राणी उल्झिएका छन्
त्यसैले हे गौतम सोध्दछु, जटालाई कसले सुल्झाउँछ ?

शीलमा प्रतिष्ठित प्रज्ञावान, समाधि प्रज्ञा अभ्यास गर्दै
तपश्वी विवेकी भिक्षुले, सारा जटालाई सुल्झाउँछ

जसको राग द्वेष अविद्या, पूर्णतया नाश भएको छ
जो क्षीणास्रवी अरहन्त छ, उसैले जटालाई सुल्झाउँछ

जहाँ नामरूपको साथै, कामभव र रूपभव पनि
समुच्छेद गरी निरुद्ध हुन्छ, त्यहाँ सारा जटा सुल्झिन्छ

३०. चित्त महिमा (स्रोत धम्मपद)

एक शत्रुले अर्को शत्रुलाई, जित हानि गर्छ
त्योभन्दा बढी हानि, दुषित मनले गर्छ

क्षण क्षणमा उत्पन्न हुने, रोक्न गाह्रो जताततै भाग्ने
स्वेच्छाचारी चित्तलाई, दमन गर्नु नै असल
टाढा पुग्ने एक्लै हिंड्ने, विनाशरीरको गुफामा बस्ने
यस्तो चित्त वशमा राख्ने, व्यक्ति नै अमर हुन्छ

आमाबाबा कुटुम्बहरूले, गर्न नसक्ने उपकार पनि
सुमार्गमा लागेको चित्तले, सहजै उपकार गर्छ
अति सूक्ष्म अति चञ्चल, नदेखिने चित्तलाई
हात्ती तालिम गरेझैं, मेधावीले दमन गर्छ

३१. कर्मवाद (स्रोत- धम्मपद)

कर्म नै सम्पत्ति हाम्रो, कर्म हाम्रो बान्धव हो
कर्म नै परिणाम हाम्रो, कर्म हाम्रो शरण हो
मनलाई प्रसन्न राखी, बोल्ने तथा गर्ने गरेमा
पछि लाग्ने छायाँजस्तै, सुख पछिपछि आउँछ
दुहुनासाथ दूध सड्दैन, पापको फल छिटो हुँदैन
खरानीको आगोजस्तै, पापले पछि पोल्दै ल्याउँछ
आकास सागर पर्वत गुफा, या विश्वको कुनामा
लुकेर पनि हुँदैन मुक्ति, आफ्नो पाप कर्मबाट
नगरे सबै पापहरू, गरे कुशलहरू सञ्चय
चित्त शुद्ध गर्दै लगे, मात्र मुक्ति प्राप्त हुन्छ

३२. विश्लेषणवाद

इतिहास यस्तो कथा हो जुन दोहरिंदैन
जीवन त्यस्तो व्यथा हो जुन कोरिंदैन

टल्किंदैमा शीशा हीरा हुने भए,
पित्तललाई सुन भने पनि हुन्छ
पूजा गर्दैमा ढुंगा देवता हुने भए,
बोक्सीलाई देवी भने पनि हुन्छ

सदाचार यस्तो स्वर्ग हो जहाँ सुर्ताइँदैन
दुराचार यस्तो नर्क हो जहाँ रमाइँदैन

मुस्काउँदैमा श्याल हितैषी हुने भए,
बकुल्लालाई ध्यानी भने पनि हुन्छ
विरोध गर्दैमा मित्र शत्रु हुने भए,
गुरुलाई अपराधी भने पनि हुन्छ

विवाह यस्तो कर्म हो जुन लुकाईंदैन
प्रेम त्यस्तो मर्म हो जुन देखाईंदैन

३३. काँचुली (स्रोत : उरगजातक)

(जोसुकै मरेपनि रुनुहुन्न भनी बुझाइएको गीत)

किन शोक गरुँ मृतकप्रति ? किन रोउँ मृतकलाई सम्झी ?
जो जान्दैन दुःख हाम्रो, न सुन्छ ऊ हाम्रो रोदन

न बोलाएर कोही जन्मिन्छ, न सोधेर कोही नै मर्छ
सर्पले काँचुली फेरेझैं, जसरी आयो त्यसरी नै जान्छ

फूटेको गाग्रो नजोडिएझैं, परलोक जाने फेरि फर्किन्न
चन्द्रमा नपाई रुने बालकजस्तै, मूर्ख रुन्छ मृतक सम्झेर

चिन्ताले रोग बढाउँछ, विलापले पीढा जगाउँछ
रुनाले कुरूप बनाउँछ, यसले हाम्रो के लाभ गर्छ ?

३४. शुभकामना

(धरान ज्ञानमालामा सुधारिएको गीत)

वैशाख पूर्णिमाको हार्दिक शुभकामना
सुखी निरोगी दीर्घायुको कामना
हटाउन सकौं ईर्ष्या संकीर्णता
वढाउन सकौं मैत्री करुणा मुदिता

दुःखको जड परसम्पत्ति लोभ परहानि क्रोध
अझ जड हो मिथ्यादृष्टि ती दुबैको
त्याग्न सकौं हामी राग द्वेष मोह
गर्न सकौं दान शील भावना

तृष्णा अविद्याले भवचक्र घुमाउँछ
शील समाधि प्रज्ञाले निर्वाण पुऱ्याउँछ
गर्न सकौं सतिपट्ठान ध्यान
बढाउन सकौं विपस्सना ज्ञान

३५. आभा

(दुःखद घटनाबाट पनि ज्ञान लिनुपर्छ, अरुलाई आलोचना गर्नुहुन्न भन्न खोजिएको गीत)

धोखा दिने प्रेमिका आमासमान रहेछ
ज्ञानयुक्त नयाँ जन्म लिएपछि थाहा भयो

सफलतामा भरपर्नु नहुने रहेछ, मात्र सजाउने पुरस्कार भएपछि
असल मित्र खोज्नु नपर्ने रहेछ, असफलतासंग मिलन भएपछि
ठक्कर खुवाउने ढुंगा देवता नै रहेछ
होसयुक्त बरदान पाएपछि थाहा भयो

संजीवनी सहजै पाइने रहेछ, जन्मपछि मृत्यु आउने ज्ञान भएपछि
सुखको पछि लाग्नु नपर्ने रहेछ, दुःखसंग प्रीति गाँस्न थालेपछि
नाउ डुबाउने माझी गुरुसमान रहेछ
परिश्रमयुक्त आत्मनिर्भर भएपछि थाहा भयो

३६. अज्ञानी

हेरन साथी हामी कति छौं अज्ञानी
बुद्धिजीवि हामी कति छौ दुर्बुद्धि

वर्षभरि अध्ययनमा परिश्रम गर्दछौं
त्यसैले परीक्षामा उत्तीर्ण हुन्छौं
तर भन्छौ सरस्वतीले वरदान दिएको

मन्दिरमा निर्दोश पशु बलि चढाउँछौं
लोभ क्रोध चित्तहरू बारबार बढाउँछौं
अझै विश्वास गर्छौ हामी धर्म नै गरेको

किन्यौं मोटर औजार विकास गर्नलाई
ती सबै निर्जीव भनी राम्ररी थाहा छ
फेरी चढाउँछौ बलि विश्वकर्मा मानेर

आफ्नो बल धैर्य विवेक प्रयोग गरेर
कमाउँछौं सम्पत्ति यश रात दिन खटेर
फेरि भन्ने गर्छौं ईश्वर प्रसन्न भएछ

३७. विपस्सना

म तिम्रो शरीर तिमी मेरो मन
हामी दुईविना कहाँ चल्छ र जीवन ?

संगीत नै कहाँ जानेको छुँ र,
म गीत गाइदिन सकुँ ?
सुनिदेऊ छात्तिमा बरु,
हृदय गति बडाइदिनेछु

नृत्य नै कहाँ आउँछ र,
म नाचेर देखाउन सकुँ ?
थामिदेऊ हातलाई बरु,
सारा शरीर कम्पाइदिनेछु

साहित्य नै कहाँ सिकेको छुँ र, म कविता कोरिदिन सकुँ ?
चियाइदेऊ आँखामा बरु, लाटोभाखा बोलिदिन्छु

३८. भिक्षु

केशदाह्री मुण्डन पात्र चीवरधारी
अल्पेक्षी संयमी एकान्तवासी गृहत्यागी
धर्मप्रचार चारिका गर्दै जीवन विताउने
अन्धोलाई आँखा दिने बुद्धपुत्र हौ तिमी
टस न मस हुने पर्वतजस्तै श्रद्धा तिम्रो अटल
सररर बहने हावाजस्तै करुणा तिम्रो शीतल
अनाशक्त समाजसेवी त्यागी हौ तिमी
कर्मफलको मर्मज्ञ योगी हौ तिमी
सललल बग्ने नदीजस्तै वीर्य तिम्रो गतिमान
दनदन बल्ने आगोजस्तै समाधि तिम्रो निर्विकार
पारमिता पुरा गर्ने पुरुषार्थी हौ तिमी
संघसदश्य जन्माउने मातृशक्ति हौ तिमी
चमचम चम्किने खुकुरीजस्तै प्रज्ञा तिम्रो तीक्ष्ण
गडगडाउने विजुलीजस्तै स्मृति तिम्रो सूक्ष्म
चार आर्यसत्य बुझ्ने धीर हौ तिमी
अष्टांगिक मार्गमा हिंड्ने वीर हौ तिमी

३९. विगुल

अरहत् ध्वजा फहराउँदै, सम्यक्शिक्षा घन्काउँदै
वढ भिक्षु भई योद्धा, शान्ति समरभूमिमा

तिम्रो चीवरको दर्शनले, रागी बन्छ त्यागी यहाँ
तिम्रो पाइतलाको स्पर्शले, नर्क बन्छ स्वर्ग यहाँ
सुखभोग लत्याउँदै, दु:खबोध जगाउँदै
हिंड भिक्षु बन्न शहीद, क्रान्ति किरातभूमिमा

तिम्रो मैत्री करुणाले, दुष्टको पग्लन्छ हृदय यहाँ
तिम्रो प्रज्ञा सिंहनादले, विरोधी पर्छन् शरण यहाँ
पापकर्म छोडाउँदै, कुशलकर्म गराउँदै
बन भिक्षु मार्गदर्शक, भ्रान्ति कर्मभूमिमा

अष्टांगिक मार्ग पाए, लंगडो पनि हिंड्छ यहाँ
आर्यसत्य सुन्न पाए, बहिरो पनि सुन्छ यहाँ
धर्मचक्र घुमाउँदै, स्वयम्भू आँखा खुलाउँदै
होऊ भिक्षु कल्याणमित्र, बुद्धजन्मभूमिमा

४०. दान महिमा (स्रोत: संयुक्तनिकाय)

भोग गर्दै दान गर
निन्दारहित स्वर्ग प्राप्त गर

घरमा आगो लाग्दा जित, सम्पत्ति बाहिर निकाल्दछ
त्यति नै उसको भलाई हुन्छ, बाँकि जलेर नष्ट हुन्छ
त्यसरी नै आगो लागेको छ, जराको आगो मरणको आगो
दान दिएर बाहिर निकाल, दानले सम्पत्ति रक्षा गर्छ

दान दिएर सुख प्राप्त हुन्छ, नदिएमा सम्पत्ति यस्तो हुन्छ
चोरले चोर्दछ, दुष्टले हर्दछ, आगो लाग्छ त्यसै नष्ट हुन्छ
आखिर सबै अनित्य हो, शरीर आफन्त सम्पत्तिहरू
यसलाई बुझेर विद्वानहरू, हुन्छन् सुखी गर्दै दान भोग

४१. पापपुण्य

पहाडी झरना खसेझैं भीरमा, मन पनि रमाउने पापमा
पापस्मिं रमते मनो, दुर्गतिमा पुऱ्याउने दृष्टि सत्काय

चोरी गर्छ, व्यभिचार गर्छ रागी भएर
हिंसा गर्छ, झूठो बोल्छ द्वेषी भएर
पाप गर्छ मोहमा परेर, दुःख बढाउँछ अज्ञानी भएर
मनो पुब्बंगमा धम्मा, भवचक्र घुमाउने प्रतीत्य समुत्पाद

सुखभोगमा भुले जित मूर्खै बनाउँछ
देहयातना गरे त्यति दुःखै ल्याउँछ
सम्यक्शिक्षालाई नास्तिक देखेर, बिताउँछ जीवन कर्मकाण्ड गरेर
ये धम्मा हेतुप्पभवा, अज्ञानमा भुलाउने दृष्टि मान तृष्णा

गाग्री थापी पानी भर्छ थोपाथोपा गरेर
पुण्य बढ्छ पाप थुप्रिन्छ अलिअलि गरेर
वुद्धिमानले पुण्य नै बढाउँछ, मूर्खजनले पाप नै थुपार्छ
एस धम्मो सनन्तनो, पापलाई बढाउने राग, द्वेष, मोह

पाप जित गरे पनि अब नबढाऊ
जितसक्दो पुण्यलाई बढाउदै लैजाऊ
पाप गरे दुःख नै आउँछ, पुण्य गरेमा सुख नै बढ्छ
कम्म पटिसरणो, दुःखलाई बनाउने पञ्चउपादान

४२. मिथ्यादृष्टि

आफ्नो सुख शान्तिको लागि, बलि दिनु अपराध हो
अरुलाई मारी आफ्नो, पाप ढाक्नु शोषण हो
पुरुषार्थी मुक्त हुन्छ, किन नहोस ऊ चाहे शूद्र
मेहनती सफल हुन्छ, बन्छ विवेकी सन्त महान
जातले मात्र श्रेष्ठ हुँदैन, न जातले नीच
कर्मले नै श्रेष्ठ हुन्छ, कर्मले नै नीच
आत्म विश्वासहीन व्यक्ति, सदा निराश हुने गर्छ
आफ्नो कमजोरी नहटाई, आराधना मूर्तिको गर्छ
आर्यसत्य बोध हुनु, सफलताको वीज मात्र
पारमिता बढाउनु नै, महापुरुषको योगाभ्यास
कारण विना कार्य हुँदैन, सुख दुःखको कारण हुन्छ
ईश्वरमाथि विश्वास गरी, लाचार बन्नु मूर्खता हुन्छ
अनुसन्धान गर्दै लगे, हुन्छ अनेक विकास
सत्यको खोजी गरे, पाउनेछ परम ज्ञान

४३. परीक्षा

मानिस चिन्ह गाह्रो हुन्छ, गहिरिएर संगत नगरेसम्म
कसिमा घोटी हेरेपछि मात्र, सुनको शुद्धता थाहा हुन्छ
चट्टानसंग ठक्कर खांदा मात्र, शान्त नदीको धार थाहा हुन्छ
एकान्तमा हात पक्रिंदा मात्र, लज्जालुको निर्लज्जता थाहा हुन्छ
आवेशिएर ज्वालामूखी फुट्दा मात्र, सहनशील पृथ्वीको विकार थाहा हुन्छ
बारबार काम अह्राउंदा मात्र, आज्ञाकारीको विद्रोह थाहा हुन्छ
चुचुरासम्म पुगेपछि मात्र, नांगो हिमालको विशालता थाहा हुन्छ
दुःख विरोधको बादल ढाकोस्, भिखारी सन्तको महानता थाहा हुन्छ
गहिराइसम्म डुबेपछि मात्र, गम्भीर समुद्रको रहस्य थाहा हुन्छ
छोराछोरीमा दुःख आइपरोस्, आमाबाबुको ममता थाहा हुन्छ

४४. मातृशक्ति

घर आँगनमा रमाउन नपुग्दै, पर हिताय गृहत्यागी
कर्तव्यमा सक्षम गृहमन्त्री, अधिकारमा निःशुल्क दासी
आकाशजस्तो खुल्ला हृदय, हिमालजस्तो उच्च आकांक्षा
सागरजस्तो गम्भीर जीवन, पृथ्वीजस्तो नम्र व्यवहार
भव संसार सृष्टिकर्ता, बुद्ध महापुरुषहरूका जननी
बिताउँछ जीवन विनासम्मान, पर्दाभित्रको जिउंदो शहीद
आफू नरक भोग गरेर, अरुलाई स्वर्गीय आनन्द दिने
रगतलाई दूध वनाउने, दुःख सहेर सुख बाँडिदिने
उपेक्षित सुखमा खेलौना सबैको, दुःखमा सबैको आधार
छैन उसको जीवन सार, जो बुझ्दैन आमाको गुण प्यार

४५. बौद्ध

छैन अन्यत्र शरण मेरा त्रिरत्नविना
भनेर समर्पित छौ भने तिमी हौ बौद्ध

जस्तोजस्तो कर्म त्यस्तैत्यस्तै फल,
आफूले नगरेसम्म छैन अरुको भर
जात लिंगभेदभन्दा ठूलो कर्म गुण,
परम्परा रीति होइन चिन्तन नै प्रधान
भनेर बोध छ भने तिमी हौ बौद्ध

मान्दैनौ अरुलाई आफ्नो शत्रु,
हो शत्रु आफ्नै मानसिक विकार
छैन कोही आफ्नो मित्र आफन्त,
मानवीय गुण नै सहयोगी सहाय
भनेर जान्दछौ भने तिमी हौ बौद्ध

हुंदैन कोही ज्ञानी आर्यसत्यविना जित
छुट्दैन ईश्वर आस्था प्रतीत्य समुत्पादविना
हुँदैन निर्वाण आर्य अष्टांगिक मार्गविना,
बत्ती निभेजस्तै फेरि फर्किंदैन अरहन्त
भनेर विश्वास छ भने तिमी हौ बौद्ध

पिटक समूह

१. अभिधम्म - अभिधम्म

२. सूत्र - धम्मपद

३. विनय - भिक्षु प्रातिमोक्ष

- भिक्षुणी प्रातिमोक्ष

गुल्मी, थानपति-२ निवासी वेदराज ज्ञवालीद्वारा
....वाल्मीकि विद्यापीठ पुस्तकालयलाई
उपहार स्वरूप.....प्रदान !
२०६२।११।२४

अभिधम्म

बुद्धशिक्षामा मूल तीन ग्रन्थहरू छन् जसलाई अभिधम्मपिटक, सूत्रपिटक र विनयपिटक भनिन्छ। अभिधम्मपिटकमा परमार्थ ज्ञानहरू, सूत्रपिटकमा अन्य देशनाहरू र विनयपिटकमा भिक्षु भिक्षुणी विनयहरू छन्। परमार्थज्ञान नै वास्तवमा बौद्धदर्शन भएकोले बुझ्नगाह्रो भए तापनि अध्ययन गर्न अनिवार्य र ज्ञानवर्द्धक छ। त्यसैले परमार्थज्ञानको अध्ययनार्थ छोटकरीमा अभिधम्मलाई प्रस्तुत गरिएको छ। विस्तृतको लागि मूल ग्रन्थ वा अभिधर्माथ संग्रह हेर्नुहोला।

अब हामी अभिधम्म पाठ गरौं।

तत्थ वुत्ताभिधम्मत्था, चतुधा परमत्थतो।
चित्तं चेतसिकं रूपं, निब्बानमीति सब्बथा॥

त्यहाँ बताइयो अभिधम्ममा चार परमार्थ भनी।
चित्त चेतसिक रूप निर्वाण आदि सर्वथा॥

तत्थ चित्तं ताव चतुब्बिधं होति।
कामावचरं रूपावचरं अरूपावचरं लोकुत्तरं चेति॥

त्यहाँ चित्त फेरि हुन्छन् चारप्रकारका।
कामावचर रूपावचर अरूपावचर लोकोत्तर॥

१. चित्तसंगह

विजाननलक्खणं चित्तं पुब्बंगरसं तथा।
सन्धानपच्चुपट्ठानं नामरूपपदट्ठानं॥

विजानन (जान्नु) लक्षण पूर्वगामी हुनु रस।
सम्बन्ध राख्नु (सन्धान) प्रत्युपस्थान नामरूप पदस्थान॥

क. कामावचर चित्त

अ. अकुशल चित्त

सोमनस्ससहगतं दिट्ठिगतसम्पयुत्तं असंखारिक एकं ससंखारिक एकं। सोमनस्ससहगतं दिट्ठिगतविप्पयुत्तं असंखारिक एकं ससंखारिक एकं। उपेक्खासहगतं दिट्ठिगतसम्पयुत्तं

असंखारिक एकं ससंखारिक एकं । उपेक्खासहगतं दिट्ठिगतविप्पयुत्तं असंखारिक एकं ससंखारिक एकं ति इमानि अट्ठपि लोभसहगत चित्तानि नाम ।

सोमनस्ससहगत...ससंखारिक एक आदि यी आठ लोभसहगत चित्तहरू हुन् ।

दोमनस्ससहगतं पटिघसम्पयुत्तं असंखारिक एकं ससंखारिक एकं ति इमानि द्वेपि पटिघसम्पयुक्त चित्तानि नाम ।

दोमनस्ससहगत...ससंखारिक एक आदि यी दुई पटिघसम्पयुक्त चित्तहरू हुन् ।

उपेक्खासहगतं विचिकिच्छासम्पयुत्तं एकं, उपेक्खासहगतं उद्धच्च सम्पयुत्तं एकं ति इमानि द्वेपि मोमूह चित्तानि नाम ।

उपेक्खासहगतं...सम्पयुत्तं एक आदि यी दुई मोह चित्तहरू हुन् ।

इच्चेवं सब्बथापि द्वादसाकुसलचित्तानि समत्तानि ।

यसप्रकार सबै गरी बाह्र अकुशल चित्तहरू हुन्छन् ।

अट्ठधा लोभमूलानि, दोसमूलानि च द्विधा ।
मोहमूलानि च द्वेति, द्वादसा कुसला सियुं ॥

आठवटा लोभमूलहरू द्वेषमूलहरू दुईवटा ।
मोहमूलहरू दुईवटा हुन्छन् बाह्र अकुशल ॥

आ. अहेतुक चित्त

उपेक्खासहगतं चक्खुविञ्ञाणं तथा सोतविञ्ञाणं घानविञ्ञाणं जिह्वाविञ्ञाणं, दुक्खसहगतं कायविञ्ञाणं, उपेक्खासहगतं सम्पटिच्छन चित्तं उपेक्खासहगतं सन्तीरण चित्तं चेति इमानि सत्तपि अकुसल विपाक चित्तानि नाम ।

उपेक्खासहगतं...सन्तीरण चित्त आदि यी सात अकुशल विपाक चित्तहरू हुन् ।

उपेक्खासहगतं कुसलविपाकं चक्खुविञ्ञाणं तथा सोतविञ्ञाणं घानविञ्ञाणं जिह्वाविञ्ञाणं, सुखसहगतं कायविञ्ञाणं, उपेक्खासहगतं सम्पटिच्छन चित्तं सोमनस्ससहगतं सन्तीरण चित्तं उपेक्खासहगतं सन्तीरण चित्तं चेति इमानि अट्ठपि अकुशल विपाक चित्तानि नाम ।

उपेक्खासहगत...सन्तीरण चित्तआदि यी आठ अकुशल विपाक चित्तहरू हुन् ।

उपेक्खासहगतं पञ्चद्वारावज्जनचित्तं, तथा मनोद्वारावज्जनचित्तं, सोमनस्ससहगतं हसितुप्पादचित्तं चेति इमानि तीणिपि अहेतुकक्रिया चित्तानि नाम ।

उपेक्खासहगत...हसितुप्पादचित्त आदि यी तीन अहेतुकक्रिया चित्तहरू हुन् ।

इच्चेवं सब्बथापि अट्ठारस-अहेतुक-चित्तानि समत्तानि ।

यसरी सबै गरी अठार अहेतुक चित्तहरू हुन्छन् ।

सत्ताकुसलपाकानि, पुञ्ञपाकानि अट्ठधा ।
क्रियचित्तानि तीणीति, अट्ठारस अहेतुका ॥

सात अकुशल विपाकहरू पुण्य विपाकहरू आठवटा ।
क्रियाचित्तहरू तीन गरी अहेतुकहरू हुन्छन् अठारवटा ।

इ. शोभन चित्त

पापाहेतुक मुत्तानि, सोभणानीति वुच्चरे ।
एकुनसट्ठि चित्तानि, अथेकनवुती पि वा ॥

पाप अहेतुकबाहेक बाँकी शोभन चित्त भनिन्छ ।
एकानब्बे चित्तहरूमध्ये उनन्साठी चित्तहरू ॥

सोमनस्ससहगतं ञाणसम्पयुत्तं असंखारिक एकं ससंखारिक एकं । सोमनस्ससहगतं ञाणविप्पयुत्तं असंखारिक एकं ससंखारिक एकं । उपेक्खासहगतं ञाणसम्पयुत्तं असंखारिक एकं ससंखारिक एकं । उपेक्खासहगतं ञाणविप्पयुत्तं असंखारिक एकं ससंखारिक एकं ति इमानि अट्ठपि कामावचर कुसल चित्तानि नाम ।

सोमनस्ससहगत...ससंखारिक एक आदि यी आठ कामावचर-कुशल चित्तहरू हुन् ।

सोमनस्सहगतं ञाणसम्पयुत्तं असंखारिक एकं ससंखारिक एकं । सोमनस्ससहगतं ञाणविप्पयुत्तं असंखारिक एकं ससंखारिक एकं । उपेक्खासहगतं ञाणसम्पयुत्तं असंखारिक एकं ससंखारिक एकं । उपेक्खासहगतं ञाणविप्पयुत्तं असंखारिक एकं ससंखारिक एकं ति इमानि अट्ठपि कामावचर विपाक चित्तानि नाम ।

सोमनस्ससहगत...ससंखारिक एक आदि यी आठ कामावचर-विपाक चित्तहरू हुन् ।

सोमनस्ससहगतं ञाणसम्पयुत्तं असंखारिक एकं ससंखारिक एकं । सोमनस्ससहगतं ञाणविप्पयुत्तं असंखारिक एकं ससंखारिक एकं । उपेक्खासहगतं ञाणसम्पयुत्तं असंखारिक एकं ससंखारिक एकं । उपेक्खासहगतं ञाणविप्पयुत्तं असंखारिक एकं ससंखारिक एकंति इमानि अट्ठपि कामावचर क्रियचित्तानि नाम ।

सोमनस्ससहगत...ससंखारिक एक आदि यी आठ कामावचर-क्रिया चित्तहरू हुन् ।

इच्चेव सब्बथापि चतुवीसति सहेतुक-कामावचर-कुसल-विपाक क्रिया-चित्तानि समत्तानि ।

यसप्रकार सबैगरी चौबिस सहेतुक-कामावचर-कुशल-विपाक क्रिया-चित्त हुन्छन् ।

वेदना-ञाण-संखार, भेदेन चतुवीसति ।
सहेतु-कामावचर, पुञ्ञ-पाक-क्रिया मता ॥

वेदना ज्ञान संस्कार भेदले चौबिस हुन्छन् ।
सहेतुक कामावचर पुण्य विपाक क्रिया पनि ॥

कामे तेवीस पाकानि, पुञ्ञापुञ्ञानि वीसति ।
एकादस क्रिया चेति, चतुपञ्ञास सब्बथा ॥

कामावचर तेइस विपाकमा पुण्य अपुण्य बीस ।
एघार क्रिया गरी चौवन्न हुन्छन् सर्वथा ॥

ख. रूपावचर चित्त

वितक्क-विचार-पीति-सुखेकग्गतासहितं पठमज्झान कुसलचितं । विचार पीति-सुखेकग्गतासहितं दुतियज्झान-कुसलचित्तं । पीति-सुखेकग्गतासहितं ततियज्झान कुसलचित्तं । सुखेकग्गतासहितं चतुत्थज्झान-कुसलचित्तं । उपेक्खेकग्गतासहितं पञ्चमज्झान-कुसलचित्तञ्चेति इमानि पञ्चपि रूपावचर कुसलचित्तानि नाम ।

वितक्क-विचार...पञ्चमज्झान-कुशलचित्त आदि यी पाँच रूपावचर कुशल चित्तहरू हुन् ।

वितक्क-विचार-पीति-सुखेकग्गतासहितं पठमज्झान विपाकचित्तं । विचार-पीति-सुखेकग्गतासहितं दुतियज्झान-विपाकचित्तं । पीति-सुखेकग्गतासहितं ततियज्झान विपाकचित्तं । सुखेकग्गातासहितं चतुत्थज्झान-विपाकचित्तं । उपेक्खेकग्गतासहितं पञ्चमज्झान-विपाकचित्तञ्चेति इमानि पञ्चपि रूपावचर विपाक चित्तानि नाम ।

वितक्क-विचार...पञ्चमज्झान-विपाकचित्त आदि यी पाँच रूपावचर विपाक चित्तहरू हुन् ।

वितक्क-विचार-पीति-सुखेकग्गतासहितं पठमज्झान क्रियाचित्तं । विचार-पीति-सुखेकग्गतासहितं दुतियज्झान-क्रियाचित्तं । पीति-सुखेकग्गतासहितं ततियज्झान क्रियाचित्तं । सुखेकग्गातासहितं चतुत्थज्झान-क्रियाचित्तं । उपेक्खेकग्गतासहितं पञ्चमज्झान-क्रियाचित्तञ्चेति इमानि पञ्चपि रूपावचर क्रिया चित्तानि नाम ।

वितक्क-विचार...पञ्चमज्झान-क्रियाचित्त आदि यी पाँच रूपावचर क्रिया चित्तहरू हुन् ।

इच्चेवं सब्बथापि पन्नरस रूपावचर-कुसल-विपाक-क्रिया चित्तानि समत्तानि ।

यसरी सबैगरी पन्ध्र रूपावचर कुशल विपाक क्रिया चित्तहरू हुन्छन् ।

पञ्चधा झान भेदेन, रूपावचर मानसं ।
पुञ्ज-पाक-क्रिया-भेदा, तं पञ्चदसधा भवे ।

पाँचवटा ध्यान भेदले रूपावचर चित्तहरू ।
पुण्य विपाक क्रिया भेदले ती पाँचपाँच नै हुन्छन् ।

ग. अरूपावचर चित्त

आकासानञ्चायतन-कुसलचित्तं। विञ्ञाणञ्चायतन-कुसलचित्तं। आकिञ्चञ्ञायतन-कुसलचित्तं । नेवसञ्ञा-नासञ्ञायतन कुसलचित्तञ्चेति इमानि चत्तारिपि अरूपावचर-कुसलचित्तानि नाम ।

आकासानञ्चायतन...नैवसंज्ञा-नासंज्ञायतन कुशलचित्तं आदि यी चार अरूपावचर कुशलचित्तहरू हुन् ।

आकासानञ्चायतन-विपाकचित्तं ।विञ्ञाणञ्चायतन-विपाकचित्तं । आकिञ्चञ्ञायातन-विपाकचित्तं। नेवसञ्ञा-नासञ्ञायतन विपाकचित्तञ्चेति इमानि चत्तारि पि अरूपावचर-विपाक चित्तानि नाम ।

आकासानञ्चायतन...नैवसंज्ञा-नासंज्ञायतन विपाकचित्तं आदि यी चार अरूपावचर विपाक चित्तहरू हुन् ।

आकासानञ्चायतन-क्रियाचित्तं। विञ्ञाणञ्चायतन-क्रियाचित्तं। आकिञ्चञ्ञायतन-क्रियाचित्तं। नेवसञ्ञा-नासञ्ञायतन क्रियाचित्तञ्चेति इमानि चत्तारिपि अरूपावचर-क्रिया चित्तानि नाम ।

आकासानञ्चायतन...नैवसंज्ञा-नासंज्ञायतन क्रियाचित्तं आदि यी चार अरूपावचर क्रिया चित्तहरू हुन् ।

इच्चेवं सब्बथापि द्वादस अरूपावचर-कुसल-विपाक-क्रिया चित्तानि समत्तानि ।

यसरी सबै गरी बाह्र अरूपावचर, कुशल, विपाक, क्रियाचित्तहरू हुन्छन् ।

आलम्बनप्पभेदेन, चतुधारूप्प मानसं ।
पुञ्ञ-पाक-क्रिया भेदा, पुन द्वादसधा ठितं ॥

आलम्बन प्रभेदले चारवटा अरूपावचर चित्तहरू ।
पुण्य विपाक क्रिया भेद पनि फेरि बाह्र हुन्छन् ॥

घ. लोकोत्तर चित्त

सोतापत्ति मग्गचित्तं । सकदागामि मग्गचित्तं । अनागामि मग्गचित्तं । अरहत्त मग्गचित्तञ्चेति इमानि चत्तारिपिं लोकुत्तर कुसल चित्तानि नाम ।

सोतापत्ति...मग्गचित्त आदि यी चार लोकुत्तर कुशल चित्तहरू हुन् ।

सोतापत्ति फलचित्तं । सकदागामि फलचित्तं । अनागामि फलचित्तं । अरहत्त फलचित्तं चेति इमानि चत्तारिपि लोकुत्तर विपाक-चित्तानि नाम ।

सोतापत्ति...फलचित्त आदि यी चार लोकुत्तर विपाकचित्तहरू हुन् ।

इच्चेवं सब्बथापि अट्ठ लोकुत्तर कुसल-विपाक-चित्तानि समत्तानि ।

यसरी सबै गरी आठ लोकुत्तर कुशल, विपाकचित्तहरू हुन्छन् ।

चतुमग्गप्पभेदेन चतुधा कुसलं तथा ।

पाकं तस्स फलत्ताति अट्ठधानुत्तरं मतं ॥

चार मार्ग प्रभेदले चारवटा कुशल तथा ।

विपाक र त्यसको फलहरू गरी हुन्छन् आठवटा ॥

द्वादसा-कुसलानेवं कुसलानेकवीसति ।

छत्तिंसेव विपाकानि क्रियचित्तानि वीसति ॥

बाह्र अकुशलहरू साथै एकाइस कुशलहरू ।

छत्तिस विपाकहरू क्रियाचित्तहरू बीस ॥

चतुपञ्चासधा कामे रूपे पन्नरसीरये ।

चित्तानि द्वादसारूपे अट्ठधानुत्तरे तथा ॥

चौवन्नवटा कामावचरमा रूपावचरमा पन्ध्र ।

बाह्र अरूपावचरमा आठवटा लोकोत्तर चित्तहरू ।

इत्थमेकूननवुतिप्पभेदं पन मानसं ।

एकवीससतं वाथ, विभजन्ति विचक्खणा ॥

सामुहिकरूपले उनानब्बे चित्तहरूलाई ।

एकसय एकाइस गरी विभाजित गर्छन् विद्वानहरू ॥

कथमेकून-नवुतिविधं चित्तं एकवीससतं होति ?

कसरी उनानब्बे चित्तहरू एक सय एकाइस हुन्छन् ?

वितक्क-विचार-पीति सुखेकग्गतासहितं पठमज्झान सोतापत्ति मग्गचित्तं। विचार पीति-सुखेकग्गतासहितं दुतिज्झान-सोतापत्ति मग्गचित्तं। पीति-सुखेकग्गतासहितं ततियज्झान-सोतापत्ति मग्गचित्तं । उपेक्खेकग्गता सहितं चतुत्थज्झान-सोतापत्ति मग्गचित्तं । उपेक्खेकग्गतासहितं पञ्चमज्झान-सोतापत्ति मग्गचित्तञ्चेति इमानि पञ्चपि सोतापत्ति मग्गचित्तानि नाम ।

वितक्क-विचार...सोतापत्ति मग्गचित्त आदि यी पाँच सोतापत्ति मार्गचित्तहरू हुन् ।

तथा सकदागामिमग्ग अनागामिमग्ग अरहत्तमग्गचित्तञ्चेति समवीसति मग्गचित्तानि, तथा फलचित्तानि चेति समचत्तालीस लोकुत्तर चित्तानि भवन्ती ति ।

तथा सकदागामिमग्ग...अरहत्तमग्गचित्त आदि बीस मार्गचित्तहरू तथा बीस फल चित्तहरू गरी जम्मा चालिस लोकुत्तरचित्तहरू हुन्छन् ।

झानंगयोग भेदेन, कत्वेकेकं तु पञ्चधा ।
वुच्चतानुत्तरं चित्तं, चत्तालीस विधन्ति च ॥
ध्यानाङ्ग योग प्रभेदले एकएकवटा गरी पाँचवटा ।
भनिन्छ लोकोत्तर चित्त चालिस प्रकारका ॥

२. चेतसिकसंगह

एकुप्पाद निरोधा च एकालम्बन वत्थुका ।
चेतोयुत्ता द्विपञ्ञास धम्मा चेतसिका मता ॥
संगै उत्पन्न निरोध पनि एक आलम्बन वस्तु ।
चित्तयुत्त बाउन्न धर्महरू भनिन्छन् चेतसिक ॥

क. सब्बचित्तसाधारण चेतसिक

फस्सो वेदना सञ्ञा चेतना एकग्गता जीवितिन्द्रिय मनसिकारो चेति सत्तिमे चेतसिका सब्बचित्तसाधारण नाम ।

फस्सो...मनसिकारा आदि सात सर्वचित्त साधारण चेतसिकहरू हुन् ।

१. फस्सो

आलम्बं फुसति फस्सो स्वायं फुसनलक्खणो ,
संघट्टनरसो सन्निपातपच्चुपट्ठानको ।
आपातगतविसयपदट्ठानो ति सञ्ञितो ॥
आलम्बनलाई छुनु स्पर्श, यसको स्पर्श गर्नु लक्षण,
ठक्कर खुवाउनु कृत्य, सन्निपात गर्नु प्रत्युपस्थान ।
अवभासित आलम्बन पदस्थान भनी जानिन्छ ॥

२. वेदना

या वेदेतीति वेदना सा वेदयितलक्खणा,
अनुभवरसा चेतसिकस्सादुपदट्ठाना ।
पस्सद्धिपदट्ठाना ति कुसलम्हि पकासिता ॥
जुन अनुभव गर्नु वेदना, त्यसको वेदित हुनु लक्षण,
आलम्बन अनुभव गर्नु कृत्य, चेतसिक आस्वाद प्रत्युपस्थान ।
प्रश्रब्धि पदस्थान भनी कुशलमा छ प्रकाशित ॥

३. सञ्ञा

आलम्बं सञ्जानातीति सञ्ञा नीलादिभेदतो,
सञ्जाननलक्खणा चेसा पच्चाभिञ्ञाणरसका ।
यथागय्हनिमित्ताभिनिवेसकरणुपट्ठाना,
यथोपट्ठितविसयपदट्ठाना ति सञ्ञिता ॥

नीलादि भेद आलम्बन जान्नु संज्ञा,
जान्नु मात्र लक्षण, त्यसको प्रत्याभिज्ञान कृत्य ।
यथागृहित निमित्त अभिनिवेस गर्नु प्रत्युप्रस्थान,
यथाउपस्थित विषय पदस्थान भनी जान्दछ ॥

४. चेतना

या चेतेतीति चेतना सा चेतयितलक्खणा,
आयूहनरसा संविधानपच्चुपट्ठानका ।
सेसखन्धपदट्ठाना यथा थावरियादयो ॥

जुन योग गर्नु चेतना, त्यो संयुक्त हुनु लक्षण,
उत्साहित गर्नु कृत्य, नियोजित गर्नु प्रत्युपस्थान ।
शेष स्कन्ध पदस्थान जसरी क्षेत्रस्वामी ॥

५. एकग्गता

एकग्गभावो समाधि सो अविसारलक्खणो,
सम्पिण्डनरसो उपसमपच्चुपट्ठानको ।
सुखपदट्ठानो ठिति निवाते इच्चिनं विय ॥

एकाग्र भाव हुनु समाधि, त्यो अविसार हुनु लक्षण,
एकत्रित गर्नु कृत्य, क्लेश उपशमन प्रत्युप्रस्थान ।
सुख पदस्थान जस्तै हावारहित स्थानको बत्ती ॥

६. जीवितेन्द्रियं

जीवितमेव इन्द्रियं अनुपालनलक्खणं,
पवत्तनरसं सहजानं थपनुपट्ठानं ।
यापेतब्बपदट्ठानं दकं धाति नियामको ॥

जीवित नै इन्द्रिय हो, अनुपालन गर्नु लक्षण,
सहजात प्रवर्तन गर्नु कृत्य, स्थापना गर्नु प्रत्युप्रस्थान ।
यापनीय विषय पदस्थान जस्तै पानी धाई नाविक ॥

७. मनसिकारो

विसयं मनसिकारो एसो सारणलक्खणो,

सम्पयोजनरस आलम्बाभिमुखी भावुपट्ठानो ।

आलम्बनपदट्ठानो यथाजानीयसारथि ॥

विषयको मनसिकार, त्यसको अभिमूख गर्नु लक्षण,

आलम्बन युक्त गर्नु कृत्य, आलम्बन अभिमूख प्रत्युप्रस्थान ।

आलम्बन नै पदस्थान जसरी सारथीले आजानीयलाई ॥

ख. प्रकिर्णक चेतसिक

वितक्क विचार अधिमोक्ख वीरिय पीति छन्द चेति छट्ठिमे चेतसिका पकिण्णक नाम ।

वितक्क...छन्द आदि छ प्रकिर्णक चेतसिकहरू हुन् ।

१. वितक्को

वितक्केतीति वितक्को अभिनिरोपणलक्खणो,

आहनप्परियाहनरसो आनयुपट्ठानो ॥

तर्क गर्नु वितर्क, अभिनिरोपण गर्नु लक्षण ।

आहन पर्याहन गर्नु कृत्य, चित्त धारण गर्नु प्रत्युप्रस्थान ।

२. विचारो

विचरणं विचारो सो अनुमज्जनलक्खणो,

सहजातनुयोजनरसो अनुपबन्धनपट्ठानो ॥

विचरण गर्नु विचार, त्यो अनुमर्जन गर्नु लक्षण ।

सहजात अनुयोग गर्नु कृत्य अनुबन्धन प्रत्युप्रस्थान ॥

३. अधिमोक्खो

अधिमुच्चनं अधिमोक्ख सो सन्निट्ठानलक्खणो,

असंसप्पनरसो विनिच्छयपच्चुपट्ठानको ।

सन्निट्ठेय्यपदट्ठानो इन्दखीलो व निच्चलो ॥

अधिमुन्चन गर्नु अधिमोक्ष, त्यो दृढनिश्चय गर्नु लक्षण,

अगाडि पछाडि नगर्नु कृत्य, विनिश्चय गर्नु प्रत्युप्रस्थान ।

निश्चित धर्म पदस्थान इन्द्रखीलजस्तै निश्चल ॥

४. वीरियं

वीरस्स भावो वीरियं एतं उत्साहलक्खणं,
उपत्थम्भनरसा संपीद्यपच्चुपट्ठानकं ।
संवेगपदट्ठानं वा वीरियारम्भवत्थु वा ॥

वीर भाव नै वीर्य त्यसको उत्साह गर्नु लक्षण,
सहारा टेवा दिनु कृत्य, अनुत्साहरहित हुनु प्रत्युप्रस्थान ।
संवेग वस्तु पदस्थान र वीर्य आरम्भ वस्तु ॥

५ .पीति

पिणेति इति पीति सा सम्पियायनलक्खणा,
कायचित्तपीणनरसा ओदग्यपच्चुपट्ठान ।
खुद्दिकाखणिकोक्कन्तिकुब्बेगाफरणा ति च ॥

तर्पण गर्नु प्रीति त्यो अनुरक्त हुनु लक्षण,
कार्यचित्त तृप्त गर्नु कृत्य, अभ्युन्नति प्रत्युप्रस्थान ।
क्षुद्रिका, क्षणिका, ओक्कन्ति, उब्देगा, स्फरणा प्रीति छन् ॥

६. छन्दो

छन्देति इति छन्दो सो कत्तुकम्मतालक्खणो,
आलम्बनपरियेसनरसो अत्थिक्युपट्ठानो ।
आलम्बनपदट्ठानो चेतोहत्थप्पसारणं ॥

इच्छा गर्नु छन्द, त्यो आलम्बनको इच्छा लक्षण,
आलम्बन पर्येषन कृत्य, आलम्बनको प्रार्थना प्रत्युप्रस्थान ।
आलम्बन नै पदस्थान चित्तले हात पसारेझैं ॥

ग. अकुशल चेतसिक

मोहो अहिरिकं अनोत्तप्पं उद्धच्चं लोभो दिट्ठि मानो दोसो इस्सा मच्छरियं कुकुच्चं थिनं मिद्धं विचिकिच्छा चेति चुद्दसिमे चेतसिका अकुसला नाम ।

मोहो...विचिकिच्छा आदि चौध अकुशल चेतसिकहरू हुन् ।

१. मोहो

मुय्हतीति मोहो नाम एसो अञ्ञाणलक्खणो,
आलम्बसभावच्छादरसोन्धकारूपट्ठानो ।
अयोनिसोमनसिकारपदट्ठानो ति सञ्ञितो ॥

मुग्ध हुनु मोह नाम, यसको अज्ञान लक्षण,
आलम्बन ढाक्नु कृत्य, अन्धकार गर्नु प्रत्युप्रस्थान ।
अयोनिसो मनसिकार पदस्थान भनी जानिन्छ ॥

२. अहिरीकं अनोतप्पं

उभो इमे अजिगुच्छ अनुत्तासनलक्खणा,
पापानं करणरसा असंकोचनुपट्ठाना ।
अत्तपर अगारवपदट्ठाना ति सञ्जिता ॥

दुबै पाप गर्न अघृणित अनुत्रास लक्षण,
पापहरू गर्नु कृत्य, असंकोच प्रत्युप्रस्थान ।
आत्म पर गौरव पदस्थान भनी जानिन्छ ॥

३. उद्धच्चं

उद्धतभावो उद्दच्चं अवूपसमलक्खणं ।
अनवट्ठानरसं भन्तभावपच्चुपट्ठानकं ॥

उद्धत भाव उद्धच्च, उपसमरहित लक्षण ।
अस्थिरता हुनु कृत्य, प्रकम्पित हुनु प्रत्युप्रस्थान ॥

४. लोभो

लुब्भतीति लोभो एसो आलम्बनगाहलक्खणो,
अभिसंगरसो अपरिच्चागपच्चुपट्ठानको ।
संयोजनीयधम्मेसु अस्सादिक्खपदट्ठानो ॥

लुब्ध हुनु लोभ, त्यसको आलम्बन ग्राह लक्षण,
आसक्ति हुनु कृत्य, त्याग गर्न नसक्नु प्रत्युप्रस्थान ।
संयोजनीधर्ममा आस्वाद दर्शन पदस्थान ॥

५. दिट्ठि

मिच्छा पस्सतीति दिट्ठि अभिनिवेसलक्खणा,
परामासरसा मिच्छाभिनिवेसउपट्ठाना ।
अरियानं अदस्सनकामतादिपट्ठाना ॥

मिथ्या दर्शन दृष्टि, विपरीत अवधारणा लक्षण,
मरामर्श गर्नु कृत्य, मिथ्या अभिनेवेस प्रत्युप्रस्थान ।
आर्य पुद्गलको अदर्शन कामना गर्नु पदस्थान ।

६. मानो

अहंकारो मञ्ञतीति मानो उन्नतिलक्खणो,
सम्पग्गहरसो केत्तुकम्यतापच्चुपट्ठानको ।
दिट्ठिविप्पयुत्तलोभपदट्ठानो ति सञ्ञितो ॥

अहंकार विचार गर्नु मान, उन्मुक्त हुनु लक्षण,
अनुग्रह गर्नु कृत्य, झण्डाजस्ते फुरफुरिनु प्रत्युप्रस्थान ।
दिट्ठिविप्पयुक्त लोभ पदस्थान भनी जानिन्छ ।

ठ. ढोसो

चण्डिक्कलक्खणो दोसो निस्सयदाहरसको ।
दुस्सनपच्चुपट्ठानो आधातवत्थुपदट्ठानो ॥

चण्डिकत्व लक्षण द्वेष, निश्रय डाह गर्नु कृत्य ।
शान्ति नष्ट गर्नु प्रत्युप्रस्थान, आघातवस्तु पदस्थान ॥

८. इस्सा

इस्सतीति इस्सा अञ्ञसम्पत्युस्सुयलक्खणा,
तथा परसम्पत्तियानभिरतिरसा ततो ।
विमुखपच्चुपट्ठान परसम्पत्तिपदट्ठाना ॥

जलन हुनु ईर्ष्या, परसम्पत्ति असहिष्णुता लक्षण,
तथा परसम्पत्ति अनभिरति कृत्य त्यसको ।
विमुख हुनु प्रत्युप्रस्थान, परसम्पत्ति पदस्थान ॥

९. मच्छरियं

मच्छरभावो मच्छरियं सम्पत्तिगूहलक्खणं,
साधारणक्खमरसं संकोचनुपट्ठानकं ।
कटुकञ्चुकभावो पि ससम्पत्तिपदट्ठानं ॥

कञ्जुसीभाव मात्सर्य, सम्पत्ति गोप्यता लक्षण,
सार्वजनिक नगर्नु कृत्य, संकोचन गर्नु प्रत्युप्रस्थान ।
तीव्र कञ्जुसीभावसहित स्वसम्पत्ति पदस्थान ॥

१0. कुक्कुच्चं

कुक्कुतभावो कुक्कुच्चं कुच्छितकिरियाथ वा,
पच्छानुतापलक्खणं अनुसोचनरसकं ।
विप्पटिसारूपट्ठानं कताकतपदट्ठानं ॥

कुकृतभाव कुक्कुच्च कुत्सित क्रिया पनि,
पश्चाताप गर्नु लक्षण, अनुशोक गर्नु कृत्य ।
विप्रतिसार हुनु प्रत्युप्रस्थान, कृत्य अकृत्य पदस्थान ॥

११. थिनं

थियतीति थिनं नाम अनुस्साहनलक्खणं ।
वीरियावनोदनरसं संसीदपच्चुपट्ठानं ॥

मन्द गर्नु थिन अनुत्साहित हुनु लक्षण,
वीर्यलाई हटाउनु कृत्य, अनुत्साह बन्नु प्रत्युप्रस्थान ।

१२. मिद्धं

मेघेतीति मिद्ध नाम अकम्मञ्ञत्तलक्खनं ।
ओनय्हरसं लीनतापट्ठानं पि पचलायिता ॥

नष्ट गर्नु मिद्ध नाम, अकर्मण्यता लक्षण,
द्वार अवरुद्ध गर्नु कृत्य, ढिलाई गर्नु प्रत्युप्रस्थान ।
वीर्य कमजोरी हुनु पदस्थान ॥

१३. विचिकिच्छा

संसयलक्खणा विचिकिच्छा कम्पनरसका ।
अनिच्छय उपट्ठाना अनेकसंगहो पि वा ॥

संशय गर्नु लक्षण, विचिकिच्छा कम्पन हुनु कृत्य ।
अनिश्चित प्रत्युप्रस्थान अनेक संग्रह गर्नु पदस्थान ॥

घ.कुशल चेतसिक

सद्धा सति हिरी ओत्तप्पं अलोभो अदोसो तत्रमज्झत्तता कायप्पस्सद्धि चित्तपस्सद्धि कायलहुता चित्तलहुता कायमुदुता चित्तमुदता कायकम्मञ्ञता चित्तकम्मञ्ञता कायपागुञ्ञता चित्तपागुञ्ञता कायुजुकता चित्तुजुकता चेति एकूनवीसतिमे चेतसिका सोभणसाधारण नाम ।

सद्धा..चित्तुजुकता आदि उन्नाइस सोभणसाधारण चेतसिकहरू हुन् ।

१. सद्धा

सद्धहनलक्खणा सद्धा पसादनरसा तथा ।
अकालुस्सियुपट्ठाना सद्धेय्यवत्थुपदट्ठाना ॥

विश्वास गर्नु लक्षण, श्रद्धा प्रसादन कृत्य साथै ।
अकलुषित हुनु प्रत्युप्रस्थान श्रद्धेयवस्तु पदस्थान ॥

२. सति

अपिलापनलक्खणा असम्मोसरसा सति

आरक्खपच्चुपट्ठाना थिरसञ्ञापदट्ठाना ।

अपिडापन हुनु लक्षण, अस्समोह हुनु कृत्य स्मृतिको ।

आरक्षा गर्नु प्रत्युप्रस्थान स्थिर संज्ञा पदस्थान ॥

३. हिरी ४. ओतप्पं

उभो पापानं जेगुच्छ उत्तासलक्खणा कमा,

तेसं अकरणरसा ततो संकोचपट्ठाना ।

अत्तप्परसगारवपदट्ठाना ति सञ्ञिता ॥

दुबै पापहरूमा घृणा उत्रास हुनु लक्षण क्रमैले,

त्यसको अकरण कृत्य, त्यसपछि संकोचन प्रत्युप्रस्थान ।

आत्म, पर गौरव पदस्थान भनी जानिन्छ ।

५. अलोभो

नलुब्भतीति अलोभो अलग्गभावलक्खणो,

अपरिग्गहरसो अल्लीनभवुपट्ठानक्को ।

लुब्ध नहुनु अलोभ, अलग्गिएर बस्नु लक्षण ।

अपरिग्रह हुनु कृत्य, लीन नहुनु प्रत्युप्रस्थान ॥

६. अदोसो

न दुस्सतीति अदोसो अचण्डिकत्तलक्खणो ।

आघातविनयरसो सोम्मभावुपट्ठाना ॥

क्रोधित नहुनु अद्वेष, अचण्डिकत्व लक्षण ।

आघात नाश गर्नु कृत्य, सोभ्यभाव प्रत्युप्रस्थान ॥

७. तत्रमज्झत्तता

तत्रमज्झतत्ता नाम समवाहितलक्खणा ।

ऊनाधिकवारणरसा मज्झत्तभावपट्ठाना ॥

तत्र मध्यस्तता नामको समवाहित गर्नु लक्षणे ।

न्यून र अधिक हटाउनु कृत्य, मध्यस्थ भाव प्रत्युप्रस्थान ॥

८. कायपस्सद्धि ९. चित्तपस्सद्धि

पस्सद्धियो कायचित्तदरथोपसमलक्खणा,

तस्स निद्धमनरसा सन्तसीत्युपट्ठाना ॥

कायचित्तपदट्ठाना उद्दच्चादिपच्चनिका ॥

प्रश्रब्धिहरू काय र चित्त परिडाह शमन लक्षण,
त्यसको निद्दमन कृत्य, शान्त शीतभूत प्रत्युप्रस्थान ।
कायचित्त पदस्थान, उद्दच्च आदिको विरोधी ॥

१०. कायलहुता ११. चित्तलहुता

लहुतायो कायचित्तगरुतासमलक्खणा,
तस्सा निद्दमनरसा अदन्धताउपट्ठाना ।
कायचित्तपदट्ठाना थिनमिद्धपच्चनिका ॥

लहुताहरू कायचित्त भारीपन शमन लक्षण,
त्यसको निद्दमन कृत्य, हल्कापन प्रत्युप्रस्थान ।
कायचित्त पदस्थान, थिनमिद्धको विरोधी ॥

१२. कायमुदुता १३. चित्तमुदुता

मुदुतायो कायचित्तथद्धतासमलक्खणा,
तस्सा निद्दमनरसा अप्पटिधातुपट्ठानका ।
कायचित्तपदट्ठाना दिट्ठिमानपच्चिनका ॥

मृदुताहरू कायचित्त कठोरता शमन लक्षण,
त्यसको निद्दमन कृत्य, अप्रतिघात प्रत्युप्रस्थान ।
कायचित्त पदस्थान, दिट्ठिमानको विरोधी ॥

१४. कायकम्मञ्ञता १५. चित्तकम्मञ्ञता

कम्मञ्ञता कायचित्त अकम्मञ्ञतासमलक्खणा,
तस्सा निद्दमनरसा सम्पत्तिपच्चुपट्ठाना ।
कायचित्तपदट्ठाना कामच्छन्दपच्चनिका ॥

कर्मण्यताहरू कायचित्त अकर्मण्यता शमन लक्षण,
त्यसको निद्दमन कृत्य, सम्पत्ति प्रत्युप्रस्थान ।
कायचित्त पदस्थान, कामच्छन्दको विरोधी ।

१६. कायपागुञ्ञता १७. चित्तपागुञ्ञता

पागुञ्ञता कायचित्तगेलञ्ञसमलक्खणा,
तस्स निद्दमनरसा निरादीनवुपट्ठानका ।
कायचित्तपदट्ठाना असद्धियपच्चनिका ॥

पागुण्यताहरू कायचित्त रोगीपन शमन लक्षण,
त्यसको निद्दमन कृत्य, आदीनवरहितप्रत्युप्रस्थान ।
कायचित्त पदस्थान, अश्रद्धेय विरोधी ॥

१८. कायउजुकता १९. चित्तउजुकता

उजुकता उभो कायचित्त अज्जबलक्खणा,
कोटिल्लनिद्दमनरसा अजिम्हता उपट्ठाना ।
कायचित्तपदट्ठाना मायासाथेय्यपच्चनिका ॥

उजुकता दुबै कायचित्त सीधापन लक्षण,
कुटिलताको दमन गर्नु कृत्य, जिम्हतारहित प्रत्युप्रस्थान ।
कायचित्त पदस्थान, छलकपटको विरोधी ॥

ङ. विरति चेतसिक

सम्मावाचा सम्माकम्मन्तो सम्माआजीवो चेति तिस्सो विरतियो नाम ।

२०. सम्मावाचा २१. सम्माकम्मन्तो २२. सम्माआजीवो आदि तीन विरति चेतसिकहरू हुन्।

विरतियो दुच्चरित अवीतिक्कमलक्खणा,
ततो संकोचनरसा अक्रियापच्चुपट्ठाना ।
सद्धाहिरोत्तप्पप्पिच्छतादिगुणपदट्ठाना ॥

विरतिहरू दुश्चरित्र अविात्तिक्रमण लक्षण,
त्यसको संकोचन गर्नु कृत्य, दुश्चरित्र नगर्नु प्रत्युप्रस्थान ।
श्रद्धा हिरी ओतप्प अल्पेच्छता आदि पदस्थान ॥

अप्रमाण्य चेतसिक

करुणा मुदिता अप्पमञ्ञायो नामा ति सब्बथापि पञ्ञिन्द्रियेन सद्धिं पञ्चवीसतिमे चेतसिका सोभणाति वेदितब्बा' ति ।

करुणा मुदिता अप्पमञ्ञायो नामा आदि प्रज्ञिन्द्रियसंग पच्चीस सोभण चेतसिकहरू भनिन्छन् ।

२३. करुणा

करुणा परदुक्खस्स अपनयनलक्खणा ।
तस्स असहनरसा अविहिंसा उपट्ठाना ।
दुक्खभूतानमनाथभावदस्सनपदट्ठाना ॥

करुणा परदुःखको अपनयन लक्षण,
त्यसको सहन नसक्नु कृत्य, अविहिंसा प्रत्युप्रस्थान ।
दुःखीको अनाथभाव दर्शन गर्नु पदस्थान ॥

२४. मुदिता

पमोदनलक्खणा एसा अनिस्सायनरसका।

अरतिविधातुपट्ठाना लक्खीदस्सनपदट्ठाना।

प्रमोदित हुनु लक्षण, त्यसको ईर्ष्या नगर्नु कृत्य।

अरतिरहित प्रत्युप्रस्थान हो ऐश्वर्य दर्शन पदस्थान॥

२५. पञ्ञेन्द्रिय

पटिवेधलक्खणा पञ्ञा विसयोभासनरसा।

असम्मोहउपट्ठाना मनसिकारपदट्ठाना।

पटिवेध लक्षणयुक्त प्रज्ञा, विषय अवभास कृत्य।

असम्मोहन प्रत्युप्रस्थान, मनसिकार पदस्थान॥

एत्तावता च-तेरसञ्ञसमाना च, चुद्दसा कुसला तथा सोभना पञ्चवीसति, द्वि पञ्ञास पवुच्चरे॥

यसप्रकार तेह्र अन्यसमान, चौध अकुशल र पच्चीस सोभण गरी जम्मा बाउन्न चेतसिक बताइएका छन्।

३. पकीण्णकसंगह

वेदनासंगहे ताव तिविधा वेदना सुखं दुक्खं अदुक्खमसुखा चेति, सुखं दुक्खं सोमनस्सं दोमनस्सं उपेक्खा' ति च भेदेन पन पञ्चधा होति।

सुखं...उपेक्खा आदि वेदनासंगहमा तीन प्रकार र पाँच प्रकार पनि हुन्छन्।

हेतुसंगहे हेतु नाम लोभो दोसो मोहो अलोभो अदोसो अमोहो चे'ति छब्बिधा भवन्ति।

लोभो...अमोहो आदि हेतुसंग्रहमा छ प्रकारका हुन्छन्।

किच्चसंगहे किच्चानि नाम पटिसन्धि भवंग आवज्जन दस्सन-सवन-घायन-सायन-फुसन-सम्पटिच्छन-सन्तीरण-वोट्ठब्बन-जबन-तदारम्मणण-चुति-वसेन चुद्दस विधानि भवन्ति।

भवंग...तदारम्मणण आदि कृत्यसंग्रहमा कृत्यहरू हिसावले चौध विधिहरू हुन्छन्।

द्वारसंगहे द्वारानिनाम चक्खुद्वारं सोतद्वारं घानद्वारं जिबहाद्वारं कायद्वारं मनोद्वारं ति छब्बिधानि भवन्ति।

चक्खुद्वार...मनोद्वार आदि द्वारसंग्रहमा छ प्रकारका द्वारहरू हुन्छन्।

आरम्मणसंगहे आरम्मणानि नाम रूपारम्मणं सद्दारम्मणं गन्धारम्मणं रसारम्मणं फोट्ठब्बारम्मणं धम्मारम्मण चे'ति छब्बिधानि भवन्ति।

रूपारम्मण..धम्मारम्मण आदि आरम्मणसंग्रहमा आरम्मणहरू ६प्रकारका हुन्छन्।

वत्थु संगहे वत्थुनि नाम चक्खु सोत धान जिह्वा काय हदयवत्थु चेति छब्बिधानि भवन्ति ।

चक्खु...हदयवत्थु आदि वस्तुसंग्रहमा वस्तुहरू ६ प्रकारका हुन्छन् ।

४. वीथिसंगह

वीथिमुत्तानं पन कम्म कम्मनिमित्त गतिनिमित्त वसेन तिविधा होति विसयपवत्ति ।

कम्म कम्मनिमित्त गतिनिमित्त आदि वीथिमुत्तहरूमा तीन प्रकार विषयप्रवृति हुन्छन् ।

चक्खुविञ्ञाणं सोतविञ्ञाणं घाणविञ्ञाणं जिह्वाविञ्ञाणं कायविञ्ञाणं मनोविञ्ञाणञ्चेति छ विञ्ञाणानि ।

चक्खुविञ्ञाण...मनोविञ्ञाण आदि ६ विञ्ञाणहरू हुन्छन् ।

वीथियो पन चक्खुद्वारवीथि सोतद्वारवीथि घानद्वारवीथि जिह्वाद्वारवीथि कायद्वार वीथि मनोद्वारवीथि चेति द्वारवसेन वा चक्खुविञ्ञाणवीथि सोतविञ्ञाणवीथि घानविञ्ञाणवीथि जिह्वाविञ्ञाणवीथि कायविञ्ञाणवीथि मनोविञ्ञाणवीथि चेति विञ्ञाणवसेन द्वारप्पवत्ता चित्तपवत्तियो योजेतब्बा ।

चक्खुद्वार वीथि..मनोद्वार वीथिआदि द्वारको हिसावले चक्खुविञ्ञाण वीथि...मनोविञ्ञाण वीथि आदि विज्ञानको हिसावले द्वारप्रवृति चित्तप्रवृतिको योजना गर्नुपर्दछ ।

अतिमहन्तं, महन्तं, परित्तं, अतिपरित्तञ्चेति पञ्चद्वारे, मनोद्वार पन विभूतमविभूतञ्चेति छधा विसयप्पवति वेदितब्बा ।

अतिमहन्त...विभूत अविभूत आदि ६ प्रकारका विषयप्रवृत्ति भनिन्छन् ।

उत्पाद, ठिती, भंग वसेन खणत्तयं एकचित्तक्खणं नाम । तानि पन सत्तरस चित्तक्खणानि रूप धम्माणमायु ।

एक चित्तक्षणमा उत्पत्ति, स्थिती, भङ्ग तरिकाले तीन क्षणहरू हुन्छन् । त्यसमा एक रूपधर्मको आयुमा सत्र चित्तक्षणहरू हुन्छन् ।

५. वीथीमुत्तसंग्रह

अपायभूमि, कामसुगतिभूमि, रूपावचरभूमि, अरूपावचरभूमिचेति चतस्सो भूमियो नाम ।

अपायभूमि...अरूपावचरभूमि आदि चार भूमिहरू हुन्छन् ।

तासु निरयो तिरच्छानयोनि, पेत्तविसयो असुरकायो चेति अपायभूमि चतुब्बिधा होति ।

निरयो...असुरकायो आदि त्यसमा चार प्रकारका अपायभूमि हुन्छन् ।

मनुस्सा, चातुमहाराजिका, तावतिंसा, यामा, तुसिता, निम्नानरति, परनिम्मितवसवति चेति कामसुगतिभूमि सत्तविधा होति ।

मनुस्सा...परनिम्मितवसवति आदि सात कामसुगतिभूमि हुन्छन् ।

ब्रह्मपारिसज्जा ब्रह्मपुरोहिता, महाब्रह्मा चेति पठमज्झान भूमि । परित्तामा अप्पमाणाभा आभस्सरा चेति दुतियज्झान भूमि । परित्तसुभा अप्पमाणसुभा सुभकिण्हा चेति ततियज्झान भूमि । वेहप्फला, असञ्ञासत्ता, अविहा अतप्पा सुदस्सा सुदस्सी अकनिट्ठा सुद्धावासा चेति चतुत्थज्झान भूमीति रूपावचर भूमि सोलरविधा होति ।

ब्रह्मपारिसज्जा...महाब्रह्मा आदि प्रथमध्यानभूमिमा । परित्तामा ...आभस्सरा आदि द्वितीध्यानभूमिमा । परित्तसुभा...सुभकिण्हा आदि तृतीयध्यानभूमिमा । वेहप्फला...सुद्धावासा आदि चतुर्थध्यानभूमिमा सात गरी जम्मा सोह्र रूपावचरभूमि हुन्छन् ।

आकासानञ्चायतन भूमि विञ्ञाणञ्चायतन भूमि आकिञ्चञ्ञायतन भूमि नेवसञ्ञानासञ्ञायतन भूमि चेति अरूपभूमि चतुब्बिधा होति ।

आकासानञ्चायतन भूमि...नेवसञ्ञानासञ्ञायतन भूमि आदि चार अरूपभूमि हुन्छन् ।

चतुन्नं अपायानं मनुस्सानं विनिपातिक असुरानं च आयुप्पमाणं गणनाय नियमो नत्थि ।

अपाय...असुर आदिको आयुप्रमाण गणनाको नियम छैन ।

चातुमहाराजिकानं पन देवानं दिब्बनि पञ्चवस्सतानि आयुप्पमाणं, मनुस्सगणनाय नवुतिवस्ससत सतसहस्सप्पमाणं होति । ततो चतुग्गुणं तावतिंसानं । ततो चतुग्गुणं यामानं । ततो चतुग्गुणं तुसितानं । ततो चतुग्गुणं निम्मानरतीनं । ततो चतुग्गुणं परनिम्मितवसवत्तीनं । ततो चतुग्गुणं तावतिंसानं । ततो चतुग्गुणं यामानं । ततो चतुग्गुणं निम्मानरतीनं । ततो चतुग्गुणं परनिम्मितवसवत्तीनं ।

चातुमहाराजिक देवताहरूको दिव्य पाँचसय वर्ष हुन्छ जुन मानिसको हिसावले नब्बेलाख वर्ष हुन्छ । त्यसको चारगुणा तावतिंसको, तावतिंसको चारगुणा यामाको, यामाको चारगुणा तुसिताको, तुसिताको चारगुणा निम्मानरतीको, निम्मानरतीको चारगुणा परिनिम्मितवसवत्तीको आयु हुन्छ ।

तेसु ब्रह्मपारिसज्जानं देवानं कप्पस्स ततियो भागो आयुप्पमाणं । ब्रह्मपुरोहितानं उपड्ढकप्पो, महाब्रह्मानं एको कप्पो । परित्ताभानं द्वे कप्पानि, अप्पमाणाभानं चत्तारि कप्पानि, आभास्सरानं अट्ठकप्पानि । परित्तसुभानं सोलसकप्पानि, अप्पमाणसुभानं द्वत्तिंस कप्पानि, सुभकिण्हानं चतुसट्ठि कप्पानि । वेहप्फलानं असञ्ञसत्तानञ्च पञ्च कप्पसतानि । अविहावं कप्पसहस्सं, अतप्पानं द्वे कप्पसहस्सानि, सुदस्सानं चत्तारि कप्पसहस्सानि, सुदस्सीनं अट्ठकप्पसहस्सानि, अकनिट्ठानं सोलस कप्पसहस्सानि ।

ब्रह्माहरूमध्ये ब्रह्मपारिसज्जाको आयु एकतिहाइकल्प, ब्रह्मपुरोहिताको आधाकल्प, महाब्रह्माको एककल्प, परित्ताभाको दुईकल्प, अप्पमाणाभाको चारकल्प, आभास्सराको आठकल्प,

परित्तसुभाको सोह्रकल्प, अप्पमाणसुभाको बत्तीसकल्प, सुभकिण्हको चौंसट्ठीकल्प, वेहप्फलको र असञ्ञसत्ताको पाँचसयकल्प, अविहावको एकहजारकल्प, अतप्पानको दुईहजार कल्प, सुदस्सको चारहजारकल्प, सुदस्सीको आठहजारकल्प, अकनिट्ठको सोह्रहजारकल्प आयु हुन्छ।

आकासानञ्चआयतनुपगानं देवानं वीसती कप्पसहस्सानि आयुप्पमाणं। विञ्ञाणञ्चआयतनूपगानं देवानं चत्तालिस कप्पसहस्सानि। आकिञ्चञ्ञआयतनूपगानं देवानं सट्ठा कप्प सहस्सानि। नेवसञ्ञानासञ्ञआयतनूपगानं देवानं चतुरासीति कप्पसहस्सानि।

आकासानञ्च आयतनमा उत्पन्न हुने देवताहरूको २० हजार कल्प, विञ्ञाणञ्च आयतनमा उत्पन्न हुने देवताहरूको ४० हजार कल्प, आकिञ्चञ्ञ आयतनमा उत्पन्न हुने देवताहरूको ६० हजार कल्प, नेवसञ्ञानासञ्ञा आयतनमा उत्पन्न हुने देवताहरूको ८४ हजार कल्प आयू हुन्छन्।

जनकं, उपत्थम्भकं, उपपीलकं, उपघातक चेति किच्चवसेन चत्तारि कम्मानि नाम।

जनक...उपघातक आदि कृत्य हिसावले चार कर्महरू हुन्छन्।

गरुकं, आसन्नं, आचिण्णं, कटत्ताकम्म चेति पाकदानपरियायेन चत्तारि कम्मानि नाम।

गरुक...कटत्ताकम्म आदि फल दिने विधिअनुसार चार कर्महरू हुन्छन्।

दिट्ठधम्म वेदनीयं, उपपज्जबेदनीयं, अपरापरिय वेदनीयं, अहोसिकम्म चेति पाककाल वसेन चत्तारि कम्मानि नाम।

दिट्ठधम्म...अहोसिकम्म आदि फलदिने कालअनुसार चार प्रकारका कर्महरू हुन्छन्।

आयुक्खयेन, कम्मक्खयेन, उभयक्खयेन, उपच्छेदककम्मुना चेति चतुधा मरणुत्पत्ति नाम।

आयुक्खयेन...उपच्छेदककम्मुना आदि चार प्रकारका मरण हुन्छन्।

६. रूपसंगह

पथवीधातु, आपोधातु, तेजोधातु, वायोधातु भूतरूपं नाम।

पथवीधातु...वायोधातु महाभूतरूपहरू हुन्।

१. पथवी धातु

कक्खललक्खणा चेसा पतिट्ठानरसा तथा।
सम्पटिच्छनुपट्ठाना सेसभूतपदट्ठाना॥

कडा खस्रो हुनु लक्षण, रूपको आधार हुनु रस।
रूप ग्रहण गर्नु प्रत्युप्रस्थान, बाँकी रूप पदस्थान॥

२ आपोधातु

पग्घरणलक्खण चेसा परिब्रुहनरसा तथा,

संगहपच्चुपट्ठाना संसभूतपदट्ठाना ।

पग्लिने बहने लक्षण, रूपलाई बृद्धि गर्ने रस,

संग्रह गर्नु प्रत्युप्रस्थान बाँकी रूप पदस्थान हो ।

३. तेजोधातु

उण्हत्तलक्खणा चेसा परिपाचनरसका ।

मुदुभावानुप्पदा उपट्ठाना पकासिता ॥

तातो चीसोपन लक्षण, पचाउनु रस ।

नरम बनाउँनु प्रत्युप्रस्थान, बाँकी रूप पदस्थान ॥

४. वायोधातु

वित्थम्भनलक्खणा चेसा उदीरणरसा तथा ।

अभिनिहारूपट्ठान सेसभूतपट्ठाना

सुदृढ गर्नु लक्षण, उदीर्ण गर्नु रस ।

अभिनिहरण (सार्नु) प्रत्युप्रस्थान बाँकी रूप पदस्थान ।

चक्खु, सोतं, घानं, जिह्वा, कायो पसादरूपं नाम ।

चक्खु...कायो प्रसादरूप हुन् ।

रूपं, सद्दो, गन्धो, रसो, आपोधातु वज्जितं भूतत्तयसंखातं फोट्ठब्बं गोचररूपं नाम ।

रूपं...आपोधातुबाहेक भूतत्रयसंखात स्पर्श गोचररूप हुन् ।

इत्थत्तं, पुरिसत्तं भावरूपं नाम ।

स्त्रीत्व पुरुषत्व भावरूप हुन् ।

हदयवत्थु हदयरूपं नाम ।

हदयवत्थु हृदयरूप हुन् ।

जीवितेन्द्रियं जीवितरूपं नाम ।

जीवितेन्द्रियं जीवितरूप हुन् ।

कबलींकारो आहारो आहार रूपं नाम ।

कबलिकारो आहारो आहार रूप हुन् ।

आकासधातु परिच्छेदरूपं नाम ।

आकासधातु परिच्छेदरूप हुन् ।

कायविञ्ञति, वचीविञ्ञत्ति विञ्ञत्तिरूपं नाम ।

कायविञ्ञति, वचीविञ्ञत्ति विञ्ञतिरूप हुन् ।

रूपस्स लहुता, मुदुता, कम्मञ्ञता, विञ्ञत्तिद्वयं विकाररूपं नाम।

लहुता...कम्मञ्ञता विकाररूप हुन्।

रूपस्स उपचयो, सन्तति, जरता, अनिच्चता लक्खणरूपं नाम।

उपचयो...अनिच्चता लक्षणरूप हुन्।

कम्मं चित्तं उतु आहारो चेति चत्तारि रूपसमुट्ठानानि नाम।

कर्म...आहार आदि चार रूप उत्पत्तिको कारण हुन्।

छ. ७ निब्बानसंग्रह

निब्बानं पन लोकुत्तरसंखातं चतुमग्गञाणेन सच्छिकातब्बं मग्गफलानं आरम्मणभूतं वानसंखाताय तण्हाय निक्खन्तत्ता निब्बानं ति पवुच्चति।

लोकुत्तर नामक चार मार्गज्ञानद्वारा साक्षात गर्न योग्य तथा मार्ग र फलको आलम्बनभूत वान नामक तृष्णारहित भएको कारण निर्वाण भनिन्छ।

तदेतं सभावतो एकविधम्पि, सउपादिसेस निब्बानधातु अनुपादिसेस निब्बानधातु चेति दुविधं होति कारणपरियायेन।

निर्वाण स्वभावले एकप्रकारको भए तापनि कारणपर्यायले सोपादिशेस निर्वाण धातु र अनुपादिशेस निर्वाणधातु गरी दुई प्रकारका हुन्छन्।

सुञ्ञतं अनिमित्तं अप्पणिहितञ्चेति तिविधं होति आकार भेदेन। शून्यता, अनिमित्त र अप्रणिहित आदि आकारभेदले तीन प्रकारका हुन्छन्।

छ. ८ समुच्चयसंग्रह

चत्तारो आसवा कामआसवो भवआसवो दिट्ठिआसवो अविज्जा आसवो।

कामआसवो...अविज्जाआसवा चार आश्रव हुन्छन्।

चत्तारो ओघा कामओघो भवओघो दिट्ठिओधो अविज्जाओघो।

कामओघो...अविज्जाओघा चार ओघ हुन्छन्।

चत्तारो योगा कामयोगो भवयोगो दिट्ठियोगो अविज्जायोगो।

कामयोगो...अविज्जायोगो चार योग हुन्छन्।

चत्तारो गन्था अभिज्झा कायगन्थो, व्यापादो कायगन्थो, सीलब्बत परामसो कायगन्थो, इदंसच्चअभिनिवेसो कायगन्थो।

अभिज्झा...कायगन्था चार ग्रन्थी हुन्छन्।

चत्तारि उपादानानि कामउपादानं दिट्ठिउपादानं सीलब्बत उपादानं अत्तवादउपादानं।

कामउपादान...अत्तवादउपादानं चार उपादान हुन्छन् ।

नीवरणानि कामच्छन्द नीवरणं व्यापाद नीवरणं थीनमिद्ध नीवरणं उद्दच्च कुक्कुच नीवरणं विचिकिच्छा नीवरणं अविज्जा नीवरणं ।

कामच्छन्द...अविज्जा नीवरण ६ नीवरण हुन्छन् ।

सत्तानुसया कामरागअनुसयो भवरागअनुसयो पटिघअनुसयो मानअनुसयो दिट्ठिअनुसयो विचिकिच्छाअनुसयो अविज्जाअनुसयो ।

कामराग...अविज्जाअनुसयो सात अनुसय हुन्छन् ।

दस संयोजनानि कामरागसंयोजनं रूपरागसंयोजनं अरूपरागसंयोजनं पटिघसंयोजनं मानसंयोजनं दिट्ठिसंयोजनं सीलब्बत परामाससंयोजनं विचिकिच्छासंयोजनं उद्धच्चसंयोजनं अविज्जासंयोजनं-सुत्तन्ते ।

कामराग...अविज्जासंयोजन दश संयोजनहरू हुन्छन् ।

दस किलेसा लोभो दोसो मोहो मानो दिट्ठि विचिकिच्छा थीनं उद्धच्चं अहिरीकं अनोत्तप्पं ।

लोभो...अनोत्तप्प दश क्लेश हुन्छन् ।

छ. ९ बोधिपक्खिय संग्रह

बोधिपक्खियसंगहे चत्तारो सतिपट्ठाना कायानुपस्सना वेदनानुपस्सना, चित्तानुपस्सनां धम्मानुपस्सनां ।

कायानुपस्सना...धम्मानुपस्सनां बोधिपक्षिय संग्रहमा चार सतिपट्ठान ।

चत्तारो सम्मप्पधाना उप्पन्नानं पापकानं पहानाय वायामो, अनुप्पन्नानं पापकानं अनुप्पादाय वायामो, अनुप्पन्नानं कुसलानं उत्पादाय वायामो, उप्पन्नानं कुसलानं, भिय्योभावाय वायामो ।

चार सम्यक्प्रधान-उत्पन्न पापहरू प्रहाण गर्ने प्रयत्न, अनुत्पन्न पापहरू उत्पन्न नगराउने प्रयत्न, अनुत्पन्न कुसलहरू उत्पन्न गराउने प्रयत्न, उत्पन्न कुसलहरू वृद्धि गर्ने प्रयत्न ।

चत्तारो इद्धिपादा छन्दइद्धिपादो वीरियइद्धिपादो चित्तइद्धिपादो वीमंसइद्धिपादो ।

छन्द...वीमंसइद्धिपादो चार ऋद्धिपाद हुन्छन् ।

पञ्चिन्द्रियानि सद्धिन्द्रियं वीरियन्द्रियं सतिन्द्रियं समाधिन्द्रियं पञ्ञिन्द्रियं

सद्धिन्द्रियं...पञ्ञिन्द्रिय पञ्च इन्द्रियहरू हुन्छन् ।

पञ्च बलानि सद्धाबलं वीरियबलं सतिबलं समाधिबलं पञ्ञाबलं ।

सद्धाबल...पञ्ञाबल पञ्चबलहरू हुन्छन् ।

सत्त बोज्झंगा सतिसम्बोज्झंगो धम्मविचयसम्बोज्झंगा वीरियसम्बोज्झंगो पीतिसम्बोज्झंगो पस्सद्धिसम्बोज्झंगो समाधिसम्बोज्झंगो उपेक्खासम्बोज्झंगो ।

सतिसम्बोज्झङ्गो...उपेक्खासम्बोज्झङ्गो सात बोध्यंगहरू हुन्छन् ।

अट्ठ मग्गंगानि सम्मादिट्ठि सम्मासंकप्पो सम्मावाचा सम्माकम्मन्तो सम्माआजीवो सम्मावायामो सम्मासति सम्मासमाधि ।

सम्मादिट्ठि...सम्मासमाधि आठ मार्गअङ्गहरू हुन्छन् ।

छ. १० पटिच्चसमुप्पाद संगह

अविज्जासंखारा अतीतो अद्धा जातिजरामरणं अनागतो अद्धा मज्झे अट्ठ पच्चुप्पनो अद्धा ति तयो अद्धा ।

अविद्या र संस्कार अतीत काल, जाति र जरामरण अनागत काल तथा बीचको आठ धर्म वर्तमान काल गरी तीन काल हुन्छन् ।

अविज्जा संखारा विञ्ञाणं नामरूपं सलायतनं फस्सो वेदना तण्हा उपादानं भवो जाति जरामरणं ति द्वादसंगानि सोकादिवचनं पनेत्थ निस्सन्दफलनिदस्सनं ।

अविज्जा...जरामरण आदि बाह्र अंग शोकादि कथनअनुसार निस्सन्दफल देखाउनको लागि मात्र हो ।

अविज्जासंखारग्गहणेन पनेत्थ तण्हुपादानभव पि गहिता भवन्ति । तथा तण्हुपादानभवग्गहणेन च अविज्जा संखारा जातिजरामरणग्गहणेन च विञ्ञाणादिफलपञ्चकमेव गहितं ति कत्वा: अतीते हेतवो पञ्च इदानि फलपञ्चकं, इदानि हेतवो पञ्च आयतिं फलपञ्चकं ति, वीसताकारा तिसन्धि चतुसंखेपा च भवन्ति ।

अविद्या र संस्कारको ग्रहणले तृष्णा, उपादान र भवको पनि ग्रहण हुन्छ साथै तृष्णा, उपादान र भवको ग्रहणले अविद्या र संस्कारको ग्रहण हुन्छ। जाति र जरामरणको ग्रहणले विञ्ञाण आदि फलपञ्चक गृहीत हुन्छ । यसैगरी अतीतभवमा पाँच हेतु र वर्तमानभवमा पाँचफल साथै वर्तमानभवमा पाँच हेतु र अनागतभवमा पाँच फल यसप्रकार वीसआकार, तीन सन्धि र चार संक्षेप हुन्छन् ।

अविज्जातण्हुपादाना च किलेसवट्टं कम्मभवसंखातो भवेकदेसो संखारा च कम्मवट्टं उपपत्तिभवसंखातो भवेकदेसो अवसेसा च विपाकवट्टं ति तिणि वट्टानि ।

अविद्या, तृष्णा र उपादान क्लेशवट्ट हुन्। कर्मभव नामक भवको एकदेश र संस्कार कर्मवट्ट हुन् तथा उपपत्तिभव नामक भवको एक देश र बाँकी विञ्ञाणदेखि जरामरणसम्म विपाकवट्ट हुन्। यसप्रकार तीन वट्ट हुन्छन् ।

अविज्जा-तण्हावसेन द्वे मूलानि च वेदितब्बानि । तेसमेव च मूलानं निरोधेन निरुज्झति ।

अविद्या र तृष्णाको हिसावले दुई मूल जान्नुपर्दछ। ती दुई मूलहरूको अर्हतमार्गद्वारा निरोध हुंदा निरुद्ध हुन्छन्।

हेतुपच्चयो आरम्मणपच्चयो अधिपतिपच्चयो अनन्तरपच्चयो समनन्तरपच्चयो सहजातपच्चयो अञ्ञमञ्ञपच्चयो निस्सयपच्चयो उपनिस्सयपच्चयो पुरेजातपच्चयो पच्छाजातपच्चयो आसेवनपच्चयो कम्मपच्चयो विपाकपच्चयो आहारपच्चयो इन्द्रियपच्चयो मग्गपच्चयो झानपच्चयो सम्पयुत्तपच्चयो विप्पयुत्तपच्चयो अत्थिपच्चयो नत्थिपच्चयो विगतपच्चयो अविगतपच्चयोति।

छ. ११ समथ कम्मट्ठान संगह

तत्थ समथसंगहे दस कसिणानि, दस असुभा, दस अनुस्सतियो, चतस्सो अप्पमञ्ञायो, एका सञ्ञा, एकं ववत्थानं, चत्तारो आरूप्पा चेति सत्तविधेन समथ कम्मट्ठानसंगहो।

दस कसिणानि...चत्तारो आरूप्पा आदि सात प्रकारले समथ कम्मट्ठान हुन्छन्।

रागचरिता, दोसचरिता, मोहचरिता, सद्धाचरिता, बुद्धिचरिता, वितक्कचरिता चेति छब्बिधेन चरितसंगहो।

रागचरिता...वितक्कचरिता आदि ६ प्रकारले चरित्र संग्रह हुन्छन्।

परिकम्मभावना, उपचार भावना, अप्पना भावना चेति तिस्सो भावना।

परिकम्मभावना...अप्पना भावना आदि ३ भावना हुन्छन्।

परिकम्मनिमित्त, उग्गहनिमित्त, पटिभागनिमित्तञ्चेति तीणि निमित्तानि च वेदितब्बानि।

परिकम्मनिमित्त...पटिभागनिमित्त आदि ३ निमित्तहरू भनिन्छन्।

अभिञ्ञा च नाम इद्धिविध, दिब्बसोत, परचित्त विजानना, पुब्बे निवासानुस्सति, दिब्बचक्खु, ति पञ्चधा।

इद्धिविध...दिब्बचक्खु आदि ५ प्रकारका अभिज्ञा हुन्छन्।

पथवीकसिणं आपोकसिणं तेजोकसिणं वायोकसिणं नीलसिणं पीतकसिणं लोहितकसिणं ओदातकसिणं आकासकसिणं आलोककसिणंञ्चेति इमानि दस कसिणानि नाम।

पथवीकसिणं...आलोककसिणं आदि यी दश कसिणहरू हुन्।

उद्धमातकं विनीलकं विपुब्बकं विच्छिद्दकं विक्खायितकं विक्खित्तकं हतविक्खित्तकं लोहितकं पुलुवकं अट्ठिकञ्चेति इमे दस असुभा नाम।

उद्धमातक...अट्ठिक आदि १० अशुभ हुन्छन्।

बुद्धानुस्सति धम्मानुस्सति संघानुस्सति सीलानुस्सति चागानुस्सति देवतानुस्सति

उपसमानुस्सति मरणानुस्सति कायगतासति आनापास्सति चेति इमा दस अनुस्सतियो नाम।

बुद्धानुस्सति...आनापानस्सति आदि यी दश अनुस्सतिहरू हुन्।

मेत्ता करुणा मुदिता उपेक्खा चेति इमा चतस्सो अप्पमञ्ञायो नाम ब्रह्मविहार ति पि वुच्चन्ति।

मेत्ता...उपेक्खा आदि यी चार अप्रमाण्यलाई ब्रह्मविहार पनि भनिन्छ।

आहारे पटिकूलसञ्ञा एका सञ्ञा नाम।

आहारमा प्रतिकूल एक सञ्ञा हो।

चतुधातुववत्थानं एकं ववत्थानं नाम।

चार धातु व्यवस्थापनं एक व्यवस्थान हो।

आकासानञ्चायतनदयो चत्तारो आरूप्पा नामा ति सब्बथा पि समथनिद्देसे चत्तालीस कम्मट्ठानानि भवन्ति।

आकासानञ्चायतन आदि चार आरूप्य कर्मस्थान हुन्। यसप्रकार समथनिर्देशमा चालिस कर्मस्थान हुन्छन्।

छ. १२ विपस्सना कम्मट्ठान संगह

पातिमोखसंवरसीलं इन्द्रियसंवरसीलं आजीवपारिसुद्धिसीलं पच्चयसन्निस्सितसीलञ्चेति चतुपारिसुद्धिसीलं सीलविसुद्धि नाम।

पातिमोखसंवरसीलं...पच्चयसन्निस्सितसील आदि चार पारिशुद्धशील शीलविशुद्धि हुन्।

उपचारसमाधि अप्पनासमाधि चेति दुविधो पि समाधि चित्तविसुद्धि नाम।

उपचारसमाधि अप्पनासमाधि आदि दुई प्रकारका चित्त विशुद्धि हुन्।

लक्खण-रस-पच्चुपट्ठान-पदट्ठान वसेन नाम-रूपपरिग्गहो दिट्ठिविसुद्धि नाम।

लक्खण...पदट्ठान वसले नामरूप धर्मको परिग्रह दृष्टिविशुद्धि हुन्।

तेसमेव च नामरूपानं पच्चयपरिग्गहो कंखावितरणविसुद्धि नाम।

ती नामरूप धर्मको प्रत्ययपरिच्छेदलाई कंखावितरणविशुद्धि भनिन्छ।

ततो परं पन तथापरिग्गहितेसु सप्पच्चयेसु तेभूमकसंखारेसु अतीतादिभेदभिन्नेसु खन्धादिनयमारब्भ कलापवसेन संखिपित्वा अनिच्चं खयट्ठेन दुक्खं भयट्ठेन अनत्ता असार कट्ठेना ति अद्धानवसेन सन्ततिवसेन खणवसेन वा सम्मसनञाणेन लक्खणत्तयं सम्मसन्तस्स तेस्वेव पच्चयवसेन खणवसेन च उदयब्बयञाणेन उदयब्बयं समनुपस्सन्तस्स च ओभासो पीति पस्सद्धि अधिमोक्खो च पग्गहो, सुखं ञाणमुपट्ठानमुपेक्खा च निक्कन्ति चेति, ओभासादि विपस्सना उपक्किलेस परिबन्ध परिग्गहवसेन मग्गामग्ग लक्खणववत्थानं मग्गामग्ग ञाणदस्सनविसुद्धि नाम।

त्यसपछि त्यसप्रकारले परिगृहित प्रत्यय अतीत आदि भेदले भिन्न त्रैभूमिक संस्कारहरूमा स्कन्धादिनय आरब्ध गरेर कलापको वसले संक्षिप्त गरी क्षय अर्थले अनित्य, भय अर्थले दु:ख, सारहीन अर्थले अनात्म यसप्रकार कालको हिसाबले, सन्ततीको हिसावले, क्षणको हिसाबले, सम्मर्शन ज्ञानद्वारा लक्षणत्रयको सम्मर्शन गर्दै त्यही प्रत्ययको हिसावले, क्षणको हिसावले उदयव्यय ज्ञानद्वारा पुनः विपस्सना गर्ने योगीको सन्तानमा अवभास, प्रीति, प्रश्रब्धि, अधिमोक्ष, परिग्रह, सुख वेदना, विपस्सना ज्ञान, स्मृति, उपेक्षा र निक्कन्ति यसप्रकार विपस्सनालाई उपक्लिष्ट गर्ने बाधक अभवास आदि ग्रहण गर्ने हिसावले मार्ग र अमार्गको लक्षणहरूको व्यवस्था गर्ने ज्ञानलाई मार्गामार्ग ज्ञानदर्शन विशुद्धि भनिन्छ।

तथापरिबन्धविमुत्तस्स पन तस्स उदयब्बयञाणतो पट्ठाय यावानुलोमा तिलक्खणं विपस्सनापरम्पराय पटिपज्जन्तस्स नव विपस्सनाञाणानि पटिपदाञाणदस्सनविसुद्धि नाम।

त्यसप्रकार प्रतिवन्धकले मुक्त योगीको सन्तानमा उदयव्यय ज्ञानदेखि अनुलोम ज्ञानसम्म लक्षणत्रय नै विपस्सना ज्ञानहरूलाई प्रतिपदा ज्ञान दर्शन विशुद्धि भनिन्छ।

ततो परं गोत्रभुचित्तं निब्बानमालम्बित्वा पुथुज्जनगोत्तं अभिभवन्तं अरियगोत्तं अभिसम्भोन्तञ्च पवत्तति।

त्यसपछि गोत्रभुचित्त निर्वाणको आलम्बन गर्दै पृथक्जन गोत्रको अभिभव गर्दै आर्यगोत्र प्राप्त गर्दै प्रवृत्त हुन्छ।

साधु साधु साधु

अभिधम्म परिच्छेद समाप्त।

धम्मपद

पलि गाथा र अर्थ

धम्मपद

धम्मको पाइला भन्नु नै सम्यक् शिक्षा अन्तर्गत जीवन यापन हो। त्यसैले सम्यक् शिक्षाको साररूपमा जीवनलाई बुझ्ने र त्यसैअनुसार अनुशरण गर्न सजिलोहोस् भन्नको लागि बुद्धवचनहरूमध्ये विशेष संग्रहगरिएको धम्मपद गाथाहरू यहाँ उल्लेख गरिएको छ। यसबाट पनि संक्षिप्तमा सम्यक्शिक्षा के हो ? र मानव जीवन कसरी यापन गर्ने हो ? भन्ने कुरा बुझ्न सघाउ पुग्दछ। गाथाको सुरुआतमा दाँयातर्फ दिइएको नामको भगवान्ले बताउनुभएको सूत्र कारण वा नाम हो। बायाँतर्फ दिइएको ठाउँको अर्थ भगवान्ले त्यस स्थानमा यो सूत्र देशना गर्नुभएको हो। बीचको अंकहरूमध्ये पहिलो अंक कूल ४२३ सूत्रहरूमध्येको क्रमाङ्क हो। दोश्रो अंक २६ वर्गमध्येको क्रमाङ्क हो। तेश्रो अंक वर्गभित्रको सूत्रहरूको क्रमअंक हो।

१. यमकवग्गो

(युगलवर्ग)

जेतवन　　　१/१/१　　　चक्खुपाल थेर

मनोपुब्बंगमा धम्मा, मनोसेट्ठा मनोमया।
मनसा चे पदुट्ठेन, भासति वा करोति वा।
ततो नं दुक्खमन्वेति, चक्कं व वहतो पदं॥

मनको अगुवा हुने धर्म, मन नै श्रेष्ठ मनोमय।
मनलाई दुषित गरी, बोल्ने तथा गर्ने गरेमा।
चक्काले भारी बोकेझैं, दुःख पछि पछि आउँछ॥

जेतवन　　　२/१/२　　　मट्ठकुण्डली

मनोपुब्बंगमा धम्मा, मनोसेट्ठा मनोमया।
मनसा चे पसन्नेन, भासति वा करोति वा।
ततो नं सुखमन्वेति, छाया व अनपायिनी॥

मनको अगुवा हुने धर्म, मन नै श्रेष्ठ मनोमय।
मनलाई प्रसन्न गरी, बोल्ने तथा गर्ने गरेमा।
पछि लाग्ने छायाँजस्तै, सुख पछि पछि आउँछ॥

जेतवन ३/१/३ थुल्लतिस्स थेर

अक्कोच्छि मं अवधि मं, अजिनि मं अहासि मे ।

ये च तं उपनय्हन्ति, वेरं तेसं न सम्मति ॥

मलाई हकाऱ्यो मलाई पिट्यो, मलाई हरायो मेरो हरण गऱ्यो ।

भनेर जसले विचार गर्छ, उसको मनमा शान्ति हुँदैन ॥

४/१/४

अक्कोच्छि मं अवधि मं, अजिनि मं अहासि मे ।

ये तं न उपनय्हन्ति, वेरं तेसूपसम्मति ॥

मलाई हकाऱ्यो मलाई पिट्यो, मलाई हरायो मेरो हरण गऱ्यो ।

भनेर जसले विचार गर्दैन, उसको मनमा शान्ति हुन्छ ॥

जेतवन ५/१/५ कालीयक्षिणी

नहि वेरेन वेरानि, सम्मन्तीध कुदाचनं ।

अवेरेन च सम्मन्ति, एस धम्मो सनन्तनो ॥

हुँदैन शत्रुताले शत्रुता, शान्ति कहिले पनि यहाँ ।

मित्रताले नै शान्ति हुन्छ, यही हो धर्म सनातन ॥

जेतवन ६/१/६ कोसाम्बिक भिक्षु

परे च न विजानन्ति, मयामेत्थ यमामसे ।

ये च तत्थ विजानन्ति, ततो सम्मन्ति मेधगा ॥

मूर्खले मात्र विचार गर्दैन, एकदिन मर्नुपर्छ भनी ।

मर्नुपर्छ भनी विचार गर्दा, कलह त्यसै शान्त हुन्छ ॥

जेतवन ७/१/७ चुल्लकाल

सुभानुपस्सिं विहरन्तं, इन्द्रियेसु असंवुतं ।

भोजनम्हि च अमत्तञ्ञुं, कुसीतं हीनवीरियं ।

तं वे पसहति मारो, वातो रुक्खं व दुब्बलं ॥

सुभानुपस्सी भई विहार गर्ने, इन्द्रियमा असंयमी ।

भोजनमा अमात्रज्ञ, आलसी हीन वीर्यवान ॥

उसलाई मारले जित्दछ, जसरी आँधीले दुर्बल रुखलाई ॥

जेतवन ८/१/८ महाकाल

असुभानुपस्सिं विहरन्तं, इन्द्रियेसु सुसंवुतं ।
भोजनम्हि च मत्तञ्ञु, सद्धं आरद्ध वीरियं ।
तं वे नप्पसहति मारो, वातो सेलं व पब्बतं ॥

अशुभानुपस्सी भई विहार गर्ने, इन्द्रियमा सुसंयमी ।
भोजनमा मात्रज्ञा, श्रद्धालु आरब्ध वीर्यवान ।
उसलाई मारले जित्दैन, जसरी आँधीले पर्वतलाई ॥

जेतवन ९/१/९ देवदत्त

अनिक्कसावो कासावं, यो वत्थं परिदहेस्सति ।
अपेतो दम सच्चेन, न सो कासावमरहति ॥

चित्तमलयुक्त भएको, काषाय वस्त्र जस्ले लगाउँछ ।
विमुख दम सत्यले, उसलाई काषाय सुहाउँदैन ॥

१०/१/१०

यो च वन्तकसावस्स, सीलेसु सुसमाहितो ।
उपेतो दम सच्चेन, स वे कासावमरहति ॥

जस्ले क्लेशलाई त्यागेर, शीलमा सुसमाहित भएर ।
संयुक्त दम सत्यले, उसलाई काषाय सुहाउँछ ॥

वेलुवन ११/१/११ अग्रश्रावक

असारे सारमतिनो, सारे चा सार दस्सिनो ।
ते सारं नाधिगच्छन्ति, मिच्छासंकप्प गोचरा ॥

असारलाई सार सम्झिने, सारलाई असार देख्ने ।
उसलाई सार प्राप्त हुँदैन, मिथ्या संकल्प गोचरलाई ॥

१२/१/१२

सारञ्च सारतो ञत्वा, असारञ्च असारतो ।
ते सारं अधिगच्छन्ति, सम्मासंकप्प गोचरा ॥

सारलाई सार जानेर, असारलाई असार भनी ।
उसलाई सार प्राप्त हुन्छ, सम्यक् संकल्प गोचरलाई ॥

जेतवन १३/१/१३ नन्द थेर

यथागारं दुच्छन्नं, वुट्ठी समति विज्झति ।
एवं अभावितं चित्तं, रागो समति विज्झति ॥

जसरी घर राम्ररी नछाएको, वर्षा लगातार चुहिन्छ ।
त्यसरी अभावित चित्तमा, राग लगातार चुहिन्छ ॥

१४/१/१४

यथागारं सुच्छन्नं, वुट्ठी न समति विज्झति ।
एवं सुभावितं चित्तं, रागो न समति विज्झति ॥

जसरी राम्ररी छाएको घरमा, वर्षा लगातार चुहिँदैन ।
त्यसरी सुभावित चित्तमा, राग लगातार चुहिँदैन ॥

वेलुवन | १५/१/१५ | चुन्द सूकरिक

इध सोचति पेच्च सोचति, पापकारी उभयत्थ सोचति ।
सो सोचति सो विहञ्ञति, दिस्वा कम्म किलिट्ठमत्तनो ॥

यहाँ शोक गर्छ उहाँ शोक गर्छ, पापी दुबैतिर शोक गर्छ ।
ऊ शोक गर्छ ऊ पीढित हुन्छ, देखेर आफ्नो क्लिष्ट कर्म ॥

जेतवन | १६/१/१६ | धम्मिक उपासक

इध मोदति पेच्च मोदति, कतपुञ्ञो उभयत्थ मोदति ।
सो मोदति सो पमोदति, दिस्वा कम्म विसुद्धिमत्तनो ॥

यहाँ मोदित हुन्छ उहाँ मोदित हुन्छ, कृतपुण्य दुबैतिर मोदित हुन्छ ।
ऊ मोदित हुन्छ ऊ प्रमोदित हुन्छ, देखेर आफ्नो विशुद्ध कर्म ॥

जेतवन | १७/१/१७ | देवदत्त

इध तप्पति पेच्च तप्पति, पापकारी उभयत्थ तप्पति ।
पापं मे कतन्ति तप्पति, भीय्यो तप्पति दुग्गतिं गतो ॥

यहाँ तप्दछ उहाँ तप्दछ, पापी दुबैतिर तप्दछ ।
मैले पाप गरें भनेर तप्दछ, दुर्गति गएर अझ तप्दछ ॥

जेतवन | १८/१/१८ | सुमनादेवी

इध नन्दति पेच्च नन्दति, कतपुञ्ञो उभयत्थ नन्दति ।
पुञ्ञं मे कतन्ति नन्दति, भीय्यो नन्दति सुग्गतिं गतो ॥

यहाँ नन्दित हुन्छ उहाँ नन्दित हुन्छ, कृतपुण्य दुबैतिर नन्दित हुन्छ ।
पुण्य गरें भन्दै नन्दित हुन्छ, सुगतिमा अझ नन्दित हुन्छ ॥

जेतवन | १९/१/१९/ | दुइजना साथी

बहुम्पि चे सहितं भासमानो, न तक्करो होति नरो पमत्तो ।
गोपो व गावो गणयं परेसं, न भागवा सामञ्ञस्स होति ॥

धेरै धम्मदेसना गरेर पनि, आचरण नगर्ने प्रमादीलाई ।
गोठालेले परवस्तु चराएझैं, हुँदैन प्राप्त श्रमणत्व फल ॥

२०/१/२०

अप्पम्पि चे सहितं भासमानो, धम्मस्स होति अनुधम्मचारी ।
रागञ्च दोसञ्च पहाय मोहं, सम्मप्पजानो सुविमुत्तचित्तो ।
अनुपादियानो इध वा हुरं वा, स भागवा सामञ्जस्स होति ॥

थोरै धम्मदेसना गरेर पनि, धार्मिक हुन्छ अनुधम्मचारी ।
राग द्वेष माह प्रहाण गरी, सम्यक् ज्ञानी सुविमुक्त चित्त ।
इहलोक परलोकमा उपादानरहित, ऊ श्रमणत्वको भागी हुन्छ ॥

युगल वर्ग समाप्त

२. अप्पमादवग्गो

(अप्रमाद वर्ग)

कौशाम्बी २१/२/१/ सामावती

अप्पमादो अमतं पदं, पमादो मच्चुनो पदं ।
अप्पमत्ता न मीयन्ति, ये पमत्ता यथा मता ॥

अप्रमाद अमृतपद हो, प्रमाद हो मृत्युपद ।
अप्रमादीहरू मर्दैनन्, जसरी प्रमादीहरू मर्दछन् ॥

२२/२/२

एतं विसेसतो ञत्वा, अप्पमादम्हि पण्डिता ।
अप्पमादे पमोदन्ति, अरियानं गोचरे रता ॥

यस विशेषतालाई जानेर, अप्रमादी भएको विद्वान ।
अप्रमादमा प्रमोदित हुन्छ, आर्यहरूको गोचरमा रतहरू ॥

२३/२/३

ते झायिनो साततिका, निच्चं दल्हपरक्कमा ।
फुसन्ति धीरा निब्बानं, योगक्खेमं अनुत्तरं ॥

ती ध्यानी धैर्यवानहरू, पराक्रमी नित्य दृढ ।
पुग्छन् धीरहरू निर्वाणमा, योगक्षेम अनुत्तर ॥

राजगृह २४/२/४ कुम्भघोसक

उट्ठानवतो सतिमतो, सुचिकम्मस्स निसम्मकारिनो ।
सञ्ञतस्स च धम्मजीविनो, अप्पमत्तस्स यसोभिवड्ढति ॥

उद्योगी तथा स्मृतिवान, शुभकाम नियमित गर्ने ।
संयमीको धर्मजीविको, अप्रमादीको यश अभिवृद्धि हुन्छ ॥

राजगृह २५/२/५ चुल्लपन्थ थेर

उट्ठानेनप्पमादेन, सञ्ञमेन दमेन च ।
दीपं कयिराथ मेधावी, यं ओधो नाभिकीरति ॥

उत्थानले अप्रमादले, संयमले र दमनले ।
द्वीप बनाऊ मेधावी, जुन सक्दैन बगाउन बाढीले ।

जेतवन २६/२/६ बालानक्खत्तधुट्ठु

पमादमनुयुञ्जन्ति, बाला दुम्मेधिनो जना ।
अप्पमादञ्च मेधावी, धनं सेट्ठं व रक्खति ॥

प्रमादमा लागिरहन्छन्, मूर्ख दुर्बुद्धि मानिसहरू ।
अप्रमादले मेधावी, श्रेष्ठ धनजस्तै रक्षा गर्दछ ॥

२७/२/७

मा पमादमनुयुञ्जेथ, मा कामरति सन्थवं ।
अप्पमत्तो हि झायन्तो, पप्पोति विपुलं सुखं ॥

प्रमादमा नलागिरहनु, कामरतिमा नबाँधिरहनु ।
अप्रमादी भई ध्यान गरे, प्राप्त हुन्छ विपुल सुख ॥

जेतवन २८/२/८ महाकाश्यप थेर

पमादं अप्पमादेन, यदा नुदति पण्डितो ।
पञ्ञा पासादमारुय्ह, असोको सोकिनि पजं ।
पब्बतट्ठो व भुम्मट्ठे, धीरो बालो अवेक्खति ॥

प्रमादलाई अप्रमादले, जब जित्दछ विद्वान ।
प्रज्ञा प्रसादमा आरुढ, अशोक शोकाकुल प्रजालाई ।
जस्तै पर्वतबाट भूमिमा, धीरले मूर्खलाई देख्दछ ॥

जेतवन २९/२/९ दुइ साथी भिक्षु

अप्पमत्तो पमत्तेसु, सुत्तेसु बहुजागरो ।
अबलस्सं व सीघस्सो, हित्वा याति सुमेधसो ॥

अप्रमादी प्रमादीहरूमा, सुताहाहरूमा बहुजागृत ।
जस्तै अबल धोडामा सीघ्रगामी, भई जान्छन् सुमेधहरू ॥

वैशाली ३०/२/१० शक्र देवराज

अप्पमादेन मघवा, देवानं सेट्ठतं गतो ।
अप्पमादं पसंसन्ति, पमादो गरहितो सदा ॥

अप्रमादले मघवा श्रेष्ठ, हुन गयो देवताहरूमा ।
अप्रमादको प्रशंसा हुन्छ, प्रमादीको निन्दा सदा ॥

जेतवन ३१/२/११ एक भिक्षु

अप्पमादरतो भिक्खु, पमादे भयदस्सि वा ।
सञ्ञोजनं अणुं थुलं, डहं अग्गीव गच्छति ॥

अप्रमादमा रत भिक्षु, प्रमादमा भयदर्शी भएर ।
अणु वा स्थूल संयोजनलाई, जसरी आगोले भष्म गर्छ ॥

जेतवन ३२/२/१२ निगमवासी तिस्सथेर

अप्पमादरतो भिक्खु, पमादे भयदस्सि वा ।
अभब्बो परिहाणाय, निब्बानस्सेव सन्तिके ॥

अप्रमादमा रत भिक्षु, प्रमादमा भयदर्शी भएर ।
अभव्य प्रहाण गरी, निर्वाणको नगिच पुग्दछ ॥

अप्रमाद वर्ग समाप्त

३. चित्तवग्गो

(चित्त वर्ग)

चालिय पर्वत ३३/३/१ **मेघिय स्थविर**

फन्दनं चपलं चित्तं, दुरक्खं दुन्निवारयं।
उजुं करोति मेधावी, उसुकारो व तेजनं॥

चञ्चल चपल चित्त, दुरक्षित दुरनिवारणलाई।
सीधा गर्दछ मेधावीले, जसरी वाणकारले तीरलाई॥

३४/३/२

वारिजो व थले खित्तो, ओकभोकत उब्भरो।
परिफन्दतिदं चित्तं, मारधेय्यं पहातवे॥

जस्तै माछा स्थलमा फ्याल्दा, निकालिएको निवासबाट।
छटपटिन्छ यो चित्त, छुटाउँदा मारको जालबाट॥

जेतवन ३५/३/३ **एक भिक्षु**

दुन्निग्गहस्स लहुनो, यत्थ कामनिपातिनो।
चित्तस्स दमथो साधु, चित्तं दन्तं सुखावहं॥

क्षणक्षणमा उत्पन्न हुने, रोक्न गाह्रो जतातते भाग्ने।
चित्त दमन गर्नु उत्तम, दान्त चित्त हुन्छ सुखकारी॥

जेतवन ३६/३/४ **एक भिक्षु**

सुदुद्दसं सुनिपुणं, यत्थकाम निपातिनं।
चित्तं रक्खेथ मेधावी, चित्तं गुत्तं सुखावहं॥

अदुर्दर्शन अतिसूक्ष्म, जहाँ पायो त्यहीं जाने।
चित्त रक्षा गर मेधावी, रक्षित चित्त सुखकारी॥

जेतवन ३७/३/५ **संघरक्षित स्थविर**

दूरंगमं एकचरं, असरीरं गुहाशयं।
ये चित्तं सञ्ञमेस्सन्ति, मोक्खन्ति मारबन्धना॥

टाढा पुग्ने एक्लैं हिड्ने, विनाशरीरको गुफामा बस्ने।
मारबन्धनबाट मोक्ष हुन्छ, त्यस्तो चित्त संयम गर्ने॥

जेतवन ३८/३/६ चित्तहत्थ थेर

अनवट्ठित चित्तस्स, सद्धम्मं अविजानतो ।
परिप्लवस्स पसादस्स, पञ्ञा न परिपूरति ॥

अस्थिर चित्त भएको, सधर्म नजानेकोलाई ।
प्रशन्न स्वभाव नभएकोलाई, प्रज्ञा हुँदैन परिपूर्ण ॥

३९/३/७

अनवस्सुत चित्तस्त, अनन्वाहत चेतसो ।
पुञ्ञ पाप पहीणस्स, नत्थि जागरतो भयं ॥

स्थिर चित्त भएको, अनाशक्त चेतनायुक्त ।
पुण्य पाप प्रहाण भएको, जागृतलाई छैन भय ॥

जेतवन ४०/३/८ वीर्यवान भिक्षुहरू

कुम्भूपमं कायमिमं विदित्वा, नगरूपमं चित्तमिदं ठपेत्वा ।
योधेथ मारं पञ्ञायुधेन, जितञ्च रक्खे अनिवेसनो शिया ॥

घैंटोजस्तै शरीर सम्झेर, नगरजस्तै चित्त रक्षित राखेर ।
युद्ध गर मारसंग प्रज्ञाआयुधले, जितेर रक्षा गर अनाशक्त भएर ॥

जेतवन ४१/३/९ तिस्स थेर

अचिरं वतं यं कायो, पठविं अधिसेस्सति ।
छुद्धो अपेत विञ्ञाणो, निरत्थं व कलिंगरं ॥

अचिर नै यो काय, पृथ्वीमा लडिरहनेछ ।
छुद्र विज्ञानरहित, मुढोजस्तै निरर्थक ॥

कोशल देश ४२/३/१० नन्द गोपालक

दिसो दिसं यं तं कयिरा, वेरी वा पन वेरिनं ।
मिच्छा पणिहितं चित्तं, पापियो नं ततो करे ॥

एक शत्रुले अर्को शत्रुलाई, जति हानि पुऱ्याउँछ ।
त्योभन्दा बढी हानि गर्छ, मिथ्या प्रणिहित चित्तले ॥

कोशल देश ४३/३/११ सोरेय्य थेर

न तं माता पिता कयिरा, अञ्ञं वा पि च ञातका ।
सम्मा पणिहितं चितं, सेय्यसो नं ततो करे ॥

न गर्न सक्छ आमा बाबाले, वा अन्य कुनै आफन्तले ।
जति उपकार गर्न सक्छ, सम्यक् प्रणिहित चित्तले ॥

चित्त वर्ग समाप्त

४. पुप्फवग्गो

(फूलवर्ग)

श्रावस्ती ४४/४/१ पाँचशय भिक्षु

को इमं पठविं विजेस्सति, यमलोकञ्च इमं सदेवकं ?
को धम्मपदं सुदेसितं, कुसले पुप्फमिव पचेस्सति ? ॥

कसले यस पृथ्वीलाई जित्ला, यमलोक देवलोकसहित ?
कसले सुदेशित धम्मपद, रोज्दछ जस्तै मालिले फूल ॥

४५/४/२

सेखो पठविं विजेस्सति, यमलोकञ्च इमं सदेवकं ।
सेखो धम्मपदं सुदेसितं, कुसलो पुप्फमिव पचेस्सति ॥

शैक्षले यस पृथ्वीलाई जित्ला, यमलोक देवलोकसहित ।
शैक्षले सुदेशित धम्मपद, रोज्दछ जस्तै मालिले फूल ॥

श्रावस्ती ४६/४/३ एक भिक्षु

फेणूपमं कायमिमं विदित्वा, मरीचिधम्मं अभिसम्बुधानो ।
छेत्वान मारस्स पपुप्फकानि, अदस्सनं मच्चुराजस्स गच्छे ॥

फिंजसमान शरीर ठानेर, मृगतृष्णाधम्म अभिसम्बोध गरेर ।
काटेर मार बन्धनलाई, पुग्छन् जहाँ मृत्युराजको अदर्शन ॥

श्रावस्ती ४७/४/४ विड्डुभ

पुप्फानि हेव पचिनन्तं, ब्यासत्तमनसं नरं
सुत्तं गामं महोघो व, मच्चु आदाय गच्छति ॥

पञ्चेन्द्रिय फूल टिप्नमा, आशक्त भएको मानिसलाई ।
जसरी मस्त गाउँलाई महाबाढीले, मृत्युले लिएर जान्छ ॥

श्रावस्ती ४८/४/५ पतिपूजिका देवकन्या

पुप्फानि हेव पचिनन्तं, ब्यासत्तमनसं नरं
अतित्तं येव कामेसु, अन्तको कुरुते वसं ॥

पञ्चेन्द्रिय फूल टिप्नमा, आशक्त भएको मानिसलाई ।
आफ्नो तृष्णा पुरा नहुँदै, मृत्युराजले वशमा राख्छ ॥

श्रावस्ती ४९/४/६ कोशिय साहु

यथापि भमरो पुप्फं, वण्णगन्धं अहेठयं।
पलेति रसमादाय, एवं गामे मुनीचरे॥

जसरी भमराले फूललाई, वर्ण गन्ध नबिगारिकन।
चुसेर रस लिएर जान्छ, त्यसरी गाउँमा मुनि घुम्दछ॥

श्रावस्ती ५०/४/७ पाठिय आजीवक

न परेसं विलोमानि, न परेसं कताकतं।
अत्तनोव अवेक्खेय्य, कतानि अकतानि च॥

नहेर्नु अर्कोको दोषत्रुटी, नगर्नु चेवाचर्चा अर्काको।
वेश हुन्छ सच्याउनु, हेरी आफ्नै दोषत्रुटीहरू॥

श्रावस्ती ५१/४/८ छत्तपाणि

यथापि रुचिरं पुप्फं, वण्णवन्तं अगन्धकं।
एवं सुभासिता वाचा, अफला होति अकुब्बतो॥

जसरी सुन्दर फूल, वर्णयुक्त सुगन्धरहित।
त्यसरी नै सुभासित वचन, निष्फल हुन्छ क्रियाहीन॥

५२/४/९

यथापि रुचिरं पुप्फं, वण्णवन्तं सुगन्धकं।
एवं सुभासिता वाचा, सफला होति सकुब्बतो॥

जसरी रुचिर फूल, वर्णयुक्त सुगन्धित।
त्यसरी नै सुभासित वचन, सफल हुन्छ क्रियायुक्त॥

पूर्वाराम ५३/४/१० विशाखा उपासिका

यथापि पुप्फरासिम्हा, कयिरा मालागुणे बहु।
एवं जातेन मच्चेन, कत्तब्बं कुसलं बहु॥

जसरी फूलहरूबाट, छानेर माल उन्दछ धेरै।
त्यसरी संसारमा जन्मिनेले, गर्नुपर्छ कुशल धेरै॥

श्रावस्ती ५४/४/११ आनन्द थेर

न पुप्फ गन्धो पटिवातमेति, न चन्दनं तगरं मल्लिका वा।
सतं च गन्धो पटिवातमेति, सब्बदिसा सप्पुरिसो पवाति॥

हावा विपरित जान सक्दैन, चन्दन तगर चमेलि गन्ध।
बहन सक्छ सबै दिशातिर, सत्पुरुषको सौम्य सुगन्ध॥

५५/४/१२

चन्दनं तगरं वापि, उप्पल अथ वस्सिकी ।
एतेसं गन्धजातानं, सीलगन्धो अनुत्तरो ॥

चन्दन, तगर वा अन्य, उत्पल तथा चमेली फूल ।
त्यस्ताको सुगन्धभन्दा, शीलसुगन्ध हुन्छ अनुत्तर ॥

राजगृह ५६/४/१३ महाकाश्यप थेर

अप्पमत्तो अयं गन्धो, यायं तगर चन्दिनी ।
यो च सीलवतं गन्धो, वाति देवेसु उत्तमो ॥

अल्पमात्र छ यो गन्ध, जुन तगर चन्दिनीको ।
जुन छ शीलवानको गन्ध, बहन्छ उत्तम देवालोकमा ॥

राजगृह ५७/४/१४ गोधिक थेर

तेसं सपन्न सीलानं, अप्पमाद विहारिनं ।
सम्मदञ्ञा विमुत्तानं, मारो मग्गं न विन्दति ॥

त्यसले सम्पन्न शीलवान, अप्रमादले विहार गर्ने ।
सम्यक् ज्ञानी विमुक्तको, मार्ग थाहा पाउँदैन मारले ॥

जेतवन ५८/४/१५ गरहदिन्न

यथा संकारधानस्मिं, उज्झितस्मिं महापथे ।
पदुमं तत्थ जायेथ, सुचिगन्धं मनोरमं ॥

जसरी फोहर रक्षानमा, ढलमा महापथमा ।
कमल त्यहाँ उम्रिन्छन्, भएर सुगन्धित मनोरम ॥

५९/४/१६

एवं संखारभूतेसु, अन्धभूते पुथुज्जने ।
अतिरोचति पञ्ञाय, सम्मासम्बुद्ध सावको ॥

त्यसरी दुषित प्राणीमा, अज्ञानी पृथगजनहरूमा ।
चम्किरहन्छ प्रज्ञावान, सम्यक् सम्बुद्धको श्रावक ॥

फूल वर्ग समाप्त

५. बालवग्गो

(मूर्ख वर्ग)

श्रावस्ती ६०/५/१ एक उपासक

दीघा जागरतो रत्तिं, दीघं सन्तस्स योजनं ।
दीघाो बालानं संसारो, सद्धम्मं अविजानतं ॥

जाग्नेलाई रात लामो, बाटो लामो थाक्नेलाई ।
मूर्खलाई संसार लामो, सधर्म नजान्नेलाई ॥

श्रावस्ती ६१/५/२ महाकश्यप थेर

चरं चे नाधिगच्छेय्य, सेय्यं सदिसमत्तनो ।
एकचरियं दल्हं कयिरा, नत्थि बाले सहायता ॥

संगत गर्नु धेरै गुणीको, नभए आफूसमानको ।
एक्लै हिंड्नु दृढमनले, संगत नगर्नु दुर्गुणीको ॥

श्रावस्ती ६२/५/३ आनन्द गृहपति

पुत्तामत्थि धनमत्थि, इति बालो विहञ्ञति ।
अत्ताहि अत्तनो नत्थि, कुतो पुत्ता कतो धनं ? ॥

मेरो छोराहरू छन् मेरो धन छ, भनी हुन्छ मूर्ख चिन्तित ।
आफू नै आफ्नो छैन, कहाँ छोराहरू कहाँ धन ?

जेतवन ६३/५/४ कुनै चोर

यो बालो मञ्ञति बाल्यं, पण्डितो वापि तेन सो ।
बालो च पण्डितमानी, स वे बालोति वुच्चति ॥

जो मूर्खले चिन्दछ मूर्खतालाई, विद्वान उसलाई भनिन्छ ।
मूर्ख भएर विद्वान सम्झिने, उसलाई नै मूर्ख भनिन्छ ॥

श्रावस्ती ६४/५/५ उदायी थेर

यावजीवम्पि चे बालो, पण्डितं पियरूपासति ।
न सो धम्मं विजानाति, दब्बी सूपरसं यथा ॥

सारा जीवनभर मूर्ख, विद्वानको संगत गरे पनि ।
उसले जान्दैन धम्मलाई, डाडुले रसस्वाद जसरी ॥

श्रावस्ती ६५/५/६ भद्रवर्गीय भिक्षु

मुहुत्तमपि चे विञ्ञू, पण्डितं पयिरूपासति ।
खिप्पं धम्मं विजानाति, जिव्हा सूपरसं यथा ॥

मुहुर्तभर पनि विज्ञले, विद्वानको संगत गर्दछ ।
छिट्टै धम्म जान्न सक्दछ, जसरी जिब्रोले रसस्वाद ॥

राजगृह ६६/५/७ सुप्रबुद्ध कुष्ठी

चरन्ति बाला दुम्मेधा, अमित्तेनेव अत्तना ।
करोन्ता पापकं कम्मं, यं होति कटुकप्फलं ॥

विचरण गर्छन् मूर्ख दुर्बुद्धि, आफूलाई शत्रु बनाएर ।
गर्दछन् पाप कम्महरू, हुन्छन् जसको तितो फल ॥

जेतवन ६७/५/८ एक किसान

न तं कम्मं कतं साधु, यं कत्वा अनुतप्पति ।
यस्स अस्सुमुखो रोदं, विपाकं पटिसेवति ॥

यस्तो काम सज्जनले नगर्नु, जुन गर्नाले अनुताप हुन्छ ।
जसको अश्रुमुख रोदन गर्ने, गर्नुपर्ने हुन्छ फल भोग ॥

वेलुवन ६८/५/९ सुमन माली

तञ्च कम्मं कतं साधु, यं कत्वा नानुतप्पति ।
यस्स पतीतो सुमनो, विपाकं पटिसेवति ॥

त्यस्तो काम सज्जनले गर्नु, जुन गर्नाले अनुताप हुँदैन ।
जसको चित्त प्रशन्न हुने, गर्नुपर्ने हुन्छ फल भोग ॥

जेतवन ६९/५/१० उप्पलवण्णा थेरी

मधुव मञ्ञती बालो, याव पापं न पच्चति ।
यदा च पच्चती पापं, अथ बालो दुक्खं निगच्छति ॥

महजस्तै सम्झिन्छ मूर्ख, जबसम्म पापले फल दिदैन ।
जब फल दिन्छ पापले, तब गर्छ मूर्खले दुःख अनुभव ॥

राजगृह ७०/५/११ जम्बुक आजीवक

मासे मासे कुसग्गेन, बालो भुञ्जेय भोजनं ।
न सो संखत धम्मानं, कलं अग्घति सोलसिं ॥

महिना महिनामा कुशाग्रले, मूर्खले भोजन गरे तापनि ।
हुँदैन ऊ विद्वानको अगाडि, मूल्यवान १६ औं भाग पनि ॥

राजगृह ७१/५/१२ अहिप्रेत

न हि पापं कतं कम्मं, सज्जु खीरंव मुच्चति ।
डहन्तं बाल मन्वेति, भस्मच्छन्नोव पावके ॥

दुहुनासाथ दूध सड्दैन, हुँदैन पापको फल छिटो ।
पापले मूर्खलाई पोल्दछ, जसरी आगोले खरानीको ॥

राजगृह ७२/५/१३ सट्ठिकूट प्रेत

यावदेव अनत्थाय, ञत्तं बालस्स जायति ।
हन्ति बालस्स सुक्कंसं, मुद्धमस्स बिपातयं ॥

अनर्थको लागि मात्र, उत्पत्ति हुन्छ बुद्धि मूर्खको ।
नाश गर्दछ मूर्खको शुक्लले, टुक्राएझैं शीर आफ्नो ॥

जेतवन ७३/५/१४ सुधर्म थेर

असतं भावनमिच्छेय्य, पुरेक्खारञ्च भिक्खुसु ।
आवासेसु च इस्सरियं, पूजा परकुले सु च ॥

असत भावनाको इच्छा गर्छ, पुरस्कृत होउँ भिक्षुहरूमा ।
आवासमा र ऐश्वर्यमा, पूजित होउँ परकूलमा ॥

७४/५/१५

ममेव कतमञ्ञन्तु, गिही पब्बजिता उभो ।
ममेव अतिवसा अस्सु, किच्चाकिच्चेसु किस्मिचि ।
इति बालस्स संकप्पो, इच्छा मानो च वड्ढति ॥

मैले सोचेंझैं होस्, दुबै गृहस्थ प्रब्रजित ।
मेरो अधिनमा होस्, जति पनि कृत्यअकृत्य ।
यस्तो मूर्खको संकल्पले, बढ्छ इच्छा अहंकार ॥

श्रावस्ती ७५/५/१६ वनवासी तिस्सथेर

अञ्ञा हि लाभुपनिसा, अञ्ञा निब्बानगामिनी ।
एवमेतं अभिञ्ञाय, भिक्खु बुद्धस्स सावको ।
सक्कारं नाभिनन्देय्य, विवेकमनुब्रूहये ॥

अर्कै हो लभको साधन, अर्कै हो निर्वाणगामिनी ।
यसरी नै अभिज्ञाको लागि, भिक्षु बुद्धको श्रावकले ।
सत्कारमा आशक्त नभई, विवेकचर्या वढाउनुपर्छ ॥

बाल वर्ग समाप्त

६. पण्डितवग्गो

(विद्वान वर्ग)

जेतवन ७६/६/१ **राध थेर**

निधीनंव पवत्तारं, यं पस्से वज्जदस्सिनं ।
निग्गय्हवादिं मेधावि, तादिसं पण्डितं भजे ।
तादिसं भजमानस्स, सेय्यो होति न पापियो ॥

गाडधन देखाइदिनेझैं हुन्छ, जसले दोष देखाइदिन्छ ।
संयम गराउने मेधावीको, गर्छ संगत ज्ञानी पुरुषले ।
गर्नाले संगत त्यस्ताको, उन्नती सिवाय हुँदैन हानि ॥

जेतवन ७७/६/२ **अस्सजि पुनब्बसु**

ओवादेय्य अनुसासेय्य, असब्भा च निवारये ।
सतं हि सो पियो होति, असतं होति अप्पियो ॥

उपदेश सुन सदाचरण गर, असभ्यता त्याग भन्ने ।
सन्तहरूको प्रिय हुन्छ, दुष्टहरूको हुन्छ अप्रिय ॥

जेतवन ७८/६/३ **छन्न थेर**

न भजे पापके मित्ते, न भजे पुरिसाधमे ।
भजेथ मित्ते कल्याणे, भजेथ पुरिसुत्तमे ॥

नगर्नु संगत पापमित्रको, नगर्नु संगत अधमपुरुषको ।
गर्नु संगत कल्याणमित्रको, गर्नु संगत उत्तमपुरुषको ॥

जेतवन ७९/६/४ **महाकप्पिन थेर**

धम्मपीति सुखं सेति, विप्पसन्नेन चेतसा ।
अरियप्पवेदिते धम्मे, सदा रमति पण्डितो ॥

धर्मप्रीति सुखले सुत्दछ, विपस्सना चेतनाले ।
आर्य प्रवेदित धम्ममा, सदा रमाउंछन् विद्वानहरू ॥

जेतवन ८०/६/५ **पण्डित श्रामणेर**

उदकं कि नयन्ति नेत्तिका, उसुकारा नमयन्ति तेजनं ।
दारुं नमयन्ति तच्छका, अत्तानं दमयन्ति पण्डिता ॥

पानीलाई लैजान्छ कृषकले, वाणकारले नुआउँछ वाणलाई ।
काठलाई नुआउँछ सिकर्मीले, विद्वानले दमन गर्छ आफूलाई ॥

जेतवन ८१/६/६ भद्दिय थेर

सेलो यथा एकघनो, वातेन न समीरति ।
एवं निन्दा पसंसासु, न समिञ्जन्ति पण्डिता ॥

टस न मस भएको पर्वतलाई, हावाले हल्लाउन नसकेझैं ।
त्यसरी नै निन्दा प्रशंसाले, हुँदैन बिचलित पण्डितहरू ॥

जेतवन ८२/६/७ काणा उपासिका

यथा पि रहदो गम्भीरो, विप्पसन्नो अनाविलो ।
एवं धम्मानि सुत्वान, विप्पसीदन्ति पण्डिता ॥

जति पनि पोखरी गम्भीर, स्वच्छ र सफा हुन्छ ।
त्यसरी नै धम्म सुनेर, विद्वानहरू हुन्छन् निर्मल ॥

जेतवन ८३/६/८ पाँचशय भिक्षु

सब्बत्थ वे सप्पुरिसा चजन्ति, न कामकामा लपयन्ति सन्तो ।
सुखेन फुट्ठा अथवा दुक्खेन, न उच्चावचं पण्डिता दस्शयन्ति ॥

सर्वत्र ती सत्पुरुष त्यागछन्, कामविषयमा सन्त बोल्दैन ।
अनुभव सुखको होस् वा दुक्खको, विद्वानले देख्दैन तुच्छ महान ॥

जेतवन ८४/६/९ धम्मिक थेर

न अत्तहेतु न परस्सहेतु, न पुत्तमिच्छे न धनं न रट्ठं ।
न इच्छेय्य अधम्मेन समिद्धिमत्तनो, सील वा पञ्जवा धम्मिको शिया ॥

न आफ्नो लागि न अरुको लागि, न पुत्रेच्छा न धन न राष्ट्रको ।
गर्दैन इच्छा अधर्मले समृद्धि आफ्नो, ऊ शीलवान प्रज्ञावान धार्मिक हुन्छ ॥

जेतवन ८५/६/१० धम्मस्सवण

अप्पका ते मनुस्सेसु, ये जना पारगामिनो ।
अथायं इतरा पजा, तीरमेवानुधावति ॥

अल्प छन् ती मानिसमा, जो संसार पारगामी ।
बाँकीरहेका यी प्रजा, तीरमा मात्र दौडिरहन्छ ॥

८६/६/११

ये च खो सम्मदक्खाते, धम्मे धम्मानुवत्तिनो ।
ते जना पारमेस्सन्ति, मच्चुधेय्यं सुदुत्तरं ॥

यो जुन सम्यक् देशित, गर्ने धम्ममा धम्माचरण ।
ती मानिस पार तर्छन्, गरी दुष्कर मृत्यु विजय ।

जेतवन ८७/६/१२ ५०० भिक्षुहरू

कण्हं धम्मं विप्पहाय, सुक्कं भावेथ पण्डितो ।
ओका अनोकं आगम्म, विवेके यत्थ दूरमं ॥

कृष्णधर्म प्रहाण गरी, शुक्ल ग्रहण गर विद्वान ।
गृहत्याग गरिआएका, गर्नुपर्छ एकान्त सेवन ॥

८८/६/१३

तत्राभिरति मिच्छेय्य, हित्वा कामे अकिञ्चनो ।
परियोदपेय्य अत्तानं, चित्तक्लेसेहि पण्डितो ॥

नैष्कम्यमा रत हुनुपर्छ, भई कामभोग अकिञ्चन ।
शुद्ध गर्दै लानुपर्छ आफ्नो, चित्त क्लेशहरू विद्वान ॥

८९/६/१४

येसं सम्बोधि अंगेसु, सम्मा चित्तं सुभावितं ।
आदान पटिनिस्सग्गे, अनुपादाय ये रता ।
खीणासवा जुतीमन्तो ते लोके परिनिब्बुता ॥

यस सम्बोधि अंगमा, सम्यक् चित्त सुभावित ।
परिग्रह त्यागिसकेका, अनुपादानमा जो लागेका ॥
क्षीणास्रवी तेजसम्पन्न, ती लोकमा हुन्छन् परिनिवृत ॥

पण्डित वर्ग समाप्त

७. अरहत्वग्गो

(अरहन्त वर्ग)

जीवक आम्रवन ९०/७/१ जीवक वैद्य

गतद्धिनो विसोकस्स, विप्पमुत्तस्स सब्बधी ।
सब्बगन्थप्पहीणस्स, परिला हो न विज्जति ।

यात्रा गरिकेको शोकरहित, विप्रयुक्त सबैतिर ।
सर्वग्रन्थ प्रहीणलाई, हुँदैन शोक सन्ताप ॥

वेलुवन ९१/७/२ महाकास्यप

उय्यञ्जन्ति सतीमन्तो, न निकेते रमन्ति ते ।
हंसाव पल्ललं हित्वा, ओकमोकं जहन्ति ते ॥

उद्योग गर्छन् स्मृतिवान, घरमा रमाउँदैन उनीहरू ।
हंसले तलाउ त्यागेझैं, गृहत्याग गर्दछन् उनीहरू ॥

जेतवन ९२/७/३ वेलट्ठिसीस

येसं सन्निचयो नत्थि, ये परिञ्ञात भोजना ।
सुञ्ञतो अनिमित्तो च, विमोक्खो यस्स गोचरो ।
आकासेव सकुन्तानं, गति तेसं दुरन्नया ॥

जसको संग्रह छैन, जो परिज्ञात भोजनमा ।
शून्य अनिमित्त र, विमोक्ष जसको गोचर ।
जस्तै आकाशमा चराहरूको, गति उसको गाह्रो देख्न ॥

वेलुवन ९३/७/४ अनुरद्ध थेर

यस्सासवा परिक्खीणा, आहारे च अनिस्सितो ।
सुञ्ञतो अनिमित्तो च, विमोक्खो यस्स गोचरो ।
आकासेव सकुन्तानं, पदं तस्स दुरन्नयं ॥

जसको आस्रव परिक्षीण, आहारमा अनिश्रित ।
शून्य अनिमित्त र, विमोक्ष जसको गोचर ।
जस्तै आकाशमा चराहरूको, पाइला उसको गाह्रो देख्न ॥

पूर्वाराम ९४/७/५ महाकच्चायन

यस्सिन्द्रियानि समथं गतानि, अस्सो यथा सारथिना सुदन्ता ।
पहीणमानस्स अनासवस्स, देवापि तस्स पिहयन्ति तादिनो ॥

जसको इन्द्रिय शमन भएको, जसरी सवारद्वारा दान्त घोडा ।
निरअभिमानी अनाश्रवलाई, देवता पनि उसको गर्दछ स्पृहा ॥

जेतवन ९५/७/६ सारिपुत्र स्थविर

पठवीसमो नो विरुज्झति, इन्दखीलूपमो तादि सुब्बतो ।
रहदो व अपेतकद्दमो, संसारा न भवन्ति तादिनो ॥

पृथ्वीसमान जो डग्दैन, इन्द्रखीलसमान भएका सुव्रत ।
पोखरीजस्तै परिशुद्ध, हुँदैन उसको भवसंसार ॥

जेतवन ९६/७/७ तिस्स थेर

सन्तं तस्स मनं होति, सन्ता वाचा च कम्म च ।
सम्मदञ्ञा विमुत्तस्स, उपसन्तस्स तादिनो ॥

शान्त उसको मन हुन्छ, शान्त वचन र कर्म ।
सम्यक् ज्ञानी विमुक्तको, व्यक्ति भएको उपशान्त ॥

जेतवन ९७/७/८ सारिपुत्र थेर

अस्सद्धो अकतञ्ञू च, सन्धिच्छेदो च यो नरो ।
हतावकासो वन्तासो, स वे उत्तमपोरिसो ॥

अश्रद्धामा अंकृतज्ञ, सन्धि उच्छेदी जो नर ।
जन्मरहित आशारहित, ऊ नै उत्तम पुरुष ॥

जेतवन ९८/७/९ रेवत थेर

गामे वा यदि वा अरञ्ञे, निन्ने वा यदि वा थले ।
यत्थ अरहन्तो विहरन्ति, तं भूमिं रामणेय्यकं ॥

गाउँमा होस् वा जंगलमा, पानीमा होस् वा जमिनमा ।
जहाँ अरहन्त विचरण गर्छन्, त्यो भूमि हुन्छ रमणीय ॥

जेतवन ९९/७/१० एक भिक्षु

रमणीयानि अरञ्ञानि, यत्थ न रमती जनो ।
वीतरागा रमिस्सन्ति, न ते कामगवेसिनो ॥

रमणीय अरण्यहरू, जहाँ रमण गर्दैनन् मानिसहरू ।
वीतरागी रमण गर्छन्, होइनन् ती काम गवेषक ॥

अरहन्त वर्ग समाप्त

८. सहस्सवग्गो

(हजार वर्ग)

वेलुवन १००/८/१ तम्बदाठिक

सहस्समपि चे वाचा, अनत्थपदसंहिता ।
एकं अत्थपदं सेय्यो, यं सुत्वा उपसम्मति ॥

हजारौ गाथा भन्दा जुन, अनर्थपद संयुक्त हुन्छ ।
एउटै अर्थपद हुन्छ उत्तम, जुन सुन्नाले शान्ति मिल्छ ॥

जेतवन १०१/८/२ दारुचीरिय

सहस्समपि चे गाथा, अनत्थपदसंहिता ।
एकं गाथापदं सेय्यो, यं सुत्वा उपसम्मति ॥

हजारौ गाथा भन्दा जुन, अनर्थपदसंयुक्त ।
एउटै गाथा वेश हुन्छ, जुन सुन्नाले शान्ति मिल्छ ॥

जेतवन १०२/८/३ कुण्डलकेसी

यो च गाथासतं भासे, अनत्थपदसंहितं ।
एकं धम्मपदं सेय्यो, यं सुत्वा उपसम्मति ॥

शयौं गाथाभन्दा जुन, अनर्थपद संयुक्त हुन्छ ।
एउटै धम्मपद हुन्छ उत्तम, जुन सुन्नाले शान्ति मिल्छ ॥

१०३/८/४

यो सहस्सं सहस्सेन, संगामे मानुसे जिने ।
एकञ्च जेय्य अत्तानं, सवे संगामजुत्तमो ॥

जुन हजारौंले हजारौंलाई, संग्राममा मानिस जित्नुभन्दा ।
जसले जित्दछ आफूलाई, ऊ महान संग्रामजित ॥

जेतवन १०४/८/५ एक ब्राह्मण

अत्ता हवे जितं सेय्यो, या चायं इतरा पजा ।
अत्तदन्तस्स पोसस्स, निच्चं सञ्जत चारिनो ॥

आफूलाई जित्नु राम्रो, जुन अरुलाई जित्नुभन्दा ।
आत्मदान्त पोषितको, नित्य संयमी भइहिड्नेको ॥

१०५/८/६

नेव देव न गन्धब्बो, न मारो सह ब्रहमुना

जितं अपजितं कयिरा, एवरूपस्स जन्तुनो ॥

न देवता न गन्धर्व, न मार ब्रह्मासहितले ।

जितलाई हार गर्न सक्दैन, यसप्रकारको प्राणीको ॥

वेलुवन १०६/८/७ **सारिपुत्रको मामा**

मासे मासे सहस्सेन, यो यजेथ सतं समं ।

एकं च भावितत्तानं, मुहुत्तमपि पूजये ।

सा येव पूजना सेय्यो, यं चे वस्ससतं हुतं ॥

महिना महिनामा हजारौं, खर्च गरी जो यज्ञ गर्छ ।

एउटै पनि आत्मध्यानीलाई, मुहुर्तभर पनि पूज्दछ ॥

हुन्छ उसको पूजा श्रेष्ठ, शय वर्षको होमभन्दा जुन ॥

वेलुवन १०७/८/८ **सारिपुत्रको भाञ्जा**

यो च वस्ससतं जन्तु, अग्गिं परिचरे वने ।

एकञ्च भावितत्तानं, मुहुत्तमपि पूजये ।

सा येव पूजना सेय्यो, यञ्चे वस्ससतं हुतं ॥

जो शयौं वर्ष प्राणी, अग्नि परिचर गर्छ वनमा ।

एउटै पनि आत्मध्यानीलाई, मुहुर्तभर पनि पूज्दछ ।

हुन्छ उसको पूजा श्रेष्ठ, शय वर्षको होमभन्दा जुन ॥

वेलुवन १०८/८/९ **सारिपुत्रको साथी**

यं किञ्चि यिट्ठं च हुतं च लोके, संवच्छरं यजेथ पुञ्ञपेक्खो ।

सब्बम्पि तं न चतुभागमेति, अभिवादना उज्जुगतेसु सेय्यो ॥

जति पनि यज्ञ होम छन् लोकमा, संवत्सर यज्ञ गर्छ पुण्यपेक्षी ।

सबैको पनि हुँदैन चौथाई फल, भन्दा अभिवादन श्रेष्ठ ऋजुगतलाई ॥

अरण्यकुटी १०९/८/१० **दीर्घायुकुमार**

अभिवादनसिलिस्स, निच्चं वद्धापचायिनो ।

चत्तारो धम्मा वड्ढन्ति, आयु वण्णो सुखं बलं ॥

गर्नाले अभिवादन साथै, नित्य वृद्ध सेवा सत्कार ।

चार धम्म बढ्नेछन्, आयु वर्ण सुख बल ॥

जेतवन ११०/८/११ **संकिच्च श्रामणेर**

यो चे वस्ससतं जीवे, दुस्सीलो असमाहितो ।
एकाहं जीवितं सेय्यो, सीलवन्तस्स झायिनो ॥

जो बाँच्दछ शयौं वर्ष, भई दुःशील असमाहित ।
एकदिन बाँच्नु श्रेष्ठ, भई ध्यानी शीलवान ॥

जेतवन १११/८/१२ **कोण्डञ्ञ थेर**

यो चे वस्ससतं जीवे, दुप्पञ्ञो असमाहितो ।
एकाहं जीवितं सेय्यो, पञ्ञावन्तस्स झायिनो ॥

जो बाँच्दछ शयौं वर्ष, भई प्रज्ञाहीन असमाहित ।
एकदिन बाँच्नु श्रेष्ठ, भई ध्यानी प्रज्ञावान ॥

जेतवन ११२/८/१३ **सप्पदास थेर**

यो चे वस्ससतं जीवे, कुसीतो हीनवीरियो ।
एकाहं जीवितं सेय्यो, विरियमारभती दल्हं ॥

जो बाँच्दछ शयौं वर्ष, भई आलसी हीनवीर्यवान ।
एकदिन बाँच्नु श्रेष्ठ, भई दृढ आरब्ध वीर्यवान ॥

जेतवन ११३/८/१४ **पटाचारा थेरी**

यो चे वस्ससतं जीवे, अपस्सं उदयब्बयं ।
एकाहं जीवितं सेय्यो, पस्सतो उदयब्बयं ॥

जो बाँच्दछ शयौं वर्ष, नदेखेर उदयब्यय ।
वेश एक दिन बाँच्नु, देखेर उदयब्यय ॥

जेतवन ११४/८/१५ **किसागौतमी**

यो चे वस्ससतं जीवे, अपस्सं अमतं पदं ।
एकाहं जीवितं सेय्यो, पस्सतो अमतं पदं ॥११४।

जो बाँच्दछ शयौं वर्ष, नदेखेर अमृतपद ।
वेश एक दिन बाँच्नु, देखेर अमृतपद ॥

जेतवन ११५/८/१६ **सोणा थेरी**

यो चं वस्ससतं जीवे, अपस्सं धम्ममुत्तमं ।
एकाहं जीवितं सेय्यो, पस्सन्तो धम्ममुत्तमंति ॥

जो बाँच्दछ शयौं वर्ष, नदेखेर उत्तम धम्म ।
वेश एकदिन बाँच्नु, देखेर उत्तम धर्म ॥

सहस्सवग्गो समाप्त

९. पापवग्गो

(पाप वर्ग)

जेतवन ११६/९/१ **चूल एकसाटक ब्राह्मण**

अभित्थरेथ कल्याणे, पापा चित्तं निवारये।
दन्धं हि करोतो पुञ्‍ञं, पापस्मिं रमती मनो॥

पुण्यहरू झट्टै गर्नुपर्छ, पापहरू चिताउनु हुँदैन।
पुण्य गर्न बेर लायो भने, पापमा मन रमी बस्छ॥

जेतवन ११७/९/२ **सेय्यसक थेर**

पापं चे पुरिसो कयिरा, न तं कयिरा पुनप्पुनं।
न तम्हि छन्दं कयिराथ, दुक्खो पापस्स उच्चयो॥

मानिसले पाप गरे तापनि, पुनः पुनः गर्नु हुँदैन।
इच्छा नबढाउनु पापको, पापले दुःख बढाउँछ॥

जेतवन ११८/९/३ **लाजदेव कन्या**

पुञ्‍ञं चे पुरिसो कयिरा, न तं कयिरा पुनप्पुनं।
न तम्हि छन्दं कयिराथ, सुक्खो पापस्स उच्चयो॥

मानिसले पुण्य गरे तापनि, पुनः पुनः गर्नुपर्छ।
उत्साह बढाउनु पुण्यको, पुण्यले सुख बढाउँछ॥

जेतवन ११९/९/४ **अनाथपिण्डिक श्रेष्ठी**

पापोपि पस्सति भद्रं, याव पापं न पच्चति।
यदा च पच्चति पापं, अथ पापो पापानि पस्सति॥

पापलाई पुण्य देख्दछ, जबसम्म पापले फल दिदैन।
जब पापले फल दिन्छ, तब पापलाई पाप भनी देख्दछ॥

१२०/९/५

भद्रोपि पस्सति पापं, याव भद्रं न पच्चति।
यदा च पच्चति भद्रं, अथ भद्रो भद्रानि पस्सति॥

पुण्यलाई पाप देख्दछ, जबसम्म पुण्यले फल दिदैन।
जब पुण्यले फल दिन्छ, तब पुण्यलाई पुण्य भनी देख्दछ॥

जेतवन १२१/९/६ **असंयमी भिक्षु**

माप्पमञ्ञेथ पापस्स, न मन्तं आगमिस्सति ।
उदबिन्दु निपातेन, उदकुम्भोपि पूरति ।
पूरति बालो पापस्स, थोक थोकम्पि आचिनं ॥

थोरै नसोच पापलाई, फल आउने छैन भनेर ।
थोपा थोपा पानी थापेर, पानीको गाग्रो भरिन्छ ।
थुपार्छ मूर्खले पापलाई, अलि अलि जम्मा गरेर ॥

जेतवन १२२/९/७ **विलालपाद श्रेष्ठी**

माप्पमञ्ञेथ पुञ्ञस्स, न मन्तं आगमिस्सति ।
उदबिन्दु निपातेन, उदकुम्भोपि पूरति ।
पूरति धीरो पुञ्ञस्स, थोक थोकम्पि आचिनं ॥

थोरै नसोच पुण्यलाई, फल आउने छैन भनेर ?
थोपा थोपा पानी थापेर, पानीको गाग्रो भरिन्छ ।
पण्डितले/ बढाउँछ मूर्खले पुण्यलाई, अलि अलि जम्मा गरेर ॥

जेतवन १२३/९/८ **एक व्यापारी**

वाणिजो व भयं मग्गं, अप्पसत्थो महद्धनो ।
विसं जीवितुकामो व, पापानि परिवज्जये ॥

जसरी भयमार्गलाई व्यापारी, हतियाररहित महाधनीले ।
जसरी विषलाई जीवितकामीले, पापहरूलाई छाड्नुपर्छ ॥

वेलुवन १२४/९/९ **कुक्कुटमित्र**

पाणिम्हि चे वणो वास्स, हरेय्य पाणिना विसं ।
नाब्बणं विसमन्वेति, नत्थि पापं अकुब्बतो ॥

हातमा घाउ नहुनेलाई, हातले विष छुए तापनि ।
घाउमा विष नलागेझैं, छैन पाप नगर्नेलाई ॥

जेतवन १२५/९/१० **कोक शिकारी**

यो अप्पदुसस्स नरस्स दुस्सति, सुद्धस्स पोसस्स अनंगणस्स ।
तमेव बालं पच्चेति पापं, सुखुमो रजो पटिवातं व खित्तो ॥

जो दोषरहित नरलाई दोषारोपण गर्छ, शुद्ध जीविका अनंगण (क्लेशी)लाई ।
त्यस मूर्खलाई पापले सताउँछ, जसरी हावाविपरित फ्यालिएको सूक्ष्म धूलोले ॥

जेतवन १२६/९/११ तिस्स थेर

गब्भमेके उप्पज्जन्ति, निरयं पापकम्मिनो ।
सग्गं सुगतिनो यन्ति, परिनिब्बन्ति अनासवा ॥

गर्भमा कोही उत्पत्ति हुन्छन्, नरकमा पापकर्मीहरू ।
स्वर्गमा सुगतिन जान्छन्, परिनिर्वाण हुन्छन् अनाश्रवीहरू ॥

जेतवन १२७/९/१२ तीनजना भिक्षु

न अन्तलिक्खे न समुद्दमज्झे, न पब्बतानं विवरं पविस्स ।
न विज्जति सो जगतिप्पदेसो, यत्थट्ठितो मुञ्चेय्य पापकम्मा ॥

न अन्तरिक्षमा न समुद्रमाझमा, न पर्वत गुफामा पसेर ।
हुँदैन प्राप्त जगतप्रदेश, यथास्थित मुक्ति पाप कर्मबाट ॥

निग्रोधाराम १२८/९/१३ सुप्रबुद्ध शाक्य

न अन्तलिक्खे न समुद्दमज्झे, न पब्बतानं विवरं पविस्स ।
न विज्जति सो जगतिप्पदेसो, यत्थट्ठितं नप्पसहेथ मच्चु ॥

न अन्तरिक्षमा न समुद्रमाझमा, न पर्वत गुफामा पसेर ।
हुँदैन प्राप्त जगतप्रदेश, यथास्थित मुक्ति मृत्युबाट ॥

पाप वर्ग समाप्त

१०. दण्डवग्गो

(दण्ड वर्ग)

जेतवन　　१२९/१०/१　　६ वर्गीय भिक्षु

सब्बे तसन्ति दण्डस्स, सब्बे भायन्ति मच्चुनो।
अत्तानं उपमं कत्वा, न हनेय्य न घातये ॥

दण्ड देखेर सबै डराउँछन्, मर्नुपर्दा सबै काँप्छन्।
आफूलाई उदाहरण गरेर, हिंसा नगर्नु नगराउँनु ॥

जेतवन　　१३०/१०/२　　६ वर्गीय भिक्षु

सब्बे तसन्ति दण्डस्स, सब्बेसं जीवितं पियं।
अत्तानं उपमं कत्वा, न हनेय्य न घातये ॥

दण्ड देखेर सबै डराउँछन्, हुन्छ सबैलाई जीवन प्रिय।
आफूलाई उदाहरण गरेर, हिंसा नगर्नु नगराउँनु ॥

जेतवन　　१३१/१०/३　　धेरै केटाहरू

सुखकामानि भुतानि, यो दण्डेन विहिंसति।
अत्तनो सुखमेसानो, पेच्च सो न लभते सुखं ॥

सुख कामना गर्ने प्राणीहरू, जो दण्डले हिंसा गर्छ।
आफ्नो सुखको लागि, परलोकमा पाउँदैन उसले सुख ॥

१३२/१०/४

सुखकामानि भूतानि, यो दण्डेन न हिंसति।
अत्तनो सुखमेसानो, पेच्च सो लभते सुखं ॥

सुख कामना गर्ने प्राणीहरू, जो दण्डले हिंसा गर्दैन।
आफ्नो सुखको लागि, परलोकमा उसले सुख पाउँछ।

जेतवन　　१३३/१०/५　　कुण्डधान थेर

मावोच फरुसं कञ्चि, वुत्ता पटिवदेय्यु तं।
दुक्खाहि सारम्भ कथा, पटिदण्डा फुसेय्यु तं ॥

कठोर कहिले नबोल, बोलेमा प्रतिवचन सुन्नुपर्छ।
दुःख कलह आउंछ, प्रतिदण्ड पाउनेछौ ॥

१३४/१०/६

सचे नेरेसि अत्तानं, कंसो उपहतो यथा ।
एस पत्तोसि निब्बानं, सारम्भो ते न विज्जति ॥

यदि आफूलाई निःशब्द, बनायौ फुटेको काँसजस्तै ।
यसरी निर्वाण प्राप्त हुन्छ, हुँदैन झगडा कत्ति पनि ॥

पूर्वाराम — १३५/१०/७ — विशाखा उपासिकाहरू

यथा दण्देन गोपालो, गावो पाचेति गोचरं ।
एवं जरा च मच्चू च, आयुं पाचेन्ति पाणिनं ॥

जसरी गोठालो लौरोले, गाई धपाउँछ गोचरमा ।
त्यसरी जरा र मृत्युले, आयु धपाउँछ प्राणीका ॥

वेलुवन — १३६/१०/८ — अजगर प्रेत

अथ पापानि कम्मानि, करं बालो न बुज्झति ।
सेहि कम्मेहि दुम्मेधो, अग्गि दड्ढोव तप्पति ॥

अतः पापकर्महरू, गर्दा मूर्खले बुझ्दैन ।
त्यही कर्मले दुर्बुद्धि, अग्नि दग्धझैं तप्दछ ॥

वेलुवन — १३७/१०/९ — मोद्गल्यायन थेर

यो दण्डेन अदण्डेसु, अप्पदुट्ठेसु दुस्सति ।
दसन्न मञ्ञतरं ठानं, खिप्पमेव निगच्छति ॥

जसले दण्डले निहत्थालाई, निर्दोषलाई दोष लाउँछ ।
दश अन्यमन्य स्थानमा, छिट्टै नै फल पाउँछ ॥

१३८/१०/१०

वेदनं फरुसं जानिं, सरीरस्स च भेदनं ।
गरुकं वापि आबाधं, चित्तक्खेपं व पापुणे ॥

वेदना असह्य धन विनाश, अंगभंग हुन्छ ।
ठूलो रोग लाग्छ, चित्त विक्षिप्त हुन्छ ॥

१३९/१०/११

राजतो वा उपस्सग्गं, अब्भक्खानं व दारुणं ।
परिक्खयं व ञातीनं, भोगानं व पभंगुरं ॥

राजाबाट दण्ड भय, अति ठूलो निन्दा हुन्छ ।
आफन्तको परिक्षय, भोगको विनाश हुन्छ

१४०/१०/१२

अथ वस्स अगारानि, अग्गि डहति पावको ।

कायस्स भेदा दुप्पञ्ञो, निरयं सोपपज्जति ॥

साथै वर्षाले घर बगाउँछ, आगोले भष्म गर्दछ ।

मृत्युपछि दुर्बुद्धि, नरकमा ऊ उत्पन्न हुन्छ ॥

जेतवन १४१/१०/१३ **बहुभाण्डिक भिक्षु**

न नग्गचरिया न जटा न पंका, नानासका थण्डिलसायिका वा ।

रजो च जल्लं उक्कुटिकप्पधानं, सोधेन्ति मच्चं अवितिण्ण कंखं ॥

नांगो बस्दैमा जटा पाल्दैमा, हिलोमा वा भोकै बस्दैमा ।

भूईंमा सुत्दैमा खरानी धस्दैमा, सन्त पुरुष बन्न सक्दैन ॥

जेतवन १४२/१०/१४ **सन्तति महामात्य**

अलंकतो चे पि समं चरेय्य, सन्तो दन्तो नियतो ब्रह्मचारी ।

सब्बेसु भूतेसु निधाय दण्डं, सो ब्राह्मणो सो समणो स भिक्खु ॥

अलंकृत भएर समचर्या गर्ने, शान्त दान्त नियमी ब्रह्मचारी ।

सबै प्राणीप्रति हिंसा त्यागने, ऊ ब्राह्मण ऊ श्रमण ऊ भिक्षु ॥

जेतवन १४३/१०/१५ **पिलोतिक थेर**

हिरी निसेधो पुरिसो, कोचि लोकस्मिं विज्जति ।

यो निन्दं अप्पबोधेति, अस्सो भद्रो कसा मिव ॥

लज्जालु निषिद्ध पुरुष, कोही कोही हुन्छन् लोकमा ।

जो निन्दाबाट सतर्क हुन्छन्, जस्तै कोर्रादेखि अशल घोडा ॥

१४४/१०/१६

अस्सो यथा भद्रो कसा निविट्ठो, आतापिनो संवेगिनो भवाथ ।

सद्धाय सीलेन च वीरियेन च, समाधिना धम्मविनिच्छयेन च ।

सम्पन्नविज्जाचरणा पतिस्सता, पहस्सथ दुक्खमिदं अनप्पकं ॥

जसरी अशल घोडाले कोर्रा सहदैन, प्रयत्नशील संवेगवान होऊ ।

श्रद्धाले शीलले र वीर्यले, समाधिले र धम्म विनिश्चयले ।

सम्पन्न विद्याचरण प्रतिस्मृतिले, प्रहाण गर महान दुक्खलाई ॥

जेतवन १४५/१०/१७ **सुमन श्रामणेर**

उदकं हि नयन्ति नेत्तिका, उसुकारा नमयन्ति तेजनं ।

दारुं नमयन्ति तच्छका, अत्तानं दमयन्ति सुब्बता ॥

पानीलाई लैजान्छ कृषकले, वाणकारले नुआउँछ वाणलाई ।

काठलाई नुआउँछ सिकर्मीले, सुव्रतले दमन गर्छ आफूलाई ॥

दण्ड वर्ग समाप्त

११. जरावग्गो
(वृद्धत्व वर्ग)

जेतवन १४६/११/१८ विशाखाका साथीहरू

कोनु हासो किमानन्दो, निच्चं पज्जलिते सति ।
अन्धकारेन ओनद्धा, पदीपं न गवेस्सथ ॥

कसरी हाँस्नु ? के आनन्द ? जानेर नित्य प्रज्ज्वलित ।
अन्धकारले घेरिसक्दा, के नगर्ने प्रदीप गवेषण ?

वेलुवन १४७/११/२ सिरिमा गणिका

यस्स चित्तं कतं बिम्बं, अरुकायं समुट्ठितं ।
आतुरं बहुसंकप्पं, यस्स नत्थि धुवं ठिति ॥

जसको चित्त छायाँजस्तै, रोग शोकले भरिएको ।
तड्पिएको बहुसंकल्पले, स्थिर स्थिति छैन यसको ॥

जेतवन १४८/११/३ उत्तरा थेरी

परिजिण्णमिदं रूपं, रोगनिड्ढं पभंगुरं ।
भिज्जति पूति सन्दहो, मरणन्तं हि जीवितं ॥

परिजिर्ण यो रूप, रोगको घर क्षणभंगुर ।
मृत्युपछि गन्हाउने शरीर, जीवतको अन्त्य नै मरण ॥

जेतवन १४९/११/४ अभिमानी भिक्षु

यानिमानि अपत्थानि, अलापूनेव सारदे ।
कापोतकानि अट्ठीनी, तानि दिस्वान का रति ?

यताउता फ्यालिएको, जसरी लौका शरदमा ।
परेवाजस्तो हड्डीहरू, त्यसलाई देखेर कसलाई रति ?

जेतवन १५०/११/५ रूपनन्दा थेरी

अट्ठीनं नगरं कतं, मंस लोहित लेपनं ।
यत्थ जरा च मच्चू च, मानो मक्खो च ओहितो ॥

हड्डीको नगर बनाइएको, मासु रगतले लेपिएको ।
जहाँ वृद्धत्व र मृत्यु, मान कपट लुकाइएको ॥

जेतवन १५१/११/६ मल्लिका देवी

जीरन्ति वे राजरथा सुचित्ता, अथो सरीरम्पि जरं उपेति ।
सतञ्च धम्मो न जरं उपेति, सन्तो हवे सब्भि पवेदयन्ति ॥

जिर्ण हुन्छ राजरथ सुसज्जित, तब शरीर पनि जिर्ण हुन्छ ।
सन्तको धर्म जिर्ण हुँदैन, सन्तहरू गुणीलाई बताउँछन् ॥

जेतवन १५२/११/७ लालुदायी थेर

अप्पस्सुता यं पुरिसो, बलि बद्दोव जीरति ।
मंसानि तस्स वड्ढति, पञ्ञा तस्स न वडढति ॥

जुन पुरुष अज्ञानी हुन्छ, बलिबोकाजस्तै बढ्छ ।
मासु मात्र उसको बढ्छ, प्रज्ञा उसको बढ्दैन ॥

बोधिवृक्ष मुनि १५३/११/८ उदानको रूपमा

अनेक जाति संसारं, सन्धाविस्सं अनिब्बिसं ।
गहकारकं गवेसन्तो, दुक्खा जाति पुनप्पुनं ॥

अनेक जन्म लिइसकियो, दौडिदै एकपछि अर्को ।
गृहकारक खोज्दै भयो, दुक्ख जन्म बारबार ॥

१५४/११/९गहकारकं दिट्ठोसि, पुन गेहं न काहसि ।
सब्बा ते फासुका भग्गा, गहकूटं विसंखितं ।
विसंखारगतं चित्तं, तण्हानं खयमज्झगा ॥

हेर गृहकारक तिमीले, फेरि घर बनाउन सक्दैनौ ।
सारा तिम्रा करङ (खम्बा) भांची, धुरी चूर्ण गरिसकें ।
संस्काररहित चित्त भयो, तृष्णा विनाश भइसक्यो ॥

इसिपतन १५५/११/१० सेठको छोरा

अचरित्वा ब्रह्मचरियं, अलद्धा योब्बने धनं ।
जिण्णकोञ्चाव झायन्ति, खीणमच्छेव पल्लले ॥

पालान नगरेर ब्रह्मचर्य, नकमाएर धन यौवनमा ।
बकुल्लाजस्तै ढुक्ने हुन्छ, माछारहित पोखरीमा ॥

१५६/११/११

अचरित्वा ब्रह्मचरियं, अलद्धा योब्बने धनं ।
सेन्ति चापातिखीणाव, पुराणानि अनुत्थुनं ॥

पालान नगरेर ब्रह्मचर्य, नकमाएर घन यौवनमा ।
सुत्दछ छोडेको वाणजस्तै, शोकहरू सम्झिदै बितेका ॥

जरा वर्ग समाप्त

१२. अत्तवग्गो

(आफू वर्ग)

सुंसुमारगिरि १५७/१२/१ बोधिराजकुमार

अत्तानं चे पियं जञ्ञा, रक्खेय्य नं सुरक्खितं ।
तिण्णमञ्ञतरं यामं, पटिजग्गेय्य पण्डितो ॥

आफूलाई प्रिय जानेर, रक्षागर आफूलाई सुरक्षित ।
तीन प्रहरमा कुनै एक, जागा रहनुपर्छ विद्वान ॥

जेतवन १५८/१२/२ उपनन्द शाक्यपुत्र

अत्तानं एव पठमं, पटिरूपे निवेशये ।
अथञ्ञमनुसासेय्य, न किलिस्सेय्य पण्डितो ॥

आफूलाई सर्वप्रथम, उचित मार्गमा लगाउने गर ।
तब अरुलाई अनुशासन गरे, विद्वानलाई हुँदैन क्लेश ॥

जेतवन १५९/१२/३ तिस्स थेर

अत्तानं चे तथा कयिरा, यथञ्ञमनुसासति ।
सुदन्तो वत दम्मेथ, अत्ता हि किर दुद्दमो ॥

आफूलाई त्यस्तै गर्नुपर्छ, अनुशासन गर्नेले अरुलाई ।
सुदान्तले दमन गर, गाह्रो दमन गर्नु आफूलाई ॥

जेतवन १६०/१२/४ कुमार काश्यपमाता

अत्ता हि अत्तनो नाथो, को हि नाथो परो शिया ?
अत्तनाव सुदन्तेन, नाथं लभति दुल्लभं ॥

आफू नै आफ्नो मालिक, को अरु मालिक हुन्छ ?
आफूलाई दमन गरे, दुर्लभ स्वामित्व प्राप्त हुन्छ ॥

जेतवन १६१/१२/५ महाकाल उपासक

अत्तनाव कतं पापं, अत्तजं अत्त सम्भवं ।
अभिमन्थति दुम्मेधं, वजिरं वस्मयं मणिं ॥

आफूले गरेको पापले, आफैलाई पीढा दिन्छ ।
विनाश गर्छ मूर्खलाई, जसरी वज्र (ढुंगा) ले मणिलाई ॥

जेतवन १६२/१२/६ देवदत्त

यस्स अच्चन्त दुस्सील्यं, मालुवा सालमिवोत्थतं
करोति सो तथत्तानं, यथा नं इच्छती दिसो ॥

जसको फैलिएको छ दुराचार, शालवृक्षमा मालुवा फैलिएझैं ।
गर्दछ त्यस्तै ऊ आफुलाई, शत्रुले गराउन चाहेझैं ॥

वेलुवन १६३/१२/७ संघभेद समय

सुकरानि असाधूनि, अत्तनो अहितानि च ।
यं वे हितञ्च साधुञ्च, तं वे परम दुक्करं ॥

सजिलो हुन्छ नराम्रो गर्न, आफूलांई अहित हुने ।
जुन राम्रो हित हुने हुन्छ, त्यो गर्नु अति दुष्कर ॥

जेतवन १६४/१२/८ काल थेर

यो सासनं अरहतं, अरियानं धम्मजीविनं ।
पटिक्कोसति दुम्मेधो, दिट्ठिं निस्साय पापिकं ।
फलानि कट्ठकस्सेव, अत्त हञ्ञाय फल्लति ॥

जो शासनको अरहन्तलाई, आर्यलाई धम्मजीवीलाई ।
प्रतिक्रोस गर्दछ दुम्मेध, दृष्टि बाँधिएको पापीले ॥
जसरी बाँसको टुसाले, आत्महत्या गर्न फल्दछ ॥

जेतवन १६५/१२/९ चूलकाल उपासक

अत्तनाव कतं पापं, अत्तनाव संकिलिस्सति ।
अत्तनाव अकतं पापं, अत्तनाव विसुज्झति ।
सुद्धी असुद्धी पच्चत्तं, नाञ्ञो अञ्ञं विसोधये ॥

आफूले गरेको पापले, आफैलाई अपवित्र पार्छ ।
आफूले नगरेको पापले, आफैलाई शुद्ध पार्छ ।
शुद्धि अशुद्धि आफैले हुन्छ, अरुले शुद्ध गर्न सक्दैन ॥

जेतवन १६६/१२/१० अत्तदत्थ थेर

अत्तदत्थं परत्थेन, वहुनापि न हापये ।
अत्तदत्थमभिञ्ञाय, सदत्थपसुतो शिया ॥

आफ्नो हितलाई परहितले, धेरै हानि गर्नु हुँदैन ।
आफ्नो हित जानेर, सदर्थमा लाउनुपर्छ ॥

अत्त वर्ग समाप्त

१३ लोकवग्गो
(लोक वर्ग)

जेतवन १६७/१३/१ एक भिक्षु

हीनं धम्मं न सेवेय्य, पमादेन न संवसे ।
मिच्छादिट्ठिं न सेवेय्य, न शिया लोक वड्ढनो ॥

हीनधम्म सेवन नगर, प्रमादले असंयमीत नहोऊ ।
मिथ्यादृष्टि सेवन नगर, लोक बढ्ने कामना नबढाऊ ॥

निग्रोधाराम १६८/१३/२ शुद्धोदन

उत्तिट्ठे नप्पमज्जेय्य, धम्मं सुचरितं चरे ।
धम्मचारी सुखं सेति, अस्मिं लोके परम्हि च ॥

जागृत होऊ प्रमादी नहोऊ, धम्म सुचरित्रले आचरण गर ।
धम्मचारी सुखपूर्वक सुत्दछ, यस लोक परलोकमा ॥

३६९/१३/३

धम्मं चरे सुचरितं, न तं दुच्चरितं चरे ।
धम्मचारी सुखं सेति, अस्मिं लोके परम्हिच ॥

धर्म गर्नु सुचरित्रले, दुश्चरित्रले नगर्नु धर्म ।
धम्मचारी सुखपूर्वक सुत्दछ, इहलोक परलोकमा ॥

जेतवन १७०/१३/४ ५०० ध्यानी भिक्षुहरू

यथा बुब्बलकं पस्से, यथा पस्से मरीचिकं ।
एवं लोकं अवेक्खन्तं, मच्चुराजा न पस्सति ॥

जसरी पानीफोका देखिन्छ, जसरी देखिन्छ मृगतृष्णा ।
त्यसरी लोकलाई सम्झिनेलाई, मृत्युराजाले देख्न सक्दैन ॥

वेलुवन १७१/१३/५ अभय राजकुमार

एथ पस्सथिमं लोकं, चित्तं राजरथूपमं ।
यत्थ बाल विसीदन्ति, नत्थि संगो विजानतं ॥

आऊ हेर यो संसार, चित्त राजाको रथसमान ।
जहाँ मूर्ख फस्दछन्, छैन आशक्ति जानकारलाई ॥

जेतवन १७२/१३/६ सम्मुञ्जनि थेर

यो च पुब्बे पमज्जित्वा, पच्छा सो नप्पमज्जति ।
सोमं लोकं पभासेति, अब्भा मुत्तो व चन्दिमा ॥

जो पहिले प्रमादी भएर, पछि ऊ प्रमादी हुँदैन ।
ऊ लोकमा प्रभासित हुन्छ, बादलमुक्त चन्द्रमाजस्तै ॥

जेतवन १७३/१३/७ अंगुलिमाल थेर

यस्स पापं कतं कम्मं, कुसलेन पिथीयति ।
सोमं लोकं पभासेति, अब्भा मुत्तो व चन्दिमा ॥

जसले गरेको पाप कर्म, पुण्य गरेर काटिदिन्छ ।
ऊ लोकमा प्रभासित हुन्छ, बादलमुक्त चन्द्रमाजस्तै ॥

आलवी १७४/१३/८ जुलहाकी छोरी

अन्धभूतो अयं लोको, तनुकेत्थ विपस्सति ।
सकुन्तो जालमुत्तोव, अप्पो सग्गाय गच्छति ॥

अन्धभूत छ यो संसार, देख्नेहरू छन् थोरै मात्र ॥
जालमुक्त चराजस्तै, जान्छन् स्वर्ग थोरै मात्र ॥

जेतवन १७५/१३/९ ३०जना भिक्षुहरू

हंसादिच्च पथे यन्ति, आकासे यन्ति इद्धिया ।
नीयन्ति धीरा लोकम्हा, जेत्वा मारं सवाहिनिं ॥

हाँस आकाशमा जान्छन्, जान्छन् थोरै मात्र स्वर्ग ।
जान्छन् धीरपुरुष संसारबाट, जितेर मारलाई सैन्यसहित ॥

जेतवन १७६/१३/१० चिञ्चा माणविका

एकं धम्मं अतीतस्स, मुसावादिस्स जन्तुनो ।
वितिण्ण परलोकस्स, नत्थि पापं अकारियं ॥

एक सत्य धम्म छोडेर, झूठो बोल्ने आदती तथा ।
परलोकको अविश्वासीले, छैन पाप गर्न नसक्ने ॥

जेतवन १७७/१३/११ अशदृश दान

न वे कदारिया देवलोकं वजन्ति, बालाहवे नप्पसंसन्ति दानं ।
धीरो च दानं अनुमोदमानो, तेनेव सो होति सुखी परत्थ ॥

जाँदैनन् कञ्जुसहरू देवलोकमा, गर्दैनन् मूर्खहरू दानको प्रशंसा ।
गर्दै अनुमोदन दानको धीरले, त्यसैले ऊ हुन्छ सुखी परलोकमा ॥

जेतवन १७८/१३/१२ अनाथपिण्डिकपुत्र

पथब्या एकरज्जेन, सग्गस्स गमनेन वा ।
सब्ब लोकाधिपच्चेन, सोतापत्ति फलं वरं ॥

पृथ्वीको सम्पूर्ण राज्य, वा स्वर्ग जाने भाग्य ।
सबै लोकाधिपत्यभन्दा, श्रोतापत्ति फल उत्तम ॥

लोक वर्ग समाप्त

१४. बुद्धवग्गो
(बुद्ध वर्ग)

बोधिमण्डप १७९/१४/१ **मारकी छोरीहरू**

यस्स जितं नाव जीयति, जितमस्स नो याति कोचि लोके।
तं बुद्धमनन्त गोचरं, अपदं केन पदेन नेस्सथ ? ॥

जसको जित पराजित हुँदैन, जितिसकेको लोकमा फेरि फर्किंदैन।
त्यस बुद्ध अनन्त गोचरलाई, पदरहितले कुन पदबाट लान्छौ ?

१८०/१४/२

यस्स जालिनो विसत्तिका, तण्हा नत्थि कुहिञ्चि नेतवे।
तं बुद्धमनन्त गोचरं, अपदं केन पदेन नेस्सथ ?

जसलाई तृष्णाजाल विषाक्तिले, छैन कतै पनि लान सक्ने।
त्यस बुद्ध अनन्त गोचरलाई, पदरहितले कुन पदबाट लान्छौ ?

शंकाश्य १८१/१४/३ **देव, मनुष्य**

ये झानपसुता धीरा, नेक्खम्पूपसमे रता।
देवापि तेसं पिहयन्ति, सम्बुद्धानं सतीमतं ॥

जो ध्यानयुक्त धीरहरू, नैष्क्रम्य उपसममा रत।
देवता पनि उनका प्रशंसा गर्छन्, गर्नेलाई सम्बुद्धको स्मरण ॥

वाराणसी १८२/१४/४ **एकपत्त नागराज**

किच्छो मनुस्सपटिलाभो, किच्छो मच्चान जीवितं।
किच्छं सद्धम्मसवणं, किच्छो बुद्धानं उप्पादो ॥

दुर्लभ मनुष्य प्रतिलाभ, मानिस भै बाँच्नु दुर्लभ।
दुर्लभ छ सद्धर्म श्रवण, बुद्धहरूको उत्पत्ति दुर्लभ ॥

जेतवन १८३/१४/५ **आनन्द थेर**

सब्ब पापस्स अकरणं, कुसलस्सं उपसम्पदा।
सचित्तपरियोदपनं, एतं बुद्धानुसासनं ॥

नगर्नु सबै पापहरू, गर्नु कुशलहरू संचय।
चित्त शुद्ध गर्दै लानु, यही बुद्धहरूका शिक्षा ॥

१८४/१४/६

खन्ती परमं तपो तितिक्खा, निब्बाणं परमं वदन्ति बुद्धा।
न हि पब्बजितो परूपघाती, समणो होति परं विहेठयन्तो ॥

क्षान्ति क्षमाशीलता परम तप, निर्वाण परम (पद) भन्नुहुन्छ बुद्ध।
हुँदैन प्रव्रजित परउपघातक, हुँदैन श्रमण परपीढादायक ॥

१८५/१४/७

अनूपवादो अनूपघातो, पातिमाक्खे च संवरो ।
भत्तञ्जुता च भत्तस्मिं, पन्थञ्च शयनासनं ।
अधिचित्ते च आयोगो, एत्तं बुद्धानुसासनं ॥

अनउपवादी अनउपघाती, प्रातिमोक्षमा संयमी ।
मात्रज्ञता भोजनमा, यात्रामा र शयनासनमा ।
गर्नु अधिचित्तको आयोग, यही बुद्धहरूको शिक्षा ॥

जेतवन १८६/१४/८ **उदासीन भिक्षु**

न कहापणवस्सेन, तित्ति कामेसु जायति ।
अप्पसादा दुक्खा कामा, इति विञ्ञाय पण्डितो ॥

न कार्षापण (असर्फी) वर्षदैमा, हुँदैन तृप्ति कामाशक्तिमा ।
कामाशक्ति अल्पस्वाद र दुक्ख, छ भनी जानेर विद्वान ॥

१८७/१४/९

अपि दिब्बेसु कामेसु, रत्तिं सो नाधिगच्छति ।
तणहक्खय रतो होति, सम्मासम्बुद्ध सावको ॥

दिव्य कामाशक्तिमा पनि, रत ऊ हुन जान्दैन ।
तृष्णाको क्षयमा रत हुन्छ, सम्यक् सम्बुद्धको श्रावक ॥

जेतवन १८८/१४/१० **अग्गिदत्त ब्राह्मण**

बहु वे सरणं यन्ति, पब्बतानि वनानि च ।
आराम रुक्ख चेत्यानि, मनुस्सा भय तज्जिता ॥

धेरै जसो शरण जान्छन्, पर्वत तथा वनहरूका ।
आश्रम रुख पूजास्थलका, मानिसहरू भई भयभित ॥

१८९/१४/११

नेतं खो सरणं खेमं, नेतं सरणमुत्तमं ।
नेतं सरणमागम्म, सब्ब दुक्खा पमुच्चति ॥

न हो त्यो शरण मुक्तिको, न हो त्यो शरण उत्तम ।
न त्यस शरण जानाले, हुन्छ मुक्ति सबै दुःखबाट ॥

१९०/१४/१२

यो च बुद्धञ्च धम्मञ्च, संघाञ्च सरणं गतो ।
चत्तारि अरियसच्चानि, सम्मप्पञ्ञाय पस्सति ॥

यो जुन बुद्धको धम्मको, संघको जाने शरण ।
चार आर्यसत्यहरूको, सम्यक् प्रज्ञाद्वारा दर्शन ॥

१९१/१४/१३

दुक्खं दुक्खसमुप्पादं, दुक्खस्स च अतिक्कमं।
अरियञ्च अट्ठंगिकं मग्गं, दुक्ख उपसमगामिनं ॥

दुःख दुःखसमुत्पाद, र दुःखको अतिक्रमण।
आर्य अष्टांगिक मार्ग, दुःख उपसमगामीको ॥

१९२/१४/१४

एतं खो सरणं खेमं, एतं सरणमुत्तमं।
एतं सरणमागम्म, सब्बदुक्खा पमुच्चति ॥

यही नै हो शरण मुक्तिको, यही हो शरण उत्तम।
यसको शरण जानाले, हुन्छ मुक्ति सबै दुःखबाट ॥

जेतवन १९३/१४/१५ आनन्द थेर

दुल्लभो पुरिसाजञ्ञो, न सो सब्बत्थ जायति।
यत्थ सो जायति धीरो, तं कुलं सुखमेधति ॥

दुर्लभ हुन्छ पुरूष श्रेष्ठ, ऊ सर्वत्र जन्म हुँदैन।
जहाँ ऊ धीर जन्मिछ, त्यस कुलमा सुख वृद्धि हुन्छ ॥

जेतवन १९४/१४/१६ धेरै भिक्षुहरू

सुखो बुद्धानं उप्पादो, सुखा सद्धम्म देसना।
सुखा संघास्स सामग्गी, समग्गानं तपो सुखो ॥

सुखकर बुद्धको उत्पत्ति, सुखकर सद्धर्म देशना।
सुखकर संघको एकता, सुखकर सामूहिक तपश्या ॥

चारिका समय १९५/१४/१७ कश्यपबुद्धको चैत्य

पूजारहे पूजयतो, बुद्धे यति व सावके।
पपञ्च समतिक्कन्ते, तिण्ण सोक परिद्दवे ॥

सत्कार गरिएको पूजनीयमा, बुद्धमा वा यदि श्रावकमा।
प्रपञ्च समतिक्रमण गरेको, उत्तीर्ण शोक परिदेवबाट ॥

१९६/१४/१८

ते तादिसे पूजयतो, निब्बुते अकुतोभये।
न सक्का पुञ्ञं संखातुं, इमेत्तमिति केनचि ॥

पूजा गरिएको पूजनीयमा, निर्वाण प्राप्त भयरहितमा।
सक्दैन पुण्य मूल्यांकन गर्न, यति उति भनी कसैले ॥

बुद्ध वर्ग समाप्त

१५. सुखवग्गो

(सुख वर्ग)

रोहिणी नदी १९७/१५/१ नदी विवाद

सुसुखं वत जीवाम, वेरिनेसु अवेरिनो ।
वेरिनेसु मनुस्सेसु, विहराम अवेरिनो ॥

सुखपूर्वक निश्चय बाँचेका छौं, वैरीहरूमा अवैरी भएर ।
वैरी भएका मानिसहरूमा, विहार गर्दछौं अवैरी भएर ॥

१९८/१५/२

सुसुखं वत जीवाम, आतुरेसु अनातुरा ।
आतुरेसु मनुस्सेसु, विहराम अनातुरा ॥

सुखपूर्वक निश्चय बाँचेका छौं, आतुरहरूमा अनातुर भएर ।
आतुर भएका मानिसहरूमा, विहार गर्दछौं अनातुर भएर ॥

१९९/१५/३

सुसुखं वत जीवाम, उस्सुकेसु अनुस्सुका ।
उस्सुकेसु मनुस्सेसु, विहराम अनुस्सुका ॥

सुखपूर्वक निश्चय बाँचेका छौं, उत्सुकहरूमा अनुत्सुक भएर ।
उत्सुक भएका मानिसहरूमा, विहार गर्दछौं अनुत्सुक भएर ॥

२००/१५/४

सुसुखं वत जीवाम, येसं नो नत्थि किञ्चनं ।
पीतिभक्खा भविस्साम, देवा आभस्सरा यथा ॥

सुखपूर्वक निश्चय बाँचेका छौं, जोसंग छैन केही पनि ।
प्रीति भोजक हुनेछौं, देवता आभस्सराजस्तै ॥

जेतवन २०१/१५/५ **राजा प्रसेनजित**

जयं वेरं पसवति, दुक्खं जेति पराजितो ।
उपसन्तो सुखं सेति, हित्वा जय पराजय ॥

जयले वैर बढाउँछ, दुःखले जिउँछ पराजय ।
उपशान्त सुखले सुत्दछ, त्यागेर जय पराजय ॥

जेतवन २०२/१५/६ **एक उपासिका**

नत्थि रागसमो अग्गि, नत्थि दोससमो कलि ।
नत्थि खन्धासमा दुक्खा, नत्थि संति परं सुखं ॥

छैन आगो रागसमान, छैन अपराध द्वेषसमान ।
छैन दुःख शरीरसमान, छैन सुख शान्तिसमान ॥

आलवी २०३/१५/७ **एक उपासक**

जिघच्छा परमा रोगा, संखारा परमा दुक्खा ।
एतं ञत्वा यथाभूतं, निब्बानं परमं सुखं ॥

भोक हो परमरोग, संस्कार हो परमदुःख ।
यस्तो यथार्थ जानेरं, निर्वाण नै हो परमसुख ॥

जेतवन २०४/१५/८ **प्रसेनजित राजा**

आरोग्य परमा लाभा, सन्तुट्ठि परमं धनं ।
विस्सास परमा ञाती, निब्बानं परमं सुखं ॥

आरोग्य हो परमलाभ, सन्तोष हो परमधन ।
विश्वास हो परमआफन्त, निवार्ण हो परमसुख ॥

वैशाली २०५/१५/९ **तिस्स थेर**

पविवेकरसं पीत्वा, रसं उपसमस्स च ।
निद्दरो होति निप्पापो, धम्मपीति रसं पिवं ॥

एकान्तवासको रस पिएर, रस उपशमको पनि ।
निडर हुन्छ निष्पापी, पिउने रस धम्मप्रीति ॥

वेलुवग्राम २०६/१५/१० **शक्र देवराज**

साहु दस्सनमरियानं, सन्निवासो सदा सुखो ।
अदस्सनेन बालानं, निच्चमेव सुखी शिया ॥

दर्शन गर्नाले आर्यहरूको, सन्निवास सदा सुखकर ।
दर्शन नगर्नाले मूर्खहरूको, नित्य हुन्छ सुखकर ॥

२०७/१५/११

बालसंगतचारी हि, दीघामद्धान सोचति ।
दुक्खो बालेहि संवासो, अमित्तेनेव सब्बदा ॥
धीरो च सुख संवासो, ञातीनंव समागमो ॥

मूर्ख संगतचारी नै, दीर्घकालसम्म शोक गर्छ ।
दुक्ख मूर्खसंग संवास, जस्तै शत्रुसंग सर्वदा ।
सुख धीरसंग संवास, जस्तै आफन्तसंग समागम ॥

वेलुवग्राम २०८/१५/१२ **शक्र देवराज**

तस्मा हि धीरञ्च पञ्ञाञ्च बहुस्सुतञ्च, धारेय्यसीलं वतवन्तमरियं ।
तं तादिसं सप्पुरिसं सुमेधं, भजेय नक्खत्तपथं व चन्दिमा ॥

त्यसैले नै धीर प्रज्ञावान बहुश्रुत, शीलवाहक व्रतवन्तु आर्यलाई ।
ऊसमान सत्पुरूष सुमेधलाई, संगत गर जस्तै चन्द्रमाले आकाशलाई ॥

सुख वर्ग समाप्त

१६. पियवग्गो
(प्रिय वर्ग)

जेतवन | २०९/१६/१ | तीनजना भिक्षु

अयोगे युञ्जमत्तानं, योगस्मिञ्च अयोजयं ।
अत्थं हित्वा पियग्गाहो, पिहेतत्तानुयोगिनं ॥

अयोगमा आफूलाई लगाउने, योगमा नजोतिने ।
अर्थ त्यागी प्रियग्राहीले, स्पृहा गर्छ आत्मवादीलाई ॥

२१०/१६/२

मा पियेहि समागञ्छि, अप्पियेहि कुदाचनं ।
पियानं अदस्सनं दुक्खं, अप्पियानञ्च दस्सनं ॥

प्रियको समागम नगर, अप्रियको पनि कहिले ।
प्रियको अदर्शनले दुक्ख, हुन्छ अप्रियको दर्शनले ॥

२११/१६/३

तस्मा पियं न कयिराथ, पियापायो हि पापको ।
गन्था तेसं न विज्जन्ति, येसं नत्थि पियाप्पियं ॥

त्यसैले प्रिय नगराऊ, प्रिय बिछोड नै पापक ।
बन्धन उसको हुँदैन, जसको हुँदैन प्रिय अप्रिय ॥

जेतवन | २१२/१६/४ | कुनै कुटुम्बिक

पियतो जायती सोको, पियतो जायती भयं ।
पियतो विप्पमुत्तस्स, नत्थि सोको कुतो भयं ? ॥

प्रियबाट जाग्दछ शोक, प्रियबाट जाग्दछ भय ।
प्रियबाट विप्रमुक्तलाई, छैन शोक कहाँ भय ?

जेतवन | २१३/१६/५ | विशाखा उपासिका

पेमतो जायती सोको, पेमतो जायती भयं ।
पेमतो विप्पमुत्तस्स, नत्थि सोको कुतो भयं ?

प्रेमबाट जाग्दछ शोक, प्रेमबाट जाग्दछ भय ।
प्रेमबाट विप्रमुत्तलाई, छैन शोक कहाँ भय ?

कुटागारशाला | २१४/१६/६ | लिच्छविहरू

रतिया जायती सोको, रतिया जायती भयं ।
रतिया विप्पमुत्तस्स, नत्थि सोको कुतो भयं ? ॥

रत्तिबाट जाग्दछ शोक, रत्तिबाट जाग्दछ भय ।
रत्तिबाट विप्रमुक्तलाई, छैन शोक कहाँ भय ?

जेतवन २१५/१६/७ अनित्थिगन्ध कुमार

कामतो जायती सोको, कामतो जायती भयं ।

कामतो विप्पमुत्तस्स, नत्थि सोको कुतो भयं ? ॥

आशक्तिबाट जाग्दछ भय, आशक्तिबाट जाग्दछ भय ।

आशत्तिबाट विप्रमुक्तलाई, छैन शोक कहाँ भय ?

जेतवन २१६/१६/८ कुनै ब्राह्मण

तण्हाय जायती सोको, तण्हाय जायती भयं ।

तण्हाय विप्पमुत्तस्स, नत्थि सोको कुतो भयं ॥

तृष्णाबाट जाग्दछ शोक, तृष्णाबाट जाग्दछ भय ।

तृष्णाबाट विप्रमुत्तलाई, छैन शोक कहाँ भय ?

वेलुवन २१७/१६/९ ५०० बालकहरू

सील दस्सनसम्पन्नं, धम्मट्ठं सच्चवादिनं ।

अत्तनो कम्म कुब्बानं, तं जनो कुरुते पियं ॥

शील दर्शनसम्पन्नलाई, धर्मस्थित सत्यवादीलाई ।

आफ्नो कर्ममा कुर्बान, गर्दछ प्रेम सबैले उसलाई ॥

जेतवन २१८/१६/१० एक अनागामी थेर

छन्दजातो अनक्खाते, मनसा च फुटो शिया ।

कामेसु च अप्पटिबद्धचित्तो, उद्धं सोतोति वुच्चति ॥

निर्वाणको अभिलक्ष्य गर्नुमा, चित्त लगाइरहनेलाई ।

कामरागमा अप्रतिबद्धलाई, उर्ध्वश्रोत भनी भनिन्छ ॥

इसिपतन २१९/१६/११ नन्दिपुत्र

चिरप्पवासिं पुरिसं, दूरतो सोत्थिमागतं ।

ञातिमित्ता सुहज्जा च, अभिनन्दन्ति आगतं ॥

चिरप्रवासी पुरूषलाई, टाढाबाट सकुशल आउनेलाई ।

आफन्त मित्र सहृदयहरू, अभिनन्दन गर्छन् आउनेलाई ॥

२२०/१६/१२

तथेव कत पुञ्ञम्पि, अस्मा लोका परं गतं ।

पुञ्ञानि पतिगण्हन्ति, पियं ञातीव आगतं ॥

त्यसरी नै गरेको पुण्य पनि, यस लोकबाट परलोक जानेलाई ।

पुण्यहरूले स्वागत गर्छन्, जस्तै प्रिय आफन्त आउनेलाई ॥

प्रिय वर्ग समाप्त

१७. कोधवग्गो

(क्रोध वर्ग)

निग्रोधाराम २२१/१७/१ रोहिणी शाक्य

कोधं जहे विप्पजहेय्य मानं, सञ्ञोजनं सब्बमतिक्कमेय्य ।
तं नामरूपस्मिं असज्जमानं, अकिञ्चनं नानुपतन्ति दुक्खा ॥

क्रोध नगर अभिमान नगर, संयोजन सबै अतिक्रमण गर ।
त्यस नामरूपमा आशक्त नभएको, अकिञ्चनलाई हुँदैन अनुताप दुक्ख ॥

अग्गालव चैत्य २२२/१७/२ एक भिक्षु

यो वे उप्पतितं कोधं, रथं भन्तं व धारये ।
तमहं सारथिं ब्रूमि, रस्मिग्गा हो इतरो जनो ॥

जसले बढेको क्रोधलाई, रथ रोकेझैं रोक्दछ ।
उसैलाई म सारथि भन्दछु, अरु समाउने मात्र लगाम ॥

वेलुवन २२३/१७/३ उत्तरा उपासिका

अक्कोधेन जिने कोधं, असाधुं साधुना जिने ।
जिने कदरियं दानेन, सच्चेन अलिकवादिनं ॥

मैत्रीले जित्नु क्रोधीलाई, जित्नु गुणले अवगुणीलाई ।
दानले जित्नु कञ्जुसीलाई, जित्नु सत्यले झूठालाई ॥

जेतवन २२४/१७/४ महामोद्गल्यायन

सच्चं भणे न कुज्झेय्य, दज्जाप्पस्मिम्पि याचितो ।
एतेहि तीहि ठानेही, गच्छे देवानसन्तिके ॥

सत्य भन क्रोध नगर, दिनु थोरै भए पनि माग्नेलाई ।
यी नै तीन कर्महरूले, जान्छन् मानिस देवतानगिच ॥

साकेत २२५/१७/५ केही भिक्षुहरू

अहिंसका ये मुनयो, निच्चं कायेन संवुता ।
ते यन्ति अच्चुतं ठानं, यत्थ गन्त्वा न सोचरे ॥

अहिंसक जुन मुनिहरू, नित्य कायले संवृत ।
ती जान्छन् अच्युत स्थानमा, जहाँ गएर हुँदैन शोक ॥

गृधकूट २२६/१७/६ एक उपासक

सदा जागरमानानं, अहोसत्तानुसिक्खिनं ।
निब्बानं अधिमुत्तानं, अत्थं गच्छन्ति आसवा ॥

सदा जागृत भएर बस्ने, अहोरात्र अनुशिक्षितको ।
निर्वाण नै अधिमुक्ति भएको, जान्छ नष्ट भएर आश्रव ॥

जेतवन २२७/१७/७ अतुल

पोराणमेतं अतुल, नेते अज्जतनामिव ।
निन्दन्ति तुण्हिभासीनं, निन्दन्ति बहु भाणिनं ।
मितभाणम्पि निन्दन्ति, नत्थि लोके अनिन्दितो ॥

पुरानो हो यो अतुल, होइन यो आजकालको ।
घृणा गर्छन् चुपलाग्नेलाई, निन्दा गर्छन् बहुभाषीलाई ।
निन्दा गर्छन् मितभाषीलाई पनि, छैन लोकमा अनिन्दित ॥

२२८/१७/८

न चाहु न च भविस्सति, न चेतरहि विज्जति ।
एकन्तं निन्दितो पोसो, एकन्तं वा पसंसितो ॥

न उहिले थियो न हुनेछ, न अहिले भएको छ ।
एकतर्फी निन्दित व्यक्ति, वा एकतर्फी प्रशंसित ॥

२२९/१७/९

यञ्चे विञ्ञू पसंसन्ति, अनुविच्च सुवे सुवे ।
अच्छिद्द वुत्तिं मेधाविं, पञ्ञा सीलं समाहितं ॥

जसलाई विद्वान प्रशंसा गर्छ, याद गर्छ दिन दिनै ।
अछिद्र वृत्तियुक्त मेधावी, प्रज्ञा शील समाहितलाई ॥

२३०/१७/१०

नेक्खं जम्बोनदस्सेव, को तं निन्दितुमरहति ।
देवापि नं पसंसन्ति, ब्रह्मुनापि पसंसितो ॥

स्वर्णमुद्रा जम्बोनद (मणि) जस्ता, कसले निन्दा गर्न सक्ला ?
देवता पनि प्रशंसा गर्छन्, ब्रह्माद्वारा पनि प्रशंसित ॥

वेलुवन २३१/१७/११ ६ वर्गीय भिक्षुहरू

कायप्पकोपं रक्खेय्य, कायेन संवुतो शिया ।
काय दुच्चरितं हित्वा, कायेन सुचरितं चरे ॥

काय प्रकोपबाट रक्षा गर, कायले संवृत भएर ।
काय दुश्चरित्रलाई त्यागेर, कायले सुचरित्र गर ॥

२३२/१७/१२

वचीपकोपं रक्खेय्य, वाचाय संवुतो सिया।
वचीदुच्चरितं हित्वा, वाचाय सुचरितं चरे॥

वची प्रकोपबाट रक्षा गर, वचनले संवृत भएर।
वची दुश्चरित्र त्यागेर, वचनले सुचरित्र गर॥

२३३/१७/१३

मनोपकोपं रक्खेय्य, मनसा संवुतो सिया।
मनोदुच्चरितं हित्वा, मनसा सुचरितं चरे॥

मनो प्रकोपबाट रक्षा गर, मनले संवृत भएर।
मनो दुश्चरित्रलाई त्यागेर, मनले सुचरित्र गर॥

२३४/१७/१४

कायेन संवुता धीरा, अथो वाचाय संवुता।
मनसा संवुता धीरा, ते वे सुपरि संवुता॥

कायले संवृत धीरहरू, साथै वचनले संवृत।
मनले संवृत धीरहरू, तिनीहरू नै सपरिसंवृत॥

क्रोध वर्ग समाप्त

१८. मलवग्गो

(कसर वर्ग)

जेतवन २३५/१८/१ गोघातकपुत्र

पण्डुपलासो व दानिसि, यमपुरिसापि च तमुपट्ठिता।
उय्योगमुखे च तिट्ठसि, पाठेय्यम्पि च ते न विज्जति॥

पहेंलोपातजस्तै छौ अहिले, यमदुत पनि अगाडि उपस्थित।
उद्योगमुख (मृत्युशैय्या)मा बसेको छौ, पाथेय्य पनि तिम्रो छैन॥

२३६/१८/२

सो करोहि दीपमत्तनो, खिप्पं वायाम पण्डितो भव।
निद्धन्त मलो अनंगणो, दिब्बं अरियभूमिमेहिसि॥

त्यसैले बनाऊ द्वीप आफ्नो, छिट्टै कोशिस गरी विद्वान बन।
मलरहित दोषरहित भएर, दिव्य आर्यभूमिमा पुग्नेछौ॥

२३७/१८/३

उपनीत वयो च दानिसि, सम्पयातोसि यमस्स सन्तिके।
वासोपि च ते नत्थि अन्तरा, पाथेय्यम्पि च ते न विज्जति॥

समाप्त उमेर तिम्रो यहाँ, पुगिसक्यौ यमराजको नगिच।
वास पनि छैन बीच बाटोमा, पाथेय्य पनि तिम्रो छैन॥

२३८/१८/४

सो करोहि दीपमत्तनो, खिप्पं वायाम पण्डितो भव।
निद्धन्तमलो अनंगणो, न पुन जाति जरं उपेसिहि॥

त्यसैले बनाऊ द्वीप आफ्नो, छिट्टै कोशिस गरी विद्वान बन।
मलरहित दोषरहित भएर, फेरि जाति जरा प्राप्त नगर॥

जेतवन २३९/१८/५ एक ब्राह्मण

अनुपुब्बेन मेधावी, थोक थोकं खणे खणे।
कम्मारो रजतस्सेव, निद्धमो मलमत्तनो॥

क्रमानुसार मेधावीले, थोरै थोरै क्षण क्षणमा।
जस्तै सुनारले चाँदीलाई, निखार्नुपर्छ आफ्नो मल॥

२४०/१८/६

अयसाव मलं समुट्ठितं, तदुट्ठाय तमेव खादति ।
एवं अति धोनचारिनं, सक कम्मानि नयन्ति दुग्गतिं ॥

जस्तै फलामको खियाले, फलामलाई नै खान्छ ।
यसरी नै अति घोराचारीलाई, स्वकर्मले दुर्गति पुऱ्याउँछ ॥

जेतवन २४१/१८/७ लालुदायी थेर

असज्झायमला मन्ता, अनुट्ठानमला धरा ।
मलं वण्णस्स कोसज्जं, पमादो रक्खतो मलं ॥

मन्त्रको मैल पाठ नगर्नु, घरको मैल सफा नगर्नु ।
सौन्दर्यको मैल आलश्य हुनु, रक्षाको मैल प्रमाद गर्नु ॥

वेलुवन २४१/१८/८ एक उपासक

मलित्थिया दुच्चरितं, मच्छेर ददतो मलं ।
मल वे पापका धम्मा, अस्मिं लोके परम्हि च ॥

महिलाको मैल दुष्चरित्र हो, दानीको मैल कन्जुसी हो ।
पापधर्म नै मैल हो, यस लोक परलोकमा ॥

२४३/१८/९

ततो मल मलतरं, अविज्जा परमं मलं ।
एतं मलं पहत्वान, निम्मल होथ भिक्खवो ॥

त्यसभन्दा ठूले मैल, अविद्या हो परममैल ।
त्यस मैललाई नाश गरेर, भिक्षुहरू होऊ निर्मल ॥

जेतवन २४४/१८/१० चुल्लसारी

सुजीवं अहिरिकेन, काकसूरेन धंसिना ।
पक्खन्दिना पगब्भेन, संकिलिट्ठेन जीवितं ॥

सुजीविका लज्जाहीनको, हुने धूर्त (पापमा)निडरको ।
अर्काको कुभलो चिताउनेको, संक्लिष्ट भई बाँच्नेको ॥

२४५/१८/११

हिरीमता च दुज्जीवं, निच्चं सुचि गवेसिना ।
अलीनेनप्पगब्भेन, सुद्धाजीवेन पस्सता ॥

कठिन जीविका लज्जावानको, नित्य शुचि खोजि गर्नेको ।
उद्योगी र मितभाषीको, शुद्धाजीव भएर बाँच्नेको ॥

जेतवन २४६/१८/१२ ५०० उपासक

यो पाणमतिपातेति, मुसावादञ्च भासति ।
लोके अदिन्नं आदियति, परदारञ्च गच्छति ॥

जो प्राणीहिंसा गर्दछ, झूठो कुरा बोल्दछ ।
लोकमा चोरी गर्दछ, परस्त्री सेवन गर्दछ ॥

२४७/१८/१३

सुरामेरयपानञ्च, यो नरो अनुयुञ्जति ।
इधेवमेसो लोकस्मिं, मूलं खणति अत्तनो ॥

मादक पदार्थ सेवन गर्नमा, जो मानिस लागिरहन्छ ।
यसै लोकमा उन्नतिको, जरा आफ्नो खन्दछ ॥

२४८/१८/१४

एवम्भो पुरिस जानाहि, पापधम्मा असञ्ञता ।
मा तं लोभो अधम्मो च, चिरं दुक्खाय रन्धयुं ॥

हे पुरुष यसरी जानेर, पापधम्ममा संयमरहित ।
त्यस लोभ अधम्ममा, चिर दुक्खमा राध्ने नगर ॥

जेतवन २४९/१८/१५ तिस्स बालक

ददातिवे यथासद्धं, यथापसादनं जनो ।
तत्थ यो मंकु भावं, वा परेसं पान भोजने ।
न सो दिवा वा रत्तिं वा, समाधिं अधिगच्छति ॥

दिन्छन् दान यथा श्रद्धा, जहाँ प्रशन्न हुन्छन् मानिस ।
त्यहाँ जो नैतिक दुर्बल हुन्छ, वा अर्काको खानपानमा ।
उसले दिन वा रातमा, समाधि प्राप्त गर्न सक्दैन ॥

२५०/१८/१६

यस्स चेतं समुच्छिन्नं, मुलघाच्चं समहतं ।
स वे दिवा वा रत्तिं वा, समाधि अधिगच्छति ॥

जसको चित्त समुच्छिन्न, भएको जडैदेखि विनाश ।
उसले नै दिन वा रातमा, समाधि प्राप्त गर्दछ ॥

जेतवन २५१/१८/१७ पाँचजना उपासक

नत्थि रागसमो अग्गि, नत्थि दोससमो गहो ।
नत्थि मोहसमं जालं, नत्थि तण्हासमा नदी ॥

छैन आगो रागसमान, छैन ग्रह द्वेषसमान ।
छैन जाल मोहसमान, छैन नदी तृष्णासमान ॥

भद्दिया २५२/१८/१८ मेण्डक सेठ

सुदस्सं वज्जं अञ्ञेवं, अत्तनो पन दुद्दसं ।
परेसं हि सो वज्जानि, ओपुणाति यथा भुसं ।
अत्तनो पन छादेति, कलिं व कितवा सठो ॥

देख्न सजिलो दोष अर्काको, आफ्नो भने देख्न गाह्रो ।
अर्काको नै ऊ दोषहरू, छर्दछ जसरी भुसहरू ।
आफ्नो पाप भने छोप्दछ, जसरी शिकारीले शरीर ॥

जेतवन २५३/१८/१९ उज्झानसञ्ञी थेर

परवज्जानुपस्सिस्स, निच्चं उज्झानसञ्ञिनो ।
आसवा तस्स वड्ढन्ति, आरा सो आसवक्खया ॥

अर्काको दोष देख्नेको, नित्य दोषारोपण खोजिहिड्नेको ।
आश्रव उसको बढ्दछ, टाढिन्छ ऊ आश्रवक्षयबाट ॥

कुसीनारा २५४/१८/२० सुभद्र परिब्राजक

आकासे पदं नत्थि, समणो नत्थि बाहिरे ।
पपञ्चा भिरता पजा, निप्पपञ्चा तथागता ॥

छैन पाइला आकाशमा, छैन श्रमण बाहिर ।
जनता अभिरत प्रपञ्चमा, तथागतहरू निष्प्रपञ्च ॥

२५५/१८/२१

आकासे पदं नत्थि, समणो नत्थि बाहिरे ।
संखारा सस्सता नत्थि, नत्थि बुद्धानमिञ्जितं ॥

छैन पाइला आकाशमा, छैन श्रमण बाहिर ।
छैन शाश्वत संस्कार, छैन बुद्धमा चञ्चलता ॥

मल वर्ग समाप्त

१९. धम्मट्ठवग्गो
(न्याय वर्ग)

जेतवन २५६/१९/१ कुनै न्यायाधीश

न तेन होति धम्मट्ठो, येनत्थं सहसा नये ।
यो च अत्थं अनत्थञ्च, उभो निच्छेय्य पण्डितो ॥

त्यसले हुँदैन न्यायाधीश, जहाँ जबरजस्ती अर्थ लगाउँछ ।
जो अर्थ पनि अनर्थ पनि, दुबै निर्णय गर्छ विद्वान ॥

२५७/१९/२

असाहसेन धम्मेन, समेन नयती परे ।
धम्मस्स गुत्तो मेधावी, धम्मट्ठोति पवुच्चति ॥

जबरजस्ती नगरी धर्मले, समले लान्छ अरुलाई ।
धम्मको रक्षा गर्छ मेधावी, न्यायाधीश भनी भनिन्छ ।

जेतवन २५८/१९/३ ६ वर्गीय भिक्षुहरू

न तेन पण्डितो होति, यावता बहु भासति ।
खेमी अवेरी अभयो, पण्डितोति पवुच्चति ॥

मात्रले हुँदैन विद्वान, जहांसम्म धेरै बोल्दैमा ।
क्षमाशील मैत्री भयरहित, विद्वान भनी भनिन्छ ।

जेतवन २५९/१९/४ एकुद्दान थेर

न तावता धम्मधरो, यावता बहु भासति ।
यो च अप्पम्पि सुत्वान, धम्मं कायेन पस्सति ।
स वे धम्मधरो होति, यो धम्मं नप्पमज्जति ॥

तबसम्म हुँदैन धम्मधर, जबसम्म धेरै बोल्दैमा ।
जो थोरै सुनेर पनि, धम्मलाई कायले देख्दछ ।
ऊ नै धम्मधर हुन्छ, जो धम्ममा प्रमादी हुँदैन ।

जेतवन २६०/१९/५ लकुण्टक भद्दिय थेर

तेन थेरो होति, येनस्स पलितं सिरो ।
परिपक्को वयो तस्स, मोघजिण्णोति वुच्चति ॥

न ऊ स्थविर हुन्छ, शीरमा केश फुल्दैमा ।
परिपक्व आयु भए पनि, भनिन्छ उसलाई मूर्ख बूढा ॥

२६१/१९/६

यम्हि सच्चञ्च धम्मो च, अहिंसा सञ्ञमो दमो ।
स वे वन्तमलो धीरो, थेरो इति पवुच्चति ॥

जसमा सत्य धम्म साथै, अहिंसा संयम दम छन् ।
ऊ नै मलरहित धीर, स्थविर भनी भनिन्छ ॥

जेतवन २६२/१९/७ केही भिक्षुहरू

न वाक्करणमत्तेन, वण्णपोक्खरताय वा ।
साधु रूपो नरो होति, इस्सुकी मच्छरी सठो ॥

हुँदैन मात्र वक्ता भएर, वर्ण शौन्दर्यवान हुँदैमा ।
हुँदैमा मानिस साधुरूप, ईर्ष्यालु कञ्जुसी छली ॥

२६३/१९/८

यस्स चेत समुच्छिन्नं, मूलघच्चं समूहतं ।
स वन्तदोसो मेधावी, साधुरूपोति वुच्चति ॥

जसको चित्त समुछिन्न, भएको विनाश जडैदेखि ॥
जो हुन्छ निर्दोषी मेधावी, भनिन्छ साधुरूप भनी ।

जेतवन २६४/१९/९ हत्थक भिक्षु

न मुण्डकेन समणो, अब्बतो अलिकम्भणं ।
इच्छा लोभसमापन्नो, समणो किं भविस्सति ॥

हुँदैन श्रमण मुण्डन गर्दैमा, व्रतरहित भूठावादी ।
इच्छा लोभको वशमा हुने, हुनसक्छ श्रमण कसरी ?

२६५/१९/१०

यो च समेति पापानि, अणुं थूलानि सब्बसो ।
समितत्ताहि पापानं, समणोति पवुच्चति ॥

जसले शमन गर्छ पापहरू, अणु वा स्थूल सबैको ।
शमन गरिसकेको पापहरू, श्रमण भनी भनिन्छ ॥

जेतवन २६६/१९/११ एक ब्राह्मण

न तेन भिक्खु सो होति, यावता भिक्खते परे ।
विस्सं धम्मं समादाय, भिक्खु होति न तावता ॥

न त्यसले ऊ भिक्षु हुन्छ, माग्दैमा अरुसंग जहाँसम्म ।
विषम धम्म ग्रहण गरेसम्म, हुँदैन भिक्षु तबसम्म ॥

२६७/१९/१२

योध पुञ्ञञ्च पापञ्च, वाहेत्वा ब्रह्मचरिय वा।
संखाय लोके चरति, स वे भिक्खू ति वुच्चति॥

जो यहाँ पुण्य र पाप, त्यागेर ब्रह्मचारी भई।
ज्ञानार्थ लोकमा विचरण गर्छ, भनिन्छ भिक्षु उसैलाई॥

जेतवन २६८/१९/१३ **एक तीर्थिय**

न मोनेन मुनी होति, मुल्हरूपो अविद्दसु।
यो च तुलंव पग्गयह, वरमादाय पण्डितो॥

मौनले हुँदैन मुनि, विद्याहीन अविद्वान।
जो तराजुजस्तै पक्रिने, उत्तम विचारक विद्वान॥

२६९/१९/१४

पापानि परिवज्जेति, स मुनी तेन सो मुनी।
यो मुनाति उभो लोके, मुनी तेन पवुच्चति॥

पापहरू परिवर्जित गर्छ, जो शान्त त्यसैले ऊ मुनि।
जो शान्त हुन्छ दुबैलोकमा, भनिन्छ उसलाई मुनि॥

जेतवन २७०/१९/१५ **आर्य बालिसिक**

न तेन अरियो होति, येन पाणानि हिंसति।
अहिंसा सब्बपाणानं, अरियोति पवुच्चति॥

न त्यसले आर्य हुन्छ, जसले प्राणी हिंसा गर्दछ।
अहिंसा सबै प्राणीका, आर्य भनी भनिन्छ॥

जेतवन २७१/१९/१६ **धेरै भिक्षुहरू**

न सीलब्बतमत्तेन, बाहुसच्चेन वा पुन।
अथवा समाधि लाभेन, विविच्च शयनेन वा॥

न शीलव्रत मात्रले, फेरी न बहुश्रुत मात्रले।
अथवा न समाधि लाभले, न एकान्तवासी हुनाले॥

२७२/१९/१७

फुसामि नेक्खम्म सुखं, अपुथुज्जन सेवितं।
भिक्खु विस्सासमापादिं, अप्पत्तो आसवक्खयं॥

प्राप्त गरेको छु नैष्कम्य सुख, पृथकजनले असेवित।
त्यसैले भिक्षु विश्वास नगर, नभएसम्म आश्रवक्षय॥

न्याय वर्ग समाप्त

२०. मग्गवग्गो

(मार्ग वर्ग)

जेतवन २७३/२०/१ ५०० भिक्षुहरू

मग्गानट्ठंगिको सेट्ठो, सच्चानं चतुरो पदा ।
विरागो सेट्ठो धम्मानं, द्विपदानञ्च चक्खुमा ॥

मार्गमा अष्टांगिक श्रेष्ठ, सत्यमा चारआर्य सत्य ।
धर्ममा वैराग्य श्रेष्ठ, मनुष्यमा स्वयम्भू बुद्ध ।

२७४/२०/२

एसोव मग्गो नत्थञ्ञो, दस्सनस्स विसुद्धिया ।
एतम्हि तुम्हे पटिपज्जथ, मारस्से तं पमाहनं ॥

यस्तो मार्ग छैन अन्य, दर्शनको विशुद्धिको लागि ।
यसैमा तिमीहरू प्रतिष्ठित होऊ, यसले मूर्छित गर्छ मारलाई ॥

२७५/२०/३

एतम्हि तुम्हे पटिपन्ना, दुक्खस्सन्तं करिस्सथ ।
अक्खातो वे मया मग्गो, अञ्ञाय सल्लसन्थनं ॥

यसैमा तिमीहरू प्रतिपन्न भएर, पठाऊ दुक्खको अन्त गरेर ।
मैले आख्यात गरेको मार्ग, संसारमा शल्यसमान बुझेर ॥

२७६/२०/४

तुम्हेहि किच्चं आतप्पं, अक्खातारो तथागत ।
पटिप्पन्ना पमोक्खन्ति, झायिनो मारबन्धना ॥

तिमीहरू नै हुनुपर्छ आतप्त, मार्गदर्शक हो तथागत ।
प्रतिष्ठित भएर प्रमोक्ष हुन्छ, ध्यानी मारबन्धनबाट ॥

जेतवन २७७/२०/५ ५०० भिक्षुहरू

सब्बे संखारा अनिच्चाति, यदा पञ्ञाय पस्सति ।
अथ निब्बिन्दति दुक्खे, एस मग्गो विसुद्धिया ॥

सबै संस्कार अनित्य भनी, जब प्रज्ञाले देख्दछ ।
तब मुक्त हुन्छ दुःखमा, यही मार्ग विशुद्धिको ॥

२७८/२०/६

सब्बे संखारा दुक्खाति, यदा पञ्ञाय पस्सति ।
अथ निब्बिन्दति दुक्खे, एस मग्गो विसुद्धिया ॥

सबै संस्कार दुःख भनी, जब प्रज्ञाले देख्दछ ।
तब मुक्त हुन्छ दुःखमा, यही मार्ग विशुद्धिको ॥

२७९/२०/७

सब्बे संखारा अनत्ताति, यदा पञ्ञाय पस्सति ।
अथ निब्बिन्दति दुक्खे, एस मग्गो विसुद्धिया ॥

सबै संस्कार अनात्म भनी, जब प्रज्ञाले देख्दछ ।
तब मुक्त हुन्छ दुःखमा, यही मार्ग विशुद्धिको ॥

जेतवन २८०/२०/८ **ध्यानी तिस्स थेर**

उट्ठान कालम्हि अनुट्ठहनो, युवा बली आलशियं उपेतो ।
संसन्न संकप्पमनो कुसीतो, पञ्ञाय मग्गं अलसो न विन्दति ॥

उद्योग गर्ने कालमा अनुद्योगी हुने, युवावस्थामा आलसी भएर ।
उच्च आंकाक्षाहीन भएर, आलसीले प्रज्ञामार्ग पाउँदैन ॥

वेलुवन २८१/२०/९ **शुकर प्रेत**

वाचानुरक्खी मनसा सुसंवुतो, कायेन च अकुसलं न कयिरा ।
एते तयो कम्मपथे विसोधये, आराधये मग्गं इसिप्पवेदितं ॥

वाचा अनुरिक्षत मन सुसंवृत, कायले पनि नगर्ने अकुशल ।
यसरी तीन कर्मपथ विशोधन गरी, आराधना गर्छ मार्ग ऋषि प्रवेदित ॥

जेतवन २८२/२०/१० **पोट्ठिल थेर**

योगा वे जायति भूरि, आयोगा भूरि संखयो ।
एतं द्वेधापथं ञत्वा, भवाय विभवाय च ।
तथत्तानं निवेसेय्य, यथा भूरि पवड्ढति ॥

योगले जाग्दछ धेरै प्रज्ञा, अयोगले धेरै प्रज्ञा विनाश ।
ती दुई पथलाई जानेर, उन्नति र पतनको पनि ॥
त्यसरी आफूलाई लगाउनु, बढ्दछ धेरै प्रज्ञा जसरी ॥

जेतवन २८३/२०/११ **एक वृद्ध भिक्षु**

वनं छिन्दथ मा रुक्खं, वनतो जायतो भयं ।
छेत्वा वनञ्च वनथञ्च, निब्बाना होथ भिक्खवो ॥

वन (तृष्णा) काट होइन रूख, वनवाट जाग्दछ भय ।
काटेर वन झाडी (कामना) पनि, होऊ भिक्षुहरू निर्वाण ॥

२८४/२०/१२

यावं हि वनथो न छिज्जति, अणुमत्तोपि नरस्स नारिसु ।
पटिबद्धमनो व ताव सो, बच्छो खीरपको व मातरि ॥

जबसम्म कामना छिचोलिदैन, अणु मात्र पनि नारीप्रति नरको ।
प्रतिबद्ध मन भइरहन्छ ऊ, जस्तै आमाको दूध खाने बाच्छो ॥

जेतवन २८५/२०/१३ **सुवर्णकार थेर**

उच्छिन्न सिनेहमत्तनो, कुमुदं सारदिकं व पाणिना ।
सन्ति मग्गमेव ब्रूहय, निब्बानं सुगतेन देसितं ॥

उच्छिन्न गर स्नेह आफ्नो, जस्तै सरदको कमललाई हातले ।
भनिएझैं शान्ति मार्ग, देशित निर्वाण सुगतले ॥

जेतवन २८६/२०/१४ **महाधनी व्यापारी**

इध वस्सं वसिस्सामि, इध हेमन्त गिम्हसु ।
इति बालो विचिन्तेति, अन्तरायं न बुज्झति ॥

यहाँ वर्षावास बस्नेछु, यहाँ हेमन्तमा गृष्ममा ।
भनी मूर्ख विचार गर्छ, बुझ्दैन अन्तरायलाई ॥

जेतवन २८७/२०/१५ **किसागौतमी थेरी**

तं पुत्तपसुसम्मतं, व्यासत्तमनसं नरं ।
सुत्तं गामं महोघो व, मच्चु आदाय गच्छति ॥

ती पुत्र पशु सम्पत्तिमा, आशक्त भएका मानिसलाई ।
मस्त गाउँ जसरी बाढीले, मृत्यु आएर लैजान्छ ॥

जेतवन २८८/२०/१६ **पटाचारा थेरी**

न सन्ति पुत्ता ताणाय, न पिता न पि बन्धवा ।
अन्तकेनाधिपन्नस्स, नत्थि ञातिसु तारणा ॥

न छोराले तार्न सक्छ, न बाबा न बान्धवले ।
मृत्यु आउने बेलामा, सक्दैन तार्न आफन्तले ॥

२८९/२०/१७

एत मत्थव संञत्वा, पण्डितो सील संवुतो ।
निब्बान गमनं मग्गं, खिप्पमेव विसोधये ॥

यसरी अर्थ जानेर, विद्वान शील संवृत ।
निर्वाण गमन मार्गलाई, छिटै गर विशोधन ॥

मार्ग वर्ग समाप्त

२१. पकिण्णकवग्गो

(पकिर्णक वर्ग)

राजगृह २९०/२१/१ गंगारोहण

मत्ता सुख परिच्चागा, पस्से चे विपुलं सुखं।
चजे मत्ता सुखं धीरो, सम्पस्सं विपुलं सुखं॥

थोरै सुख परित्यागेर, यदि आउँछ धेरै सुख।
त्याग थोरै सुख धीर, पाउनलाई धेरै सुख॥

जेतवन २९१/२१/२ एक उपासक

पर दुक्खूपदानेन, अत्तनो सुख मिच्छति।
वेर संसग्ग संसट्ठो, वेरा सो न परिमुच्चति॥

अर्कालाई दुःख दिएर, इच्छा गर्छ आफ्नो सुखको।
वैरी संसर्ग आशक्तिले, हुँदैन मुक्त वैर उसको॥

भद्दियवन २९२/२१/३ भिक्षु भद्दिय

यं हि किच्चं तदपविद्धं, अकिच्चं पन कयिरति।
उन्नलानं पमत्तानं, तेसं वड्ढन्ति आसवा॥

गर्नुपर्ने कृत्य त्यागेर, अकृत्य भने गर्दछ।
अहंकारी प्रमादीहरूको, उनीहरूको बढ्दछन् आश्रव॥

२९३/२१/४

येसञ्च सुसमारद्धा, निच्चं कायगतासति।
अकिच्चं ते न सेवन्ति, किच्चे सातच्च कारिनो।
सतानं सम्पजानानं, अत्थं गच्छति आसवा॥

जसले सुसमारद्ध भएर, नित्य कायगता सतिमा।
अकृत्य उसले सेवन गर्दैन, कृत्यमा लगातार रत॥
स्मृति सम्प्रजन्ययुक्तको, आश्रवहरू हुन्छन् विनाश।

जेतवन २९४/२१/५ लकुण्टक भद्दिय थेर

मातरं पितरं हन्त्वा, राजानो द्वेच खत्तिये।
रट्ठं सानुचरं हन्त्वा, अनीघो याति ब्राह्मणो॥

आमा (तृष्णा) बाबा (अहंकार) मारेर, दुई क्षेत्रिय राजा (शाश्वत र उच्छेददृष्टि)।
अनुचर (विषयासक्ति)सहितलाई मारेर, पापरहित भएर जान्छन् ब्राह्मण॥

२९५/२१/६

मातरं पितरं हन्त्वा, राजानो द्वेच खतिये ।
वेय्यग्ध पञ्चमं हन्त्वा, अनीघो याति ब्राह्मणो ॥

आमा बाबा मारेर, दुई क्षेत्रिय राजासहित ।
पाँच बाघ (नीवरण)लाई मारेर, बाधारहित भई हिंड्छ ब्राह्मण ॥

वेलुवन २९६/२१/७ **दारुसाकटिकपुत्र**

सुप्पबुद्धं पबुज्झन्ति, सदा गोतम सावका ।
येसं दिवा च रत्तो च, निच्चं बुद्धगतासति ॥

सुप्रबुद्ध जागृत हुन्छन्, सदा गौतम श्रावकहरू ॥
जसले दिनमा र रातमा, गर्छन् नित्य बुद्धगुण स्मृति ॥

२९७/२१/८

सुप्पबुद्ध पबुज्झन्ति, सदा गोतम सावका ।
येसं दिवा च रत्तो च, निच्चं धम्मगतासति ॥

सुप्रबुद्ध जागृत हुन्छन्, सदा गौतम श्रावकहरू ।
जसले दिनमा र रातमा, गर्छन् नित्य धम्मगुण स्मृति ॥

२९८/२१/९

सुप्पबुद्धं पबुज्झन्ति सदा गोतम सावका ।
येसं दिवा च रत्तो च निच्चं संघगतासति ॥

सुप्रबुद्ध जागृत हुन्छन्, सदा गौतम श्रावकहरू ।
जसले दिनमा र रातमा, गर्छन् नित्य संघगुण स्मृति ॥

२९९/२१/१०

सुप्पबुद्धं पबुज्झन्ति, सदा गोतम सावका ।
येसं दिवा च रत्तो च, निच्चं कायगतासति ॥

सुप्रबुद्ध जागृत हुन्छन्, सदा गौतम श्रावकहरू ।
जसले दिनमा र रातमा, गर्छन् नित्य कायगता स्मृति ॥

३००/२१/११

सुप्पबुद्धं पबुज्झन्ति, सदा गोतम सावका ।
येसं दिवा च रत्तो च, अहिंसाय रतो मनो ॥

सुप्रबुद्ध जागृत हुन्छन्, सदा गौतम श्रावकहरू ।
जसले दिनमा र रातमा, गर्छन् अहिंसामा रत मन ॥

३०१/२१/१२

सुप्पबुद्धं पबुज्झन्ति, सदा गोतम सावका ।
येसं दिवा च रत्तो च, भावनाय रतो मनो ॥

सुप्रबुद्ध जागृत हुन्छन्, सदा गौतम श्रावकहरू ।
जसले दिनमा र रातमा, गर्छन् भावनामा रत मन ॥

महावन ३०२/२१/१३ **वज्जीपुत्र भिक्षु**

दुप्पब्बज्जं दुरभिरमं, दुरावासा घरा दुक्खा ।
दुक्खोसमान संवासो, दुक्खानुपतितद्धगू ।
तस्मा न चद्धगु सिया, दुक्खानुपतितो सिया ॥

गलत प्रव्रज्या गलत अभिरमण, गलत आवास घर दुक्ख ।
असमान संवास दुःख, दुक्ख प्रभावित जीवनयात्रा ॥
त्यसैले पनि यात्रा नगर, दुक्ख प्रभावित नहोऊ ॥

जेतवन ३०३/२१/१४ **चित्त गृहपति**

सद्धो सीलेन सम्पन्नो, यसो भोग समप्पितो ।
यं यं पदेसं भजति, तत्थ तत्थेव पूजितो ॥

श्रद्धावान शीलले सम्पन्न, यश भोग समर्पित ।
जुनजुन प्रदेशमा जान्छ, त्यहाँत्यहाँ हुन्छ पूजित ॥

३०४/२१/१५

दूरेसन्तो पकासेन्ति, हिमवन्तोव पब्बतो ।
असन्तेत्थ न दिस्सन्ति, रत्तिं खित्ता यथा सरा ॥

टाढैबाट सन्त प्रकाशित हुन्छ, जस्तै हिमालय पर्वत ।
असन्त यहाँ देखिँदैन, जस्तै राति हानेको तीर ॥

जेतवन ३०५/२१/१६ **एक थेर**

एकासनं एकसेय्यं, एको चर मतन्दितो ।
एको दमयमत्तानं, वनन्ते रमतो शिया ॥

गर्ने एक आशन एक शैय्या, एक्लै विचरण आलश्यरहित ।
एक्लै दमन गर्ने आफूलाई, रमाउँछ वनमा आनन्दपूर्वक ॥

प्रकिर्णक वर्ग समाप्त

२२. निरयवग्गो

(नरक वर्ग)

जेतवन ३०६/२२/१ सुन्दरी परिब्राजिका

अभूतवादी निरयं उपेति, यो चापि कत्वा न करोमीति चाह।
एभोपि ते पेच्च समा भवन्ति, निहीनकम्मा मनुजा परत्थ॥

जन्मिन्छ असत्यवादी नरकमा, जो गरेर पनि गरिनं भन्ने।
दुबै लोकमा समान हुन्छन्, मानिसहरू नीचकाम गर्ने॥

वेलुवन ३०७/२२/२ एक उपासक

कासावकण्डा बहवो, पापधम्मा असञ्ञता।
पापा पापेहि कम्मेहि, निरयं ते उपपज्जरे॥

घाँटीमा काषाय वहन गर्ने, पापधर्मी असंयमित।
पापी पाप कर्मले नै, नरकमा ती हुन्छन् उत्पन्न॥

वैशाली ३०८/२२/३ वग्गमुदातीरवासी भिक्षु

सेय्यो अयोगुलो भत्तो, तत्तो अग्गिसिखूपमो।
यञ्चे भुञ्जेय्य दुस्सीलो, रट्ठपिण्डं असञ्ञतो॥

बेश फलाम गोला खानु, तातिएको अग्निशिखासमान।
यो जुन खान्छ दुःशीलले, राष्ट्रपिण्डलाई असंयमीले॥

जेतवन ३०९/२२/४ क्षेम गृहपति

चत्तारि ठानानि नरो पमत्ता, आपज्जति परदारूपसेवी।
अपुञ्ञलाभं न निकामसेय्यं, निन्दं ततीयं निरयं चतुत्थं॥

चार गति प्राप्त गर्छ, नर प्रमादी परस्त्रीसेवीले।
अपुण्यलाभ अशान्त निद्रा, तेश्रो निन्दा चौथो नरक॥

३१०/२२/५

अपुञ्ञलाभो च गती च पापिका, भीतस्स भीताय रती च थोकिका।
राजा च दण्डं गरुकं पणेति, तस्मा नरो परदारं न सेवे॥

अपुण्यलाभीको गति पापक, डरपोक हुने रतिसुख थोरै।
पाउँछ ठूलो राजदण्ड, सेवन नगर परस्त्री नर त्यसैले॥

जेतवन ३११/२२/६ कटुभाषी भिक्षु

कुसो यथा दुग्गहितो, हत्थमेवानुकन्तति ।
सामञ्ञं दुप्परामत्थं, निरयायुप कड्ढति ॥

जसरी कुशलाई ठीक नसमात्दा, हातमा घाउ लाग्दछ ।
श्रमणत्व ठीक पालन नगरे, नरकमा जानुपर्दछ ॥

३१२/२२/७

यं किञ्चि सिथिलं कम्मं, संकिलिट्ठञ्च यं वतं ।
संकस्सरं ब्रह्मचरियं, न तं होति महप्फलं ॥

जुन कुनै शिथिल कर्म, संक्लिष्टयुक्त जुन व्रत ।
मिश्रित ब्रह्मचर्यले, हुँदैन त्यसको महाफल ॥

३१३/२२/८

कयिरा चे कयिराथेतं, दल्हमेतं परक्कमे ।
सिथिलोहि परिब्बाजो, भिय्यो आकिरते रजं ॥

गर्नुपर्ने गर त्यसलाई, दृढ भएर पराक्रमले ।
शिथिल भएको परिव्राजकले, फैलाउँछ धूलो (चित्तमल)लाई ॥

जेतवन ३१४/२२/९ एक उपासिका

अकतं दुक्कतं सेय्यो, पच्छा तपति दुक्कतं ।
कतञ्च सुकतं सेय्यो, यं कत्वा नानुतप्पति ॥

दुष्कृत्य नगर्नु राम्रो, दुष्कृत्यले हुन्छ पछि ताप ।
गरेको राम्रो सुकृत्य, जुन गर्नाले हुँदैन ताप ॥

जेतवन ३१५/२२/१० धेरै भिक्षुहरू

नगरं यथा पच्चन्तं, गुत्तं सन्तर बाहिरं ।
एवं गोपेथ अत्तानं, खणो वे मा उपच्चगा ।
खणातीता हि सोचन्ति, निरयम्हि समप्पिता ॥

जसरी दुर्गम क्षेत्रको नगर, हुन्छ सुरक्षित भित्र बाहिर ।
त्यसरी नै रक्षा गर आफूलाई, एकक्षण पनि खेर नफाल ।
क्षण बितेपछि शोक गर्छन्, नरकमा समर्पित भएर ॥

जेतवन ३१६/२२/११ एक जैन साधु

अलज्जिताये लज्जन्ति, लज्जिताये न लज्जरे ।
मिच्छादिट्ठि समादाना, सत्ता गच्छन्ति दुग्गतिं ॥

अलज्जामा मान्छ लाज, लज्जामा मान्दैन लाज ।
मिथ्या धारणा ग्रहण गर्ने, सत्वहरू जान्छन् दुर्गति ॥

३१७/२२/१२

अभये च भयदस्सिनो, भये चा अभयदस्सिनो ।
मिच्छादिट्ठि समादाना, सत्ता गच्छन्ति दुग्गतिं ॥

अभयमा भयदर्शी भएर, भयमा भएर अभयदर्शी ।
मिथ्या धारणा ग्रहण गर्ने, सत्वहरू जान्छन् दुर्गति ॥

जेतवन ३१८/२२/१३ **तीर्थिय श्रावक**

अवज्जे वज्जमतिनो, वज्जे चा वज्जदस्सिनो ।
मिच्छादिट्ठि समादाना, सत्ता गच्छन्ति दुग्गतिं ॥

निर्दोषमा दोष देख्ने, भएर दोषमा निर्दोषदर्शी ।
मिथ्या धारण ग्रहण गर्ने, सत्वहरू जान्छन् दुर्गति ॥

३१९/२२/१४

वज्जञ्च वज्जतो ञत्वा, अवज्जञ्च अवज्जतो ।
सम्मादिट्ठि समादाना, सत्ता गच्छन्ति सुग्गतिं ॥

दोषलाई दोष नै देखेर, निर्दोषलाई निर्दोष नै ।
सम्यक् धारणा ग्रहण गर्ने, सत्व जान्छन् सुगति ॥

नरक वर्ग समाप्त

२३. नागवग्गो

(हात्ती, महापुरुष वर्ग)

जेतवन ३२०/२३/१ आनन्द थेर

अहं नागो व संगामे, चापातो पतितं सरं ।
अतिवाक्यं तितिक्खिस्सं, दुस्सीलोहि बहुज्जनो ॥

संग्राममा फ्यालेको तीर, हात्तीले सहेझैं मैले ।
कटुवाक्य सहन गरें, दुःशील भएका बहुजनको ॥

३२१/२३/२

दन्तं नयन्ति समितिं, दन्तं राजाभिरुहति ।
दन्तो सेट्ठो मनुस्सेसु, योतिवाक्यं तितिक्खति ।

दान्त हात्ती युद्धमा लैजान्छ, दान्त हात्तीमा राजा चढ्छ ।
दान्त व्यक्ति मानिसमा श्रेष्ठ, जो कटुवाक्य सहन गर्छ ॥

३२२/२३/३

वरमस्सतरा दन्ता, आजानीय्या च सिन्धवा ।
कुञ्जरा च महानागा, अत्तदन्तो ततो वरं ॥

श्रेष्ठोत्तर घोडा हात्ती, सिन्धुदेशको आजानीय ।
कुञ्जर र महाहात्तीभन्दा, आत्मदान्त हुन्छ उत्तम ॥

जेतवन ३२३/२३/४ पूर्वमाहुते भिक्षु

न हि एतेहि यानेहि, गच्छेय्य अगतं दिसं ।
यथात्तना सुदन्तेन, दन्तो दन्तेन गच्छति ॥

न त्यसतर्फ यानबाट, जानसक्छ नगएको दिशातिर ।
जसरी आफूलाई दमन गरेर, जान्छ संयमी संयम गरेर ॥

जेतवन ३२४/२३/५ एक ब्राह्मणपुत्र

धनपालको नाम कुञ्जरो, कटुकप्पभेदनो दुन्निवारयो ।
बद्धो कवलं न भुञ्जति, सुमरति नागवनस्स कुञ्जरो ॥

धनपालक नाम कुञ्जर, गर्ने शैन्यलाई दुर्निवारण ।
बन्धित हुँदा खाना खाँदैन; सुमिरण गर्दै सुन्दर वन ॥

जेतवन ३२५/२३/६ प्रसेनजित राजा

मिद्धी यदा होति महग्गसो च, निद्दायिता सम्परिवत्तसायी ।
महावराहोव निवापपुट्ठे, पुनप्पुनं गब्भमुपेति मन्दो ॥

आलसी जब हुन्छ खन्चुवा, निद्रालु सुत्ने पल्टीपल्टी ।
महासुंगुरजस्तै मोटाएर, आउँछ गर्भमा फेरिफेरि ॥

जेतवन ३२६/२३/७ सानु श्रामणेर

इदं पुरे चित्तमचारि चारिकं, येनिच्छकं यत्थकामं यथासुखं ।
तदज्जहं निग्गहेस्सामि योनिसो, हत्थिप्पभिन्नं विय अंकुसग्ग हो ॥

यहाँ पहिले चित्त भाग्थ्यो, स्वेच्छाले जहाँ राग छ जहाँ सुख ।
अब आफैलाई निग्रह गर्छु विवेकले, गरेभैं माहुतेले हात्ती दमन ॥

जेतवन ३२७/२३/८ पारिलेय्यक हात्ती

अप्पमादरता होथ, सचित्तमनुरक्खथ ।
दुग्गा उद्धरथत्तानं, पंके सत्तोव कुञ्जरो ॥

अप्रमादमामा रत होऊ, अनुरक्षा गर चित्त आफ्नो ।
दुर्ग उद्धार गर्नु आफूलाई, दलदलमा परेको हात्तीजस्तै ॥

पारिलेयक वन ३२८/२३/९ केही भिक्षुहरू

सचे लभेथ निपकं सहायं, सद्धिं चरं साधुविहारि धीरं ।
अभिभुय्य सब्बानि परिस्सयानि, चरेय्य तेनत्तमनो सतीमा ॥

यदि लाभ भए बुद्धिवान साथी, धीरसंग गर्न साधुविहार ।
हट्छन् सबै परिश्रयहरू, संगत गर त्यस्ताको सचेत भएर ॥

३२९/२३/१०

नो चे लभेय निपकं सहायं, सद्धिं चरं साधुविहारि धीरं ।
राजाव रट्ठं विजितं पहाय, एको चरे मातंगरञ्ञेव नागो ॥

यदि लाभ नभए बुद्धिवान साथी, धीरसंग गर्न साधुविहार ।
पराजित राजाले राष्ट्र छोडेभैं, मातंग अरण्यहात्तीजस्तै एक्लै हिंड ॥

३३०/२३/११

एकस्स चरितं सेय्यो, नत्थि बाले सहायता ।
एको चरे, न च पापानि कयिरा ।
अप्पोस्सुक्को, मातंगरञ्ञो व नागो ॥

एकलै विचरण गर्नु श्रेष्ठ, छैन् सहायता मूर्खबाट ।
एकलै विचरण गर्नु, नगर्नु कहिल्यै पापहरू ॥
संयमी भएर मातंग, अरण्य हात्तीजस्तै ॥

अत्थम्हि जातम्हि सुखा सहाया, तुट्ठी सुखा या इतरीतरेन ।
पुञ्ञं सुखं जीवित संखयम्हि, सब्बस्स दुक्खस्स सुखं पहानं ॥

काम पर्दा सहयोग पाउनु सुख, जे मिल्यो त्यसमा सन्तुष्ट सुख ।
मृत्युपछि पाउने पुण्य सुख, दुक्खको प्रहाण सबैभन्दा सुख ॥

३३२/२३/१३

सुखा मत्तेय्यता लोके, अथो पेत्तेय्यता सुखा ।
सुखा सामञ्ञता लोके, अथो ब्रह्माञ्ञता सुखा ॥

सुख आमाको सेवा लोकमा, त्यसरी नै बाबाको सेवा सुख ।
सुख श्रमणभाव लोकमा, त्यसरी नै ब्रह्मभाव सुख ॥

३३३/२३/१४

सुखं याव जरा सिलं, सुखा सद्धा पतिट्ठिता ।
सुखा पञ्ञाय पटिलाभो, पापानं अकरणं सुखं ॥

वृद्धावस्थासम्म शील सुख, श्रद्धामा प्रतिष्ठित हुनु सुख ।
सुख प्रज्ञाको प्रतिलाभ, पापहरूको अकरण सुख ॥

हात्ती, महापुरुष वर्ग समाप्त

२४. तण्हावग्गो

(तृष्णा वर्ग)

जेतवन ३३४/२४/१ कपिल माछा

मनुजस्स पमत्तचारिनो, तण्हा वड्ढति मालुवा विय ।
सो प्लवति हुराहुरं, फलमिच्छेव वनस्मिं वानरो ॥

मानिसं प्रमादीचारीकों, तृष्णा बढ्छ मालुवाजस्तै ।
ऊ फुल्दछ लोक परलोकमा, वनमा बाँदरको फलेच्छाजस्तै ॥

३३५/२४/२

यं एसा सहती जम्मी, तण्हा लोके विसत्तिका ।
सोका तस्स पवड्ढन्ति, अभिवड्ढव वीरणं ॥

जसले पक्रेर राख्दछ, लोकमा तृष्णाको विषलाई ।
शोक उसको बढ्दछ, बढ्दछ जस्तै वीरण (घाँस) ॥

३३६/२४/३

यो चेतं सहते जम्मी, तण्हं लोके दुरच्चयं ।
सोका तण्हा पपतन्ति, उदविन्दू व पोक्खरा ॥

जसले पक्रेर राख्दैन, त्याज्य तृष्णालाई लोकमा ।
शोक उसको भर्दछ, जस्तै कमलबाट पानीथोपा ॥

३३७/२४/४

तं वो वदामि भद्दं, वो यावन्तेत्थ समागता ।
तण्हाय मूलं खणथ, उसीरत्थोव वीरणं ।
मा वो नलांव सोताव, मारो भञ्जि पुनप्पुनं ।

त्यसैले भन्दछु कल्याण, यहाँ जम्मा भएका तिमीहरूलाई ।
तृष्णाको जरा खन, उखेलेभैं वीरण घाँसलाई ।
जस्तै बाँसलाई पानीधारले, मारले दिँदैन दुक्ख फेरिफेरि ॥

जेतवन ३३८/२४/५ सुंगुरको पाठी

यथापि मूले अनुपद्दवे दल्हे, छिन्नो पि रुक्खो पुनरेव रुहति ।
एवम्पि तण्हानुसे अनुहते, निब्बत्तति दुक्खमिदं पुनप्पुनं ॥

जसरी जरा राम्ररी न उखालेर, काटिएको रुख फेरि उम्रिन्छ ।
त्यसरी तृष्णा नाश नभएसम्म, दुःख फेरि उत्पन्न हुन्छ ॥

३३९/२४/६

यस्स छत्तिंसति सोता, मनापस्सवना भुसा।
वाहा वहन्ति दुद्दट्ठिं, संकप्पा रागनिस्सिता॥

जसको छत्तिस श्रोत(इन्द्रिय)हरू, मन प्रशन्नमा प्रवाहित भएर।
बहाउँछ उसलाई दुर्दुष्टतिर, भई संकल्प रागनिश्रित॥

३४०/२४/७

सबन्ति सब्बधी सोता, लता उब्भिज्ज तिट्ठति।
तञ्च दिस्वा लतं जातं, मूलं पञ्ञाय छिन्दथ॥

बहन्छ चारैतिर श्रोतहरू, हाँगा जताततै अल्झिएको छ।
त्यसलाई देखेर हांगाविंगा, जरासमेत प्रज्ञाले काट॥

३४१/२४/८

सरितानि सिनेहितानि च, सोमनस्सानि भवन्ति जन्तुनो।
तं सातसिता सुखेसिनो, तं वे जातिजरूपगा नरा॥

नदी(तृष्णा)हरू स्नेहयुक्त छन्, प्राणीलाई सौमनश्य हुन्छन्।
ती धारमा परेका सुखकामीहरू, जन्म मरणमा नरहरू पर्छन्॥

३४२/२४/९

तसिणाय पुरक्खता पजा, परिसप्पन्ति ससो व बन्धितो।
संयोजन संगसत्ता, दुक्खमुपेन्ति पुनप्पुनं चिराय॥

तृष्णामा बाँधिएका प्राणी, फनफन् घुम्ने बन्धित खरायोजस्तै।
संयोजनमा फसेका सत्वहरू, पर्छन् दुःखमा फेरिफेरि चिरसम्म।

३४३/२४/१०

तसिणाय पुरक्खता पजा, परिसप्पन्ति ससो व बन्धितो।
तस्मा तसिणं विनोदये, भिक्खु आकंखी विरागमत्तनो॥

तृष्णामा बाँधिएका प्राणी, फनफन् घुम्ने बन्धित खरायोजस्तै।
त्यसैले तृष्णा निरोध गर्न, भिक्षु बन आकांक्षी विराग आफ्नो॥

वेलुवन ३४४/२४/११ **विभ्रान्तक भिक्षु**

यो निब्बनथो वनाधिमुत्तो, वनमुत्तो वनमेव धावति।
तं पुग्गलमेव पस्सथ, मुत्तो बन्धनमेथ धावति॥

जो तृष्णायुक्त बनी अधिमुक्त, वनमुक्त वनमा नै दौडिन्छ।
हेर त्यस पुरुषजस्तै, मुक्त फेरि बन्धनमा नै दौडन्छ॥

३४५/२४/१२

न तं दल्हं बन्धनमाहु धीरा, यदा यसं दारुजं बब्बजञ्च ।

सारत्तरत्ता मणिकुण्डलेसु, पुत्तेसु दारेसु च या अपेक्खा ॥

भन्दैन धीरले दृढ बन्धन, फलाम काठ डोरीको बन्धन् ।

आशक्त रत मणि कुण्डलमा, छोरा स्वास्नीमा अपेक्षा छ जुन ॥

३४६/२४/१३

एतं दल्हं बन्धनमाहु धीरा, आहारिनं सिथिलं दुप्पमुञ्चं ।

एतम्पि छेत्वान परिब्बजन्ति, अनपेक्खिनो कामसुखं पहाय ॥

भन्छ यसलाई दृढबन्धन धीरले, अधोगति शिथिल दुत्याज्य ।

यो पनि तोडी प्रव्रजित हुन्छन्, अनपेक्षीले प्रहाणगरी कामसुख ॥

वेलुवन ३४७/२४/१४ **खेमा महारानी**

ये रागरत्तानुपतन्ति सोतं, शयं कतं मक्कटको व जालं ।

एतम्पि छेत्वान वजन्ति धीरा, अनपेक्खिनो सब्बदुक्खं पहायाति ॥

जो रागलिप्त तृष्णामा फस्छ, माकुरा आफ्नै जालमा फसेझैं ।

यो पनि तोड्छ धीरले, अनपेक्षित भई सारा दुःख प्रहाण ॥

वेलुवन ३४८/२४/१५ **उग्ग गृहपति**

मुञ्च पुरे मुञ्च पच्छतो, मज्झे मुञ्च भवस्स पारगू ।

सब्बत्थ विमुत्त मानसो, न पुन जात जरं उपेहिसि ॥

छोड अगाडि छोड पछाडिको, छोड मध्यमा भवको आशक्ति ।

सर्वत्र विमुक्त चित्तलाई, जाति मरण हुनुपर्दैन फेरि ॥

जेतवन ३४९/२४/१६ **चुल्ल धनुग्गह पण्डित**

वितक्कपमथितस्स जन्तुनो, तिब्बरागस्स सुभानुपस्सिनो ।

भिय्यो तण्हा पवड्ढति, एस खो दल्हं करोति बन्धनं ॥

वितर्क अधिन भएको मानिसको, तीव्ररागको शुभ अनुपस्सी ।

अत्यधिक तृष्णा बढ्दछ, यसले गराउँछ दृढ बन्धन ॥

३५०/२४/१७

वितक्कूपसमे च यो रत्तो, असुभं भावयति सदा सतो ।

एस खो व्यन्ति काहिनि, एस छेज्जति मारबन्धनं ॥

वितर्क उपशममा जो रत, स्मृतिले सदा अशुभ भावित गर्छ ।

जन्म मरणबाट मुक्त भएर, यसले मार बन्धनलाई चुढाउँछ ॥

जेतवन ३५१/२४/१८ मार

निट्ठंगतो असन्तासी, वीततण्हो अनंगणो।
अच्छिन्दि भव सल्लानि, अन्तिमोयं समुस्सयो॥

कर्तव्यपूर्ण असन्त्रासी, तृष्णारहित क्लेशरहित।
टुक्राइसकेको भव शल्यहरू, अन्तिम देहधारी भनिन्छ॥

३५२/२४/१९

वीततण्हो अनादानो, निरुत्तिपद कोविदो।
अक्खरानं सन्निपातं, जञ्ञा पुब्बपरानि च।
स वे अन्तिम सारीरो, पहापञ्ञो महापुरिसोति वुच्चति॥

तृष्णारहित वन्धनयुक्त, निरूक्ति पद कोविद (ज्ञानी)।
अक्षरहरूका सन्निपात, जानेर अगाडि पछाडि॥
ऊ नै अन्तिम शरीरधारी, भनिन्छ महाप्रज्ञा महापुरुष भनी॥

वाराणसी गयाबीच ३५३/२४/२० उपक आजीवक

सब्बाभिभू सब्ब विदूहमस्मि, सब्बेसु धम्मेसु अनूपलित्तो।
सब्बञ्जूहो तणहक्खये विमुत्तो, शयं अभिञ्ञाय कमुद्दिसेय्यं॥

सर्वअभिभू सर्वविज्ञ छुं, सर्वधर्ममा अनुपलिप्त।
सर्वज्ञा तृष्णाक्षय विमुक्त, कसलाई अभिज्ञाको लागि देखाउँ॥

जेतवन ३५४/२४/२१ शक्र देवराज

सब्बदानं धम्मदानं जीनाति, सब्बं रसं धम्मरसो जीनाति।
सब्बं रतिं धम्मरति जीनाति, तणहक्खयो सब्बदुक्खं जीनाति॥

सबै दानलाई धम्मदानले जित्छ, सबै रसलाई धम्मरसले जित्छ।
सबै सुखलाई धम्मसुखले जित्छ, सबै दुःखलाई तृष्णाक्षयले जित्छ॥

जेतवन ३५५/२४/२२ अपुत्रक गृहपति

हनन्ति भोगा दुम्मेधं, नो चे पारगवेसिनो।
भोगतणहाय दुम्मेधो, हन्ति अञ्ञेव अत्तनं॥

नाशिन्छ भोगले मूर्ख, पार गवेषण नगर्ने।
भोगतृष्णाले मूर्ख, अरूजस्तै नाश गर्छ आफ्नो॥

पण्डुकमल शिल ३५६/२४/२३ अंकुर देवपुत्र

तिणदोसानि खेत्तानि, राग दोसा अयं पजा।
तस्मा हि वीतरागेसु, दिन्नं होति महप्फलं॥

घाँस दोष हो खेतको, राग दोष हो प्रजाको।
त्यसैले नै वीतरागीलाई, महाफल हुन्छ दिएको॥

तिणदोसानि खेत्तानि, दोस दोसा अयं पजा ।
तस्मा हि वीतदोसेसु, दिन्नं होति महप्फलं ॥

घाँस दोष हो खेतको, क्रोध दोष हो प्रजाको ।
त्यसैले नै द्वेषरहितलाई, महाफल हुन्छ दिएको ॥

३५८/२४/२५

तिणदोसानि खेत्तानि, मोहो दोसा अयं पजा ।
तस्मा हि वीतमाहेसु, दिन्नं होति महप्फलं ॥

घाँसको दोष हो खेतको, मोह दोष हो प्रजाको ।
त्यसैले नै इच्छारहितलाई, महाफल हुन्छ दिएको ॥

३५९/२४/२६

तिणदोसानि खेत्तानि, इच्छा दोसा अयं पजा ।
तस्मा हि विगतिच्छेसु, दिन्नं होति महप्फलं ॥

घाँसको दोष हो खेतको, इच्छा दोष हो प्रजाको ।
त्यसैले इच्छरहितलाई, महाफल हुन्छ दिएको ॥

तृष्णा वर्ग समाप्त

२५. भिक्खुवग्गो

(भिक्षु वर्ग)

जेतवन **३६०/२५/१** **५ जना भिक्षु**

चक्खुना संवरो साधु, साधु सोतेन संवरो ।
घाणेन संवरो साधु, साधु जिह्वाय संवरो ॥

आँखाको संयम राम्रो, राम्रो कानको संयम ।
नाकको संयम राम्रो, राम्रो जिब्रोको संयम ॥

३६१/२५/२

कायेन संवरो साधु, साधु वाचाय संवरो ।
मनसा संवरो साधु, साधु सब्बत्थ संवरो ।
सब्बत्थ संवुतो भिक्खु, सब्बदुक्खा पमुच्चति ॥

शरीरको संयम राम्रो, राम्रो वचनको संयम ।
मनको संयम राम्रो, राम्रो सर्वत्र संयम ।
सर्वत्र संयमित भिक्षुको, सबै दुक्ख प्रविमुक्त हुन्छ ।

जेतवन **३६२/२५/३** **हंसधातक भिक्षु**

हत्थ सञ्ञातो पाद सञ्ञातो, वाचाय सञ्ञातो सञ्ञातुत्तमो ।
अज्झत्तरतो समाहितो, एको सन्तुसितो तमाहु भिक्खू ॥

हस्त संयमित पाद संयमित, वचनमा संयमित उत्तमसंयमी ।
अध्यात्ममा समाहित सन्तुष्ट, एकान्तवासीलाई भिक्षु भनिन्छ ॥

जेतवन **३६३/२५/४** **कोकालिक भिक्षु**

यो मुखसञ्ञतो भिक्खु, मत्तभाणी अनुद्धतो ।
अत्थं धम्मञ्च दीपेति, मधुरं तस्स भासितं ॥

जो मुख संयमी भिक्षु, मात्रा भाणी अचञ्चल ।
अर्थ धर्मको प्रकाश गर्छ, मधुर उसको भाषित ॥

जेतवन **३६४/२५/५** **धम्माराम थेर**

धम्मारामो धम्मरतो, धम्मं अनुविचिन्तयं ।
धम्मं अनुस्सरं भिक्खु, सद्धम्मा न परिहायति ॥

धम्ममा रमाउने धम्ममा रत, धम्मको अनुविचिन्तक ।
धम्म अनुस्मरण गर्ने भिक्षु, सद्धर्मबाट परिहानि हुँदैन ।

वेलुवन ३६५/२५/६ विपक्षी भिक्षु

सलाभं नातिमञ्ञेय्य, नाञ्ञोसं पिहयं चरे ।

अञ्ञेसं पिहयं भिक्खु, समाधिं नाधि गच्छति ॥

सलाभलाई कम नसम्झ, अरुकोमा ईर्ष्या नगर ।

अरुको इर्ष्या गर्ने भिक्षु, गर्न सक्दैन समाधि लाभ ॥

३६६/२५/७

अप्पलाभोपि चे भिक्खु, सलाभं नाति मञ्ञति ।

तं वे देवा पसंसन्ति, सुद्धाजीवं अतन्दितं ॥

अल्पलाभमा पनि भिक्षु, सलाभलाई तुच्छ ठान्दैन ।

उसलाई देवताले प्रशंसा गर्छ, शुद्धआजीव आलश्यरहितलाई ॥

जेतवन ३६७/२५/८ एक ब्राह्मण

सब्बसो नामरूपस्मिं, यस्स नत्थि ममायितं ।

असता च न सोचति, स वे भिक्खूति वुच्चति ॥

सबै भएका नाम रूपमा, जसको छैन ममता ।

अभावमा पनि शोक गर्दैन, उसलाई भिक्षु भनी भनिन्छ ॥

जेतवन ३६८/२५/९ धेरै भिक्षुहरू

मेत्ता विहारो यो भिक्खु, पसन्नो बुद्धसासने ।

अधिगच्छे पदं सन्तं, संखारूपसमं सुख ॥

मैत्री विहार गर भिक्षु, प्रसन्न भएर बुद्धशासनमा ।

प्राप्त गर शान्तिपद, संस्कार उपशम सुख ॥

३६९/२५/१०

सिञ्च भिक्खु इमं नावं, सित्ता ते लहुमेस्सति ।

छेत्वा रागञ्च दोसञ्च, ततो निब्बानमेहिसि ।

फ्याल भिक्षु नाउको पानी(मिथ्यादृष्टि)लाई, फ्यालेमा त्यो हलुका हुन्छ ।

चुँडाएर राग र द्वेषलाई, त्यसपछि निर्वाण प्राप्त गर ॥

३७०/२५/११

पञ्च छिन्दे पञ्च जहे, पञ्चुत्तरिय भावये ।

पञ्च संगातिको भिक्खू, ओघातिण्णो ति वुच्चति ॥

पाँच(संयोजन) भाँचेर पाँच त्यागेर, पञ्च (इन्द्रिय)उत्तर भावना गर ।

पाँच संयोजन मुक्त भिक्षु, बाढी (क्लेश) उत्तीर्ण भनिन्छ ॥

३७१/२५/१२

झाय भिक्खु मा च पमादो, मा ते कामगुणे भमस्सु चित्तं ।
मा लोहगुलं गिली पमत्तो, मा कन्दि दुक्खमिदन्ति डय्हमानो ॥

ध्यान गर भिक्षु प्रमाद नगर, कामगुणमा चित्त भ्रमण नगर ।
प्रमादी भई तातोफलम नखाऊ, हुनु नपरोस् विलाप गर्दै दुःखीत ॥

३७२/२५/१३

नत्थि झानं अपञ्ञस्स, पञ्ञा नत्थि अझायतो ।
यम्हि झानञ्च पञ्ञञ्च, स वे निब्बान सन्तिके ॥

अप्रज्ञानीको ध्यान हुँदैन, प्रज्ञा छैन अध्यानीको ।
जस्को हुन्छ ध्यान प्रज्ञा, ऊ नै नगिच निर्वाणको ॥

३७३/२५/१४

सुञ्ञागारं पविट्ठस्स, सन्त चित्तस्स भिक्खुनो ।
अमानुसी रती होति, सम्मा धम्मं विपस्सतो ।

शून्यागारमा प्रवेश गरेका, भिक्षुहरू शान्त चित्तका ।
अमानुषी रती हुन्छन्, सम्यक् धम्म दर्शन गरेका ॥

३७४/२५/१५

यतो यतो सम्मसति, खन्धानं उदयब्बयं ।
लभति पीति पामोज्जं, अमतं तं विजानतं ॥

जति जति सम्यक् स्मृति, स्कन्धको उत्पत्ति विनाश ।
पाउँछ प्रीति पामोद्य, अमृत उसले जानेर ॥

३७५/२५/१६

तत्रायमादि भवति, इध पञ्ञास्स भिक्खूनो,
इन्द्रियगुत्ति सन्तुट्ठि, पातिमोक्खे च संवरो ।
मित्ते भजस्सु कल्याणे, सुद्धाजीवे अतन्दिते ॥

जहाँ यी शुरुमा हुन्छ, यहाँ प्रज्ञायुक्त भिक्षुले,
इद्रियसंमय, सन्तोष, प्रातिमोक्षमा संवर ।
संगत गर्नु कल्याण मित्रको, शुद्धाजीवमा आलश्यरहित ॥

३७६/२५/१७

पटिसन्थार वुत्यस्स, आचार कुसलो सिया ।
ततो पामोज्ज बहुलो, दुक्खस्सन्तं करिस्सति ॥

मैत्री सत्कार गर्न जान्नेको, आचार कुशल गरेर ।
त्यसपछि पामोद्य बहुल भएर, दुःख शान्त गर्नेछ ॥

जेतवन ३७७/२५/१८ ५०० भिक्षुहरू

वस्सिका विय पुप्फानि, मद्दवानि पमुञ्चति ।
एवं रागञ्च दोसञ्च, विप्पमुञ्चेथ भिक्खवो ॥

वस्सिका(जुहि) जस्तै फूलहरू, झर्दछन् औलिएकाहरू ।
यसरी राग र द्वेष पनि, सम्पूर्ण त्याग भिक्षुहरू ॥

जेतवन ३७८/२५/१९ शान्तकाय थेर

सन्तकायो सन्तवाचो, सन्तवा सुसमाहितो ।
वन्त लोकामिसो भिक्खु, उपसन्तोति वुच्चति ॥

शान्त काय शान्त वचन, शान्त भएर सुसमाहित ।
नाश गर्ने लोकमिष भिक्षु, उपशान्त भनी भनिन्छ ॥

जेतवन ३७९/२५/२० नंगलकु थेर

अत्तना चोदयत्तानं, पटिमासे अत्तमत्तना ।
सो अत्तगुत्तो सतिमा, सुखं भिक्खु विहाहिसि ॥

आफैलाई आत्मालोचना गर्ने, आफै नै आत्मपरीक्षा गर्ने ।
ऊ आत्मरक्षित स्मृतिवान, भिक्षु विहार गर्दछ सुखले ॥

३८०/२५/२१

अत्ता हि अत्तनो नाथो, अत्ता हि अत्तनो गति ।
तस्मा सञ्ञमयत्तानं, अस्सं भद्रं व वाणिजो ॥

आफू नै आफ्नो स्वामी, आफू नै आफ्नो गति ।
त्यसैले आफैलाई संयम गर्नु, अशल घोडालाई व्यापारीले जसरी ॥

वेलुवन ३८१/२५/२२ वक्कलि थेर

पामोज्ज बहुलो भिक्खु, पसन्नो बुद्धसासने ।
अधिगच्छे पदं सन्तं, संखारूपसमं सुखन्ति ॥

प्रामोद्य बहुल भिक्षु, बुद्धशासनमा प्रशन्न ।
प्राप्त गर्छ शान्ति पद, संस्कार उपशम सुख ॥

पूर्वाराम ३८२/२५/२३ सुमन श्रामणेर

यो हवे दहरो भिक्खू, युञ्जति बुद्धसासने ।
सो इमं लोकं पभासेति, अब्भा मुत्तोव चन्दिमा ॥

जो तन्नेरी भएर पनि भिक्षु, लागिरहन्छ बुद्ध शासनमा ।
ऊ यस लोकमा प्रभाशित हुन्छ, जस्तै बादल पन्छाएको चन्द्रमा ॥

भिक्षु वर्ग समाप्त

२६. ब्राह्मणवग्गो

(ब्राह्मण वर्ग)

जेतवन **३८३/२६/१** **धेरै ब्राह्मण**

छिन्द सोतं परक्कम्म, कामे पनुद ब्राह्मणं ।
संखारानं खयं ञत्वा, अकतञ्ञुसि ब्राह्मणो ॥

काट श्रोतलाई पराक्रमले, आशक्ति नाश गर ब्राह्मण ।
संस्कारलाई क्षय जानेर, अकृतलाई जान ब्राह्मण ॥

जेतवन **३८४/२६/२** **धेरै भिक्षुहरू**

यदा द्वयेसु धम्मेसु, पारगू होति ब्राह्मणो ।
अथस्स सब्बे संयोगा, अत्थं गच्छन्ति जानतो ॥

जुन बेला दुई धम्महरूमा, पारंगत ब्राह्मण हुन्छ ।
तब उसको सबै रोग, नाश ज्ञानीको हुन्छ ॥

जेतवन **३८५/२६/३** **मार**

यस्स पारं अपारं वा, पारापारं न विज्जति ।
वीतद्दरं विसंयुत्तं, तमहं ब्रूमि ब्राह्मणं ॥

जसको पार(द्वार) अपार (विषय) लाई, पार अपार (म मेरो) भन्ने हुँदैन ।
भयरहित अनाशक्तलाई, उसैलाई भन्दछु ब्राह्मण ॥

जेतवन **३८६/२६/४** **एक ब्राह्मण**

झायिं विरजमासीनं, कतकिच्चं अनासवं ।
उत्तमत्थं अनुप्पत्तं, तमहं ब्रूमि ब्राह्मणं ॥

ध्यानी निर्मल एकान्तवासी, कृत अकृत्य अनाश्रवीलाई ।
उत्तमअर्थ अनुप्राप्त, भन्दछु ब्राह्मण उसैलाई ॥

पूर्वाराम **३८७/२६/५** **आनन्द थेर**

दिवा तपति आदिच्चो, रत्तिं आभाति चन्दिमा ।
सन्नद्धो खत्तियो तपति, भायी तपति ब्राह्मणो ।
अथ सब्बमहोरत्ति, बुद्धो तपति तेजसा ॥

दिनमा चम्किन्छ आदित्य, राति चम्किन्छ चन्द्रमा ।
सन्नद्धमा चम्किन्छ क्षत्रिय, ध्यानमा चम्किन्छ ब्राह्मण ॥
अतः सबै महारात्रीमा, तेजले बुद्ध चम्किन्छ ॥

जेतवन ३८८/२६/६ एक ब्राह्मण

वाहितपापोति ब्राह्मणो, समचरियाय समणोति वुच्चति

पब्बाजयत्तनो मलं तस्मा, पब्बजितोति वुच्चति ॥

पाप बगाइसकेकोलाई ब्राह्मण, समचर्या गर्नेलाई श्रमण भनिन्छ।

आफ्नो मल सफा गर्ने, त्यसैले प्रव्रजित भनी भनिन्छ।

जेतवन ३८९/२६/७ सारिपुत्र थेर

न ब्राह्मणस्स पहरेय्य, नास्स मुञ्चेथ ब्राह्मणो।

धी ब्राह्मणस्स हन्तारं, ततो धी यस्स मुञ्चति ॥

ब्राह्मणलाई नहिर्काऊ, कुट्नेप्रति प्रकोप नगर्नु ब्राह्मणले।

धिक्कार ब्राह्मण कुट्नेलाई, कोपगर्ने ब्राह्मणलाई पनि धिक्कार ॥

३९०/२६/८

न ब्राह्मणस्सेतदकिञ्चि सेय्यो, यदा निसेधी मनसो पियेहि।

यतो यतो हिंसमनो निवत्तति, ततो ततो सम्मतिमेव दुक्खा ॥

ब्राह्मणलाई छैन अन्य श्रेष्ठ, जब निषेध मन प्रियबाट।

जबजब हिंसामन हटाउंछ, त्यतित्यति दुक्ख शान्त हुन्छ ॥

जेतवन ३९१/२६/९ प्रजापति गौतमी

यस्स कायेन वाचाय, मनसा नत्थि दुक्कतं।

संवुतं तीहि ठानेहि, तमहं ब्रूमि ब्राह्मणो ॥

जस्को कायले वचनले, मनले छैन दुष्कृत।

संवृत्त तीनै स्थानहरूमा, उसैलाई भन्दछु ब्राह्मण ॥

जेतवन ३९२/२६/१० सारिपुत्र थेर

यम्हा धम्मं विजानेय्य, सम्मासम्बुद्ध देसितं।

सक्कच्चं तं नमस्सेय्य, अग्गिहुत्तं व ब्राह्मणो ॥

जसबाट धम्म जानिन्छ, सम्यक् सम्बुद्ध देशित।

सत्कार गरी नमस्कार गर, जस्तै अग्निहुतलाई ब्राह्मण ॥

जेतवन ३९३/२६/११ जटिल ब्राह्मणं

न जटाहि न गोत्तेहि, न जच्चा होति ब्राह्मणो।

यम्हि सच्चञ्च धम्मो च, सो सुची सो च ब्राह्मणो ॥

न जटाले न गोत्रले, न जन्मले हुन्छ ब्राह्मण।

जसमा सत्य र धम्म छ, ऊ नै शुचि ऊ नै ब्राह्मण ॥

कुटागारशाल ३९४/२६/१२ पाखण्डी ब्राह्मण

किं ते जटाहि दुम्मेध, किं ते अजिन साटिया ।
अब्भन्तरं ते गहणं, बाहिरं परिमज्जति ॥

मुर्खलाई जटाले के गर्छ ? मृगचर्मले के गर्छ ?
भित्र मैल ग्रहण गरेर, बाहिर मात्र माझ्दछ ॥

गृधकुट ३९५/२६/१३ किसा गौतमी

पंसुकूलधरं जन्तु, किसं धमनिसन्थतं ।
एकं वनस्मिं झायन्तं, तमहं ब्रूमि ब्राह्मणं ॥

पंसुकूलधारी प्राणी, किसानजस्तै नितान्त वास गर्ने ।
एक्लै वनमा ध्यान गर्ने, उसैलाई भन्दछु ब्राह्मण ॥

जेतवन ३९६/२६/१४ एक ब्राह्मण

नचाहं ब्राह्मणं ब्रूमि, योनिजं मत्तिसम्भवं ।
भोवादी नाम सो होति, सचे होति सकिञ्चनो ।
अकिञ्चनं अनादानं, तमहं ब्रूमि ब्राह्मणं ॥

न म ब्राह्मण भन्छु, योनिबाट उत्पन्न हुँदैमा ।
भो आदि नाम उसको हुन्छ, यदि हुन्छ सकिञ्चन ।
अकिञ्चन अनाशक्त, उसैलाई भन्दछु ब्राह्मण ॥

वेलुवन ३९७/२६/१५ उग्गसेन श्रेष्ठीपुत्र

सब्ब संयोजनं छेत्वा, यो चे नं परितस्सति ।
संगातितं विसञ्ञुतं, तमहं ब्रूमि ब्राह्मणं ॥

सबै संयोजन तोडेर, जो यसमा छ त्राशरहित ।
रागादि आशक्तिरहित, उसैलाई भन्दछु ब्राह्मण ॥

जेतवन ३९८/२६/१६ दुईजना ब्राह्मण

छेत्वा नन्धिं वरतं च, सन्दासं सहनुक्कमं ।
उक्खित्त पलिघं बुद्धं, तमहं ब्रूमि ब्राह्मणं ॥

तोडेर क्रोध तृष्णाडोरी, ६२ प्रकारका मिथ्यादृष्टि ।
बाधा विनाश गर्ने बुद्धलाई, उसैलाई भन्दछु ब्राह्मण ॥

वेलुवन ३९९/२६/१७ अक्कोसक भारद्वाज

अक्कोसं बध बन्धञ्च, अदुट्ठो यो तितिक्खति ।
खन्ति बलं बलाणिकं, तमहं ब्रूमि ब्राह्मणं ॥

आक्रोश बध बन्धनलाई, अदुष्ट भई जो सहन गर्छ ।
छ क्षान्तिबल शैन्यजस्तै, उसैलाई भन्दछु ब्राह्मण ॥

वेलुवन ४००/२६/१८ सारिपुत्र थेर

अक्कोधनं वतवन्तं, सीलवन्तं अनुस्सुतं ।
दन्तं अन्तिमसारीरं, तमहं ब्रूमि ब्राह्मणं ॥

अक्रोधको व्रतचारी, शीलवान अनुश्रुत ।
दान्त अन्तिम शरीरधारी, उसैलाई भन्दछु ब्राह्मण ॥

वेलुवन ४०१/२६/१९ उप्पलवण्णा थेरी

वारि पोक्खरपत्तेव, आरग्गेरिव सासपो ।
यो न लिम्पति कामेसु, तमहं ब्रूमि ब्राह्मणं ॥

जस्तै पानी कमलपातमा, जस्तै सरस्युँ शियोटुप्पामा ।
जो लिप्त हुँदैन कामरागमा, उसैलाई भन्दछु ब्राह्मण ॥

जेतवन ४०२/२६/२० एक ब्राह्मण

यो दुक्खस्स पजानाति, इधेव खयमत्तनो ।
पन्नभारं विसंयुत्तं, तमहं ब्रूमि ब्राह्मणं ॥

जो दुक्खलाई जान्दछ, यसै जीवनमा क्षय आफ्नो ।
पञ्चस्कन्ध भारी तोडिसकेको, उसैलाई भन्दछु ब्राह्मण ॥

४०३/२६/२१

गम्भीर पञ्ञं मेधावी, मग्गामग्गस्स कोविदं ।
उत्तमत्थं अनुप्पत्तं, तमहं ब्रूमि ब्राह्मणं ॥

गम्भीर प्रज्ञावान मेधावी, मार्ग अमार्गको कोविद ।
उत्तम अर्थ अनुप्राप्त, उसैलाई भन्दछु ब्राह्मण ॥

जेतवन ४०४/२६/२२ तिस्स थेर

असंसट्ठं गहट्ठेहि, अनागारेहि चूभयं ।
अनोकसारिं अप्पिच्छं, तमहं ब्रूमि ब्राह्मणं ॥

असंसर्ग गृहस्थसंग, साथै गृहत्यागीसंग ।
कहीं पनि इच्छा नराख्ने, उसैलाई भन्दछु ब्राह्मण ॥

जेतवन ४०५/२६/२३ एक भिक्षु

निधाय दण्डं भूतेसु, तसेसु थावरेसु च ।
यो न हन्ति न घातेति, तमहं ब्रूमि ब्राह्मणं ॥

प्रहार नगर्ने प्राणीमा, चञ्चल वा स्थावरमा ॥
जो न मार्दछ न घात गर्दछ, उसैलाई भन्दछु ब्राह्मण ॥

जेतवन ४०६/२६/२४ चारजना श्रामणेर

अविरुद्धं विरुद्धेसु, अत्तदण्डेसु निब्बुतिं ।
सादानेसु अनादानं, तमहं ब्रूमि ब्राह्मणं ॥

अविरोधी भई विरोधीमा, दण्डधारीमा शान्त भएर ।
आशक्तहरूमा अनाशक्त हुने, उसैलाई भन्दछु ब्राह्मण ॥

वेलुवन ४०७/२६/२५ महापन्थ थेर

यस्स रागो च दोसो च, मानो मक्खो च पातितो ।
सास पोरिव आरग्गा, तमहं ब्रूमि ब्राह्मणं ॥

जसको राग र द्वेष, मान ईष्या पतन भइसक्यो ।
जस्तै शियो टुप्पाबाट सस्युँ, उसैलाई भन्दछु ब्राह्मण ॥

वेलुवन ४०८/२६/२६ पिलिन्दवच्छ थेर

अकक्कसं विञ्ञापनिं, गिरं सच्चं उदीरये ।
याय नाभिसजे कञ्चि, तमहं ब्रूमि ब्राह्मणं ॥

अकर्कश विज्ञापित गरेर, सत्य उधृत गर्दछ ।
जो रिसाउदैन कहिले पनि, उसैलाई भन्दछु ब्राह्मण ॥

जेतवन ४०९/२६/२७ एक स्थविर

योध दीघं वा रस्सं वा, अणु थूलं सुभासुभं ।
लोके अदिन्नं नादियति, तमहं ब्रूमि ब्राह्मणं ॥

जो यहाँ दीर्घ वा छिटो, अणु स्थूल शुभ अशुभ ।
लोकमा नदिइकन लिदैन, उसैलाई भन्दछु ब्राह्मण ॥

जेतवन ४१०/२६/२८ सारिपुत्र थेर

आसा यस्स न विज्जन्ति, अस्मिं लोके परम्हि च ।
निरासयं विसयुत्तं, तमहं ब्रूमि ब्राह्मणं ॥

आशा जसको हुँदैन, यस लोक परलोकमा ।
आशारहित संयोगरहित, उसैलाई भन्दछु ब्राह्मण ॥

जेतवन ४११/२६/२९ मोद्गल्यायन थेर

यस्सालया न विज्जन्ति, अञ्ञाय अकथंकथी ।
अमतोगधं अनुप्पत्तं, तमहं ब्रूमि ब्राह्मणं ॥

जसको आलय हुँदैन, सशंयरहित प्रज्ञायुक्त ।
अमृतपद प्राप्त गरिसकेको, उसैलाई भन्दछु ब्राह्मण ॥

पूर्वाराम ४१२/२६/३० रेवत थेर

योध पुञ्ञञ्च पापञ्च, उभो संगं उपच्चगा ।
असोकं विरजं सुद्धं, तमहं ब्रूमि ब्राह्मणं ॥

जो यहाँ पुण्य र पाप, दुबैबाट मुक्त भैसकेको ।
अशोक विरज शुद्ध, उसैलाई भन्दछु ब्राह्मण ॥

जेतवन ४१३/२६/३१ चन्दाभ थेर

चन्दं व विमलं सुद्धं, विप्पसन्नं अनाविलं ।
नन्दी भव परिक्खीणं, तमहं ब्रूमि ब्राह्मणं ॥

चन्द्रमाजस्तै विमल शुद्ध, विप्रशन्न स्वच्छ ।
नन्दी भव परिक्षीण भएको, उसैलाई भन्दछु ब्राह्मण ॥

कुण्ड कोलिय ४१४/२६/३२ सीवलि थेर

यो इमं पलिपथं दुग्गं, संसारं मोहमच्चगा,
तिण्णो पारगतो झायी, अनेजो अकथंकथी ।
अनुपादाय निब्बुतो, तमहं ब्रूमि ब्राह्मणं ॥

जो यस बाधामार्ग दुर्ग, संसारको मोह मृत्युबाट,
उत्तीर्ण पारगामी ध्यानी, संयमित त्यागी ।
उपादानरहित निर्वाण प्राप्त, उसैलाई भन्दछु ब्राह्मण ॥

जेतवन ४१५/२६/३३ सुन्दर समुद्र थेर

योध कामे पहत्वान, अनागारो परिब्बजे ।
कामभव परिक्खीणं, तमहं ब्रूमि ब्राह्मणं ॥

जो यहाँ कामराग काटेर, हुन्छ गृहत्यागी प्रव्रजित ।
काम भव परिक्षीण भएको, उसैलाई भन्दछु ब्राह्मण ॥

वेलुवन ४१६/२६/३४ जोतिय थेर

योध तण्हं पहत्वान, अनागारो परिब्बजे ।
तण्हा भव परिक्खीणं, तमहं भ्रूमि ब्राह्मणं ।

जो यहाँ तृष्णातोडेर, हुन्छ गृहत्यागी प्रव्रजित ।
तृष्णाभव परिक्षीण भएको, उसैलाई भन्दछु ब्राह्मण ॥

वेलुवन ४१७/२६/३५ नटपुत्र

हित्वा मानुसकं योगं, दिब्बं योगं उपच्चगा ।
सब्ब भोग विसंयुत्तं, तमहं ब्रूमि ब्राह्मणं ॥

छोडेर मानुषिय भोग, दिव्य भोग त्यागेर ।
सबै भोकबाट अनाशक्त, उसैलाई भन्दछु ब्राह्मण ॥

४१८/२६/३६

हित्वा रतिञ्च अरतिञ्च, सीति भूतं निरूपधिं ।
सब्बलोकाभिभु वीरं, तमहं ब्रूमि ब्राह्मणं ॥

छोडेर सन्तोष र असन्तोष, शान्त क्लेश भइसकेको ।
सबै लोकअभिभु वीर भएको, उसैलाई भन्दछु ब्राह्मण ॥

वेलुवन ४१९/२६/३७ **वंगीस थेर**

चुतिं यो वेदि सत्तानं, उपपत्तिञ्च सब्बसो ।
असत्तं सुगतं बुद्धं, तमहं ब्रूमि ब्राह्मणं ॥

च्युति जुन जान्दछ सत्वहरूको, उपपत्ति पनि सबै ।
अनाशक्त सुगत बुद्ध भएको, उसैलाई भन्दछु ब्राह्मण ॥

४२०/२६/३८

यस्स गतिं न जानन्ति, देवा गन्धव्व मानुसा ।
खीणासवं अरहन्तं, तमहं ब्रूमि ब्राह्मणं ॥

जसको गति जान्दैनन्, देवता गन्धर्व मानिसहरू ।
क्षीणास्रव अरहन्त भएको, उसैलाई भन्दछु ब्राह्मण ॥

वेलुवन ४२१/२६/३९ **धम्मदिन्ना थेरी**

यस्स पुरे च पच्छा च, मज्झे च नत्थि किञ्चनं ।
अकिञ्चनं अनादानं, तमहं ब्रूमि ब्राह्मणं ॥

जसको अगाडि र पछाडि, मध्यमा छैन किञ्चन ।
अकिञ्चन अनाशक्त, उसैलाई भन्दछु ब्राह्मण ॥

जेतवन ४२२/२६/४० **अंगुलिमाल थेर**

उसभं पवरं वीरं, महेसिं विजिताविनं ।
अनेजं नहातकं बुद्धं, तमहं ब्रूमि ब्राह्मणं ॥

निर्भीक श्रेष्ठ वीर, महर्षि अपराजित ।
निश्चल क्लेशरहित बुद्ध, उसैलाई भन्दछु ब्राह्मण ॥

जेतवन ४२३/२६/४१ **देवहित ब्राह्मण**

पुब्बेनिवासं यो वेदी, सग्गापायञ्च पस्सति ।
अथो जातिक्खयं पत्तो, अभिञ्ञा वोसितो मुनि ।
सब्ब वोसितो वोसानं, तमहं ब्रूमि ब्राह्मणं ॥

पूर्वेनिवासको जो ज्ञानी, स्वर्ग नरक पनि देख्दछ ।
अथ जन्मक्षय प्राप्त, अभिज्ञालाभी मुनि ॥
सबै प्राप्त कर्तव्यहरू, उसैलाई भन्दछु ब्राह्मण ॥

ब्राह्मण वर्ग समाप्त

भिक्खु पतिमोक्ख

भिक्षु प्रातिमोक्ष

पातिमोक्ख

निदानं

सुणातु मे भन्ते संघो, यदि संघस्स पत्तकल्लं, अहं आयस्मन्तं इत्थन्नामं विनयं पुच्छेय्यं ।

एकभिक्षु- भन्ते ! संघ, मेरो कुरा सुन्नुहोस् । यदि संघलाई मन परेमा म फलाना आयुष्मान्संग विनय सोधुं ?

सुणातु मे भन्ते संघो, यदि संघस्स पत्तकल्लं, अहं आयस्मता इत्थन्नामेन विनयं पुट्ठो विस्सज्जेय्यं ।

अर्को भिक्षु- भन्ते ! संघ, मेरो कुरा सुन्नुहोस् । यदि संघलाई मन परेमा म फलाना आयुष्मान्द्वारा सोधिएको विनयको उत्तर दिउं ।

सम्मज्जनी पदीपो च, उदकं आसनेन च ।

उपोसथस्स एतानि, पुब्बकरणन्ति वुच्चति ॥

पुच्छक - **ओकास, सम्मज्जनी ?**

विस्सजक- **सम्मज्जनकरणञ्च ।**

- पदीपो च ?

- पदीपउज्जलनञ्च । इदानि सुरियालोकस्स अत्थिताय पदीपकिच्चं नत्थि ।

उदकं आसनेन च ?

- आसनेन सह पानीय-परिभोजनीय उदकट्ठपनञ्च ।

- उपोसथस्स एतानि पुब्बकरणन्ति वुञ्चति ।

- एतानि चतारि कम्मानि सम्मज्जनकरणादीनि संघसन्निपाततो पठमं कत्तब्बत्ता, उपोसथस्स उपोसथकम्मस्स पुब्बकरणन्ति वुच्चति, पुब्बकरणानीति अक्खातानि ।

अवकाश- **समज्जनी-** कूचो लगाउनु, **पदीपो च-** बत्ती बाल्नु (यस समय सूर्यको प्रकाशको कारण बत्तीको काम छैन) **उदकं आसनेन च-** पिउने तथा धुने पानी र बस्ने आसन लगाउनु । **एतानि-** यी चार कार्य (व्रत) संघ एकत्रित हुनुभन्दा पहिले गरिनुपर्ने हुनाले उपोशथको । **पुब्बकरणन्ति वुच्चति-** पूर्वकरण भनिन्छ ।

छन्द पारिसुद्धि उतुक्खानं भिक्खु गणना च ओवादो ।

उपोसथस्स एतानि पुब्बकिच्चन्ति वुच्चति ॥

पुच्छक- छन्दपारिसुद्धि ?

विस्सजक- छन्दारहानं भिक्खूनं छन्दपारिसुद्धि आहरणञ्च इध नत्थि ।

- उतुक्कखानं ?

- हेमन्तादीनं तिण्णं उतूनं एत्तकं अतिकन्तं, एत्तकं अवसिट्ठन्ति एवं उतु आचिक्खनं। उतूनीध पन सासने हेमन्तगिम्हवस्सानानं वसेन तीणि होन्ति । अयं (हेमन्त) उतु। अस्मिं उतुम्हि अट्ठ उपोसथा । इमिना पक्खेन एको उपोसथो सम्पत्तो । (एका) उपोसथो अतिक्कन्तो । (छ) उपोसथा अवसिट्ठा ।

- भिक्खुगणना च ?

- इमस्मिं उपोसथग्गे सन्निपतितानं भिक्खूनं गणना (एत्तका) भिक्खू होन्ति ।

- ओवादो ?

- भिक्खुणीनं ओवादो दातब्बो । इदानि पन तासं नत्थिताय सो च ओवादो इध नत्थि ।

- उपोसथस्स एतानि पुब्बकिच्चन्ति वुच्चति ?

- एतानि पञ्चकम्मानि छन्दहरणादीनि पातिमोक्खुद्देसतो पठमं कत्तब्बत्ता उपोसथस्स, उपोसथकम्मस्स पुब्बकिच्चन्ति वुच्चति, पुब्बकिच्चानीति अक्खातानि ।

छन्द पारिसुद्धि- मतको योगय भिक्षुहरूको छन्द र शुद्धता, **उतुक्खानं-** हेमन्त आदि तीन ऋतुहरूमा यति बितिसक्यो यति बाँकी छ भन्नु । यहाँ बुद्ध धर्ममा हेमन्त गृष्म वर्षा आदि तीन ऋतु छन् (जस्तै- यो हेमन्त ऋतु हो, यस ऋतुमा प्रत्येक पक्षमा एकएक गरी आठ उपोशथ हुन्छन् । यस पक्षदेखि एक उपोशथ पूर्ण हुँदैछ, एक उपोशथ समाप्त भयो अब ६ उपोशथ बाँकी छ) **भिक्खुगणना च-** र यस उपोशथमा एकत्रित भिक्षुहरूको गणाना यति छन् । **ओवादो-** भिक्षुहरूलाई उपदेश दिनु (यस समय भिक्षुणी परम्परा लोप भएकोले त्यो उपदेश अब दिनुपरेन) **एतानि-** छन्द पठाउनु आदि यी पाँच काम प्रातिमोक्ष भन्नुभन्दा अगाडि गर्नुपरेकोले **उपोसथस्स-** उपोशथ कर्मको । **पुब्बकिच्चन्ति वुच्चति-** पूर्वकृत्य भनिन्छ ।

उपसथो, यावतिका च भिक्खु, कम्मप्पत्ता सभागापत्तियो च ।
न विज्जन्ति वज्जनीया च पुग्गला तस्मिं न होन्ति, पत्तकल्लन्ति वुच्चति ॥

- उपोसथो ।

- तीसु उपोसथदिवसेसु चातुद्दसी पण्णरसी सामग्गीसु । अज्जुपासथो (पण्णरसो) ।

- यावतिका च भिक्खुकम्मप्पत्ता ।

- यत्तका भिक्खु तस्स उपोसथकम्मस्स पत्ता युत्ता अनुरुपा, सब्बन्तिमेन परिच्छेदेन चत्तारो भिक्खु पकतत्ता संघेन अनुक्खित्ता नेव खो हत्थपासं अविजहित्वा एकसीमायं ठिता ।

- सभागापत्तियो च न विजन्ति ।

विस्सजक- विकालभोजनादि वत्थुसभागापत्तियो च न विज्जन्ति ।

पुच्छक - वज्जनीया च पुग्गला तस्मिं न होन्ति ?

- गहट्ठपण्डकादयो एकवीसति वज्जनीया पुग्गला हत्थपासतो बहिकरणवसेन वज्जेतब्बा, तस्मिं न होन्ति ।

- पत्तकल्लन्ति वुच्चति ?

- संघस्स उपोसथकम्मं इमेहि चतूहि लक्खणेहि संघहितं पत्तकल्लन्ति वुच्चति, पत्तकालवन्तन्ति अक्खातं ।

पुब्बकरण-पुब्बकिच्चानि समापेत्वा देसितापत्तिकस्स समग्गस्स भिक्खुसंघस्स अनुमतिया पातिमोक्खं उद्दिसितुं आराधनं करोमि ।

उपोसथो- चतुर्दशी, पूर्णिमा, (विशेष कामको लागि संघको) एकत्रित हुनु, यी तीन उपोशथको दिनहरूमा (आज पूर्णिमा उपोशथ हो) । **यावतिका च भिक्खु-** जति भिक्षु, **कम्मप्पत्ता-** त्यस उपोशथ कर्मलाई प्राप्त, योग्य कर्मको अनुरूप छन्, कम्तिमा चारजना शुद्ध भिक्षु जो- १) भिक्षुसंघद्वारा नत्यागिएको भिक्षु

२) हत्थपाश नछाडेको एक सीमाभित्र स्थित

३) सभागापत्तियो च न विज्जति- विकाल भोजन आदि आपत्ति नभएकाहरू

४) **न वज्जनिया च पुग्गला तस्मिं न होन्ति-** गृहस्थ, नपुंसक आदि बैठकको घेराभन्दा बाहिर राखिने एक्काइसप्रकारका व्यक्तिहरू यस उपोशथमा छैनन् । यी चार लक्षणहरू संघको उपोशथ कर्म **पत्तकल्लन्ति वुच्चति-** उचित समयले युक्त भनिन्छ ।

पूर्वकरण र पूर्वकृत्यलाई समाप्त गरी, आफ्नो दोष बताएर, एकत्रित भएको भिक्षुसंघको अनुमतिले प्रातिमोक्षको आवृत्तिको लागि प्रार्थना गर्दछु-

निद्दानुद्देसो

सुणातु मे भन्ते संघो । अज्जुपोसथो पण्णरसो । यदि संघस्स पत्तकल्लं, संघो उपोसथं करेय्य, पातिमोक्खं उद्दिसेय्य ।

भन्ते ! संघ मेरो कुरा सुन्नुहोस् । आज पूर्णमास पूर्णिमाको उपोशथ हो । यदि संघ उचित सम्झेमा तब उपोशथ गरियोस् र प्रातिमोक्षको आवृत्ति गरियोस् ।'

कि संघस्स पुब्बकिच्चं ? पारिसुद्धि आयस्मन्तो आरोचेथ । पातिमोक्खं उद्दिसिस्सामि । तं सब्बेव सन्ता साधुकं सुणोम, मनसि करोम । यस्स सिया आपत्ति, सो आविकरेय्य । असन्तिया आपत्तिया तुण्ही भवितब्बं, तुण्हीभावेन खो पनायस्मन्तो परिसुद्धाति वेदिस्सामि । यथा खो पन पच्चेकपुट्ठस्स वेय्याकरणं होति । एवमेवं एवरूपाय परिसाय यावततियं अनुसावितं होति । यो पन भिक्खु यावततियं अनुसावियमाने सरमानो सन्तिं आपत्तिं नाविकरेय्य,

सम्पजानमुसावादस्स होति । सम्पजान मुसावादो खो पनायस्मन्तो अन्तरायिको धम्मो वुत्तो भगवता, तस्मा सरमानेन भिक्खुना आपन्नेन विसुद्धापेक्खेन सन्ति आपत्ति आविकातब्बा, आविकताहिस्स फासु होति ।

के हो संघको पूर्वकृत्य ? आयुष्मान्‌हरू ! आफ्नो शुद्धिलाई भन्नुहोस् ! हामी प्रातिमोक्षको आवृत्ति गर्नेछौं । त्यसैले सबै शान्त भएर राम्ररी सुन्नुहोस्, मनमा धारण गर्नुहोस् । जसबाट कुनै दोष भएको छ त्यो प्रकट गरियोस् । दोष नभएमा चुप बस्नुहोस् । चुप रहनुहुंदा म आयुष्मान्‌हरूलाई शुद्ध सम्झिने छु । जसरी एक एक व्यक्तिलाई सोध्दा जो भिक्षु तीनपल्ट बोलाउंदा याद भएर पनि विद्यमान दोषलाई प्रकट गर्दैन, त्यो जानीजानी झूठो बोलेको दोषी हुनेछ । आयुष्मान्‌हरू ! भगवान्‌ले जानीजानी झूठो बोलेकोलाई अन्तरायिक धर्म भन्नुभएको छ । त्यसैले याद गर्दै दोषयुक्त भिक्षुलाई शुद्ध हुने कामनाले विद्यमान दोषलाई प्रकट गर्नुपर्छ । आफ्नो दोषलाई प्रकट गर्नु उसको लागि राम्रो हुनेछ ।

उद्दिट्ठं खो आयस्मन्तो निदानं । तत्थायस्मन्ते पुच्छामि । कच्चित्थ परिसुद्धा ? दुतियम्पि पुच्छामि । कच्चित्थ परिसुद्धा ? ततियम्पि पुच्छामि । कच्चित्थ परिसुद्धा ? परिसुद्धेत्थायस्मन्तो, तस्मा तुण्ही, एवमेतं धारयामीति ।

निदानुद्देस निट्ठितं

आयुष्मान्‌हरू ! निदानलाई प्रकाश पारियो । आयुष्मान्‌हरू सोध्दछु- के तपाईहरू यसमा शुद्ध हुनुहुन्छ ? दोश्रो पल्ट पनि सोध्दछु .....? तेश्रोपल्ट पनि ....? आयुष्मान्‌हरू शुद्ध हुनुहुन्छ, त्यसैले चुप हुनुहुन्छ, यसरी म धारण गर्दछु ।

निदान समाप्त

१. पाराजिका

तत्रिमे चत्तारो पाराजिका धम्मा उद्देसं आगच्छन्ति-
आयुष्मान्हरू ! यी चार पाराजिका धम्म भन्ने समय भएको छ-

मेथुन सिक्खापद

वैशालीको कलन्दक गाउँको सुदिन्न नामक गृहपुत्र भिक्षु भइसकेपछि उसका आमाबाबाले गृहस्थमा फर्कन अनुरोध गरे। तर उसले त्यो कुरा स्वीकार नगरेपछि बुहारीलाई सन्तान दान गर्न अनुरोध गर्दा त्यसलाई स्वीकार गरी पूर्वस्वास्नीसंग यौन सम्बन्ध राख्यो ।

१/१. यो पन भिक्खु भिक्खूनं सिक्खासाजीवसमापन्नो सिक्खं अपच्चक्खाय दुब्बल्यं अनाविकत्वा मेथुनं धम्मं पतिसेवेय्य, अन्तमसो तिरच्छानगतायपि, पाराजिको होति असंवासो ॥१॥

जो भिक्षुले भिक्षुहरूको शिक्षा र साजीव (नियम) ले युक्त भएर, शिक्षालाई नछाडी, दुर्बलता प्रकट नगरी, अन्ततः पशुसंग पनि मैथुनधर्म सेवन गरेमा पाराजिका हुनेछ, भिक्षुहरूसंग सहवास अयोग्य हुनेछ ।

अदिन्नादान सिक्खापद

आयुष्मान् धनियले आफूले बनाएको तृणकुटीलाई गाउँलेहरूले घाँसपातको लागि तृणकुटीलाई बिगारेर घाँसपात लिएर जान्थे। यसबाट छुटकारा पाउन माटोको विहार बनायो । यसको पछि भगवान्बाट आलोचना भएपछि काठको विहार बनाउन राजकीय काठगोदामबाट 'मलाई राजाले काठ दिएको छ' भनेर काठ लिएर विहार बनायो । यस विषयमा पछि राजा बिम्बिसार रिसायो र भन्यो -'कसरी अनुमति नभएको काठ भिक्षुले लिएर गयो ?'

१/२. यो पन भिक्खु गामा वा अरञ्ञा वा अदिन्नं थेय्यसंखातं आदियेय्य, यथारुपे अदिन्नादाने राजानो चोरं गहेत्वा हनेय्युं वा बन्धेय्युं वा पब्बाजेय्युं वा चोरोसि बालोसि मूल्होसि थेनोसीति तथारुपं भिक्खु अदिन्नं आदियमानो, अयम्पि पाराजिको होति असंवासो ॥२॥

जो कोही भिक्षु गाउँमा शहरबाट चोरी मानिने अदत्त वस्तु ग्रहण गर्दछ, चोरीको कारणले राजाले पक्रेर लान्छ तं चोर होस्, मूर्ख होस्, मूढ होस्, स्तेन होस्' भनी बाँधोस् वा देशनिकाला गरियोस् त्यतिले अदत्तअदानले भिक्षु पाराजिका हुनेछ। भिक्षुहरूसंग वास गर्न अयोग्य हुनेछ ।

मनुस्सविग्गह सिक्खापद

वैशालीमा भिक्षुहरूले अशुभ भावना गर्दा गर्दै शरीरप्रति घृणा उत्पन्न गरेर आत्महत्या गर्ने सोच गरेर समणकुत्तिक पिगलुण्डिक ब्याधालाई हत्या गर्न अनुरोध गरे। त्यस व्याधाले पनि मर्न चाहने भिक्षुलाई मार्न थाल्यो ।

१/३. यो पन भिक्खु सञ्चिच्च मनुस्सविग्गहं जीविता वोरोपेय्य, सत्थहारकं वास्स परियेसेय्य, मरणवण्णं वा संवण्णेय्य, मरणाय वा समादपेय्य-अम्भो पुरिस किं तुय्हिमिना पापकेन दुज्जीवितेन, मतं ते जीविता सेय्योति, इति चित्तमानो चित्तसंकप्पो अनेकपरियायेन मरणवण्णं वा संवण्णेय्य, मरणाय वा समादपेय्य, अयम्पि पाराजिको होति असंवासो ॥३॥

जो पुरुष जानीजानी मनुष्यहत्या गर्दछ, शस्त्रप्रहार गर्दछ, मर्ने प्रशंसा गर्दछ, मर्नको लागि प्रेरणा दिन्छ- ए मानिस ! तिमीलाई यस पापी जीवनदेखि के लिनु छ ? बाँच्नुभन्दा मर्नु जाति छ। यसप्रकारको चित्तले, संकल्पले अनेक प्रकारले जो मर्ने प्रशंसा गर्छ, मर्नको लागि प्रेरणा दिन्छ, ऊ पाराजिका हुनेछ, भिक्षुसंग संवास अयोग्य हुन्छ।

उत्तरिमनुस्सधम्म सिक्खापद

वैशालीमा एकपल्ट दुर्भिक्ष भयो। वर्षावास बसेका भिक्षुहरूलाई आहारमा कमी भयो। तब गृहस्थहरूबाट आहार प्राप्त गर्न भिक्षुहरूले 'फलाना भिक्षु उत्तरी मनुष्य धर्म (अलौकिक शक्ति, ज्ञान) भएको हुनुहुन्छ। उहाँलाई दानादि पुण्य गरेमा विशेष पुण्य पाइन्छ ' भनेर गृहस्थलाई परिचय दिन्थे। तब गृहस्थहरूले बढी पुण्य पाउने आशाले आफूले नखाएर पनि भिक्षुहरूलाई दान गरे।

१/४. यो पन भिक्खु अनभिजानं उत्तरिमनुस्सधम्मं अत्तूपनायिकं अलमरियञाणदस्सनं समुदाचरेय्य–इति जानामि, इति पस्सामीती, ततो अपरेन समयेन समनुग्गाहीयमानो वा असमनुग्गाहीयमानो वा आपन्नो विसुद्धापेक्खो एवं वदेय्य–अजानमेव, आवुसो अवचं जानामि, अपस्सं पस्सामि। तुच्छं मुसा विलपिन्ति अञ्ञत्र अधिमाना, अयम्पि पाराजिको होति असंवासो ॥४॥

जो भिक्षु अविद्यमान उत्तरिमनुष्यधर्मलाई आफूमा भएको बताउंछ- यस्तो जान्दछु'। पछि सोध्दा वा नसोध्दा पनि पापेच्छाले या विशुद्धापेक्षी भएर भन्दछ- आवुसो ! मैले नजानेकोलाई जान्दछु' भनें, नदेखेकोलाई देखेको छुं' भनें, मैले भूठो बोलें' भन्दछ तब ऊ पाराजिका, असंवास हुन्छ। अधिमानले यदि भनेको छैन भने।

उद्दिट्ठा खो आयस्मन्तो चत्तारो पाराजिका धम्मा। येसं भिक्खु अञ्ञतरं वा अञ्ञतरं वा आपज्जिवा न लभति भिक्खूहि सद्धिं संवासं, यथा पुरे तथा पच्छा, पाराजिको होति असंवासो।

आयुष्मान्हरू ! यी चार पारजिका दोष छन्। यसमध्ये कुनै एकलाई पनि गर्नाले भिक्षु भिक्षुहरूसंग वास गर्न पाउँदैन। जसरी भिक्षु पहिले (गृहस्थ) थियो। त्यसरी नै पछि पाराजिका भएर साथ रहन अयोग्य हुनेछ।

तत्थायस्मन्ते पुच्छामि–कच्चित्थ परिसुद्धा ? दुतियम्पि पुच्छामि–कच्चित्थ परिसुद्धा ? ततियम्पि पुच्छामि–कच्चिथ परिसुद्धा ? परिसुद्धत्थायस्मन्तो तस्मा तुण्ही, एवमेतं धारयामीति।

आयुष्मान्हरू सोध्दछु- के तपाईहरू यसमा शुद्ध हुनुहुन्छ ? दोश्रो पल्ट पनि सोध्दछु ..?

तेश्रोपल्ट पनि..? आयुष्मान्हरू शुद्ध हुनुहुन्छ, त्यसैले चुप हुनुहुन्छ, यसरी म धारण गर्दछु ।

(उद्दिट्ठं खो आयस्मन्तो निदानं, उद्दिट्ठा चत्तारो पाराजिका धम्मा, सुता खो पनायस्मन्तेहि तेरस संघादिसेसा धम्मा, द्वे अनियता धम्मा, तिंस निस्सग्गिया पाचित्तिया धम्मा, द्वे नवुति पाचित्तिया धम्मा, चत्तारो पाटिदेसनीया धम्मा, पञ्चसत्तति सेखिया धम्मा, सत्त अधिकरणसमथा धम्मा - एत्तकं तस्स भगवता सुत्तागतं सुत्तपरियापन्नं अन्वद्धमासं उद्देसं आगच्छति । तत्थ सब्बेहेव समग्गेहि सम्मादमानेहि अविवदमानेहि सिक्खितब्बन्ति ।)

आयुष्मान्हरू ! निदान प्रकाश पारियो । चार पाराजिका दोष प्रकाश पारियो । तेह्र संघादिसेस दोष ..... दुई अनियत दोष .... तीस निस्सग्गिय पाचित्तिय ..... बयानब्बे पाचित्तिय दोष ...... चार पाटिदेसनिय दोष ..... पचहत्तर सेखिय ..... सात अधिकरण शमथ प्रकाश पारियो। यति नै उहाँ भगवान्का सूत्रमा आएका, सूत्रद्वारा अनुमोदित, जसको प्रत्येक पन्ध्र दिन आवृत्ति गरिन्छ । त्यसलाई सबैले एकमत भएर परस्पर अनुमोदन गरी विवाद नगरी यी शिक्षापदलाई सिक्नुपर्छ ।

पाराजिका समाप्त

गुल्मी, थानपति-२ निवासी वेदराज ज्ञवालीद्वारा
...वाल्मीकि विद्यापीठ पुस्तकालयलाई
श्रद्धा स्वरूप ...प्रदान।
२०६२।११।२४

२. संघादिसेसुद्देस

इमे खो पनायस्मन्तो तेरस संघादिसेसा धम्मा उद्देसं आगच्छन्ति -

आयुष्मान्हरू ! यी तेह्र संघादिसेस धम्म प्रकाश गर्ने समय भएको छ-

सुक्कविसट्ठि सिक्खापद

एक समय भिक्षु सेय्यक दुब्लो पातलो भएकोले भिक्षु उदायीको सल्लाहअनुसार प्रणीत भोजन ग्रहण गर्न थाल्यो। आहारको कारणले राग उत्पन्न हुँदा वीर्यमोचन गऱ्यो। भिक्षुहरूले यसको निन्दा गरे।

२/१. सञ्चेतनिका सुक्कविसट्ठि अञ्ञत्र सुपिनन्ता संघादिसेसो ॥५॥

सपनामा बाहेक जानीजानी वीर्य पतन गर्नु संघादिसेस हो।

कायसंसग्ग सिक्खापद

एक समय भिक्षु उदायीले एक सुन्दर विहार बनायो। विहार हेर्न मानिसहरू आउँथे। एक दिन विहार हेर्न आएको एक दम्पतीको महिलाको अंगस्पर्श गऱ्यो। यो देखेर लोग्नेले भन्यो -'यसप्रकारको दूषित आचरण गरिंदा महिलाहरू कसरी विहारमा दर्शन गर्न आउँछन् ?'

२. यो पन भिक्खु ओतिण्णो विपरिणतेन चित्तेन मातुगामेन सद्धिं कायसंसग्गं समापज्जेय्य हत्थगाहं वा वेणिग्गाहं वा अञ्ञतरस्स वा अञ्ञतरस्स वा अंगस्स परामसनं, संघादिसेसो ॥६॥

कुनै भिक्षुको विकारयुक्त चित्तले कुनै महिलाको हात, नाडी पक्रेर या कुनै अंग छुएर शरीरको स्पर्श गरेमा संघादिसेस हुनेछ।

दुट्ठल्लवाचा सिक्खापद

एक दिन विहार हेर्न आउने महिलाहरूलाई भिक्षु उदायीले अश्लील शब्दहरू भन्यो। महिलाहरू लज्जित भए र उसलाई हकारेर गए।

२/३. यो पन भिक्खु ओतिण्णो विपरिणतेन चित्तेन मातुगामं दुट्ठुल्लाहि वाचाहि ओभासेय्य यथा तं युवा युवति मेथुनुपसंहिताहि संघादिसेसो ॥७॥

कुनै भिक्षुले विकारयुक्त चित्तले कुनै महिलासंग यस्तो अनुचित शब्द प्रयोग गर्नु जसरी कुनै युवकले कुनै युवतीसंग मैथुन सम्बन्धमा भन्दछ, त्यो संघादिसेस हुनेछ।

अत्तकाम पारिचरिय सिक्खापद

एक दिन भिक्षु उदायी एक सुन्दरी विधवालाई देखेर धर्मदेशना गरेर प्रभावित गऱ्यो। उपासिकाले श्रद्धाले भोजन आदि दान गर्दा - 'हामीलाई मैथुन धर्म दुर्लभ छ,

त्यसलाई दान गर' भन्यो । तब उपासिका तयार भइन् र दुबै कोठाभित्र गए । उपासिकाको दुर्गन्धित वस्त्र देखेर उदायी फर्केर आयो ।

४. यो पन भिक्खु ओतिण्णो विपरिणतेन चित्तेन मातुगामस्स सन्तिके अत्तकाम पारिचरियाय वण्णं भासेय्य-एतदग्गं, भगिनि, पारिचरियानं या मादिसं सीलवन्तं कल्याणधम्मं ब्रह्मचारिं एतेन धम्मेन परिचरेय्याति मेथुनुपसंहितेन संघादिसेसो ॥८॥

कुनै भिक्षुले विकारयुक्त चित्तले आफ्नो कामवासना तृप्तिको लागि कुनै महिलासंग 'बहिनी ! सबै सेवाहरूमा मैथुन सेवन सर्वश्रेष्ठ सेवा हो । जुन तिमी मजस्तो सदाचारी, ब्रह्मचारी पुण्यात्मासंग मैथुन सेवन गर्दछौ' भनेमा संघादिसेस हुनेछ ।

सञ्चरित्त सिक्खापद

भिक्षु उदायीले युवा युवतीबीच लमी काम गरेर विवाह गराउँथ्यो । एक दिन तिरोगामी आजीवक श्रावकले पुराण गणकीलाई दुबैको छोरा र छोरीबीच विवाह गराउन भन्यो । तर गणकी मानेन । तब उदायीको सहयोग लिएर विवाह भयो । तर महिलाप्रति राम्रो व्यवहार भएन र माइती आइन् । यही कुरा गणकीले उदायीलाई बतायो । उदायीले गएर आजीवक श्रावकलाई भन्यो । तर उसले उदायीलाई नै गाली गर्‍यो ।

२/५. यो पन भिक्खु सञ्चरित्तं समापज्जेय्य, इत्थिया वा पुरिसमतिं, पुरिसस्स वा इत्थिमतिं, जायत्तनेन वा जारत्तनेन वा अन्तमसो तङ्खणिकायपि, संघादिसेसो ॥९॥

कुनै भिक्षुले कुनै महिलाको कुरा कुनै पुरुषसंग वा कुनै पुरुषको कुरा कुनै महिलासंग गएर- तिमी लोग्ने स्वास्नी बन या केही क्षणको लागि भएपनि' भनेमा संघादिसेस हुनेछ ।

कुटिकार सिक्खापद

एक समय राजगृहमा आलवक भिक्षुले विहार बनाउन गाडा, कोदालो, आदि सामानहरू गाउँलेहरूसंग माग्न जान्थ्यो । गाउँलेहरूले सामानहरू दिंदादिंदै हैरान भएर पन्छिन थाल्यो । पछि गएर भोजन पनि पाउन छोड्यो ।

२/६. सञ्ञाचिकाय पन भिक्खुना कुटिं कारयमानेन अस्सामिकं अत्तुद्देसं पमाणिका कारेतब्बा । तत्रिदं पमाणं-दीघसो द्वादस विदत्थियो, सुगतविदत्थिया, तिरियं सत्तन्तरा । भिक्खु अभिनेतब्बा वत्थुदेसनाय तेहि भिक्खूहि वत्थु देसेतब्बं-अनारम्भं सपरिक्कमणं । सारम्भे चे भिक्खु वत्थुस्मिं अपरिक्कमने सञ्ञाचिकाय कुटिं कारेय्य, भिक्खू वा अनभिनेय्य वत्थुदेसनाय, पमाणं वा अतिक्कामेय्य, संघादिसेसो ॥१०॥

याचनाद्वारा कुनै भिक्षुलाई आफ्नो लागि स्वामीरहित (नयाँ) विहार बनाउने समय क) प्रमाणयुक्त बनाउनुपर्छ । प्रमाण यसप्रकार छ- लम्बाइमा बुद्धको बित्ताले बारह बित्ता र

चौडाइमा सात बित्ता । ख) विहारको विषयमा भिक्षुहरूको सम्मति दिनको लागि बोलाउनुपर्छ र भिक्षुहरूले विहारको स्थानमा यसरी बताउनुपर्छ, जहाँ हिंसा नहोस्, जहाँ पुग्न सजिलो होस् । भिक्षुले याचना गरी हिंसायुक्त तथा पुग्न असजिलो स्थानमा विहार बनाएमा वा भिक्षुहरूलाई विहार बारे बताउनको लागि नबोलाउनु या प्रमाणअनुसार नबनाएमा संघादिसेस हुनेछ ।

विहारकार सिक्खापद

एक समय भिक्षु छन्नको उपस्थापकले छन्नको लागि विहार बनाउने चाहना गऱ्यो । यसको लागि छन्नले नगरवासीहरूको पूजित चैत्यवृक्ष काटिदियो । नगर वासीहरू दुःखीत र क्रुद्ध भए ।

२/७. महल्लकं पन भिक्खुना विहारं कारयमानेन सस्सामिकं अत्तुद्देसं भिक्खू अभिनेतब्बा वत्थुदेसनाय, तेहि भिक्खूहि वत्थु देसेतब्बं अनारम्भं सपरिक्कमनं सारम्भे चे भिक्खु वत्थुस्मिं अपरिक्कमने महल्लकं विहारं कारेय्य भिक्खू वा अनभिनेय्य वत्थुदेसनाय, संघादिसेसो ॥११॥

कुनै भिक्षुले आफ्नो लागि स्वामीयुक्त (पुरानो) ठूलो विहारलाई बनाउंदा क) विहारको विषयमा भिक्षुहरूलाई सम्मति दिनको लागि बोलाउनुपर्छ र भिक्षुहरूले विहारको स्थानमा यसरी भन्नुपर्छ- जहाँ हिंसा नहोस् जहाँ पुग्न सजिलो होस् । भिक्षुले हिंसायुक्त तथा पुग्न कठिन स्थानमा विहार बनाउनु या विहार बारेमा सल्लाह लिनको लागि भिक्षुहरूलाई नबोलाएमा संघादिसेस हुनेछ ।

दुट्ठदोस सिक्खापद

सातवर्षको उमेरमा श्रामणेर भएको दर्भमल्लपुत्रले सानै उमेरमा अरहन्तपद प्राप्त गऱ्यो । पछि भोजन शयनआसन आदि व्यवस्थापक भएर काम गऱ्यो । एक दिन भुम्मिज र मेत्तिय भिक्षुहरू भोजनमा जाँदा उपासकहरूले सही सत्कार गरेन । त्यसको कारण दर्भमल्लपुत्र हो भनी सम्फेर उसलाई पाराजिकाको दोष लगाए ।

२/८. यो पन भिक्खु भिक्खुं दुट्ठो दोसो अप्पतीतो अमूलकेन पाराजिकेन धम्मेन अनुद्धंसेय्यर-अप्पेव नाम नं इमम्हा ब्रह्मचरिया चावेय्यन्ति ततो अपरेन समयेन समनुग्गाहियमानो वा असमनुग्गाहीयमानो वा अमूलकञ्चेव तं अधिकरणं होति, भिक्खु च दोसं पतिट्ठाति, संघादिसेसो ॥१२॥

कुनै भिक्षु परहानि क्रोधले रिसाएर अर्को भिक्षुमाथि निर्मूल पाराजिका दोष लगाउंछ, जसले कि ऊ त्यस ब्रह्मचर्यबाट च्यूत होस्, फेरि पछि सोध्दा वा नसोध्दा त्यो विवाद निर्मूल भएमा त्यस आरोपी भिक्षुको दोष सिद्ध भएमा संघादिसेस हुनेछ ।

अञ्ञभागिय सिक्खापद

एकपल्ट फेरि दर्भमल्लपुत्रलाई अपमान गर्न भुम्मिज र मेत्तिय भिक्षुहरूले मेन्तिया

भिक्षुणीको सहयोग लिएर 'दर्भमल्लपुत्रले मेन्तिया भिक्षुणीलाई दूषित गऱ्यो' भनेर दोषारोपण गरे। पछि गएर दोष निर्मूल भयो। त्यसपछि मेन्तिया भिक्षुणीलाई निष्कासित गरियो। तब ती दुबै भिक्षुहरूले आफ्नो गल्ती स्वीकार गरे।

२/९. यो पन भिक्खु भिक्खुं दुट्ठो दोसो अप्पतीतो अञ्ञभागियस्स अधिकरणस्स किञ्चिदेसं लेसमत्तं उपादाय पाराजिकेन धम्मेन अनुद्धंसेय्य-अप्पेव नाम नं इमम्हा ब्रह्मचरिया चावेय्यन्ति ततो अपरेन समयेन समनुग्गाहीयमानो वा असमनुग्गाहीयमानो वा अञ्ञभागियञ्चेव तं अधिकरणं होति कोचि देसो लेसमत्तो उपादिन्नो, भिक्खु च दोसं पतिट्ठाति, संघादिसेसो ॥१३॥

कुनै भिक्षु परहानि क्रोधले रिसाएर अन्य कुनै विवादको कुनै सानो कुरा लिएर पाराजिका दोष लगाउंछ, जसले कि ऊ त्यस ब्रह्मचर्यबाट च्यूत होस्, फेरि पछि सोध्दा वा नसोध्दा त्यो विवाद निर्मूल भएमा त्यस आरोपी भिक्षुको दोष सिद्ध भएमा संघादिसेस हुनेछ।

संघभेद सिक्खापद

एक समय देवदत्त भिक्षुले कोकालिक, कटमोदकतिस्स र समुद्रदत्त भिक्षुहरू लिएर भगवान्काहाँ गएर पाँच शर्त राखे। जस्तै-१)भिक्षुहरू जीवन पर्यन्त आरण्यक...। २) पिण्डपातिक...३) रुक्खमूलिक...४) पांसुकूलिक..५) शाकाहारी...हुनुपर्छ। यस कुरालाई भगवान्ले स्वीकार गर्नुभएन। उहाँले भन्नुभयो 'यो भिक्षुहरूको स्वेच्छाको विषय हो, अनिवार्य गर्न सकिंदैन।' तब आफ्नो शर्त स्वीकार नगरेको कारणले संघभेद गऱ्यो।

२/१० यो पन भिक्खु समग्गस्स संघस्स भेदाय परक्कमेय्य, भेदनसंवत्तनिकं वा अधिकरणं समादाय पग्गय्ह तिट्ठेय्य, सो भिक्खु भिक्खूहि एवमस्स वचनीयो-मायस्मा समग्गस्स संघस्स भेदाय परक्कमि, भेदनसंवत्तनिकं वा अधिकरणं समादाय पग्गय्ह अट्ठासि, समेतायस्मा संघेन। समग्गो हि संघो सम्मोदमानो अविवदमानो एकुद्देसो फासु विहरतीति। एवं च सो भिक्खु भिक्खूहि वुच्चमानो तथेव पग्गण्हेय्य, सो भिक्खु भिक्खूहि यावततियं समनुभासितब्बो तस्स पटिनिस्सग्गाय। यावततियञ्चे समनुभासियमानो तं पटिनिस्सज्जेय्य इच्चेतं कुसलं, नो चे पटिनिस्सज्जेय्य, संघादिसेसो ॥१४॥

यदि कुनै भिक्षु एक संघलाई भेद गर्ने प्रयत्न गरेमा, या संघमेद झगडालाई लिएर हठपूर्वक कायम भएमा, उसलाई अन्य भिक्षुहरूले यसप्रकार भन्नुपर्दछ- एकमत संघलाई भेद गर्ने प्रयत्न नगर्नुहोस्। संघभेद गर्ने विवादलाई लिएर त्यसमा हठपूर्वक कायम नहुनुहोस्। आयुष्मान्! संघमा मेल गर्नुहोस्, परस्पर हेलमेल राख्ने, विवाद नगर्ने, एक उद्देश्य, एक विचार राख्ने संघ सुखपूर्वक रहन्छ। त्यस भिक्षुहरूद्वारा यसरी सम्झाउँदा पनि यदि त्यो भिक्षु त्यसरी नै आफ्नो जिदमा रहिरहेमा, अर्को भिक्षुले उसको जिदलाई

हटाउनको लागि तीनपल्टसम्म भनियोस्। यदि तीनपल्ट भन्दा त्यस जिदलाई छाडेमा त्यो उसको लागि राम्रै हुनेछ, यदि नछाडेमा संघादिसेस हुनेछ।

भेदानुवत्तक सिक्खापद

भिक्षुहरूले देवदत्तको संघभेद गर्ने नियतको आलोचना गर्दै देवदत्त 'अधर्मवादी, अविनयवादी हो' भने। यो सुनेर समुद्रदत्त भिक्षुहरूले 'देवदत्त धर्मवादी, विनयवादी हो। हाम्रो विचार मन्तव्यअनुसार नै भनेको हो' भनेर समर्थन गरे।

२/११. तस्सेव खो पन भिक्खुस्स भिक्खू होन्ति अनुवत्तका एको वा द्वेवा वा तयो वा। ते एवं वदेय्युं-मा आयस्मन्तो एतं भिक्खुं किञ्चि अवचुत्थ। धम्मवादी चेसो भिक्खु, विनयवादी चेसो भिक्खु। अम्हाकं चेसो भिक्खु छन्दं च रुचिं च आदाय वोहरति जानाति नो भासति, अम्हाकं पेतं खमतीति। ते भिक्खू भिक्खूहि एवमस्सु वचनीया-मायस्मन्तो एवं अवचुत्थ, न चेसो भिक्खु धम्मवादी, न चेसो भिक्खु विनयवादी, मा आयस्मन्तानम्पि संघभेदो रुच्चित्थ, समेतायस्मन्तानं संघेन, समग्गो हि संघो सम्मोदमानो अविवदमानो एकुद्देसो फासु विहरतीति। एवञ्च ते भिक्खू भिक्खूहि वुच्चमाना तथेव पग्गण्हेय्युं ते भिक्खू भिक्खूहि यावततियं समनुभासितब्बा तस्स पटिनिस्सग्गाय। यावततियं चे समनुभासियमाना तं पटिनिस्सज्जेय्युं, इच्चेतं कुसलं, नो चे पटिनिस्सज्जेय्युं, संघादिसेसो ॥१५॥

त्यस संघभेद भिक्षुको अनुयायी, पक्षपाती एक या दुई या तीन भिक्षु होस् उनीहरू यसो भनियोस्- आयुष्मान्हरू ! यस भिक्षुलाई नभन्नुहोस्। यो भिक्षु धर्मवादी छ, विनयवादी छ र हाम्रो विचार र रुचिलाई लिएर नै भनिरहेको छ, हाम्रो मनलाई जान्दछ, भन्दछ। हामीलाई पनि यो मनपर्छ - तब दोश्रो भिक्षुले ती भिक्षुहरूलाई यसप्रकार भन्नुपर्छ - आयुष्मान्हरू ! यसो नभन। आयुष्मान्हरूलाई पनि संघमा भेद गर्ने रुचि नहोस्। आयुष्मान् ! संघमा मेल गर्नुहोस्, परस्पर हेलमेल राख्ने, विवाद नगर्ने, एक उद्देश्य, एक विचार राख्ने संघ सुखपूर्वक रहन्छ। त्यस भिक्षुहरूद्वारा यसरी सम्झाउँदा पनि यदि त्यो भिक्षु त्यसरी नै आफ्नो जिदमा रहिरहेमा, अर्को भिक्षुले उसको जिदलाई हटाउनको लागि तीनपल्टसम्म भनियोस्। यदि तीनपल्ट भन्दा त्यस जिदलाई छाडेमा त्यो उसको लागि राम्रै हुने छ, यदि नछाडेमा संघादिसेस हुनेछ।

दुब्बच सिक्खापद

भिक्षु छन्नले गरेको अनाचारलाई भिक्षुहरूले त्यसो नगर्न भन्दा भिक्षु छन्नले 'मलाई यसरी नभन्नुहोस्' भनी उल्टा प्रतिकार गऱ्यो।

२/१२. भिक्खु पनेव दुब्बचजातिको होति उद्देसपरियापन्नेसु सिक्खापदेसु भिक्खूहि सहधम्मिकं वुच्चमानो अत्तानं अवचनीयं करोति-मा मं आयस्मन्तो किञ्चि अवचुत्थ कल्याणं

वा पापकं वा, अहम्पायस्मन्ते न किञ्चि वक्खामि कल्याणं वा पापकं वा, विरमथायस्मन्तो मम वचनायाति । सो भिक्खु भिक्खूहि एवमस्स वचनीयो–मायस्मा अत्तानं अवचनीयं अकासि, वचनीय मेवास्मा अत्तानं करोतु, आयस्मापि भिक्खू वदेतु सहधम्मेन, भिक्खूपि आयस्मन्तं वक्खन्ति सहधम्मेन । एवं संवद्धा हि तस्स भगवतो परिसा यदिदं अञ्ञमञ्ञवचनेन अञ्ञमञ्ञवुट्ठापनेनाति। एवञ्च सो भिक्खु भिक्खूहि वुच्चमानो तथेव पगगण्हेय्य, सो भिक्खु भिक्खूहि यावततियं समनुभासितब्बो तस्स पटिनिस्सग्गाय। यावततियं चे समनुभासियमानो तं पटिनिस्सज्जेय्यु, इच्चेतं कुसलं, नो चे पटिनिस्सज्जेय्य, संघादिसेसो ॥१६॥

यदि कुनै भिक्षु कटुभाषी, विहित शिक्षापदको बारेमा भिक्षुहरूद्वारा उचित तरिकाले भन्दा पनि, भन्दछ- तपाईहरू मलाई केही पनि नभन्नुहोस्। आयुष्मान्हरू मलाई राम्रो या नराम्रो केही नभन्नुहोस्। म पनि आयुष्मान्हरूलाई राम्रो या नराम्रो केही पनि भन्दिन। आयुष्मान्हरू ! मसंग कुरा गर्न मेहनत नगर्नुहोस्। तब भिक्षुहरूले त्यस भिक्षुलाई यो भन्नुपर्छ- आयुष्मान् ! आफूलाई अवचनीय (कुरा नसुन्ने) नबनाउनुहोस् । आयुष्मान् आफूलाई वचनीय नै बनाउनुहोस्। आयुष्मान्ले पनि भिक्षुहरूलाई उचित कुरा भन्नुहोस्। भिक्षुहरूले पनि आयुष्मान्लाई उचित कुरा भन्नेछन्। परस्पर सुन्ने सुनाउने, परस्पर उत्साह दिलाउनाले भगवान्को यो संघ सम्बद्ध हुन्छ। त्यस भिक्षुहरूद्वारा यसरी सम्झाउँदा पनि यदि त्यो भिक्षु त्यसरी नै आफ्नो जिदमा रहिरहेमा, अर्को भिक्षुले उसको जिदलाई हटाउनको लागि तीनपल्टसम्म भनियोस्। यदि तीनपल्ट भन्दा त्यस जिदलाई छाडेमा त्यो उसको लागि राम्रै हुने छ, यदि नछाडेमा संघादिसेस हुनेछ।

कुलदूसक सिक्खापद

एक समय भिक्षु अस्सजि पुनर्वसुहरूले अनाचार गरेको कुरा उपासकहरूले भगवान्लाई सुनाए।

२/१३. भिक्खु पनेव अञ्ञतरं गामं वा निगमं वा उपनिस्साय विहरति कुलदूसको पापसमाचारो। तस्सखो पापका समाचारा दिस्सन्ति चेव सुय्यन्ति च, कुलानि च तेन दुट्ठानि दिस्सन्ति चेव सुय्यन्ति च। सो भिक्खु भिक्खूहि एवमस्स वचनीयो–आयस्मा खो कुलदूसको पापसमाचारो, आयस्मतो खो पापका समाचारा दिस्सन्ति चेव सुय्यन्ति च, कुलानि, चायस्मता दट्ठानि दिस्सन्ति चेव सुय्यन्ति च। पक्कमतायस्मा इमम्हा आवासा। अलं ते इधवासेनाति। एवं च सो भिक्खु भिक्खूहि वुच्चमानो ते भिक्खु एवं वदेय्य–छन्दगामिनो च भिक्खू, दोसगामिनो च भिक्खू, मोहगामिनो च भिक्खू, भयगामिनो च भिक्खू तादिसिकाय अमपत्तिया एकच्चं पब्बाजेन्ति एकच्चं न पब्बाजेन्तीति। सो भिक्खु भिक्खूहि एवमस्स वचनीयो–मायस्मा एवं अवच। न च भिक्खु छन्दगामिनो। न च भिक्खू दोसगामिनो। न च भिक्खू मोगामिना। न

च भिक्खू भयगामिनो। आयस्मा खो कुलदूसको पापसमाचारो। आयस्मतो खो पापका समाचारा दिस्सन्ति चेव सुय्यन्ति च । कुलानि चायस्मता दुट्ठानि दिस्सन्ति चेव सुय्यन्ति च । पक्कमतायस्मा इमम्हा आवासा। अलंते इधवासेनाति। एवं च सो भिक्खु भिक्खूहि वुच्चमानो तथेव पग्गण्हेय्य, सो भिक्खु भिक्खूहि यावततियं समनुभासितब्बो तस्स पटिनिस्सग्गाय । यावततियं चे समनुभासीयमानो तं पटिनिस्सज्जेय्य, इच्चेतं कुसलं, नो चे पटिनिस्सज्जेय्य, संघादिसेसो ॥१७॥

कुनै भिक्षु कुनै गाउँ वा समुदायमा कुलदूषक र दुराचारी भएर बस्दछ। उसको दुराचार देखिन्छ पनि सुनिन्छ पनि । कुललाई उसले दूषित गरेको छ- यो देख्न पनि सकिन्छ, सुन्न पनि सकिन्छ । तब अन्य भिक्षुहरूले त्यस भिक्षुलाई यसो भन्नुपर्छ - आयुष्मान् कुलदूषक र दुराचारी हुनुहुन्छ। आयुष्मान्को दुराचार देखिन्छ पनि, सुनिन्छ पनि। आयुष्मान्को कुलहरूलाई दूषित गरेको छ- यो देख्न पनि सकिन्छ, सुन्न पनि सकिन्छ। यस विहारबाट आयुष्मान् जानुहोस्। तपाई यहाँ रहनु ठीक छैन।

भिक्षुहरूद्वारा यसरी भनिंदा यदि त्यो भिक्षुले यस्तो भनियोस्- भिक्षुहरू रागको पछि हिंड्ने हुन्, द्वेषको पछि हिंड्ने हुन्, मोहको पछि हिंड्ने हुन्, भयको पछि हिंड्ने हुन्। त्यही अपराधको लागि कसैलाई हटाउंछ, कसैलाई हटाउँदैन । तब यी भिक्षुहरूले त्यस भिक्षुलाई यसो भन्नुपर्छ- आयुष्मान् त्यसो नभन्नुहोस्। भिक्षुहरू रागको पछि हिंडने होइनन्, द्वेषको पछि हिंड्ने होइनन्, मोहको पछि हिंड्ने होइनन्, भयको पछि हिंड्ने होइनन्। आयुष्मान् कुलदूषक र दुराचारी हुनुहुन्छ। आयुष्मान्को दुराचार देखिन्छ पनि, सुनिन्छ पनि । आयुष्मान्को कुलहरूलाई दूषित गरेको छ- यो देख्न पनि सकिन्छ, सुन्न पनि सकिन्छ। यस विहारबाट आयुष्मान् जानुहोस्। तपाई यहाँ रहनु ठीक छैन। त्यस भिक्षुहरूद्वारा यसरी सम्झाउँदा पनि यदि त्यो भिक्षु त्यसरी नै आफ्नो जिदमा रहिरहेमा, अर्को भिक्षुले उसको जिदलाई हटाउनको लागि तीनपल्टसम्म भनियोस्। यदि तीनपल्ट भन्दा त्यस जिदलाई छाडेमा त्यो उसको लागि राम्रै हुनेछ, यदि नछाडेमा संघादिसेस हुनेछ।

उद्दिट्ठा खो आयस्मन्तो तेरस संघादिसेसा धम्मा । नव पठमापत्तिका, चत्तारो यावततियका। येसं भिक्खू अञ्ञतरं वा अञ्ञतरं वा आपज्जित्वा यावतीहं जानं पटिच्छादेति, तावतिहं तेन भिक्खुना अकामा परिवत्थब्बं। परिवुत्थ परिवासेन भिक्खुना उत्तरिं छारत्तं भिक्खुमानत्ताय पटिपज्जितब्बं। चिण्णमानत्तो भिक्खु यत्थ सिया वीसतिगणो भिक्खुसंघो, तत्थ सो भिक्खु अब्भेतब्बो। एकेनपि चे ऊनो वीसतिगणो भिक्खुसंघो तं भिक्खुं अब्भेय्य, सो च भिक्खु अनब्भितो, ते च भिक्खू गारय्हा, अयं तत्थ सामीचि ।

आयुष्मान्हरू ! यी तेह्र संघादिसेस हुन्- नौ प्रथम दोषयुक्त र चार तेश्रोपटकसम्म

दोहराउंदा। जसमा कुनै एक दोष गरेर भिक्षु जबसम्म कि जानेर प्रतिकार गर्दछ, तबसम्म अन्य भिक्षुहरूसंग एकसाथ निवास गर्ने इच्छा छोडी त्यो भिक्षुलाई परिवास गरियोस्। परिवास गरिसकेपछि फेरि ६ रातसम्म त्यो भिक्षुलाई मानत्त गरियोस्। मानत्त पुरा भएपछि त्यो भिक्षु जहाँ बीसजना भिक्षु भएको भिक्षुसंघ छ, त्यहाँ जावोस्। यदि बीसजना भिक्षुहरूमा एकजना पनि कमी भएमा र त्यस भिक्षुलाई दोषमुक्त गरेमा तब त्यो भिक्षु मुक्त हुँदैन र ती भिक्षुहरू निन्दनीय हुनेछन्। यो यहाँ उचित छ।

तत्थायस्मन्ते पुच्छामि-कच्चित्थ परिसुद्धा ? दुतियम्पि पुच्छामि-कच्चित्थ परिसुद्धा ? ततियम्पि पुच्छामि-कच्चित्थ परिसुद्धा ? परिसुद्धेत्थायस्मन्तो, तस्मा तुण्ही एवमेतं धारयामीति।

आयुष्मान्हरू सोध्दछु- के तपाईहरू यसमा शुद्ध हुनुहुन्छ ? दोश्रो पल्ट पनि सोध्दछु .....? तेश्रोपल्ट पनि ....? आयुष्मान्हरू शुद्ध हुनुहुन्छ, त्यसैले चुप हुनुहुन्छ, यसरी म धारण गर्दछु।

संघादिसेस समाप्त

३. अनियत

इमे खो पनायस्मन्तो द्वे अनियता धम्मा उद्देसं आगच्छन्ति-

आयुष्मान्‌हरू ! यी दुई अनियत धम्म प्रकाश पार्ने समय भएको छ-

पठम अनियत सिक्खापद

एक दिन भिक्षु उदायी गृहस्थको विवाहित छोरीको लोग्नेको घरमा गएर एकान्त कोठामा मैथुनयोग्य आसनमा बसेर कहिले प्रेमको, कहिले धर्मको कुरा गर्थ्यो । यो दृश्य विशाखा महाउपासिकाले देखेर सम्झाउँदा पनि नमान्दा विशाखा महाउपासिकाले भगवान्‌लाई सुनाइन् ।

३/१. यो पन भिक्खु मातुगामेन सद्धिं एको एकाय रहो पटिच्छन्ने आसने अलंकम्मनिये निसज्जं कप्पेय्य तमेनं सद्धेय्यवचसा उपासिका दिस्वा तिण्णं धम्मानं अञ्ञतरेन वदेय्य- पाराजिकेन वा संघादिसेसेन वा पाचित्तियेन वा, निसज्जं भिक्खु पटिजानमानो तिण्णं धम्मानं अञ्ञतरेन कारेतब्बो-पाराजिकेन वा संघादिसेसेन वा पाचित्तियेन वा येन वा सा सद्धेय्यवचसा उपासिका वदेय्य तेन सो भिक्खु कारेतब्बो । अयं धम्मो अनियतो ॥१८॥

यदि कुनै भिक्षु कुनै महिलासंग एक्लै एकान्त आसन मैथुनयोग्य स्थानमा बसेको होस् जहाँ उसलाई देखेर, श्रद्धालु उपासिकाले पाराजिका, संघादिसेस या पाचित्तिय यी ती कुराहरूमध्ये कुनै एकको कुरा चलाओस्, तब पनि बस्न स्वीकार गर्दा त्यस भिक्षुलाई पाराजिका, संघादिसेस या पाचित्तिय यी तीन कुराहरूमध्ये जसलाई त्यो विश्वासपात्र उपासिकाले बताउँदछ, त्यसै अपराधको अपराधी उसलाई बताउनुपर्छ । यस अपराधलाई अनियत भनिन्छ ।

दुतिय अनियत सिक्खापद

एक दिन भिक्षु उदायी त्यसै उपासिकासंग एकान्त स्थानमा प्रेमालाप गरेको विशाखाले देखेर भगवान्‌लाई सुनाइन् ।

३/२. न हेव खो पन पटिच्छन्नं आसनं होति नालंकम्मनियं, अलं च खो होति मातुगामं दुट्ठल्लाहि वाचाहि ओभासितुं । यो पन भिक्खु तथारूपे आसने मातुगामेन सद्धिं एको एकाय रहो निसज्जं कप्पेय्य, तमेनं सद्धेय्यवचसा उपासिका दिस्वा द्विन्नं धम्मानं अञ्ञतरेन वदेय्य- संघादिसेसेन वा पाचित्तियेन वा । येन निसज्जं भिक्खु पटिजानमानो द्विन्नं धम्मानं अञ्ञतरेन कारेतब्बो संघादिसेसेन वा पाचित्तियेन वा । येन वा सा सद्धेय्यवचसा उपासिका वदेय्य तेन सो भिक्खु कारेतब्बो । अयम्पि धम्मो अनियतो ।१९॥

चाहे न आसन गुप्त होस् र न मैथुनयोग्य होस्, तर महिलासंग अनुचित कुरा गर्न सकिन्छ, जो त्यस्तो स्थानमा कुनै महिलासंग एकसाथ एक्लै एकान्तमा बसोस् । जहाँ

उसलाई देखेर, श्रद्धालु उपासिकाले पाराजिका, संघादिसेस या पाचित्तिय यी तीन कुराहरूमध्ये कुनै एकको कुरा चलाओस्, तब बस्न स्वीकार गर्दा त्यस भिक्षुलाई पाराजिका, संघादिसेस या पाचित्तिय यी तीन कुराहरूमध्ये जसलाई त्यो विश्वासपात्र उपासिकाले बताउँदछ, त्यसै अपराधको अपराधी उसलाई बताउनुपर्छ। यस अपराधलाई अनियत भनिन्छ।

उद्दिट्ठा खो आयस्मन्तो द्वे अनियता धम्मा। तत्थायस्मन्ते पुच्छामि- कच्चित्थ परिसुद्धा ? दुतियम्पि पुच्छामि- कच्चित्थ परिसुद्धा ? ततियम्पि पुच्छामि- कच्चित्थ परिसुद्धा ? परिसुद्धत्था यस्मन्तो, तस्मा तुण्ही, एवमेतं धारयामीति।

आयुष्मान्हरू ! यी दुई अनियत दोष भनिएका छन्। आयुष्मान्हरूलाई सोध्दछु- के तपाईहरू यसमा शुद्ध हुनुहुन्छ ? दोश्रो पल्ट पनि सोध्दछु .....? तेश्रोपल्ट पनि ....? आयुष्मान्हरू शुद्ध हुनुहुन्छ, त्यसैले चुप हुनुहुन्छ, यसरी म धारण गर्दछु।

अनियत समाप्त

४. निस्सग्गिय पाचित्तिय

इमे खो पनायस्मन्तो तिंस निस्सग्गिया पाचित्तिया धम्मा उद्देसं आगच्छन्ति- आयुष्मान्हरू ! यी तीस अपराधलाई निस्सग्गिय पाचित्तिय भनिन्छ-

कठिनवग्गो पठमो

पठम कठिन सिक्खापद

त्रिचीवरको नियम छ भनेर ६ वर्गीय भिक्षुहरूले एक चीवर गाउँमा जाँदा, एक चीवर नुहाउँदा, एक चीवर विहारमा राख्दथे । अल्पेच्छुक भिक्षुहरूले त्यसको निन्दा गरे । पछि भिक्षु आनन्दलाई अतिरिक्त चीवर प्राप्त भयो। त्यो चीवर भिक्षु सारिपुत्रलाई प्रदान गर्न चाह्यो। तर उहाँ साकेतबाट नआइपुग्नुभएकोले केही दिनसम्म आफूसंग राख्नसक्ने थप नियम बन्यो ।

४/१) निट्ठितचीवरस्मिं भिक्खुना उब्भतस्मिं कठिने दसाहपरमं अतिरेकचीवरं धारेतब्बं । तं अतिक्कामयतो निस्सग्गियं पाचित्तियं ॥२०॥

चीवर तैयारी भइसकेपछि कठिन चीवर प्राप्त हुँदा बढीभन्दा बढी दश दिनसम्म अतिरिक्त चीवरलाई आफूसंग राख्नुपर्दछ । यस अवधिलाई अतिक्रमण गरेमा निस्सगिगय पाचित्तिय हुनेछ ।

तिचीवर विप्पवास सिक्खापद

केही भिक्षुहरू अन्य भिक्षुहरूको हातमा चीवर दिएर आफू जनपद चारिकामा जान्थे र विनाचीवर रहन्थे ।

४/२) निट्ठितचीवरम्मिं भिक्खुना उब्भतस्मिं कठिने एक रत्तंपि चे भिक्खु तिचीवरेन विप्पवसेय्य, अञ्ञत्र भिक्खुसम्मुतिया, निस्सग्गियं पाचित्तियं ॥२१॥

चीवर तयार भैसकेपछि कठिन चीवर प्राप्त हुँदा भिक्षुहरूको सम्मतिविना यदि भिक्षु एकरात पनि त्रिचीवररहित भएमा निस्सग्गिय पाचित्तिय हुनेछ ।

अकाल चीवर सिक्खापद

एक भिक्षुलाई अकाल चीवर प्राप्त भयो । उसले चीवर बनाउन सकेन । तर आशक्तिले चीवर कपडालाई साथै लिएर हिंड्न थाल्यो ।

४/३) निट्ठिचीवरस्मिं पन भिक्खुना उब्भतस्मिं कठिने भिक्खुनो पनेव अकालचीवरं उप्पज्जेय्य, आकंखमानेन भिक्खुना पटिग्गहेतब्बं । पटिग्गहेत्वा खिप्पमेव कारेतब्बं । नो चस्स पारिपूरि, मासपरमं तेन भिक्खुना तं चीवरं निक्खिपितब्बं ऊनस्स पारिपूरिया सतिया पच्चासाय । ततो चे उत्तरि निक्खिपेय्य, सतियापि पच्चासाय, निस्सग्गियं पाचित्तियं ॥२२॥

चीवर तयार हुँदा, कठिन चीवर प्राप्त हुँदा यदि भिक्षुलाई विनासमयको चीवर प्राप्त होस्, तब इच्छा भएमा भिक्षु त्यसलाई ग्रहण गर्न सक्दछ। ग्रहण गरेर तुरुन्तै दश दिनसम्ममा बनाइसक्नुपर्छ। यदि त्यसलाई पुरागर्न नसकेमा प्रत्याशा हुँदा कमीको पूर्तिको लागि एक महिनाभर भिक्षु त्यसलाई राख्न सक्दछ। प्रत्याशा हुँदा त्यसभन्दा बढी यदि राखेमा निस्सग्गिय पाचित्तिय हुनेछ।

पुराणचीवर सिक्खापद

एक दिन भिक्षु उदायीले एक भिक्षुणीसंग उठबस हुँदा गुह्य यौनाङ्ग देखाएर बस्यो। त्यस भिक्षुणीले पनि आफ्नो गुह्याङ्ग उदायीलाई देखाउँदै आसनमा बसिन् र यसको कारणले उदायीको वीर्यमोचन भयो। अन्तरवासकलाई त्यस भिक्षुणीले धुइन्।

४/४) यो पन भिक्खु अञ्ञातिकाय भिक्खुनिया पुराणचीवरं धोवापेय्य वा रजापेय्य वा आकोटापेय्य वा, निस्सग्गियं पाचित्तियं ॥२३॥

जो कुनै भिक्षु अज्ञातिकाणीबाट आफ्नो पुरानो चीवर धुलाएमा वा रंगाएमा वा पिटाएमा निस्सग्गिय पाचित्तिय हुनेछ।

चीवरप्पटिग्गहण सिक्खापद

एक दिन भिक्षुणी उप्पलवण्णालाई काँचो मासु प्राप्त भयो। त्यो मासु भगवान्को लागि पकाएर खुवाउन भिक्षु विहारमा आएर दिन आउँदा भिक्षु उदायीले उप्पलवण्णाको गुह्याङ्ग हेर्ने उद्देश्यले अन्तरवासक माग्यो। उदायीको जीदमा उप्पलवण्णाले आफ्नो अन्तर वासक खोलेर दिइन्।

४/५) यो पन भिक्खु अञ्ञातिकाय भिक्खुनिया हत्थतो चीवरं पटिग्गणहेय्य, अञ्ञत्र पारिवत्तका, निस्सग्गियं पाचित्तियं ॥२४॥

जो कुनै भिक्षु कुनै अज्ञातिका *(आमा वा बाबाको सम्बन्धबाट सात पीढीसम्म कुनै नाता नभएको)* भिक्षुणीको हातबाट साट्नको लागि बाहेक अन्य तवरले चीवर स्वीकार गरेमा निस्सग्गिय पाचित्तिय हुनेछ।

अञ्ञातक विञ्ञत्ति सिक्खापद

एक दिन भिक्षु शाक्यपुत्र उपनन्दकाहाँ एक गृहपति आएर 'के चाहिन्छ ?' भनेर अनुरोध गऱ्यो। उसले एक साटकको माग गऱ्यो। गृहपतिले साटक दियो।

४/६) यो पन भिक्खु अञ्ञातकं गहपतिं वा गहपतानिं वा चीवरं विञ्ञापेय्य, अञ्ञत्र समया, निस्सग्गिय्यं पाचित्तियं। तत्थायं समयो-अच्छिन्नचीवरो वा होति भिक्खु नट्ठचीवरो वा। अयं तत्थ समयो ॥२५॥

जो कुनै भिक्षु कुनै अज्ञातक उपासक उपासिकाबाट, खास अवस्थामा बाहेक,

चीवर दिनको लागि भनेमा निस्सग्गिय पाचित्तिय हुनेछ। खास अवस्था हो- भिक्षुको चीवर चोरी भएमा वा हराएमा ।

ततुत्तरि सिक्खापद

एक समय ६ वर्गीय भिक्षुहरूले चीवर फाट्दा गृहस्थहरूसंग चीवर मागे। फलस्वरूप धेरै चीवर जम्मा भयो ।

४/७) तं चे अञ्ञातको गहपति वा गहपतानी वा बहूहि चीवरेहि अभिहट्ठुं पवारेय्य सन्तरुत्तरपरमं तेन भिक्खुना ततो चीवरं सादितब्बं । ततो चे उत्तरि सादियेय्य, निस्सग्गियं पाचित्तियं ॥२६॥

त्यसै भिक्षुलाई यदि अज्ञातक उपासक उपासिकाले यथेच्छ चीवर प्रदान गरेमा त्यस चीवरमध्ये आफ्नो आवश्यकताभन्दा एक चीवर कम लेओस् । त्यसभन्दा अधिक लिएमा निस्सग्गिय पाचित्तिय हुनेछ ।

पठम उपक्खट सिक्खापद

एक दिन कुनै उपासक भिक्षु उपनन्दलाई चीवर दान गर्न आयो । उपनन्दले स्वीकार गऱ्यो । पछि रोक्दा पनि गएर चीवर बदल्न गयो ।

४/८) भिक्खुं पनेव उद्दिस्स अञ्ञातकस्स गहपतिस्स वा गहपतानिया वा चीवर चेतापन्नं उपक्खटं होति- इमिना चीवरचेतापन्नेन चीवरं चेतापेत्वा इत्थन्नामं भिक्खुं चीवरेन अच्छादेस्सामीति तत्र चे सो भिक्खु पुब्बे अप्पवारितो उकसंकमित्वा चीवरे विकप्पं आपज्जेय्य- साधु वत मं आयस्मा इमिना चीवरचेतापन्नेन एवरूपं वा एवरूपं चीवरं चेतापेत्वा अच्छादेहीति कल्याणकम्यतं उपादाय, निस्सग्गियं पाचित्तियं ॥२७॥

भिक्षुको लागि नै अज्ञातक उपासक उपासिकाले चीवरको लागि धन तयार गरि राखेको होस्- यस चीवरको धनले चीवर तयार गरी फलाना भिक्षुलाई हामी चीवर दान गर्नेछौं ।' त्यहाँ त्यो प्रदान गर्नुभन्दा पहिले नै पूर्व सूचना विना 'संचित वस्तु र धनले यस्तो यस्तो गरेर चीवर तयार गरे हुन्छ' भनी राम्रो प्राप्तिको इच्छा मनमा राखी भिक्षुले याचना गरे वा भने तब निस्सग्गिय पाचित्तिय हुनेछ ।

दुतिय उपक्खट सिक्खापद

४/८/२७ समान हो ।

४/९) भिक्खुं पन उद्दिस्स उभिन्नं अञ्ञातिकानं गहपतीनं वा गहपतानीनं वा पच्चेक चीवरचेतापन्ना उपक्खटानि होन्ति- इमेहि मयं पच्चेक चीवरचेतापन्नेहि पच्चेकचीवरानि चेतापेत्वा इत्थन्नामं भिक्खुं चीवरेहि अच्छादेस्सामाति तत्र चे सो भिक्खु पुब्बे अप्पवारितो उपससंकमित्वा चीवरे विकप्पं आपज्जेय्य साधु वत मं आयस्मन्तो इमेहि पच्चेकचीवर

चेतापन्नेहि एवरूपं वा एवरूपं वा चीवरं चेतापेत्वा अच्छादेथ, उभो व सन्ता एकेनाति, कल्याणकम्यतं उपादाय, निस्सग्गियं पाचित्तियं ॥२८॥

त्यस भिक्षुको लागि नै दुई अज्ञातक उपासक उपासिकाले चीवरको लागि धन तयार गरिराखेको होस्- यस चीवरको धनले चीवर तयार गरी फलाना भिक्षुलाई हामी चीवर दान गर्नेछौं ।' त्यहाँ त्यो भिक्षु चीवर प्रदान गर्नुभन्दा पहिले नै गएर राम्रोको इच्छाले चीवरमा हेरफेर गराओस्- राम्रो हुन्थ्यो आयुष्मान्हरू ! मलाई यस चीवरको धनले यस्तो यस्तो चीवर बनाएर प्रदान गर्नुहोस् तब निस्सग्गिय पाचित्तिय हुनेछ ।

राजसिक्खापद

४/८/२७ सरह नै हो ।

४/१०) भिक्खुं पन निस्साय राजा वा राजभोग्गो वा ब्राह्मणो वा गहपतिको वा दूतेन चीवरचेतापन्नं पहिणेय्य-इमिना चीवरचेतापन्नेन चीवरं चेतापेत्वा इत्थन्नामं भिक्खुं चीवरेन अच्छा देहीति । सो चे दूतो तं भिक्खुं उपसंकमित्वा एवं वदेय्य-इदं खो, भन्ते, आयस्मन्तं उद्दिस्स चीवरचेतापन्नं आभतं, पटिग्गण्हातु आयस्मा चीवरचेतापन्नंति । तेन भिक्खुना सो दूता एवमस्स वचनीयो-न खो मयं, आवुसो, चीवरचेतापन्नं पटिग्गण्हाम । चीवरं च खो मयं पटिग्गण्हाम, कालेन कप्पियंति । सो चे दूतो तं भिक्खुं एवं वदेय्य-अत्थि पनायस्मतो कोचि वेय्यावच्चकरोति, चीवरत्थिकेन, भिक्खवे, भिक्खुना वेय्यावच्चकरो निद्दिसितब्बो आरामिको वा उपासिको वा-एसो खो आवुसो, भिक्खूनं वेय्यावच्चकरोति । सो चे दूतो तं वेय्यावच्चकरं सञ्ञापेत्वा तं भिक्खुं उपसंकमित्वा एवं वदेय्य-यं खो भन्ते, आयस्मा वेय्यावच्चकरं निद्दिसि, सञ्ञतो सो मया, उपसंकमतु आयस्मा कालेन, चीवरेन तं अच्छादेस्सतीति । चीवरत्थिकेन, भिक्खवे, भिक्खुना वेय्यावच्चकरो उपसंकमित्वा द्वित्तिक्खत्तुं चोदेतब्बो सारेतब्बो-अत्थो मे, आवुसो, चीवरेनाति । द्वित्तिक्खत्तुं चोदयमानो सारयमानो तं चीवरं अभिनिप्फादेय्य, इच्चेतं कुसलं, नो चे अभिनिप्फादेय्य चतुक्खत्तुं पञ्चक्खत्तुं छक्खत्तुपरमं तुण्हीभूतेन उद्दिस्स ठातब्बं । चतुक्खत्तुं पञ्चक्खत्तुं छक्खत्तुपरमं तुण्ही भूता उद्दिस्स तिट्ठमानो तं चीवरं अभिनिप्फादेय्य, इच्चेतं कुसलं, ततो चे उत्तरि वायममानो तं चीवरं अभिनिप्फादेय्य, निस्सग्गियं पाचित्तियं । नो चे अभिनिप्फादेय्य, यतस्स चीवरचेतापन्नं आभतं, तत्थ सामं वा गन्तब्बं दूतो वा पाहेतब्बो-यं खो तुम्हे आयस्मन्तो भिक्खुं उद्दिस्स चीवरचेतापन्नं पहिणित्थ, न तं तस्स भिक्खुनो किञ्चि अत्थं अनुभोति, युञ्जन्तायस्सन्तो सकं, मा वो सकं विनस्साति । अयं तत्थ सामीचि ॥२९॥

त्यसै भिक्षुको लागि राजा, राजकर्मचारी, ब्राह्मण या गृहस्थ चीवरको लागि धनलाई दूतद्वारा पठावस्- यस चीवरको धनले चीवर तयार गरी फलाना भिक्षुलाई प्रदान गर !' तब त्यो दूत त्यस भिक्षुकाहाँ गएर यसरी भनियोस्- भन्ते ! आयुष्मान्को लागि यो

चीवरको धन आएको छ। यस चीवरको धनलाई आयुष्मान् स्वीकार गर्नुहोस्। तब त्यस भिक्षुले त्यस दूतलाई यसो भन्नुपर्छ- आवुस्! हामी चीवरको धनलाई लिंदैनौ। समयानुसार विहित चीवर नै हामी लिन्छौं।' यदि त्यो दूतले त्यस भिक्षुलाई यसो भनियोस्- के आयुष्मान्को कोही कामकाज गर्ने व्यक्ति छ?' तब भिक्षुहरू! त्यस भिक्षुले आश्रम सेवक या उपासक या कोही कामकाज गर्नेलाई देखाइदिनुपर्छ- आवुसो! यो भिक्षुहरूको कामकाज गर्ने व्यक्ति हो।' यदि त्यो दूत त्यस कामकाज गर्नेलाई सम्झाएर त्यस भिक्षुकाहाँ आएर यो भन्छ- भन्ते! आयुष्मान्ले जुन कामकाज गर्ने व्यक्तिलाई देखाउनुभएको छ, उसलाई मैले सम्झाइदिएं। आयुष्मान् समयमा जानुहोस्। उसले तपाईलाई चीवर प्रदान गर्ने छ।'

भिक्षुहरू! चीवरको आवश्यकता राख्ने भिक्षुलाई त्यस कामकाज गर्ने काहाँ गएर दुईतीन पल्ट याद गराउनुपर्छ- आवसो! मलाई चीवरको आवश्यकता छ। दुईतीनपल्ट प्रेरणा दिंदा, याद गराउंदा यदि चीवर प्रदान गरेमा ठीकै छ, प्रदान नगरेमा चार पाँचपल्ट, बढीभन्दा बढी ६ पल्ट उसकाहाँ गएर चुपचाप उभिनुपर्छ। चारपल्ट, पाँचपल्ट, बढीभन्दा बढी ६ पल्टसम्म चुपचाप उभिरहँदा यदि चीवर प्रदान गरेमा ठीक छ। त्यसभन्दा अधिक कोशिस गरेर चीवर प्राप्त गरेमा पाचित्तिय हुनेछ। यदि प्रदान नगरेमा जहाँबाट चीवरको धन आएको छ त्यहाँ स्वयं गएर वा दूत पठाएर भन्नुपर्छ- तपाई आयुष्मान्हरूले भिक्षुको लागि जुन चीवरको धन पठाउनुभएको थियो त्यो त्यस भिक्षुको कामको लागि भएन। आयुष्मान्हरू! आफ्नो धनलाई हेर्नुहोस्। तपाईहरूको त्यो धन नष्ट नहोस्- यो यहाँ उचित कर्तव्य हो।

कठिनवग्गो पठमो।

कोसियवग्गो दुतियो

कोसिय सिक्खापद

६ वर्गीय भिक्षुहरूले कौषेय मिश्रित आसन बनाउन लागे। अल्पेच्छुक भिक्षुहरूले निन्दा गरे - यसो गरेमा ससाना प्राणीहिंसा हुनेछ।

४/११) **यो पन भिक्खु कोसियमिस्सकं सन्थतं कारापेय्य, निस्सग्गियं पाचित्तियं ॥३०॥**

जो कोही भिक्षु कौषेय (किराबाट उत्पन्न रेसा जस्तै- रेशम, अंडी, टसर आदि) मिश्रित आसनलाई बनाएमा निस्सग्गिय पाचित्तिय हुनेछ।

सुद्धकालक सिक्खापद

६ वर्गीय भिक्षुहरूले कालो भेंडाको ऊनबाट आसन बनाउँथे। गृहस्थहरूले निन्दा गर्न थाले।

४/१२) **यो पन भिक्खु सुद्धकालकानं एलकलोमानं सन्थतं कारापेय्य, निस्सग्गियं पाचित्तियं ॥३१॥**

जो कोही भिक्षुले स्वाभाविक कालो भेडाको ऊनको आसन बनाएमा निस्सग्गिय पाचित्तिय हुनेछ ।

द्वेभाग सिक्खापद

६ वर्गीयहरूको दुराचारमा आधारित यो नियम बन्यो ।

४/१३) नवं पन भिक्खुना सन्थतं कारयमानेन द्वे भागा सुद्धकालकानं एलकलोमानं आदातब्बा ततियं ओदातानं चतुत्थं गोचरियानं । अनादा चे भिक्खु द्वे भागे सुद्धकालकानं एलकलोमानं ततियं ओदातानं, चतुत्थं गोचरियानं नवं सन्थतं कारापेय्य, निसग्गियं पाचित्तियं ॥३२॥

नयाँ आसन बनाउंदा भिक्षुले भेडाको ऊनबाट दुई भाग शुद्ध कालो, तेश्रोभाग सेता र चौथो भाग कपिल वर्णको लिनुपर्छ। यदि भिक्षु दुइभाग शुद्ध कालो तेश्रो भाग सेतो र चौथो भाग कपिल वर्णको भेडाको ऊन नलिएर नयाँ आसन बनाएमा निस्सग्गिय पाचित्तिय हुनेछ ।

छवस्स सिक्खापद

केही भिक्षु प्रतिवर्ष आसन बनाउँथे । अन्य भिक्षु र उपासकहरूलाई खिन्नता उत्पन्न भयो ।

४/१४) नवं पन भिक्खुना सन्थतं कारापेत्वा छब्बस्सानि धारेतब्बं । ओरेन चे छन्नं वस्सानं तं सन्थतं विस्सज्जेत्वा वा अविस्सज्जेत्वा वा अञ्ञं नवं सन्थतं कारापेय्य, अञ्ञत्र भिक्खु सम्मुतिया, निस्सग्गियं पाचित्तियं ॥३३॥

नयाँ आसन बनाएर भिक्षुले ६ वर्षसम्म धारण गर्नुपर्छ । यदि ६ वर्षभन्दा पहिले त्यस आसनलाई छोडेमा या नछोडिकन भिक्षुहरूको सम्मतिविना अर्को नयाँ आसनलाई बनाएमा निस्सग्गिय पाचित्तिय हुनेछ ।

निसीदन सन्थत सिक्खापद

एक दिन भगवान्लाई भेट्न आएका भिक्षुहरूलाई भेट्न नआउन आदेश दिनुभयो । त्यसै समय भिक्षु उपसेन भगवान्संग भेट्न आयो । पछि अन्य भिक्षुहरू भगवान्को दर्शन गर्न गए । तर आसन त्यहीं छाडेर गए ।

४/१५) निसीदन सन्थतं पन भिक्खुना कारयमानेन पुराणसन्थतस्स, सामन्ता सुगतविदत्थिं आदातब्बा दुब्बण्णकरणाय, अनादा चे भिक्खु पुराणसन्थतस्स सामन्ता सुगतविदत्थिं नवं निसीदनसन्थतं कारापेय्य, निस्सग्गियं पाचित्तियं ॥३४॥

बिछ्याउने आसन बनाउंदा भिक्षुले पुरानो आसनको छेउदेखि बुद्धको बित्ताभर दुर्वर्ण गर्नको लागि लिनुपर्दछ । यदि भिक्षु पुरानो आसनको छेउदेखि बुद्धको बित्ताभर नलिएर नयाँ आसन बनाएमा निस्सग्गिय पाचित्तिय हुनेछ ।

एलकलोम सिक्खापद

एक समय श्रावस्तीबाहिर जाँदा भिक्षुहरूलाई भेंडा-ऊन प्राप्त भयो। भिक्षुहरूले त्यसलाई बोकेर ल्याए। अन्य भिक्षु र गृहस्थहरूले त्यसको निन्दा गरे।

४/१६) **भिक्खुनो पनेव अद्धानमग्गपटिपन्नस्स एलकलोमानि उप्पज्जेय्युं। आकंखमानेन भिक्खुना पटिग्गहेतब्बानि। पटिग्गहेत्वा तियोजनपरमं सहत्था हरितब्बानि, असन्ते हारके। ततो चे उत्तरि हरेय्य, असन्ते पि हारके, निस्सग्गियं पाचित्तियं ॥३५॥**

बाटोमा हिंड्दा यदि भिक्षुलाई भेडाको ऊन प्राप्त भएमा इच्छा हुँदा लिन सक्दछ। लिंदा लगिदिने नपाएमा तीन योजनसम्म मात्र आफैले लान सक्दछ। लगिदिने नहुँदा पनि यदि त्यसभन्दा अगाडि लगेमा निस्सग्गिय पाचित्तिय हुनेछ।

एलकलोम धोवापन सिक्खापद

कपिलवस्तुमा ६ वर्गीय भिक्षुहरू रौंलाई अज्ञातिका भिक्षुणीद्वारा धुवाउँथे, रंगाउँथे, सिलाउँथे। यसकारणले भिक्षुणीहरू अधिशील, अधिचित्त, अधिप्रज्ञाबाट दूषित हुन्थे। यसबारे भिक्षुणी प्रजापति गौतमीले भगवान्‌लाई बताइन्।

४/१७) **यो पन भिक्खु अञ्ञातिकाय भिक्खुनिया एलकलोमानि धोवापेय्य वा रजापेय्य वा विजटापेय्य वा, निस्सग्गियं पाचित्तियं ॥३६॥**

जो कोही भिक्षुले अज्ञातिका भिक्षुणीबाट भेडाको ऊनलाई धुवाएमा, रंगाएमा, लट्टा फोडाएमा निस्सग्गिय पाचित्तिय हुनेछ।

रूपिय सिक्खापद

एकदिन एक उपासकले भिक्षु उपनन्दलाई खुवाउन मासु तयार गरिराख्यो। तर त्यो मासु उसको बच्चाले खाइदियो। पछि भिक्षु उपनन्दले मासुको सट्टा पैसा ग्रहण गऱ्यो।

४/१८) **यो पन भिक्खु जातरूपरजतं उग्गण्हेय्य वा उग्गण्हापेय्य वा उपनिक्खित्तं वा सादियेय्य, निस्सग्गियं पाचित्तियं ॥३७॥**

जो कोही भिक्षुले सुन, चाँदीलाई ग्रहण गरेमा या ग्रहण गराएमा या राखेकोलाई उपयोग गरेमा निस्सग्गिय पाचित्तिय हुनेछ।

रूपियसंवोहार सिक्खापद

६ वर्गीय भिक्षुहरू श्रावस्तीमा विभिन्न प्रकारका रूपैया व्यवहार गर्दथे।

४/१९) **यो पन भिक्खु नानप्पकारकं रूपियसंवोहारं समापज्जेय्य, निस्सग्गियं पाचित्तियं ॥३८॥**

जो कोहीले भिक्षु नाना प्रकारको रूपैयां (सिक्का) को व्यवहार गरेमा निस्सग्गिय पाचित्तिय हुनेछ।

कयविक्कय सिक्खापद

श्रावस्तमि भिक्षु उपनन्द अन्य भिक्षुहरूसंग किनबेच गर्दथ्यो। वस्त्र लिएर संघाटी दिन्थ्यो।

४/२०) यो पन भिक्खु नानप्पकारकं कयविक्कयं समापज्जेय्य, निस्सग्गियं पाचित्तियं ॥३९॥

जो कोही भिक्षुले नाना प्रकारको खरीद बिक्रीको काम गरेमा निस्सगिगय पाचित्तिय हुनेछ।

कोसियवग्गो दुतियो।

पत्तवग्गो ततियो

पत्त सिक्खापद

६ वर्गीय भिक्षुहरू धेरै पात्रहरू जम्मा गर्थे। एकदिन भिक्षु आनन्दलाई पात्र प्राप्त भयो। त्यो भिक्षु सारिपुत्रलाई दिन चाह्यो। तर दशदिनपछि मात्र आउने भएकोले दश दिनसम्म राख्न पाउने थप नियम बन्यो।

४/२१) दसाहपरमं अतिरेकपत्तो धारेतब्बो। तं अतिक्कामयतो निस्सग्गियं पाचित्तियं ॥४०॥

बढी भिक्षापात्रलाई बढीमा दशदिनसम्म राख्न सक्दछ। यसको अतिक्रमण गरेमा निस्सगिगय पाचित्तिय हुनेछ।

ऊन पञ्चबन्धन सिक्खापद

कपिलवस्तुमा एक कुम्भकारले पात्र आवश्यक भएमा लिन आउन भन्यो। भिक्षुहरूले जथाभावी पात्र लिन गए। एक भिक्षुको पात्र फुट्यो र विनापात्र नै भिक्षा माग्यो। त्यस भिक्षुले नयाँ पात्र लियो। तब ६ वर्गी भिक्षुहरूले सानो प्वाल परे पनि नयाँ पात्र बदल्न थाले। यसले गर्दा कुम्भकार धेरै दुःखीत भयो।

४/२२) यो पन भिक्खु ऊनपञ्चबन्धनेन पत्तेन अञ्ञं नवं पत्तं चेतापेय्य, निस्सग्गियं पाचित्तियं। तेन भिक्खुना सो पत्तो भिक्खुपरिसाय निस्सज्जितब्बो। यो च तस्सा भिक्खुपरिसाय पत्तपरियन्तो सो तस्स भिक्खुनो पदातब्बो-अयं ते, भिक्खु, पत्तो याव भेदनाय धारेतब्बोति अयं तत्थ सामीचि ॥४१॥

जो कोही भिक्षु पाँचभन्दा कम ठाउँमा प्वाल परेको पात्रले अर्को नयाँ पात्र बदलेमा निस्सगिगय पाचित्तिय हुनेछ। त्यस भिक्षुलाई त्यस पात्र भिक्षुसंघलाई दिनुपर्छ र जुन पात्र भिक्षुसंघको अन्तिम पात्र हो, त्यस भिक्षुलाई यसो भनेर दिनुपर्छ- भिक्षु यो तिम्रो लागि पात्र हो। जबसम्म फुट्दैन तबसम्म धारण गर्नु।' यो यहाँ उचित छ।

भेसज्ज सिक्खापद

एक समय एक गरीब बच्ची गहनाको कारणले रुएकी देखेर भिक्षु पिलिन्दवच्छले ऋद्धिशक्तिले गहना गयार गरिदियो। गाउँलेहरू 'एक गरीबसंग कसरी मूल्यवान गहना

आयो ?' भनेर शंका गर्दै राजाकाहाँ पुऱ्याए । यो सुनेर भिक्षु पिलिन्दवच्छ दरवारमा गएर सारा सम्पत्ति सुनै सुनको बनायो । तब राजाले कुरा बुझेर त्यस गरीब परिवारलाई छोडिदियो । तब जनता खुसी भएर घीउ, नौनी, तेल, मह, सख्खर आदि प्रशस्त दान गर्न थाले । आवश्यकताभन्दा बढी संग्रह हुन थाल्यो ।

४/२३) **यानि खो पन तानि गिलानानं भिक्खूनं पटिसायनीयानि भेसज्जानि, सेय्यथिदं- सप्पि नवनीतं तेलं मधु फाणितं, तानि पटिग्गहेत्वा सत्ताहपरमं सन्निधिकारकं परिभुञ्जितब्बानि । तं अतिक्कामयतो निस्सग्गियं पाचित्तियं ॥४२॥**

भिक्षुलाई घीउ, मक्खन, तेल, मह, सक्खर, आदि रोगी भिक्षुहरूको सेवन योग्य पथ्यलाई ग्रहण गरी बढीमा एक हप्तासम्म भोग गर्नुपर्छ । यसको अतिक्रमण गरेमा निस्सग्गिय पाचित्तिय हुनेछ ।

वस्सिक साटिक सिक्खापद

६वर्गीय भिक्षुहरूले वस्सिक साटिक समयभन्दा अघि नै खोजी गरेर लगाउन थाले ।

४/२४) **मासो सेसो गिम्हानंति भिक्खुना वस्सिकसाटिकचीवरं परियेसितब्बं, अद्धमासो सेसो गिम्हानंति कत्वा निवासेतब्बं। ओरेन चे मासो सेसो गिम्हानन्ति वस्सिकसाटिकचीवरं परियेसेय्य, ओरेनद्धमासो सेसो गिम्हानंति कत्वा निवासेय्य, निस्सग्गियं पाचित्तियं ॥४३॥**

गृष्म ऋतुको एक महिना बाकी रहंदा भिक्षुलाई वस्सिक साटिका (नुहाउने कपडा) को लागि प्रयत्न गर्नुपर्छ । गृष्मको आधामहिना बांकी रहंदा लगाउनुपर्छ । गृष्मको एक महिना बाकी हुनुभन्दा अघि यदि वस्सिक साटिका खोजी गरेमा वा गृष्मको आधा महिनाअघि लगाएमा निस्सग्गिय पाचित्तिय हुनेछ ।

चीवर अच्छिन्दन सिक्खापद

एक दिन चिक्षु उपनन्दले कुनै भिक्षुलाई संगै चारिकामा जान भन्यो। त्यस भिक्षुले चीवर पुरानो भएको कुरा सुनायो । तब उपनन्दले चीवर दियो त्यस भिक्षुलाई । तर पछि त्यो भिक्षु भगवान्‌संग चारिकामा जान तयार भयो । तब रिसले पहिले दिएको चीवर खोस्न थाल्यो ।

४/२५) **यो पन भिक्खु भिक्खुस्स सामं चीवरं दत्वा कुपितो अनत्तमनो अच्छिन्देय्य वा अच्छिन्दापेय्य वा, निस्सग्गियं पाचित्तियं ॥४४॥**

जो कोही भिक्षु अर्को भिक्षुलाई स्वयंले चीवर दिएर पछि कुपित भएर, रिसाएर खोस्ने वा खोस्न लगाएमा निस्सग्गिय पाचित्तिय हुनेछ ।

सुत्तविञ्ञत्ति सिक्खापद

राजगृहमा ६ वर्गीय भिक्षुहरूले आफैले धागो मागेर जुलाहालाई चीवर बनाउन दिए ।

४/२६) **यो पन भिक्खु सामं सुत्तं विञ्ञापेत्वा तन्तवायेहि चीवरं वायापेय्य, निस्सग्गियं पाचित्तियं ॥४५॥**

जो कोही भिक्षु स्वयं धागो मागेर जुलाहाबाट चीवर बुन्न लगाएमा निस्सग्गिय पाचित्तिय हुनेछ ।

महापेसकार सिक्खापद

श्रावस्तीमा कुनै उपासकले भिक्षु उपनन्दको लागि चीवर बनाउन जुलाहालाई आदेश दियो। भिक्षु उपनन्दले थाहा पाएर, जुलाहाकाहाँ गएर आफ्नो इच्छाअनुसार बनाउन लगायो। तर त्यसप्रकारको चीवर बनाउन सम्भव नभएपछि जुलाहा उपासकलाई भन्न गयो। उपासकले पनि थप धागो दिएर पठायो। तब चीवर तयार गरेर उपनन्दलाई दियो।

४/२७) भिक्खुं पनेव उद्दिस्स अञ्ञातको गहपति वा गहपतानी वा तन्तवायेहि चीवरं वायापेय्य, तत्र चे सो भिक्खु पुब्बे अप्पवारितो तन्तवाये उपसंकमित्वा चीवरे विकप्पं आपज्जेय्य-इदं खो, आवुसो, चीवरं मं उद्दिस्स विय्यति। आयतं च करोथ वित्थतं च। अप्पितं च सुवीतं च सुप्पवायितं च सुविलेखितं च सुवितच्छितं च करोथ। अप्पेव नाम मयं पि आयस्मन्तानं किञ्चिमत्तं अनुपदज्जेय्यामाति। एवं च सो भिक्खु वत्वा किञ्चिमत्तं अनुपदज्जेय्य अन्तमसो पिण्डपातमत्तं पि, निस्सग्गियं पाचित्तियं ॥४६॥

त्यसै भिक्षुको लागि अज्ञातक उपासक उपासिकाले जुलाहाद्वारा चीवर बुनाएमा र त्यो भिक्षु प्रदान गर्नअघि नै जुलाहाकाहाँ गएर चीवरमा हेरफेर गराएमा- आवुसो ! यो चीवर मेरो लागि बुनिएको छ। यसलाई लामो चौडा बनाऊ। बाक्लो, राम्ररी कस्सिएको, राम्ररी बुनिएको, राम्ररी मलिएको, राम्ररी छ्यांटेको, बनाऊ, तब हामी आयुष्मान्हरूलाई केही दिनेछौं। नभए केही भिक्षाबाट नै, तब निस्सगिगय पाचित्तिय हुनेछ।

अच्चेक चीवर सिक्खापद

श्रावस्तीमा एक उपासकले भिक्षुहरूको लागि वस्सिक साटिक दान गर्न दूत पठायो। तर भिक्षुहरू आएनन्। उपासक रिसायो। तब भगवान्ले अतिरिक्त चीवर ग्रहण गर्ने विनय बनाउनुभयो। तर पछि भिक्षुहरूले चीवर ग्रहण गरेर चिरकालसम्म राख्ने गरे। यो कुरा भिक्षु आनन्दले भगवान्लाई भन्यो।

४/२८) दसाहानागतं कत्तिक-तेमासिकपुण्णमं भिक्खुनो पनेव अच्चेकचीवरं उप्पज्जेय्य, अच्चेक मञ्ञमानेन भिक्खुना पटिग्गहेतब्बं, पटिग्गहेत्वा याव चीवरकालसमयं निक्खिपितब्बं। ततो चे उत्तरि निक्खिपेय्य, निस्सग्गियं पाचित्तियं ॥४७॥

कार्तिकको त्रैमासी पूर्णिमा आउनुभन्दा दसदिन पहिला यदि भिक्षुलाई बढी चीवर प्राप्त भएमा बढी सम्झिंदै भिक्षुले ग्रहण गर्नुपर्छ। ग्रहण गरेर चीवरकालसम्म राख्नुपर्छ। त्यसपछि यदि राखेमा निस्सगिगय पाचित्तिय हुनेछ।

सासंक सिक्खापद

श्रावस्तीमा भगवान्ले आरण्यवासीको लागि त्रिचीवरमध्ये एक चीवरलाई अन्तरघरमा राख्न सक्छ र बढीमा ६ दिनसम्म अतिरिक्त चीवरविना रहनसक्छ भन्ने विनय बनाउनुभयो। तर त्यस भिक्षुहरूले यो विनयको उल्लंघन गर्न थाले।

४/२९) उपवस्सं खो पन कत्तिकपुण्णमं यानि खो पन तानि आरञ्ञकानि सेनासनानि सासंकसम्मतानि सप्पटिभयानि तथारूपेसु भिक्खु सेनासनेसु विहरन्तो आकङ्खमानो तिण्णं चीवरानं अञ्ञतरं चीवरं अन्तरघरे निक्खिपेय्य, सिया च तस्स भिक्खुनो कोचिदेव पच्चयो तेन चीवरेन विप्पवासाय। छारत्तपरमं तेन भिक्खुना तेन चीवरेन विप्पवसितब्बं। ततो चे उत्तरि विप्पवसेय्य, अञ्ञत्र भिक्खुसम्मुतिया, निस्सग्गियं पाचित्तियं ॥४८॥

वर्षावास गर्दै कार्तिक पूर्णिमासम्म शंकायुक्त, भएरहित, आरण्यक आश्रमा रहँदै भिक्षुले चाहेमा तीन चीवरमध्ये एक चीवरलाई राख्न सक्छ। यदि उसलाई त्यस चीवरको हराउने डर भएमा। तर त्यस भिक्षुलाई बढीमा ६ रातसम्म त्यस चीवरविना रहनुपर्छ। यदि भिक्षुहरूको सम्मतिविना त्यसभन्दा अधिक विनाचीवर रहेमा निस्सग्गिय पाचित्तिय हुनेछ।

परिणत सिक्खापद

६ वर्गीय भिक्षुहरूले श्रावस्तीमा संघलाई दिएको चीवरहरू निजी गर्न थाले। जब भिक्षुहरू दायककाहाँ पुगे तब मात्र थाहा पाए।

४/३०) यो पन भिक्खु जानं संघिकं लाभं परिणतं अत्तनो परिणामेय्य, निस्सग्गियं पाचित्तियं ॥४९॥

जो कोही भिक्षुसंघको लागि प्राप्त बस्तु आफ्नो लागि परिवर्तन गराएमा निस्सग्गिय पाचित्तिय हुनेछ।

पत्तवग्गो ततियो।

उद्दिट्ठा खो, आयस्मन्तो, तिंस निस्सग्गिया पाचित्तिया धम्मा। तत्थायस्मन्ते पुच्छामि- कच्चित्थ परिसुद्धा ? दुतियम्पि पुच्छामि-कच्चित्थ परिसुद्धा ? ततियम्पि पुच्छामि-कच्चित्थ परिसुद्धा ? परिसुद्धेत्थायस्मन्तो, तस्मा तुण्ही, एवमेतं धारयामीति।

आयुष्मान्हरू ! तीस निस्सग्गिय पाचित्तिय दोष भनियो। आयुष्मान्हरू सोध्दछु- के तपाईहरू यसमा शुद्ध हुनुहुन्छ ? दोश्रो पल्ट पनि सोध्दछु .....? तेश्रोपल्ट पनि ....? आयुष्मान्हरू शुद्ध हुनुहुन्छ, त्यसैले चुप हुनुहुन्छ, यसरी म धारण गर्दछु।

निस्सग्गिय पाचित्तिय समाप्त

५. सुद्ध पाचित्तिय

इमे खो पनायस्मन्तो द्वेनवुति पाचित्तिया धम्मा उद्देसं आगच्छन्ति-

आयुष्मान्हरू ! यी बयानब्बे पाचित्तिय धम्म देशना गर्ने समय भएको छ-

मुसावाद वग्गो

मुसावाद सिक्खापद

श्रावस्तीमा भिक्षु हस्तक शाक्यपुत्रले अन्य धर्मालम्बीलाई वादविवादमा हराउन झूठो बोल्यो ।

५/१) सम्पजान मुसावादे पाचित्तियं ॥५०॥

जानीजानी झूठो बोलेमा पाचित्तिय हुनेछ ।

ओमसवाद सिक्खापद

श्रावस्तमिा ६ वर्गीय भिक्षुहरू अन्य शान्त भिक्षुहरूसंग झगडा गर्दै जाति, नाम, गोत्र, कर्म, शिल्प, आवाध लिंग आदि विषय लिएर आपत्तिजनक, हीन शब्दले गाली गर्दथे ।

५/२) ओमसवादे पाचित्तियं ॥५१॥

ओमसवाद गरेमा पाचित्तिय हुनेछ ।

पेसुञ्ञ सिक्खापद

६वर्गीय भिक्षुहरू अन्य भिक्षुहरूको चुक्ली गर्दथे ।

५/३) भिक्खुपेसुञ्ञे पाचित्तियं ॥५२॥

भिक्षुहरूको चुक्लि गरेमा पाचित्तिय हुनेछ ।

पदसो धम्म सिक्खापद

६वर्गीय भिक्षुहरूले उपासकहरूलई पदको क्रमैले धर्म उपदेश गर्दथे ।

५/४) यो पन भिक्खु अनुपसम्पन्नं पदसो धम्मं वाचेय्य पाचित्तियं ॥५३॥

भिक्षुले अनुपसम्पन्नलाई पदको क्रमले धर्मपाठ गराएमा पाचित्तिय हुनेछ ।

पठम सहसेय्य सिक्खापद

आलवीको अग्गालव चैत्यमा उपासकहरू धर्मश्रवण गर्न आए र धर्मदेशना सुनेर त्यहीं सुते । नयाँ भिक्षुहरू उनीहरू संगै सुते । उपासकहरूले यसको निन्दा गरे ।

५/५) यो पन भिक्खु अनुपसम्पन्नेन उत्तरिदिरत्ततिरत्तं सहसेय्यं कप्पेय्य, पाचित्तियं ॥५४॥

जो कोही भिक्षु अनुपसम्पन्नलाई दुइतीन रातभन्दा बढी संगै ओछ्यानमा राखेमा पाचित्तिय हुनेछ ।

दुतिय सहसेय्य सिक्खापद

भिक्षु अनिरुद्ध एक समय एक गाउँमा जाँदा एक रातको लागि एक महिलाले आफ्नो घरमा बस्न अनुमति दिइन् । राती संगै सुत्न उपासिकाले अनुमति माग्दा अनिरुद्धले मौनभावले स्वीकार गऱ्यो । पछि उपासिका अलंकृत भएर अनिरुद्धलाई फकाउन थालिन् । अनिरुद्धले अनेक प्रकारले सम्झाएर धर्ममार्गमा ल्यायो ।

५/६) यो पन भिक्खु मातुगामेन सहसेय्यं कप्पेय्य पाचित्तियं ॥५५॥

जो कोही भिक्षु महिलासंग सुतेमा पाचित्तिय हुनेछ ।

धम्मदेसना सिक्खापद

भिक्षु उदायी एक समय एकान्तघरमा एक्लै भएकी एक उपासिकालाई धर्मोपदेश गऱ्यो । यसको निन्दा भयो । पछि उपासिकाहरूको अनुरोधमा भगवान्बाट ५/६ वचनको धर्म देशना गर्न पाइने भयो ।

५/७) यो पन भिक्खु मातुगामस्स उत्तरिछप्पञ्चवाचाहि धम्मं देसेय्य, अञ्ञत्र विञ्ञुना पुरिसविग्गहेन, पाचित्तियं ॥५६॥

विज्ञ पुरुषलाई छोडी जो कोही भिक्षु महिलालाई मात्र ५/६ वचनभन्दा अधिक धर्मोपदेश गरेमा पाचित्तिय हुनेछ ।

भूतारोचन सिक्खापद

वैशालीमा दुर्भिक्षको समयमा भोजन प्राप्त हुन गाह्रो भएपछि भिक्षुहरूले दिव्यशक्ति प्रदर्शन गरी भोजन प्राप्त गरे ।

५/८) यो पन भिक्खु अनुपसम्पन्नस्स उत्तरिमनुस्सधम्मं आरोचेय्य भूतस्मिं, पाचित्तियं ॥५७॥

जो कोही भिक्षु अनुपसम्पन्नलाई दिव्यशक्तिको बारेमा यथार्थ पनि बताएमा पाचित्तिय हुनेछ ।

दुट्ठल्लारोचन सिक्खापद

भिक्षु उपनन्द ६ वर्गीय भिक्षुहरूसंग झगडा गर्दथ्यो । एक दिन भिक्षु आनन्दले वीर्य मोचन गर्दा संघादिसेस (नं.१ हेर्नुहोस्) को सजायस्वरूप परिवासको दण्ड पायो । यो कुरा ६ वर्गीय भिक्षुहरूले अनुपसम्पन्नहरूलाई बताए ।

५/९) यो पन भिक्खु भिक्खुस्स दुट्ठल्लं आपत्तिं अनुपसम्पन्नस्स आरोचेय्य, अञ्ञत्र भिक्खुसम्मुतिया, पाचित्तियं ॥५८॥

जो कोही भिक्षुले कोही भिक्षुको ठूलो अपराधलाई भिक्षुहरूको सम्मत्तिविना अनुपसम्पन्नलाई भनेमा पाचित्तिय हुनेछ ।

पठवि खणन सिक्खापद

आलवक भिक्षुले नवकर्म गर्दा गराउँदा जमिन खन्थ्यो, परिणामतः एकेन्द्रिय जीवहरूका विनाश हुन्थे ।

५/१०) यो पन भिक्खु पथविं खणेय्य वा खणापेय्य वा, पाचित्तियं ॥५९॥

जो कोही भिक्षुले जमिन खनेमा वा खन्न लगाएमा पाचित्तिय हुनेछ ।

मुसावाद वग्गो पठमो ।

भूतगाम वग्गो

भूतगाम सिक्खापद

आलवक भिक्षु नवक (निर्माण) कर्म गराउँदा रुख काट्थ्यो, कटाउँथ्यो । एउटा रुख काट्दा रुखमा रहेको रुखदेवतालाई चोट लाग्यो । त्यस रुखदेवताले उसको हत्या गर्न चाहेको थियो । तर भगवान्ले रोक्नुभयो ।

५/११) भूतगामपातव्यताय पाचित्तियं ॥६०॥

भूतगाम (घाँस पात आदि) काटेमा पाचित्तिय हुनेछ ।

अञ्ञवादक सिक्खापद

कौशाम्बीमा भिक्षु छन्नले अनाचार गर्दा संघले गरेको सोधपूछमा सही जवाफ दिएन ।

५/१२) अञ्ञवादके विहेसके पाचित्तियं ॥६१॥

संघले सोध्दा जवाफ नदिएर हैरान गरेमा पाचित्तिय हुनेछ ।

उज्झापनक सिक्खापद

दर्भमल्लपुत्रले संघलाई भोजन दान गर्दथ्यो । मेत्तिय र भुम्मिज भिक्षुहरूले यो दर्भमल्लपुत्रको अहंकार सम्झेर निन्दा गर्दथे ।

५/१३) उज्झापनके खिय्यनके पाचित्तियं ॥६२॥

अरुको निन्दा बदनामी गरेमा पाचित्तिय हुनेछ ।

पठम सेनासन सिक्खापद

श्रावस्तीमा भिक्षुहरू हेमन्तकालमा खुला स्थानमैं खाटमा सुत्थे । तर नउठाई जान्थे ।

५/१४) यो पन भिक्खु संघिकं मञ्चं वा पीठं वा भिसिं वा कोच्छं वा अज्झोकासे संथरित्वा वा सन्थरापेत्वा वा तं पक्कमन्तो नेव उद्धरेय्य न उद्धरापेय्य, अनापुच्छं वा गच्छेय्य, पाचित्तियं ॥६३॥

जो कोही भिक्षुसंघको खाटा, पीर्का, ओछ्यान डसना आदिलाई खुला ठाउँमा

बिछ्याएर त्यहाँबाट जाने समयमा त्यसलाई नउठाएमा वा उठाउन नलगाएमा या विनासोधेर गएमा पाचित्तिय हुनेछ ।

दुतिय सेनासन सिक्खापद

सत्रवर्गीय भिक्षुहरू संघको विहारमा खाटमा सुत्थे । तर नउठाइकनै जान्थे ।

५/१५) **यो पन भिक्खु संघिके विहारे सेय्यं सन्थरित्वा वा सन्थरापेत्वा वा तं पक्कमन्तो नेव उद्धरेय्य न उद्धरापेय्य, अनापुच्छं वा गच्छेय्य, पाचित्तियं ॥६४॥**

जो कोही भिक्षुले सांघिक विहारमा बिछ्यौना बिछ्याएर वा बिछ्याउन लगाएर त्यहाँबाट जाने बेलामा न उठाउंछ न उठाउन लगाउंछ वा नसोधी गएमा पाचित्तिय हुनेछ ।

अनुपखज्ज सिक्खापद

६ वर्गीय भिक्षुहरू पहिला आएका भिक्षुहरूको ख्याल नगरी सुत्दथे ।

५/१६) **यो पन भिक्खु संघिके विहारे जानं पुब्बुपगतं भिक्खुं अनुपखज्ज सेय्यं कप्पेय्य-यस्स सम्बाधो भविस्सति सो पक्कमिस्सतीति, एतदेव पच्चयं करित्वा अनञ्ञं, पाचित्तियं ॥६५॥**

जो कोही भिक्षु जानीजानी सांघिक विहारमा पहिले नै आएको भिक्षुको ख्याल नगरी, यही सोचेर कि अर्कोले यसरी आसन नलगावस्, जसले पहिले आउने दिक्दार भएर जावस् तब पाचित्तिय हुनेछ ।

निक्कड्ढन सिक्खापद

श्रावस्तीमा ६ वर्गीय भिक्षुहरूले केही भिक्षुहरूलाई रिसले गर्धन पक्रेर विहार बाहिर निकालिदिए ।

५/१७) **यो पन भिक्खु भिक्खुं कुपितो अनत्तमनो संघिका विहारा निक्कड्ढेय्य वा निक्कड्ढापेय्य वा, पाचित्तियं ॥६६॥**

जो कोही भिक्षुले कुपित र असन्तुष्ठ भएर अर्को भिक्षुलाई सांघिक विहारबाट निकालेमा वा निकाल्न लगाएमा पाचित्तिय हुनेछ ।

वेहासकुटि सिक्खापद

एक विहारको तलामाथि भिक्षु जोर जोरले चढ्थ्यो, बस्थ्यो र तल बसेको भिक्षुमाथि दलीनका टुक्राहरू खस्थ्यो ।

५/१८) **यो पन भिक्खु संघिके विहारे उपरिवेहासकुटिया आहच्चपादकं मञ्चं वा पीठं वा अभिनिसिदेय्य वा अभिनिपज्जेय्य वा, पाचित्तियं ॥६७॥**

जो कोही भिक्षु सांघिक विहारमा माथिल्लो कोठामा खुट्टा पछार्दै खाट या पीर्कामा जबरजस्ती बसेमा वा सुतेमा पाचित्तिय हुनेछ ।

महल्लक विहार सिक्खापद

कौशाम्बीमा भिक्षु छन्न विहारको मरम्मत गर्ने समयमा जौ खेतबीचमा गएर उभिन्थ्यो । त्यसले किसानहरू रिसाउँथे ।

५/१९) महल्लकं पन भिक्खुना विहारं कारयमानेन यावद्वारकोसा अग्गलट्ठपनाय आलोकसन्धिपरिकम्माय द्वत्तिच्छदनस्स परियायं अप्पहरिते ठितेन अधिट्ठातब्बं । ततो चे उत्तरिं अप्पहरिते पि ठितो अधिट्ठहेय्य, पाचित्तियं ॥६८॥

भिक्षुलाई महल्लक (स्वामीयुक्त) विहार बनाउँदा ढोकामा खापाहरू बन्द गरेर र लिप्ने समय हरियालीबाट अलग उभिएर गर्नुपर्छ । त्यसभन्दा अगाडि यदि हरियालीमा उभिएर गरेमा पाचित्तिय हुनेछ ।

सप्पाणक सिक्खापद

आलवक भिक्षु नवकर्म गर्ने समयमा प्राणीसहितको पानीले घाँस र माटोलाई सिँच्ने गर्थ्यो ।

५/२०) यो पन भिक्खु जानं सप्पाणकं उदकं तिणं वा मत्तिकं वा सिञ्चेय्य वा सिञ्चपेय्य वा, पाचित्तियं ॥६९॥

जो कोही भिक्षुले जानीजानी प्राणीसहित पानीले घाँस या माटोमा सिँचेमा वा सिच्न लगाएमा पाचित्तिय हुनेछ ।

भूतगाम वग्गो दुतियो ।

भिक्खुनोवाद वग्गो

ओवाद सिक्खापद

श्रावस्तीमा स्थविर भिक्षुहरूले भिक्षुणीहरूलाई धर्मोपदेश गरेकोले चीवर आदि लाभ प्राप्त गर्दथे । यो देखेर ६ वर्गीय भिक्षुहरू पनि तिरच्छान कथाहरू उपदेश गर्न थाले । भिक्षुणीहरूले यो कुरा भगवान्‌लाई सुनाए ।

५/२१) यो पन भिक्खु असम्मतो भिक्खुनियो ओवदेय्य, पाचित्तियं ॥७०॥

जो कोही भिक्षुले सम्मतिविना भिक्षुहरूलाई उपदेश दिएमा पाचित्तिय हुनेछ ।

अत्थंगत सिक्खापद

श्रावस्तीमा केही भिक्षुहरूले भिक्षुणीहरूलाई क्रमैले धर्मोपदेश गर्दथे । चुल्लपन्थकको पालो आउँदा 'अधिचेतसो अप्पमज्जतो' को उपदेश वारवार दियो । यसो गर्दा साँझपछि पनि धर्मदेशना भइरह्यो । भिक्षुणीहरूलाई आफ्नो विहारमा फर्कन ढीलो भयो । फलस्वरूप मानिसहरूले अब्रह्मचारीणी भनेर निन्दा गर्न थाले ।

५/२२) सम्मतो पि चे भिक्खु अत्थंगते सुरिये भिक्खुनियो ओवदेय्य, पाचित्तियं ॥७१॥

सम्मति हुँदा पनि जो भिक्षुले सुर्यास्तपछि भिक्षुणीहरूलाई उपदेश दिएमा पाचित्तिय हुनेछ ।

भिक्खुनुपस्सय सिक्खापद

कपिलवस्तुमा ६ वर्गीय भिक्षुहरूले भिक्षुणीहरूको विहारमा गएर धर्मोपदेश गर्दथे। भिक्षुणीहरूले भगवान्लाई कुरा सुनाए । पछि प्रजापति गौतमी विरामी हुँदा विनयमा केही सुधार गर्नुभयो ।

५/२३) यो पन भिक्खु भिक्खुनुपस्सयं उपसंकमित्वा भिक्खुनियो ओवदेय्य, अञ्ञत्र समया, पाचित्तियं । तत्थायं समयो । गिलान होति भिक्खुनी-अयं तत्थ समयो ॥७२॥

जो कोही भिक्षु विशेष अवस्थाबाहेक भिक्षुणी आश्रममा गएर भिक्षुणीहरूलाई उपदेश गरेमा पाचित्तिय हुनेछ । विशेष अवस्था हो- रोगी अवस्था ।

आमिस सिक्खापद

कोही भिक्षुहरूले 'भिक्षुणीहरूको आमिष दानको लागि भिक्षुहरू धर्मदेशना गर्छन्' भनेर उपदेशक भिक्षुहरूको आलोचना गर्दथे ।

५/२४) यो पन भिक्खु एवं वदेय्य-आमिसहेतु थेरा भिक्खू भिक्खुनियो ओवदन्तीति, पाचित्तियं ॥७३॥

जो कोही भिक्षुले - आमिषको लागि भिक्षु भिक्षुणीहरूले उपदेश गर्दछन् भनी भनेमा पाचित्तिय हुनेछ ।

चीवर दान सिक्खापद

श्रावस्तीमा एक भिक्षुले आफ्नो चीवर एक भिक्षुणीलाई दियो । तर आफ्नो लागि अर्को भिक्षुसंग चीवर माग्यो । पछि बदल्नको लागि मात्र अनुमति प्राप्त भयो ।

५/२५) यो पन भिक्खु अञ्ञातिकाय भिक्खुनिया चीवरं ददेय्य, अञ्ञत्र पारिवत्तका, पाचित्तियं ॥७४॥

जो कोही भिक्षुले अज्ञातिका भिक्षुणीलाई परिवर्तन गर्नेबाहेक चीवर दिएमा पाचित्तिय हुनेछ ।

चीवर सिब्बन सिक्खापद

एकपल्ट भिक्षु उदायीले एक भिक्षुणीको चीवर सिलाएर बीचबीचमा प्वाल पारेर 'त्यो चीवर लगाएर धर्मदेशना सुन्न आउनु' भन्यो । भिक्षुणीले त्यसै गरी । त्यो देखेर अरुले निर्लज्जी भिक्षुणी भने । र उदायीको मनमा काम वासना प्रकट भयो ।

५/२६) यो पन भिक्खु अञ्ञातिकाय भिक्खुनिया चीवरं सिब्बेय्य वा सिब्बापेय्य वा, पाचित्तियं ॥७५॥

जो कोही भिक्षुले अज्ञातिका भिक्षुणीको चीवर सिएमा वा सिलाउन लगाएमा पाचित्तिय हुनेछ ।

संविधान सिक्खापद

श्रावस्तीमा ६ वर्गीय भिक्षुहरू भिक्षुणीहरूसंग सल्लाह गरेर एउटै मार्ग भएर जान्थे । मानिसहरूले निन्दा गरे । भगवान्ले त्यसरी एकसाथ हिंड्न मनाही गर्नुभयो । एक समय साकेतबाट श्रावस्ती जाँदा भिक्षुहरूले भिक्षुणीहरूलाई संगै लगेनन् । भिक्षुणीहरू पछि आए । बाटोमा चोरहरूले भिक्षुणीहरूलाई दूषित गरे । यो कुरा भिक्षुणीहरूले भगवान्लाई बताए ।

५/२७) यो पन भिक्खु भिक्खुनिया सद्धिं संविधाय एकद्धानमग्गं पटिपज्जेय्य, अन्तमसो गामन्तरं पि, अञ्ञत्र समया, पाचित्तियं । तत्थायं समयो । सत्थगमनीयो होति मग्गो सासंकसम्मतो सप्पटिभयो-अयं तत्थ समयो ॥७६॥

जो कोही भिक्षुले विशेष अवस्थाबाहेक भिक्षुणीहरूसंगै सल्लाह गरेर चाहे अर्को गाउँसम्म, एक बाटोबाट गएमा पाचित्तिय हुनेछ । विशेष अवस्था हो- जव त्यो मार्ग सार्थ होस् या भय र शंकायुक्त होस् ।

नावाभिरुहन सिक्खापद

६ वर्गीय भिक्षुहरू सल्लाह गरेर नाउमा एकसाथ चढेर मनोरञ्जन गर्दथे । यसो गर्न मनाही गरिएपछि एकपल्ट एक्लै परेकी भिक्षुणीलाई चोरहरूले दूषित गरे ।

५/२८) यो पन भिक्खु भिक्खुनिया सद्धिं संविधाय एकं नावं अभिरुहेय्य, उद्धंगामिनिं वा अधोगामिनिं वा, अञ्ञत्र तिरियंतरणाय, पाचित्तियं ॥७७॥

जो कोही भिक्षुले भिक्षुणीसंग सल्लाह गरेर, छड्के उत्रिने नाउलाई छाडेर, नदीको मास्थिर वा तलतिर जाने नाउमा चढेमा पाचित्तिय हुनेछ ।

परिपाचित सिक्खापद

थुल्लनन्दा भिक्षुणी कुनै एक उपासकको घरमा भिक्षा लिन्थिन् । त्यस उपासकले एक समय सारिपुत्र आदि भिक्षुहरूलाई भोजनको लागि निमन्त्रणा दियो । देवदत्त आदि भिक्षुहरूले जानी जानी भिक्षुणीहरूको भिक्षा भोजन खाइदिए ।

५/२९) यो पन भिक्खु जानं भिक्खुनीपरिपाचितं पिण्डपातं भुञ्जेय्य, अञ्ञत्र पुब्बे गिहिसमारम्भा, पाचित्तियं ॥७८॥

जो कोही भिक्षु जानी जानी भिक्षुणीहरूले पकाएको भोजनलाई, उपासकहरूको विशेष समारोहमा बाहेक, खाएमा पाचित्तिय हुनेछ ।

रहोनिसज्ज सिक्खापद

उदायी भिक्षु भिक्षुणीसंग एकान्त स्थानमा बस्दथ्यो । सबैले यस्को निन्दा गरे ।

५/३०) यो पन भिक्खु भिक्खुनिया सद्धिं एको एकाय रहो निसज्जं कप्पेय्य, पाचित्तियं ॥७९॥

जो कोही भिक्षु भिक्षुणीसंग एक्लै एकान्त स्थानमा बसेमा पाचित्तिय हुनेछ ।

भिक्खुनोवाद वग्गो ततियो

भोजन वग्गो

आवासथपिण्ड सिक्खापद

श्रावस्तीमा ६ वर्गीय भिक्षुहरू एक दिन भिक्षामा जाँदा भिक्षा पाएनन् र विहारमा आएर भोजन गरे । यसरी नै वारवार विहारमा नै भोजन गरे । तब उनीहरूले सोचे 'किन भिक्षा माग्न जाने ?' साथै दिनभरि पनि धेरै पटक भोजन गर्नथाले ।

५/३१) अगिलानेन भिक्खुना एको आवसथपिण्डो भुञ्जितब्बो । ततो चे उत्तरिं भुञ्जेय्य, पाचित्तियं ॥८०॥

निरोगी भिक्षुले एक विहारमा एकपल्ट नै भोजन ग्रहण गर्नुपर्छ । यसभन्दा अधिक ग्रहण गरेमा पाचित्तिय हुनेछ ।

गणभोजन सिक्खापद

राजगृहमा देवदत्त कुलहरूमा गएर भोजन गर्दथे । पछि केही सुधार गरी विनय बन्यो ।

५/३२) गणभोजने, अञ्ञत्र समया, पाचित्तियं । तत्थायं समयो-गिलानसमयो, चीवर दानसमयो, चीवरकारसमयो, अद्धानगमनसमयो, नावाभिरुहनसमयो, महासमयो, समणभत्तसमयो- अयं तत्थ समयो ॥८१॥

विशेष अवस्था बाहेक गणसँग भोजन गरेमा पाचित्तिय हुनेछ । विशेष अवस्था हो - रोगी हुनु, चीवरदान, चीवर बनाउनु, यात्रा, नाउको यात्रा, महासमय (बुद्ध आदिको दर्शनमा मात्र) र श्रमण (सबै मतावलम्बी) हरूको भोजन समय ।

परम्पर भोजन सिक्खापद

वैशालीमा दरिद्र कर्मकारले भिक्षुसंघलाई भोजन निमन्त्रणा दियो । कर्मकारको मालिकले यसको लागि अतिरिक्त तलब दियो । यसले गर्दा उसले स्वादिष्ट भोजन तयार गरे । भिक्षुसंघले कर्मकार दरिद्र सम्झेर अलिअलि मात्र भोजन ग्रहण गरे । यसमा कर्मकार रिसायो र भन्यो 'निमन्त्रणा एक ठाउँमा स्वीकार गर्ने र भोजन अर्को ठाउँमा गर्ने ?' यसपछि भगवान्ले परस्पर भोजन गर्न मनाही गर्नुभयो । पछि केही सुधार गर्नुभयो ।

५/३३) परम्पर भोजने, अञ्ञत्र समया, पाचित्तियं। तत्थायं समयो- गिलानसमयो, चीवरदानसमयो, चीवरकारसमयो-अयं तत्थ समयो ॥८२॥

विशेष समयबाहेक बन्धनयुक्त भोजन गरेमा पाचित्तिय हुनेछ। विशेष समय हो- रोग, चीवर दान, चीवर बनाउनु।

काणमाता सिक्खापद

श्रावस्तीमा काणमाता श्रद्धालु उपासिका थिइन्। उसकी छोरी काण ससुराली जान कोसेलीको लागि रोटीहरू पकाउन थालिन्। त्यसै समयमा एक भिक्षु भिक्षा माग्न आयो। काणमाताले रोटीहरू भिक्षा दिइन्। भिक्षा लिएर गएर भिक्षुले अन्य भिक्षुहरूलाई रोटी बारे बतायो। अन्य भिक्षुहरू पनि त्यहीं भिक्षा माग्न गए। काणमाताले वारवार आएका भिक्षुहरूलाई रोटीहरू दान गर्दा गर्दा सबै रोटीहरू दान गरी पठाइन्। यसले गर्दा छोरीलाई ससुराली पठाउन सकिनन्। उता लोग्नेले समयमा छोरी नआएमा दोश्रो विवाह गर्ने खबर पठायो। यता कोसेलीको अभावमा छोरी पठाउन नसक्दा लोग्ने चाहींले अर्को विवाह गऱ्यो। यो दुक्खको कुरा काणमाताले भगवान्लाई सुनाइन्।

५/३४) भिक्खुं पनेव कुलं उपगतं पूवेहि वा मन्थेहि वा अभिहट्ठुं पवारेय्य, आकङ्खमानेन भिक्खुना द्वत्तिपत्तपूरा पटिग्गहेतब्बा ततो चे उत्तरि पटिग्गण्हेय्य, पाचित्तियं। द्वत्तिपत्तपूरे पटिग्गहेत्वा ततो नीहरित्वा भिक्खूहि सद्धिं संविभजितब्बं। अयं तत्थ सामीचि ॥८३॥

घरमा जाँदा यदि भिक्षुलाई आग्रहपूर्वक मालपूवा लस्सी, यथेच्छ प्रदान गरेमा ईच्छा भएमा पात्रको विटसम्म भरेर ग्रहण गरियोस्। त्यसभन्दा अधिक ग्रहण गरेमा पाचित्तिय हुनेछ। पात्रको विटसम्म भरेर ग्रहण गरेर त्यहांबाट निस्केर भिक्षुहरूलाई बाँडिदिनुपर्छ। यो यहां उचित छ।

पठम पवारणा सिक्खापद

श्रावस्तीमा कुनै एक ब्राह्मणले भिक्षुहरूलाई भोजनको निमन्त्रण दियो। भिक्षुहरूले त्यहाँ भोजन गरेर फेरि अर्को स्थानमा पनि भोजन गरे।

५/३५) यो पन भिक्खु भुत्तावी पवारितो अनतिरित्तं खादनीयं वा भोजनीयं वा खादेय्य वा भुञ्जेय्य वा, पाचित्तियं ॥८४॥

जो कोही भिक्षुले भोजन गरिसक्दा, खादनीय भोजनीयलाई अधिक खाएमा या भोजन गरेमा पाचित्तिय हुनेछ।

दुतिय पवारणा सिक्खापद

कोशलदेखि श्रावस्तीमा दुइ भिक्षुहरू आउँदै थिए। त्यसमध्ये एकजना अनाचारी थियो। अर्कोले उसलाई अनाचारितादेखि टाढा रहन भन्यो। अर्कोलाई त्यो भनेको मन परेन। श्रावस्तीमा

पुग्दा अनाचारी भिक्षुले भिक्षा भोजन ल्याएर, भोजन गरिसकेपछि अर्कोलाई भोजनको लागि अनुरोध गऱ्यो । भोजन गरेपछि अनाचारी भिक्षुले अर्को भिक्षुलाई आक्षेप गऱ्यो ।

५/३६) यो पन भिक्खु भिक्खुं भुत्ताविं पवारितं अनतिरित्तेन खादनीयेन वा भोजनीयेन वा अभिहट्ठुं पवारेय्य-हन्द, भिक्खु, खाद वा भुञ्ज वाति, जानं आसादनापेक्खो, भुत्तस्मिं, पाचित्तियं ॥८५॥

जो कोही भिक्षु अर्को भिक्षुले खाईसक्दा तृप्त हुँदा, खाएपछि आरोप लगाउनेछु भन्ने विचारले- 'अहो ! भिक्षु खाऊ, भोजन गर' भनी खादनीय भोजनीयको लागि आग्रह गरेमा पाचित्तिय हुनेछ ।

विकाल भोजन सिक्खापद

राजगृहमा मानिसहरूले सत्रवर्गीय भिक्षुहरूलाई भोजन दान दिए । विहारमा गएर उनीहरूले विकाल भोजन गरे । ६ वर्गीय भिक्षुहरूले यसको निन्दा गरे ।

५/३७) यो पन भिक्खु विकाले खादनीयं वा भोजनीयं वा खादेय्य वा भुञ्जेय्य वा, पाचित्तियं ॥८६॥

जो कोही भिक्षुले विकालमा खाद्य भोजन खाएमा पाचित्तिय हुनेछ ।

सन्निधिकारक सिक्खापद

आयुष्मान् आनन्दको उपाध्याय भिक्षु वेलट्ठसीसले भिक्षा लिएर विहारमा सुखपूर्वक रहन्थ्यो र यथेष्ट भोजन गर्दथ्यो । धेरै समयपछि भिक्षुहरूले भोजन गर्दै गरेको देखे । तब उनीहरूले सोधे 'के तपाई संचित भोजन गर्नुहुन्छ ?' वेलट्ठसीसले स्वीकार गऱ्यो ।

५/३८) यो पन भिक्खु सन्निधिकारकं खादनीयं वा भोजनीयं वा खादेय्य वा भुञ्जेय्य वा, पाचित्तियं ॥८७॥

जो कोही भिक्षु राखिछोडेको खाद्य भोजन खाएमा पाचित्तिय हुनेछ ।

पणीत भोजन सिक्खापद

६ वर्गीय भिक्षुहरूले प्रणीत खाद्य भोजनहरू मगाएर खान्थे ।

५/३९) यानि खो पन तानि पणीतभोजनानि, सेय्यथीदं सप्पि नवनीतं तेलं मधु फाणितं मच्छो मंसं खीरं दधि । यो पन भिक्खु एवरूपानि पणीतभोजनानि अगिलानो अत्तनो अत्थाय विञ्ञापेत्वा भुञ्जेय्य, पाचित्तियं ॥८८॥

घीउ, मक्खन, तेल, मह, सक्खर, माछा, मासु, दूध, दही आदि जुन प्रणीत भोजन छन्, यदि निरोगी भएर भिक्षुले आफ्नो लागि मागेर खाएमा पाचित्तिय हुनेछ ।

दन्तपोन सिक्खापद

वैशालीमा कुनै एक भिक्षु पांसुकूलिक भएर स्मशानमा रहन्थ्यो । अरुले दिएको

वस्तुहरू ग्रहण गर्दैनथ्यो । स्वयं आफै लिएर खाने पिउने गर्दथ्यो ।

५/४०) यो पन भिक्खु अदिन्नं मुखद्वारं आहारं आहरेय्य, अञ्ञत्र उदकदन्तपोना, पाचित्तियं ॥८९॥

जो कोही भिक्षुले पानी र दतिवन (टुथपेष्ट) लाई छाडेर मुखमा लाउने योग्य आहारलाई नदिईकन ग्रहण गरेमा पाचित्तिय हुनेछ ।

भोजन वग्गो चतुत्थो ।

अचेलक वग्गो

अचेलक सिक्खापद

कुनै भिक्षुले आजीवकहरूको लागि घीउ, भोजन आदि दिने गर्दथ्यो । यो कुरा उपासकहरूले भगवान्‌लाई बतायो ।

५/४१) यो पन भिक्खु अचेलकस्स वा परिब्बाजकस्स वा परिब्बाजिकाय वा सहत्था खादनीयं वा भोजनीयं वा ददेय्य, पाचित्तियं ॥ ९०॥

जो कोही भिक्षुले अचेलक (नांगा साधु) परिब्राजक या परिव्राजिका (घुमन्ते साधु) लाई आफ्नो हातले खाद्य भोज्य दिएमा पाचित्तिय हुनेछ ।

उय्योजन सिक्खापद

श्रावस्तीमा उपनन्द भिक्षुले एक भिक्षुलाई गाउँमा घुम्न जानको लागि भन्यो । तर गाउँमा गइसकेपछि फेरि त्यस भिक्षुलाई भन्यो 'तिमी जाऊ, तिमीसंग बस्नु मलाई अनुकूल छैन ।' यो कुरा पछि त्यस भिक्षुले विहारमा आएर अन्य भिक्षुहरूलाई बतायो ।

५/४२) यो पन भिक्खु भिक्खुं-एहावुसो, गामं वा निगमं वा पिण्डाय पविसिस्सामाति, तस्स दापेत्वा वा अदापेत्वा वा उय्योजेय्य-गच्छावुसो, न मे तया सद्धिं कथा वा निसज्जा वा फासु होति, एककस्स मे कथा वा निसज्जा वा फासु होतीति, एकदेव पच्चयं करित्वा अनञ्ञं, पाचित्तियं ॥९१॥

जो कोही भिक्षु अर्को भिक्षुलाई यसो भनियोस्- आऊ, आवुसो ! गाउँ वा वडामा भिक्षाटनको लागि जाउँ । फेरी उसलाई भिक्षा प्राप्त गराएर वा नगराएर प्रेरित गर्दछ - आवुस ! जाऊ, तिमीसंग मलाई कुरा गर्नु र बस्नु मन पर्दैन । अर्को कारण नभएमा, यति नै कारणले पाचित्तिय हुनेछ ।

सभोजन सिक्खापद

श्रावस्तीमा उपनन्द भिक्षु एक मित्रको घरमा गएर उसको स्वास्नीसंग कुरा गरि रहेको थियो । त्यसै समयमा लोग्ने आएर भिक्षा दिन भन्यो र स्वास्नीले भिक्षा दिइन् । तब

लोग्नेले जान भन्दा स्वास्नीले बस्न भनिन्। पछि यही कुरा लोग्नेले भगवान्‌लाई बतायो।

५/४३) यो पन भिक्खु सभोजने कुले अनुपखज्ज निसज्जं कप्पेय्य, पाचित्तियं ॥९२॥

जो कोही भिक्षु भोजन भएको कुलमा गएर गफ लडाएमा पाचित्तिय हुनेछ।

रहो पटिच्छन्न सिक्खापद

श्रावस्तीमा उपनन्द भिक्षु साथीको घरमा गएर साथीको स्वास्नीसंग एकान्त स्थानमा बसेर गफ गर्दथ्यो। यो कुरा साथी हुने उपासकले भगवान्‌लाई बतायो।

५/४४) यो पन भिक्खु मातुगामेन सद्धिं रहो पटिच्छन्ने आसने निसज्जं कप्पेय्य, पाचित्तियं ॥९३॥

जो कोही भिक्षु महिलासंग एकान्त, पर्दाभित्र आसनमा बसेमा पाचित्तिय हुनेछ।

रहो निसज्ज सिक्खापद

उपनन्द भिक्षु सहायकको घरमा गएर उसकी स्वास्नीसंग गोप्यस्थानमा बसेर गफ गर्दथ्यो। यो कुरा लोग्नेले भगवान्‌लाई बतायो।

५/४५) यो पन भिक्खु मातुगामेन सद्धिं एको एकाय रहो निसज्जं कप्पेय्य, पाचित्तियं ॥९४॥

जो कोही भिक्षु महिलासंग एक्लै एकान्तमा बसेमा पाचित्तिय हुनेछ।

चारित्त सिक्खापद

उपनन्द भिक्षु भोजन उपासकद्वारा निमन्त्रणा हुंदा पनि पहिले नै गएर भिक्षा माग्दथ्यो। यो कुरा उपासकले भगवान्‌लाई बतायो।

५/४६) यो पन भिक्खु निमन्तितो सभत्तो समानो सन्तं भिक्खुं अनापुच्छा पुरेभत्तं वा पच्छाभत्तं वा कुलेसु चारित्तं आपज्जेय्य, अञ्ञत्र समया, पाचित्तियं। तत्थायं समयो-चीवरदानसमयो, चीवरकारसमयो-अयं तत्थ समयो ॥९५॥

जो कोही भिक्षु विशेष अवस्थाबाहेक निमन्त्रित हुँदा भोजन बाकी रहँदा पनि उपस्थित भिक्षुलाई नसोधी भोजनभन्दा पहिला या पछि उपासकको घरमा गएमा पाचित्तिय हुनेछ। विशेष अवस्था हो- चीवर बनाउने, चीवरदान समय।

महानाम सिक्खापद

महानाम शाक्यले वर्षावासभरि औषधी दानको अनुमति प्राप्त गरेर दान गर्न थाल्यो। तर भिक्षुहरूले आवश्यकताभन्दा बढी ग्रहण गर्न थाल्यो।

५/४७) अगिलानेन भिक्खुना चातुमासपच्चय पवारणा सादितब्बा, अञ्ञत्र पुन पवारणाय, ततो चे उत्तरि सादियेय्य, पाचित्तियं ॥९६॥

निरोगी भिक्षुले पुनः पवारणा र नित्य पवारणाबाहेक चातुर्मासको भोजन आदि प्रत्यय दानलाई सेवन गर्नुपर्छ। त्यसभन्दा बढी सेवन गरेमा पाचित्तिय हुनेछ।

उय्युत सेना सिक्खापद

६वर्गीय भिक्षुहरू कोशलराजाको सेना प्रदर्शन हेर्न गए। राजा प्रसेनजितले 'किन आएको ?' भनी सोध्दा 'तपाईलाई नै दर्शन गर्न आएका हौं' भने। तब प्रसेनजित राजाले 'भगवान्‌कै दर्शन गर्न जानुहोस्। मेरो दर्शन गरेर के लाभ ?' भनेर पठाइदियो। यस विषयमा उनीहरूलाई अन्य भिक्षुहरू र गृहस्थहरूले निन्दा गरे।

५/४८) यो पन भिक्खु उय्युत्तं सेनं दस्सनाय गच्छेय्य अञ्ञत्र तथारूपपच्चया, पाचित्तियं ॥९७॥

यदि त्यस भिक्षुलाई कुनै कार्यविना त्यसै सेनामा प्रदर्शन हेर्न गएमा पाचित्तिय हुनेछ।

सेनावास सिक्खापद

६ वर्गीय भिक्षुहरूले सेनानिवेशमा तीन रातभन्दा बढी बिताए।

५/४९) सिया च तस्स भिक्खुनो कोचिदेव पच्चयो सेनं गमनाय, दिरत्ततिरत्तं तेन भिक्खुना सेनाय वसितब्बं। ततो चे उत्तरि वसेय्य, पाचित्तियं ॥९८॥

यदि त्यस भिक्षुलाई सेनामा जाने कुनै काम भएमा उसले २/३ रात सेनामा बस्नुपर्छ। त्यसभन्दा बढी बसेमा पाचित्तिय हुनेछ।

उय्योधिक सिक्खापद

६वर्गीय भिक्षुहरू सेनानिवेशमा दुइतीन रात बसेर पनि सेना व्यूह हेर्न जान्थे।

५/५०) दिरत्ततिरत्तं चे भिक्खु सेनाय वसमानो उय्योधिकं वा बलग्गं वा सेनाब्यूहं वा अनीकदस्सनं वा गच्छेय्य, पाचित्तियं ॥९९॥

२/३ रात सेनामा बस्दै यदि भिक्षु रणक्षेत्र, परेड, सेनाव्यूह या अनिक (हात्ति घोडासहित सेनाहरूको ताँती) हेर्न गएमा पाचित्तिय हुनेछ।

अचेलक वग्गो पञ्चमो।

सुरापान वग्गो

सुरापान सिक्खापद

भगवान् बुद्ध भद्दावतीमा जानुहुँदा बाटोमा गोठालाहरूले 'जटिलाश्रममा नजानु, त्यहाँ क्रोधी नाग छ' भनी सचेत गराए। त्यस नागलाई भिक्षु सागतले दमन गऱ्यो। यो समाचार सुनेर प्रशन्न भएका उपासक उपासिकाहरूले 'के दान गरुँ ?' भनेर सोधे। ६ वर्गीय भिक्षुहरूले 'कापोतक (एक प्रकारको रक्सी) दान गरे उत्तम' भने। भिक्षामा उपासक उपासिकाहरूले त्यही दान गरे। रक्सी सेवन गरेर सागत भिक्षु बेहोश भएर लडिरहे। भगवान् आएको पनि थाहा पाउन सकेन।

५/५१) सुरामेरयपाने पाचित्तियं ॥१००॥

सुरा (रक्सी) जाँड आदि पिएमा पाचित्तिय हुनेछ ।

अंगुलिपतोदक सिँक्खापद

६वर्गीय भिक्षुहरू सत्रवर्गीय भिक्षुहरूलाई औंलाले काउकुती लगाएर हँसाउँथे ।

५/५२) अंगुलिपतोदके पाचित्तियं ॥१०१॥

औंलाले काउकुती लगाएमा पाचित्तिय हुनेछ ।

हसधम्म सिक्खापद

सत्रवर्गीय भिक्षुहरू अचिरवती नदीमा पानीमा खेल्दै थिए। त्यो दृश्य प्रसेनजित राजाले देख्यो। त्यसको सूचना भगवान्लाई दिन उसले सत्रवर्गीय भिक्षुहरूलाई 'भगवान्लाई दिनु' भनेर सखर दिइपठायो । पछि भगवान्ले कुराकानी गर्दा सबै वृतान्त थाहा पाउनुभयो ।

५/५३) उदके हस्सधम्मे पाचित्तियं ॥१०२॥

पानी खेलेमा पाचित्तिय हुनेछ ।

अनादरिय सिक्खापद

कौशाम्बीमा भिक्षु छन्न अनाचार गर्दथ्यो । सम्झाउँदा पनि अनादरपूर्वक अनाचारमा लीन हुन्थ्यो ।

५/५४) अनादरिये पाचित्तियं ॥१०३॥

अनादर गरेमा पाचित्तिय हुनेछ ।

भिंसापन सिक्खापद

६वर्गीय भिक्षुहरू सत्र वर्गीय भिक्षुहरूलाई तर्साउँथे ।

५/५५) यो पन भिक्खु भिक्खुं भिंसापेय्य, पाचित्तियं ॥१०४॥

जो कोही भिक्षलु अर्को भिक्षुलाई तर्साएमा पाचित्तिय हुनेछ ।

जोति सिक्खापद

केही भिक्षुहरू हेमन्तकालमा आगो बालेर ताप्दथे । एक पटक मूढाबाट कृष्णसर्प निस्कियो । तब भिक्षुहरू डराएर भागे ।

५/५६) यो पन भिक्खु अगिलानो विसिब्बनापेक्खो जोतिं समादहेय्य वा समादहापेय्य वा अञ्ञत्र तथारूपपच्चया, पाचित्तियं ॥१०५॥

आवश्यकता नहुंदा कोही निरोगी भिक्षु आगो ताप्ने इच्छाले आगो बालेमा पाचित्तिय हुनेछ ।

नहान सिक्खापद

गृष्मकालमा भिक्षुहरू दिउँसो नदीमा नुहाउँथे । एकदिन राजा बिम्बिसार दिउँसो नुहाएर

विलेपन लगाएर भगवान्लाई भेट्न आयो। उसलाई देख्नुभएर भगवान्ले यो विनय बनाउनुभयो।

५/५७) यो पन भिक्खु ओरेनद्धमासं नहायेय्य, अञ्ञत्र समया, पाचित्तियं। तत्थायं समयो। दियाड्ढो मासो सेसो गिम्हानं ति वस्सानस्स पठमो मासो इच्चेते अड्ढतेय्यमासा उण्हसमयो, परिलाहसमयो, गिलानसमयो, कम्मसमयो, अद्धानगमनसमयो, वातवुट्ठिसमयो-अयं तत्थ समयो ॥१०६॥

जो कोही विशेष अवस्थाबाहेक आधा महिनाभन्दा पहिला नुहाएमा पाचित्तिय हुनेछ। विशेष अवस्था हुन्- गृष्मको पछिल्लो डेढ महिना र वर्षाको पहिलो महिना, यो अढाई महिना गर्मीको समय, ताप पोल्ने समय, रोगको समय, सफासुग्घर लिपपोतको समय, यात्राको समय तथा आँधिवेरीको समय।

दुब्बण्णकरण सिक्खापद

साकेतबाट श्रावस्तीमा आउँदा केही भिक्षुहरूको चीवर चोरी भयो। राजकर्मचारीले ती चोरहरूलाई पक्रेर भिक्षुहरूलाई नै चीवर फर्काइदियो। तर भिक्षुहरूले आफ्नो चीवरहरू चिन्न सकेनन्।

५/५८) नवं पन भिक्खुना चीवरलाभेन तिण्णं दुब्बण्णकरणानं अञ्ञतरं दुब्बण्णकरणं आदातब्बं-नीलं वा कद्दमं वा कालसामं वा। अनादा चे भिक्खु तिण्णं दुब्बण्णकरणानं अञ्ञतरं दुब्बण्णकरणं नवं चीवरं परिभुञ्जेय्य, पाचित्तियं ॥१०७॥

नयाँ चीवर पाउंदा नीलो कालो वा फोहर यी तीन दुर्वर्ण गर्नेमध्ये एकले दुर्वर्ण गर्नुपर्छ। यदि भिक्षु ती दुर्वर्ण गर्ने पदार्थमध्ये एकले नयाँ चीवरलाई विना दुर्वर्ण गरी उपयोग गरेमा पाचित्तिय हुनेछ।

विकप्पन सिक्खापद

श्रावस्तीमा भिक्षुले उपनन्दले एक भिक्षुलाई चीवर दान गरेर पछि आफै प्रयोग गर्न थाल्यो।

५/५९) यो पन भिक्खु भिक्खुस्स वा भिक्खुनिया वा सिक्खमानाय वा सामणेरस्स वा सामणेरिया वा सामं चीवरं विकप्पेत्वा अपच्चुद्धारणं परिभुञ्जेय्य, पाचित्तियं ॥१०८॥

जो कोही भिक्षु कोही भिक्षुणी, शिक्षामाणा, श्रामणेर या श्रामणेरीलाई स्वयं चीवर प्रदान गरेर फर्काउने अनुमतिविना प्रयोग गरेमा पाचित्तिय हुनेछ।

अपनिधान सिक्खापद

श्रावस्तीमा ६वर्गीय भिक्षुहरूले सत्रवर्गीय भिक्षुहरूको चीवर लुकाइदिन्थे। उनीहरू दुःखीत भएको देखेर हाँसो गर्दथे।

५/६०) यो पन भिक्खु भिक्खुस्स पत्तं वा चीवरं वा निसीदनं वा सूचिधरं वा

कायबन्धनं वा अपनिधेय्य वा उपनिधापेय्य वा अन्तमसो हस्सापेक्खो पि, पाचित्तियं ॥१०९॥

जो कोही भिक्षु ख्यालठट्टाको लागि मात्र भए पनि अन्य भिक्षुको पात्र, चीवर, आसन, सियो राख्ने थैली (सूचीधर) या काय बन्धन (पेटी) लुकाएमा पाचित्तिय हुनेछ ।

सुरापान वग्गो छट्ठो ।

सप्पाणक वग्गो

सञ्चिच्च सिक्खापद

उदायी भिक्षुले कागलाई मारेर टाउको काटेर झुण्ड्याइदिन्थ्यो ।

५/६१) यो पन भिक्खु सञ्चिच्च पाणं जीविता वोरोपेय्य, पाचित्तियं ॥११०॥

जो कोही भिक्षुले प्राणीहिंसा गरेमा पाचित्तिय हुनेछ ।

सप्पाणक सिक्खापद

श्रावस्तीमा ६वर्गीय भिक्षुहरूले जानी जानी जीवयुक्त पानी पिउँथे ।

५/६२) यो पन भिक्खु जानं सप्पाणकं उदकं परिभुञ्जेय्य, पाचित्तियं ॥१११॥

जो कोही भिक्षुले जानीजानी प्राणीयुक्त पानी पिएमा पाचित्तिय हुनेछ ।

उक्कोटन सिक्खापद

६वर्गीय भिक्षुहरू धर्मानुसार निर्णय भएको मुद्दामा पनि फेरि विवाद उठाउँथे ।

५/६३) यो पन भिक्खु जानं यथाधम्मं निहिताधिकारणं पुनकम्माय उक्कोटेय्य, पाचित्तियं ॥११२॥

जो कोही भिक्षुले धर्मानुसार फैसला भएको विवादमा फेरि विवाद उठाउन प्रेरणा दिएमा पाचित्तिय हुनेछ ।

दुट्ठुल्ल सिक्खापद

उपनन्द भिक्षु आफ्नो वीर्य मोचन गरेको दोषलाई लुकाउँथ्यो । एक समय अन्य कुनै भिक्षुले पनि त्यही दोष गर्‍यो । उसलाई संघले संघादिसेस दण्ड दियो । तब उसले उपनन्द भिक्षुको पनि पोल खोल्यो ।

५/६४) यो पन भिक्खु भिक्खुस्स जानं दुट्ठुल्लं आपत्तिं पटिच्छादेय्य, पाचित्तियं ॥११३॥

जो कोही भिक्षु जान्दाजान्दै अर्को भिक्षुसंग दुट्ठल्ल अपराध लुकाएमा पाचित्तिय हुनेछ ।

ऊनवीसतिवस्स सिक्खापद

सत्रवर्गीय भिक्षुहरूमा उपालि ज्येष्ठ थियो । भिक्षु भए भने सुख पाउँछ भनेर उसका आमाबाबाहरूले उसलाई भिक्षु बनाएको थियो । सबैलाई प्रव्रज्या प्राप्त भयो । तर भरखरकै तन्देरी भएकोले एकदिन बिहानै उठेर रुँदै भन्न थाले 'मलाई भात देऊ, खिचडी

देऊ, भोजन देऊ ।' भगवान्ले बिहानै यो शब्द सुन्नुभयो ।

५/६५) यो पन भिक्खु जानं ऊनवीसतिवस्सं पुग्गलं उपसम्पादेय्य, सो च पुग्गलो अनुपसम्पन्नो, ते च भिक्खु गारय्हा-इदं तस्मिं पाचित्तियं ॥११४॥

जो कोही भिक्षुले जानेर पनि बीस वर्षभन्दा कम उमेरको व्यक्तिलाई उपसम्पदा (भिक्षु) गरेमा त्यो व्यक्ति अनुपसम्पन्न सम्झिनुपर्छ । त्यो भिक्षु निन्दनीय हुनेछ । ऊ त्यस अपराधमा पाचित्तिय हुनेछ ।

थेय्यसत्थ सिक्खापद

एक समय एक चोरहरूको टोली जाँदैथिए । एक भिक्षुले थाहा पाएर पनि त्यस चोरको टोलीसंगै अर्को गाउँसम्म गयो ।

५/६६) यो पन भिक्खु जानं थेय्यसत्थेन सद्धिं संविधाय एकद्धानमग्गं पटिपज्जेय्य अन्तमसो गामन्तरं पि, पाचित्तियं ॥११५॥

जो कोही भिक्षुले जानेर पनि सल्लाह गरी चोरहरूसंग अर्को गाउँसम्म मात्र भए पनि हिंडेमा पाचित्तिय हुनेछ ।

संविधान सिक्खापद

एक भिक्षु कोशलबाट श्रावस्ती जाँदै थियो । बाटोमा लोग्नेसंग झगडा गरी आएकी एक महिलाले अनुमति मागेर त्यस भिक्षुसंगसंगै हिंडिन् । पछि स्वास्नी खोज्दै आएको लोग्नेले आफ्नी स्वास्नीलाई भिक्षुसंग देख्दा भिक्षुलाई पिट्यो । दुक्ख पाएर भिक्षुले छुटकारा पायो ।

५/६७) यो पन भिक्खु मातुगामेन सद्धिं संविधाय एकद्धानमग्गं पटिपज्जेय्य, अन्तमसो गामन्तरं पि, पाचित्तियं ॥११६॥

जो कोही भिक्षु सल्लाह गरेर महिलासंग अर्को गाउँसम्म मात्र भए पनि एउटै बाटोमा गएमा पाचित्तिय हुनेछ ।

अरिट्ठ सिक्खापद

भिक्षु अरिट्ठलाई यस्तो पापधर्म उत्पन्न भयो कि 'म भगवान्को धर्मलाई यसरी जान्दछु कि भगवान्ले विघ्नकारक भनेको धर्मलाई सेवन गरे पनि मलाई विघ्न हुने छैन ।' उसलाई अन्य भिक्षुहरूले यसो नभन्नु भनेर सम्झाए तर उसले आफ्नो मिथ्यादृष्टिलाई बदलेन ।

५/६८) यो पन भिक्खु एवं वदेय्य-तथाहं भगवता धम्मं देसितं आजानामि यथा ये मे अन्तरायिका धम्मा वुत्ता भगवता ते पटिसेवतो नालं अन्तरायायाति । सो भिक्खु भिक्खूहि एवमस्स वचनीयो-मायस्मा एवं अवच, मा भगवन्तं अब्भाचिक्ख, न हि साधु भगवतो

अब्भक्खानं, न हि भगवा एवं वदेय्य, अनेकपरियायेनावुसो, अन्तरायिका धम्मा अन्तरायिका वुत्ता भगवता, अलं च पन ते पटिसेवतो अन्तरायायाति । एवं च पन सो भिक्खु भिक्खूहि वुच्चमानो तथेव पग्गण्हेय्य, सो भिक्खु भिक्खूहि यावततियं समनुभासितब्बो तस्स पटिनिस्सग्गाय यावततियं चे समनुभासियमानो तं पटिनिस्सज्जेय्य, इच्चेतं कुसलं, नो चे पटिनिस्सज्जेय्य, पाचित्तियं ॥११७॥

जो कोही भिक्षु यसो भनियोस्- म भगवान्को धर्मलाई यसरी जान्दछु कि भगवान्ले जो विघ्नकारक भन्नुभएको छ, त्यसलाई सेवन गर्दा पनि त्यसले विघ्न गर्न सक्दैन । तब अन्य भिक्षुहरूले उसलाई यसो भन्नुपर्छ- आयुष्मान् ! यसो नभन । भगवान्प्रति आरोप नलगाऊ । भगवान्प्रति आरोप लगाउनु राम्रो हुँदैन । भगवान्ले यसो भन्न सक्नुहुन्न । भगवान्ले विघ्नकारक धर्मलाई अनेकप्रकारले विघ्नकारक नै भन्नुभएको छ । सेवन गरेमा विघ्न गर्ने छ भन्नुभएको छ । त्यस भिक्षुहरूद्वारा यसरी सम्झाउँदा पनि यदि त्यो भिक्षु त्यसरी नै आफ्नो जिदमा रहिरहेमा, अर्को भिक्षुले उसको जिदलाई हटाउनको लागि तीनपल्टसम्म भनियोस् । यदि तीनपल्ट भन्दा त्यस जिदलाई छाडेमा त्यो उसको लागि राम्रै हुने छ, यदि नछाडेमा पाचित्तिय हुनेछ ।

उक्खित्त सम्भोग सिक्खापद

६ वर्गीय भिक्षुहरू त्यसप्रकार मिथ्यादृष्टि भएको अरिट्ठ भिक्षुसंग साथै भोजन गर्दथे, साथै रहन्थे, साथै सुत्दथे ।

५/६९) यो पन भिक्खु जानं तथावादिना भिक्खुना अकतानुधम्मेन तं दिट्ठिं अप्पटिनिस्सट्ठेन सद्धिं सम्भुञ्जेय्य वा संवसेय्य वा सह वा सेय्यं कप्पेय्य, पाचित्तियं ॥११८॥

जो कोही भिक्षुले थाहा पाउँदै त्यसप्रकारको मिथ्या धारणायुक्त, धर्मानुसार परिवर्तन नगर्ने त्यस विचारलाई नछाड्ने भिक्षुसंग सहभोज, सहवास या सहशय्या गरेमा पाचित्तिय हुनेछ ।

कण्टक सिक्खापद

एक श्रमणोद्देश (भिक्षु हुन चाहने व्यक्ति) ले पनि माथिजस्तै विचार प्रकट गऱ्यो ।

५/७०) समणुद्देसो पि चे एवं वदेय्य–तथाहं भगवता धम्मं देसितं आजानामि यथा ये मे अन्तरायिका धम्मा वुत्ता भगवता ते पटिसेवतो नालं अन्तरायायाति । सो समणुद्देसो भिक्खूहि एवमस्स वचनीयो–मावुसो समणुद्देस, एवं अवच । मा भगवन्तं अब्भाचिक्ख, न हि साधु भगवतो अब्भक्खानं, न हि भगवा एवं वदेय्य । अनेकपरियायेन, आवुसो समणुद्देस, अन्तरायिका धम्मा अन्तरायिका वुत्ता भगवता । अलं च पन ते पटिसेवतो अन्तरायायाति । एवं च पन सो समणुद्देसो भिक्खूहि वुच्चमानो तथेव पग्गण्हेय्य, सो समणुद्देसो भिक्खूहि एवमस्स वचनीयो–

अज्जतग्गे ते, आवुसो समणुद्देस, न चेव सो भगवा सत्था अपदिसितब्बो । यं पि चञ्ञे समणुद्देसा लभन्ति भिक्खूहि सद्धिं दिरत्ततिरत्तं सहसेय्यं सा पि ते नत्थि । चर परे विनस्साति ॥

यो पन भिक्खु जानं तथानासितं समणुद्देसं उपलापेय्य वा उपट्ठापेय्य वा सम्भुञ्जेय्य वा सह वा सेय्यं कप्पेय्य, पाचित्तियं ॥११९॥

श्रमणोद्देश (भिक्षुबन्ने उम्मेदवार)ले यसो भनियोस्-म भगवान्‌को धर्मलाई यसरी जान्दछु कि भगवान्‌ले जो विघ्नकारक भन्नुभएको छ, त्यसलाई सेवन गर्दा पनि त्यसले विघ्न गर्न सक्दैन । तब अन्य भिक्षुहरूले उसलाई यसो भन्नुपर्छ- आयुष्मान् ! यसो नभन । भगवान्‌प्रति आरोप नलगाऊ । भगवान्‌प्रति आरोप लगाउनु राम्रो हुँदैन । भगवान्‌ले यसो भन्न सक्नुहुन्न । भगवान्‌ले विघ्नकारक धर्मलाई अनेकप्रकारले विघ्नकारक नै भन्नुभएको छ । सेवन गरेमा विघ्न गर्ने छ भन्नुभएको छ । यसरी भिक्षुहरूद्वारा भन्दा पनि त्यो श्रमणोद्देश जिद गरेमा भिक्षुहरूले भन्नुपर्छ- आवुसो ! श्रमणोद्देश आजदेखि तिमी उहाँ भगवान्‌लाई आफ्नो शास्ता नभन्नु । जो अन्य श्रमणोद्देश दुइ/तीन रातसम्म भिक्षुहरूसंग एकसाथ रहन्छन् त्यो पनि तिम्रो लागि हुने छैन । जाऊ, यहाँबाट निस्केर जाऊ ।

जो कोही भिक्षु जानेर पनि यसप्रकार निकालिएको श्रमणोद्देशलाई सेवामा राखेमा, सहभोजन गराएमा सहशय्या गराएमा पाचित्तिय हुनेछ ।

सप्पाणक वग्गो सत्तमो ।

सहधम्मिक वग्गो

सहधम्मिक सिक्खापद

भिक्षु छन्नले अनाचार गर्दा अन्य भिक्षुहरूले त्यसो नगर्न सम्झाउने गर्दथे । तब भिक्षु छन्नले 'म यो कुरा तबसम्म मान्ने छुइनं जबसम्म कुनै विनयधरसंग सोध्ने छैन ।' भनेर जवाफ दिन्थ्यो ।

५/७१) यो पन भिक्खु भिक्खूहि सहधम्मिकं वुच्चमानो एवं वदेय्य- न तावाहं, आवुसो, एतस्मिं सिक्खापदे सिक्खिस्सामि याव न अञ्ञं भिक्खुं ब्यत्तं विनयधरं परिपुच्छामीति पाचित्तियं । सिक्खमानेन, भिक्खवे, भिक्खुना अञ्ञातब्बं परिपुच्छितब्बं परिपञ्हितब्बं । अयं तत्थ सामीचि ॥१२०॥

भिक्षुहरूले धार्मिक कुरा गर्दा, आवुसो ! म तबसम्म यस भिक्षु नियमलाई सिक्ने छुइन, जबसम्म कि दोश्रो विनयधरसंग सोध्ने छुइनं' भनी जो कोही भिक्षुले भनेमा पाचित्तिय हुनेछ ।

विलेखन सिक्खापद

श्रावस्तीमा भगवान्ले विनय बारे धेरै कथाहरू भन्नुहुन्थ्यो । कुरा नबुझेको अन्य भिक्षुहरू भिक्षु उपालीकाहाँ गएर सोध्दथे । तर ६ वर्गीय भिक्षुहरू भने 'यी ससाना विनयहरू पालन गरेर के लाभ, जुन पीढादायक छन् ?' भन्दथे । यो सुनेर अन्य भिक्षुहरूले उनीहरूलाई निन्दा गरे ।

५/७२) यो पन भिक्खु पातिमोक्खे उद्दिस्समाने एवं वदेय्य-किं पनिमेहि खुद्दानुखुद्दकेहि सिक्खापदेहि उद्दिट्ठेहि, यावदेव कुक्कुच्चाय विहेसाय विलेखाय संवत्तन्तीति सिक्खापदविवण्णके, पाचित्तियं ॥१२१॥

जो कोही भिक्षुले प्रातिमोक्ष आवृति गर्ने समय यही ससाना शिक्षापदको आवृत्तिबाट के मतलब, जुन सन्देह, पीडा र क्षोभ उत्पन्न गराउंछन् भनेर शिक्षापद विरुद्ध भनेमा पाचित्तिय हुनेछ ।

मोहन सिक्खापद

श्रावस्तीमा ६ वर्गीय भिक्षुहरू अनाचार गर्दथे । अन्य भिक्षुहरूले सम्झाउँदा 'हामी यो जान्दछौं कि प्रत्येक १५ दिनमा प्रातिमोक्षको पाठ गर्नुपर्छ' भन्दथे ।

५/७३) यो पन भिक्खु अन्वद्धमासं पातिमोक्खे उद्दिस्समाने एवं वदेय्य-इदानेव खो अहं जानामि, अयं पि किर धम्मो सुत्तागतो सुत्तपरियापन्नो अन्वद्धमासं उद्देसं आगच्छतीति । तञ्चे भिक्खुं अञ्ञे भिक्खू जानेय्युं निसिन्नपुब्बं इमिना भिक्खुना द्वत्तिक्खत्तुं पातिमोक्खे उद्दिस्समाने, को पन वादो भिय्यो,न च तस्स भिक्खुनो अञ्ञाणकेन मुत्ति अत्थि, यं च तत्थ आपत्तिं आपन्नो तं च यथाधम्मो कारेतब्बो, उत्तरिं चस्स मोहो आरोपेतब्बो-तस्स ते, आवुसो, अलाभा, तस्स ते दुल्लद्धं, यं त्वं पातिमोक्खे उद्दिस्समाने न साधुकं अट्ठिं कत्वा मनसि करोसीति, इदं तस्मिं मोहनके पाचित्तियं ॥१२२॥

जो कोही भिक्षु प्रत्येक आधा महिना प्रातिमोक्ष आवृत्ति गर्ने समय यसो भनेमा- आवुसो ! यो त अब जान्दछु कि सूत्रमा आएको, सूत्रद्वारा अनुमोदित, यस धर्मलाई पनि प्रत्येक पन्ध्र दिनमा आवृत्ति गरिन्छ भनेर । यदि अन्य भिक्षुले त्यस भिक्षुलाई पहिलेदेखि बसेको दुइ तीन या अधिक प्रातिमोक्ष आवृत्ति गरुञ्जेलसम्म पनि त्यस्तै पाएमा असमझदारीको कारण त्यो भिक्षु मुक्त हुन सक्दैन । जेजति अपराध उसले गरेको छ धर्मानुसार प्रतिकार गर्नुपर्छ र अगाडि उसमाथि अज्ञानताको आरोप गर्नुपर्छ- आवुसो ! तिमीलाई अलाभ छ, तिमीलाई हानि भएको छ जुन कि प्रातिमोक्ष आवृत्ति गर्दा तिमीले राम्ररी दृढमनले धारण गर्दैनौ । उसलाई अज्ञानतामा गरेमा पाचित्तिय हुनेछ ।

पहार सिक्खापद

६ वर्गीय भिक्षुहरूले सत्रवर्गीय भिक्षुहरूलाई पिट्दथे ।

५/७४) यो पन भिक्खु भिक्खुस्स कुपितो अनत्तमनो पहारं ददेय्य, पाचित्तियं ॥१२३॥

जो कोही भिक्षुले कुपित, असंतुष्ठ भएर अन्य भिक्षुलाई पिटेमा पाचित्तिय हुनेछ ।

तलसत्तिक सिक्खापद

६ वर्गीय भिक्षुहरूले सत्रवर्गीय भिक्षुहरूलाई धम्काउँदथे ।

५/७५) यो पन भिक्खु भिक्खुस्स कुपितो अनत्तमनो तलसत्तिकं उग्गिरेय्य, पाचित्तियं ॥१२४॥

जो कोही भिक्षु कुपित, असन्तुष्ठ भएर पिट्ने गरी धम्काएमा पाचित्तिय हुनेछ ।

अमूलक सिक्खापद

६ वर्गीय भिक्षुहरूले कुनै भिक्षुलाई माथिल्लो निर्मूल संघादिसेस दोषको दोषारोपण लगाए ।

५/७६) यो पन भिक्खु भिक्खुं अमूलकेन संघादिसेसेन अनुद्धंसेय्य, पाचित्तियं ॥१२५॥

जो कोही भिक्षुले अन्य भिक्षुमाथि निर्मूल संघादिसेसको आरोप लगाएमा पाचित्तिय हुनेछ ।

सञ्चिच्च सिक्खापद

६ वर्गीय भिक्षुहरूले सत्रवर्गीय भिक्षुहरूलाई सताउनको लागि भन्थे 'भगवान्ले बीसवर्षभन्दा मुनिको लाथि भिक्षु हुनु अयोग्य भन्नुभएको छ। तिमीहरू बीस वर्षभन्दा कम वर्षमा उपसम्पन्न भएका छौ ।' यो सुनेर उनीहरू रुन्थे ।

५/७७) यो पन भिक्खु भिक्खुस्स सञ्चिच्च कुक्कुच्चं उपदहेय्य-इतिस्स मुहुत्तं पि अफासु भविस्सतीति । एतदेव पच्चयं करित्वा अनञ्ञं, पाचित्तियं ॥१२६॥

जो कोही भिक्षुले अन्य भिक्षुको क्षणभर पनि छटपटि हुनेछ भन्ने विचारले जानीजानी शंका उत्पन्न गराएमा अन्य कारण नभएमा पाचित्तिय हुनेछ ।

उपस्सुति सिक्खापद

श्रावस्तीमा ६ वर्गीय भिक्षुहरू शान्त स्वभाव भएका भिक्षुहरूसंग झगडा गर्दथे र भन्दथे 'ती अलज्जी भिक्षुहरूसंग झगडा गर्नु सम्भव छैन ।' अन्य भिक्षुहरूले कुरा सुन्थे ।

५/७८) यो पन भिक्खु भिक्खूनं भण्डनजातानं कलहजातानं विवादापन्नानं उपस्सुतिं तिट्ठेय्य-यं इमे भणिस्सन्ति तं सोस्सामीति। एतदेव पच्चयं करित्वा अनञ्ञं, पाचित्तियं ॥१२७॥

जो कोही भिक्षु अर्को कारण नभएमा मात्र झगडा गरेको विवाद गरेको भिक्षुहरूको कुराकानी चियो गरेमा पाचित्तिय हुनेछ ।

कम्मपटिबाहन सिक्खापद

६ वर्गीय भिक्षुहरू अनाचारी थिए। एक समय भिक्षुसंघ एकत्रित भयो। उनीहरूले धार्मिक कार्यको लागि आफ्नो मत दिए। पछि त्यसलाई अस्वीकार गरे।

५/७९) यो पन भिक्खु धम्मिकानं कम्मानं छन्दं दत्वा पच्छा खीयनधम्मं आपज्जेय्य, पाचित्तियं ॥१२८॥

जो कोही भिक्षुले धार्मिक कर्मको लागि आफ्नो मञ्जुरी दिएर पछि पन्छिएमा पाचित्तिय हुनेछ।

छन्द अदत्वा गमन सिक्खापद

६ वर्गीय भिक्षुहरू भिक्षुसंघको निर्णय गर्ने समयमा आफ्नो मत नदिएर नै आसनबाट उठेर जान्थे।

५/८०) यो पन भिक्खु संघे विनिच्छयकथाय वत्तमानाय छन्दं अदत्वा उट्ठायासना पक्कमेय्य, पाचित्तियं ॥१२९॥

जो कोही भिक्षु भिक्षुसंघको निर्णय गर्ने समयमा मत नदिएर आसनबाट उठेर गएमा पाचित्तिय हुनेछ।

खीयनधम्म सिक्खापद

भिक्षु दर्भमल्लपुत्रको एक फाटेको चीवर थियो। संघलाई एउटा चीवर प्राप्त भयो। त्यो चीवर दर्भमल्लपुत्रलाई दियो। यसमा ६ वर्गीय भिक्षुहरूले आपत्ति जनाए।

५/८१) यो पन भिक्खु समग्गेन संघेन चीवरं दत्वा पच्छा खीयनधम्मं आपज्जेय्य यथासन्थुतं भिक्खू संघिकं लाभं परिणामेन्तीति, पाचित्तियं ॥१३०॥

जो कोही भिक्षुसंघमा एकमत भएर चीवर बाँडफाँड गर्छ तर पछि गएर भन्छ - अनुहार हेरेर भिक्षुहरू संघसम्पत्ति बाँड्छन् भनेमा पाचित्तिय हुनेछ।

परिणामन सिक्खापद

कुनै उपासक संघको लागि चीवर दान गर्न चाहन्थ्यो। त्यो थाहा पाएर ६ वर्गी य भिक्षुहरू अगाडि नै गएर आफ्नो लागि लिए।

५/८२) यो पन भिक्खु जानं संघिकं लाभं परिणतं पुग्गलस्स परिणामेय्य, पाचित्तियं ॥१३१॥

जो कोही भिक्षु जानेर पनि संघको लागि प्राप्त लाभलाई एक व्यक्तिको लाभमा परिणत गरेमा पाचित्तिय हुनेछ।

सहधम्मिक वग्गो अट्ठमो

रतन वग्गो

अन्तेपुर सिक्खापद

जेतवनाराममा भगवान् बुद्धलाई भेट्न राजा प्रसेनजित आयो। त्यसबेला भगवान्संग छत्तपाणी उपासक बसिरहेको थियो। तर उसले भगवान्को अगाडि राजालाई वन्दना गर्दा भगवान्को अपमान हुन्छ भनेर राजा प्रसेनजितलाई उठेर वन्दना गरेन। राजा प्रसेनजितले उसप्रति शंका गर्दा भगवान्ले उसको प्रशंसा गर्दै भन्नुभयो 'छत्तपाणी उपासक अनागामी आर्य पुद्‌गल हो।' पछि बाटोमा छत्तपाणी उपासकलाई भेट्दा 'दरवारमा आएर उपदेश दिनु' भनी राजाले भन्दा उसले 'यो राजदरवारको अन्तपुरमा गृहस्थ जान ठीक हुँदैन, भगवान्लाई भनेमा कुनै भिक्षुलाई पठाउनुहुनेछ ' भन्यो। यो सुनेर राजाले भगवान्लाई धर्मदेशनाको लागि अनुरोध गर्दा भिक्षु आनन्दलाई. पठाउनुभयो। धर्मदेशनाको लागि नियमित रूपले जाँदा एक दिन राजा प्रसेनजित र रानी मल्लिका देवीसंग सहवास गरिरहेका थिए। भिक्षु आनन्दलाई देखेर रानी हतारिएर उठिन्। त्यो देखेर भिक्षु आनन्द फर्केर विहार जानुभयो।

५/८३) यो पन भिक्खु रञ्ञो खत्तियस्स मुद्धाभिसित्तस्स अनिक्खन्तराजके अनिग्गतरतनके पुब्बे अप्पटीसंविदितो इन्दखीलं अतिक्कामेय्य, पाचित्तियं ॥१३२॥

जो कोही भिक्षु मुर्द्धाभिषिक्त क्षत्रिय राजाको दरवारमा राजा र रानीको अन्तपुरबाट बाहिर ननिस्केको समयमा सूचना नदिई इन्द्रखील (मूलद्वार) भन्दा अगाडि गएमा पाचित्तिय हुनेछ।

रतन सिक्खापद

श्रावस्तीमा एक समय एक भिक्षु अचिरवती नदीमा नुहाइरहेको थियो। त्यस समयमा एक ब्राह्मण आफ्नो रत्न फुकालेर नुहाउन थाल्यो। त्यस भिक्षुले त्यो रत्न लिएर विहारमा आयो।

५/८४) यो पन भिक्खु रतनं वा रतनसम्मतं वा, अञ्ञत्र अज्झारामा वा अज्झावसथा वा, उग्गण्हेय्य वा उग्गण्हापेय्य वा, पाचित्तियं। रतनं वा पन भिक्खुना रतनसम्मतं वा अज्झारामे वा अज्झावसथे वा उग्गहेत्वा वा उग्गहापेत्वा वा निक्खिपितब्बं यस्स भविस्सति सो हरिस्सतीति। अयं तत्थ सामीचि ॥१३३॥

क) जो कोही भिक्षु रत्न या रत्न समानलाई विहार वा आवासथलाई छाडी अन्यत्र लगे वा लान लगाएमा पाचित्तिय हुनेछ। ख) रत्न या रत्नसमानलाई विहार वा आवासथमा लगेर वा लैजान लगाएमा भिक्षुले एक ठाउँमा राख्नुपर्छ कि जसको हो उसको लान सक्छ। यो यहाँ उचित छ।

विकाल गामप्पवेसन सिक्खापद

श्रावस्तीमा ६ वर्गीय भिक्षुहरू विकाल समयमा गाउँमा गएर राजकथा, चोरकथा आदि तिरच्छान कथाहरू सुनाउँथे।

५/८५) यो पन भिक्खु सन्तं भिक्खुं अनापुच्छा विकाले गामं पविसेय्य, अञ्ञत्र तथारूपा अच्चायिका करणीया, पाचित्तियं ॥१३४॥

जो कोही भिक्षु विद्यमान भिक्षुलाई नसोधी विकालमा (साँझपछि) गाउँमा आवश्यक कामले प्रवेश गरेमा पाचित्तिय हुनेछ ।

सूचिघर सिक्खापद

जो एक समय कपिलवस्तुमा सूचिघर (सियो राख्ने झोला) बनाउने मानिस आयो। तब सबै भिक्षुहरू आआफ्ना सूचिघर बनाउन थाले ।

५/८६) यो पन भिक्खु अट्ठिमयं वा दन्तमयं वा विसाणमयं वा सूचिघरं कारापेय्य, भेदनकं पाचित्तियं ॥१३५॥

जो कोही भिक्षु दन्त या सिङको सूचिघर बनाएकोलाई तोडेमा पाचित्तिय हुनेछ ।

मञ्चपीठ सिक्खापद

श्रावस्तीमा भिक्षु उपनन्द आफ्नो विहारमा अग्लो आसनमा सुत्दथ्यो। एकदिन भगवान् घुम्दै त्यहाँ पुग्नुभयो । तब भिक्षु उपनन्दले आफ्नो आसनलाई भगवान्लाई देखायो ।

५/८७) नवं पन भिक्खुना मञ्चं वा पीठं वा कारयमानेन अट्ठंगुलपादकं कारेतब्बं सुगतंगुलेन, अञ्ञत्र हेट्ठिमाय अटनिया, तं अतिक्कामयतो छेदनकं, पाचित्तियं ॥१३६॥

नयाँ खाट या तख्ता बनाउंदा भिक्षुले तल्लो ओटकालाई छोडेर बुद्धको औंलाले आठ अंगुलको खुट्टाको उचाई बनाउनुपर्छ। यसको अतिक्रमण गरेर काटिदिएमा पाचित्तिय हुनेछ ।

तूलोनद सिक्खापद

६ वर्गीय भिक्षुहरू खाट र पीर्कालाई रुवाले भर्दथे । त्यो देखेर अन्य भिक्षुहरू दुक्खीत हुन्थे ।

५/८८) यो पन भिक्खु मञ्चं वा पीठं वा तूलोनद्धं कारापेय्य, उद्दालनकं पाचित्तियं ॥१३७॥

जो कोही भिक्षु खाट वा वेञ्चलाई रुवा भरेर बनाएमा, त्यसलाई उधार्नुमा पाचित्तिय हुनेछ ।

निसीदन सिक्खापद

६ वर्गीय भिक्षुहरूले भगवान्ले अनुमति दिएको छ भनेर अप्रमाण आसन बनाउन थाले ।

५/८९) निसीदनं पन भिक्खुना कारयमानेन पमाणिकं कारेतब्बं । तत्रिदं पमाणं–दीघसो द्वे विदत्थियो, सुगतविदत्थिया, तिरियं दियड्ढं। दसा विदत्थि । तं अतिक्कामयतो छेदनकं, पाचित्तियं ॥१३८॥

बस्ने आसन बनाउंदा प्रमाणअनुसार बनाउनुपर्छ । प्रमाण यसप्रकार छ- बुद्धको वित्ताले दुइवित्ता लम्बाई र चौडाइ डेढवित्ता, मोटाई (उचाई) एकवित्ता । यसको अतिक्रमण गर्दा काटेमा पाचित्तिय हुनेछ ।

कण्डुपटिच्छादि सिक्खापद

६ वर्गीय भिक्षुहरूले दाद आदि रोगलाई ढाक्नुको लागि अप्रमाण रूपले लंगोटी बनाउन थाले ।

५/९०) कण्डुपटिच्छादिं पन भिक्खुना कारयमानेन पमाणिका कारेतब्बा । तत्रिदं पमाणं-दीघसो चतस्सो विदत्थियो, सुगतविदत्थिना, तिरियं द्वे विदत्थियो । तं अतिक्कामयतो छेदनकं पाचित्तियं ॥१३९॥

लुतो, दाद छोप्ने वस्त्र बनाउंदा भिक्षुले प्रमाणअनुसार बनावस् । प्रमाण यसप्रकार छ- बुद्धको बित्ताले चार वित्ता लामो, दुइ वित्ता चौढाई । यसको अतिक्रमण गरी काटेमा पाचित्तिय हुनेछ ।

वस्सिक साटक सिक्खापद

६ वर्गीय भिक्षुहरूले वस्सिक साटिको पनि कुनै प्रमाणको विचार नगरी बनाउँथे ।

५/९१) वस्सिकसाटिकं पन भिक्खुना कारयमानेन पमाणिका कारेतब्बा । तत्रिदं पमाणं-दीघसो छ विदत्थियो, सुगतविदत्थिया, तिरियं अड्ढतेय्या । तं अतिक्कामयतो छेदनकं, पाचित्तियं ॥१४०॥

वस्सिक साटिका बनाउंदा भिक्षुले प्रमाणअनुसार बनाओस् । प्रमाण यसप्रकार छ- बुद्धको लम्बाइ छ वित्ता, चौडाइले अढाई वित्ता । यसको अतिक्रमण गरेर काटेमा पाचित्तिय हुनेछ ।

नन्द सिक्खापद

श्रावस्तीमा भिक्षु नन्द भगवान्को नापमा चीवर बनाएर लगाउँथ्यो । कुनै एक भिक्षुले टाढाबाट उसलाई भगवान् भनी सम्भियो ।

९२) यो पन भिक्खु सुगतचीवरप्पमाणं चीवरं कारापेय्य अतिरेकं वा, छेदनकं पाचित्तियं । तत्रिदं सुगतस्स सुगतचीवरप्पमाणं-दीघसो नव विदत्थियो सुगतविदत्थिया, तिरियं छ विदत्थियो । इदं सुगतस्स सुगतचीवरप्पमाणं ॥१४१॥

९२) जो कोही भिक्षु बुद्धको चीवर बराबर या त्यसभन्दा ठूलो चीवर बनाउंदा काटेमा पाचित्तिय हुनेछ । बुद्धको चीवरको प्रमाण यसप्रकार छ- बुद्धको वित्ताले नौ वित्ता लामो, छ वित्ता चौडा ।

रतनवग्गो नवमो ।

उद्दिट्ठा खो, आयस्मन्तो, द्वेनवुति पाचित्तिया धम्मा । तत्थायस्मन्ते पुच्छामि-कच्चित्थ परिसुद्धा ? दुतियम्पि पुच्छामि-कच्चित्थ परिसुद्धा ? ततियम्पि पुच्छामि-कच्चित्थ परिसुद्धा ? परिसुद्धेत्थायस्मन्तो, तस्मा तुण्ही, एवमेतं धारयामीति ।

आयुष्मान्हरू ! यी बयानब्बे पाचित्तिय दोष भनिन्छन् । आयुष्मान्हरू सोध्दछु- के तपाईहरू यसमा शुद्ध हुनुहुन्छ ? दोश्रो पल्ट पनि सोध्दछु .....? तेश्रोपल्ट पनि ....? आयुष्मान्हरू शुद्ध हुनुहुन्छ, त्यसैले चुप हुनुहुन्छ, यसरी म धारण गर्दछु ।

पाचित्तिय समाप्त

६. पाटिदेसनीय

इमे खो पनायस्मन्तो चत्तारो पाटिदेसनीया धम्मा उद्देसं आगच्छन्ति-
आयुष्मान्हरू ! यी चार पाटिदेसनिय धम्म प्रकाश पार्ने समय भएको छ-

पठम पाटिदेसनीय सिक्खापद

श्रावस्तीमा एक भिक्षुणीले आफूले ल्याएको भिक्षालाई एक भिक्षुलाई 'भन्ते, भिक्षा लिनुहोस्' भनी अनुरोध गरिन्। तर त्यस भिक्षुले सबै भिक्षालाई लिएर गयो। त्यस दिन भिक्षुणी भोकै रहिन्। यसरी नै उसले चार पाँच दिनसम्म आफूले मागिल्याएको भिक्षा दान गर्दा भिक्षुहरूले सबै भिक्षाहरू लिएर गएकोले चार पाँच दिनसम्म नै भोकै रहनुपर्‍यो। पछि आहारको कमीले गर्दा बेहोश भइन्। त्यस दुर्बल भिक्षुणीलाई एक उपासकले आफ्नो घरमा लगेर भोजन गरायो। अन्य भिक्षुहरूले ती भिक्षुहरूलाई निन्दा गरे।

६/१) यो पन भिक्खु अञ्ञातिकाय भिक्खुनिया अन्तरघरं पविट्ठाय हत्थतो खादनीयं वा भोजनीयं वा सहत्था पटिग्गहेत्वा खादेय्य वा भुञ्जेय्य वा, पटिदेसेतब्बं तेन भिक्खुना-गारय्हं, आवुसो धम्मं आपज्जिं असप्पायं पाटिदेसनीयं, तं पटिदेसेमीति ॥१४२॥

जो कोही भिक्षु उपासकको घरमा प्रवेश गरेर अज्ञातिका भिक्षुणीको हातबाट खाद्य भोज्यलाई आफ्नो हातले ग्रहण गरेर खाओस् वा भोजन गरियोस् तब त्यस भिक्षुलाई पटिदेशना गर्नुपर्छ- आवुसो ! मैले निन्दनीय, अयुक्त प्रतिदेशनायोग्य कार्य गरें, त्यसको म प्रतिदेशना गर्दछु।'

दुतिय पाटिदेसनीय सिक्खापद

भिक्षुहरूको लागि गृहस्थहरूले भोजन निमन्त्रणा गर्दथे। ६ वर्गीय भिक्षुहरू जहाँ गएर भोजन गर्न जान्थे त्यहाँ गएर ६ वर्गीया भिक्षुणीहरू पनि पुगेर यसो भन्थे 'यहाँ दाल देऊ, यहाँ भात देऊ।'

६/२) भिक्खू पनेव कुलेसु निमन्तिता भुञ्जन्ति, तत्र चे सा भिक्खुनी वोसासमानरूपा ठिता होति-इध सूपं देथ, इध ओदनं देथाति। तेहि भिक्खूहि सा भिक्खूनी अपसादेतब्बा- अपसक्क ताव भगिनी, याव भिक्खू भुञ्जन्तीति। एकस्स चे पि भिक्खुनो न पटिभासेय्य तं भिक्खुनिं अपसादेतुं-अपसक्कताव, भगिनि, याव भिक्खू भुञ्जन्तीति पटिदेसेतब्बं तेहि भिक्खूहि- गारय्हं, आवुसो, धम्मं आपज्जिम्हा असप्पायं पाटिदेसनीयं, तं पटिदेसेमाति ॥१४३॥

गृहस्थको घरमा निमन्त्रित भएर भिक्षु भोजन गर्दछ। त्यहाँ कुनै भिक्षुणी स्नेह प्रदर्शन गर्दै उभिएर भन्छिन्- यहाँ सूप देऊ, यहाँ भात देऊ। तब ती भिक्षुहरूले त्यस भिक्षुणीलाई रोक्नुपर्छ- बहिनी ! जबसम्म भिक्षुहरू भोजन गर्छन् तबसम्म तिमी पर जाऊ। यदि

एकजना भिक्षु पनि त्यस भिक्षुणीलाई बहिनी ! जबसम्म भिक्षु भोजन गर्छ तबसम्म तिमी पर जाऊ भनेको ठीक लागेन भने ती सारा भिक्षुहरूलाई प्रतिदेशना गर्नुपर्छ- आवुसो ! हामीले निन्दनीय अयुक्त प्रतिदेशनायोग्य कार्यलाई गर्‍यौं, त्यसैले हामी त्यसको प्रतिदेशना गर्दछौं ।

ततीय पाटिदेसनीय सिक्खापद

श्रावस्तीमा केही भिक्षुहरू गृहस्थहरूको घरमा गएर विना निमन्त्रणा भएर पनि आफैले हातले लिएर भोजन ग्रहण गर्दथे ।

६/३) यानि खो पन तानि सेखसम्मतानि कुलानि, यो पन भिक्खु तथारूपेसु सेक्खसम्मतेसु कुलेसु पुब्बे अनिमन्तितो अगिलानो खादनीयं वा भोजनीयं वा सहत्था पटिग्गहेत्वा खादेय्य वा भुञ्जेय्य वा, पटिदेसेतब्बं तेन भिक्खुना-गारय्हं, आवुसो, धम्मं आपज्जि असप्पायं पाटिदेसेनीय, तं पटिदेसेमीति ॥१४४॥

जुन ती शैक्ष्य (अत्यन्त श्रद्धालु तर धनहीन कूल) मानिएको कूल छन् ती कुलहरूमा जो भिक्षु अनिमन्त्रित या निरोगी हुँदा पनि खाद्य भोज्यलाई आफ्नो हातले ग्रहण गरेर खावस् या भोजन गरियोस् तब त्यस भिक्षुलाई प्रतिदेशना गर्नुपर्छ- आवुसो ! मैले निन्दनीय, अयुक्त, प्रतिदेशना योग्य कार्य गरें, त्यसैले म त्यसको प्रतिदेशना गर्दछु ।

चतुत्थ पाटिदेसनीय सिक्खापद

शाक्य दासहरूको लागि शाक्य दासीहरूले जंगलमा भोजन लिएर आए । केही भिक्षुहरूले ती दासीहरूसंग भोजन लिएर खाए ।

६/४) यानि खो पन तानि आरञ्ञकानि सेनासनानि सासंकसम्मतानि सप्पटिभयानि, यो पन भिक्खु तथारूपेसु सेनासनेसु पुब्बे अप्पटिसंविदितं खादनीयं वा भोजनीयं वा अज्झारामे सहत्था पटिग्गहेत्वा अगिलानो खादेय्य वा भुञ्जेय्य वा, पटिदेसेतब्बं तेन भिक्खुना-गारय्हं, आवुसो, धम्मं आपज्जि असप्पायं पाटिदेसनीयं, तं पटिदेसेमीति ॥१४५॥

जुन त्यो भयावह, शंकायुक्त आरण्यक आश्रम छन्, त्यस्तो आश्रममा विहार गर्ने, जो भिक्षु विहारभित्र पनि पहिले नै प्रार्थना नगरिएको खाद्य भोज्य निरोग हुँदाहुदै आफ्नो हातले लिएर खाएमा वा भोजन गरेमा तब त्यस भिक्षुले प्रतिदेशना गर्नुपर्छ ।

उद्दिट्ठा खो, आयस्मन्तो, चत्तारो पाटिदेसनीया धम्मा । तत्थायस्मन्ते पुच्छामि-कच्चित्थ परिसुद्धा ? दुतियम्पि पुच्छामि-कच्चित्थ परिसुद्धा ? ततियम्पि पुच्छामि-कच्चित्थ परिसुद्धा ? परिसुद्धेत्थायस्मन्तो, तस्मा तुण्ही, एवमेतं धारयामीति ।

आयुष्मान्हरू ! यी चार पाटिदेसनिय दोष भनिएका छन् । आयुष्मान्हरू सोध्दछु-के तपाईहरू यसमा शुद्ध हुनुहुन्छ ? दोश्रो पल्ट पनि सोध्दछु .....? तेश्रोपल्ट पनि ....? आयुष्मान्हरू शुद्ध हुनुहुन्छ, त्यसैले चुप हुनुहुन्छ, यसरी म धारण गर्दछु ।

पाटिदेसनीय समाप्त

७. सेखिय

पुनश्चः प्रायशः यी सारा विनयहरू ६ वर्गीय भिक्षुहरूका कारणले बनेका छन् भने ती कारणहरू पनि ससाना भएकाले यहाँ उल्लेख गरिएका छैनन् ।

इमे खो पनायस्मन्तो सेखिया धम्मा उद्देसं आगच्छन्ति-

आयुष्मान्हरू ! यी पचहत्तर सेखिय धम्म भन्ने समय आएका छन्-

परिमण्डल वग्गो

परिमण्डल सिक्खापद

७/१) परिमण्डलं निवासेस्सामीति सिक्खाकरणीया ॥१४६॥

परिमण्डल लगाउने शिक्षा ग्रहण गर्नुपर्छ ॥

७/२) परिमण्डलं पारुपिस्सामीति सिक्खाकरणीया ॥१४७॥

परिमण्डल ओढ्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

सुप्पटिच्छन्न सिक्खापद

७/३) सुपटिच्छन्नो अन्तरघरे गमिस्सामीति सिक्खाकरणीया ॥१४८॥

घरमा राम्ररी शरीर ढाकेर जाने शिक्षा ग्रहण गर्नुपर्छ ।

७/४) सुपटिच्छन्नो अन्तरघरे निसीदिस्सामीति सिक्खाकरणीया ॥१४९॥

घरमा राम्ररी ढाकेर बस्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

सुसंवुत सिक्खापद

७/५) सुसंवुतो अन्तरघरे गमिस्सामीति सिक्खाकरणीया ॥१५०॥

घरमा राम्ररी संयमपूर्वक जाने शिक्षा ग्रहण गर्नुपर्छ ।

७/६) सुसंवुतो अन्तरघरे निसीदिस्सामीति सिक्खाकरणीया ॥१५१॥

घरमा राम्ररी संयमपूर्वक बस्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

ओक्खितचक्खु सिक्खापद

७/७) ओक्खित्तचक्खु अन्तरघरे गमिस्सामीति सिक्खाकरणीया ॥१५२॥

घरमा आँखा झुकाएर जाने शिक्षा ग्रहण गर्नुपर्छ ।

७/८) ओक्खित्तचक्खु अन्तरघरे निसीदिस्सामीति सिक्खा करणीया ॥१५३॥

घरमा आँखा झुकाएर बस्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

उक्खित्तक सिक्खापद

७/९) न उक्खित्तकाय अन्तरघरे गमिस्सामीति सिक्खाकरणीया ॥१५४॥

घरमा न शरीरलाई खुल्ला गरी जाने शिक्षा ग्रहण गर्नुपर्छ ।

७/१०) न उक्खित्तकाय अन्तरघरे निसीदिस्सामीति सिक्खाकरणीया ॥१५५॥

घरमा न शरीरलाई खुल्ला गरी बस्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

परिमण्डल वग्गो पठमो

उज्जग्घिक वग्गो

उज्झग्घिक सिक्खापद

७/११) न उज्झग्घिकाय अन्तरघरे गमिस्सामीति सिक्खाकरणीया ॥१५६॥

घरमा न अट्ठहास गर्दै जाने शिक्षा ग्रहण गर्नुपर्छ ।

७/१२) न उज्झग्घिकाय अन्तरघरे निसीदिस्सामीति सिक्खाकरणीया ॥१५७॥

न घरमा अट्ठहास गर्दै बस्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

अप्पसद्द सिक्खापद

७/१३) अप्पसद्दो अन्तरघरे गमिस्सामीति सिक्खाकरणीया ॥१५८॥

घरमा चुपचाप जाने शिक्षा ग्रहण गर्नुपर्छ ।

७/१४) अप्पसद्दो अन्तरघरे निसीदिस्सामीति सिक्खाकरणीया ॥१५९॥

घरमा चुपचाप बस्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

कयप्पचालक सिक्खापद

७/१५) न कायप्पचालकं अन्तरघरे गमिस्सामीति सिक्खाकरणीया ॥१६०।

न घरमा शरीरलाई भाँज्दै जाने शिक्षा ग्रहण गर्नुपर्छ ॥

७/१६) न कायप्पचालकं अन्तरघरे निसीदिस्सामीति सिक्खाकरणीया ॥१६१॥

न घरमा शरीरलाई भाँज्दै बस्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

बाहुप्पचालक सिक्खापद

७/१७) न बाहुप्पचालकं अन्तरघरे गमिस्सामीति सिक्खाकरणीया ॥१६२॥

न घरमा हातलाई भाँज्दै जाने शिक्षा ग्रहण गर्नुपर्छ ।

७/१८) न बाहुप्पचालकं अन्तरघरे निसीदिस्सामीति सिक्खाकरणीया ॥१६३॥

न घरमा हातलाई भाँज्दै बस्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

सीसप्पचालक सिक्खापद

७/१९) न सीसप्पचालकं अन्तरघरे गमिस्सामीति सिक्खाकरणीया ॥१६४॥

न घरमा टाउको हल्लाउँदै जाने शिक्षा ग्रहण गर्नुपर्छ ।

७/२०) न सीसप्पचालकं अन्तरघरे निसीदिस्सामीति सिक्खाकरणीया ॥१६५॥

न घरमा टाउको हल्लाउँदै बस्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

उज्जग्घिक वग्गो दुतियो

खम्भकत वग्गो

खम्भकत सिक्खापद

७/२१) न खम्भकतो अन्तरघरे गमिस्सामीति सिक्खाकरणीया ॥१६६॥

न घरमा कमरमा हात राखेर जाने शिक्षा ग्रहण गर्नुपर्छ ।

७/२२) न खम्भकतो अन्तरघरे निसीदिस्सामीति सिक्खाकरणीया ॥१६७॥

न घरमा कमरमा हात राखेर बस्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

ओगुण्ठित सिक्खापद

७/२३) न ओगुण्ठितो अन्तरघरे गमिस्सामीति सिक्खाकरणीया ॥१६८॥

न घरमा शीर छोपेर जाने शिक्षा ग्रहण गर्नुपर्छ ।

७/२४) न ओगुण्ठितो अन्तरघरे निसीदिस्सामीति सिक्खाकरणीया ॥१६९॥

न घरमा शीर छोपेर बस्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

उक्कुटिक सिक्खापद

७/२५) न उक्कुटिकाय अन्तरघरे गमिस्सामीति सिक्खाकरणीया ॥१७०॥

न घरमा पञ्जाको बलमा जाने शिक्षा ग्रहण गर्नुपर्छ ।

७/२६) न पल्लत्थिकाय अन्तरघरे निसीदिस्सामीति सिक्खाकरणीया ॥१७१॥

न घरमा पलेटी मारेर बस्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

सक्कच्च पटिग्गहण सिक्खापद

७/२७) सक्कच्चं पिण्डपातं पटिग्गहेस्सामीति सिक्खाकरणीया ॥१७२॥

भिक्षापात्रलाई सत्कारपूर्वक ग्रहण गर्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

पत्तसञ्ञी पटिग्गहण सिक्खापद

७/२८) पत्तसञ्ञी पिण्डपातं पटिग्गहेस्सामीति सिक्खाकरणीया ॥१७३॥

भिक्षापात्रको विचार गरी भिक्षान्न ग्रहण गर्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

समसूपक पटिग्गहण सिक्खापद

७/२९) समसूपकं पिण्डपातं पटिग्गहेस्सामीति सिक्खाकरणीया ॥१७४॥

मात्राअनुसार सूपयुक्त भोक्षान्न ग्रहण गर्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

समतित्तिकं सिक्खापद

७/३०) **समतित्तिकं पिण्डपातं पटिग्गहेस्सामीति सिक्खाकरणीया ॥१७५॥**

पात्रको समतल भिक्षान्न ग्रहण गर्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

खम्भकतवग्गो ततियो ।

सक्कच्च वग्गो

सक्कच्च भुञ्जन सिक्खापद

७/३१) **सक्कच्चं पिण्डपातं भुञ्जिस्सामीति सिक्खाकरणीया ॥१७६॥**

सत्कारपूर्वक भिक्षान्न खाने शिक्षा ग्रहण गर्नुपर्छ ।

पत्तसञ्ञी भुञ्जन सिक्खापद

७/३२) **पत्तसञ्ञी पिण्डपातं भुञ्जिस्सामीति सिक्खाकरणीया ॥१७७॥**

भिक्षापात्रको विचार गरेर भिक्षान्नलाई खाने शिक्षा ग्रहण गर्नुपर्छ ।

सपदान सिक्खापद

७/३३) **सपदानं पिण्डपातं भुञ्जिस्सामीति सिक्खाकरणीया ।**

एक छेउबाट भिक्षालाई खाने शिक्षा ग्रहण गर्नुपर्छ ।

समसूपकं सिक्खापद

७/३४) **समसूपकं पिण्डपातं भुञ्जिस्सामीति सिक्खाकरणीया ॥१७९॥**

मात्राअनुसार सूपसहित भिक्षान्न खाने शिक्षा ग्रहण गर्नुपर्छ ।

न थूपकत सिक्खापद

७/३५) **न थूपकतो ओमद्दित्वा पिण्डपातं भुञ्जिस्सामीति सिक्खाकरणीया ॥१८०॥**

गाँसलाई न मिची मिची भोजन गर्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

ओदनप्पटिच्छादन सिक्खापद

७/३६) **न सूपं वा व्यञ्जनं वा ओदनेन पटिच्छादेस्सामि भिय्योकम्यतं उपादायाति सिक्खाकरणीया ॥१८१॥**

न बढी पाउने इच्छाले दाल या तरकारीलाई भोजनले छोप्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

सूपोदन विञ्ञत्ति सिक्खापद

७/३७) **न सूपं वा ओदनं वा अगिलानो अत्तनो अत्थाय विञ्ञापेत्वा भुञ्जिस्सामीति सिक्खाकरणीया ॥१८२॥**

न निरोगी हुँदाहुदै दाल या भातलाई मागेर खाने शिक्षा ग्रहण गर्नुपर्छ ।

उज्झानसञ्ञी सिक्खापद

७/३८) **न उज्झानसञ्ञी परेसं पत्तं ओलोकेस्सामीति सिक्खाकरणीया ॥१८३॥**

न अवज्ञाको विचारले अर्कोको पात्र हेर्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

कबल सिक्खापद

७/३९) नातिमहन्तं कबलं करिस्सामीति सिक्खाकरणीया ॥१८४॥

न धेरै ठूलो गाँस बनाउने शिक्षा ग्रहण गर्नुपर्छ ।

आलोप सिक्खापद

७/४०) परिमण्डलं आलोपं करिस्सामीति सिक्खाकरणीया ॥१८५॥

गाँसलाई गोलगरी खाने शिक्षा ग्रहण गर्नुपर्छ ।

सक्कच्च वग्गो चतुत्थो ।

कबल वग्गो

अनाहत सिक्खापद

७/४१) न अनाहते कबले मुखद्वारं विवरिस्सामीति सिक्खाकरणीया ॥१८६॥

न गाँसलाई मुख अगाडि ल्याएसम्म मुख खोल्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

भुञ्जमान सिक्खापद

७/४२) न भुञ्जमानो सब्बं हत्थं मुखे पक्खिपिस्सामीति सिक्खाकरणीया ॥१८७॥

न भोजन गर्दा सारा हातलाई मुखभित्र राख्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

सकबल सिक्खापद

७/४३) न सकबलेन मुखेन ब्याहरिस्सामीति सिक्खाकरणीया ॥१८८

न गाँस भएको मुखले कुराकानी गर्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

पिण्डुक्खेपक सिक्खापद

७/४४) न पिण्डुक्खेपकं भुञ्जिस्सामीति सिक्खाकरणीया ॥१८९॥

न गाँस उछालेर खाने शिक्षा ग्रहण गर्नुपर्छ ।

कबलावच्छेदक सिक्खापद

७/४५) न कबलावच्छेदकं भुञ्जिस्सामीति सिक्खाकरणीया ॥१९०॥

न गाँसलाई काटी काटी खाने शिक्षा ग्रहण गर्नुपर्छ ।

अवगण्डकारक सिक्खापद

७/४६) न अवगण्डकारकं भुञ्जिस्सामीति सिक्खाकरणीया ॥१९१॥

न गाला फूलाएर खाने शिक्षा ग्रहण गर्नुपर्छ ।

हत्थनिद्धुनक सिक्खापद

७/४७) न हत्थनिद्धुनकं भुञ्जिस्सामीति सिक्खाकरणीया ॥१९२॥

न हात भ्कार्दै खाने शिक्षा ग्रहण गर्नुपर्छ ।

सित्थावकारक सिक्खापद

७/४८) न सित्थावकारकं भुञ्जिस्सामीति सिक्खाकरणीया ॥१९३॥

न जुठो छरेर खाने शिक्षा ग्रहण गर्नुपर्छ ।

जिह्वानिच्छारक सिक्खापद

७/४९) न जिह्वानिच्छारकं भुञ्जिस्सामीति सिक्खाकरणीया ॥१९४॥

न जिब्रो फडकारेर खाने शिक्षा ग्रहण गर्नुपर्छ ।

चपुचपुकारक सिक्खापद

७/५०) न चपुचपुकारकं भुञ्जिस्सामीति सिक्खाकरणीया ॥१९५॥

न चपचप गरेर खाने शिक्षा ग्रहण गर्नुपर्छ ।

कबल वग्गो पञ्चमो ।

सुरुसुरु वग्गो

सुरुसुरुकारक सिक्खापद

७/५१) न सुरुसुरुकारकं भुञ्जिस्सामीति सिक्खाकरणीया ॥१९६॥

न सुरूपसुरूप गरेर खाने शिक्षा ग्रहण गर्नुपर्छ ।

हत्थनिल्लेहक सिक्खापद

७/५२) न हत्थनिल्लेहकं भुञ्जिस्सामीति सिक्खाकरणीया ॥१९७॥

न हात चाटेर खाने शिक्षा ग्रहण गर्नुपर्छ ।

पत्तनिल्लेहक सिक्खापद

७/५३) न पत्तनिल्लेहकं भुञ्जिस्सामीति सिक्खाकरणीया ॥१९८॥

न पात्र चाटेर खाने शिक्षा ग्रहण गर्नुपर्छ ।

ओट्ठनिल्लेहक सिक्खापद

७/५४) न ओट्ठनिल्लेहकं भुञ्जिस्सामीति सिक्खाकरणीया ॥१९९॥

न ओठ चाटेर खाने शिक्षा ग्रहण गर्नुपर्छ ।

सामिस सिक्खापद

७/५५) न सामिसेन हत्थेन पानीयथालकं पटिग्गहेस्सामीति सिक्खाकरणीया ॥२००॥

न जूठो हातले पानी गिलास लिने शिक्षा ग्रहण गर्नुपर्छ ।

ससित्थक सिक्खापद

७/५६) न ससित्थकं पत्तधोवनं अन्तरघरे छड्डेस्सामीति सिक्खाकरणीया ॥२०१॥

न जूठो पात्रलाई धुने ठाउँमा छाड्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

छत्तपाणि सिक्खापद

७/५७) न छत्तपाणिस्स अगिलानस्स धम्मं देसेस्सामीति सिक्खाकरणीया ॥२०२॥

न हातमा छाता लिएको निरोगीलाई धर्म देशना गर्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

दण्डपाणि सिक्खापद

७/५८) न दण्डपाणिस्स अगिलानस्स धम्मं देसेस्सामीति सिक्खाकरणीया ॥२०३॥

न हातमा दण्डा लिएकोलाई धर्म देशना गर्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

सत्थपाणि सिक्खापद

७/५९) न सत्थपाणिस्स अगिलानस्स धम्मं देसेस्सामीति सिक्खाकरणीया ॥२०४॥

न हातमा शस्त्र लिएकोलाई धर्म देशना गर्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

आवुधपाणि सिक्खापद

७/६०) न आवुधपाणिस्स अगिलानस्स धम्मं देसेस्सामीति सिक्खाकरणीया ॥२०५॥

न हातमा हतियार लिएकोलाई धर्मदेशना गर्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

सुरुसुरु वग्गो छट्ठो ।

पादुका वग्गो

पादुका सिक्खापद

७/६१) न पादुकारुल्हस्स अगिलानस्स धम्मं देसेस्सामीति सिक्खाकरणीया ॥२०६॥

न खराऊ लाएकोलाई धर्मदेशना गर्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

उपाहन सिक्खापद

७/६२) न उपाहनारुल्हस्स अगिलानस्स धम्मं देसेस्सामीति सिक्खाकरणीया ॥२०७॥

न जुत्ता लगाएकोलाई धर्मदेशना गर्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

यान सिक्खापद

७/६३) न यानगतस्स अगिलानस्स धम्मं देसेस्सामीति सिक्खाकरणीया ॥२०८॥

न सवारीमा बसेकोलाई धर्मदेशना गर्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

सयन सिक्खापद

७/६४) न सयनगतस्स अगिलानस्स धम्मं देसेस्सामीति सिक्खाकरणीया ॥२०९॥

न ओछ्यानमा बसेकोलाई धर्मदेशना गर्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

पल्लत्थिक सिक्खापद

७/६५) न पल्लत्थिकाय निसिन्नस्स अगिलानस्स धम्मं देसेस्सामीति सिक्खाकरणीया ॥२१०॥

न पलेटी कसेर बसेकोलाई धर्मदेशना गर्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

वेठित सिक्खापद

७/६६) न वेठितसीसस्स अगिलानस्स धम्मं देसेस्सामीति सिक्खाकरणीया ॥२११॥

न टाउकोमा कपडा बेरेकोलाई धर्मदेशना गर्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

ओगुण्ठित सिक्खापद

७/६७) न ओगुण्ठितसीसस्स अगिलानस्स धम्मं देसेस्सामीति सिक्खाकरणीया ॥२१२॥

न टाउको छोपेकोलाई धर्मदेशना गर्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

छमा सिक्खापद

७/६८) न छमाय निसीदित्वा आसने निसिन्नस्स अगिलानस्स धम्मं देसेस्सामीति सिक्खाकरणीया ॥२१३॥

न स्वयं भूमिमा बसेर आसनमा बसेकोलाई धर्मदेशना गर्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

नीचासन सिक्खापद

७/६९) न नीचे आसने निसीदित्वा उच्चे आसने निसिन्नस्स अगिलानस्स धम्मं देसेस्सामीति सिक्खाकरणीया ॥२१४॥

न तल्लो आसनमा बसेर माथिल्लो आसनमा बसेको निरोगीलाई धर्मदेशना गर्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

ठित सिक्खापद

७/७०) न ठितो निसिन्नस्स अगिलानस्स धम्मं देसेस्सामीति सिक्खाकरणीया ॥२१५॥

न उभेर बसेको निरोगीलाई धर्मदेशना गर्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

पच्छतोगमन सिक्खापद

७/७१) न पच्छतो गच्छन्तो पुरतो गच्छन्तस्स अगिलानस्स धम्मं देसेस्सामीति सिक्खाकरणीया ॥२१६॥

न स्वयं बाटोबाट अलग्गिएर बाटोमा हिंडेको निरोगीलाई धर्मदेशना गर्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

उप्पथेनगमन सिक्खापद

७/७२) न उप्पथेन गच्छन्तो पथेन गच्छन्तस्स अगिलानस्स धम्मं देसेस्सामीति सिक्खाकरणीया ॥२१७॥

न स्वयं पछिपछि हिंडेर अघिअघि हिंड्ने निरोगीलाई धमदेशना गर्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

ठितो उच्चार सिक्खापद

७/७३) न ठितो अगिलानो उच्चारं वा पस्सावं वा करिस्सामीति सिक्खाकरणीया ॥२१८॥

न निरोगी भएर उभेर दिसा पिसाप गर्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

हरिते उच्चार सिक्खापद

७/७४) न हरिते अगिलानो उच्चारं वा पस्सावं वा खेलं वा करिस्सामीति सिक्खाकरणीया ॥२१९॥

न निरोगी भएर हरियालीमा दिसा पिसाप गर्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

उदके उच्चार सिक्खापद

७/७५) न उदके अगिलानो उच्चारं वा पस्सावं वा खेलं वा करिस्सामीति सिक्खाकरणीया ॥२२०॥

न निरोगी भएर पानीमा दिसा पिसाप गर्ने शिक्षा ग्रहण गर्नुपर्छ ।

पादुका वग्गो सत्तमो ।

उद्दिट्ठा खो, आयस्मन्तो, सेखिया धम्मा । तत्थायस्मन्ते पुच्छामि-कच्चित्थ परिसुद्धा ? दुतियम्पि पुच्छामि-कच्चित्थ परिसुद्धा ? ततियम्पि पुच्छामि-कच्चित्थ परिसुद्धा ? परिसुद्धेत्थायस्मन्तो, तस्मा तुण्ही, एवमेतं धारयामीति ।

आयुष्मान्हरू ! यी पचहत्तर सेखिय बताइएका छन् । आयुष्मान्हरू सोध्दछु- के तपाईहरू यसमा शुद्ध हुनुहुन्छ ? दोश्रो पल्ट पनि सोध्दछु .....? तेश्रोपल्ट पनि ....? आयुष्मान्हरू शुद्ध हुनुहुन्छ, त्यसैले चुप हुनुहुन्छ, यसरी म धारण गर्दछु ।

सेखिय समाप्त

८. अधिकरण समथ

इमे खो पनायस्मन्तो सत्त अधिकरणसमथा धम्मा उद्देसं आगच्छन्ति-

आयुष्मान्हरू ! सात अधिकरण शमथ धम्म प्रकाश पार्ने समय भएको छ-

उप्पन्नुपन्नानं अधिकरणानं समथाय वूपसमाय-

उत्पन्न भए भएका अधिकरणलाई शमन गर्नको लागि–

–६ वर्गीय भिक्षुहरू अनुपस्थित भिक्षुहरूको पनि तर्जनीय कर्महरूको निर्णय गर्दथे।

८/१) **सम्मुखाविनयो दातब्बो ॥२२१॥**

सम्मुख विनय दिनुपर्छ।

–मेत्तिय र भुम्मिज भिक्षुहरूले भिक्षु दर्भमल्लपुत्रलाई पाराजिकको दोष लगायो।

८/२) **सतिविनयो दातब्बो ॥२२२॥**

स्मृति विनय दिनुपर्छ।

–गर्ग भिक्षु पागल हुँदा आचरण विरुद्ध बोल्दथ्यो। स्वस्थ्य भएपछि उसलाई पहिला बोलेको विषय लिएर भन्नको लागि कर गर्दथे।

८/३) **अमूल्हविनयो दातब्बो ॥२२३॥**

अमूढ विनय दिनुपर्छ।

–६ वर्गीय भिक्षुहरूले विना स्वीकृति भिक्षुहरूको तर्जनीय, निस्सय, प्रवाजनीय, प्रतिसारणीय र उत्क्षेपणीय कर्महरू गर्दथे। सानो दोषलाई ठूलो दण्ड र ठूलो दोषको लागि सानो दण्ड निर्धारण गर्दथे।

८/४) **पटिञ्ञाय कारेतब्बं ॥२२४॥**

प्रतिज्ञात करण गर्नुपर्छ।

–भिक्षुहरूबीच अनेक प्रकारका विवाद हुन्थ्यो। त्यसलाई बहुमतद्वारा समाधान गर्न आदेश दिनुभयो।

८/५) **येभुय्यसिका ॥२२५॥**

यद्भूयसिक।

–भिक्षु उबालले संघबीच आपत्तिको विषयमा सोध्दा अस्वीकार गरेकोलाई स्वीकार गर्दथ्यो। स्वीकार गरेकोलाई अस्वीकार गर्दथ्यो। अर्को प्रकरण सुरु गर्दथ्यो र असत्य पनि बोल्दथ्यो। अल्पेच्छुक भिक्षुहरूले यो कुरा भगवान्लाई बताए।

८/६) तस्सपापिय्यसिका ॥२२६॥

तत्पापीयसिक ।

–भिक्षुहरूबीच उठेको विवादलाई आपसमा मेलमिलापद्वारा समाधान गर्नको लागि आदेश दिनुभयो ।

८/७) तिणवत्थारकोति ॥२२७॥

तिणवत्थारक ।

उद्दिट्ठा खो, आयस्मन्तो, सत्त अधिकरणसमथा धम्मा । तत्थायस्मन्ते पुच्छामि–कच्चित्थ परिसुद्धा ? दुतियम्पि पुच्छामि–कच्चित्थ परिसुद्धा ? ततियम्पि पुच्छामि–कच्चित्थ परिसुद्धा ? परिसुद्धेत्थायस्मन्तो, तस्मा तुण्ही, एवमेतं धारयामीति ।

आयुष्मान्हरू ! यी सात अधिकरण शमथ भनिएका छन् । आयुष्मान्हरू सोध्दछु–के तपाईहरू यसमा शुद्ध हुनुहुन्छ ? दोश्रो पल्ट पनि सोध्दछु .....? तेश्रोपल्ट पनि ....? आयुष्मान्हरू शुद्ध हुनुहुन्छ, त्यसैले चुप हुनुहुन्छ, यसरी म धारण गर्दछु ।

अधिकरणसमथा समाप्त ।

उद्दिट्ठं खो, आयस्मन्तो, निदानं, उद्दिट्ठा चत्तारो पाराजिका धम्मा, उद्दिट्ठा तेरस सङ्घादिसेसा धम्मा, उद्दिट्ठा द्वे अनियता धम्मा, उद्दिट्ठा तिंस निस्सग्गिया पाचित्तिया धम्मा, उद्दिट्ठा द्वेनवुति पाचित्तिया धम्मा, उद्दिट्ठा चत्तारो पाटिदेसनीया धम्मा, उद्दिट्ठा सेखिया धम्मा, उद्दिट्ठा सत्त अधिकरणसमथा धम्मा । एत्तकं तस्स भगवतो सुत्तागतं सुत्तपरियापन्नं अन्वद्धमासं उद्देसं आगच्छन्ति । तत्थ सब्बेहेव समग्गेहि सम्मोदमानेहि अविवदमानेहि सिक्खितब्बन्ति ।

वित्थारुद्देस निट्ठितो ।

आयुष्मान्हरू ! निदान प्रकाश पारियो । चार पाराजिका दोष प्रकाश पारियो । तेह्र संघादिसेस दोष प्रकाश पारियो । दुइ अनियत दोष प्रकाश पारियो । तीस निस्सग्गिय पाचित्तिय प्रकाश पारियो । बयानब्बे पाचित्तिय दोष प्रकाश पारियो । चार पाटिदेसनिय दोष प्रकाश पारियो । पचहत्तर सेखिय प्रकाश पारियो । सात अधिकरण शमथ प्रकाश पारियो । यति नै उहाँ भगवान्का सूत्रमा आएका, सूत्रद्वारा अनुमोदित, जसको प्रत्येक पन्ध्र दिन आवृत्ति गरिन्छ । त्यसलाई सबैले एकमत भएर परस्पर अनुमोदन गरी विवाद नगर्दै सिक्नुपर्छ ।

भिक्खु पातिमोक्ख समाप्त

भिक्खुनी पातिमोक्ख

भिक्षुणी प्रातिमोक्ष

गुल्मी, थानपति-२ निवासी वेदराज [illegible]द्वारा
...वाल्मीकि विद्यापीठ पुस्तकालयलाई
उपहार स्वरूप......प्रदान ।
२०६२।११।२८

भिक्खुनी पातिमोक्ख

> पुनश्चः विशेषगरी हाल भिक्षुणी शासनको अभावमा भिक्षुणी विनय पाठ गर्ने आवश्यकता नभएकोले भिक्खुनी पातिमोक्खमा भिक्खु पातिमोक्खसँग समान भएका विनयहरू यहाँ समावेश गरिएका छैनन् । अध्ययन गर्न चाहनेले भिक्खु पातिमोक्खमा सम्बन्धित विनय हेर्नुहोला । मात्र भाषामा पुलिंगको सट्टा स्त्रीलिंगमा परिवर्तन गर्नुपर्छ ।

निदान

(भिक्षु विनय हेर्नुहोला)

१. पाराजिका

इमे खो पनाय्यायो अट्ठ पाराजिका धम्मा उद्देसं आगच्छन्ति ।

आर्याहरू, यी आठ पाराजिका धम्म प्रकाश पार्ने समय भएको छ -

१/१देखि १/४सम्म भिक्षु विनय १/१ देखि १/४ सम्म समान छन् ।

उब्भजाणुमण्डलिका सिक्खापद

श्रावस्तीमा विशाखा महाउपासिकाको नाती साल्हले विहार बनाएर भिक्षुणीसंघलाई दान दिन चाहन्थ्यो । त्यसै समयमा नन्दा, नन्दावती, सुन्दरीनन्दा र थुल्लनन्दाहरू प्रव्रजित भएका थिए । त्यसमध्ये सुन्दरीनन्दा अति नै सुन्दरी, विदूषी, मेहनती थिइन् । भिक्षुणीसंघले सुन्दरीनन्दालाई विहारको निर्माणको रेखदेखमा खटायो । त्यसैले उसको सम्बन्ध युवक साल्हसंग बराबर भइरहन्थ्यो। यसले गर्दा दुबै एक आपसमा आशक्त हुनपुगे। सुन्दरीनन्दासंग यौन सम्बन्ध राख्नको लागि एक दिन भिक्षुणीसंघलाई भोजन दान दियो । साल्हको मनसाय बुझेकी सुन्दरीनन्दा अस्वस्थताको कारण बताएर विहारमा नै बसिन् । भिक्षुणीहरू आफ्नो घर मा भोजनको लागि आएपछि सेवकहरूलाई भोजन दान गर्न लगाएर आफू विहारमा पुगेर सुन्दरीनन्दासंग यौन सम्बन्ध राख्यो । नगिचै कोठामा एक विमारी भिक्षुणी सुतिरहेकी थिइन् । उसले यो दृश्य देखेर भिक्षुणीहरूलाई बताइन् ।

१/५.या पन भिक्खुनी अवस्सुता अवस्सुतस्स पुरिसपुग्गलस्स अधक्खकं उब्भजाणुमण्डलं आमसनं वा परामसनं वा गहणं वा छुपनं वा पटिपीलनं वा सादियेय्य, अयं पि पाराजिका होति असंवासा उब्भजाणुमण्डलिका ति ।।५।।

जो भिक्षुणीले कामाशक्त भएर कामाशक्त पुरुषको तीघ्राभन्दा माथिको तल्लो

भागलाई स्पर्श गरेमा, घर्षण गरेमा, ग्रहण गरेमा, छुएमा, परिपीढन (दबाउनु) को आश्वाद लिएमा त्यो उर्ध्वजानु मण्डलिका भिक्षुणी पाराजिका हुनेछिन्।

वज्जप्पटिच्छादिका सिक्खापद

सुन्दरीनन्दा साल्हसंगको यौनसम्बन्धले गर्भवती भइन्। थुल्लनन्दालाई यस बारे राम्ररी जानकारी थियो। तर उसले न सुन्दरीनन्दालाई नै रोकिन्, न संघलाई नै बताइन्।

१/६ या पन भिक्खुनी जानं पाराजिकं धम्मं अज्झापन्नं भिक्खुनिं नेवत्तना पटिचोदेय्य न गणस्स आरोचेय्य, यदा च सा ठिता वा अस्सचुता वा नासिता वा अवस्सटा वा, सा पच्छा एवं वदेय्य– पुब्बेवाहं, अय्ये, अञ्ञासिं एतं भिक्खुनिं एवरूपा च सा भगिनी ति, नो च खो अत्तना पटिचोदेस्सं न गणस्स आरोचेस्संति, अयं पि पाराजिका होति असंवासा वज्जप्पटिच्छादिका ति ॥६॥

जो कुनै भिक्षुणी जानी जानी पाराजिका दोषयुक्त भिक्षुणीलाई न स्वयंले रोक्दछ, न भिक्षुणी गणलाई सूचित गर्छ। जब त्यो भिक्षुणी आफ्नो वेषमा स्थित होस् अथवा मृत्यु होस् अथवा नष्ट होस् अथवा अन्य मतमा दीक्षित होस्। तब पछाडि यसो भनोस् -'हे आर्ये, यस्तो म पहिलेदेखि नै जान्दथें, यो बहिनी यस्तै थिइन्। तर न स्वयं मैले नै रोकें न भिक्षुणी गणलाई नै बताएं।' दोष लुकाउने यस्ती भिक्षुणी पाराजिका धर्मयुक्त हुनेछिन्। उसंग साथमा रहनु योग्य छैन।

उक्खित्तानुवत्तिका सिक्खापद

थुल्लनन्दा भिक्षुणी दुबै संघद्वारा अलग गरिएको भिक्षु अरिट्ठको अनुगमन गर्दथिन्।

१/७. या पन भिक्खुनी समग्गेन संघेन उक्खित्तं भिक्खुं धम्मेन विनयेन सत्थुसासनेन अनादरं अप्पटिकारं अकतसहायं तमनुवत्तेय्य, सा भिक्खुनी भिक्खुनीहि एवमस्स वचनीया – एसो खो, अय्ये, भिक्खु समग्गेन संघेन उक्खित्तो धम्मेन विनयेन सत्थुसासनेन अनादरो अप्पटिकारो अकतसहायो, माय्ये, एतं भिक्खुं अनुवत्ती ति। एवं च पन सा भिक्खुनी भिक्खुनीहि वुच्चमाना तथेव पग्गण्हेय्य, सा भिक्खुनी भिक्खुनीहि यावततियं समनुभासितब्बा तस्स पटिनिस्सग्गाय। यावततियं ते समनुभासियमाना तं पटिनिस्सज्जेय्य, इच्चेतं कुसलं। नो चे पटिनिस्सज्जेय्य, अयं पि पाराजिका होति असंवासा उक्खित्तानुवत्तिका ति ॥७॥

जो कुनै भिक्षुणी दुबै संघद्वारा निष्कासित बुद्ध शासनमा आदररहित, प्रतिकाररहित, र एकांकी भिक्षुको अनुगमन गरेमा भिक्षुणीहरूले त्यस भिक्षुणीलाई यसो भनोस्- 'हे आर्ये, यो दुबै संघद्वारा निष्कासित भिक्षु हो। बुद्ध शासनमा आदररहित, प्रतिकाररहित र एकांकी यस भिक्षुको अनुगमन नगर।' यसप्रकार ती भिक्षुणीहरूद्वारा भन्दा त्यस भिक्षुणीले त्यसै प्रकारको दुराग्रह गर्दै गरेमा भिक्षुणीहरूले त्यस भिक्षुणीलाई तीनपल्टसम्म त्यस भिक्षुलाई

छोड्नको लागि भन्नुपर्छ । यदि तीन पल्टसम्म भन्दा छोडेमा ठीक छ, यदि नछोडेमा निष्कासित भिक्षुको अनुगमन गर्ने त्यस भिक्षुणी पाराजिका धर्मयुक्त हुनेछिन् र संवासको लागि योग्य हुनेछैन ।

अट्ठवत्थुका सिक्खापद

श्रावस्तीमा ६ वर्गीया भिक्षुणीहरू कामाशक्त भएर पुरुषहरूका हात पक्रने, गफ गर्ने र संघाटिका ग्रहण गर्दथे ।

१/८. या पन भिक्खुनी अवस्सुता अवस्सुतस्स पुरिसगगलस्स इत्थगगहणं वा सादियेय्य, संघाटिकण्णग्गहणं वा सादियेय्य, सन्तिट्ठेय्य वा, सल्लपेय्य वा, संकेतं वा गच्छेय्य पुरिसस्स, वा अब्भागमनं सादियेय्य, छन्नं वा अनुपविसेय्य, कायं वा तदत्थाय उपसंहरेय्य एतस्स असद्धम्मस्स पटिसेवनत्थाय, अयं पि पाराजिका होति असंवासा अट्ठवत्थुका ति ॥८॥

जो भिक्षुणी कामाशक्त भएर पुरुषको हात ग्रहण गरेमा र संघाटिको छेउ पक्रेर आश्वाद लिएमा अथवा ऊसंग संगै उभिरहेमा, अथवा गफ गरेमा, अथवा एकान्तस्थानमा प्रवेश गरेमा, अथवा आफ्नो शरीरलाई उसको शरीरले सेवन गर्न उसमाथि छोडेमा त्यो भिक्षुणी पाराजिका हुनेछिन्, संवासको लागि योग्य हुनेछैन ।

उद्दिट्ठा खो... आदि भिक्षु विनय समान छ ।

पाराजिका समाप्त

२. संघादिसेसा

इमे खो पनाय्यायो सत्तरस संघादिसेसा धम्मा उद्देसं आगच्छन्ति ।

आर्याहरू, यी सत्र संघादिसेस धम्म प्रकाश पार्ने समय भएको छ-

उस्सयवादिका सिक्खापद

श्रावस्तीमा एक उपासकले भिक्षुणीसंघलाई उस्सयवादिक दिएर मृत्यु भयो । उसका दुइ छोरा थिए । त्यसमध्ये एकजना अश्रद्धालु थियो । उसले थुल्लनन्दा भिक्षुणीहरूलाई उस्सयवादिकबाट निस्केर जानु भन्यो । मन्त्रीहरूको सहयोग लिएर त्यो उस्सयवादिक स्थायीरूपले फिर्ता लियो । थुल्लनन्दाको भनाई सुनेर मन्त्रीले त्यस उपासकलाई दण्डित गऱ्यो ।

२/१. या पन भिक्खुनी उस्सयवादिका विहरेय्य गहपतिना वा गहपतिपुत्तेन वा दासेन वा कम्मकारेन वा अन्तमसो समणपरिब्बाजकेना पि, अयं भिक्खुनी पठमापत्तिकं धम्मं आपन्ना निस्सारणीयं संघादिसेसं ति ॥९॥

जो भिक्षुणी भ्रमन्ता (उस्सयवादिका) भएर गृहपति, अथवा गृहपतिपुत्र अथवा दास, अथवा कर्मकार अथवा अन्ततः श्रमण परिव्राजिकसंग पनि विहार गरेमा, तब त्यो भिक्षुणी प्रथम आपत्तिको अपराधिनी हुनेछिन् र संघबाट निष्कासित संघादिसेस हुनेछिन् ।

चोरी वुट्ठायिका सिक्खापद

वैशालीमा एक चोरनी र अतिचारिनी महिलालाई एक लिच्छवीले मृत्युदण्ड दिन लागिरहेको थियो । त्यो महिला थुल्लनन्दा भिक्षुणीसंग प्रव्रजित भइन् । पछि त्यस लिच्छवीले खोज्दै श्रावस्ती पुगेर राजा प्रसेनजितलाई बतायो । तब प्रव्रजित भएकोले केही गर्न नसकिने कुरा बताउँदा त्यस लिच्छवीले 'यी भिक्षुणीहरूले कसरी चोरनीलाई पनि प्रव्रजित गराउँछन्' भनेर आलोचना गऱ्यो ।

२/२. या पन भिक्खुनी जानं चोरि वज्झं विदितं अनपलोकेत्वा राजानं वा संघं वा गणं वा सेणिं वा अञ्ञत्र कप्पा वुट्ठापेय्य, अयं पि भिक्खुनी पठमापत्तिकं धम्मं आपन्ना निस्सारणीयं संघादिसेसंति ॥१०॥

जो भिक्षुणी जानी जानी चोरनी वा बध्यालाई राजा, भिक्षुणीसंघ, गण (गणतन्त्र), पूग (सामूहिक शासन), र श्रेणी (श्रेणीको शासन) लाई सूचित नगरी, अन्य मतकी सन्यासिनी बनेकीलाई छोडेर, भिक्षुणी बनाएमा त्यो भिक्षुणी पनि प्रथम आपत्तिको अपराधिनी हुनेछिन् ।

एक गामानन्तरगमन सिक्खापद

भिक्षुणी कापिलानीकी एक शिष्या भिक्षुणीहरूसंग झगडा गरेर आफन्तकहाँ गएर

एक्लै बसिन् ।

२/३. **"या पन भिक्खुनी एका वा गामन्तरं गच्छेय्य, एका वा नदीपारं गच्छेय्य, एका वा रत्तिं विप्पवसेय्य, एका वा गणम्हा ओहियेय्य, अयं पि भिक्खुनी पठमापत्तिकं धम्मं आपन्ना निस्सारणीयं संघादिसेसंति ॥११॥**

जो भिक्षुणी एक्लै अर्को गाउँमा गएमा, एक्लै नदी पार तरेमा, अथवा एक्लै रातीी प्रवास गरेमा, अथवा एक्लै गणबाट अलग भएर गएमा त्यो भिक्षुणी पनि प्रथम आपत्तिको अपराधिनी हुनेछिन् ।

उक्खित्तक अकोसारण सिक्खापद

श्रावस्तीमा चण्डकाली भिक्षुणी झगडालु थिइन् । थुल्लनन्दा भिक्षुणी उसप्रति रिसाउथिन् । त्यसैले संघद्वारा चण्डकालीलाई अलग गरिदिएको थियो । थुल्लनन्दा भिक्षुणीप्रति उसको कुनै सम्मान पनि थिएन । तैपनि अज्ञानी सम्झेर थुल्लनन्दाले उसलाई आफूसंग राखिन् ।

२/४.**या पन भिक्खुनी समग्गेन संघेन उक्खित्तं भिक्खुनी धम्मेन विनयेन सत्थुसासनेन अनपलोकेत्वा कारकसंघं अनञ्ञाय गणस्स छन्दं ओसारेय्य, अयं पि भिक्खुनी पठमापत्तिकं धम्मं आपन्ना निस्सारणीयं संघादिसेसंति ॥१२॥**

जो भिक्षुणी दुबै संघद्वारा, धम्म विनयद्वारा, बुद्धशासनद्वारा अलग गरिएकी भिक्षुणीलाई कर्मकारक संघलाई नसोधी, गणको अभिप्रायलाई नजानिकन अपनाएमा त्यो भिक्षुणी पनि प्रथम आपत्तिको अपराधिनी हुनेछिन् ।

भोजन पटिग्गहण पठम सिक्खापद

सुन्दरीनन्दा भिक्षुणी अति नै सुन्दरी थिइन् । मानिसहरू उसलाई देखेर मोहित हुन्थे र प्रसन्नतापूर्वक भोजन दान गर्दथे । त्यस दानलाई सुन्दरीनन्दाले पनि कामाशक्त भएर ग्रहण गर्थिन् ।

२/५. **"या पन भिक्खुनी अवस्सुता अवस्सुतस्स पुरिसपुग्गलस्स इत्थतो खादनीयं वा भोजनीयं वा सहत्था पटिग्गहेत्वा खादेय्य वा भुञ्जेय्य वा, अयं पि भिक्खुनी पठमापत्तिकं धम्मं आपन्ना निस्सारणीयं संघादिसेसंति ॥१३॥**

जो भिक्षुणी कामाशक्त भएर पुरुषहरूको हातबाट खाद्य, भोज्य वस्तु स्वयं आफ्नो हातले लिएर खाएमा, भोजन गरेमा, त्यो भिक्षुणी पनि प्रथम आपत्तिको अपराधिनी हुनेछिन् ।

भोजन पटिग्गहण दुतिय सिक्खापद

सुन्दरीनन्दा भिक्षुणीलाई धेरै कामाशक्त पुरुषहरू भोजन दान गर्दथे । एक दिन सुन्दरीनन्दाले यस्तै एक भोजनलाई अस्वीकार गरिन् । त्यो देखेर अर्की एक भिक्षुणीले भनिन् - 'तिमीले किन भोजन स्वीकार नगरेकी ?' सुन्दरीनन्दा भिक्षुणीले भनिन्-'यो पुरुष

कामाशक्त छ।' तब त्यस भिक्षुणीले भनिन्- ' त्यो पुरुष जेसुकै होस् तिमी त कामाशक्त छैनौ। अतः भोजन ग्रहण गर्नुपर्छ।'

२/६. **या पन भिक्खुनी एवं वदेय्य – किं ते, अय्ये, एसो पुरिस-पुग्गलो करिस्सति अवस्सुतो वा अनवस्सुतो वा, यतो त्वं अनवस्सुता। इंघ, अय्ये, यं ते एसो पुरिसपुग्गलो देति खादनीयं वा भोजनीयं वा तं त्वं सहत्था पटिग्गहेत्वा खाद वा भुञ्ज वा ति, अयं पि भिक्खुनी पठमापत्तिकं धम्मं आपन्ना निस्सारणीयं संघादिसेसंति ॥१४॥**

जो भिक्षुणी दोश्रो भिक्षुणीलाई यसो भनोस्-'हे आर्ये, विषय वासनामा आशक्त अथवा अनाशक्त यो पुरुष तिम्रो के बिगार्छ ? अतः हे आर्ये, यो पुरुषले तिमीलाई जुन पनि खाद्य भोज्य दिन्छ, त्यसलाई आफ्नो हातले ग्रहण गरेर खाऊ र भोजन गर।' त्यो भिक्षुणी पनि प्रथम आपत्तिको अपराधिनी हुनेछिन्।

२/७ देखि २/९ सम्म भिक्षु विनय २/७ देखि २/९ सम्म समान छन्।

सिक्खं पच्चाचिक्कखण सिक्खापद

चण्डकाली भिक्षुणी अन्य भिक्षुणीहरूसंग झगडा गर्दथिन् र भन्थिन्– ' म बुद्ध धम्म र संघलाई छोड्दछु। मलाई श्रमणीहरू र भिक्षुणीहरूसंग के मतलब ?' यस विषयमा अल्पेच्छुक भिक्षुणीहरू चण्डकालीलाई निन्दा गर्दथे।

२/१०. **"या पन भिक्खुनी कुपिता अनत्तमना एवं वदेय्य–बुद्धं पच्चाचिक्खामि, धम्मं पच्चविक्खामि, संघं पच्चाचिक्खामि, सिक्खं पच्चाचिक्खामि। किं नुमाव समणियो या समणियो सक्यधीतरो। सन्तञ्ञा पि समणियो लज्जिनियो कुक्कुच्चिका सिक्खाकामा, तासाहं सन्तिके ब्रह्मचरियं चरिस्सामी ति। सा भिक्खुनी भिक्खुनीहि एवमस्स वचनीया– माय्ये, कुपिता अनत्तमना एवं अवच–बुद्धं पच्चाचिक्खामि, धम्मं पच्चाचिक्खामि, संघं पच्चाचिक्खामि, सिक्खं पच्चाचिक्खामि। किं नुमाव समणियो या समणियो सक्यधीतरो। सन्तञ्ञा पि समणियो लज्जिनियो कुक्कुच्चिका सिक्खाकामा, तासाहं सन्तिके बह्मचरियं चरिस्सामीति, अभिरमाय्ये, स्वाक्खातो धम्मोह चर बह्मचरिय सम्मा दुक्खस्स अन्तकिरियायाति। एवं च सा भिक्खुनी भिक्खुनीहि तथेव पग्गण्हेय्य,सा भिक्खुनी भिक्खुनीहि यावततियं समनुभासितब्बा तस्स पटिनिस्सग्गाय। यावततियं चे समनुभासीयमाना तं पटिनिस्सज्जेय्य, इच्चेतं कुसलं, नो चे पटिनिस्सज्जेय्य अयं पि भिक्खुनी यावततियकं धम्मं आपन्ना निस्सारणीयं संघादिसेसंति ॥१८॥**

यदि कुनै भिक्षुणी कुपित र असन्तुष्ठ भएर यसो भनोस्- 'म बुद्धलाई छोडदछु, म धम्मलाई छोड्दछु, म संघलाई छोड्दछु, शाक्यपुत्री श्रमणीहरूसंग मलाई के मतलब ? लज्जा, संकोच र शील ग्रहणको इच्छा गर्ने अन्य श्रमणीहरू पनि छन्। म उनीहरूकहाँ

गएर ब्रह्मचर्यको आचरण गर्नेछु ।' तब अन्य भिक्षुणीहरूले त्यस भिक्षुणीलाई यसो भन्नुपर्छ- 'कुपित, असन्तुष्ट नहोऊ आर्य । यसो नभन- म बुद्धलाई छोडदछु, म धम्मलाई छोडदछु, म संघलाई छोडदछु, शाक्यपुत्री श्रमणीहरूसंग मलाई के मतलब ? लज्जा, संकोच र शील ग्रहणको इच्छा गर्ने अन्य श्रमणीहरू पनि छन् । म उनीहरूकाहाँ गएर ब्रह्मचर्यको आचरण गर्नेछु । यो धम्म राम्ररी देशना गरिएको छ । दुक्खको अन्त गर्नको लागि सम्यक् प्रकारले ब्रह्मचर्यको आचरण गर ।'

यसप्रकार भन्दा पनि यदि त्यो भिक्षुणी त्यसैप्रकार आफ्नो हठमा आरुढ भएमा तीन पल्टसम्म उसलाई हठलाई त्याग गर्नको लागि भन्नुपर्छ । यदि छोडेमा ठीकै छ, अन्यथा ऊ संघादिसेस हुनेछिन् ।

अधिकरण कुपिता सिक्खापद

श्रावस्तीमा चण्डकाली भिक्षुणी कुनै अभियोगमा पराजित हुँदा कुपित र असन्तुष्ठं भएर भिक्षुणीहरूलाई रागी, द्वेषी भनिन् ।

२/११. **"या पन भिक्खुनी किस्मिञ्चिदेव अधिकरणे पच्चाकता कुपिता अनत्तमना एवं वदेय्य– "छन्दगामिनियो च भिक्खुनियो, दोसगामिनियो च भिक्खुनियो, मोहगामिनियो च भिक्खुनियो, भयगामिनियो च भिक्खुनियोति । सा भिक्खुनी भिक्खुनीहि एवमस्स वचनीया– माय्ये, किस्मिञ्चिदेव अधिकरणे पच्चाकता कुपिता अनत्तमना एवं च अवच – छन्दगामिनियो च भिक्खुनियो दोसगामिनियो च भिक्खुनियो मोहगामिनियो च भिक्खुनियो भयगामिनियो च भिक्खुनियो ति । अय्या खो छन्दा पि गच्छेय्य, दोसा पि गच्छेय्य, मोहा पि गच्छेय्या ति । एवं च सा भिक्खुनी भिक्खुनीहि वुच्चमाना तथेव पग्गण्हेय्य, सा भिक्खुनी भिक्खुनीहि यावततियं समनुभासितब्बा तस्स वत्थुस्स पटिनिस्सग्गाय । यावततियं चे समनुभासीयमाना तं पटिनिस्सज्जेय्य, इच्चेतं कुसलं, नो चे पटिनिस्सज्जेय्य, अयं पि भिक्खुनी यावततियकं धम्मं आपन्ना निस्सारणीयं संघादिसेसंति ॥१९॥**

जो भिक्षुणी कुनै विवादमा पराजित भएर, कुपित र असन्तुष्ठ भएर यसो भनोस्- 'भिक्षुणीहरू रागगामिनी छन्, भिक्षुणीहरू द्वेषगामिनी छन्, भिक्षुणीहरू मोहगामिनी छन्, भिक्षुणीहरू भयगामिनी छन् ।' तब अन्य भिक्षुणीहरूले त्यस भिक्षुणीलाई यसो भनोस्- 'आर्ये, कुनै विवादमा पराजित भएर कुपित र असन्तुष्ठ भएर यसो नभन- भिक्षुणीहरू र ागगामिनी छन्, भिक्षुणीहरू द्वेषगामिनी छन्, भिक्षुणीहरू मोहगामिनी छन् । भिक्षुणीहरू भयगामिनी छन् । आर्या नै रागमा गएका छौ, द्वेषमा गएका छौ, मोहमा गएका छौ, भयमा गएका छौ ।'

ती भिक्षुणीहरूद्वारा यसप्रकार भन्दा पनि यदि त्यो भिक्षुणी त्यसैप्रकार आफ्नो

हठमा आरुढ भएमा तीन पल्टसम्म उसलाई हठलाई त्याग गर्नको लागि भन्नुपर्छ। यदि छोडेमा ठीकै छ, अन्यथा ऊ संघादिसेस हुनेछिन्।

पापसमाचार पठम सिक्खापद

श्रावस्तीमा थुल्लनन्दा भिक्षुणीकी अन्तेवासिनी भिक्षुणीहरू प्रतिकूल पापाचरण गर्दथे, मिथ्याआजीव गर्दथे, भिक्षुणीसंघको उपहास गर्दथे।

२/१२. **"भिक्खुनियो पनेव संसट्ठा विहरन्ति पापाचारा पापसद्दा पापसिलोका, भिक्खुनीसंघस्स विहेसिका, अञ्ञमञ्ञिस्सा वज्जप्पटिच्छादिका। ता भिक्खुनियो भिक्खुनीहि एवमस्सु वचनीया-भगिनियो खो संसट्ठा विहरन्ति पापाचारा पापसद्दा पापसिलोका, भिक्खुनीसंघस्स विहेसिका अञ्ञमञ्ञिस्सा वज्जप्पटिच्छादिका। विविच्चाथाय्ये। विवेकञ्ञेव भगिनीनं संघो वण्णेती ति। एवं च ता भिक्खुनियो भिक्खुनीहि वुच्चमाना तथेव पग्गण्हेय्युं ता भिक्खुनियो भिक्खुनीहि यावततियं समनुभासितब्बा तस्स वत्थुस्स पटिनिस्सग्गाय। यावततियं चे समनुभासीयमाना तं पटिनिस्सज्जेय्युं, इच्चेतं कुसलं, नो चे परिनिस्सज्जेय्युं, इमा पि भिक्खुनियो यावततियकं धम्मं आपन्ना निस्सारणीयं संघादिसेसंति ॥२०॥**

यदि भिक्षुणीहरू प्रतिकूल आचरण गर्दछन्, दुराचार गर्दछन् र अपशब्द भन्दछन्, भिक्षुणीसंघको उपहास अथवा उसप्रति विद्रोह गर्दछन् र एक अर्काको पापकर्मलाई छोप्दछन्। तब अन्य भिक्षुणीहरूले त्यस भिक्षुणीहरूलाई यसो भन्नुपर्छ- 'हे बहिनीहरू, तपाईहरू यी सब गर्नुहुन्छ। यी सबै दुराचारबाट टाढा रहनुहोस्। बहिनीहरूलाई संघले त विवेककै प्रशंसा गर्दछ।'

यसप्रकार भिक्षुणीहरूले ती भिक्षुणीहरूलाई भन्दा पनि यदि ती भिक्षुणीहरू त्यसैप्रकार आफ्नो हठमा आरुढ भएमा तीन पल्टसम्म उनीहरूलाई हठलाई त्याग गर्नको लागि भन्नुपर्छ। यदि छोडेमा ठीकै छ, अन्यथा उनीहरू संघादिसेस हुनेछ।

पापसमाचार दुतिय सिक्खापद

श्रावस्तीमा थुल्लनन्दा भिक्षुणी अन्य भिक्षुणीहरूसंग भन्थिन्- 'तिमीहरू अलग नरहनु, स्वतन्त्र रहनु र पापाचरण गर्नु। संघका अन्य भिक्षुणीहरू पनि यस्तै छन्। तर उनीहरूलाई कसैले पनि केही पनि भन्दैनन्। कमजोर देखेर तिमीलाई मात्र यसरी भन्दछन्।'

२/१३. **"या पन भिक्खुनी एवं वदेय्य-संसट्ठा व, अय्ये, तुम्हे विहरथ। मा तुम्हे नाना विहरित्थ। सन्ति संघे अञ्ञा पि भिक्खुनियो एवाचारा एवंसद्दा एवंसिलोका, भिक्खुनीसंघस्स विहेसिका, अञ्ञमञ्ञिस्सा वज्जप्पटिच्छादिका। ता संघो न किञ्चि आह। तुम्हञ्ञेव संघो उञ्ञाह परिभवेन अक्खन्तिया वेभस्सिया दुब्बल्या एवमाह-भगिनियो खो संसट्ठा विहरन्ति पापाचारा पापसद्दा पापसिलोका, भिक्खुनीसंघस्स विहेसिका, अञ्ञमञ्ञिस्सा**

वज्जप्पटिच्छादिका। विवच्चथाय्ये। विवेकञ्ञेव भगिनीनं संघो वण्णेती ति। सा भिक्खुनी भिक्खुनीहि एवमस्स वचनीया–मा, अय्ये, एवं अवच–संसट्ठा व, अय्ये, तुम्हे विहरथ। मा तुम्हे नाना विहरित्थ। सन्ति संघे अञ्ञा पि भिक्खुनियो एवाचारा एवंसद्दा एवंसिलोका, भिक्खुनीसंघस्स विहेसिका, अञ्ञमञ्ञिस्सा वज्जप्पटिच्छादिका। ता संघो न किञ्चि आह। तुम्हञ्ञेव संघो उञ्ञाह परिभवेन अक्खन्तिया वेभस्सिया दुब्बल्या एवमाह–भगिनियो खो संसट्ठा विहरन्ति पापाचारा पापसद्दा पापसिलोका, भिक्खुनीसंघस्स विहेसिका, अञ्ञमञ्ञिस्सा वज्जप्पटिच्छादिका। विविच्चथाय्ये। विवेकञ्ञेव भगिनीनं संघो वण्णेती ति। एवं च सा भिक्खुनी भिक्खुनीहि वुच्चमाना तथेव पग्गण्हेय्य, सा भिक्खुनी भिक्खुनीहि यावततियं चे समनुभासितब्बा तस्स पटिनिस्सग्गाय। यावततियं चे समनुभासियमाना तं पटिनिस्सज्जेय्य, इच्चेतं कुसलं, नो चे पटिनिस्सज्जेय्य, अयं पि भिक्खुनी यावततियकं धम्मं आपन्ना निस्सारणीयं संघादिसेसंति ॥२१॥

जो भिक्षुणी अन्य भिक्षुणीहरूलाई यसो भनोस्- 'आर्याहरू, तिमीहरू सबै खराब संसर्ग रहनू। अलग अलग नरहनू। संघमा अन्य भिक्षुणीहरू पनि यसैप्रकारका आचरण भएका छन्, यसैप्रकार अपशब्द बोल्ने, यसैप्रकार अपकीर्ति गर्ने, भिक्षुणीसंघमा विद्रोह गर्ने, परस्परको दोषलाई ढाक्ने छन्। भिक्षुणीसंघ उनीहरूलाई केही पनि भन्दैनन्। तिमीहरू नै कमजोर भनेर कोपले तिमीहरूकै अपमान गर्दछन् र भन्दछन्- 'बहिनीहरू, तिमीहरू सबै दुराचारिणी, पापाचारिणी, अपकीर्तियुक्त भएर विहार गर्दछौ, भिक्षुणीसंघमा विद्रोह गर्दछौ। आपसका दोषहरू ढाकछोप गर्दछौ। बहिनीहरूको लागि संघ एकान्त र विवेकको प्रशंसक छ।'

तब भिक्षुणीहरूद्वारा त्यस भिक्षुणीलाई यसो भन्नुपर्छ- 'यसो नभन 'आर्याहरू, तिमीहरू सबै खराब संसर्ग रहनू। अलग अलग नरहनू। संघमा अन्य भिक्षुणीहरू पनि यसैप्रकारका आचरण भएका छन्, यसैप्रकार अपशब्द बोल्ने, यसैप्रकार अपकीर्ति गर्ने, भिक्षुणीसंघमा विद्रोह गर्ने, परस्परको दोषलाई ढाक्ने छन्। भिक्षुणीसंघ उनीहरूलाई केही पनि भन्दैनन्। तिमीहरू नै कमजोर भनेर कोपले तिमीहरूकै अपमान गर्दछन् र भन्दछन्- 'बहिनीहरू, तिमीहरू सबै दुराचारिणी, पापाचारिणी, अपकीर्तियुक्त भएर विहार गर्दछौ, भिक्षुणीसंघमा विद्रोह गर्दछौ। आपसका दोषहरू ढाकछोप गर्दछौ। बहिनीहरूको लागि संघ एकान्त र विवेकको प्रशंसक छ।'

यसप्रकार ती भिक्षुणीहरूले त्यस भिक्षुणीलाई भन्दा पनि यदि त्यो भिक्षुणी त्यसैप्रकार आफ्नो हठमा आरुढ भएमा तीन पल्टसम्म उसलाई हठलाई त्याग गर्नको लागि भन्नुपर्छ। यदि छोडेमा ठीकै छ, अन्यथा ऊ संघादिसेस हुनेछिन्।

२/१४ देखि २/१७ भिक्षु विनय २/१४ देखि २/१७ समान छन्।

उद्दिट्ठा खो......भिक्षु विनय समान छ।

संघादिसेस समाप्त

३. निस्सग्गिय पाचित्तिय

इमे खो पनय्यायो तिंस निस्सग्गिया पाचित्तिया धम्मा उद्देसं आगच्छन्ति ।

आर्याहरू, यी तीस निस्सग्गिय पाचित्तिय धम्म बताइएका छन्-

पत्तवग्गो पठमो

पत्तसन्निचय सिक्खापद

श्रावस्तीमा ६ वर्गीय भिक्षुणीहरू अनेक पात्रहरू जम्मा गर्दथे । मानिसहरूले उनीहरूको निन्दा गरे ।

३/१. या पन भिक्खुनी पत्तसन्निचयं करेय्य, निस्सग्गियं पाचित्तियंति ॥२६॥

जो भिक्षुणीले पात्रहरूको संचय गरेमा निस्सग्गिय पाचित्तिय हुनेछ ।

अकालचीवरभाजन सिक्खापद

धेरै भिक्षुणीहरू आवासमा आफ्नो चीवर राखेर गाउँमा जान्थे । उपासकहरूले उनीहरूको रुखो चीवर देखेर उनीहरूलाई ईर्यापथसम्पन्न ठानेर अकाल चीवर दिए । थुल्लनन्दासंग कथिन चीवर त थियो । उपासकहरूले दिएको अकाल चीवरलाई उसले कालचीवर सम्झेर ग्रहण गरिन् । उपासकहरू र भिक्षुणीहरूले उसको निन्दा गरे ।

३/२.या पन भिक्खुनी अकालचीवरं कालचीवरं ति अधिट्ठहित्वा भाजापेय्य, निस्सग्गियं पाचित्तियंति ॥२७॥

जो भिक्षुणीले अकालचीवरलाई कालचीवर सम्झेर ग्रहण गरेमा निस्सग्गिय पाचित्तिय हुनेछ ।

चीवरपरिवत्तन सिक्खापद

थुल्लनन्दा भिक्षुणीले अन्य भिक्षुणीहरूसंग चीवर बदलेर प्रयोग गर्दथिन् । एकपल्ट एक भिक्षुणीले बदलेको चीवर लिएर गइन् । थुल्लनन्दाले उसलाई आफ्नो चीवर लिएर उसको चीवर फर्काउनको लाथि भनिन् । यो कुरा त्यस भिक्षुणीले अन्य भिक्षुणीहरूलाई भनिन् ।

३/३. या पन भिक्खुनी भिक्खुनिया सद्धिं चीवरं परिवत्तेत्वा सा पच्छा एवं वदेय्य- हन्दाय्ये, तुय्हं चीवर आहर, मेतं चीवरं, यं तुय्हं तुय्हमेवेतं, यं मय्हं मय्हमेवेतं, आहर, मेतं, सकं पच्चाहरा ति अच्छिन्देय्य वा अच्छिन्दापेय्य वा, निस्सग्गियं पाचित्तियंति ॥२८॥

जो भिक्षुणी अन्य भिक्षुणीसंग चीवर साटेर पछि सोधोस् र भनोस्- 'आर्य, तिमीले आफ्नो यस चीवरलाई लेऊ । जुन तिम्रो हो त्यो तिम्रो हो । जुन मेरो हो त्यो मेरो हो । त्यस चीवरलाई लिएर आऊ र आफ्नो चीवर लिएर जाऊ ।' यसरी भनेर चीवरलाई खोसे वा खोसाएमा निस्सग्गिय पाचित्तिय हुनेछ ।

अञ्ञविञ्ञापन सिक्खापद

श्रावस्तीमा एकपल्ट थुल्लनन्दा भिक्षुणी बिमारी परिन्। उपासक आएर कुशलक्षेम सोध्यो। थुल्लनन्दाले उसलाई घीउ ल्याउनको लागि भनिन्। उसले पैसा दिएर घीउ ल्याइदियो। पछि थुल्लनन्दाले घीउको सट्टा तेल ल्याउन भनिन्। व्यापारीले वस्तु बदल्न अस्वीकार गऱ्यो। त्यस उपासकले यस विषयमा अन्य भिक्षुणीहरूलाई बतायो।

३/४. या पन भिक्खुनी अञ्ञं विञ्ञापेत्वा अञ्ञं विञ्ञापेय्य निस्सग्गियं पाचित्तियंति ॥२९॥

जो भिक्षुणीले कुनै एक वस्तु मगाएर फेरि अन्य कुनै वस्तु मगाएमा निस्सग्गिय पाचित्तिय हुनेछ।

अञ्ञचेतापन सिक्खापद

एक समय थुल्लनन्दा भिक्षुणी बिरामी भइन्। एक उपासक आएर कुशलक्षेम सोध्यो। उसलाई थुल्लनन्दा भिक्षुणीले 'फलाना घरमा गएर पैसा लिएर आउनु' भनिन्। पछि एक शिक्षामाणा (भिक्षुणी हुन चाहने महिला) लाई 'दोकानबाट तेल ल्याउनु' भनिन्। तेल ल्याइसकेपछि तेल होइन घीउ ल्याउन भनिन्। दोकानदारले वस्तु साट्न मानेन। परिणामस्वरूप उनी रुन थालिन्।

३/५. या पन भिक्खुनी अञ्ञं चेतापेय्य अञ्ञं चेतापेत्वा,निस्सग्गियं पाचित्तियंति ॥३०॥

जो भिक्षुणी अन्य वस्तु मगाएर फेरि अन्य वस्तु मगाएमा निस्सग्गिय पाचित्तिय हुनेछ।

पठम संघिक चेतापन सिक्खापद

श्रावस्तीमा उपासकहरूले भिक्षुणीसंघको लागि कुनै अन्य प्रवारक (धम्मावलम्बी) को घरमा चीवरको लागि परिक्खार राखिदिएको थियो र भिक्षुणीहरूलाई त्यहाँबाट लिनु भनी भनेको थियो। भिक्षुणीहरूले त्यस परिक्खारबाट औषधी मगाए। यो थाहा पाएर उपासकहरू अन्यन्तै दुक्खीत भए।

३/६. या पन भिक्खुनी अञ्ञदत्थिकेन परिक्खारेन अञ्ञुद्दिसिकेन संघिकेन अञ्ञं चेतापेय्य, निस्सग्गियं पाचित्तियं ति ॥३१॥

जो भिक्षुणीले अन्य निमित्तको, अन्य उद्देश्यको संघको परिक्खार (वस्तु) बाट अन्य वस्तु मगाएमा निस्सग्गिय पाचित्तिय हुनेछ।

दुतिय संघिक चेतापन सिक्खापद

३/६/३१ समान हो।

३/७. या पन भिक्खुनी अञ्ञदत्थिकेन परिक्खारेन अञ्ञुद्दिसिकेन संघिकेन संयाचिकेन अञ्ञं चेतापेय्य, निसग्गियं पाचित्तियंति ॥३२॥

जो भिक्षुणी अन्य निमित्तको, अन्य उद्देश्यको संघको लागि पयाचित वस्तुबाट अन्य वस्तु मगाएमा निस्सगिगय पाचित्तिय हुनेछ ।

पठम गणिक चेतापन सिक्खापद

श्रावस्तीमा परिवेणवासिनी भिक्षुणीहरूले अन्यतर जन समुदायसंग यवागु माग्दथे । जनसमुदायले भिक्षुणीहरूको यवागु लागि कुनै दोकानमा परिष्कार राखेर 'त्यस दोकानबाट परिष्कार लिनु, चामल लिएर यवागु पकाएर खानु' भनी भने । भिक्षुणीले त्यस परिष्कार बाट औषधी मगाएर खाए । जन समुदायलाई जब यो कुरा थाहा भयो तब क्रोधित भए ।

३/८. या पन भिक्खुनी अञ्ञदत्थिकेन परिक्खारेन अञ्ञुद्दिसिकेन महाजनिकेन अञ्ञं चेतापेय्य, निस्सग्गियं पाचित्तियंति ॥३३॥

जो भिक्षुणी अन्य निमित्तको, अन्य उद्देश्यको परिष्कारलाई अन्य उद्देश्यको महाजन समुदायको वस्तुले अन्य वस्तु मगाएमा निस्सगिगय पाचित्तिय हुनेछ ।

दुतिय गणिक चेतापन सिक्खापद

३/८/३३ समान हो ।

३/९. या पन भिक्खुनी अञ्ञदत्थिकेन परिक्खारेन अञ्ञुद्दिसिकेन महाजनिकेन संयाचिकेन अञ्ञं चेतापेय्य निस्सग्गियं पाचित्तियंति ॥३४॥

जो भिक्षुणी अन्य निमित्तको, अन्य उद्देश्यको परिष्कारलाई अन्य उद्देश्यको महाजन समुदायको याचना गरिएको वस्तुले अन्य वस्तु मगाएमा निस्सगिगय पाचित्तिय हुनेछ ।

पुग्गलिक चेतापन सिक्खापद

श्रावस्तीमा थुल्लनन्दा भिक्षुणी बहुश्रुता थिइन् । धेरै उपासकहरू उसको सेवा गर्न आउँथे । उनीहरूले दिएको परिष्कारबाट भिक्षुणीहरूले औषधी साटे ।

३/१०. या पन भिक्खुनी अञ्ञदत्थिकेन परिक्खारेन अञ्ञुद्दिसिकेन पुग्गलिकेन संयाचिकेन अञ्ञं चेतापेय्य, निस्सग्गियं पाचित्तियंति ॥३५॥

जो भिक्षुणी अन्य निमित्तको परिष्कारबाट, अन्य उद्देश्यले व्यक्तिले याचना गरिएको वस्तुले अन्य वस्तु मगाएमा निस्सगिगय पाचित्तिय हुनेछ ।

पत्तवग्गो समाप्त

चीवरवग्गो

गुरुपावुरण सिक्खापद

श्रावस्तीमा थुल्लनन्दा बहुश्रुता भएकी कारणले एक समय राजा प्रसेनजितले एक कम्बल लिएर गएर उपदेश सुन्यो । उपदेश सुनिसकेपछि 'के चाहिन्छ ?' भनेर सोध्यो ।

थुल्लनन्दा भिक्षुणीले 'त्यही कम्बल दिनुहोस्' भनिन्। प्रसेनजित राजाले कम्बल दिएर गयो। अरुहरूले यस कार्यको लागि थुल्लनन्दाको आलोचना गरे।

३/११. गुरुपावुरणं पन भिक्खुनिया चेतापेन्तिया चतुक्कंसपरमं चेतापेतब्बं। ततो चे उत्तरि चेतापेय्य, निस्सग्गियं पाचित्तियंति ॥३६॥

भिक्षुणीले शीलकालीन प्रवारणको लागि धेरै भन्दा धेरै चार कंस (१६ असर्फि) सम्मको मूल्यको माग गरोस्। त्यसभन्दा अधिक माग गरेमा निस्सग्गिय पाचित्तिय हुनेछ।

लहुपावुरण सिक्खापद

३/११/३६ समान हो।

३/१२. लहुपावुरणं पन भिक्खुनिया चेतापेन्तिया अड्ढतेय्यकंसपरमं चेतापेतब्बं। ततो चे उत्तरिं चेतापेय्य, निस्सग्गियं पाचित्तियंति ॥३७॥

भिक्षुणीले गृष्मकालीन प्रवारणको लागि धेरै भन्दा धेरै अढाइ कंस (१० असर्फि) सम्मको मूल्यको माग गरोस्। त्यसभन्दा अधिक माग गरेमा निस्सग्गिय पाचित्तिय हुनेछ।

३/१३ देखि ३/२० सम्म भिक्षु विनय ३/१ देखि ३/१० सम्म समान छन्।

३/२१ देखि ३/२३ सम्म भिक्षु विनय ३/१८ देखि ३/२० सम्म समान छन्।

३/२४ र ३/२५ भिक्षु विनय ३/२२ र ३/२३ समान छन्।

३/२६ देखि ३/२९ सम्म भिक्षु विनय ३/२५ देखि ३/२८ सम्म समान छन्।

३/३०/५५ भिक्षु विनय ३/३०/४७ समान छ।

उद्दिट्ठा खो........भिक्षु विनयसमान छ।

निस्सग्गिय पाचित्तिय समाप्त

४. सुद्ध पाचित्तिय

इमं खो पनाय्यायो छसट्ठिसत्ता पाचित्तिय धम्मा उद्देसं आगच्छन्ति ।

आर्याहरू, यी एकसय छियासट्ठि पाचित्तिय धम्म बताइएका छन्-

लसुणवग्गो

लसुण सिक्खापद

श्रावस्तीमा कुनै एक उपासकले भिक्षुसंघलाई लसुन दान गऱ्यो । क्षेत्रपाललाई पनि उसले उनीहरूलाई प्रशस्त दिनु भनेर आदेश दियो । त्यस समय श्रावस्तीमा एक उत्सव भयो । लसुन त्यस समय समाप्त भयो । भिक्षुणीहरू त्यस उपासककाहाँ गएर सोध्दथे । उपासकले 'लसुन सकियो, खेतमा गएर लिनुहोस्' भनेर जवाफ दिन्थ्यो । भिक्षुणीहरूले खेतमा गएर प्रशस्त मात्रामा लसुन उखेलेर ल्याए । क्षेत्रपाल यो देखेर अत्यन्त क्रोधित भयो ।

४/१. या पन भिक्खुनी लसुणं खादेय्य पाचित्तियं ॥५७॥

जो भिक्षुणी लसुन खाएमा पाचित्तिय हुनेछ ।

सम्बाधलोम सिक्खापद

श्रावस्तीमा ६ वर्गीय भिक्षुणीहरू कामाशक्त भएर योनीद्वारको रौं खौरिएर (निकालेर) अचिरवती नदीमा नांगो भएर वेश्याहरूसंग संगै नुहाउँथे ।

४/२ या पन भिक्खुनी सम्बाधे लोम संहरापेय्य, पाचित्तियं ॥५८॥

जो भिक्षुणी सम्बाध (योनीद्वार)का रौं खौरेमा पाचित्तिय हुनेछ ।

तलघातक सिक्खापद

श्रावस्तीमा दुइ भिक्षुणीहरू कामाशक्त भएर योनीद्वारमा तलघातक (कृत्रिम मैथुन) गर्दथे ।

४/३ तलघातके पाचित्तियं ति ॥५९॥

योनीद्वामा प्रहार (कृत्रिम मैथुन) गरेमा पाचित्तिय हुनेछ ।

जतुमट्ठक सिक्खापद

श्रावस्तीमा पुराण राजोरोधा नामकी महिला प्रव्रजित भइन् । अन्य कोही भिक्षुणी कामाशक्त भएर उसकाहाँ गएर सोधिन्- 'पहिला तिमीकाहाँ धेरै धेरै राजाहरू आउँदा

तिमीले उनीहरूसंग कसरी यौन सम्बन्ध राख्थ्यौ ?' राजारोधा भिक्षुणीले जवाफ दिइन्- 'जतुमट्ठकले ।' त्यस भिक्षुणीले जतुमट्ठकको सहयोगबाट कृत्रिम मैथुन सेवन गरिन् । तर जतुमट्ठकलाई नधोइकन त्यसै राख्दा झिंगा भन्किन थाल्यो । भिक्षुणीहरूले त्यो देखेर 'यो कसको काम हो ?' भनेर सोधे । त्यस भिक्षुणीले 'मेरो' भनेर स्वीकार गरिन् । अल्पेच्छी भिक्षुणीहरूले उसको निन्दा गरे ।

४/४ जतुमट्ठके पाचित्तियंति ॥६०॥

जतुमट्ठक (चिल्लो लाम्चो लाहाको कृत्रिम मैथुन साधन) प्रयोग गर्नुमा पाचित्तिय हुनेछ ।

उदकसुद्धिक सिक्खापद

श्रावस्तीमा महाप्रजापति गौतमी भिक्षुणी भगवानकाहाँ गएर 'भिक्षुणीहरू दुर्गन्धित (योनीद्वार फोहर) छन्' भनिन् । भगवानले 'जलशुद्धि गर्नु' भन्नुभयो । तब कुन कुनै भिक्षुणीहरूले जलशुद्धि गर्न अनुमति दिनुभएको छ भनेर योनीद्वारको भित्रसम्म औंला पसाएर सफा गर्थिन् र कामाशक्त भएर बस्थिन् , कोही भिक्षुणीहरू गृहस्थ हुन्थिन् । यो कुरा प्रजापति गौतमीले भगवानलाई बताइन् ।

४/५ उदकसुद्धिकं भिक्खुनिया आदियमानाय द्वङ्गुलपुब्बपरमं आदातब्बं । तं अतिक्कामेन्तिया पाचित्तियंति ॥६१॥

भिक्षुणीलाई (योनीद्वार सफा गर्दा) उदकशुद्धिको मतलब बढीभन्दा बढी दुइ अम्बलसम्म ग्रहण गर्नुपर्छ । त्यसको अतिक्रमण गरेमा पाचित्तिय हुनेछ ।

उपतिट्ठन सिक्खापद

श्रावस्तीमा आरोहन्त नामक महापात्र प्रव्रजित भयो । उसको पूर्व दोश्रो स्वास्नी पनि भिक्षुणी भएकी थिइन् । आरोहन्त भिक्षु भोजन गर्दा त्यस भिक्षुणीले पंखा हम्किने, पानी दिने आदि सेवा गर्थिन् । यो देखेर अन्य भिक्षुहरूले मनाहि गर्दथे । तर उनी मान्दैन थिइन् ।

४/६ या पन भिक्खुनी भिक्खुस्स भुञ्जन्तस्स पानीयेन वा विधूपनेन वा उपतिट्ठेय्य, पाचित्तियं ति ॥६२॥

जो भिक्षुणीले भोजन गरिरहेको भिक्षुलाई पानी अथवा पंखा हम्केर सेवासुश्रषा गरेमा पाचित्तिय हुनेछ ।

आमकधञ्ञ सिक्खापद

श्रावस्तीमा भिक्षुणीहरू धान भित्राउने समयमा धान मगाएर नगरमा प्रवेश गरेर घरको ढाकोमा उभिएर भिक्षा मारदथे ।

४/७ या पन भिक्खुनी आमकधञ्ञं विञ्ञत्वा वा विञ्ञापेत्वा वा भजित्वा वा

भज्जापेत्वा वा कोट्टेत्वा वा कोट्टापेत्वा वा पचित्वा वा पचापेत्वा वा भुञ्जेय्य, पाचित्तियं ति ॥६३॥

जो भिक्षुणी काँचो धानलाई मागेर अथवा मगाएर भुटेर अथवा भुटाउन लगाएर अथवा कुटाएर, पकाएर अथवा पकाउन लगाएर खाएमा पाचित्तिय हुनेछ ।

पठम उच्चार छड्डन सिक्खापद

श्रावस्तीमा कुनै ब्राह्मण 'भटपथमा पूजा गर्नेछु' भनी सोचेर नुहाउधुवाई भिक्षुणीहरूको उपाश्रयमा रोकेर राजकुल जान्थ्यो। त्यहाँ कुनै भिक्षुणीले कोपरामा पिसाप गरेर पर्खालपछाडि फ्याल्थिन् । एकपल्ट त्यसरी फ्यालेको पिसाप त्यस ब्राह्मणको टाउकोमा लाग्यो ।

४/८ या पन भिक्खुनी उच्चारं वा पस्सावं वा सङ्कारं वा विघासं वा तिरोकुड्ढे वा तिरोपाकारे वा छड्ढेय्य, वा छड्ढापेय्य वा पाचित्तियं ति ॥६४॥

जो भिक्षुणीले दिसा अथवा पिसापलाई अथवा रछ्यानलाई अथवा फोहरपानीलाई पर्खालको पछाडि अथवा भित्ताको पछाडि फ्यालेमा वा फ्याल्न लगाएमा पाचित्तिय हुनेछ ।

दुतिय उच्चार छड्डन सिक्खापद

४/८/६४ समान हो ।

४/९ या पन भिक्खुनी उच्चारं वा पस्सावं वा सङ्कारं वा विघासं वा हरिते छड्डेय्य वा छड्डापेय्य वा, पाचित्तियं ति ॥६५॥

जो भिक्षुणीले दिसा अथवा पिसापलाई अथवा रछ्यानलाई अथवा फोहरपानीलाई खेत अथवा हरियालीमा फ्यालेमा वा फ्याल्न लगाएमा पाचित्तिय हुनेछ ।

नच्चगीत सिक्खापद

राजगृहमा ६ वर्गीय भिक्षुणीहरू गिरग्ग समज्ज (नृत्य गीतादि) हेर्न जान्थे । अन्य मानिसहरू उनीहरूलाई देखेर खिस्याउँथे- 'कस्ता रहेछन् यी भिक्षुणीहरू साधारण मानिसजस्तै कामभोगी गृहणीजस्तै नृत्य आदि हेर्न आउँछन् ।'

४/१० या पन भिक्खुनी नच्चं वा गीतं वा वादितं वा दस्सनाय गच्छेय्य, पाचित्तियंति ॥६६॥

जो भिक्षुणी नृत्य, गीत वा वाद्यवादनलाई हेर्न गएमा पाचित्तिय हुनेछ ।

लसुनवग्गो पठमो

रतन्धकारवग्गो

रतन्धकार सिक्खापद

श्रावस्तीमा भद्रा कापिलायनी भिक्षुणीको शिष्या भिक्षुणीसंगै कुनै कारणले कोही अज्ञात पुरुष कुनै गाउँबाट श्रावस्तीमा आयो। त्यो भिक्षुणी त्यस पुरुषसंग राती अन्धकारमा मन्द प्रकाशमा एक्लै उभिएर कुरा गर्दथिन् । यो देखेर अल्पेच्छुक भिक्षुणीहरूले उसको निन्दा गरे ।

४/११ या पन भिक्खुनी रत्तन्धकारे अप्पदीपे पुरिसेन सद्धिं एकेनेका संतिट्ठेय्य वा सल्लपेय्य वा, पाचित्तियं ति ॥६७॥

जो भिक्षुणी राती अन्धकारमा बत्तीको मन्द प्रकाशमा एक्लै पुरुषसंग उभिरहेमा अथवा गफ गरेमा पाचित्तिय हुनेछ ।

पटिच्छन्नोकास सिक्खापद

४/११/६७ समान ।

४/१२ या पन भिक्खुनी पटिच्छन्ने ओकासे पुरिसेन सद्धिं एकेनेका सन्तिट्ठेय्य वा सल्लपेय्य वा, पाचित्तियं ति ॥६८॥

जो भिक्षुणी प्रतिच्छन्न (छेलिएको वा ढाकिएको) स्थानमा एक्लै पुरुषसंग उभिरहेमा अथवा गफ गरेमा पाचित्तिय हुनेछ ।

अज्झोकास सल्लपन सिक्खापद

भद्रा कापिलायनीकी शिष्या भिक्षुणी खुलास्थानमा एक्लै पुरुषसंग गफ गर्दथिन् ।

४/१३ या पन भिक्खुनी अज्झोकासे पुरिसेन सद्धिं एकेनेका सन्तिट्ठेय्य वा सल्लपेय्य वा, पाचित्तियं ति ॥६९॥

जो भिक्षुणी खुलास्थानमा एक्लो पुरुषसंग एक्लै उभिरहेमा वा गफ गरेमा पाचित्तिय हुनेछ ।

दुतियक उय्योजन सिक्खापद

थुल्लनन्दा भिक्षुणी चौडाबाटोमा पनि, व्यूह र चौबाटोमा पनि एक्लो पुरुषसंग एक्लै उभेर गफ गर्दथिन् ।

४/१४ या पन भिक्खुनी रथिकाय वा ब्यूहे वा सिङ्घाटके वा पुरिसेन सद्धिं एकेनेका सन्तिट्ठेय्य वा सल्लपेय्य वा निकण्णिकं वा जप्पेय्य दुतियिकं वा भिक्खुनिं उय्योजेय्य, पाचित्तियं ति ॥७०॥

जो भिक्षुणी रथिका, व्यूह र चौबाटोमा एक्लो पुरुषसंग एक्लै उभिरहेमा अथवा गफ गरेमा अथवा कानेखुसी गरेमा अथवा कोही दोश्रो भिक्षुणीलाई प्रेरित गरेमा पाचित्तिय हुनेछ ।

अनापुच्छा पक्कमन सिक्खापद

श्रावस्तीमा कुनै भिक्षुणीले कुनै गृहस्थको घरमा नित्य भिक्षा भोजन लिने गर्थिन् । एकदिन त्यो भिक्षुणी एक बिहान उठेर त्यस गृहस्थको घरमा पुगिन् र आसनमा बसिन् । तर नसोधिकन नै फर्किन् । त्यस घरमा कुचो लगाउनेले त्यस आसनलाई एक कुनामा राखिदिइन् । त्यो कुरा गृहस्थलाई थाहा भएन । उसले त्यस भिक्षुणीसंग त्यो आसन माग्यो

र नपाएर भिक्षा भोजन पनि बन्द गरिदियो । पछि घर सफाइ गर्दा त्यो आसन पायो । गृहस्थले त्यस भिक्षुणीसंग माफी मागेर फेरि भिक्षा स्वीकार गर्नको लागि प्रार्थना गऱ्यो ।

४/१५ या पन भिक्खुनी पुरेभत्तं कुलानि उपसङ्कमित्वा आसने निसीदित्वा सामिके अनापुच्छा पक्कमेय्य, पाचित्तियं ति ॥७१॥

जो भिक्षुणी भोजन गर्नुभन्दा अगाडि गृहस्थकाहाँ जाँदा आसनमा बसेर मालिकलाई नसोधिकन गएमा पाचित्तिय हुनेछ ।

अनापुच्छा अभिनिसीदन सिक्खापद

थुल्लनन्दा भिक्षुणी भोजनपछि गृहस्थकाहाँ गएर नसोधिकन आसनमा बस्थिन् र पल्टिने पनि गर्थिन् ।

४/१६ या पन भिक्खुनी पच्छाभत्तं कुलानि उपसङ्कमित्वा सामिके अनापुच्छा आसने अभिनिसीदेय्य वा अभिनिपज्जेय्य वा, पाचित्तियं ति ॥७२॥

जो भिक्षुणी भोजनपछि गृहस्थकाहाँ गएर घरधनीलाई नसोधिकन आसनमा बसेमा वा पल्टिएमा पाचित्तिय हुनेछ ।

अनापुच्छा सन्थरण सिक्खापद

केही भिक्षुणीहरू श्रावस्तीतर्फ जाँदै गर्दा कोशल राज्यको जनपदमा साँझ कुनै ब्राह्मणकुलमा पुगेर वास बस्नको लागि अनुरोध गरे । एक ब्राह्मणीले आफ्नो ब्राह्मण लोग्ने आउञ्जेलसम्म पर्खिनको लागि भनिन् । कोही भिक्षुणीहरू ओछ्यानमा पल्टिए भने कोही जमिनमा । जब राती ब्राह्मण आइपुग्यो तब उसले सबैलाई घरबाट बाहिर निकालिदियो ।

४/१७ या पन भिक्खुनी विकाले कुलानि उपसङ्कमित्वा सामिके अनापुच्छा सेय्यं सन्थरित्वा वा सन्थरापेत्वा वा अभिनिसिदेय्य वा अभिनिपज्जेय्य वा, पाचिचियं ति ॥७३॥

जो भिक्षुणी विकालमा गृहस्थ कुलमा गएर घरधनीको अनुमतिविना नै ओछ्यानलाई बिछ्याएर वा बिछ्याउन लगाएर त्यसमा बसेमा वा पल्टिएमा पाचित्तिय हुनेछ ।

परं उज्झापनक सिक्खापद

भद्रा कापिलायनी भिक्षुणीकी शिष्या भिक्षुणी भद्रालाई आदर प्रदान गर्ने भिक्षुणीहरूको लागि अरुलाई चीवर दान गर्न प्रेरणा गर्दथिन् भने जसजसले भद्रालाई आदर गर्दैनथे, ती भिक्षुणीहरूलाई चीवर दान गराउन प्रेरणा गर्दैनथिन् ।

४/१८ या पन भिक्खुनी दुग्गहितेन दूपधारितेन परं उज्झापेय्य, पाचित्तियं ॥७४॥

जो भिक्षुणीले अन्यथा ग्रहण गर्न अन्यथा धारण गर्न अरुलाई उक्साएमा पाचित्तिय हुनेछ ।

परअभिसपन सिक्खापद

श्रावस्तीमा भिक्षुणीहरू आफ्ना पात्रहरूलाई नदेख्दा चण्डकाली भिक्षुणीलाई सोध्दथे- 'के तिमीले हाम्रो पात्र देख्यौ ?' यसमा चण्डकाली भिक्षुणी झर्किएर भन्दथिन्- 'यदि मैले तिमीहरूको पात्र लिएको भए अश्रमणी भइजाउँ। ब्रह्मचर्यबाट पतित भइजाउँ।'

४/१९ या पन भिक्खुनी अत्तानं वा परं वा निरयेन वा ब्रह्मचरियेन वा अभिसपेय्य, पाचित्तियं ति ॥७५॥

जो भिक्षुणी स्वयंलाई अथवा अरुलाई नरकबाट वा ब्रह्ममचर्यबाट अभिश्रापित गरेमा पाचित्तिय हुनेछ।

रोदन सिक्खापद

श्रावस्तीमा चण्डकाली भिक्षुणी भिक्षुणीहरूसंग झगडा गरेर आफूलाई पिट्दै रुन्थिन्।

४/२० या पन भिक्खुनी अत्तानं बधित्वा बधित्वा रोदेय्य, पाचित्तियंति ॥७६॥

जो भिक्षुणी आफैलाई पिट्दै पिट्दै रुएमा पाचित्तिय हुनेछ।

रतन्धकारवग्गो दुतियो

नग्गवग्गो

नग्ग सिक्खापद

श्रावस्तीमा अचिरवती नदीमा वेश्याहरूसंग भिक्षुणीहरू नाँगो भएर नुहाउँथे। वेश्याहरूले ती भिक्षुणीहरूलाई भने कि तिमीहरू यस तरुणी अवस्थामा ब्रह्मचर्य पालन किन गर्छौ ? कामोपभोग गर। वृद्धावस्थामा शायद यसलाई ग्रहण गर।

४/२१ या पन भिक्खुनी नग्गा नहायेय्य, पाचित्तियं ति ॥७७॥

जो भिक्षुणी नाँगो भएर नुहाउँछ पाचित्तिय हुनेछ।

उदकसाटिक सिक्खापद

भगवानले उदक साटिका लगाउन अनुमति दिनुभएको छ भनी सोचेर ६ वर्गीय भिक्षुणीहरूले प्रमाणहीन उदकसाटिकहरू लगाउन थाले।

४/२२ उदकसाटिकं पन भिक्खुनिया कारयमानाय पमाणिका कारेतब्बा। तत्रिद पमाणं–दीघसो चतस्सो विदत्थियो, सुगतविदत्थिया, तिरियं द्वे विदत्थियो। तं अतिक्कामेन्तिया छेदनकं पाचित्तियति ॥७८॥

उदक साटिका बनाउने समय भिक्षुणीलाई प्रमाणअनुसार बनाउनुपर्छ। त्यसको प्रमाण यसप्रकार छ – भगवानको बित्ताले चार बित्ता लम्बाई र दुइ वित्ता चौडाई। यस प्रमाणको अतिक्रमण गरेमा पाचित्तिय हुनेछ।

चीवर सिब्बन सिक्खापद

श्रावस्तीमा कुनै भिक्षुणीको मूल्यावान चीवर न ठीक ढंगले काटिएको थियो न ठीक ढंगले सिलाइएको थियो । थुल्लनन्दाले भनिन् कि यो चीवर त राम्रो छ तर ठीक ढंगले काटिएको सिलाएको छैन । अर्कोले भनिन्- 'म यसलाई उधारिदिन्छु । के तिमीले सिलाइदिन्छौ ?' थुल्लनन्दाले स्वीकार गरिन् । तर सिलाइनन् ।

४/२३ या पन भिक्खुनी भिक्खुनिया चीवरं विसिब्बेत्वा वा विसिब्बापेत्वा वा सा पच्छा अनन्तरायिकिनी नेव सिब्बेय्य न सिब्बापनाय उस्सुक्क करेय्य, अञ्ञत्र चतूहपञ्चाहा, पाचित्तियं ति ॥७७॥

जो भिक्षुणी कुनै भिक्षुणीको चीवरलाई उधारेर वा उधार्न लगाएर, पछाडि बाधा नहँदा पनि नसिलाएमा वा सिलाउन उत्सुकता नदेखाएमा, चार पाँच दिनलाई छोडेपछि पाचित्तिय हुनेछ ।

संघाटिचार सिक्खापद

श्रावस्तीमा केही भिक्षुणीहरू भिक्षुणीहरूको हातमा चीवर राखेर जनपद चारिकाको लागि जान्थे । धेरै दिनसम्म नआएपछि ती भिक्षुणीहरू चिन्तित हुन थाले । अन्य भिक्षुणीहरूले ती भिक्षुणीहरूलाई सोधे- 'यी कसका चीवर हुन् ?' जवाफ सुनेर ती अल्पेच्छी भिक्षुणीहरू दुक्खीत हुन थाले ।

४/२४ या पन भिक्खुनी पञ्चाहिकं सङ्घाटिचारं अतिक्कामेय्य, पाचित्तियं ति ॥७८॥

जो भिक्षुणी संघाटि धारण गर्ने नियमलाई पाँचौं दिन अतिक्रमण गरेमा पाचित्तिय हुनेछ ।

चीवर संकमनिय सिक्खापद

श्रावस्तीमा कुनै भिक्षुणी भिक्षा मागेर आफ्नो चीवर राखेर विहारभित्र गइन् । त्यसै समयमा अर्की भिक्षुणी आइन् र चीवर ओढेर भिक्षाको लागि गाउँमा प्रवेश गरिन् ।

विहारबाट फर्केर आएकी पहिलो भिक्षुणीले सोधिन्- 'मेरो चीवरलाई कसैले देख्यो ?' अल्पेच्छी भिक्षुणीहरूले यस घटनामा दुक्ख व्यक्त गरे ।

४/२५ या पन भिक्खुनी चीवरसंकमनीयं धारेय्य, पाचित्तियं ॥७९॥

जो भिक्षुणी नसोधी अर्काको चीवर लगाएमा पाचित्तिय हुनेछ ।

गणचीवर सिक्खापद

श्रावस्तीमा थुल्लनन्दा भिक्षुणीलाई कुनै उपासकले भन्यो- 'हामी भिक्षुणीसंघको लागि चीवर दान गर्छौं ।' थुल्लनन्दाले यसमा 'अहिले तिमीहरूलाई धेरै काम गर्नु छ ' भनेर दान कार्यमा विघ्न पाऱ्यो ।

४/२६ या पनि भिक्खुनी गणस्स चीवरलाभं अन्तरायं करेय्य, पाचित्तियं ति ॥८०॥

जो भिक्षुणीले भिक्षुणीसंघको गणको चीवर प्राप्तिमा विघ्न पारेमा पाचित्तिय हुनेछ ।

पटिवाहन सिक्खापद

श्रावस्तीमा भिक्षुणीसंघको लागि अकालचीवर प्राप्त भयो । संघले त्यसलाई बाड्न चाह्यो । त्यसबेला थुल्लनन्दाको शिष्याहरू कतै बाहिर गएका थिए । त्यसैले उसले भनिन्- 'भिक्षुणीसंघले अहिले चीवर बाड्ने छैन ।' चीवर नबाड्ने थाहा पाएर भिक्षुणीहरू बाहिर गए । पछि थुल्लनन्दाका शिष्याहरू आइपुगे । तब चीवर बाड्न थाले । अल्पेच्छी भिक्षुणीहरूले यसको निन्दा गरे ।

४/२७ या पन भिक्खुनी धम्मिकं चीवरविभङ्गे पटिवाहेय्य, पाचित्तियं ति ॥८१॥

जो भिक्षुणीले समस्त भिक्षुणीसंघको अगाडि चीवर विभाजन गर्नमा बाधा दिएमा पाचित्तिय हुनेछ ।

चीवरदान सिक्खापद

श्रावस्तीमा थुल्लनन्दा भिक्षुणीले भिक्षुको चीवरलाई नट (नर्तक) आदिलाई दिने गर्थिन् किननि उनीहरूले उसको प्रशंसा गरोस् ।

४/२८ या पन भिक्खुनी अगारिकस्स वा परिब्बाजकस्स वा परिब्बाजिकाय वा समणचीवरं ददेय्य, पाचित्तियं ति ॥८२॥

जो भिक्षुणी भिक्षुको चीवरलाई कुनै गृहस्थ वा परिव्राजक वा परिव्राजिकालाई दिएमा पाचित्तिय हुनेछ ।

काल अतिक्कमन सिक्खापद

श्रावस्तीमा थुल्लनन्दा भिक्षुणीकाहाँ उपासकहरू आएर भने- 'हामीहरू भिक्षुणी संघलाई चीवर दान दिन चाहन्छौं ।' थुल्लनन्दा भिक्षुणीले चीवरको दुर्वल प्रत्याशाले चीवर काललाई अतिक्रमण गरिन् ।

४/२९ या पन भिक्खुनी दुब्बलचीवर पच्चासाय चीवरकालसमय अतिक्कामेय्य, पाचित्तियं ति ॥८३॥

जो भिक्षुणी चीवर प्राप्तिको आशा नहुँदा चीवर कालको अवधि (आश्विन पूर्णिमा देखि कार्तिक पूर्णिमासम्म) को अतिक्रमण गरेमा पाचित्तिय हुनेछ ।

कठिनुद्धार सिक्खापद

श्रावस्तीमा कुनै उपासक विहार बनाउन चाहन्थ्यो । त्यसै समय कथिन चीवरको समय आयो । तब ऊ कथिन चीवर पनि दिन चाहन्थ्यो । थुल्लनन्दा भिक्षुणीले भनिन्- 'कथिन चीवरको उद्धारलाई छोडिदेऊ । चीवर हामीलाई चाहिन्छ ।' उपासकले उसको निन्दा गर्‍यो ।

४/३० या पन भिक्खुनी धम्मिकं कठिनुद्धारं पटिबाहेय्य, पाचित्तियं ति ॥८४॥

जो भिक्षुणीले धम्मानुसार (समग्र भिक्षुणीसंघको समक्ष) कथिन चीवरको उद्धार मा बाधा पुऱ्याएमा पाचित्तिय हुनेछ ।

नगगवग्गो ततियो

तुवट्टनवग्गो

एकमञ्च तुवट्टन सिक्खापद

श्रावस्तीमा दुइ भिक्षुणी एउटै खाटमा सुत्थे । मानिसहरूले उनीहरूको निन्दा गरे ।

४/३१ या पन भिक्खुनियो द्वे एकमञ्चे तुवट्टेय्युं, पाचित्तियं ति ॥८५॥

जो दुइ भिक्षुणीहरू एउटै खाटमा सुतेमा पाचित्तिय हुनेछ ।

एकत्थरण तुवट्टनसिक्खापद

४/३१/८५ समान ।

४/३२ या पन भिक्खुनियो द्वे एकत्थरणपावुरणा तुवट्टेय्युं, पाचित्तियं ति ॥८६॥

जो दुइ भिक्षुणीहरू एउटै खाटमा एउटै तन्नालाई ओढ्ने र बिछ्याउने गरी सुतेमा पाचित्तिय हुनेछ ।

अफासुकरण सिक्खापद

श्रावस्तीमा भद्रा कापिलायनी र थुल्लनन्दा भिक्षुणीहरूमध्ये भद्रा कापिलायनी भिक्षुणी बढी बहुश्रुता थिइन् । त्यसैले उपासकहरू पहिला भद्रा कापिलायनीलाई आदरपूर्वक दान दिन्थे र पछि थुल्लनन्दालाई। यसमा थुल्लनन्दालाई ईर्ष्या भयो। परिणामस्वरूप उसले भद्रा कापिलायनीको अगाडि उठ्ने, बस्ने, चंक्रमण गर्ने गर्थिन् किनकि अन्य भिक्षुणीहरूलाई दुक्ख होस् ।

४/३३ या पन भिक्खुना भिक्खुनिया सञ्चिच्च अफासुं करेय्य, पाचित्तियं ॥८७॥

जो भिक्षुणीले जानी जानी भिक्षुणीहरूलाई दुक्ख दिएमा पाचित्तिय हुनेछ ।

न उपट्ठापन सिक्खापद

थुल्लनन्दा भिक्षुणी दुक्खीत र रोगी शिष्या भिक्षुणीलाई सेवा गर्नु गराउनुमा उत्सुकता देखाएन ।

४/३४ या पन भिक्खुनी दुक्खितं सहजीविनि नेव उपट्ठेय्य न उपट्ठापनाय उस्सुक्कं करेय्य, पाचित्तियं ति ॥८९॥

जो भिक्षुणीले रोगी शिष्या भिक्षुणीलाई सेवा नगरेमा, सेवा गर्ने उत्सुकता नदेखाएमा पाचित्तिय हुनेछ ।

निक्कड्ढन सिक्खापद

भद्रा कापिलायनी भिक्षुणीले साकेतबाट सन्देश पठाइन् - 'यदि थुल्लनन्दा भिक्षुणीले आफ्नो विहारमा मलाई स्थान दिने भएमा म श्रावस्ती पुग्नेछु ।' थुल्लनन्दा भिक्षुणीले स्वीकृती दिइन् । भद्रा कापिलायनी आइपुग्दा उपासकहरूले पहिला उसैलाई वन्दना गर्दथे । त्यसैले ईर्ष्याले थुल्लनन्दाले भद्रा कापिलायनीलाई विहारबाट निकालिदिइन् ।

४/३५ या पन भिक्खुनी भिक्खुनिया उपस्सयं दत्वा कुपिता अनत्तमना निक्कड्ढेय्य वा निक्कड्ढापेय्य वा पाचित्तियं ति ॥९०॥

जो भिक्षुणीले कुनै भिक्षुणीलाई उपाश्रयमा स्थान दिएर पछि कुपित र असन्तुष्ठ भएर उसलाई निकालेमा वा निकाल्न लगाएमा पाचित्तिय हुनेछ ।

संसट्ठ सिक्खापद

श्रावस्तीमा चण्डकाली भिक्षुणी कुनै उपासकसंग कामाशक्त भएर संसर्ग गर्दथिन् ।

४/३६ या पन भिक्खुनी संसट्ठा विहरेय्य गहपतिना वा गहपतिपुत्तेन वा सा भिक्खुनी भिक्खुनीहि एवमस्स वचनीया– माय्ये, संसट्ठा विहरि गहपतिना पि गहपतिपुत्तेन पि । विविच्चाय्ये, विवेकञ्चेव भगिनिया सङ्घो वण्णेती ति । एवञ्च पन सा भिक्खुनी भिक्खुनीहि वुच्चमाना तथेव पग्गण्हेय्य, सा भिक्खुनी भिक्खुनीहि यावततियं समनुभासितब्बा तस्स पटिनिस्सग्गाय । यावततियञ्चे समनुभासियमाना तं पटिनिस्सज्जेय्य, इच्चेतं कुसलं, नो चे पटिनिस्सज्जेय्य, पाचित्तियं ति ॥९१॥

जो भिक्षुणीलेगृहपति वा गृहपतिपुत्रसंग काय वा वचनले संसर्ग गरेमा अन्य भिक्षुणीहरूले यसप्रकार भन्नुपर्छ- 'आर्य, गृहपति वा गृहपतिपुत्रसंग संसर्ग नगर । आर्य, भिक्षुणीसंघ एकान्तशीलता र विवेकको प्रशंसा गर्दछ ।' भिक्षुणीहरूद्वारा यसप्रकार भन्दा पनि त्यो भिक्षुणी त्यसैप्रकार हठ गरिरहेमा भिक्षुणीहरूले उससंग हठ छोड्नको लागि तीन पल्टसम्म भनोस् । यदि तीनपल्टसम्म भन्दा ऊ हठलाई छोडेमा कुशल हो, यदि नछोडेमा पाचित्तिय हुनेछ ।

अन्तोरट्ठ सिक्खापद

श्रावस्तीमा भिक्षुणीहरू राष्ट्रको दूर्गम वा अन्य स्थानको भयभीत र शंकित स्थानमा एक्लै भ्रमण गर्दथे । धुर्तहरू उनीहरूलाई दूषित गर्दथे ।

४/३७ या पन भिक्खुनी अन्तोरट्ठे सासङ्कसम्मते सप्पटिभये असत्यिका चारिकं चरेय्य, पाचित्तियं ति ॥९२॥

जो भिक्षुणीले राष्ट्रको शंकास्पद र भयभीत स्थानमा एक्लै चारिका गरेमा पाचित्तिय हुनेछ।

तिरोरट्ठ सिक्खापद

भिक्षुणीहरू श्रावस्ती बाहिर एक्लै भयभीत स्थानहरूमा विचरण गर्दथे ।

४/३८ या पन भिक्खुनी तिरोरट्ठे सासङ्कसम्मते सप्पटिभये असत्थिका चारिकं चरेय्य, पाचित्तियंति ॥९३॥

जो भिक्षुणीले राष्ट्रबाहिर शंकास्पद र भयभीत स्थानमा एक्ले चारिका गरेमा पाचित्तिय हुनेछ ।

अन्तोवस्स सिक्खापद

भिक्षुणीहरू वर्षाकालमा चारिका गर्दा हरियोघाँसमा टेक्दै हिंड्थिन् । यसले प्राणीहिंसा हुन्थ्यो ।

४/३९ या पन भिक्खुनी अन्तोवस्सं चारिकं चरेय्य, पाचित्तिय ॥९४॥

जो भिक्षुणी वर्षाकालमा चारिका गरेमा पाचित्तिय हुनेछ ।

चारि नपक्कमन सिक्खापद

केही भिक्षुणीहरू राजगृहमा नै वर्षावास गर्दथे । त्यहीं हेमन्त र गृष्म ऋतुहरू पनि व्यतित गर्दथे ।

४/४० या पन भिक्खुनी वस्सं वुट्ठा चारिकं न पक्कमेय्य अन्तमसो छप्पञ्च योजनानि पि, पाचित्तियं ति ॥९५॥

जो भिक्षुणी वर्षावासपछि पूर्व, पशिचम आदि दिशाहरूमा कम्तिमा पाँच छ योजन पनि चारिका नगरेमा पाचित्तिय हुनेछ ।

तुवट्टवग्गो चतुत्थो

चित्तागारवग्गो

राजागार सिक्खापद

श्रावस्तीमा प्रसेनजित राजाको चित्रागार हेर्नको लागि ६ वर्गीय भिक्षुणीहरू गए । मानिसहरूले उनीहरूलाई कामभोगी गृहणी भनेर निन्दा गरे ।

४/४१ या पन भिक्खुनी राजागारं वा चित्तागारं वा आरामं वा उय्यानं वा पोक्खरणिं वा दस्सनाय गच्छेय्य, पाचित्तियं ति ॥९६॥

जो भिक्षुणी राजागार (दरवार) वा चित्रागार (चित्रशाला) वा आराम वा उद्यान वा पोखरीलाई हेर्न गएमा पाचित्तिय हुनेछ ।

आसन्दि परिभुञ्जन सिक्खापद

श्रावस्तीमा भिक्षुणीहरू कामभोगी गृहणीहरूजस्तै आसन र खाटको उपयोग गर्दथे ।

४/४२ या पन भिक्खूनी आसन्दि वा पलङ्कं वा परिभुञ्जेय्य, पाचित्तियं ॥९७॥

जो भिक्षुणीले आसन वा खाटको उपभोग गरेमा पाचित्तिय हुनेछ ।

सुत्तकन्तन सिक्खापद

श्रावस्तीमा ६ वर्गीय भिक्षुणीहरू कामभोगी गृहणीहरूजस्तै धागो कात्थिन् ।

४/४३ या पन भिक्खूनी सुतं कन्तेय्य, पाचित्तियं ॥९८॥

जो भिक्षुणी धागो काटेमा पाचित्तिय हुनेछ ।

गिहिवेय्यावच्च सिक्खापद

श्रावस्तीमा भिक्षुणीहरू गृहणीहरूजस्तै खिचडी वा भात पकाएर खान्थिन् ।

४/४४ या पन भिक्खूनी गिहिवेय्य वच्चं करेय्य, पाचित्तियं ति ॥९९॥

जो भिक्षुणीले गृहस्थ कर्तव्य (गृहस्थसरह खान पकाउने) गरेमा पाचित्तिय हुनेछ ।

अधिकरण सिक्खापद

श्रावस्तीमा कुनै भिक्षुणीले थुल्लनन्दा भिक्षुणीकाहाँ आएर भनिन्- 'आर्य, यस विवादलाई शान्त गरिदिनुहोस् ।' थुल्लनन्दा भिक्षुणीले त्यसलाई स्वीकार गरिन् । तर त्यस विवादलाई न शान्त गरिन् न शान्त गर्नको लागि उत्सुकता देखाइन् ।

४/४५ या पन भिक्खुनी भिक्खुनिया- एहाय्ये, इमं अधिकरणं वूपसमेही ति वुच्चमाना- साधू ति पटिस्सुणित्वा सा पच्छा अनन्तरायिकिनी नेव वूपसमेय्य न वूपसमाय उस्सुक्कं करेय्य, पाचित्तियं ति ॥१००॥

जो भिक्षुणीले कुनै भिक्षुणीद्वारा 'आर्य, यहाँ यस विवादलाई शान्त गर्नुहोस्' भनेमा 'स्वीकार छ' भनेर पछि विघ्नकारिणी बन्छ । त्यस विवादलाई उसले न शान्त गरेमा न शान्त गर्नको लागि उत्सुकता देखाएमा पाचित्तिय हुनेछ ।

भोजनदान सिक्खापद

श्रावस्तीमा थुल्लनन्दा भिक्षुणीले गृहस्थहरूलाई प्रशंसा पाउन आफ्नो हातले भोजन गराउँथिन् ।

४/४६ या पन भिक्खूनी अगारिकस्स वा परिब्बाजकस्स वा परिब्बाजिकाय वा सहत्था खादनीयं वा भोजनीयं वा ददेय्य, पाचित्तियंति ॥१०१॥

जो भिक्षुणी कुनै गृहस्थ वा परिव्राजक वा परिव्राजिकालाई आफ्नो हातले खाद्य वा भोज्यवस्तु दिएमा पाचित्तिय हुनेछ ।

आवासथ चीवर सिक्खापद

श्रावस्तीमा थुल्लनन्दा भिक्षुणीले आश्रमको चीवरको उपयोग गर्थिन् । तर त्यसलाई धुएर राख्दैन थिइन् । अन्य ऋतुमती भिक्षुणीहरूले त्यसको लाभ लिन पाउँदैन थिइन् ।

४/४७ या पन भिक्खुनी आवसथचीवरे अनिस्सज्जित्वा परिभुञ्जेय्य, पाचित्तियं ति ॥१०२॥

जो भिक्षुणी आवासथचीवर (ऋतुमतीले वा घाउ आदि लगाउने चीवर) को प्रयोग गरेर त्यसलाई नधोइकन राखेमा पाचित्तिय हुनेछ ।

आवासथ निस्सजन सिक्खापद

४/४७/१०२ समान ।

४/४८ या पन भिक्खुनी आवसथं अनिस्सज्जित्वा चारिकं पक्कमेय्य पाचित्तियं ति ॥१०३॥

जो भिक्षुणीले आवासथचीवरको प्रयोग गरेर त्यसलाई नधोइकन चारिकामा गएमा पाचित्तिय हुनेछ ।

तिरच्छानविज्जा परिपुरण सिक्खापद

श्रावस्तीमा ६ वर्गीय भिक्षुणीहरू तिरश्चीन विद्यालाई गृहस्थहरूजस्तै पढ्ने गर्थे ।

४/४९ या पन भिक्खुनी तिरच्छानविज्जं परियापुणेय्य, पाचित्तियं ति ॥१०४॥

जो भिक्षुणी तिरच्छान (हस्तरेखा, राशी, भुतप्रेत, चोरी, कोकशास्त्र आदि पशु विद्या) विद्याहरू पढेमा वा सिकेमा पाचित्तिय हुनेछ ।

तिरच्छानविज्जा वाचन सिक्खापद

४/४९/१०४ समान ।

४/५० या पन भिक्खुनी तिरच्छानविज्जं वाचेय्य, पाचित्तियं ति ॥१०५॥

जो भिक्षुणी तिरच्छान विद्याहरू पाठ गरेमा पाचित्तिय हुनेछ ।

चित्तागारवग्गो पञ्चमो

आरामवग्गो

आराम पविसन सिक्खापद

श्रावस्तीमा केही भिक्षुहरू ग्रामकावासमा एउटै चीवरले चीवरकर्म (त्रिचीवरधारीले अन्तरवासक मात्र लाएर वा त्यो पनि नलगाइकन चीवर धुने) गर्दथे । भिक्षुणीहरू त्यस आवासमा नसोधी पस्दथे । ती भिक्षुहरूले ती भिक्षुणीहरूको निन्दा गरे ।

४/५१ या पन भिक्खुनी जानं सभिक्खुकं आरामं अनापुच्छा पविसेय्य, पाचित्तियं ति ॥१०६॥

जो भिक्षुणी जानी जानी भिक्षु भएको आरामा नसोधिकन पसेमा पाचित्तिय हुनेछ ।

भिक्खु अक्कोसन सिक्खापद

श्रावस्तीमा भिक्षु उपालिको उपाध्याय कल्पितक श्मशानमा चारिका गरिरहेको समयमा ६ वर्गीय भिक्षुणीहरूमध्ये महत्तरा भिक्षुणीको मृत्यु भयो । ६ वर्गीय भिक्षुणीहरूले

उसको लाशलाई जलाएर त्यहाँ स्तूप बनाएर रुन थाले । रुवाइको स्वर सुनेर भिक्षु कल्पितक त्यहाँ पुग्यो र स्तूपलाई नष्ट गरिदियो । पछि ती भिक्षुणीहरूले भिक्षु कल्पितक विहारमा ढुंगामुढा गरे र भिक्षुलाई मरेको सम्झेर फर्किएर गए । भोलीपल्ट भिक्षु कल्पितकलाई भिक्षाटन गरिरहेको देखेर उनीहरूलाई आश्चर्य लाग्यो । सोच्दा सोच्दा उनीहरूलाई आफ्नो योजना भिक्षु उपालिलाई बताएको याद भयो । तब भिक्षु उपालिको कारणले भिक्षु कल्पितक बचेको सम्झेर भिक्षु उपालिलाई गाली गरे ।

४/५२ या पन भिक्खुनी भिक्खुं अक्कोसेय्य वा परिभासेय्य वा पाचित्तिय ति ॥१०७

गण परिभासन सिक्खापद

श्रावस्तीमा चण्डकाली भिक्षुणी झगडालु थिइन्। थुल्लनन्दा भिक्षुणी उसको निन्दा गर्दथिन्। थुल्लनन्दा एकपल्ट नगरबाहिरबाट आउँदा चण्डकाली भिक्षुणीले ऊसंग आसन आदिको लागि सोधिनन्। यसको कारण सोध्दा आफूलाई अनाथ बताएर गण (समूह वा संघ) लाई निन्दा गर्न थालिन्।

४/५३ या पन भिक्खुनी चण्डीकता गणं परिभासेय्य, पाचित्तियं ति ॥१०८॥

जो भिक्षुणी चण्ड (क्रोधी) भएर गणलाई निन्दा गरेमा पाचित्तिय हुनेछ ।

पवारित सिक्खापद

श्रावस्तीमा कुनै ब्राह्मणले भिक्षुणीहरूलाई निमन्त्रणा गर्‍यो । भिक्षुणीहरूले त्यहाँ भोजन गरेर अन्य स्थानबाट भिक्षा लिएर भोजन गरे ।

४/५४ या पन भिक्खुनी निमन्तिता वा पवारिता वा खादनीयं वा भोजनीयं वा खादेय्य वा भुञ्जेय्य वा, पाचित्तियंति ॥१०९

जो भिक्षुणी निमन्त्रित भएर तृप्त भएर पछि पनि खाद्य वा भोज्य वस्तु खाएमा वा भोजन गरेमा पाचित्तिय हुनेछ ।

कुलमच्छरिनी सिक्खापद

श्रावस्तीमा कुनै भिक्षुणी कुनै गृहस्थ कुलमा भिक्षाटनको लागि गइन्। भोजन गरिसकेपछि उसलाई गृहपतिले भन्यो- 'आर्य, अन्य भिक्षुणीहरू पनि आओस्।' यसले त्यस भिक्षुणीलाई ईर्ष्या भयो र अन्य भिक्षुणीहरूसंग त्यस गृहपति बारेमा दुर्वचन बोलिन्।

४/५५ या पन भिक्खुनी कुलेमच्छरिनी अस्स, पाचित्तियं ति ॥११०॥

जो भिक्षुणी कुलमा मात्सर्य भाव राखेमा पाचित्तिय हुनेछ ।

अभिक्खुकावास सिक्खापद

श्रावस्तीमा कुनै ग्रामकावासमा वर्षावास गरेका भिक्षुणीहरूलाई सोध्दा उनीहरूले भिक्षुरहित आवासमा वर्षावास गरे भनी बताए ।

४/५६ या भिक्खुनी अभिक्खु के आवासे वस्सं वस्सेय्य, पाचित्तियं ति ॥१११॥

जो भिक्षुणी भिक्षुरहित आवासमा वर्षावास गरेमा पाचित्तिय हुनेछ ।

अपवारण सिक्खापद

जो भिक्षुणी केही भिक्षुणीहरू ग्रामकावासमा वर्षावास गरेर श्रावस्ती आए । अन्य भिक्षुणीहरूले उनीहरूसंग सोधे- 'के तपाईहरूले पवारणा गर्नुभयो ?' उनीहरूले 'छैन' भनेर जवाफ दिए ।

४/५७ या पन भिक्खुनी वस्सं वुत्था उभतोसङ्घे तीहि ठानेहि न पवारेय्य दिट्ठेन वा सुतेन वा परिसङ्काय वा, पाचित्तियं ति ॥११२॥

जो भिक्षुणी वर्षावासपछि भिक्षु र भिक्षुणी यी दुबै संघमा दृष्ट, श्रुत, र परिशंकित यी तीनै प्रकारका पवारणा नगरेमा पाचित्तिय हुनेछ ।

ओवाद सिक्खापद

जो भिक्षुणी कपिलवस्तुमा भिक्षुणीहरू ६ वर्गीय भिक्षुणीहरूलाई उपदेश सुन्नको लागि भन्दथे । तर उनीहरू अन्यत्र उपदेश दिनको लागि जान्थे ।

४/५८ या पन भिक्खुनी ओवादाय वा संवासाय वा न गच्छेय्य, पाचित्तियं ति ॥११३॥

जो भिक्षुणी उपदेश वा संवासको लागि नगएमा पाचित्तिय हुनेछ ।

अकोवादूपसंकमन सिक्खापद

श्रावस्तीमा भिक्षुणीहरू न उपोसथको लागि सोध्दथे न उपदेशको लागि ।

४/५९ अन्वद्धमासं भिक्खुनिया भिक्खुसङ्घतो द्वे धम्मा पच्चासिंसितब्बा–उपोसथपुच्छकं च ओवादूपसङ्कमनं च । तं अतिक्कामेन्तिया पाचित्तियं ति ॥११४॥

भिक्षुणीलाई भिक्षुसंघसंग प्रत्येक पन्ध्रदिनमा दुइ धर्म प्राप्त गर्ने इच्छा हुनुपर्छ – उपोसथको लागि सोध्नु र उपदेश सुन्नको लागि जानु । यसको अतिक्रमण गरेमा पाचित्तिय हुनेछ ।

पसाखेजात सिक्खापद

श्रावस्तीमा कुनै भिक्षुणीले तिघ्राच्यापमा आएको घाउलाई एकान्तमा एक्लो पुरुषबाट चिर्न लगाइन् । अरुले यसको निन्दा गरे ।

४/६० या पन भिक्खुनी पसाखे जातं गण्ड वा रुहितं वा अनपलोकेत्वा सङ्घं वा गणं वा पुरिसेन सद्धिं एकेनेका भेदापेय्य वा फालापेय्य वा धोवापेय्य वा आलिम्पापेय्य वा बन्धापेय्य वा मोचापेय्य वा, पाचित्तियं ति ॥११५॥

जो भिक्षुणी प्रशाखा (नाइटोभन्दा मुनि तिघ्राभन्दा माथिको शरीरको भाग) मा आएको घाउ वा ट्युमरलाई संघ वा गणलाई नसोधिकन एक्लो पुरुषसंग एकान्त तरिकाले

शल्यक्रिया गराएमा, सफा गराएमा, वा औषधी (पट्टि) लगाएमा वा फुकाल्न लगाएमा पाचित्तिय हुनेछ ।

आरामवग्गो छट्ठो

गब्भिनिवग्गो

गब्भिनि सिक्खापद

श्रावस्तीमा केही भिक्षुणीहरूले गर्भिणीहरूलाई उपसम्पदा दिन्थे ।

४/६१ या पन भिक्खुनी गब्भिनि वुट्ठापेय्य, पाचित्तियं ति ॥११६॥

जो भिक्षुणीले गर्भिणीलाई उपसम्पदा दिएमा पाचित्तिय हुनेछ ।

पायन्ति सिक्खापद

श्रावस्तीमा केही भिक्षुणीहरू बच्चालाई दूध पिलाउने आमा (महिला) लाई उपसम्पदा दिन्थे ।

४/६२ या पन भिक्खुनी पायन्तिं वुट्ठापेय्य, पाचित्तियं ति ॥११७॥

जो भिक्षुणीले बच्चालाई दूध पिलाउने आमा वा धाईलाई उपसम्पदा दिएमा पाचित्तिय हुनेछ ।

पठम सिक्खमान सिक्खापद

श्रावस्तीमा भिक्षुणीहरू यस्ती शिक्षमाणलाई उपसम्पदा दिए कि जसले वर्षौंसम्म षढधम्मको पालन गर्दैन थिइन् ।

४/६३ या पन भिक्खुनी द्वे वस्सानि छसु धम्मेसु असिक्खितसिक्खं सिक्खमानं वुट्ठापेय्य, पाचित्तियं ति ॥११८॥

जो भिक्षुणी दुइ वर्षसम्म प्राणीहिंसा नगर्नु, चोरी नगर्नु, ब्रह्मचर्य पालन गर्नु, झूठो नबोल्नु, मादकपदार्थ सेवन नगर्नु, विकाल भोजन सेवन नगर्नु यी ६ धम्ममा शिक्षित नभएकी शिक्षमाणलाई उपसम्पदा दिएमा पाचित्तिय हुनेछ ।

दुतिय सिक्खमान सिक्खापद

भिक्षुणीहरूले संघको अनुमतिविना नै षढधम्म पालन नगर्ने शिक्षमाणलाई उपसम्पदा दिए ।

४/६४ या पन भिक्खुनी द्वे वस्सानि छसु धम्मेसु सिक्खितसिक्खं सिक्खमानं सङ्घेन असम्मतं वुट्ठापेय्य, पाचित्तियंति ॥११९॥

जो भिक्षुणी दुइ वर्षसम्ममा ६ धम्ममा शिक्षित भएकी शिक्षमाणलाई संघको अनुमतिविना उपसम्पदा दिएमा पाचित्तिय हुनेछ ।

पठम गिहिगत सिक्खापद

श्रावस्तीमा भिक्षुणीहरू बारह वर्षभन्दा कम उमेरका गृहणीहरूलाई उपसम्पदा दिन्थे । ती गृहणीहरू गर्मी जाडो आदिको बाधाहरू सहन गर्न सक्दैन थिए ।

४/६५ या पन भिक्खुनी ऊनद्वादसवस्सं गिहिगतं वुट्ठापेय्य, पाचित्तियं ति ॥१२०॥

जो भिक्षुणी बारह वर्षभन्दा कम उमेरकी गृहणीलाई उपसम्पदा दिएमा पाचित्तिय हुनेछ ।

दुतिय गिहिगत सिक्खापद

श्रावस्तीमा भिक्षुणीहरूले बारह वर्ष पुगेको गृहणीहरूलाई दुइ वर्षसम्म ६ धम्मको शिक्षा नदिइकन नै उपसम्पदा गर्दथे । उनीहरूले कल्पित (गर्नयोग्य) अकल्पित (गर्न अयोग्य) लाई बुझ्न सक्दैनथे ।

४/६६ या पन भिक्खुनी परिपुण्णद्वादसवस्सं गिहिगतं द्वे वस्सानि छसु धम्मेसु असिक्खितसिक्खं वुट्ठापेय्य, पाचित्तियंति ॥१२१॥

जो भिक्षुणी परिपूर्ण बाह्र वर्ष पुगेकी गृहणीलाई दुइ वर्षसम्म ६ धम्ममा शिक्षित नगरिकन उपसम्पदा दिएमा पाचित्तिय हुनेछ ।

ततिय सहजीविनि सिक्खापद

श्रावस्तीमा भिक्षुणीहरूले बारह वर्ष पुगेका गृहणीहरूलाई ६ धम्ममा शिक्षित गर ेर संघको अनुमतिविना नै उपसम्पदा गर्दथे ।

४/६७ या पन भिक्खुनी परिपुण्णद्वादसवस्सं गिहिगतं द्वे वस्सानि छसु धम्मेसु सिक्खितसिक्खं सङ्घेन असम्मतं वुट्ठापेय्य, पाचित्तियंति ॥१२२॥

जो भिक्षुणी परिपूण बाह्र वर्ष पुगकी गृहणीलाई दुइ वर्षसम्म ६ धम्ममा शिक्षित गरेर संघको अनुमतिविना नै उपसम्पदा दिएमा पाचित्तिय हुनेछ ।

पठम सहजीविनि सिक्खापद

श्रावस्तीमा थुल्लनन्दा भिक्षुणी सहजीवनीलाई उपसम्पदा दिएर दुइ वर्षसम्म अनुग्रह गर्दैन थिइन् र न अरुलाई गर्न लगाउँथिन् ।

४/६८ या पन भिक्खुनी सहजीविनिं वुट्ठापेत्वा द्वे वस्सानि नेव अनुग्गण्हेय्य न अनुग्गण्हापेय्य, पाचित्तियं ति ॥१२३॥

जो भिक्षुणी सहजीविनी (शिष्या) लाई उपसम्पदा दिएर दुइ वर्षसम्म अनुग्रह (सहयोग, तालिम) नगरेमा वा नगराएमा पाचित्तिय हुनेछ ।

पवत्तिनी नानुबन्धन सिक्खापद

श्रावस्तीमा भिक्षुणीहरू उपसम्पदा प्राप्त भिक्षुणीहरूलाई दुइ वर्षसम्म साथै राख्दैनथे ।

४/६९ या पन भिक्खुनी वुट्ठापितं पवत्तिनि द्वे वस्सानि नानुबन्धेय्य, पाचित्तियं ति ॥१२४॥

जो भिक्षुणी उपसम्पदा दिएर दुइ वर्षसम्म साथै नराखेमा पाचित्तिय हुनेछ ।

दुतिय सहजीविनि सिक्खापद

थुल्लनन्दा भिक्षुणीले आफ्नी शिष्यालाई भिक्षुणी बनाएर उपसम्पदा दिएर पाँच ६ योजन पनि संगै लाँदैन थिइन् ।

४/७० या पन भिक्खुनी सहजीविनिं वुट्ठापेत्वा नेव वूपकासेय्य न वूपकासापेय्य अन्तमसो छप्पञ्चयोजनानि पि, पाचित्तियं ति ॥१२५॥

जो भिक्षुणी सहजीविनीलाई उपसम्पदा दिएर कम्तिमा पाँच छ योजन पनि आफूसंग साथै नलगेमा न अरुलाई लान दिएमा पाचित्तिय हुनेछ ।

गब्भिनिवग्गो सत्तमो

कुमारिभूत वग्गो

पठम कुमारिभूत सिक्खापद

श्रावस्तीमा भिक्षुणीहरू उन्नाइस वर्षका कुमारीहरूलाई भिक्षुणी बनाउँथे । ती भिक्षुणीहरू जाडो गर्मी भोक प्यास आदि बाधाहरू सहन गर्न सक्दैनथे ।

४/७१ या पन भिक्खुनी ऊनवीसतिवस्सं कुमारिभूतं वुट्ठापेय्य, पाचित्तियं ति ॥१२६॥

जो भिक्षुणी उन्नाइस वर्षकी कुमारीलाई भिक्षुणी बनाएमा पाचित्तिय हुनेछ ।

दुतिय कुमारिभूत सिक्खापद

श्रावस्तीमा भिक्षुणीहरू पुरा बीस वर्ष पुगेका कुमारीहरूलाई दुइ वर्षसम्म ६ धम्ममा शिक्षित नगरिकन नै भिक्षुणी बनाउँथे ।

४/७२ या पन भिक्खुनी परिपुण्णवीसतिवस्सं कुमारिभूतं द्वे वस्सानि छसु धम्मेसु असिक्खित सिक्खं वुट्ठापेय्य, पाचित्तियंति ॥१२७॥

जो भिक्षुणीले परिपूर्ण बीस वर्ष पुगेकी कुमारीलाई दुइ वर्षसम्म ६ धम्ममा शिक्षित नगरिकन नै उपसम्पदा दिएमा पाचित्तिय हुनेछ ।

ततिय कुमारिभूत सिक्खापद

श्रावस्तीमा भिक्षुणीहरू बीस वर्ष पुगेकी कुमारीलाई दुइ वर्षसम्म ६ धम्ममा शिक्षित गरेर संघको अनुमतिविना नै उपसम्पदा दिने गर्थे ।

४/७३ या पन भिक्खुनी परिपुण्णवीसतिवस्सं कुमारिभूतं द्वे वस्सानि छसु धम्मेसु सिक्खितसिक्खं सङ्घेन असम्मतं वुट्ठापेय्य, पाचित्तियं ति ॥१२८॥

जो भिक्षुणीले परिपूर्ण बीस वर्ष पुगेकी कुमारीलाई दुइ वर्षसम्म ६ धम्ममा शिक्षित

गरेर संघको अनुमतिविना नै उपसम्पदा दिएमा पाचित्तिय हुनेछ ।

असम्मत वुट्ठापेय्य सिक्खापद

श्रावस्तीमा भिक्षुणीहरूले बाह्र वर्षभन्दा कम उमेरकी कुमारीहरूलाई भिक्षुणी बनाउँथे, जो कल्पित अकल्पितलाई जान्दैनथे ।

४/७४ या पन भिक्खुनी ऊनद्वादसवस्सा वुट्ठापेय्य, पाचित्तियं ति ॥१२९॥

जो भिक्षुणी बाह्र वर्षभन्दा कम उमेरकीलाई उपसम्पदा दिएमा पाचित्तिय हुनेछ ।

परिपुण्ण द्वादसवस्स सिक्खापद

श्रावस्तीमा भिक्षुणीहरूले बाह्र वर्ष पुगेकीलाई संघको अनुमतिविना नै उपसम्पदा गर्दथे ।

४/७५ या पन भिक्खुनी परिपुण्णद्वादसवस्सा संघेन असम्मता वुट्ठापेय्य, पाचित्तियं ॥१३०॥

जो भिक्षुणी बाह्र वर्ष पुगेकीलाई संघको अनुमतिविना नै उपसम्पदा दिएमा पाचित्तिय हुनेछ ।

खियनधम्म सिक्खापद

श्रावस्तीमा चण्डकाली भिक्षुणी भिक्षुणीसंघमा गएर अनुमति माग्दथिन् । जब अनुमति पाउँदैन थिइन् तब 'साधु' भनेर स्वीकार गर्थिन् । भिक्षुणीसंघले जब अरुलाई अनुमति दिन्थ्यो तब चण्डकाली भिक्षुणी रिसाउँथिन् ।

४/७६ या पन भिक्खुनी – अलं ताव ते, अय्ये, वुट्ठापितेना ति वुच्चमाना साधू ति पटिस्सुणित्वा पच्छा खिय्यनधम्मं आपज्जेय्य, पाचित्तियं ति ॥१३१॥

जो भिक्षुणी 'आर्या, यसलाई भिक्षुणी नबनाऊ' भन्दा 'साधु' भनेर स्वीकार गरेर पछि निन्दा गरेमा पाचित्तिय हुनेछ ।

पठम सिक्खमान नवुट्ठापन सिक्खापद

श्रावस्तीमा थुल्लनन्दा भिक्षुणीकाहाँ कुनै शिक्षमाणले भिक्षुणी हुनको लागि अनुरोध गरिन् । थुल्लनन्दा भिक्षुणीले भनिन्- 'यदि तिमी मलाई चीवर दिएमा म तिमीलाई भिक्षुणी वनाइदिन्छु ।' यसप्रकार भनेर पनि पछि न आफूले भिक्षुणी बनाइन् न अरुलाई बनाउन दिइन् ।

४/७७ या पन भिक्खुनी सिक्खमानं– सचे मे त्वं, अय्ये, चीवर दस्ससि एवाहं तं वुट्ठापेस्सामी ति वत्वा, सा पच्छा अनन्तरायिकिनी नेव वुट्ठापेय्य न वुट्ठापनाय उस्सुक्कं करेय्य, पाचित्तियं ति ॥१३२॥

जो भिक्षुणी शिक्षमाणलाई 'यदि तिमीले मलाई चीवर दिएमा म तिमीलाई भिक्षुणी वनाउँनेछु' भनेर पछि कुनै विघ्नबाधा नहुँदा पनि उसले भिक्षुणी नबनाएमा वा भिक्षुणी

बनाउने उत्सुकता नदेखाएमा पाचित्तिय हुनेछ ।

दुतिय सिक्खमान नवुट्ठापन सिक्खापद

जो भिक्षुणी श्रावस्तीमा कुनै शिक्षमाणले थुल्लनन्दा भिक्षुणीसंग भिक्षुणी बन्ने अनुरोध गरिन् । थुल्लनन्दाले भनिन्- 'यदि तिमी मसंग दुइ वर्षसम्म रहन्छौ भने म तिमीलाई भिक्षुणी बनाउँनेछु ।' त्यसपछि थुल्लनन्दाले उसलाई न आफैले भिक्षुणी बनाइन् न भिक्षुणी बनाउँने उत्सुकता नै देखाइन् ।

४/७८ या पन भिक्खुनी सिक्खमानं – सचे मे त्वं अय्ये द्वे वस्सानि अनुबन्धिस्ससि एवाहं तं वुट्ठापेस्सामी ति वत्वा, सा पच्छा अनन्तरायिकिनी नेव वुट्ठापेय्य न वुट्ठापनाय उस्सुक्कं करेय्य, पाचित्तियंति ॥१३३॥

जो भिक्षुणीले शिक्षमाणलाई 'यदि मसंग आर्या दुइ वर्षसम्म अनुबन्धित हुने भएमा उपसम्पदा गर्नेछु' भनेर पछि कुनै बिघ्नबाधा नआए तापनि न उपसम्पदा गरेमा न गराएमा पाचित्तिय हुनेछ ।

सोकावास सिक्खापद

श्रावस्तीमा थुल्लनन्दा भिक्षुणीले पुरुषसंग संसर्ग गर्ने, कुमारहरूसंग संसर्ग गर्ने चण्डी शिक्षमाणलाई भिक्षुणी बनाइन् ।

४/७९ या पन भिक्खुनी पुरिससंसट्ठं कुमारकसंसट्ठं चण्डिं सोकावासं सिक्खमानं वुट्ठापेय्य, पाचित्तियं ति ॥१३४॥

जो भिक्षुणी पुरुष (२० वर्षभन्दा माथिको) को संसर्ग गर्ने, कुमार (२० वर्षभन्दा मुनिको) को संसर्ग गर्ने चण्डी (क्रोधी) शोक उत्पत्ति गर्ने शिक्षमाणलाई उपसम्पदा दिएमा पाचित्तिय हुनेछ ।

अननुञ्ञात सिक्खापद

श्रावस्तीमा थेल्लनन्दा भिक्षुणीले आमा बाबा वा लोग्नेको आज्ञाविना नै शिक्षमाणलाई भिक्षुणी बनाउँथिन् ।

४/८० या पन भिक्खुनी मातापितूहि, वा सामिकेन वा अनुञ्ञातं सिक्खमानं वुट्ठापेय्य, पाचित्तियं ति ॥१३५॥

जो भिक्षुणी आमा बाबा वा लोग्नेको अनुमतिविना नै शिक्षमाणलाई उपसम्पदा दिएमा पाचित्तिय हुनेछ ।

पारिवासिक सिक्खापद

राजगृहमा थुल्लनन्दा भिक्षुणीले पारिवासिक छन्ददानले शिक्षमाणलाई भिक्षुणी बनाइन् ।

४/८१ या पन भिक्खुनी पारिवासिक छन्ददानेन सिक्खमानं वुट्ठापेय्य, पाचित्तियं ति ॥१३६॥

जो भिक्षुणी परिवासिक छन्ददानले शिक्षमाणलाई उपसम्पदा दिएमा पाचित्तिय हुनेछ ।

अनुवस्स सिक्खापद

श्रावस्तीमा भिक्षुणीहरू प्रत्येक वर्ष भिक्षुणी बनाउँथे ।

४/८२ या पन भिक्खुनी अनुवस्सं वुट्ठापेय्य, पाचित्तियं ति ॥१३७॥

जो भिक्षुणीले प्रत्येक वर्ष उपसम्पदा गरेमा पाचित्तिय हुनेछ ।

एकवस्स सिक्खापद

श्रावस्तीमा भिक्षुणीहरू एक वर्षमा दुइ भिक्षुणीहरू बनाउँथे ।

४/८३ या पन भिक्खुनी एकं वस्सं द्वे वुट्ठापेय्य, पाचित्तियं ति ॥१३८॥

जो भिक्षुणी एक वर्षमा दुइ उपसम्पदा गरेमा पाचित्तिय हुनेछ ।

पठम कुमारिभूत सिक्खापद

छत्तुपाहन वग्गो

छत्तुपाहन सिक्खापद

श्रावस्तीमा ६ वर्गीय भिक्षुणीहरू निरोगी हुँदाहुँदै कामभोगीहरूजस्तै छाता धारण गर्दथे ।

४/८४ या पन भिक्खुनी अगिलाना छत्तुपाहनं धारेय्य, पाचित्तियंति ॥१३९॥

जो भिक्षुणी अस्वस्थ्य नभइकन छाता धारण गरेमा पाचित्तिय हुनेछ ।

यान सिक्खापद

श्रावस्तीमा ६ वर्गीय भिक्षुणीहरू निरोगी हुँदाहुँदै कामभोगीहरूजस्तै सवारी गर्दथे ।

४/८५ या पन भिक्खुनी अगिलाना यानेन यायेय्य, पाचित्तियं ति ॥१४०॥

जो भिक्षुणी अस्वस्थ्य नभइकन सवारी चढेमा पाचित्तिय हुनेछ ।

संघाणि सिक्खापद

श्रावस्तीमा कुनै महिलाले कुनै भिक्षुणीलाई भनिन्- 'यो संघाणि फलाना महिलालाई दिइदिनु ।' त्यस भिक्षुणीले त्यो संघाणि लाएर गइन् तर बाटोमा संघाणि चुँडिएर चारैतिर छरियो ।

४/८६ या पन भिक्खुनी संघाणिं धारेय्य, पाचित्तियं ति ॥१४१॥

जो भिक्षुणी संघाणि (एक प्रकारको रत्नजडित पेटी) धारण गरेमा पाचित्तिय हुनेछ ।

इत्थालंकार सिक्खापद

श्रावस्तीमा ६ वर्गीय भिक्षुणीहरू कामभोगीहरूजस्तै अलंकार धारण गर्दथे ।

४/८७ या पन भिक्खुनी इत्थालङ्कारं धारेय्य, पाचित्तियं ति ॥१४३॥

जो भिक्षुणीले स्त्री अलंकार धारण गरेमा पाचित्तिय हुनेछ ।

गन्धवण्णक सिक्खापद

श्रावस्तीमा ६ वर्गीय भिक्षुणीहरू कामभोगीहरूजस्तै सुगन्धित चूर्ण लगाएर नुहाउँथे ।

४/८८ या पन भिक्खुनी गन्धवण्णकेन नहायेय्य, पाचित्तियं ति ॥१४४॥

जो भिक्षुणी सुगन्धित चूर्णले नुहाएमा पाचित्तिय हुनेछ ।

वासितक सिक्खापद

श्रावस्तीमा ६ वर्गीय भिक्षुणीहरू कामभोगीहरूजस्तै तिलको पिना लगाएर नुहाउँथे ।

४/८९ या पन भिक्खुनी वासितकेन पिञ्ञाकेन नहायेय्य, पाचित्तियं ति ॥१४५॥

जो भिक्षुणी वासितक (सुगन्धित साबुन वा स्याम्पु) ले नुहाएमा पाचित्तिय हुनेछ ।

भिक्खुनी उम्मद्दापन सिक्खापद

श्रावस्तीमा ६ वर्गीय भिक्षुणीहरू कामभोगीहरूजस्तै शरीरलाई मल्दै नुहाउँथे ।

४/९० या पन भिक्खुनी भिक्खुनिया उम्मद्दापेय्य वा परिमद्दापेय्य वा, पाचित्तियंति ॥१४६॥

जो भिक्षुणी भिक्षुणीद्वारा शरीर मलाएमा पाचित्तिय हुनेछ ।

सिक्खमान उम्मद्दापन सिक्खापद

श्रावस्तीमा ६ वर्गीय भिक्षुणीहरू कामभोगीहरूजस्तै शिक्षमाणद्वारा शरीरलाई मल्दै नुहाउँथे ।

४/९१ या पन भिक्खुनी सिक्खमानाय उम्मद्दापेय्य वा परिमद्दापेय्य वा पाचित्तियंति ॥१४७॥

जो भिक्षुणी शिक्षमाणद्वारा शरीर मलाएमा वा मालिस गराएमा पाचित्तिय हुनेछ ।

सामणेरी उम्मद्दापन सिक्खापद

श्रावस्तीमा ६ वर्गीय भिक्षुणीहरू कामभोगीहरूजस्तै श्रामणेरीद्वारा शरीरलाई मल्दै नुहाउँथे ।

४/९२ या पन भिक्खुनी सामणेरिया उम्मद्दापेय्य वा परिमद्दापेय्य वा पाचित्तियंति ॥१४८॥

जो भिक्षुणी श्रामणेरीद्वारा शरीर मलाएमा वा मालिस गराएमा पाचित्तिय हुनेछ।

गिहिन उम्मद्दापन सिक्खापद

श्रावस्तीमा ६ वर्गीय भिक्षुणीहरू कामभोगीहरूजस्तै गृहस्थद्वारा शरीरलाई मल्दै नुहाउँथे।

४/९३ या पन भिक्खुनी गिहिनिया उम्मद्दापेय्य वा परिमद्दापेय्य वा परिमद्दापेय्य वा पाचित्तियं ति ॥१४९॥

जो भिक्षुणीले गृहस्थिनीद्वारा शरीर मलाएमा वा मालिस गराएमा पाचित्तिय हुनेछ।

अनापुच्छा निसीदन सिक्खापद

श्रावस्तीमा भिक्षुणीहरू भिक्षुहरूको अगाडि नसोधी आसनमा बस्दथे।

४/९४ या पन भिक्खुनी भिक्खुस्स पुरतो अनापुच्छा आसने निसीदेय्य पाचित्तियं ति ॥१५०॥

जो भिक्षुणीले भिक्षुको अगाडि नसोधिकन आसनमा बसेमा पाचित्तिय हुनेछ।

पञ्हपुच्छन सिक्खापद

श्रावस्तीमा भिक्षुणीहरू भिक्षुहरूलाई समय नदिइकन नै प्रश्न गर्दथे।

४/९५ या पन भिक्खुनी अनोकासकतं भिक्खुं पञ्हं पुच्छेय्य, पाचित्तियं ति ॥१५१॥

जो भिक्षुणीले भिक्षुलाई अवकास नदिइकन प्रश्न गरेमा पाचित्तिय हुनेछ।

असंकच्छिक सिक्खापद

श्रावस्तीमा कुनै भिक्षुणी संकच्छिका नलगाइकन गाउँमा प्रवेश गरिन्। तब मानिसहरूले उसको सुन्दर अंगहरूमा आँखा गाडे।

४/९६ या पन भिक्खुनी असङ्कच्छिाका गामं पविसेय्य, पाचित्तियं ति ॥१५२॥

जो भिक्षुणी संकच्छिका (ब्रा वा गञ्जिजस्तै छात्ति छोप्ने भित्री लुगा) नलगाइकन गाउँमा प्रवेश गरेमा पाचित्तिय हुनेछ।

छत्तुपाहन वग्गो नवमो

४/९७ देखि ४/१२६ सम्म भिक्षु विनय४/१ देखि ४/३० सम्म समान छन्।

४/१२७ देखि ४/१३६ सम्म भिक्षु विनय४/४६ देखि ४/५५ सम्म समान छन्।

४/१३७ देखि ४/१४४ सम्म भिक्षु विनय४/५६ देखि ४/६३ सम्म समान छन्।

४/१४५ भिक्षु विनय ४/६६ समान छ।

४/१४६ देखि ४/१५६ सम्म भिक्षु विनय४/६८देखि ४/७८ सम्म समान छन्।

४/१५७ देखि ४/१५९ सम्म भिक्षु विनय४/७९ देखि ४/८२ सम्म समान छन्।

४/१६० देखि ४/१६३ सम्म भिक्षु विनय४/८६ देखि ४/८८सम्म समान छन्।

४/१६४ देखि ४/१६६ सम्म भिक्षु विनय४/९० देखि ४/९२ सम्म समान छन्।

उद्दिट्ठा खो.......भिक्षु विनय समान छ।

सुद्ध पाचित्तिय समाप्त

९. पाटिदेसनीय

इमे खो पनाय्यायो अट्ठपाटिदेसनीया धम्मा उद्देसं आगचछन्ति ।

आर्याहरू, यी सत्र संघादिसेस धम्म प्रकाश पार्ने समय भएको छ-

सप्पि विञ्ञापन सिक्खापद

श्रावस्तीमा ६ वर्गीय भिक्षुणीहरू निरोगी हुँदाहुँदै घीउ मगाएर खान्थे ।

५/१ या पन भिक्खुनी अगिलाना सप्पिं विञ्ञापेत्वा भुञ्जेय्य, परिदेसेतब्बं ताय भिक्खुनिया– गारय्हं, अय्ये, धम्मं आपज्जि असप्पायं पाटिदेसनीयं तं पटिदेसेमी ति ॥१२२॥

जो भिक्षुणी स्वस्थ्य भइकन पनि घीउ मगाएर खाएमा प्रतिदेशना (गल्ति स्वीकार) गर्नुपर्छ- 'आर्या, मैले निन्दनीय, अनुचित र प्रतिदेशनीय कर्म गरें । त्यस कर्मको म प्रतिदेशना गर्दछु ।'

दधि विञ्ञापन सिक्खापद

श्रावस्तीमा ६ वर्गीय भिक्षुणीहरू निरोगी हुँदाहुँदै दही मगाएर खान्थे ।

५/२ या पन भिक्खुनी अगिलाना दधिं विञ्ञापेत्वा भुञ्जेय्य, परिदेसेतब्बं ताय भिक्खुनिया– गारय्हं, अय्ये, धम्मं आपज्जि असप्पायं पाटिदेसनीयं, त पटिदेसेमी ति ॥२२३॥

जो भिक्षुणी स्वस्थ्य भइकन पनि दही मगाएर खाएमा प्रतिदेशना (गल्ति स्वीकार) गर्नुपर्छ- 'आर्या, मैले निन्दनीय, अनुचित र प्रतिदेशनीय कर्म गरें । त्यस कर्मको म प्रतिदेशना गर्दछु ।'

तेलं विञ्ञापन सिक्खापद

श्रावस्तीमा ६ वर्गीय भिक्षुणीहरू निरोगी हुँदाहुँदै तेल मगाएर खान्थे (पिउंथे) ।

५/३ या पन भिक्खुनी अगिलाना तेलं विञ्ञापेत्वा भुञ्जेय्य, परिदेसेतब्बं ताय भिक्खुनिया– गारय्हं, अय्ये, धम्मं आपज्जि असप्पायं पाटिदेसनीयं तं पटिदेसेमी ति ॥१२४॥

जो भिक्षुणी स्वस्थ्य भइकन पनि तेल मगाएर खाएमा प्रतिदेशना (गल्ति स्वीकार) गर्नुपर्छ- 'आर्या, मैले निन्दनीय, अनुचित र प्रतिदेशनीय कर्म गरें । त्यस कर्मको म प्रतिदेशना गर्दछु ।'

मधु विञ्ञापन सिक्खापद

श्रावस्तीमा ६ वर्गीय भिक्षुणीहरू निरोगी हुँदाहुँदै मह मगाएर खान्थे ।

५/४ या पन भिक्खुनी अगिलाना मधु विञ्ञापेत्वा भुञ्जेय्य, परिदेसेतब्बं ताय

भिक्खुनिया– गारय्हं, अय्ये, धम्मं आपज्जिं असप्पायं पाटिदेसनीयं तं पटिदेसेमी ति ॥१२५॥

जो भिक्षुणी स्वस्थ्य भइकन पनि मह मगाएर खाएमा प्रतिदेशना (गल्ति स्वीकार) गर्नुपर्छ- 'आर्या, मैले निन्दनीय, अनुचित र प्रतिदेशनीय कर्म गरें । त्यस कर्मको म प्रतिदेशना गर्दछु ।'

नवनीत विञ्ञापन सिक्खापद

श्रावस्तीमा ६ वर्गीय भिक्षुणीहरू निरोगी हुँदाहुँदै नौनी मगाएर खान्थे ।

५/५ या पन भिक्खुनी अगिलाना फाणितं विञ्ञापेत्वा भुञ्जेय्य, परिदेसेतब्बं ताय भिक्खुनिया– गारय्हं, अय्ये, धम्मं आपज्जिं असप्पायं पाटिदेसनीयं तं पटिदेसेमी ति ॥१२६॥

जो भिक्षुणी स्वस्थ्य भइकन पनि नौनी मगाएर खाएमा प्रतिदेशना (गल्ति स्वीकार) गर्नुपर्छ- 'आर्या, मैले निन्दनीय, अनुचित र प्रतिदेशनीय कर्म गरें । त्यस कर्मको म प्रतिदेशना गर्दछु ।'

मच्छ विञ्ञापन सिक्खापद

श्रावस्तीमा ६ वर्गीय भिक्षुणीहरू निरोगी हुँदाहुँदै माछा मगाएर खान्थे ।

५/६ या पन भिक्खुनी अगिलाना मच्छं विञ्ञापेत्वा भुञ्जेय्य, परिदेसेतब्बं ताय भिक्खुनिया– गारय्हं, अय्ये, धम्मं आपज्जिं असप्पायं पाटिदेसनीयं तं पटिदेसेमी ति ॥१२७॥

जो भिक्षुणी स्वस्थ्य भइकन पनि माछा मगाएर खाएमा प्रतिदेशना (गल्ति स्वीकार) गर्नुपर्छ- 'आर्या, मैले निन्दनीय, अनुचित र प्रतिदेशनीय कर्म गरें । त्यस कर्मको म प्रतिदेशना गर्दछु ।'

मंस विञ्ञापन सिक्खापद

श्रावस्तीमा ६ वर्गीय भिक्षुणीहरू निरोगी हुँदाहुँदै मासु मगाएर खान्थे ।

५/७ या पन भिक्खुनी अगिलाना मंसं विञ्ञापेत्वा भुञ्जेय्य, परिदेसेतब्बं ताय भिक्खुनिया– गारय्हं, अय्ये, धम्मं आपज्जिं असप्पायं पाटिदेसनीयं तं पटिदेसेमी ति ॥१२८॥

जो भिक्षुणी स्वस्थ्य भइकन पनि मासु मगाएर खाएमा प्रतिदेशना (गल्ति स्वीकार) गर्नुपर्छ- 'आर्या, मैले निन्दनीय, अनुचित र प्रतिदेशनीय कर्म गरें । त्यस कर्मको म प्रतिदेशना गर्दछु ।'

खीरं विञ्ञापन सिक्खापद

श्रावस्तीमा ६ वर्गीय भिक्षुणीहरू निरोगी हुँदाहुँदै खीर मगाएर खान्थे ।

५/८ या पन भिक्खुनी अगिलाना खीरं विञ्ञापेत्वा भुञ्जेय्य, परिदेसेतब्बं ताय भिक्खुनिया– गारय्हं, अय्ये, धम्मं आपज्जिं असप्पायं पाटिदेसनीयं तं पटिदेसेमी ति ॥१२९॥

जो भिक्षुणी स्वस्थ्य भइकन पनि खीर मगाएर खाएमा प्रतिदेशना (गल्ति स्वीकार)

गर्नुपर्छ- 'आर्या, मैले निन्दनीय, अनुचित र प्रतिदेशनीय कर्म गरें । त्यस कर्मको म प्रतिदेशना गर्दछु ।'

उद्दिट्ठा खो अय्यायो ....भिक्षु विनय समान छ ।

६. सेखिय

भिक्षु विनय समान छ ।

७. अधिकरणसमथा धम्मा

भिक्षु विनय समान छ ।

भिक्खुनी पातिमोक्ख समाप्त

सन्दर्भ ग्रन्थः

- अभिधम्मट्ठ संगहो, संस्कृत हिन्दू विश्वविद्यालय, भारत
- उभय प्रातिमोक्ष, भिक्षु ज्ञानपूर्णिक, आनन्दकुटी विहार गुठी
- दीघनिकाय, सतिपट्ठान सुत्त
- धम्मपद, भिक्षु अमृतानन्द, आनन्दकुटी विहार गुठी, काठमाडौं
- पातिमोक्ख, डा. भागेन्द्र जैन, भारत
- महापरित्राण, भिक्षु सुदर्शन, काठमाडौं
- विनय पिटक, राहुल सांकृत्यायन, भारत
- सम्यक् संस्कार, भिक्षु सम्यक् सम्बोधि प्राणपुत्र, बाग्लुङ्ग

ACC. 610/890

DEDICATION OF MERIT

May the merit and virtue
accrued from this work
adorn Amitabha Buddha's Pure Land,
repay the four great kindnesses above,
and relieve the suffering of
those on the three paths below.

May those who see or hear of these efforts
generate Bodhi-mind,
spend their lives devoted to the Buddha Dharma,
and finally be reborn together in
the Land of Ultimate Bliss.
Homage to Amita Buddha!

NAMO AMITABHA

南無阿彌陀佛

《尼泊爾文：佛門儀規》
財團法人佛陀教育基金會 印贈
台北市杭州南路一段五十五號十一樓
Printed and donated for free distribution by
The Corporate Body of the Buddha Educational Foundation
11F., 55 Hang Chow South Road Sec 1, Taipei, Taiwan, R.O.C.
Tel: 886-2-23951198 , Fax: 886-2-23913415
Email: overseas@budaedu.org
Website:http://www.budaedu.org
This book is strictly for free distribution, it is not for sale.
Printed in Taiwan
10,000 copies; Jul 2004
NE017-3839

As this is a Dhamma text,
we request that it be treated with respect.
If you are finished with it,
please pass it on to others or
offer it to a monastery, school or public library.
Thanks for your co-operation.
Namo Amitabha!

《尼泊爾文：佛門儀規》
財團法人佛陀教育基金會 印贈
台北市杭州南路一段五十五號十一樓
Printed and donated for free distribution by
The Corporate Body of the Buddha Educational Foundation
11F., 55 Hang Chow South Road Sec 1, Taipei, Taiwan, R.O.C.
Tel:886-2-23951198,Fax:886-2-23913415
Email:overseas@budaedu.org
Website: http://www.budaedu.org
This book is for free distribution, it is not for sale.
यो पुस्तक निःशुल्क वितरणको लागि हो, बिक्रीको लागि होइन ।
Printed in Taiwan
NE017